# स्मारिका

## अठारौँ पुस्तकालय दिवस
## २०८२

# LIBRARY DAY
# SOUVENIR
## 2025

प्रकाशक

**अठारौँ पुस्तकालय दिवस मूल आयोजक समिति**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरवार, काठमाडौँ

# स्मारिका

## अठारौँ पुस्तकालय दिवस
## २०८२

## LIBRARY DAY
# SOUVENIR
## 2025

**सम्पादन समूह**

**संयोजक**

प्रेमराज अधिकारी

**सदस्यहरू**

प्रदिप भट्टराई

अमृता अधिकारी

विजय शर्मा

निर्मला सुवेदी

**प्रकाशक**

अठारौँ पुस्तकालय दिवस मूल आयोजक समिति

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरवार, काठमाडौँ

(यस स्मारिकामा प्रकाशित लेख, रचनाहरू लेखकका निजी विचार हुन्। तिनीहरूले संस्थागत प्रतिनिधित्व गर्दैनन्।)

श्री रघुजी पन्त
मानननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Mr. Raghuji Pant
Hon'ble Minister
Ministry of Education, Science and Technology
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let.No.:
चलानी नं./Ref. No.:

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं, नेपाल

शुभकामना

पुस्तकालय ज्ञानको संग्रहालयका साथसाथै सोच, संस्कार र सभ्यताको जीवन्त स्थान पनि हो। हरेक वर्ष भदौ १५ गते मनाइने पुस्तकालय दिवसले हाम्रो पठन संस्कृति, अध्ययनशील समाज र उत्तरदायी नागरिकको निर्माणमा पुस्तकालयको योगदानलाई स्मरण गर्ने अवसर प्रदान गर्दछ। विद्यालय, महाविद्यालय, विश्वविद्यालयदेखि गाउँ गाउँसम्मको समुदायमा पुस्तकालयहरूलाई जीवन्त बनाउँदै लैजानु हाम्रो साझा दायित्व हो। हामीले चाहेको ज्ञानमूलक समाज र उत्तरदायी नागरिक त्यहींबाट अंकुरित हुन्छ, जहाँ पुस्तकलाई सम्मान र पुस्तकालयलाई महत्व दिइन्छ।

आजको डिजिटल युगले सूचनाको पहुँच सहज बनाएको छ। पुस्तकालयहरूले आजको दिनमा सूचना साक्षरताको केन्द्रका रूपमा काम गर्न जरुरी छ। नेपाल सरकारले शिक्षाको गुणस्तर अभिवृद्धि, ज्ञान पहुँचमा समावेशिता र पुस्तकालय प्रणालीको आधुनिकीकरणलाई प्राथमिकतामा राख्दै नीतिगत तथा संरचनागत सुधारका कदमहरू अघि बढाइरहेको छ।

पढ्ने संस्कृतिको प्रवर्द्धन, सूचना पहुँचमा समता र अध्ययन अनुसन्धानमा नवीनता ल्याउन पुस्तकालयलाई अझ सुदृढ, सुलभ र प्रविधिमैत्री बनाउँदै लैजान मन्त्रालय प्रतिवद्ध छ। यस अवसरमा, म सम्पूर्ण पाठक, विद्यार्थी, शिक्षक, पुस्तकालयकर्मी र सरोकारवाला निकायहरूलाई पुस्तकालयमैत्री अभियानमा सहकार्य गर्न आग्रह गर्दछु। नेपालका पुस्तकालयहरूले केवल अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने मात्र नभई सामाजिक सद्भाव, सांस्कृतिक संरक्षण र स्थानीय सीप तथा ज्ञानको अभिलेख कायम राख्ने महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहेका छन्। यसैले पुस्तकालयलाई “समुदायको साझा सम्पत्ति” का रूपमा लिने दृष्टिकोणले मात्र दिगो र समावेशी ज्ञानसमाज निर्माण सम्भव हुन्छ। पुस्तक, पुस्तकालय र पाठकबीचको सम्बन्ध सधैं जीवित रहोस् र यस दिवसले हामी सबैमा अध्ययन, अनुसन्धान र विचारशील नागरिक बन्ने प्रेरणा देओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२०८२ भाद्र ११

रघुजी पन्त
मन्त्री

फोन नं.: ९७७-०१-४२००३५३ | फ्याक्स नं.: ९७७-०१-४२००३७३ | वेबसाइटः www.moest.gov.np
Tel No.: 977-01-4200353 | Fax No.: 977-01-4200373 | Website: www.moest.gov.np

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।



## शुभकामना

पुस्तकालय विचारको केन्द्र हो। सोच्ने, बुझ्ने र रूपान्तरण गर्ने आधार हो। हरेक पुस्ताका सपनाहरू सुरक्षित राख्ने, मूल्य र विवेक दिने यस ज्ञानको मन्दिरप्रति हाम्रो सम्मान नमनयोग्य छ। हरेक वर्ष भदौ १५ गते मनाइने पुस्तकालय दिवस समग्र शिक्षित समाजको समृद्धि र सुसंस्कारित भविष्यप्रति हाम्रो प्रतिबद्धताको प्रतीक हो। पुस्तकालय केवल पुस्तकहरूको भण्डार मात्र होइन यो चेतना, संस्कार, अनुसन्धान र रचनात्मकताको शाश्वत केन्द्र हो। पढ्ने बानी, सोच्ने क्षमता र जिम्मेवार नागरिकको जरो पुस्तकालयमै गढिन्छ।

पुस्तकालय सभ्यता, संस्कार र सम्भावनाको मूल स्रोत हो। सूचना प्रविधिको तीव्र विकाससँगै पुस्तकालयले लिएको रुपान्तरण यात्रा प्रशंसनीय छ। आजको डिजिटल युगमा पुस्तकालय केवल पुस्तकको संकलन मात्र नभई, विचार विमर्श, नवप्रवर्तन र जीवनपरक ज्ञान निर्माणको केन्द्रका रूपमा विकसित हुँदै गएको छ। यस सन्दर्भमा, नेपाल सरकारले पुस्तकालय क्षेत्रको सुदृढीकरण र प्रविधिमैत्री व्यवस्थापनलाई प्राथमिकता दिँदै आएको छ। यस दिवसले हामी सबैमा अध्ययन, अनुसन्धान र सिकाइप्रतिको लगाव थप सशक्त बनाओस् भन्ने अपेक्षा लिएको छु।

पुस्तौंदेखि सञ्चित ज्ञानको प्रयोगका लागि पुस्तकालय एक जीवन्त माध्यम हो। यसले मानव विकासलाई सुगठित दिशा दिन्छ। आजको डिजिटल युगमा पनि पुस्तकालयको भूमिका अझ सशक्त, समावेशी र नवीन बन्न गएको छ। प्रविधिको सहायतासाथ सूचना पहुँचलाई सार्वभौम बनाउन पुस्तकालयहरू राष्ट्र निर्माणका संवाहक बन्दैछन्।

यस अवसरमा, सबै शिक्षाविद्, विद्यार्थी, पुस्तकालयकर्मी, नीति निर्माताहरू र आम नागरिकहरूलाई पुस्तक र पुस्तकालयको सम्मानमा संलग्न भई अध्ययन संस्कृतिको प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्न हार्दिक आह्वान गर्दछु। पुस्तकप्रेमी समाज नै सशक्त राष्ट्रको आधार हो। ज्ञान, सूचना र सुसंस्कृति प्रवाहको मूल स्रोतका रूपमा पुस्तकालयको भूमिकालाई स्मरण गर्दै, अठारौं पुस्तकालय दिवसको अवसरमा सम्पूर्ण पाठकवृन्द, पुस्तकालयकर्मी, अनुसन्धानकर्ता तथा ज्ञानप्रेमीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

मितिः २०८२ भदौ ११
नेपाल सम्बत् ११४५ ञंलाथ्व, चतुर्थी

चूडामणि पौडेल
(सचिव)

फोन नं.:
वेबसाइटः www.moest.gov.np

# सम्पादकीय

मानव सभ्यताको यात्रा ज्ञान र सूचनाको सङ्कलन, संरक्षण र पुस्तान्तरणसँग अविच्छिन्न रूपमा जोडिएको छ। ज्ञानलाई सुरक्षित राख्ने र पुस्तान्तरण गर्ने परम्परागत माध्यम पुस्तक हो भने पुस्तकलाई जीवन्त राख्ने सामाजिक संस्था पुस्तकालय हो।त्यसैले पुस्तकालय केवल किताबको थुप्रो नभई समाजलाई दिशानिर्देश गर्ने, चेतनाको दियो बाल्ने, लोकतन्त्रलाई सबल बनाउने र सामाजिक रूपान्तरणलाई गति दिने आधारस्तम्भ हो। यस वर्षको पुस्तकालय दिवसको नारा **"हाम्रो पुस्तकालय : हाम्रो भविष्य"** गहिरो र समयसापेक्ष छ। भविष्य ज्ञानमा आधारित समाजको हो।ज्ञानको अभिन्न आधार पुस्तकालय हो। त्यसैले पुस्तकालयलाई सबल र सशक्त बनाएर मात्र हाम्रो भविष्य सुरक्षित, समृद्ध र उज्यालो बन्न सक्छ। आजको पुस्तकालय परम्परागत पानाबाट बाहिर निस्केर डिजिटल युगसँग प्रतिस्पर्धा गर्दैछ। अहिले पुस्तकालय सूचना प्रवाहको मात्र केन्द्र नभई समाजलाई जीवनपर्यन्त शिक्षा, सीप विकास, अनुसन्धान, नीति निर्माण र नवप्रवर्तनसँग जोड्ने मूल थलो बनेको छ। गाउँ गाउँका विद्यालय, समुदाय र स्थानीय तहमा पुस्तकालयलाई सबल बनाउनु भनेको बालबालिका, किशोर, युवा, महिला, वरिष्ठ नागरिक, दृष्टिविहीन, अपाङ्गता भएका व्यक्तिहरू सबैलाई ज्ञान र सूचनामा समान पहुँच सुनिश्चित गर्नु हो। यसले शिक्षा र अवसरमा असमानता घटाउने, समाजमा समानता र न्याय बढाउने र लोकतन्त्रलाई अझ सबल बनाउने काम गर्दछ।

नेपालको संविधानले सार्वजनिक पुस्तकालयलाई आधारभूत सेवा भनेर मान्यता दिएको छ। यसलाई व्यवहारमा उतार्न संघ, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र, सामाजिक संस्था, दातृ निकाय र समुदायबीच सहकार्य अपरिहार्य छ। पुस्तकालयलाई विद्यालयसँग जोडेर विद्यार्थीलाई अध्ययनमुखी बनाउने, समुदायसँग जोडेर आजीवन शिक्षा प्रवर्द्धन गर्ने र स्थानीय तहसँग जोडेर नीतिगत तथा संरचनात्मक सुदृढता दिने काम अहिलेको आवश्यकता हो। यस पुस्तकालय दिवसका अवसरमा देशभर आयोजना हुने विभिन्न कार्यक्रमहरू रक्तदान, पुस्तकालय उदघाटन, वृक्षारोपण, सरसफाइ, पुस्तक वितरण, विद्यालय तथा समुदाय स्तरमा निबन्ध, वादविवाद, चित्रकला प्रतियोगिता, विद्वानहरूसँग अन्तरक्रिया जस्ता गतिविधिहरूले पुस्तकालयलाई सामाजिक जीवनसँग अझ गहिरो रूपमा जोड्नेछन्। "हाम्रो पुस्तकालय : हाम्रो भविष्य" भन्ने नारा केवल वाक्य मात्र होइन, हाम्रो दैनिक जीवनसँग जोडिएको प्रतिज्ञा हो। यदि हामीले आज पुस्तकालयलाई समयसापेक्ष सुदृढ गर्‍यौँ भने भविष्य सुरक्षित हुनेछ। त्यसैले यो दिवसले हामी सबैलाई थप जिम्मेवारी बोध गराएको छ। पुस्तकालय दिवस, २०८२ को यस अवसरमा हामी सबैले सामूहिक प्रतिज्ञा गरौँ पुस्तकालयलाई आधुनिक, प्रविधिमैत्री र सर्वसुलभ बनाउन योगदान गर्नेछौँ। पुस्तकालयलाई केवल किताब राख्ने थलो नभई विचार, अनुसन्धान र नवप्रवर्तनको केन्द्र बनाउनेछौँ। पुस्तकालयमार्फत सुशासन, सामाजिक समावेशीकरण र ज्ञानमा–आधारित समाज निर्माणमा सहभागी हुनेछौँ। पुस्तकालयहरू उज्यालो भविष्यका दीप हुन्। ती दीपलाई हामी सबैले मिलेर संरक्षण, संबर्द्धन र प्रवर्द्धन गर्न सके हाम्रो भविष्य उज्यालो हुनेछ।

यस स्मारिकामा आफ्ना अमुल्य लेख रचनाहरु उपलब्ध गराइदिने सम्पुर्ण लेखकवर्ग, सारगर्भित मन्तव्य सहित शुभकामना दिनुहुने माननीय मन्त्रीज्यू, मुल आयोजक समितिका अध्यक्ष श्रीमान सचिवज्यू तथा उचित निर्देशन र सल्लाह प्रदान गर्नुहुने महाशाखा प्रमुख तथा मुल आयोजक समितिका उपाध्यक्षज्यू, मुल आयोजक समितिका सम्पुर्ण सदस्यज्यूहरु लगायत विभिन्न उपसमितिमा रहेर यस पुस्तकालय दिवसलाई सफल पार्न सहयोग गर्नु हुने सबै महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ।

जय पुस्तकालय।
जय पुस्तकालय दिवस।
अठारौँ पुस्तकालय दिवस प्रकाशन तथा सम्पादन उपसमिति, २०८२

# विषय सूची


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| | **नेपाली** | | |
| १ | पुस्तकालय जीवनमा प्रविधिको आवद्धताः रूपान्तरणको अवसर कि संकट | डा. हरिप्रसाद लम्साल | १ |
| २ | पुस्तकालयको वर्तमान परिदृश्य र यस वर्षको अपेक्षा | दीपक शर्मा | ८ |
| ३ | ए.आई.को परिप्रेक्ष्यमा जीवनपर्यन्त शिक्षा र सामाजिक अन्तर्घुलनका लागि पुस्तकालय | आई.पी.अधिकारी | १२ |
| ४ | विद्युतीय साक्षरताः दिगो विकासको लक्ष्य | सागरराज सुवेदी | १७ |
| ५ | सकारात्मक दृष्टिकोण निर्माणमा पुस्तकालयको भूमिका | सहप्रा. डा. बिनुबाबा अर्याल | २० |
| ६ | हाम्रो पुस्तकालयः हाम्रो भविष्य | डा. गणेशप्रसाद भट्टराई | २४ |
| ७ | शिक्षा मन्त्रालयमा आठ वर्ष | यादवचन्द्र निरौला | २९ |
| ८ | एक्काइसौँ शताब्दीमा नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयका चुनौती र अवसरहरू | सूर्यबहादुर क्षेत्री | ३५ |
| ९ | नेपालमा केन्द्रीय रिपोजिटोरी प्लेटफर्मको आवश्यकता | मीनकुमारी डल्लाकोटी | ४२ |
| १० | केही संस्मरणः सार्वजनिक पुस्तकालय सम्बन्धमा | इन्द्र रेग्मी | ४५ |
| ११ | समृद्ध नेपाल सुखी नेपाली | उपप्रा. डा. गोविन्दप्रसाद आचार्य | ४८ |
| १२ | रेफसालालाई पुनः जीवन्त कसरी बनाउने ? | भोलाकुमार श्रेष्ठ | ५१ |
| १३ | उद्घोषकको मियोबाट नफुत्किएको कार्यक्रम | मुरारिविनोद पोखरेल | ५५ |
| १४ | पुस्तकालमा नेपाली भाषा तथा देवनागरी लिपिमा सङ्कलित पाठ्यसामग्रीहरूको स्तरीय सूचीकरणको लागि नेपाली विषयशीर्षक सूचीको प्रयोग | वीणा वैद्य<br>गीता गिरी थापा | ५८ |
| १५ | श्रीलङ्काबाट अनुकरण गर्न सकिने कुराहरू | पुष्पराज सुवेदी | ६३ |
| १६ | पुस्तकालय पदचाप : पुर्खाको नासोदेखि विश्वको धुरीसम्म | राजेन्द्र प्रसाद पाण्डेय | ६६ |
| १७ | नेपालको राष्ट्रिय पुस्तकालयः विश्व परिवेशमा एक अन्तरदृष्टि | संजीव कुमार चौधरी | ७१ |
| १८ | टेक्सासको फ्रिस्को पब्लिक लाइब्रेरीः केही अनुकरणीय कामहरू | जुजुभाई डंगोल | ७४ |
| १९ | नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको पुस्तकालयसम्मको पहुँच विस्तार गर्नु आजको आवश्यकता | रमेशबाबु तिवारी | ७८ |
| २० | स्थानीय तहमा पुस्तकालय विकासको सम्भावना र चुनौती | अमृता अधिकारी | ८१ |
| २१ | पुस्तकालय दिवस समाज सशक्तीकरणको उत्सव | विजय शर्मा | ८४ |
| २२ | नेपालमा पुस्तकालय र पठन संस्कृति | जय प्रकाश बस्नेत | ८९ |
| २३ | अपाङ्गतामैत्री पुस्तकालय | रमेश निरौला | ९३ |
| २४ | एआई युगमा पुस्तकालयको आवश्यकता | अर्जुन थापा | ९७ |

| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| २५ | पुस्तकालयकर्मीको कार्यसम्पादन मूल्याङ्कन र मापन बिचको अन्तरसम्बन्ध | सरोज गैरे | ९९ |
| २६ | श्रव्य पुस्तक र यसको सान्दर्भिकता | बालकृष्ण उप्रेती | १०३ |
| २७ | पुस्तकालय स्थापना तथा विकास | चन्द्र किरण श्रेष्ठ | १०६ |
| २८ | मेरो पुस्तकालय यात्राः आत्मा, अध्ययन र अन्तर्राष्ट्रिय अनुभव | अनिता भण्डारी | १०९ |
| २९ | पुस्तकालय स्थापना तथा विकास | हेमसागर पोखरेल | ११२ |
| ३० | कोशी प्रदेशमा सामुदायिक पुस्तकालयहरुको सक्रियता | उद्धव बिष्ट "चुम्लुङे" | ११६ |
| ३१ | ज्ञानको मन्दिरमा स्वयंसेवकको अनुभव र अनुभूति | अंशु झा, सिरहा | १२० |
| ३२ | धार्मिक पुस्तकालय आवश्यकता | सरिता हुमागाईं | १२३ |
| ३३ | हाम्रो पुस्तकालयः हाम्रो भविष्य (पुस्तकालय दिवस विशेष) | खिम लामिछाने काजी | १२७ |
| ३४ | नेताले किन पढ्ने ? | गौरव पाण्डे | १३० |
| ३५ | मान्छेले उत्तर खोजेसम्म बन्द हुनेछैन पुस्तकालयको दैलो | अस्मिता विष्ट | १३२ |
| ३६ | नेपमेड नेपालको जैव-चिकित्सकीय अनुसन्धान पहुँचमा नयाँ आयाम | चन्द्र भूषण यादव | १३४ |
| ३७ | पुस्तकालय व्यवस्थापनको भूमिका | प्रशंसा पोख्रेल | १३७ |
| ३८ | इन्टरनेटको युगमा पुस्तकालयको भविष्य | मुना अधिकारी | १३९ |
| ३९ | राष्ट्रिय पुस्तकालयको महत्त्व | गङ्गा खड्का | १४२ |
| ४० | पुस्तकालयकर्मीको अवकास समय | नुतन ढुंगाना (गौतम) | १४४ |
| ४१ | ज्ञानको उदय : पुस्तकालय | रितेश नेवा | १४६ |
| ४२ | रत्न राज्यलक्ष्मी क्याम्पस पुस्तकालयमा बिद्यार्थी जीवनको अनुभव | करिष्मा टण्डन | १४८ |
| ४३ | त्रिभुवन विश्वविद्यालय पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वीनारायण क्याम्पस पोखराको परिचय, सेवा / भावी योजना | | १५० |
| ४४ | गोरक्ष रत्ननाथ पुस्तकालय : एक चिनारी | | १५४ |
| ४५ | पुस्तकको गुनासो | उषा गुरुङ | १५८ |
| ४६ | हाम्रो पुस्तकालय-हाम्रो भविष्य | किशोर पौडेल | १५९ |
| ४७ | पुस्तकालयको मीठो संसार | रिभा थापा | १६० |
| | English | | |
| 48 | Public Relations and Extension Services of Libraries | Sarita Gautam | 161 |
| 49 | Late Shanti Mishra's Contribution, Dedication and Devotion to Library Development and Professionalism in Nepal | Bina Vaidya | 165 |
| 50 | Human Resources Planning for Academic Libraries and Information Centers: An Outline for Developing Countries | Prem Raj Adhikari | 168 |
| 51 | Artificial Intelligence (AI) Tools for Librarians and Researchers | Arun Kumar Rai | 176 |

# पुस्तकालय जीवनमा प्रविधिको आवद्धता: रूपान्तरणको अवसर कि संकट ?



डा. हरिप्रसाद लम्साल*

**लेखसार**

*परम्परागत रूपमा पुस्तक र अन्य सामग्री सङ्ग्रह र व्यवस्थापन कार्यमा संलग्न रहदैँ आएका पुस्तकालयहरूलाई २१औँ शताब्दीको शुरूवातसँगै भएको प्रविधिको विकासले डिजिटल सामग्री व्यवस्थापन, डिजिटल साक्षरताको प्रवर्धन, सूचना मूल्याङ्कन र विश्वसनीय स्रोत पहिचानजस्ता कार्यमा रुपान्तरण गर्यो । कृत्रिम वौद्धिकताको आविष्कार पश्चात् रूपान्तरणको दायरा र कार्यक्षेत्र अझ फराकिलो बन्दै गएको छ । प्रविधि र कृत्रिम वौद्धिकताले पुस्तकालयका क्षेत्रमा अवसरमात्र ल्याएका छैनन, धेरै चुनौतीहरू पनि सृजना गरेको छ । अपर्याप्त पूर्वाधार, सक्षम जनशक्तिको अभाव, पाठकहरूको बदलिदो रूचि, छिटो छिटो परिवर्तन हुने प्रविधि एवम् कृत्रिम बौद्धिकताको बढ्दो प्रयोग, न्यून प्राथमिकता र अपर्याप्त वित्त व्यवस्था आदिले विकासशील मुलुकका पुस्तकालयहरूले नसोचेको चुनौती व्यहोरिरहेका छन् । डिजिटल स्रोतहरूको बढ्दो उपयोगले डेटा सुरक्षा र गोपनीयताको जोखिम अझ बढेको छ । प्रविधिको उच्चस्तरको विकास र कृत्रिम बौद्धिकताको व्यवहारिक प्रयोगको सन्दर्भमा पुस्तकालय सम्बन्धी विद्यमान अवस्था र चुनौतीहरू विश्लेषण गरी अबका दिनमा अवलम्बन गर्नुपर्ने सान्दर्भिक उपायहरू सुझाउनु यस लेखको मुख्य उद्देश्य रहेको छ । सबल र प्रभावकारी पुस्तकालयका लागि उपयुक्त पूर्वाधारको व्यवस्था गर्न, पुस्तकालयकर्मीहरूलाई नयाँ प्रविधिहरूमा दक्ष बनाउन, कृत्रिम बौद्धिकतालाइ पुस्तकालय प्रणालीमा आवद्ध गरी एकीकृत प्रणाली स्थापना गर्न, स्थानीय रूपमा सान्दर्भिक डिजिटल सामग्रीको उपलब्धता बढाउन दीर्घकालिन योजना तर्जुमा गरी स्रोत साधन र जनशक्तिको व्यवस्था गर्नु अति आवश्यक छ ।*

***मुख्य शब्दहरू:*** *कृत्रिम बौद्धिकता, डिजिटल साक्षरता, डिजिटल रूपान्तरण, प्रविधि, पुस्तकालय, सामुदायिक संलग्नता, सूचना पहुँच, आदि ।*

## विषय प्रवेश

पुस्तक र पुस्तकालय मानव सभ्यताका आधार हुन् । मानव सभ्यतासँगै पुस्तकालयको बिस्तार र विकास हुँदै आयो । प्रविधिको विकासले पुस्तकालयको जीवनमा अवसर र चुनौती दुवै एकैपटक ल्यायो । यिनलाइ प्रयोग गर्न सके अवसर नै अवसरै छन्, अन्यथा पुस्तकालयका अगाडि चुनौती मात्रै छन् । अझ पछिल्लो समयमा देखिएको प्रविधिको उच्चस्तरको विकास र कृत्रिम बौद्धिकता अर्थात् एआईको सुरुवात पश्चात् पुस्तकालयहरू सङ्क्रमणकालिन अवस्थामा पुगेका छन् । पाठकहरू स्वयमको पुस्तकालयप्रति अनिच्छा देखिन थालेको छ । पठन संस्कृतिको गति ह्रासोन्मूख देखिन्छ । पुस्तकका सट्टामा गेस पेपर पढेर परीक्षा दिने प्रचलन मौलाएको बेलामा कृत्रिम बौद्धिकताले पाठकले चाहेको विषयवस्तु प्रवाह गर्ने भएकोले अबका दिनमा पुस्तक सङ्ग्रह र पठन संस्कृति अझ कमजोर बन्नसक्छ। समयअनुसार बदलिन नसक्ने परम्परागत पुस्तकालयहरू अब विस्थापित नहोलान् भन्न सकिदैन ।

अहिलकै गतिमा अगाडि बढ्ने हो भने नेपालका पुस्तकालयको भावी जीवन वास्तव मै संकटपूर्ण देखिन्छ । मानव सभ्यता विकासको प्रमुख आधार पुस्तक र पुस्तकालय भएको हुनाले यसको सम्बर्धन र विकासमा एकताबद्ध भएर लाग्नुपर्ने देखिन्छ । उपयुक्त सोचसहित पर्याप्त लगानी र सबैसँगको साझेदारीता अहिले अपरिहार्य भएको छ । पुस्तक पढ्नु पनि एउटा प्रमुख काम हो भनेर विद्यालय तहदेखि समुदाय हुदैँ राष्ट्रिय तहसम्म बुझाउनुपर्ने अवस्था छ ।

प्रस्तुत सन्दर्भमा पुस्तकालयको संक्षिप्त ऐतिहासिक विकासक्रम र महत्व उजागर गरी पुस्तकालयले हाल झेल्नु परेका समस्या र चुनौतीहरू केलाई सोको समाधानका लागि व्यावहारिक उपायहरू सुझाउनु यस लेखको मुख्य उद्देश्य रहेको छ । लेख तयार गर्ने क्रममा मूलतः द्वितीय सामग्रीहरूको प्रयोग गरिएको

---

* डा. हरिप्रसाद लम्साल, सचिव, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय ।

छ । आफ्नै सिमितताका कारणले गर्दा लेखमा प्राथमिक तथ्याङ्क प्रयोग गर्न सकिएको छैन र लेख अनुसन्धानमूलक बन्न सकेको छैन । लेख मूलतः व्याख्यात्मक शैलीमा तयार गरिएको छ। अहिलेका पुस्तकालयका बारेमा मात्र नभइ यसको भविष्यको स्वरूपमा चासो राख्नेहरूका लागि समेत लेख उपयोगी हुने विश्वास गरिएको छ।

## पुस्तकालयको वर्गीकरण

पुस्तकालय वर्गीकरणका आधार धेरै हुनसक्छन्। विज्ञहरूका मत केलाउँदा वर्गीकरणका आधारहरूमा अपनत्व, स्वरूप, प्रविधिसँगको आवद्धता, विषयक्षेत्र आदि प्रमुख रूपमा रहेको पाइन्छ । तहगत सरकारले सञ्चालन गरेको आधारमा पुस्तकालयहरूलाइ राष्ट्रिय, प्रादेशिक, स्थानीय भन्ने गरिन्छ भने समुदायले सञ्चालन गरेको पुस्तकालय सामुदायिक हुने भयो। आशिकुजमान (२०१६) ले प्राज्ञिक (विद्यालय, कलेज र विश्वविद्यालय पुस्तकालय), विशेष, सार्बजनिक र राष्ट्रिय पुस्तकालय भनेर चार समूहमा बाँडे । साथै उनले सङ्ग्रहित दस्तावेजहरूका आधारमा परम्परागत, स्वचालित, डिजिटल, भर्चुअल, इ-लाइब्रेरी र हाइब्रिड पुस्तकालय भनेर वर्गीकरण गरेका छन्।

यसैगरी लाइब्रेरी म्याप अफ द वर्ल्डले राष्ट्रिय, प्राज्ञिक, सार्वजनिक, सामुदायिक, विद्यालय र अन्य पुस्तकालय भनेर वर्गीकरण गरेको छ। यहि क्रममा कलानी (२०२२) ले पनि माथि भनिएजस्तै गरेर प्राज्ञिक, विशेष, सार्वजनिक र राष्ट्रिय पुस्तकालय भनेर चार समूहमा वर्गीकरण गरेका छन्।

माथिका आधारहरूको समेत सहयोग लिइ पूर्वाधारको उपलब्धता र प्रविधि प्रयोगको आधारमा पुस्तकालयहरूलाई मोटामोटी रूपमा चार समूहमा वर्गीकरण गर्न सकिन्छ। उपयुक्त पूर्वाधार र जनशक्तिले सुसज्जित भइ आवश्यक मात्रामा पुस्तक, जर्नल सहितका विभिन्न सामग्रीहरु उपलब्ध हुने पुस्तकालयहरूलाइ पहिलो समूहमा राख्न सकिन्छ भने कमजोर पूर्वाधार एवम् न्यून जनशक्तिसहित सीमित पुस्तक र दस्तावेजहरू राखेर सञ्चालन गरिएका पुस्तकालयहरू दोस्रो समूहमा राख्न सकिन्छ । यसैगरी तेस्रो समूहमा कम्प्युटर, मोबाइल वा यस्तै प्रविधिमा चाहेका पुस्तक एवम् दस्तावेज पाउन सक्ने गरी व्यवस्थित गरिएका भर्चुअल सेवासहितका पुस्तकालयहरू पर्दछन् भने चौथो समूहमा कृत्रिम बौद्धिकता अर्थात् एआइ सहित प्रविधिको प्रयोग गरिएका उपयुक्त पूर्वाधार र जनशक्ति सहित अध्यावधिक पुस्तक र दस्तावेजहरू रहेका भर्चुअल सेवासहितका पुस्तकालय पर्दछन्।

पुस्तकालयहरू सार्वजनिक र निजी पुस्तकालयको रूपमा अर्थ्याएको पनि भेटिन्छ। यसैगरी विषयगत वा विधागत रूपमा पनि वर्गीकरण गर्न सकिन्छ। अर्को आधारमा पुस्तकालयलाई औपचारिक र अनौपचारिक रूपमा पनि हेर्न सकिने रहेछ। यस्तै गरी अन्य आधारहरूको सहयोगमा पुस्तकालयहरूलाई वर्गीकरण गर्न सकिने हुन्छ।

## पुस्तकालयको ऐतिहासिक यात्रा

मानव सभ्यता विकासको क्रममा पुस्तकालयहरूको यात्रा प्रारम्भ अनौपचारिक रूपमा भएको हुनुपर्छ। मानिसका आवश्यकता र सोचका कारण विस्तारै औपचारिक पुस्तकालयहरू बनेका हुनुपर्छ। पुस्तक एवम् अन्य दस्तावेज भौतिक रूपमा सङ्ग्रह गर्ने स्थानको रूपमा रहेका पुस्तकालयहरू प्रविधि विकाससँगै डिजीटल हुने यात्रामा मिसिने अवसर पाए। परम्परागत ढाँचामा चलेका पुस्तकालयहरूलाइ डिजिटल प्रविधिको तीव्र विकासले तिनको भूमिकालाई पुनर्परिभाषित गर्न शुरू गर्यो (लक्ष्मणराव, २०२३)। लक्ष्मणराव (२०२३) का अनुसार विगतमा भौतिक रूपमा पुस्तक भण्डारणका केन्द्रका रूपमा रहेका पुस्तकालयहरू डिजिटल युगमा ई-पुस्तक, अनलाइन जर्नल, मल्टिमिडिया सामग्रीजस्ता डिजिटल स्रोतहरू र नवप्रवर्तन केन्द्रहरूमा रूपान्तरित हुन थाले। यस्तो रूपान्तरणले सूचनाको पहुँचलाई विश्वव्यापी र २४/७ को अवधारणामा पुर्यायो।

हसन्स (२०२५) ले डिजिटल युगमा पुस्तकालयहरूको बदलिँदो भूमिका र तिनको महत्त्वलाई विस्तृत रूपमा विश्लेषण गरेका छन् । उनका अनुसार पुस्तकालयहरू सूचनाको युगबाट डिजीटल युगमा प्रवेश गरिसके। पुस्तकालयहरू लामो समयदेखि ज्ञान, शिक्षा र सामुदायिक संलग्नताका केन्द्रका रूपमा रहि आएका छन्। तर यिनबाट प्रवाह हुने सेवाको स्वरूपमा विविधता आएको छ, सेवा प्रवाहका माध्यम बदलिएका छन्।

पुस्तकालयहरू वास्तव मै साक्षरता प्रवर्धनका संवाहक त हुन्। तर साक्षरता विकासमा पुस्तकालयको प्रत्यक्ष भूमिका नभएको जस्तो देखिन्छ । अप्रत्यक्ष रूपमा साक्षरता प्रवर्धनमा पुस्तकालयहरूले अतुलनिय भूमिका खेल्न सक्छन भन्ने सन्दर्भ संवत् २०८२ जेठ २४ गते शनिबार (७ जुन २०२५) को कान्तिपुर दैनिकको कोसेली प्रिन्ट भर्सनमा छापिएको प्राडा मिनबहादुर बिष्टको मेरो समय स्तम्भमा "कता हराए प्रेमपत्र" भन्ने शीर्षकको लेखले दिन सक्छ।

प्रेम पत्रको इतिहास, यसको महत्व, यसले साक्षरता अभिवृद्धि

गर्न खेलेको भूमिका उल्लेख गरिएको यस लेखमा प्रेमपत्रले व्यक्तिको सोच्ने शैली निर्माण गर्ने भनाइ लेखकको छ। प्रेमपत्र आदान प्रदान गर्ने कार्यले यसका संबाहकहरूलाइ शब्द बुझ्ने र बुझाउने मात्र नभइ कल्पनालाई कागजमा उतार्ने अवसर पनि दिन्छ। व्यक्तिको अन्तर्मनको भाव व्यक्त गर्न सक्ने बनाउँछ। प्रेम पत्रले त अदृश्य पाठ्यक्रमको रूपमा काम गर्छ । लेभ भिगोत्सकीको अर्थपूर्ण सामाजिक अन्तर्क्रियामा जस्तै प्रेमपत्रले व्यक्तिहरूको बीचमा अर्थपूर्ण अन्तर्क्रिया गराउँछ । प्रेमपत्रमा प्रयोग गरिने संक्षिप्त शब्द र वाक्य विन्यास एवं बिम्बहरुलाई लेखकले बासिल वर्न स्टाइनको सीमित कोडसँगै जोडेर व्याख्या गरेका छन्, जुन साँच्चिकै पठनीय छ । यी सबै कार्य साक्षरता विकाससँग सम्बन्धित छन्।

अमेरिकी शिक्षाशास्त्री एवं पाठ्यक्रमविद् फिलिप ज्याक्सनको १९६८ को अध्ययनको सन्दर्भ अनुसार बालबालिकाहरुलाई कक्षा कोठामा शिक्षकले प्रदान गर्ने औपचारिक पाठ्यक्रमका साथमा कक्षा कोठाबाहिरका अनौपचारिक संवाद, व्यवहार, अन्तरक्रिया, प्रतिस्पर्धा, संघर्ष आदि जस्ता अलिखित नियमहरूले पनि साक्षरता र सचेतना विकासमा महत्त्वपूर्ण भूमिका खेल्नसक्छ।

सामान्य रूपमा हेर्दा प्रेमपत्र एउटा लेखोट लाग्न सक्छ तर यसले अनौपचारिक पुस्तकालयले जस्तै काम गर्न सक्छ । समाजमा रहेका मूल्य मान्यताहरूको हस्तान्तरण, सामाजिक अन्तर्क्रिया, सामाजिक संवाद जस्ता विषयहरु अनौपचारिक पुस्तकालयले एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दछ। यस्ता कार्यहरु हरेक समाजमा अदृश्य पुस्तकालयबाट भइरहेछ। समाजशास्त्रिय दृष्टिकोणबाट पुस्तकालयहरुलाई औपचारिक पुस्तकालय र अनौपचारिक पुस्तकालयको रुपमा वर्गीकरण गर्दा उपयुक्त हुन्छ, जुन मानवसँगै सभ्यतासँग जोडिएर आइरहेको छ। औपचारिक पुस्तकालयमा व्यक्ति आफ्नो इच्छा बमोजिमको सिकाई हासिल गर्न सक्दछ भने अनौपचारिक वा अदृश्य पुस्तकालयमा व्यक्तिले थाहा पाएर वा नपाए भइरहेका सामाजिक अन्तर्क्रिया एवं संवादहरूबाट सिकाई हासिल भइरहेको हुन्छ।

संसारमा पुस्तकालयहरू मानव सभ्यतासँगै अगाडि बढिरहेको भए तापनि पुस्तकालयको विकास र विस्तार सबै समाजमा समन्यायिक बन्न सकेको छैन । यसको विकास र विस्तारको गतिमा भिन्नता छ । कृत्रिम बौद्धिकता र प्रविधिले विकसित मुलुकका पुस्तकालय अगाडि छन । यिनले पनि चुनौती नव्यहोरेका त होइनन् । तर नीतिगत प्राथमिकता, लगानी र उपयुक्त पूर्वाधार विकास गरेर तहाँका पुस्तकालयहरू चुनौतीहरू चिर्दै अगाडि बढिरहेका छन् । तर कम विकसित मुलुकका पुस्तकालयहरु आँधीको भूमरीमा परेका जस्ता छन् । पुस्तकालयमा जनशक्ति एवम् सामग्री र पूर्वाधारको अभाव छ, बजेटको अभाव छ, डिजिटल प्रविधिमा न्यून लगानी छ, डिजिटल साक्षरताका क्षेत्रमा काम गर्न सकेका छैनन्, कमजोर क्षमताका कारण प्रयोगकर्ताहरूको बदलिँदो अपेक्षा पुरा गर्न सकेका छैनन् । व्यवहारमा प्रयोगमा ल्याइएका नयाँ नयाँ प्रविधिका कारण यस्ता पुस्तकालयहरूले गर्नुपर्ने कामहरू एकैपटक थपिएका छन्।

पुस्तकालयहरू लामो यात्राबाट यहाँसम्म आइपुगेका हुन (हसन्स, २०२५), यिनीहरूको इतिहास मानव सभ्यता जत्तिकै छ । तर स्थान विशेषरूपमा फरक फरक हैसियतमा रहेका छन् । यिनीहरूको लक्ष्य तथा उद्देश्यमा भने समानता छ । अभावका कारण हो वा बुझाइमा भिन्नता भएर हो कम विकसित मुलुकका पुस्तकालयहरू नीतिगत प्राथमिकतामा पर्न सकेका छैनन्।

## पुस्तकालयको महत्व

क्षमता र औकातका हिसाबले कुनै पुस्तकालय ठूला हुन सक्लान् त कुनै साना पनि हुन सक्छन् (सिन्गाडे र पाटील, २०२५) । कतिमा धेरै पुस्तकहरू होलान र प्रविधिको प्रयोग पनि भएको हुनसक्छ भने कति पुस्तकालयहरू थोरै पुस्तक र दस्तावेजका आधारमा पनि सञ्चालित हुन सक्छन् । पुस्तकालयहरू जुन स्वरूपमा जहाँ रहेको भए तापनि यसको उद्येश्य र औचित्य लगभग समान नै हुन्छ । सारभूत उद्देश्य एउटै हुन्छ । मानवको सोच फराकिलो बनाउनु, ज्ञान र प्रविधि बढाउन सहयोग गर्नु, मानिसको बुझाइलाई व्यापक बनाउनु, संसार हेर्ने दृष्टिकोणलाई अझ फराकिलो बनाउनु नै पुस्तकालयको औचित्य थियो र अहिले पनि छ । समग्रमा भन्नु पर्दा पुस्तकालयको प्रमुख कार्य शिक्षा नै हो (आसिकुजमान, २०१६)।

यस्तै आशय हसन्स (२०२५) को पनि रहेको पाइन्छ । उनका अनुसार पुस्तकालयहरू ज्ञान, शिक्षा र नेटवर्क बनाउने कार्यका केन्द्र हुन। सायद भोलिका दिनमा पनि यी सबै महत्व रहनेछन्। पुस्तकालयको महत्व मानव जीवन रहेसम्म रहन सक्छ।

माथि नै उल्लेख गरिसकियो कि मानव जीवनमा पुस्तक र पुस्तकालयको महत्व उच्चस्तरको रहिआएको छ । पुस्तक र पुस्तकालयको महत्वका सन्दर्भमा लामो व्याख्या र विश्लेषण गर्न सकिन्छ। यसमा त कैयौँ थेसिस नै लेख्न पनि सकिन्छ। यिनको महत्त्व बताउन थुप्रै घटनाहरु खोजी गर्न सकिन्छ। तर यस लेखमा जम्मा तीनओटा सन्दर्भ मात्र उल्लेख गरिएको छ, जसले शब्दबाट

व्यक्त हुने भावभन्दा धेरै बताउन सक्छन ।

२०८२ साउन १९ गते सोमबार (४ अगस्ट २०२५) को नयाँ पत्रिका दैनिकको प्रेरक प्रसङ्ग शीर्षकमा पुस्तकको प्रभाव कति महत्वपूर्ण हुन्छ भन्ने सन्दर्भमा एउटा पुरानो घटना उल्लेख गरिएको छ । बर्नर काल हाइजेनबर्गले सन् १९३२ मा भौतिक विज्ञानतर्फ नोबेल पुरस्कार पाए । तर उनको बायोग्राफी पढ्नेहरूलाई अचम्म लाग्न सक्छ कि उनी १९ वर्षको उमेरसम्म पनि कुनै एउटा पाठशालामा सुरक्षा गार्डको काम गर्दथे । ड्युटी निर्वाह गरिरहेको क्रममा उनको हातमा प्लेटोले लेखेको ग्रीसको परमाणु सम्बन्धी सिद्धान्तबारे व्याख्या गरिएको पुस्तक पर्यो । उनले चाख मानेर सो पुस्तक पढे अनि त्यही पुस्तकले उनको जीवन बदलिदियो । यति पढे कि २४ वर्षको उमेर हुँदा उनले हेगन विश्वविद्यालयमा भौतिक विज्ञानतर्फ लेक्चररमा नियुक्ति पाए । त्यसपश्चात् पनि उनले भौतिक विज्ञानमा रहेको आफ्नो रूचीलाइ मर्न दिएनन् । थप अध्ययन गरे । नयाँ खोज गर्दै गए । अध्ययनलाइ निरन्तरता दिइरहे । यिनै कामका आधारमा उनलाइ सन् १९३२ मा भौतिक विज्ञानतर्फको नोबेल पुरस्कार प्रदान गरियो । वास्तवमा एउटा पुस्तकले जीवन बदल्न सक्छ भन्ने उदाहरण यहि हो ।

यस्तै मनछुने खालको अर्को सन्दर्भ सम्वत् २०८२ जेठ २४ गते शनिबार (७ जुन २०२५) को नयाँ पत्रिका दैनिक झन् नयाँको प्रिन्ट भर्सनमा छ । यस अङ्कमा प्यालेस्टाइन र गाँजाको अल अजहर विश्वविद्यालयकी मेडिकल विद्यार्थी हेन्ड सलामा अबोको अल जजिरामा प्रकाशित आलेखलाइ सुभाष शाहीले अनुवाद गरेका छन् । लेखको शीर्षक नै "….. अनि सयौं पुस्तक जलाउन बाध्य भयौं, ध्वस्त गाजाको दर्दनाक कथा" रहेको छ । यसमा अबोले पुस्तकालयको महत्त्व यसरी दर्शाएकी छन् कि जसले हरेक मानवलाइ एकपटक सोच्न बाध्य बनाउन सक्छ । लेखमा बिजुली र ग्यासको अभावमा पुस्तकहरु जलाएर खाना बनाउनु परेको दर्दनाक अवस्थाको चित्रण छ । लेखकको आफ्नो अनुभूति र मनोदशा छ । उनको अनुभव जो कोहीका लागि पनि कारुणिक लाग्न सक्छ । अबोले खाजा खाने पैसा बचाएर पुस्तकहरु खरिद गरेको, घरमा पुस्तकालय बनाएको, पुस्तकालय तयार भएपछि पाएको खुसी र पुस्तकालयबाट आर्जन गरेको लाभलाइ मसिनो ढँगबाट उल्लेख गरेकी छन् । छोटो लेखमा मूलतः दुइ पक्षहरू देखिन्छ । पहिलो, आफ्नो पीडाका साथमा यस्ता घटना गराउनेहरू प्रति आक्रोश छ भने दोश्रोमा पुस्तक र पुस्तकालय मानव जीवनको अभिन्न अङ्गको रूपमा रहन्छन् । बालबालिकाहरूमा बाल्यकालदेखि नै पुस्तकप्रति रुचि देखाउन सकिएमा घरमै साना साना पुस्तकालयहरु बनाउन सकिने रहेछ । यस बाहेक अन्य थुप्रै सन्देश पनि लेखकले बोकेको हुनसक्छ ।

यसैगरी जीवा लामिछानेको २०८१ फागुनमा प्रकाशित "अक्षत अन्ट्राकटिका" पुस्तकको सन्दर्भ पनि उपयुक्त नै छ । यस पुस्तकलाई फाइन प्रिन्सले प्रकाशित गरेको छ । लेखकका अनुसार पुस्तकहरु असल मित्रजत्ति कै उपयोगी हुन सक्छन् । किताबहरूसँग मित्रता गाँसी यिनलाई साथीको व्यक्तित्वमा रूपान्तरण गरिदिएपछि संवाद गर्न सजिलो हुने अनुभव लेखकको छ । पुस्तकसँगको संवादलाई उनले बडो सजिव ढंगबाट "स्वेटर साथी" शीर्षकमा उल्लेख गरेका छन् । लामिछानेले अन्ट्राकटिकाको वस्तुस्थिति, अन्ट्राकटिका जाने साधन, तरिका र उपायका जानकारी लिनका लागि साक्षात व्यक्तिसँग कुरा गरे जस्तै गरेर पुस्तकहरूसँग दोहोरो संवाद गरेका छन् । यसले पुस्तकले साँच्चिकै असल साथीको रूपमा काम गर्न सक्छ भन्ने देखाएको छ । वास्तवमा पुस्तकका पात्रसँग संवाद गर्न सकिन्छ, बहस गर्न सकिन्छ, सँगै यात्रा गर्न सकिन्छ, असल मित्रसँग जस्तै व्यवहार गर्न सकिन्छ र यसबाट सुझाव एवम् सल्लाह लिन सकिन्छ । यसले पनि पुस्तक कति महत्त्वपूर्ण हुने रहेछ भन्ने सन्देश प्रदान गर्दछ ।

अहिले प्रविधिले मानव जीवनका हरेक पाटोमा प्रभाव पारेको हुनाले मानव जीवनसँग जोडिएका पुस्तक र पुस्तकालयका सम्बन्धमा पनि पक्कै प्रभाव पारेको हुनुपर्छ । मानिसको सोच र सम्बन्ध बदलिएपछि त्यहि पुरानो ढाँचाको पुस्तकालयले काम नगर्न सक्छ । समयका माग बमोजिम पुस्तकालय आफै रूपान्तरण हुनुपर्छ । कसरी रूपान्तरण हुने भन्ने विषयमा बहस एवम् संवाद हुनसक्ला, विभिन्न उपायहरूको खोजी र कार्यान्वयन हुन सक्ला । तर अब पुस्तकालय रूपान्तरण नभइ सुखै छैन । हसन्स (२०२५) ले भनेजस्तै पुस्तकालय समाजका सबै वर्ग र समूहका मानिसका लागि पहुँचयोग्य र सहज बन्न सक्नुपर्छ । समयको माग बमोजिम प्रविधि र कृत्रिम बौद्धिकतासँग समायोजित हुदैं सेवामा विविधता र प्रविधि र कृत्रिम वौद्धिकतालाइ सेवा प्रवाहमा एकिकृत गरी डिजीटल सूचना, शिक्षा र सामुदायिक इनगेजमेन्ट बढाउन सकेमा पुस्तकालयको भविष्य छ (सिंगाडे र पाटिल, २०१६) ।

## पुस्तकालयको अवस्था

माथि पुस्तकालयको प्रकारमा उल्लेख गरिएअनुसार नेपालमा पहिलो समूहका पुस्तकालयहरू सिमित मात्रामा छन् भने दोश्रो समूहका पुस्तकालयहरूको सङ्ख्या अधिक हुनसक्छ । केही विश्वविद्यालयहरूले भर्चुअल पुस्तकालयहरू पनि प्रयोगमा ल्याएका छन् । केही अपवाद छाडेर हाम्रा धेरै पुस्तकालयहरू

भौतिक र प्रविधिको पूर्वाधार, मानवीय स्रोत र साधन एवम् प्रयोगकर्ताको सहभागिता आदिको दृष्टिकोणबाट कमजोर नै छन् । हाम्रा पुस्तकालयहरूमा उपयुक्त पूर्वाधारसहित कम्प्युटर, इन्टरनेट लगायतका प्रविधिहरु जोड्न बाँकी नै थियो, यिनलाई समय सापेक्ष बनाउने काम बाँकी नै थियो । तर अहिले विश्वव्यापीरूपमा कृत्रिम बौद्धिकताको बढ्दो प्रयोगले हामीले पुस्तकालयलाई समयसापेक्ष बनाउन अझ धेरै काम गर्नुपर्ने भयो। तसर्थ नेपालका पुस्तकालयहरूलाई समय सुहाउँदो रूपमा प्रभावकारी बनाउन एक कदम मात्र चालेर पुग्ने देखिँदैन, यसको लागि त एकैपटक दुई वा तीन कदम चाल्नुपर्ने अवस्था आयो।

हसन्स (२०२५) ले भनेझैँ नेपालका पुस्तकालयहरू आर्थिक अभाव, डिजीटल लिटरेसी ग्याप र प्रयोगकर्ताको अपेक्षामा आएको परिवर्तन आदिजस्ता पक्षहरूबाट सृजित चुनौतीको सामना गरिरहेका छन् । बदलिदो प्रविधिसँगको समायोजन, प्रवाह गरेको सेवामा पुनर्संरचना, सामुदायिक संलग्नता र ज्ञानको केन्द्र बनाउने कार्यहरू पुस्तकालयका चुनौतीको रूपमा देखिएका छन् । यसरी हाम्रा पुस्तकालयहरु प्रविधि र एआइसँगको आवद्धताका कारणमात्र पछाडि परेका छैनन् । एक त हामी कहाँ पुस्तकालयहरूको सङ्ख्या न्यून छ, मुलुकमा आवश्यक मात्रामा पुस्तकालयहरू स्थापना गर्न सकिएको छैन । स्थापना भएका पुस्तकालयहरू पनि प्रभावकारी रूपमा सञ्चालन गर्न सकिएको छैन । भएका पुस्तकालयहरू बढि मात्रामा सहर केन्द्रित छन् । कमजोर भौतिक पूर्वाधारमा सन्चालित पुस्तकालयहरूमा दस्तावेजहरुको संख्या, मात्रा र गुण पनि समय सान्दर्भिक हुन सकेको छैन ।

पठन संस्कृति पनि घट्दो क्रममा छ । युवा पुस्ता पुस्तकालय जान त्यति चासो नराखेको हो कि जस्तो देखिदैँछ । पुस्तकालयमा किन जाने ? त्यहाँ गएर के पढ्न पाइन्छ ? के पुस्तकालयकर्मीहरूले हामीले खोजेको विषयमा सहयोग गर्छन् र ? के त्यहाँ प्रविधिको प्रयोग गरेर सामग्री खोज्ने सुविधा छ ? यी र यस्तै प्रश्नहरूको चित्त बुझ्दो जवाफ दिन नसक्दासम्म पुस्तकालयहरूप्रति युवा पुस्तालाइ आकर्षित गर्न सकिदैन। पुस्तकालयहरूलाई उपयुक्त पूर्वाधार, उपयुक्त प्रविधि, कृत्रिम बौद्धिकताको युगसँग समय सापेक्ष नबनाउने हो भने पुस्तकालयको संकट बढेर जाने देखिन्छ ।

कृत्रिम बौद्धिकता अर्थात् एआइले मानव जीवनमा पारेको प्रभाव पुस्तकालयको जीवनमा पनि पर्ने नै भयो । एआइसँगको आवद्धता जति ढिलो हुन्छ, पुस्तकालयका संकट अझ बढ्छन कि जस्तो देखिएको छ । यस्ता विषयमा थप अध्ययन चाहिन्छ । अबको दुई वर्ष, पाँच वर्ष, १० वर्ष वा २० वर्षपछि मानव सोच, जीवनशैली र सामाजिक सम्बन्धको अनुमान गरि पुस्तकालयलाई पनि सोहि अनुरूप विकास गर्ने सोच कार्यान्वयनमा ल्याउनुपर्छ ।

## अब गर्ने के त ?

नेपालको सन्दर्भमा विद्यमान अवस्थामा पुस्तकालयहरूलाई प्रविधिले पारेको असर सम्बोधन गर्न अबका दिनमा के गर्नुपर्छ भन्ने उपाय तय गर्न विज्ञका मतहरू केलाउनु उपयुक्त हुन्छ । अन्यत्र प्रविधिलाइ पुस्तकालयहरुसँग के कसरी आवद्ध गरेका छन भनेर खोजी गर्नु उपयुक्त हुन्छ । देहायको भागमा प्रविधिले पुस्तकालयमा पारेको प्रभाव र भविष्यको दिशा सम्बन्धमा विज्ञहरुका विचारका आधारमा केहि उपायहरू सुझाइएको छ । यस्ता विज्ञहरूको अनुभव नेपालको सन्दर्भमा पनि उपयोगी हुनसक्छन ।

नासिर र जाना (२०२४) ले पुस्तकालयहरूको बदलिँदो भूमिकाको चर्चा गर्दै यसले सूचना तथा डिजिटल साक्षरता प्रवर्द्धनमा गर्न सक्ने योगदानलाइ अभिलेखिकरण गरेका छन् । यस विषयमा सूक्ष्मरूपले विश्लेषण गरेका छन् । पुस्तकालयहरू परम्परागत रूपमा ज्ञान र अन्तरदृष्टि विकासको भण्डारण केन्द्र थिए, तर डिजिटल प्रविधिको विकासले यिनलाई ज्ञान प्रसार गर्ने एवम् सिर्जनशिल काम गर्ने केन्द्रको रूपमा समेत रूपान्तरण गरे । उनीहरुले यस लेखमा पुस्तकालयहरूको रूपान्तरणको चर्चा गरेका छन् । बदलिदोँ परिवेशमा पुस्तकालयको सेवा प्रवाहमा सामान्य सुधार होइन कि रूपान्तरण खाँचो यिनीहरूले औल्याएका छन्।

हसन्स (२०२५) को आशय पनि यस्तै यस्तै रहेको छ । उनले पनि अबका दिनमा पुस्तकालयको रूपान्तरण भनेका छन् । उनका अनुसार पुस्तकालयहरूले अब परम्परागत ज्ञान भण्डारण र सेवा प्रवाह होइन कि डिजिटल स्रोतको व्यवस्थापन गर्ने, डिजिटल रूपान्तरण गर्ने, सूचना साक्षरतामा काम गर्ने, सामुदायिक केन्द्रको रूपमा काम गर्ने एवम् अनुसन्धान कौशल सिकाउने जस्ता कार्यहरू गर्नुपर्छ । पुस्तकालयले ई-बुक, अनलाइन डाटाबेस र डिजिटल अभिलेखहरू मार्फत सूचनामा पहुँच विस्तार गरि डिजिटल रूपान्तरणमा सहयोग गर्नुपर्छ । अबका दिनमा पुस्तकालयहरूले प्रविधि र समुदायको आवश्यकताबीच सन्तुलन कायम राख्दै नवप्रवर्तन र सहकार्यमा जोड दिनुपर्छ । डिजिटल युग अनुकुल प्रविधिको उपयोग, समावेशी पहुँच र सामुदायिक आवश्यकतामा आधारित सेवाहरूको विकास र प्रवाहमा पुस्तकालयहरू लाग्नुपर्छ ।

लक्ष्मणराव (२०२३) ले पुस्तकालयहरूलाई आधुनिक बनाउन कृत्रिम बुद्धिमत्ता अर्थात एआइको महत्त्व र उपयोगिता सम्बन्धमा

गहिरो विश्लेषण गरेका छन् । उनका अनुसार अब एआइलाइ पुस्तकालयका सेवाहरूमा एकीकरण गर्नु पर्ने आवश्यकता छ, जसबाट पुस्तकालयको कार्यक्षमता बढ्नु र सूचना व्यवस्थापन मात्र संलग्न हुनुपर्ने नभइ समग्र सेवा प्रवाहमा रूपान्तरण आउनसक्छ । एआइले पुस्तकालयहरूमा रहेका पुस्तक र सामग्रीहरूलाई स्वचालित रूपमा वर्गीकरण गरी ट्यागिङ गर्न सक्छ । यसबाट सूचना खोज्ने प्रक्रियालाई सहज बनाउँछ । च्याटबट र भर्चुअल टुल्सहरूको प्रयोगबाट उपयोगकर्ताहरूलाई २४/७ को समयमा सोधेका प्रश्नहरूको जवाफ दिन र सूचना खोज्न सहयोग पुग्छ । प्रयोगकर्ताहरूको व्यवहार विश्लेषण गरी व्यक्तिगत सिफारिसहरू प्रदान गर्न सक्छ। यस कार्यबाट पाठकले सहजै रूपमा आफूले खोजेको पुस्तक प्राप्त गर्न सक्छन् । साथै एआइले डिजिटल सामग्रीको संरक्षण र डेटा सुरक्षामा सहयोग पुर्‍याउँछ । यस्ता कार्यबाट कर्मचारीको समय बचत हुनुका साथै कम जनशक्तिमा धेरै काम गर्न सकिन्छ । एआइको पूर्ण प्रयोगका फाइदामात्र नभएर कमीजोरी पनि रहेको विषय लेखकले यसमा उठाएका छन् । तापनि एआइले पुस्तकालयहरूको भविष्य निर्धारण गरिसक्यो । यसको प्रयोगबाट सूचना व्यवस्थापन प्रभाकवारी बनाउनुका साथै र उपयोगकर्ताले पाउने सेवामा क्रान्तिकारी परिवर्तन गर्नसक्छ ।

शाह र वाघचौरे (२०१९) ले डिजिटल पुस्तकालयको अवधारणा, यसले प्रदान गर्ने सेवाहरू र अबको युगमा यसबाट प्रवाह गर्न सकिने सेवाहरूको बारेमा चर्चा गरेका छन् । अबका डिजिटल पुस्तकालयले पुस्तक, जर्नल र अन्य सामग्रीहरू इलेक्ट्रोनिक रूपमा उपलब्ध गराउन सक्छ । प्रयोगकर्ताहरूले २४/७ को अवधारणामा सूचना पाउन सक्छन्, जसबाट ज्ञानको पहुँचलाई तीव्र र व्यापक बनाउन सहयोग पुग्छ । यस लेखले अबको वास्तविकता भनेको डिजिटल पुस्तकालय हो, जसलाइ लेखकहरूले सूचना युगको मेरुदण्ड भनेका छन् । यस्ता डिजिटल पुस्तकालयहरूले ज्ञानको पहुँचलाई सहज र समावेशी बनाउँछ । यसका साथमा प्राविधिक र नीतिगत चुनौतीहरू पनि सँगै सृजना भइरहन्छ, सोको समाधानका लागि संयन्त्र आवश्यक हुन्छ ।

शिंगाडे र पाटिल (२०२४) को लेखमा डिजिटल युगमा पुस्तकालयहरूको भूमिका र विकासबारे चर्चा गरिएको छ । पुस्तकालयहरूले डिजिटल युगमा प्रासंगिक रहन प्रविधिसँगै सामुदायिक आवश्यकताहरू सम्बोधन गर्नुपर्ने निष्कर्ष लेखकहरूको छ ।

डिजिटल युगमा पुस्तकालयहरूले सूचना र डिजिटल साक्षरता प्रवर्द्धनमा योगदान गर्नसक्नु पर्छ । सूचना प्राप्ति, सोको लेखाजोखा एवम् मूल्यांकन र विश्लेषण पश्चात प्रभावकारी रूपमा उपयोग गर्ने कार्यका लागि डिजिटल साक्षरता सीप विकासमा पुस्तकालयहरूले ध्यान दिनु आवश्यक छ । डिजिटल युगमा पुस्तकालयलाइ सीप विकासका कार्यमा लगाउनु भनेको अहिले गरि आएको काममा ठूलो रूपान्तरण गर्नु हो (नासिर र जाना, २०२४) ।

हाम्रो जस्तो सीमित स्रोत साधन जनशक्ति संरचना र प्रविधिको प्रयोग भएको स्थानमा अनौपचारिक पुस्तकालयका रूपमा रहेका सामाजिक संवाद र अन्तर्क्रियाहरूलाई व्यवस्थित गर्न सकिएमा यसबाट बालबालिकाहरू एवं नागरिकहरूको सचेतना अभिवृद्धि गर्न पनि सहयोग पुग्ने देखिन्छ । सम्भव भएसम्म त हरेक समुदायमा औपचारिक पुस्तकालयहरू नै स्थापना गर्नुपर्ने हो । यस्ता पुस्तकालयहरू स्थापना गर्न नसक्दासम्म अनौपचारिक पुस्तकालयका रूपमा रहेका अभ्यासहरूलाइ प्रविधिसँग जोडेर अगाडि बढाउन उपयुक्त उपायहरु खोजी कार्यान्वयनमा ल्याउन सकेमा नागरिकमा लाभ पुर्‍याउन सकिने हुन्छ ।

विज्ञका विचार केलाउँदा अबका दिनमा हाम्रा पुस्तकालयहरूमा सामान्य सुधार र परिवर्तन गरेर नपुग्ने देखिन्छ । माथि उल्लेख गरिएका विज्ञहरूले पुस्तकालयको रूपान्तरणका बारेमा चर्चा गरे । सर्वप्रथम रूपान्तरण भनेको परिभाषित गर्नुपर्यो । हाम्रो सन्दर्भमा रूपान्तरणलाइ के कसरी बुझ्ने ? यसका आयामहरू के के हुनसक्छन ? यस्ता विषयमा स्पष्ट भइसकेपछि रूपान्तरण के कसरी गर्ने ? के कति समयमा गर्ने ? यसका लागि योजना, स्रोत र साधन एवम् जनशक्ति र संरचना के कसरी जुटाउने ? यस्ता प्रश्नहरूमा आधारित भइ काम गर्न उपयुक्त हुने देखिन्छ । सबै काम एकैपटक गर्न सकिदैन होला । क्षमता र स्रोत साधनको आकलन गरेर चरणवद्ध रूपमा काम गर्ने खाका चाहिन्छ ।

माथिका कार्यहरू गर्नमा पुस्तक अध्ययन र पुस्तकालयको विकासका लागि हाम्रो सोचमा परिवर्तन चाहिन्छ । यसको महत्वका बारेमा बुझ्न बुझाउन आवश्यक छ । नीतिगत प्राथमिकता चाहिन्छ । यसो बचेको दुइचार पैसा छुट्याइदिउँ भन्ने शैलीबाट पुस्तकालयको विकास सम्भव छैन । पुस्तक र पुस्तकालयमा अहिले छरिएर खर्च भइरहेको रकमलाइ एकीकृत गरी योजनावद्ध ढँगबाट विकास गर्न सकेमा अवस्थामा सुधार आउन थाल्छ । अनि योजना र प्राथमिकताका आधारमा लगानी बढाउँदै लैजानुपर्छ ।

पुस्तकालयको सुदृढीकरणमा साझेदारीता अति आवश्यक हुन्छ । यहाँ तहगत सरकारको बीचमा नभएर निजी क्षेत्र र वैयक्तिक रूपमा पनि साझेदारीता चाहिन्छ । नागरिक सहयोग पनि जुटाउन सकिन्छ । पुस्तकालयका बारेमा केहि गरौँ भन्ने समूहको खाँचो हो । लाग्ने हो भने सहयोग जुटन सक्छ ।

## निष्कर्ष

मानव समाजका लागि पुस्तकालय चाहिन्छ । मानव र समाज विकास दुवैका लागि पुस्तकालयको महत्व छ । पुस्तकालयको विकास र विस्तारमा केहि भएको पनि छ । तर विकसित मुलुक र कम विकसित मुलुकको अवस्था फरक छ । कम विकसित मुलुक खासगरी नेपालजस्ता मुलुकका सन्दर्भमा पुस्तकालयका क्षेत्रमा धेरै चुनौतीहरू छन् । सीमित स्रोत, जनशक्तिको अपर्याप्तता, क्षमता विकासका अवसरमा कमी एवम् प्राविधिक पूर्वाधारको कमीमात्र नभइ सोच र समझमा पनि कमीकमजोरी छन् । अबका दिनमा पुस्तकालयहरू एआइसँग आवद्ध हुनुपर्छ । यो काम सरकार एक्लैले गरेर सम्भव पनि छैन । यसका लागि त सरकारले वैयक्तिक एवम निजीक्षेत्रलगाएत संघसंस्थाहरू सहकार्य गर्नुपर्छ । थप लगानी र रणनीतिक पहल गर्नु आवश्यक छ ।

हाम्रा पुस्तकालयहरूको रूपान्तरण गर्न ढिला सकेको छ । पुस्तकालयहरू बचाउने हो भने अहिलेकै स्वरूप र भूमिकामा सम्भव छैन । हाम्रा पुस्तकालयहरूलाइ डिजिटल प्रविधि र स्तरीय सूचना व्यवस्थापन सहित डिजिटल साक्षरताको अवधारणामा समुदायको केन्द्रको रूपमा विकास गरिनु पर्छ ।

सामाजिक सन्जालमा आउने अफवाह र गलत सूचनाबाट प्रयोगकर्तालाइ बचाउन पनि पुस्तकालयहरूले सूचनाको विश्वसनीयता जाँच्ने र गलत सूचनाबाट बच्ने तरिका सिकाउँन सक्नुपर्छ । पुस्तकालयहरूले प्रयोगकर्ताहरूलाई अनुसन्धान, सूचना विश्लेषण र नैतिक प्रयोगबारे ज्ञान प्रदान गर्न सक्नुपर्छ ।

पुस्तकालयहरूले समुदाय केन्द्रित पहल गर्ने कार्यमा लाग्न सकेमा विशेषगरी सीमान्तकृत समुदायमा सहयोग पुर्याउन सकिने थियो । बढ्दो डिजिटल डिभाइडलाई अलिकति भए पनि कम गर्न सक्थ्यो । यसका लागि पुस्तकालयहरूले कार्यशाला, निःशुल्क इन्टरनेट पहुँच र प्राविधिक सहायता प्रदान गर्न सक्नुपर्छ । यसरी भएको पुस्तकालयको रूपान्तरणका साथमा नयाँ पुस्तकालय थप गर्नेतर्फ पनि उत्तिकै मात्रामा ध्यान दिनुपर्नेछ ।

## सन्दर्भ सामग्रीहरू


नयाँ पत्रिका दैनिक (२०८२) । "ध्वस्त गाँजाको दर्दनाक कथा अनि सयौं पुस्तक जलाउन बाध्य भयौं" नयाँ पत्रिका दैनिक, झन् नयाँ प्रिन्ट भर्सनमा हेन सलामा अबोलेखको अनुबादित लेख । अनुवादक सुभाष शर्मा । २०८२ साल जेठ २४ गते शनिबार (७ जुन २०२५) ।

नयाँ पत्रिका दैनिक (२०८२) । नयाँ पत्रिका दैनिकको प्रेरक । २०८२ साउन १९ गते सोमबार (४ अगस्ट २०२५) को अनलाइन अङ्क ।

बिष्ट, मिनबहादुर (२०८२) । "कथा हराए प्रेमपत्र" । कान्तिपुर दैनिकको कोसेली प्रिन्ट भर्सन । २०८२ साल जेठ २४ गते शनिबार (७ जुन २०२५) ।

लामिछाने, जीवा (२०८१) । अछत अन्ट्राकटीका । काठमाडौँ फाइन प्रिन्ट प्राली ।

Ashikuzzaman, Md. (2016). Types of Libraries (Academic, Public, National & Special Library). https://www.lisedunetwork.com/types-libraries-academic-public-national-special-library/

Hassans, A. (2025). The Future of Libraries: Evolving Roles in the Digital Age. Eurasian Experiment Journal of Arts and Management (EEJAM). 7(3). www.researchgate.net.

Kalani, V. A. (2022). Types of libraries and information centers. international Journal of Research in Humanities & Soc. Sciences, 10(10). https://www.raijmr.com

Laxmanrao, P.P. (2023). Role of Artificial Intelligence in Modern Libraries. *ShodhKosh: Journal of Visual and Performing Arts*, 4(1), 4400–4412. doi: 10.29121/shodhkosh.v4.i1.2023.5387

Library Map of the World (*nd*). Definitions of library types. https://librarymap.ifla.org/files/lmw-library-types-definitions-en.pdf

Nasir, M. and Jana, B. (2024). *Navigating the Digital Age: The Role of Libraries in Promoting Information and Digital Literacy*. ResearchGate.

Shah, F.A.S.S. and Waghchoure, S.S. (2019). Digital Library: Services and Its Applications in the Information Age. *International Journal of Advance and Innovative Research 6*(1).

Shingade, B., & Patil, R. M. (2024). The future of libraries in the digital age. *International Journal of Creative Research Thoughts (IJCRT). 12*(2). www.ijcrt.org

# पुस्तकालयको वर्तमान परिदृश्य र यस वर्षको अपेक्षा



**दीपक शर्मा***

**विषय प्रवेश**

*नेपालमा हरेक वर्ष भाद्र १५ गतेलाई राष्ट्रिय पुस्तकालय दिवसको रूपमा मनाउने परम्परा २०६५ सालदेखि निरन्तर चलिरहेको छ । यसवर्ष २०८२ मा पनि यो दिवस मनाइरहने सन्दर्भमा पुस्तकालयको विकाससँग जोडिएका केही मूलभूत विषयमा हाम्रो वर्तमान अवस्था र आगामी एक वर्षभित्र के कुराको अपेक्षा गर्न सक्छौँ वा गर्नु उपयुक्त हुन्छ भन्ने सेरोफेरोमा केही तथ्य र केही अनुभूतिहरूलाई मिश्रण गर्दै यस लेखमा केही विषयहरू खोतल्ने प्रयास गरिएको छ ।*

## वर्तमान परिदृश्यः

पुस्तकालय भनेको किताबको थुप्रो मात्र होइन बरू यो पठन संस्कृतिसँग जोडिएको जीवनशैली र पद्धति पनि हो । पठन संस्कृतिको कुरा गर्दा बाल्यकालको पठन संस्कृति जीवनका लागि सबैभन्दा महत्वपूर्ण हुन्छ भन्ने सिद्ध भइसकेको छ । यस प्रसङ्गमा हेर्दा हामीकहाँ पठन संस्कृतिको अभाव नै त होइन तर विगतका तुलनामा ह्रास आएको छ भन्ने मान्यता आजको प्रौढ समाजले बोकेको छ । संसारमा पठनसंस्कृति उकालो लागिरहँदा हामीकोमा ह्रास आएको वा अवस्था स्थिर भएको कारणले अन्य देश र समाजसँग नेपाल र नेपाली समाजको तुलना गर्दा हामी पछि परेका छौँ भन्ने आम बुझाइ पैदा हुन्छ यद्यपि हामीसँग यस विषयमा अनुसन्धानमा आधारित वस्तुगत आँकडा भने उपलब्ध छैनन् । नेपाल सरकारले आधारभूत तहको प्रारम्भिक कक्षाहरूमा पठन सीप क्षमता सुधार गर्ने उद्धेश्यले सन् २०१४ देखि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको शुरूवात गरेको थियो (शिक्षा विभाग, २०७४) । यसका सकारात्मक प्रभावहरू अवश्यै छन् । तर पनि यो कार्यक्रमले विद्यालयका कक्षाकोठाहरूमा र विद्यार्थीका घर घरका अभ्यासमा भने पठन संस्कृतिको उभार ल्याउन सकेन ।सतहवाट हेर्दा पठन सामग्री लेखन वा विकासमा हामी अगाडि छौँ भन्ने महशुस हुँदा हुँदै पनि हाम्रा कक्षा कोठाका दृश्यहरूले प्रतिवद्धतालाई कार्यान्वयनमा उतार्ने हाम्रो लगनशीलता कमजोर छ भन्ने देखायो । आधारभूत तहको पठन संस्कृतिमा अपेक्षा गरे अनुरूपको सुधार आउन नसकेको विषय शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०१८ र सन् २०२२ मा गरेको कक्षा ५ को सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण (शैगुविके२०७६,२०८१) को नेपाली विषयको नतिजालाई तुलना गर्दा पनि प्रष्ट हुन्छ ।

राष्ट्रिय पुस्तकालय दिवस मनाइरहँदा पुस्तक प्रेमीका अगाडि झट्ट आउने तस्वीर भनेको राजधानीमा रहने वर्गका लागि नेपाल राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय जस्ता ठूला पुस्तकालय, उच्च शिक्षाका विद्यार्थीका लागि आफ्ना विश्वविद्यालय र कलेजका पुस्तकालय हुन् भने विद्यालय तहका विद्यार्थीका लागि आफ्नै विद्यालयमा भएका ससाना पुस्तकालयहरू र समाजमा थोर बहुत क्रियाशील सामुदायिक पुस्तकालयहरू नै हुन् । राजधानी बाहिर बस्ने पुस्तकप्रेमी प्रौढहरूले देख्ने तस्वीर भनेको चाहिँ नजिकैको विद्यालयमा भएको पुस्तकालय वा सामुदायिक पुस्तकालयको अवस्था नै हो ।

आजको आँखाले सरसर्ति हेर्दा २०७२ सालको भूकम्पले क्षतिग्रस्त राजधानीका ठूला पुस्तकालय मध्ये असरल्ल परेको केशर पुस्तकालय केशर महलको पुनः निर्माणपछि आशा जगाउने गरी सञ्चालनमा आइसकेको छ । अहिले त्यहाँ पाठकको आकर्षण बढ्दो छ । पुल्चोकको ऐतिहासिक हरिहरभवनमा रहेको राष्ट्रिय पुस्तकालयलाई बचाउने प्रयासमा बोरामा पुस्तक हालेर ज्ञानेश्वरको एउटा विद्यालयको कक्षाकोठाभित्र लामै समय कैद गरियो र अहिले पछिल्ला वर्षमा यसले विस्तारै सानोठिमीको अस्थायी आवासमा आङ तन्काउँदै छ र यसका पाठकहरू पनि क्रमशः बढ्दै छन् । नेपाल सरकार मन्त्रिपरिषद्ले फरक फरक समयमा गरेको फरक फरक निर्णयका

* पूर्व सहसचिव, नेपाल सरकार

कारण केही समय अन्यौलमा परेको राष्ट्रिय पुस्तकालयको भवन निर्माणको विषय पुनः सरकारी टेण्डर प्रकृया र ठेकेदारको अदालती उल्झनमा नपरेको भए यो पुस्तकालय पनि अहिले काठमाण्डौको जमलतिर सर्ने तरखर गर्दै हुन्थ्यो होला भन्ने कल्पनासम्म गर्न सकिन्छ । रानीपोखरीको छेवैमा रहेको केन्द्रीय कानून पुस्तकालयमा हेर्दा पाठकहरूलाई पढ्ने ठाउँ पाउन मुस्किल भएको र त्यहाँ घण्टौ किताबसँग भुलिरहेका युवा विद्यार्थीहरूलाई देख्न सकिन्छ । आफ्नो दैनिकी चलाउँदै भूकम्प पछिको अवस्थामा पुनः निर्माणको सुन्दर ड्रइङ्डिजाइनको ठेली बोकेर बर्षौदेखि आदेशको प्रतीक्षामा छ डिल्लीरमण-कल्याणी रेग्मी पुस्तकालय । अदालती मुद्धा मामिलाले हात खुट्टा नबाँधिदिएको भए यो पुस्तकालयले पनि सायद काँचुली फेरिसक्ने थियो ।मदन पुरस्कार पुस्तकालयले आफ्नो छवि बचाउँदै क्रियाशील रहेको छ ।

शिक्षण संस्थाका पुस्तकालयको अवस्था संस्था र स्थानपिच्छे फरक छन् । कतिपय विश्वविद्यालय र कलेजहरूमा आकर्षक पुस्तकालयहरू छन् । तर कतिपय शहरउन्मुख ग्रामीण क्षेत्र र शहरी क्षेत्रमा रहेका ठूला विद्यालय वा सामुदायिक क्याम्पस अवलोकन गर्दा त्यहाँ पुस्तकालय त देखिन्छ तर त्यसले विद्यार्थीलाई आकर्षण गर्दैन । पुस्तकालयमा किताब राखिएको र्‍याकमा जमेको धुलो, किताबसम्म विद्यार्थी पुग्लान् र किताब हराउला भनेर लगाइएको छेकाबार, पढ्न भनेर बनाइएका वा दाताले दिएका एकाध असरल्ल परेर बसेका कुर्सी र हात राख्दा पञ्जाछाप लगाएजस्तो देखिने टेबुलको सतह हेर्दा ती शिक्षण संस्थाले उक्त पुस्तकालय कसरी सञ्चालन गरिरहेका छन् र विद्यार्थीले कसरी उपयोग गरिरहेका छन् भन्ने थाहा पाउन त्यहाँका सञ्चालकलाई कुनै थप प्रश्न गर्नै पर्दैन । त्यसमाथि तोक आदेश र प्रभावका भरमा कसैलाई खुशी पार्न वा विक्रेतावाट धेरै कमिशन पाइने लोभमा विद्यार्थीलाई खासै उपयोगी नहुने एउटै पुस्तकको चाङ्खरिद गरेर दराजका खण्ड भर्ने भद्दा प्रबृत्ति पनि त्यहाँ छरपष्ट नै देखिन्छ ।

सामुदायिक पुस्तकालयहरूको कुरा गर्दा देशभर लामो समयदेखि राम्रोसँग चलेका, लामो समयसम्म चलेर वर्तमानमा सुस्ताएका र भर्खरै हुर्केका आशालाग्दा र निराशालाग्दा पुस्तकालयहरू समुदाय र वस्तीहरूमा भेटिन्छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शान्ति भोलेन्टियर्स र रिड नेपालले संयुक्त रूपमा सन् २०२२ मा गरेको एक सर्वेक्षणमा नेपालभर विधिवत दर्ता भएर नियमित रूपमा चलेका सामुदायिक पुस्तकालयको सङ्ख्या जम्मा २२७ मात्र रहेको छ अर्थात् अहिले सबै स्थानीय तहमा सामुदायिक पुस्तकालयको समान पहुँच छैन । चलेका पुस्तकालयको क्रियाशिलतामा पनि एकरुपता छैन । उदाहरणका लागि यी पुस्तकालयमध्ये १२ प्रतिशत पुस्तकालयमा मात्र इ-पेपर पाइन्छ भने करीब एक चौथाइ पुस्तकालयमा मात्र अपाङ्गतामैत्री पूर्वाधार रहेको देखिन्छ (MOEST, 2022) ।यसरी हेर्दा केही अपवादलाई छाडेर तिनको क्रियाशिलता अपेक्षित ढङ्गको छैन र यी सामुदायिक पुस्तकालयहरू समुदाय र स्थानीय तहका शिक्षण संस्थासँग पठन सीप बढाउने गरी जोडिन पुगेका छैनन् ।

राष्ट्रिय पुस्तक नीति वनाउन २०७२ सालमा एउटा कार्यदल गठन भएको थियो । यो भएको पनि १० वर्ष बितिसकेको छ । यसबीचमा राष्ट्रिय पुस्तक नीतिका विषयमा धेरै चर्चा भए, कैयन पटक मस्यौदा परिमार्जन गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अरू मन्त्रालयका सहमतिका ढोका पार गर्दै मन्त्रिपरिषद्को समितिसम्म नपुर्‍याएको पनि होइन तर नतिजा आउने बेलामा भने केटाकेटीले साँप-सिढी लुडो खेले जस्तै भयो । गोटी माथिल्लो लहरमा पुगेको छ भनेर रमायो ९४ मा रहेको सर्पले एकैपटक झारेर पहिलो लहरको ३ अङ्कतिर पुर्याए जस्तै । प्रकृयामा उकालो लाग्दा लाग्दै सरकार फेरिएपिच्छे झर्दै झर्दै करिब शून्यको अवस्थामा आइपुग्ने । विगतको पुस्तकालय दिवस मनाउँदा यो जहाँ थियो अहिलेको पुस्तकालय दिवस मनाउँदा पनि सायद त्यहीँ नै रहेको छ ।

हरेक वर्ष राष्ट्रिय पुस्तकालय दिवस मनाउनका लागि राष्ट्रिय नारा तय गरिन्छ र उक्त नाराको सान्दर्भिकतामा बहस पनि हुन्छ । विगतका पुस्तकालय दिवसका सबै नाराहरू सान्दर्भिक छन् तर पनि लेखकलाई एक गाउँ एक पुस्तकालय, एक विद्यालय एक पुस्तकालय भन्ने छैठौँ पुस्तकालय दिवस २०७० को नारा, पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार भन्ने १२ रौँ पुस्तकालय दिवस २०७७ को नारा र समाज रूपान्तरणका लागि पुस्तकालय भन्ने १३रौँ पुस्तकालय दिवस २०७८ को नारा (डङ्गोल, २०८०) गरी यी तीन नाराले अहिले पनि अरू नाराले भन्दा बढी आकर्षित गर्दछन् । यी तीन नाराका भावलाई एकठाउँमा संयोजन गरेर केही गर्न सकियो भने पनि पुस्तकालयको विकासमा दिशा निर्देश गर्न सकिन्छ भन्ने लाग्छ ।

## यसवर्षको तत्कालीन अपेक्षाः

पुस्तकालयको विकासका सन्दर्भमा पुस्तकप्रेमीहरूका सरकारसँग धेरै अपेक्षा छन् र हुन सक्दछन् । तथापि अहिले पुस्तकालय दिवस २०८२ मनाइ रहँदा आउँदो वर्ष २०८३ को

पुस्तकालय दिवस मनाउने अवस्थासम्म पुग्दा के हामी प्रकृयामा अल्झिएका तर दीर्घकालीन महत्व राख्ने यी पाँचओटा कामहरू हुनेछन् भन्ने अपेक्षा राख्न वा यी काम हुन्छन् भन्ने विश्वास सिर्जना गर्न सक्छौँ ?

पहिलो, नेपाल सरकारले राष्ट्रिय पुस्तक नीति जारी गर्ने । पटक पटक परिमार्जन भएको राष्ट्रिय पुस्तक नीतिको मस्यौदा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा अल्झेको छ, त्यसलाई आवश्यक पर्छ भने फेरि परिमार्जन गरेर नेपाल सरकारले जारी गर्न सक्ने काम भएकोले यो काम सम्पन्न भएमा अर्को वर्षको दिवस मनाउँदा हामी पुस्तक नीतिको कार्यान्वयनको कार्ययोजना कस्तो हुनेछ र बजेट तथा कार्यक्रम कसरी राखिएको छ भनेर छलफल गर्न सक्छौँ ।

दोस्रो, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जमलमा राष्ट्रिय पुस्तकालय भवन निर्माण सम्बन्धी अवरुद्ध भएको टेण्डरको प्रकृयालाई निकास दिने । यसमा अवरूद्ध भएको टेण्डर प्रकृयालाई एउटा टुङ्गोमा पुर्याएर भौतिक निर्माणको कामको जिम्मेवारी बरू भौतिक पूर्वाधार निर्माण गर्ने मन्त्रालयलाई नै दिए हुन्छ किनकि दैनिक पुस्तकालय सञ्चालन गर्ने पुस्तकालयको व्यवस्थापकले भौतिक पूर्वधार निर्माणका बहुआयामिक प्राविधिक पक्षमा कुशलता देखाउन सक्दैन भन्ने अनुभवले देखाइ सकेको छ । यो काम भयो भने हामी राष्ट्रिय पुस्तकालयको भवन निर्माणको समीक्षा अर्को वर्षको दिवस मनाउँदा गर्न पाउँछौँ ।

तेस्रो, डिल्ली रमण कल्याणी रेग्मी स्मारक पुस्तकालय सम्बन्धी अदालतमा विचाराधीन मुद्धाको कारवाही किनारा लगाउने । अदालतमा परेका केही मुद्धा टुङ्गो लागेका र केही विचाराधीन नै रहेको देखिन्छ । हुन त यसमा स्वतन्त्र न्यायालयको आफ्नो प्रकृयालाई पर्खनपर्ने हुन्छ तापनि न्यायालयले पुस्तकालयको संवेदनशील मामिलालाई प्राथमिकता दिँदै यथासम्भव छिटो निर्णय दिएमा अर्को वर्ष दिवस मनाइरहँदा यसमा पनि हामी केही ठोस उपलब्धिको बारेमा बहस गर्न सक्दछौँ ।

चौथो, संघीय तहमा राष्ट्रिय पुस्तकालयको संरचनामा सुधार गर्ने । पुस्तकालयको बढ्दो वा अब बढ्नुपर्ने सञ्जालले संघीय तहमा देशभरका पुस्तकालयको समन्वय, अन्तर आवद्धताका लागि राष्ट्रिय पुस्तकालयलाई देशभरका अरू सबै पुस्तकालयबीच समन्वय गर्ने, नेटवर्किङ्गर्ने र मन्त्रालयलाई नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी सहयोग समेत गर्नका लागि कम्तीमा पुस्तकालय सेवाको रा. प. प्रथम श्रेणीको अधिकृत रहने गरी सङ्गठनात्मक सुधार गर्न पनि जरूरी छ ।यसो भएमा आगामी दिवसमा हामी देशभरका पुस्तकालयलाई कसरी नेटवर्किङ्मा जोडिएको र सूचना प्रविधिसँग आवद्ध गरिएको छ भनेर छलफल गर्न सक्छौँ। कम से कम राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, कानून पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय, मदन पुरस्कार पुस्तकालय जस्ता ठूला पुस्तकालय एवम् साझा प्रकाशन र राष्ट्रिय अभिलेखालयमा रहेका पुराना ऐतिहासिक ग्रन्थहरूलाई अनलाइनमा पाठक र विद्यार्थीले घर वा शिक्षणसंस्थामा बसेर पढ्ने सुविधाको प्रवन्धको विषयमा हामी कार्यढाँचा सहित छलफल गर्ने वातावरण यसबाट सिर्जना गर्न सक्छौँ ।

पाँचौ, विद्यालयका पुस्तकालय र सामुदायिक पुस्तकालयको रूपान्तरणको कार्य आरम्भ गर्ने । प्रदेश सरकारको शिक्षा विकास निर्देशनालयलाई तोकिएको कार्यविवरणमा प्रदेश स्तरमा पुस्तकालय तथा संग्रहालय सञ्चालनका लागि नीति, कानून, मापदण्ड तयार गर्न मन्त्रालयलाई सहजीकरण गर्ने र कार्यान्वयन व्यवस्था मिलाउने भन्ने छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने काम कर्तव्य र अधिकार वडा समितिलाई दिएको छ । यसको सोझो अर्थ हुन्छ हरेक वडामा सामुदायिक पुस्तकालय हुनुपर्दछ । प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारी र सहकार्यमा यो वर्ष कम्तीमा एक स्थानीय तह एक विद्यालय पुस्तकालय र एक सामुदायिक पुस्तकालयको रूपान्तरणको अभियान चलाउने ।यसका लागि सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय, लघु संग्रहालय तथा स्थानीय तहका सूचना प्रविधि केन्द्रहरूको एकीकरण गरी एकीकृत सेवा प्रदान गर्ने । ती पुस्तकालयलाई बालमैत्री, पाठकमैत्री र सूचना प्रविधिमैत्री बनाउने कार्य आरम्भ गर्ने । पुस्तकालयमा व्यक्तिगत पहुँच पुर्याउन सक्ने लेखक वा विक्रेताका चाहनाका किताबभन्दा पनि पाठकका रूचिका किताबहरू राख्ने गरी परम्परागत अभ्यासमा सुधार गर्ने । खासगरी ग्रामीण भेगमा रहेका शिक्षण संस्थाका वा सामुदायिक पुस्तकालयमा व्यक्तिका घरमा रहेका पुराना तर पठनीय किताबहरू सङ्कलन गर्ने । यी सबै कामको नेतृत्व स्थानीय तहले लिने र प्रदेश र सङ्घीय सरकारले यसमा सहजीकरण गर्ने । यसो भएमा अर्को पुस्तकालय दिवसमा हामी कतिओटा पुस्तकालयमा के कस्ता सुधारका प्रयासहरू कहाँ पुगेका छन् भनेर आँकडा सहित वहस गर्न सक्छौँ ।

**सन्दर्भ सामग्रीः**

डङ्गोल, जुजुभाइ (२०८०)। "पुस्तकालय दिवस स्मारिकामा प्राप्त सुझाव र गर्नुपर्ने काम"। सोह्रौ पुस्तकालय दिवस स्मारिका पृष्ट २२-२९। पुस्तकालय दिवस मूल समारोह समिति, सिंहदरवार काठमाण्डौ।

नेपाल सरकार (२०७४)। स्थानीय सरकार सञ्चालन ऐन । www.lawcomission.gov.np

शिक्षा विभाग (२०७४)। राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमः कार्यान्वयन मार्गदर्शन। सानोठिमी, भक्तपुर।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७६)। *विद्यार्थी उपलब्धीको राष्ट्रिय परीक्षण* (NASA), *२०१८ कक्षा ५, संक्षिप्त सार्वजनिक प्रतिवेदन।* सानोठीमी, भक्तपुर

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०८१)। *शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन (२०८० साउन देखि २०८१ असार मसान्तसम्म)*। सानोठीमी, भक्तपुर

MOEST (2022). Survey Report on Public and Community Libraries in Nepal. Ministry of Education, Science and Technology/ Shanti Volunteer Association/ READ Nepal

मितिः २०८२।०४।१८

# ए.आई.को परिप्रेक्ष्यमा जीवनपर्यन्त शिक्षा र सामाजिक अन्तर्घुलनका लागि पुस्तकालय



**आई.पी.अधिकारी***

*"कुनै पनि शहरमा सार्वजनिक पुस्तकालयजस्तो पूर्णतः लोकतान्त्रिक ठाउँ अरू केही हुन सक्तैन!"*

**–क्लाउडिया अल्टा जोन्सन्**

**पृष्ठभूमि :**

हामी ए.आई.(आर्टीफिसियल इन्टेलिजेन्स)को जमानामा आइपुगेका छौँ अर्थात् कृत्रिम बुद्धिमत्ताको जमानामा ! हाम्रा पूर्वजहरू ताडपत्र, भोजपत्र, हाते कागज आदिमा लेखेर पुस्तक बनाउँथे, त्यस्तै पुस्तक पाउँथे। तिनै पुस्तकहरू पढेर विविध ज्ञान आर्जन गर्दथे। त्यसपछि छापिएका पुस्तकहरू पढ्न पाइने जमाना आयो। अनि इन्टरनेट, आई प्याड, डिजिटल पुस्तक हुँदै अहिले ए.आई.को युगमा आइपुग्यौँ। ए.आई.ले अहिले विश्वमा जुनसुकै क्षेत्रमा र विशेषगरी बौद्धिक क्षेत्रमा तहल्का नै मच्चाएको छ। अब त आफूले जान्न चाहेको विषय कम्प्युटरमा च्याट-जीपीटी *(जेनेरेटिभ प्रि-ट्रेन्ड ट्रान्सफर्मर्स्)* वा यस्तै अन्य कुनै ए.आई.प्रोग्रामलाई सोध्यो भने पाँच सेकेन्डभित्र फरर जवाफ आइपुग्छ। तुरुन्तको तु. जवाफ पाउँदा हामी पनि दङ्ग! शिक्षक र पुस्तक नै नचाहिने- आहा, कस्तो आधुनिकता! बिल गेट्स नामका एक पढन्ते, विश्वप्रसिद्ध धनाढ्य व्यक्तिले भनेका पनि छन्- अबको दश वर्षमा शिक्षक र डाक्टरको आवश्यकता नै नपर्ला किनकि उनीहरूबाट हुने काम अब ए.आई.ले नै गरिदिन्छ! त्यसो भए के अब साँच्चै पुस्तक नै नचाहिने हो त ? अनि पुस्तकालय पनि नचाहिने हो त ? होइन, पुस्तकको महत्व अलग्गै छ, पुस्तकालयको महत्व झन् अलग्गै छ। अनि यो नयाँ उदाएको ए.आई. नामको बौद्धिक जादूगरको महत्व अर्कै छ। साँच्चै भनुँ भने यो ए.आई. नामको बौद्धिक जादूगर त मानव आविष्कृत एक भष्मासुर हुने भविष्यवाणी अरू विद्वानहरूले पनि गर्दै आएका छन्। महादेवले आशिर्वाद दिएको भष्मासुरले महादेवलाई नै मार्न लखेटेजस्तो यो मानवनिर्मित आविष्कार कतै मानव जातिलाई नै सखाप पार्ने एक प्रस्थानविन्दु अथवा भनौँ कारकतत्व त हुने होइन ?

बीबीसीको एक जानकारी अनुसार हाम्रो एउटा प्रश्नको उत्तर दिन च्याट-जीपीटीलाई पन्ध्र चम्चा अर्थात् ५०० मिलिलिटर (१५.८ औन्स) जति पानी खर्च हुन्छ। विज्ञान प्रविधिसम्बन्धी विज्ञहरूका अनुसार ए.आई.सिस्टम चलाउँदा प्रयोग हुने डाटा सेन्टरहरूमा राखिएका ठूला-ठूला कम्प्युटर आदि यान्त्रिक उपकरणहरूमा उर्जा खपत भइरहने र निरन्तर कम्प्युटेसन कार्यका कारणले धेरै ताप उत्पन्न भई ती सूचना उपकरण तातिरहने गर्दछन्। तिनलाई चौबिसै घन्टा चिसो (२३ डिग्री सेन्टिग्रेडभन्दा कम) बनाइराख्न कुलिङ सिस्टम प्रयोग गरिने भएकोले त्यसका लागि नै पानी चाहिने रहेछ। भनिन्छ कि माइक्रोसफ्ट र गुगल जस्ता कम्पनीहरूका यस्ता डाटा सेन्टरहरूका उपकरणहरूलाई तात्न नदिई चिस्याइराख्न वार्षिक करोडौँ लिटर पानी प्रयोग गर्ने गरिन्छ। यी दुवै संस्थाहरूले सन् २०२३ मा उनीहरूको पानीको खपत अत्यधिक बढेको कुरा स्वीकारेका थिए। यस हिसाबले ए.आई.सञ्चालनका लागि पानीको अथाह मात्रा खपत हुने गर्दो रहेछ भन्ने बुझियो। त्यसैले ए.आई.का लागि पानीको यस्तो अथाह खपतले वातावरणीय असन्तुलन ल्याउने ठूलो सम्भावनतर्फ वातावरणविद्हरू चिन्ता व्यक्त गर्न थालेका छन्। यसको अर्थ ए.आई.लाई नै हामी अदृश्य रूपले काम गर्दैरहेको मानवनिर्मित एक आधुनिक यान्त्रिक भष्मासुर पो हो कि भनेर बुझ्न बाध्य हुनुपर्ने त हैन ? भन्ने सोच्न थालिएको छ।

**च्याट-जीपीटी र ए.आई.सम्बन्धी मेरो अनुभव :**

गत केही वर्षयता हामीकहाँ पनि यो च्याट-जीपीटी, डिपूसिक् आदि ए.आई.जन्य सुविधाको घनीभूत रूपमा प्रयोग, उपयोग हुन थालेका छन् अनि यसको अन्तर्यामी र अद्‌भूत विज्ञताबारे बहस पनि हुन थालेका छन्। गत एक वर्षअघिदेखि म पनि च्याट-जीपीटीबाट आफ्ना केही जिज्ञासा मेटाउने तर्फ निकै आकर्षित भएको छु। अल्मल्याउने शब्दहरू, पर्यायवाची शब्द चयन, वाक्य तथा वाक्यांशको परिभाषा, व्याकरण जाँच्नका लागि अथवा भनौँ अरू कुनै गहन विषयमा आफ्नो जिज्ञासा शान्त पार्नका लागि म गुगल

* *पूर्व प्रमुख, त्रिवि केन्द्रीय पुस्तकालय इमेलः adhikariip@gmail.com*

सर्चबाट जवाफ पाउने कोशिश गर्दछु र गुगल सर्चले आफ्नो ए.आई.सुविधाको प्रावधान मार्फत सेवा दिन थालेको छ।

च्याट-जीपीटीले हामीलाई जवाफको रूपमा उपलब्ध गराउने जानकारीको विश्वशनीयताको सन्दर्भका कुरा गर्दा मैले च्याट-जीपीटीलाई आफ्नै व्यक्तिगत परिचयात्मक विवरण यसले केके दिँदो रहेछ भन्ने जान्न र यसको विश्वसनीयता पनि बुझ्नका लागि केही प्रश्न कम्प्युटरमा टाइप गरेर पठाएँ। पाँच सेकेन्डभित्र नै मेरो बारे यसले केही विवरण सही दियो। म दङ्ग परेँ। मलाई अचम्म, खुसी र हाँसो एकैपटक लाग्यो। सोचेँ, अब अरू कसैका बारे पनि केही जानकारी लिन आवश्यक परे यो च्याट-जीपीटी वा ए.आई.लाई सोधे हुनेरहेछ। तर, अर्को पटक मैले आफ्ना प्रकाशित कृतिहरूको सूची मागेँ- अवश्य नै यसले मैले लेखेका केही पुस्तकहरूको सूची दियो, तर केही छुटायो पनि। अझ अचम्म त के भने मैले लेख्दै नलेखेका पुस्तकहरू मैले लेखेका पुस्तकहरू नै हुन् भन्यो अर्थात् सरासर गलत जानकारी थोपर्न खोज्यो ! *"आफ्नो खोजि प्रक्रियालाई परिमार्जन गरी सही सूची देउ"* भनेर मैले पुनः आदेश दिए तापनि उसले त्यही पुरानो सूचना दोहोऱ्यायो। यसप्रकार मलाई नै गलत जानकारी दियो (उसको लागि चाहिँ सबै सही !)। यसको अर्थ मैले के लगाएँ भने च्याट-जीपीटी अथवा ए.आई.ले केही न केही जानकारी अवश्य दिन्छन् तर व्यक्तिगत विषयमा र अरू केही विषयमा चाहिँ यसमा पूरै विश्वास गर्न पटक्कै नहुने रहेछ। किनकि नचाहिँदो प्रशंसा गर्नु, पूरा सूचना दिन नसक्नु, अरुका सूचना ल्याएर आफ्नोमा मिसाइदिनु जस्ता यान्त्रिक त्रुटिहरू यसबाट बग्रेल्ती हुँदा रहेछन्। हामी यस कुरामा सतर्क हुनैपर्ने रहेछ।

हो, निश्चय नै ए.आई., च्याट-जीपीटी, आदिले अहिले हामीलाई विविध सूचना, जानकारीका साथै शिक्षा प्राप्ति, अध्यापन, सञ्चार तथा लेखन आदि बौद्धिक कार्यहरूमा धेरै सहजता थपेर समय र श्रम बचाउन मद्दत गरेका छन्। तर, यसका यी विविध सकारात्मक फाइदाहरू भए तापनि यसको अत्यधिक प्रयोगले अथवा भनौँ यसमा अत्यधिक भर पर्नाले लेखक, अध्यापक तथा विशेषतः भविष्यका कर्णाधार बालबालिकाहरूको सोच्ने क्षमतामा निश्चित रूपमा ह्रास आउने ठोकुवा गरेर भन्ने गरिएको छ। उदाहरणको रूपमा प्राथमिक तहमा पढ्ने कुनै विद्यार्थीलाई गाईको बारेमा निबन्ध लेख्न लगाउँदा उसले आफैँ गाई देखेर, किताबमा पढेको सम्झेर, गाईको बारेमा सुनेको तथा आमाबुबासँग सोधेर कनिकुथी भएपछि एक पाना निबन्ध लेख्न सक्ला। तर उसकै सहपाठी साथीले चाहिँ च्याट-जीपीटी वा यस्तै कुनै ए.आई.माध्यमबाट खोजी गरी त्यही विषयमा तीनचार पानाको निबन्ध सारेर आफैँले लेखेको भनेर शिक्षकलाई देखाई शिक्षकबाट प्रशंसा पाएर फुरुङ्ग पर्न सक्छ तर यो ज्ञान उसमा सधैँ रहँदैन। च्याट-जीपीटीबाट लिएको जानकारी तत्क्षणका लागि उपयोगी भए तापनि यसलाई उसले प्रत्यक्ष अर्थात् वास्तविक ज्ञान पाएको कदापि मानिँदैन किनकि त्यो बिर्सिन सक्ने ठूलो सम्भावना हुन्छ। परीक्षामा उनीहरूलाई सोही शीर्षक वा विषयमा निबन्ध लेख्नु पऱ्यो भने च्याट-जीपीटीबाट सारेको निबन्ध बुझाउने विद्यार्थीले चार पाना त के आधापाना पनि लेख्न सक्तैन, बरु एक पाना लेख्ने सहपाठीले परीक्षामा पनि एक पाना लेख्न सक्ला भन्न सकिन्छ। तसर्थ च्याट-जीपीटीमा पूर्णरूपले भर पर्नुभन्दा बरु आफैँ सोचेर लेख्न सक्नुमा नै स्मरण शक्तिलाई बलियो बनाउन, तिखार्न तथा तरोताजा राख्न सहयोग पुग्दछ। यससम्बन्धी जानिफकारहरूले पनि ए.आई., च्याट-जीपीटीमा अत्यधिक भर नपर्न र सावधानीपूर्वक प्रयोग गर्न सचेत गराउँछन्।

**जीवनपर्यन्त शिक्षालय, न कि पुस्तक+आलय :**

सार्वजनिक पुस्तकालय जसलाई *'जनताको विश्वविद्यालय'* पनि भन्ने गरिन्छ, यस संस्थालाई जीवनपर्यन्त शिक्षा दिने एक आदर्श संस्थाको रूपमा मानिन्छ। परम्परागत रूपले 'पुस्तकालय'को शाब्दिक अर्थ लगाउँदा पुस्तक जोड आलय (**पुस्तक+आलय**) पुस्तकालय हुन्छ अर्थात् त्यस्तो भवन जहाँ धेरै पुस्तकहरू अध्ययन गर्नका लागि राखिएका हुन्छन्। यसको सोझो आशय पुस्तकालय भनेको पुस्तकहरू पढ्नका लागि थुपारिएको ठाउँ या भवन हो भन्ने बुझिन्छ। तर आजको जमानामा पुस्तकालयलाई यस्तो पुरानो परम्परागत शाब्दिक अर्थ र साँघुरो परिभाषाभित्र खुम्च्याएर राख्नु समयानुकूल सान्दर्भिक हुँदैन। आजभोलिका पुस्तकालयहरू स्वरूप, संकलन, व्यवस्थापन, सेवा तथा सम्पदा संरक्षण मात्र होइन, जीवन पर्यन्त शिक्षा र सामाजिक अन्तर्घुलनका लागि एक आदर्श बौद्धिक स्थलको रूपमा उदाएका छन्, मान्यता पाएका छन्।

अब मूल विषय प्रवेश गर्दै पुस्तकालयले जीवनपर्यन्त शिक्षाका लागि खेल्ने गरेको भूमिकाको बारे चर्चा गरौँ। निश्चय नै पुस्तकालयले पुस्तकादि विविध ज्ञान सामग्रीहरूको संकलन गरी निःशुल्क उपयोगमा लागि सदैव ढोका खुला राख्दछ। पढ्न इच्छा भएका जोसुकै व्यक्ति निर्धक्क सँगले पुस्तकालयमा आएर आफुले पढ्न चाहेको विषय वा विधाका पुस्तक खोजेर पढ्न सक्छन्। यसरी पुस्तकालयमा पढ्न आउने ती व्यक्तिहरू विद्यालयस्तर पढेर पढाइ अधुरो छोडनु परेका व्यक्तिहरू पनि हुन सक्छन्। कलेज वा विश्वविद्यालयको शिक्षा पूरा गर्न नपाएका व्यक्तिहरू पनि हुन सक्छन्। अथवा भनौँ विश्वविद्यालय शिक्षा पूरा गरी कुनै पेशामा कार्यरत रहेका व्यक्तिहरू पनि हुन सक्छन्। उनीहरू सबैका लागि जहिले पनि आफ्नो जीवन बाँकी रहँदासम्म अर्थात् जीवनपर्यन्त

पुस्तकालयबाट पुस्तक लिई शिक्षा र विविध सूचना तथा ज्ञान लिने अवसर पाइरहेकै हुन्छन् । आफ्नो गाउँ शहरमा रहँदा-बस्दा मात्र होइन, अर्को शहरमा जाँदा वा विदेशमा जाँदा समेत त्यहाँको स्थानीय सार्वजनिक पुस्तकालयमा निर्धक्कसँग पस्न पाइन्छ र निःशुल्क रूपमा पुस्तक, पत्रिका वा यस्तै अरू ज्ञान सामग्री खोजीखोजी पढ्न पाइन्छ । त्यस्ता पुस्तकालयमा अब निःशुल्क रूपमा इन्टरनेट प्रयोग गर्न पनि पाइन्छ। यति मात्र होइन, अध्ययनका लागि मात्र पनि महँगो शुल्क तिर्नुपर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय जर्नलका लेख रचनाहरू पुस्तकालयमा पाठकहरूले निःशुल्क रूपमा प्राप्त गर्न पाउँछन् । पुस्तकालयले यसरी जीवनपर्यन्त हामी जोकोहीले आफ्नो शिक्षालाई पुनर्ताजगी दिँदै ज्ञान वृद्धि गर्ने अवसर प्रदान गर्दछ। यो नै पुस्तकालयको महत्वपूर्ण विशेषता हो।

पुस्तकालयको महत्वपूर्ण र सबैभन्दा सुन्दर पक्ष यो छ कि यहाँ निःशुल्क प्रवेश र निःशुल्क सेवा उपलब्ध हुन्छ त्यो पनि विनाकुनै भेदभाव अर्थात् जुनसुकै धर्मावलम्बी, जुनसुकै जातजाति, जुनसुकै पेशाकर्मी, जुनसुकै उमेर, लैङ्गिकता वा शारीरिक विकलाङ्गता तथा जुनसुकै देशका नागरिक भए पनि उनीहरू पुस्तकालयको निःशुल्क प्रयोग गर्न पाएर जीवनपर्यन्त शिक्षा आर्जन गरी सुसूचित हुन पाउँछन् । संसारमा यस्तो सेवा दिने कुनै अरू संस्था छ ? शायद त्यसैले होला, कतिपय विकसित देशहरूमा सेवाबाट **अवकाशप्राप्त राष्ट्राध्यक्ष**लगायत विभिन्न पेसाका अग्रजहरू आ-आफ्नो घरमा कम्प्युटरजन्य आधुनिक उपकरण र सञ्चारसेवा उपलब्ध हुँदाहुँदै पुस्तक लेखन् तथा एकाग्र पठन्का लागि स्थानीय सार्वजनिक पुस्तकालयमा निस्सङ्कोच धाउने गर्दछन् । पुस्तकालयमा सबै उमेर, वर्ग, धर्म, सम्प्रदाय, पेसा आदिका मानिसहरूले समान अवसर पाउने हुनाले पुस्तकालयका यिनै गुण र गरिमा मनन् गरी अमेरिकी पूर्व प्रथम महिला (सन् १९६३-६९) क्लाउडिया अल्टा जोन्सन्ले भनेकी थिइन्, *"कुनै पनि शहरमा सार्वजनिक पुस्तकालयजस्तो पूर्णतः लोकतान्त्रिक ठाउँ अरू केही हुन सक्तैन!"*

**सामाजिक अन्तर्घुलनका लागि आदर्श स्थल :**

पुस्तकालयहरूले आजभोलि विश्वमा परम्परागत रूपमा गर्दै आएको ज्ञानसामग्री सेवा मात्र नभई समयानुकूल पूर्णतः परिमार्जित भई नितान्त भिन्न किसिमका बहुआयामिक कार्यक्रमहरू पनि थप गरी सेवा दिन थालेका छन्। त्यसैले आजभोलिका पुस्तकालयहरू-पुस्तक जोड आलय मात्र नभई एक अभिन्न सामाजिक संस्थाको रूपमा उदय भएका छन् अनि सामाजिक, साँस्कृतिक र बौद्धिक अन्तर्घुलनका लागि मिलनविन्दु भएका छन्। विश्वमा सार्वजनिक पुस्तकालयहरूले गर्ने गरेका केही आदर्श र ज्वलन्त उदाहरणीय कार्यहरू यस प्रकार रहेको पाइन्छ :

**क) बौद्धिक सङ्गमस्थल :** पुस्तकालय केवल पुस्तक आदान-प्रदान कार्य गर्ने र पाठकहरू आएर अध्ययन गर्ने स्थान मात्र होइनन् । विश्वमा आजभोलि यो संस्था लेखक र सम्पादकहरूले पुस्तक समीक्षा र तत्सम्बन्धी अन्तर्क्रिया गर्ने सार्वजनिक स्थानको रूपमा पनि परिचित हुँदैगएको छ । यसैगरी पुस्तकालयमा विविध समसामयिक विषयहरूमा विज्ञहरूबाट प्रवचन कार्यक्रम सम्पन्न हुने गर्छन्। स्वदेशी तथा विदेशी भाषा सिकाइ, लेखन तथा अभिव्यक्ति कलासम्बन्धी कक्षा आदि तालिम दिइने स्थल पनि भएको छ। यसप्रकार विविध बौद्धिक कार्यक्रमहरू एउटै छानामुनि सम्पन्न हुने हुनाले सबै वर्ग, क्षेत्रका विद्यार्थी, बुद्धिजीवि तथा पेशागत व्यक्तिहरू एक आपसमा चिनाजानी र बौद्धिक विमर्शका माध्यमले सामाजिक अन्तर्घुलन हुने रम्य स्थान हुनगएको छ।

**ख) महिला सिप सिकाइ तथा मिलनस्थल :** आजभोलि कतिपय अल्पविकशित तथा विकाशोन्मुख देशमा पुस्तकालयहरूले महिलाहरूका लागि सिपमूलक र आय आर्जनका विविध तालिम दिने कार्य गरेर महिलाहरूको क्षमता विकास गरी स्वावलम्बी र असल गृहिणी बन्न सहयोग पुऱ्याउने गरेका देखिन्छन्। गरिब र अल्पविकसित मुलुकहरू मात्र होइन, जापानजस्तो अति सम्पन्न राष्ट्रमा समेत महिलाहरू **ओरिगामी** (कागजका सामग्री सजावट कला) **इकेबाना** (फूल सजावट कला) जस्ता विभिन्न कला र सिप सिक्न अत्यन्त उत्साही भएर स्थानीय सार्वजनिक पुस्तकालयहरूमा जाने गर्दछन् र त्यहाँ विभिन्न वर्ग समुदायका महिलाहरूबिच भेटघाट र अन्तर्घुलन भई सामाजिक सामञ्जस्यताको वृद्धि हुने गरेको पाइन्छ।

**ग) बालमैत्री सङ्गमस्थल :** विद्यालय जाने उमेरभन्दा अगाडिका अति चञ्चल वयका बालबालिकाहरूलाई नजिकको पुस्तकालयमा लगेर पुस्तकालय कक्ष घुमाउने, काखमा राखेर चित्र पुस्तकहरूका पाना-पानाका चित्रहरू देखाउने, चित्रकथा पुस्तकका कथाहरू सुनाउने आदि गतिविधि यस लेखकले क्यानाडामा आफैँले प्रत्यक्ष देखेको हो । यति मात्र होइन, पुस्तकालयमा आफू कुनै तालिममा संलग्न हुँदा पुस्तकालयका कर्मचारीहरूले ती बालबालिकाहरूलाई कार्टुन चलचित्र, गुडिया नाच देखाउने पनि गर्दछन् । यसप्रकार बालबालिकाहरूलाई सानै उमेरदेखि पुस्तकालयको वातावरण र आफूजस्तै अरू बालबालिकाहरूसँग खेल्ने,

घुलमिल हुने वातावरण दिइनाले उनीहरूमा पनि सामाजिक अन्तर्घुलनको जग सानैदेखि बसाइएको पाइन्छ।

घ) **युवा परामर्श सङ्गमस्थल :** युवाहरूका लागि पनि कतिपय देशका सार्वजनिक पुस्तकालयहरूले जीवनोपयोगी धेरै कार्यक्रमहरू चलाई उनीहरूको जीवनलाई सफल बनाउन एवम् आफ्नो राष्ट्र र विश्वका लागि समेत योगदान दिन सक्ने विश्व नागरिकको रुपमा रुपान्तरण गर्ने कार्यमा राम्रो भूमिका खेल्दै आएको देख्न सकिन्छ। उदाहरणका लागि विदेशमा उच्च शिक्षा आर्जन गर्न चाहनेहरूका लागि विज्ञहरूद्वारा तत्सम्बन्धी विविध परामर्श सेवा, स्वरोजगार, भाषा तालिम आदि विविध कार्यक्रम सञ्चालन गराउने र यसबाट उनीहरूबीच सामाजिक र वैचारिक अन्तर्घुलनको अवसर प्राप्त हुने गरेको पाइन्छ।

ङ) **ज्येष्ठ नागरिक सङ्गमस्थल :** सार्वजनिक पुस्तकालयहरूले स्थानीय ज्येष्ठ नागरिकहरूका लागि योगाभ्यास, अध्यात्मिक चर्चा, तीर्थाटनका लागि परामर्श सेवा आदि विविध कार्यक्रम निःशुल्क उपलब्ध गराई ज्येष्ठ नागरिकहरूको बाँकी जीवन सकारात्मक र आनन्ददायी गराउने कार्य गरेको पाइन्छ। यी कार्यहरूका लागि ज्येष्ठ नागरिकहरू भेला हुँदा अन्तर्घुलनको अवसर पनि पाउने र एकआपसमा दुःख सुखका कुरा गरी मन हलुको गर्ने उचित वातावरण पाउँछन्। यो पनि सार्वजनिक पुस्तकालयको एक अद्वितीय कार्यक्रम मानिन्छ।

च) **सूचनाप्रविधि साक्षरता सङ्गमस्थल :** यो सूचना प्रविधिको जमाना हो। त्यसैले आजभोलि पुस्तकालयहरूले आफ्ना पाठकहरूको सेवाका लागि कम्प्युटरहरू, वाईफाई तथा ए.आई. प्रविधियुक्त विविध उपकरण प्रयोगको निःशुल्क सुविधा दिन थालेका छन्। यति मात्र होइन, धेरै पुस्तकालयहरूले पाठकहरूलाई डिजिटल साक्षरता, सफ्टवेयर साक्षरता, सूचना साक्षरता, साइबर अपराध सुरक्षा साक्षरता, बौद्धिक सम्पत्ति अधिकार आदि विविध साक्षरता कार्यक्रमहरू तथा प्रवचन, तालिम अन्तक्रिर्यात्मक माध्यमबाट प्रदान गर्ने गर्दछन्। यी कार्यक्रमहरूको माध्यमबाट सम्बन्धित विषयक्षेत्रमा विषयगत र वस्तुगत ज्ञान मात्र प्राप्त हुने होइन अझ विभिन्न क्षेत्रका सूचना प्रविधिका विज्ञहरूसँग साक्षात्कार र सूचना आदानप्रदानको रुपमा अन्तर्घुलन हुने सुवर्ण मौका पनि प्राप्त हुन्छ।

छ) **विविध सामाजिक सेवा सङ्गमस्थल :** माथिका कार्यहरूका अतिरिक्त आजभोलिका सार्वजनिक पुस्तकालयहरूले एक सामाजिक सेवा प्रदान गर्ने संस्थाको रुपमा पनि काम गर्दै आएको देखिएको छ। जस्तै दैवी प्रकोपका बेलामा यस्ता पुस्तकालयहरूले पनि अभूतपूर्व रूपमा मानवसेवा गर्ने गरेका उदाहरण प्रशस्त पढ्न पाइन्छ। हालसालैको घटना हो कि संयुक्त राज्य अमेरिकाको क्यानिफोर्नियाको जंगलमा गत २०८१ पौषको अन्तिममा डढेलो लागेपछि छेउछेउका बस्तीहरूसमेत प्रभावित भएपछिका दिनहरूमा ती बस्तीका मानिसहरूलाई त्यहाँका सार्वजनिक पुस्तकालयहरूले आश्रयस्थलका साथै कम्प्युटर उपकरण आदि सामग्री प्रयोग गर्न दिएर उनीहरूको आफन्त जनहरूसँग निरन्तर सम्पर्क र आफ्ना पेशागत कार्यहरू अक्षुण्ण राख्न गर्न सक्दो सुविधा दिएको यथार्थ अत्यन्त सह्राहनीय थियो।

**निष्कर्ष :**

निश्चय नै पुस्तकालय भनेको समाजका सबै उमेर, वर्ग, क्षेत्र, धर्म, सम्प्रदाय, पेसा वा पृष्ठभूमिका व्यक्तिहरूलाई विनाकुनै भेदभाव पुस्तकादि ज्ञान सामग्रीमा सरल पहुँच, निःशुल्क सेवा उपलब्ध गराउँदै जीवनपर्यन्त शिक्षा र सामाजिक अन्तर्घुलनको लागि अवसर दिने एक अद्वितीय र आदर्श स्थल हो। यस किसिमको सेवाबाट नै मानिसहरूमा पठन रुचि बढ्दै जीवनपर्यन्त पुस्तक पढ्ने जग बसाल्न ठूलो मद्दत गर्दछ र पुस्तक अध्ययनको जग बसेका व्यक्तिहरू नै भविष्यमा शिक्षित, सुसूचित एवं सभ्य नागरिक बन्ने कुरा निर्विवाद छ। यसका अतिरिक्त पुस्तकालयले विविध क्षेत्रका व्यक्तिहरू एकै स्थानमा भेटघाट गराएर सामाजिक अन्तर्घुलनको अवसर समेत दिई आपसी सामिप्यता, समभ्कदारी र भाइचारा बढाउने उपयोगी संस्थाको रुपमा पनि छुट्टै पहिचान कायम गरेको छ।

यहाँ विडम्बना के छ भने विदेशका कतिपय शहरहरूमा एकै पटकमा २ हजारदेखि ५ हजार जनासम्म बसेर पढ्न सकिने क्षमताका सुविधायुक्त पुस्तकालय हुने गरेको परिप्रेक्ष्यमा हाम्रो देशका गाउँपालिकाहरू त के '**महानगर**'**पालिका**हरूमा समेत १ सय जना बसेर पढ्न सकिनेसम्मको सार्वजनिक पुस्तकालय नहुनु एक दुःखलाग्दो तीतो यथार्थ हो! अझ भन्ने हो भने सबै किसिमका पाठकमैत्री आधुनिक सार्वजनिक पुस्तकालयहरू थपिनुको कार्य त परै जाओस् नाम चलेका धेरै **ऐतिहासिक पुस्तकालयहरू** पनि स्थानीय सरकारको संरक्षण र पोषण नपाई अनि विभिन्न किसिमले अतिक्रमित भई इतिहास भइसकेका छन् भने अरू कति पुस्तकालयहरू पनि इतिहास हुने सङ्घारमा आइपुगेका छन्! यसको

ज्वलन्त उदाहरण विराटनगरस्थित ऐतिहासिक आदर्श पुस्तकालयलाई नै लिन सकिन्छ। तसर्थ अब ढिलो नगरी नेपालका हरेक महानगरपालिकाहरूमा एकै पटकमा कम्तिमा ३ हजार जना बसेर अध्ययन गर्न सकिने क्षमतासहितका माथि उल्लिखित सेवाहरू प्रदान गर्ने स्तरका पुस्तकालयहरूको स्थापना र दिगो रुपले सञ्चालन गर्ने व्यवस्थाका लागि पूर्वकार्य थाल्न सरकारलाई घचघच्याउन र उत्प्रेरित गर्न लाग्नुमा नै पुस्तकालय सेवासँग सम्बन्धित सबै संघसंस्थाको कर्तव्य र यो पुस्तकालय दिवस मनाउनुको सार्थकता रहेको मानिनेछ।

**सन्दर्भ सामग्री :**

**अधिकारी, इन्द्रप्रसाद** (२०७८), *पुस्तकालय तथा स्रोत केन्दः व्यवस्थापन एवम् सञ्चालन,* काठमाडौं, पुस्तकालय व्यवस्थापन तथा सूचना सेवा केन्द्र।

**दली, इन्दिरा** (२०८१), "नेपालका बाल पुस्तकालयहरूको अवस्था", काठमाडौं, *सत्रौं पुस्तकालय दिवस, स्मारिका* २०८१, पृ.५५-६७।

**लम्साल, हरिप्रसाद** (२०८०), "प्रविधिको विकास र सार्वजनिक पुस्तकालयको भविष्य", काठमाडौं, *सोह्रौं पुस्तकालय दिवस स्मारिका* २०८०, पृ.५-१४।

# विद्युतीय साक्षरता : दिगो विकासको लक्ष्य



**सागरराज सुवेदी***

आजको समय भनेको विद्युतीय साक्षरताको युग हो । विद्युतीय साक्षरताबिना आजका नागरिकहरूले आफ्ना कुनै पनि कामहरू सम्पन्न गर्न र समस्या समाधान गर्न सक्षम हुन सक्दैनन् । तसर्थ विकासशील मुलुकहरूमा विद्युतीय साक्षरताको पैरवी व्यापक रूपमा गरिनुपर्दछ। विद्युतीय साक्षरताबाट नै आज नागरिकहरूले आफ्नो सिपको विकास गर्न सक्दछन् भने रोजगारी, उद्यमशीलता तथा व्यवसायको प्रवर्धनका लागि यो अत्यावश्यक रहेको छ । आजको संसार डिजिटल युगमा प्रवेश गरिसकेको छ। डिजिटल प्रविधिबाट आफूलाई सञ्चालन गर्न प्रत्येक नागरिकलाई विद्युतीय साक्षरता आवश्यक पर्दछ। डिजिटल प्रविधिबाट सञ्चालित हुनको लागि यसको सभ्य तथा सुरक्षित प्रयोगको लागि पनि विद्युतीय साक्षरता आवश्यकता पर्दछ। डिजिटल सामग्रीहरूको प्रयोग तथा सञ्चालनका साथै डिजिटल रूपमा प्राप्त हुने सामग्रीहरूलाई आफ्नो अनुकूलमा सञ्चालन गर्नको लागि पनि विद्युतीय साक्षरता महत्त्वपूर्ण साधन हो। युनेस्को २०१८ ले रोजगारी, सभ्य रोजगारी र उद्यमशीलताका कुराहरूमा डिजिटल प्रविधिबाट सही तरिकाले पहुँच बनाउने, त्यसको व्यवस्थापनको जानकारी लिने, बुझ्ने, एकीकृत सञ्चार प्राप्त गर्ने, त्यसको मूल्याङ्कन गर्ने क्षमतालाई नै विद्युतीय साक्षरता भनेको छ । विद्युतीय साक्षरतालाई संयुक्त राष्ट्रसङ्घले दिगो विकास लक्ष्यहरू प्राप्तिको मुख्य स्रोतको रूपमा परिभाषित गरेको छ । गरिबी, असमानता, जलवायु परिवर्तन, वातावरणीय ह्रास, शान्ति र न्यायजस्ता विश्वव्यापी मुद्दाहरूलाई सम्बोधन गर्ने उद्देश्यले दिगो विकासका लक्ष्यहरूका लागि विद्युतीय साक्षरतालाई एक महत्त्वपूर्ण अंशको रूपमा विकसित गराइँदै आएको छ। संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा पुरा गर्ने लक्ष्यका साथ निम्नलिखित एजेन्डाहरूलाई दिगो विकासको एजेन्डाको रूपमा तय गरेको छ :

१. **गरिबी निवारण (No poverty)** : गरिबीको सबभन्दा ठुलो कारण श्रम गर्न नपाउने परिस्थिति तथा कृषि कार्यको अभाव हो । त्यसका अलावा अशिक्षा, राजनैतिक परिवेशजस्ता कुराहरू पनि हुन । गरिबी निवारणको लागि सबै नागरिकहरूलाई उनीहरूको सिप, ज्ञान र जानकारीको आधारमा रोजगारी सिर्जना गरिने लक्ष्य यसमा समावेश गरिएको छ।

२. **भोकमरीको अन्त्य (Zero hunger)** : भोकमरी संसारभरको ठुलो समस्या हो। मानिसले सबै क्रियाकलापहरू आफ्नो भुँडी भर्नको लागि नै गर्दछ। वातावरणको विनाश, युद्ध, गरिबीजस्ता कारणले संसारमा भोकमरी विद्यमान रहेको छ। भोकमरी अन्त्यको लागि व्यापक रूपमा रोजगारी सिर्जना गरी सबै किसिमका श्रमहरूलाई कृषि उपज र उत्पादनसँग जोडनु जरुरी छ।

३. **असल स्वास्थ्य र जनकल्याण (Good health and well-being)** : मानिसको सबभन्दा ठुलो धन भनेको असल स्वास्थ्य वा भनौं निरोगीपन हो। स्वास्थ्य मानिसले जे काम पनि गर्न सक्दछ । तसर्थ असल स्वास्थ्य भएका नागरिक राज्यको ठुलो सम्पत्ति हो। असल स्वास्थ्य निर्माणको लागि जनकल्याणका कार्यहरू गरिने लक्ष्य यसअन्तर्गत पर्दछ।

४. **गुणस्तरीय शिक्षा (Quality education)** : हिजोको जस्तो किताबी शिक्षालाई मात्र अङ्गीकार नगरी जीवन बाँच्नको लागि शिक्षालाई अङ्गीकार गरिने लक्ष्य यसअन्तर्गत रहेको छ । शिक्षालाई आधुनिक विकासका डिजिटल मोडलहरूलाई जोडी नागरिकहरूलाई जीवनपर्यन्त शिक्षाको अवधारणा यसअन्तर्गत रहेको छ।

५. **लैङ्गिक समानता (Gender equality)** : सबैलाई मानिस भएर बाँच्न पाउने कुराको सुनिश्चितता यसअन्तर्गत रहने लक्ष्य तय गरिएको छ। अब संसारमा महिला, पुरुषमा हुने भेदभाव नगरिने लक्ष्य राखिएको छ । श्रम, ज्याला, व्यवहार, सम्मानजस्ता कुराहरूमा महिला र पुरुषमा हुने भेदभावलाई अन्त्य गरिने लक्ष्यअन्तर्गतको क्रियाकलाप गरिने कुरा यसअन्तर्गत रहेको छ।

---

* *प्रमुख, त्रि.वि. केन्द्रीय पुस्तकालय*

६. **स्वच्छ पानी र सरसफाइ (Clean water and sanitation)** : पानी जीवन हो। पानीबिना मानिस, जनावर र बोटबिरुवा कसैको पनि जीवन सम्भव छैन। पानी मात्र भएर हुँदैन, सफा र स्वच्छ हुनुपर्दछ। सबै किसिमका रोगहरू पानीबाट नै सिर्जना हुन्छन्। पिउनयोग्य पानी संसारकै ठुलो आवश्यकता र चुनौती हो। सरसफाइ र पानीको अन्योन्याश्रित सम्बन्ध रहेको छ।

७. **वैकल्पिक र सफा ऊर्जा (Alternative and clean energy)** : आजको विश्वमा ऊर्जाको लागि प्रयोग भइरहेका इन्धनका कारणले प्रदूषणको मात्रा बढ्दै गएको छ भने ती इन्धनका स्रोतहरू पनि बिस्तारै कम हुँदै गएका छन्। खानीहरू प्रयोगको कारणले समाप्ति हुँदै छ, तसर्थ अबको स्थितिमा प्राकृतिक रूपमा प्राप्त गर्न सकिने वैकल्पिक र सफा ऊर्जाको लागि कार्य गर्न यो उद्देश्य तय गरिएको छ। यसअन्तर्गत सोलार शक्ति, विद्युतीय शक्ति, हरित शक्तिजस्ता कुराहरूलाई प्रोत्साहन गरिने नीति तय गरिएको छ।

८. **रोजगारी तथा आर्थिक वृद्धि (Decent work and economic growth)** : सबै नागरिकहरूले काम गर्ने वा भनौँ रोजगारी प्राप्त गर्ने वातावरण भयो भने समाज वा राज्यको आर्थिक वृद्धि आफसे आफ हुनजान्छ। यसका लागि यो लक्ष्यअन्तर्गत घर, परिवार, समाज र राष्ट्रमा रहेका सामान्यदेखि सामान्य तरिकाका प्राविधिक र जीवनोपयोगी रोजगारीलाई नागरिकहरूको पहुँचमा पुऱ्याई त्यसको आधुनिकीकरण गरेर रोजगारी सिर्जना गर्ने लक्ष्य यसअन्तर्गत पर्दछ।

९. **उत्पादन, औद्योगिक विकास र पूर्वाधार (Industry, production and infrastructure)** : निश्चय पनि रोजगारीका अवसरहरू सिर्जना गरेपछि त्यहाँ उत्पादन कार्य सुरु हुन्छ। उत्पादन कार्य सुरु भइसकेपछि त्यहाँ उद्योगधन्दाका कुराहरू आउँछन र उद्योगधन्दा सुरु गर्न औद्योगिक पूर्वाधार हरूको व्यवस्था गर्नुपर्दछ। उद्योगधन्दामा लगानी बढाउने, मेशिनहरूबाट उत्पादन गरेर, बृहत् उत्पादनको पूर्वाधार बनाउन, उत्पादित वस्तुहरूलाई उपभोगस्थलसम्म पुऱ्याउने, बजारीकरण गर्नेजस्ता क्रियाकलापहरू यस लक्ष्यअन्तर्गत पर्न आउँछन।

१०. **असमानता घटाउने (Reduced inequality)** : संसारमा धर्म, वर्ण, लिङ्ग, वर्ग, जातजाति, सम्प्रदाय, आर्थिक परिस्थिति इत्यादि कुराहरूले मानिसहरूमा असमानताहरू रहेका छन। यस्ता असमानता घटाउनको लागि मानवअधिकारको ज्ञान, लैङ्गिक भेदभाव, वर्गीय भावनाका भेदभावजस्ता कुराहरूलाई घटाई एकआपसमा भातृत्व र स्नेहको वातावरण सिर्जना गराउने लक्ष्य यसअन्तर्गत रहेको छ।

११. **सुखद र दिगो शहरीकरण (Sustainable cities and communities)** : नागरिकहरूको आर्थिक विकास सँगसँगै शहरीकरण पनि बढ्न थाल्छ। नागरिकहरू शहरी क्षेत्रमा बसोबास गर्न चाहन्छन्। यसको लागि दिगो शहरीकरणको व्यवस्था गर्ने लक्ष्य यसअन्तर्गत रहेको छ। व्यवस्थित बस्तीको विकास, नागरिकका अत्यावश्यक आवश्यकता सजिलै परिपूर्ति गर्न सकिने संयन्त्र, फराकिला बाटाहरू, खानेपानी, ढल निकास, पार्क तथा हरियाली इत्यादि सबै भएमा नागरिकका दैनिकी सुखद रूपमा बित्न जान्छन।

१२. **जिम्मेवार उत्पादन र उपभोग (Responsible production and consumption)** : नागरिकहरूको स्वास्थ्यलाई मध्यनजर राखेर उत्पादन कार्य हुनुपर्दछ। धेरै उत्पादन गर्ने नाममा कमसल कच्चापदार्थ तथा हानिकारक रसायनको प्रयोग गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने कुरा यस लक्ष्यले लिएको छ। यसका साथै उपभोक्ताले पनि सही तरिकाले उपभोग गरेको खण्डमा संसारबाट भोकमरी मेटाउन मद्दत मिल्दछ।

१३. **जलवायु कार्य (Climate action)** : जनसङ्ख्या वृद्धि, खानी तथा प्राकृतिक स्रोतको प्रयोग, प्राकृतिक क्रियाकलापजस्ता कारणहरूले जलवायुमा परिवर्तन आइरहेको छ। जलवायु परिर्वतनका कारणले तापक्रममा वृद्धि, विविध किसिमका रोगव्याधि, प्राकृतिक विपत्तिजस्ता कुराहरूले नागरिकहरूलाई आहत पारिरहेका छन्, तसर्थ जलवायुलाई कमभन्दा कम बिग्रने गरी वातावरण जोगाउनको लागि गरिने क्रियाकलाहरू यस लक्ष्यअन्तर्गत समावेश गरिएको छ।

१४. **जलचरहरूको संरक्षण (Life below water)** : प्रकृतिमा भएका सबै जीवजन्तुहरू मानवीय जीवनचक्रसँग जोडिएका छन्, तसर्थ यस्ता प्राणीहरूको संरक्षण गरेको खण्डमा मात्र मानवीय जीवन पनि रक्षा हुन्छ। तीनचौथाइ भाग पानीले घेरिएको हाम्रो बासस्थानमा धेरै प्रकृतिका जलचरहरूको निवास रहेको छ र तिनीहहरूलाई संरक्षण गर्नु मानवको दायित्व भएको कारण यो लक्ष्यलाई राखिएको छ।

१५. **स्थलचरहरूको जीवन संरक्षण (Life on land)** : यो पृथ्वी सबै प्राणीहरूको साझा बासस्थान हो। सबै प्राणीहरूले आफ्नो उपस्थितिको माध्यमबाट यो पृथ्वीको प्राकृतिक अवस्थाको जर्गेना गर्न योगदान दिएका छन्। पृथ्वीमा बाँच्ने सबै प्राणीहरूलाई उनीहरूको मौलिकताअनुसारको वातावरण प्रदान गरेर जीवन संरक्षण गरिनुपर्ने लक्ष्य यसअन्तर्गत छ।

१६. **शान्ति र दरिला न्यायिक संस्थाहरू (Peace and justice and strong institutions)** : नागरिकहरूलाई बाँच्नको लागि शान्ति आवश्यकता पर्दछ। शान्ति भएको ठाउँमा मात्र आर्थिक वृद्धि हुनसक्छ। शान्ति कायम गर्नको लागि न्यायिक संस्थाहरू दरिलो हुनुपर्दछ। नियम कानुन पालना तथा दण्ड र सजायको सही व्यवस्था भएमा शान्ति कायम गर्न सकिने लक्ष्य यसअन्तर्गत राखिएको छ।

१७. **लक्ष्यहरूको साझेदारी (Partnership for the goals)** : माथि उल्लेख गरिएका सोह्रैवटा उद्देश्यहरू एकआपसमा अन्योन्याश्रित सम्बन्ध रहेका छन्, तसर्थ यी सबै लक्ष्यहरू प्राप्तिका लागि यिनीहरूलाई एकआपसमा साझेदारी रूपमा सञ्चालन गर्नुपर्दछ। कतिपय लक्ष्यहरू पुरा नगरी अर्को लक्ष्य सुरु नै गर्न सकिँदैन भने कुनै लक्ष्य पुरा गरिरहँदा अर्को लक्ष्य पनि स्वस्फूर्त रूपमा पूर्ति भइरहेको हुन्छ।

यी १७ वटै लक्ष्य प्राप्तिको लागि अत्यावश्यक तत्त्व भनेको आम जनता तथा नागरिकहरूलाई सुसूचित गराउनु हो र आजको जमानामा आम नागरिकहरूलाई सुसूचित गराउने माध्यम भनेको विद्युतीय साक्षरता हो र यो विद्युतीय साक्षरता प्रदान गर्ने कार्य भनेको दिगो विकास लक्ष्य ४ गुणस्तरीय शिक्षाअन्तर्गत पर्दछ। समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइको लक्ष्यसहित जीवनयापनको लागि विभिन्न अवसरको प्राप्ति गराउने माध्यम शिक्षालाई बनाउनु नै दिगो विकास लक्ष्यअन्तर्गतको चौथो लक्ष्य गुणस्तरीय शिक्षाको मर्म हो। शैक्षिक जगत्मा विद्यालय शिक्षामै विद्युतीय साक्षरताको पाठ्यक्रम तयार गरेर विद्यार्थीहरूलाई अध्यापन गराउनुपर्दछ किनकि अबका दिनहरूमा विद्युतीय सामग्रीहरूका बारेमा जानकारी नभएको खण्डमा कुनै पनि व्यक्तिले आफ्नो जीवनयापन गर्न नै सक्दैन। विद्यार्थीहरूलाई डिजिटल सिप वृद्धि हुने प्रकारका पाठ्यक्रमको निर्माण, सिकाइ परिणामहरू सुधार गर्न आधुनिक शिक्षण उपकरण र स्रोतहरू प्रयोग गर्नु आजको शिक्षाको आवश्यकता हो। यसका लागि अनलाइन पाठ्यक्रम तथा सामग्रीहरूको व्यवस्था गर्ने, अनलाइन शैक्षिक प्लेटफर्महरूको व्यवस्थापनमा सरकारको विशेष ध्यान जानु जरुरी छ। प्राथमिक शिक्षा, उच्च माध्यमिक शिक्षा, विश्वविद्यालय शिक्षाहरूमा सूचना, सूचनाको हक, सूचना प्राप्ति, सूचनाको सही प्रयोगको बारेमा आम नागरिकहरूलाई सुसूचित गराउनुपर्दछ। आजको यो जेन जी युगमा नागरिकहरूलाई सुसूचित गराउने माध्यम विद्युतीय साक्षरता हो। विद्युतीय साक्षरतालाई नागरिहरूको चेतनाको स्तरअनुसार वर्गीकरण गरी लक्षित समूहलाई सोही प्रकृतिको विद्युतीय साक्षरता प्रदान गर्नुपर्दछ।

विद्युतीय साक्षरता प्रदान गर्ने कामहरूमा शैक्षिक संस्थाहरूले पुस्तकालय तथा सूचना केन्द्रहरूलाई प्रयोग गर्न सक्दछन्। शैक्षिक संस्थामा भएका पुस्तकालयहरूले समय सयममा आफ्ना विद्यार्थीहरूलाई प्रदान गर्ने अभिमुखीकरण कार्यक्रमलाई अबका दिनमा विद्युतीय साक्षरताको स्वरूपमा परिवर्तन गर्नुपर्दछ। अबका पिँढीहरूलाई खाली अध्ययनका मात्र कुरा नगरी भविष्यमा जीवन व्यतित गर्न सकिने उपायहरू, उनीहरूका भविष्य उज्ज्वल हुने, प्रगति गर्न सकिने क्षेत्रहरूका बारेमा पनि जानकारी गराउनु पर्दछ।

नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयले आफ्ना शिक्षक, विद्यार्थीहरू तथा अनुसन्धानकर्ताहरूका लागि विद्युतीय साक्षरताको मूल प्रवाहमा रही डिजिटल पुस्तकालयको व्यवस्था गरेको छ। नेपालबाट प्रकाशित हुने सबै जर्नलहरूलाई इ-पुस्तकालयको माध्यमबाट अध्ययन गर्न सकिने सुविधा प्रदान गरेको छ। नेपाल जर्नल अनलाइन (नेप्जल)को व्यवस्थापन त्रि.वि. केन्द्रीय पुस्तकालयले गरेको छ र यसको पहुँच निःशुल्क रहेको छ तथा निश्चित प्रक्रिया पुरा गरेर अनलाइनमा जर्नलहरू राख्ने सुविधा पनि प्रदान गरिएको छ। यसका साथै त्रि.वि.बाट लेखिएका थेसिस तथा डिजरटेशनहरूलाई अनलाइनबाट अध्ययन गर्ने सुविधा पनि यो पुस्तकालयले प्रदान गरेको छ। विभिन्न डाटाबेसहरू खरिद गरेर आफ्ना अनुसन्धानकर्ताहरूलाई विश्वकै उत्कृष्ट लेखहरूको सँगालो प्रदान गरेको छ। आफूसँग भएका सामग्रीहरू नेपालराज्यभर सबैले प्रयोग गर्न सक्ने संयन्त्र खडा गरेर यसको प्रयोग गराइरहेको छ। यसका साथै सामग्रीहरूको सभ्य प्रयोग गर्नुपर्ने अन्यथा बौद्धिक चोरीमा पर्न सकिने किसिमका जानकारीहरू प्रदान गरी बौद्धिक चोरी नियन्त्रण तथा निरुत्साहनको लागि बौद्धिक चोरी नियत्रण सफ्टवेयरको प्रयोग गरी विश्वविद्यालयमा लेखिने थेसिस तथा डिजरटेशन, जर्नल आर्टिकलहरूको लेखनमा मौलिकता हुनपर्ने कुराको पैरवी गर्दै आएको छ। यी कुराहरूको जानकारी पनि पुस्तकालयले समय समयमा विभिन्न विद्युतीय साक्षरताको माध्यमबाट लक्षित समूहहरूलाई प्रदान गर्दै आएको छ।

# सकारात्मक दृष्टिकोण निर्माणमा पुस्तकालयको भूमिका

सहप्रा. डा. बिनुबाबा अर्याल

मानव परिस्थिति र अवस्थाले जस्तोसुकै स्थान वा स्थितिमा रहेको किन नहोस् उसले जीवनमा एकपटक सफलताको शिखर चुम्न पाए हुन्थ्यो भन्ने चाहना राख्नु आफैँमा अस्वाभाविक भनिहाल्न पनि मिल्दैन। हरेक वस्तु, स्थान वा चीजमा आफ्नो मौलिक धर्म वा गुण अन्तर्निहित हुन्छ। जीवनको मूल्य र महत्त्वको गरिमालाई उच्च मूल्याङ्कन दिनु हरेकका लागि आवश्यक छ। जसले जीवनको उचाइलाई बढाउँदै लैजान्छ फलतः सकारात्मक व्यक्तित्व निर्माण हुन्छ। जसका कारण जीवन जगत्लाई हेर्ने दृष्टिकोण झन्झन् फराकिलो बन्दै जान्छ।

जीवनयापन गर्ने क्रममा एउटा निश्चित दृष्टिकोण आवश्यक हुन्छ। विश्वमै एक प्रकारको लहर चलिरहेको छ 'सकारात्मक दृष्टिकोण-जीवन जिउने शैली'। यस विषयमा अनगिन्ती पुस्तक तथा प्रवचनका शृङ्खलाहरू प्रशस्त पाइन्छन्। सम्पूर्ण सफल व्यक्तित्वहरूको मूल आधार नै सकारात्मक चिन्तनशैली भन्ने कुरालाई विशेष जोड दिँदै आइएको छ। अध्यात्म र भौतिक संसारको प्रगतिको मूल कडी नै सकारात्मक दृष्टिकोण हो भन्ने कुरामा दुई मत छैन।

सकारात्मक चिन्तनको आधार ईश्वरीय चिन्तन मात्र अन्तिम उपाय हो। चिन्तनको स्रोतको सुधारबिना दृष्टिकोण सकारात्मक बनाउने कुरा सङ्कल्प मात्र पनि गर्न सकिँदैन। आशावादी स्वभावले सकारात्मक दृष्टिको उचाइलाई बढाउँदै लैजान्छ। अँध्यारो कोठाभित्र पनि उज्यालो प्रकाश देख्दछ। आशावादी शुद्ध चिन्तन (जे हुन्छ राम्रोको लागि हुन्छ, हरेक घटनाले एउटा पाठ सिकाउँछ, ईश्वरले हामीमाथि दयादृष्टि राख्नुभएको छ आदिजस्ता सकारात्मक चिन्तन) ले आशावादी बन्न प्रेरित गर्दछ। यसले मानिसको मनलाई भौतिक संसारप्रति आसक्तिरहित बनाउँदै शान्ति र आनन्दले परिपूर्ण बनाउँछ।

पाश्चात्य जगत्बाट व्यापक रूपले यन्त्रविज्ञानको उत्पादन र विकास भएको छ। यो अत्यन्त राम्रो कुरा हो। तर मानवमा मनुष्यत्व विकसित नभएपछि उपलब्ध प्राविधिक यन्त्रहरूको पनि सदुपयोग हुन सक्दैन भन्ने कुरा निश्चित छ। पाश्चात्य शिक्षाविद्हरूले यदि उनका भौतिक विद्याको आविष्कारक वैज्ञानिकहरूको कुरा हाम्रा शिक्षामा समावेश गर्न सक्छन् भने हामीले पनि हाम्रा मानव विज्ञानका हाम्रा महान् आविष्कारकहरू, हाम्रा तपोनिष्ठ ऋषिमुनिहरू र आध्यात्मिक महापुरुषहरूको जन्म भएको र अहिलेसम्म पनि भइरहेको कुराहरूको प्रचार गर्नुपर्छ।

वैदिक दर्शनको मर्म बुझेका विद्वान्हरू, साधकहरू, महात्माहरू, ज्ञानीहरू वेदलाई अनादि, अनन्त र अपौरुषय मान्दछन्। वेदको अर्थ हो ज्ञान, जान्नु। वेदको सन्देश हो प्राणी मात्रको कल्याण। प्राणी मात्रमा शान्ति सुव्यवस्था वेदको घोषणा हो। आजका सम्पूर्ण धर्मले खोजेको सिकाएको पनि शान्ति, आनन्द, परोपकार सेवा ज्ञान नै हो। अब वेदसँग कसको विरोध होला त ? अतः प्राचीन वैदिक समाज ज्ञान निर्माणमा उत्कृष्ट थियो। त्यति बेलाका ज्ञानहरू श्रुति र स्मृतिका माध्यमले पुस्ताहरूमा हस्तान्तरण हुँदैहुँदै आएको छ। पुस्तकालयको इतिहासदेखि आजसम्म पाँच सहस्राब्दीको विकासको क्रममा आइपुग्दा भौतिक पाठ्य, देख्य, श्रव्य, विद्युतीय अनेक स्वरूप संरचना लिइसकेको छ। तर वातावरणको अभावले गर्दा त्यो बिस्तारै हराउँदै पनि गइरहेछ। जुन समाजबाट आध्यात्मिक चर्चा र अभ्यास हराएर जान्छ त्यहाँ फेरि पूर्वजहरूजस्तै महापुरुषहरूको आत्मा कसरी जन्मिन सक्छ ?

भौतिकताको चरम उत्कर्षमा रुमलिएको मानव मनलाई सकारात्मक चिन्तनले विकृतिको सिकार बन्नबाट बचाउँछ। मनमा आशाका किरणहरू सलबलाइरहेको अवस्थामा मनमा नयाँ उमङ्ग उल्लास हौसला उत्साह कायम रहन्छ। दृष्टिमा पवित्रताले बास गरेको हुन्छ। हरेक कुरामा विशेषता देख्ने व्यक्ति स्वाभाविक रूपमा विशेष व्यक्ति बन्दछ। युगले उसलाई महान् व्यक्तिको रूपमा स्वीकार गर्दछ। लक्ष्य स्पष्ट छ भने लक्षण स्पष्ट देखा पर्न थाल्दछ। लक्ष्य एक ऊर्जा हो जसका कारण कार्य सम्पादनमा उत्साह उमङ्ग निरन्तर बनिरहन्छ।

जीवनमा दृष्टिकोण सत प्रतिशत मूल्यवान् बनाउने हो भने दृष्टिकोणलाई मूल्य दिन सक्नुपर्दछ। मर्यादामा रहँदा जीवन मर्यादित हुन्छ भनेझैं आफ्नो दृष्टिकोणको मूल्यलाई सँधै सजगताका साथ अपनाउन सकियो भने अवश्य पनि जीवनमा उचाइ बढ्न पुग्दछ। मानव शरीरको बनावट उसको उचाइ, उसको मानसिकता हेर्दा पक्का आध्यात्मिक ज्ञानका लागि नै बनेको हो नत्र ऊ सोझो भएर हिँड्न, बस्न सक्ने थिएन। ऊ पशुजस्तो निहुरिएर हिँड्ने गर्दथ्यो। त्यही आध्यात्मिकताको शिक्षा र उद्देश्यलाई नै

मिल्काएर मानव जति शिक्षित बने पनि जति भौतिकताले सिँगारिए पनि चेतनाको स्तर पशुभन्दा माथि जाँदैन । अतः विचारको विशालता नै मानव मनमा सिर्जित चिन्तनको गहिराइले अनुमान लगाउने साधक हो । विवेकानन्दले भनेका छन्, "Water's depth is lotus' height, thoughts' depth is human height" अर्थात् पानी जति गहिरो हुन्छ त्यति नै कमलको फूलको जरा अग्लो हुन्छ । यसैगरी मानवको व्यक्तित्वको उचाइ प्रदर्शन उसको विचारको गहिराइले गर्दछ। त्यस विचारको गहिराइले स्वस्थ मलजल दिने तत्त्व नै शिक्षामा रहेको हुन्छ।

शिक्षा मनुष्यको खोज हो, उपज होइन। खोज सधैँ अविनाशी तत्त्वको हुन्छ । त्यसैले शिक्षा वास्तवमा मूल्यनिष्ठ हुनुपर्दछ । स्वयंलाई सजाउन कमसेकम पाँचवटा सी अर्थात्, चरित्र (character), प्रतिबद्धता (commitment), निश्चय (certitude), शिष्टाचार (courtesy) र साहस (courage) जीवनमा हुनुपर्दछ। किनकि चरित्र नै जीवनको अमूल्य निधि हो । यसलाई जस्तोसुकै अवस्थामा पनि जीवन्त राख्न सक्नुपर्दछ। यो नै मूल्यनिष्ठ शिक्षाको पाठ र दीक्षा हो। सान्दर्भिक गुणस्तरीय शिक्षाले सामाजिक मूल्य र मान्यताको विकास गर्नका साथै समाजमा स्थायित्व शान्ति, उन्नति, व्यावहारिक एवं सकारात्मक सोच भएको नागरिक तयार गर्न ठुलो मद्दत गर्दछ। शिक्षा एक्लैले समाजमा सकारात्मक सोचको विकास गर्न सक्ला नसक्ला भन्ने बारेमा बहस हुन सक्ला तर विकासको लागि शिक्षा एक अनिवार्य पूर्वशर्त हो।

दृढइच्छा शक्ति र दृश्यावलोकन शक्ति (will power and visualization power) व्यक्तिको बाह्य सरोकार र इन्द्रियजन्य ज्ञानको पहुँच होइन । यो अन्तर्मन र ज्ञान चक्षुसँग सम्बन्धित विषय हो । जुन सही शिक्षासँग सम्बन्धित हुन्छ । समयसमयमा उदाएका महापुरुष महान् व्यक्तित्वहरू दिव्य आत्माहरू हुनुहुन्छ। उहाँहरूले छोडेका पदचिह्न, उहाँहरूका आत्मकथा, ऐतिहासिक अवसरहरू आदिले पनि शिक्षाको क्षेत्रमा महत्त्व आर्जन गर्नमा ठुलो मद्दत गर्दछ र गर्दै छ। जीवनलाई पूर्णताको बाटोमा लैजान यस्ता सन्दर्भहरूको ठुलो देन हुन्छ। त्यो कल्याणकारक तत्त्व भनेको नै शिक्षा हो। एउटा मूर्तिले हजारौँ शब्द बोल्दछ त्यस्तै जीवन नै ज्ञान गुणको ज्वलन्त उदाहरण बन्दछ। सहजै अरूलाई प्रेरणा र हौसला प्रदान गर्न सक्छ। जसरी एउटा अगरबत्तीले स्वाभाविक रूपमा मिठो र मनमोहन सुगन्ध दिने गर्दछ। उसलाई म अगरबत्ती हुँ भन्नु पर्दैन। त्यस्तै गुणी व्यक्तिले आफ्नो गुणका कारण अन्य व्यक्तिलाई प्रत्यक्ष प्रभावित गर्दछ। त्यसको लागि सही वातावरण बनाएर सक्षम बनाउने कार्य भने पुस्तकालयले गर्दछ।

पुस्तकालय एउटा प्राज्ञिक थलो हो जहाँ ज्ञानको खेती हुन्छ। त्यस प्राज्ञिक थलोमा प्राज्ञले विद्यमान अवस्थालाई भन्दा भविष्यलाई र एकल व्यक्तिको हितलाई भन्दा समस्त लोकको पारस्परिक हितलाई हेर्दछ। एउटा सर्वाङ्गीण र बहुमुखी शिक्षा व्यवस्थाबिना व्यक्ति र समाजको निर्माण हुन गाह्रो पर्दछ। व्यक्तिमा सूक्ष्म बुद्धि र विवेक जागृत हुन सक्दैन। उसले अन्तस्करणमा न केही तृप्ति नै पाएको हुन्छ न त जीवनको परम आध्यात्मिक लक्ष्य ब्रह्म प्राप्ति गरेर समाजलाई केही दिएर जान सक्छ।

आध्यात्मिकताको मार्गमा सबभन्दा प्राथमिक शर्त हो नैतिक जीवन यात्रा । मूलभूत नैतिकताको विकास नगरिकन आध्यात्मिकताको विकास सम्भव हुँदैन। एक प्रकारले आदर्शहीन, उद्देश्यहीन, गन्तव्य स्थलबारे अनभिज्ञ यो समाज र शिक्षा केन्द्रहरूलाई सही बाटोमा ल्याउने जिम्मेवारी पुस्तकालयले नै गर्न सक्छ। अब्राहम लिङ्कनले आफ्नो बाल्यकालका दिनहरूमा पुस्तकालयमा फ्याँकिएका किताबहरू पढ्दा कैयौँ पटक मुसाहरूले टोकेको घटना आज पनि स्मरणयोग्य छ। उनै विभूति आज जगतभरि उदाहरणका पात्र बन्न सफल भए। जसको पछाडि उनको कडा परिश्रम, मेहनत र पुस्तकालयले लगाएको गुण नै मुख्य कारण हो।

शिक्षाको शक्तिशाली केन्द्र नै पुस्तकालय हो। विश्वका धेरै महान् विभूति जसले आफ्नो क्षेत्रमा अद्भूत सफलता प्राप्त गर्न सके, उनीहरूको जीवनको वास्तविकतालाई आधार बनाई अध्ययन गर्न सफल हुन केवल दुई कुराको सुन्दर संयोजन अपरिहार्य हुन्छ। तथापि सफलता कुनै वृक्षको फल टिपेर तुरुन्तै प्रयोगमा ल्याइहाल्ने वस्तु होइन। यो जीवनको लामो प्रक्रिया हो। सफल भइहाल्नुभन्दा पनि सफल हुनका लागि कस्तो प्रक्रिया ? कस्तो वातावरण ? कस्तो स्थान ? कसको सान्निध्य ? रङ्गसङ्ग आदिको आवश्यकता पर्दछ। त्यो बुझ्नुपर्दछ।

महान् आत्माहरूलाई पुस्तकले नै बचाइरहेको छ । युगौँयुगसम्म पुस्तकले नै विश्वलाई चिनाउँछ। सिर्जनाको बाटो फैलाएर ज्ञानको सागरमा डुबुल्की मार्न सिकाउँछ । प्रगति र समृद्धिको आधारमा सबैलाई सत्मार्ग देखाउने सूत्र नै पुस्तक हो । प्रविधिले आजका पाठकवर्गलाई यति सहज सरल बनाइदिएको छ कि अब ठुला ठुला पुस्तकका ठेलीलाई हत्केलामा राखेर अध्ययन गर्न सक्ने, आफ्नो चाहनाअनुसारको पुस्तक निमेषमै प्राप्त गर्न सक्ने, दृश्यमा मात्र होइन आवाजमा पढ्न सक्ने अवसर दिलाएको छ। यो त एउटा सुनौलो अवसर हो जसबाट कोही पनि वञ्चित हुन नपरोस्। जो कोही पनि व्यक्ति पुस्तकालयबाट टाढा रहन नपरोस् र टाढा रहनु पनि हुँदैन भन्ने मान्यतालाई पुस्तकालय दिवसले आवाज उठाउँदै आइरहेको छ।

शिक्षाको शक्तिशाली केन्द्र नै पुस्तकालय हो । पुस्तकालयलाई केवल पुस्तक तथा पठनपाठनको सामग्रीको भण्डारगृहको रूपमा मात्र लिनु हुँदैन । यो बिनापर्खालले घेरिएको ज्ञानको भण्डार हो । ज्ञानले सूचना, सञ्चार, प्रविधि आदि सबै आयामलाई समेट्छ । चेतनाको क्षितिज फराकिलो बनाउँछ । पुस्तकालयको दायरा विशाल छ, व्यापक छ । समयले ल्याएको ज्ञान, सिप, चेतना, आवश्यकताले अब विशाल घरको कोठाभन्दा पुस्तकालयको एउटा मेच नै अति मूल्यवान हुन्छ । जहाँ बसेर शिक्षा मात्र नभई सामाजिक जीवनका हरेक पक्षलाई सूक्ष्म अध्ययन गरी त्यसको गरिमा, आवश्यकता, महत्त्व आदि सबै क्षेत्रलाई सहयोग गर्न सक्ने ज्ञान प्राप्त हुन्छ । यसैले पनि पुस्तकालयको दायरा सामाजिक, सांस्कृतिक, आध्यात्मिक आर्थिक एवं राजनीतिक र वातावरणीय पक्षसँग जोडिएको देखिन्छ ।

यसको अर्थ उसका विचार, बुद्धि, विवेक खुलेर स्वार्थ र सङ्कुचनबाट माथि उठ्छ । पुस्तकका अक्षरहरूले नै सभ्यता, सिर्जना र विकासको उन्नति गर्दछ । जसले उसको अध्ययन गर्दछ ऊ भेदभावबिना सबै गर्न अग्रसर भइरहन्छ । यो दृष्टिलाई उजागर गरेर सृष्टिको निर्माण गर्नमा पुस्तकालयको ठुलो भूमिका हुन्छ । त्यहाँ समर्पण, प्रयास एवं क्षमता आदिले ज्ञान लिन सक्ने हैसियत निर्धारण गर्दछ । सत्य कुराको खोजी सत्य स्थानमा नै हुन सकेन भने धन समय र सङ्कल्प सम्पूर्ण कुरा व्यर्थमा प्रयोग भइरहेको हुन्छ ।

बिनाकिताबको कोठा आत्माबिनाको शरीरजस्तै हो भनेर दार्शनिक सिसेरोले भनेका छन् । मन, शरीर र आत्मा यी तीन शाखा भएको मानवरूपी वृक्ष यदि शिक्षित भयो भने सबै भागमा परिपुष्ट भएर लोक कल्याण गर्न सफल हुन्छ । अतः पुस्तकालय ज्ञान विज्ञानको आधार, चरित्रको उत्थान, ज्ञानको प्रकाश फैलाउने बौद्धिकताको केन्द्र हो । वास्तवमा सभ्य, सुशिक्षित समाज निर्माण गर्नका लागि यसको अपरिहार्यतालाई कसैले पनि नकार्न सक्दैन किनकि पुस्तकालय पुस्तक भण्डार मात्र नभएर बौद्धिक स्फुर्ति प्रदान गर्ने जीवित संस्थाका साथै सेवामुखी संस्था हो । औपचारिक शिक्षाका अतिरिक्त अनौपचारिक शिक्षाको मुख्य आधार नै पुस्तकालय हो ।

पढ्ने बानीले ज्ञानको दायरालाई फराकिलो पारेर उन्नत विचार गर्नतर्फ लागि नयाँ नयाँ खोजहरूमा जानकारी गराई आफू, समाज, देश र विश्वलाई विभिन्न कोणबाट बुझ्न सक्ने बनाई सभ्य नागरिक बन्न मद्दत गर्दछ । त्यसैले समयको रफ्तारसँगै ज्ञानको भण्डारलाई भर्दै जान सक्नुपर्दछ र यसको निम्ति समाजका हरेक व्यक्तिमा अध्ययन संस्कृतिको विकास हुनुपर्दछ । संस्कृति भनेको संस्कार या बानी हो । पठन संस्कृतिमा मौलाएको समाजमा नै पुस्तक र पुस्तकालय पनि मौलाउँछ । जसलाई पठनपाठनमा चाख छैन उसलाई पुस्तक पुस्तकालयको आवश्यकता पनि पर्दैन । व्यक्तिका सबै पक्षहरू सुसज्जित गर्ने शिक्षा नै हो । तर यो शिक्षा विद्यालयमा भर्ना हुँदैमा हासिल भएको मान्न सकिँदैन विद्यालय जाँदैमा ज्ञान हासिल नहुन सक्छ । पढ्नु भनेको केवल औपचारिक शिक्षा हासिल गर्नु मात्र होइन । औपचारिक शिक्षा हासिल गरिसकेपछि पनि नियमित रूपमा आफ्नो जीवनलाई आनन्दपूर्वक सञ्चालन गर्न पढ्ने बानी बसाल्नु हो ।

पर्याप्त साधन स्रोतका साथै सूचना सञ्चार प्रविधियुक्त पुस्तकालय प्रत्येक स्थानीय तहको वडा वडामा स्थापना गर्ने गरी निरन्तर शिक्षाको लागि आवश्यक परिवेश निर्माण गर्नु राज्यको दायित्व हो । आम जनतालाई सचेत गराउन परिवर्तनको शङ्खघोषको माध्यम भएको पुस्तकालयबाट नै विकासको मापन हेर्ने गरिएको छ । अतः पुस्तकालयलाई विद्यालय र विश्वविद्यालयको सहायकको रूपमा हेर्न सकिन्छ । पुस्तकालय बौद्धिकता निर्माणको आधारशिला हो र शिक्षक, विद्यार्थी, प्रशासक, अनुसन्धानकर्तालगायतका अन्य पाठकका लागि पथप्रदर्शनको आधार हो ।

पुस्तकालयको सान्दर्भिकता र आवश्यकता कहिले पनि सकिँदैन । समय, परिस्थिति र नागरिकहरूको मागअनुसार त्यसको संशोधन र सेवाको प्रकृतिमा भने बदलावको भाव आउन सक्छ । त्यसलाई परि पूर्ति पनि गर्नुपर्दछ । आजको एक्काइसौँ शताब्दीमा विश्वको घटना, राजनीति, अर्थतन्त्र, भूगोल, कानून, स्वास्थ्य र शिक्षालगायत लौकिक पारलौकिक जानकारी राख्ने चिन्तन मन्थन गर्नुपर्ने आवश्यकता छ ।

पारलौकिक भन्नाले विज्ञानलाई बुझिन्छ । विज्ञान भनेको एकत्वको खोज सिवाय अरू केही होइन । जुन बेला कुनै विज्ञानशास्त्र पूर्ण एकत्वसम्म पुग्न सफल हुन्छ, त्यसबेला उसलाई अगाडि बढ्नबाट रोकिन कर लाग्छ, किनकि त्यसबेला त उसले आफ्नो लक्ष्य नै प्राप्त गरिसकेको हुन्छ । उदाहरणको लागि रसायनशास्त्रलाई लिऊँ । यदि हामीले रसायनको त्यस्तो मूल द्रव्य पत्ता लगायौँ जसबाट अन्य सबै द्रव्यहरू बन्न सक्छन् भने हामी त्यहाँभन्दा अगाडि बढ्न सक्दैनौँ । जब पदार्थ विज्ञानशास्त्रले त्यो मूल शक्ति पत्ता लगाउनेछ जसबाट अन्य शक्ति बाहिर आएका छन् त्यसबेला त्यो पनि पूर्णतामा प्राप्त हुनेछ । जब उसले मूल कारणलाई जान्नेछ, जो यस मर्त्यलोकमा एक मात्र अमृतस्वरूप छ, जो यस नित्य परिवर्तनशील जगत्को एक तर अटल आधार हो । जो एक मात्र परमात्मा हो र अन्य सबै आत्माहरू जसका प्रतिबिम्ब स्वरूप मात्र हुन् । यसप्रकार अनेकश्वरवाद हुँदै उसलाई अद्वैतवादको प्राप्ति हुन्छ । धर्मशास्त्र योभन्दा अघि बढ्न सक्दैन । सबै विज्ञानहरूको अन्तिम लक्ष्य पनि यही हो ।

मानव मनभित्रको सृष्टिको मूल आधार नै उसले अङ्गीकार गरेको

दृष्टिमा भर पर्दछ। दृष्टि नै सृष्टिको आधार हो। भगवान् बुद्धले पनि भन्नुहुन्छ- *मन पूर्वेगमा धर्मा।* हरेक किसिमले धर्म र कर्ममा मनले नै नेतृत्व लिएको हुन्छ। यो मनलाई नियन्त्रण गरी तरिकाबद्ध रूपले एकाग्रताको शक्ति अभिवृद्धि गरेर बुद्धिलाई अझै तीक्ष्ण र तीव्र बनाएर तथा स्मृति शक्तिको अभिवर्द्धन गरेर हरेक मनुष्य जीवनमा महान् कामहरू गरेर जान सक्छ।

डुङ्गालाई पानी चाहिन्छ यो सत्य हो तर बगिरहेकै पानी यदि डुङ्गाभित्र पस्न थाल्यो भने डुङ्गाको अस्तित्व खतरामा पुग्न सक्छ। डुङ्गालाई पानी छोड्नु पनि छैन र पानीलाई आफूभित्र छिर्न दिनु पनि छैन। यही नियम मानव मनको लागि पनि लागु हुने गर्दछ। यो मनलाई सकारात्मकतामा आसीन गराउनु नै सफलताको बाटोतर्फ अग्रसर हुनु हो। सकारात्मक दृष्टिकोणको प्रमुख आधार नै स्वयं माथिको तनावलाई व्यवस्थापन गर्नु हो। तनाव मानसिक कमजोरीको सञ्जाल हो। र यसले हरेक रचनात्मक विकासका सम्भावनालाई कुण्ठित बनाइरहन भूमिका खेल्दछ। युग नै तनावमय बनिसकेको परिवेशमा तनावबाट भाग्न सकिँदैन केवल यसलाई सुनियोजित तरिकाले प्रबन्ध मिलाउन सकिन्छ। जतिजति परि स्थितिलाई ग्रहण गर्ने शक्ति ह्रास हुन्छ तब चुनौतीहरू हावी हुन थाल्छन्। फलतः यसको प्रतिक्रियाको उपज नै तनाव बनिदिन्छ। तनाव व्यवस्थापन नै यसबाट मुक्ति प्राप्त गर्ने सुन्दर तरिका हो। जुन तरिका पुस्तकालयबाट प्राप्त हुन्छ।

## सन्दर्भ सामग्रीहरू


पोखरेल मुरारी विनोद (२०४०)। पुस्तकालय र नेपाल, काठमाडौँः सेन्टर फर लाइब्रेरी कन्सटेन्सी।

पंगेनी, भवेश्वर (२०६८)। केन्द्रीय पुस्तकालयका पाँच दशक (२०१६-२०६६), काठमाडौंः त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय।

भट्टराई, माधव। सत्य-साई चरितम्, काठमाडौंः कान्ता भट्टराई, पेज १८१

मानन्धर, कृष्णमान (२०३८)। पुस्तकालय विज्ञानः एक परिचय, काठमाडौँः त्रि.वि. पाठ्यक्रम विकास केन्द्र।

स्वामी विवेकानन्द। हिन्दू धर्म, काठमाडौंः स्वामी एकार्थानन्द, अध्यक्ष, रामकृष्ण आश्रम नेपाल।

श्रेष्ठ, सूर्यनारायण, (२०२५)। हाम्रो पुस्तकालय, काठमाडौंः रामजी प्रसाद वाग्ले।

# हाम्रो पुस्तकालयः हाम्रो भविष्य



डा. गणेशप्रसाद भट्टराई*

## १. परिचय

पुस्तक बौद्धिक सम्पदा हो। पुस्तकालयका पुस्तक घरमा लगेर पढ्न पाइन्छ, फुर्सदको साथी बनाउन पाइन्छ। पुस्तकालय पुस्तकको भण्डार हो, ज्ञानको समुद्र हो (Nepal Library Association, २०७५)। पुस्तक सदावहार सम्पदा हो, धेरै पुस्ताका लागि एउटै पुस्तक अमूल्य निधि हो (Smith, २०१८)। पुस्तक समग्र वा खण्डखण्ड वा लिथो गरिएको, प्रत्येक पुस्तक, पुस्तिका, विवरण पत्र, स्वरलिपि, नक्सा, मानचित्र, ब्रेललिपिमा तयार गरिएका पठनसामग्रीसमेत हुन् (Kumar, २०१६)। सामान्य अर्थमा पुस्तकालय सार्वजनिक रूपले पढ्न पाइने गरी राखिएका पुस्तक भएको भवन हो (UNESCO, २०१९)। पुस्तकालयमा पुस्तक, स्टोरेज डिभाइस, पत्रपत्रिका आदि सङ्ग्रहित हुन्छन् जहाँ मानिसले पढ्न, अध्ययन गर्न वा ज्ञानको भोक मेट्न सक्छन् (Shrestha, २०७७)। पुस्तक बौद्धिक प्यास मेट्ने साधन हो।

पुस्तकालय लेखेर, छापेर, कोरेर, खिचेर वा यस्तै विभिन्न माध्यमद्वारा तयार परिएका पुस्तक, पुस्तिका, अखबार, पत्रिका, नक्सा, चार्ट, फिल्म आदि ज्ञान सामग्री सुव्यस्थित ढङ्गले राखिएको घर हो (ALA, २०२०)। यस घरमा पीडालाई शान्तिले शमन गर्न पाइन्छ। यसले जीवनभर नियमित शिक्षा प्रदान गरेर व्यक्तिलाई जागृत राख्छ (Bhattarai, २०२२)।

पुस्तकालय भौतिक र भर्चुअल रूपमा सञ्चालन हुन्छन् (Thapa, २०१९)। भौतिक पुस्तकालयमा पुस्तक, पत्रपत्रिका आदिको सङ्ग्रह हुन्छ। भर्चुअल पुस्तकालयले विद्युतीय माध्यमबाट आफ्ना प्रयोगकर्तालाई शैक्षिक स्रोत उपलब्ध गराउँछन्। विकिपिडिया, गुगल सर्च, बिइङ भर्चुअल पुस्तकालयका वास्तविक नमुना हुन्।

पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ ले चाहिँ पुस्तकालय भन्नाले पाँचसय भन्दा बढी समाजोपयोगी पुस्तक, पत्रपत्रिका तथा विद्युतीय माध्यमबाट पढिने सामग्रीलगायतका पठनसामग्रीको सङ्कलन भई त्यस्ता पठनसामग्रीको आदानप्रदान गर्ने वा पुस्तकालयमा बसेर सर्वसाधारणलाई अध्ययन गर्न दिने उद्देश्यले सञ्चालित संस्था र सरकारी पुस्तकालय बुझिन्छ (नेपाल सरकार, २०६९)। पुस्तकालयमा अध्ययन वा प्रयोग गर्न पाउने मात्र होइन पुस्तकहरूको आदानप्रदान वा लेनदेनसमेत गर्न पाइन्छ। पुस्तकालय वाचनालय, बहुउद्देश्यीय सूचना केन्द्र, विद्युतीय पुस्तकालय तथा सामुदायिक अध्ययन केन्द्रका रूपमा सञ्चालन गर्न सकिन्छ। जुनसुकै स्वरूपमा सञ्चालन भए पनि पुस्तक समयको सदुपयोग गर्ने र सिक्ने ठाउँ हुन्।

## २. इतिहास

पुस्तकालयको इतिहास पुस्तकको इतिहासजत्तिकै लामो छ (Smith & Jones, २०१५)। विश्वमा आशुरबानीपालको पुस्तकालयलाई सबैभन्दा पुरानो पुस्तकालय मानिन्छ (UNESCO, २०१८)। इसापूर्व सातौं शताब्दीमा आस्सुर शासक आशुरबानीपालले शाही चिन्तनका लागि स्थापना गरेको यस पुस्तकालयको प्रमाण आधुनिक इराकको निनवेमा देख्न सकिन्छ (Johnson, २०१७)। इ.पू. ५५०० देखि सुमेरियन र मेसोपोटामियनले गिलो माटाका खबटामा आफ्ना विचार चित्रात्मक लिपिमा लेखेर घाममा सुकाएर राख्ने गरेको पाइन्छ। आजभन्दा ८५० पुस्ताअघि नै मानवपुर्खाले निश्चित लिपि विकास गरी त्यही लिपिमा लेखेर माटाका खबटामा पुस्तक र पुस्तकालयलाई जन्म दिएका थिए। पूर्वीय चिन्तनमा मानिस पञ्चभौतिक तत्त्वका रूपमा माटासँग जोडिएको छ भने पुस्तकको इतिहास पनि माटासँगै जोडिएको छ। खबटे पुस्तकका तिनै सङ्ग्रह आजका आधुनिक पुस्तकालयका आदिम पुर्खा हुन्। आधुनिक पुस्तकालयको विकास र विस्तारचाहिँ १९ औं शताब्दीको पुनःजागरण कालमा भयो। युरोपका ठुला विश्वविद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालन हुन थालेपछि यसले आधुनिक पुस्तकालयको स्वरूप ग्रहण गऱ्यो।

पहिले मठमन्दिर, देवालय, गुम्बाजस्ता पवित्र ठाउँ सिकाइ तथा पढाइका केन्द्र पनि थिए। त्यहाँ ताम्रपत्र, भोजपत्र, शिलापत्र आदिको निर्माण, सङ्कलन र प्रयोग हुन्थ्यो, त्यसका लागि पढाइन्थ्यो र तिनका बारेमा सिकाइन्थ्यो। नेपालमा पुस्तकालयको औपचारिक इतिहास लिच्छवि राजवंशबाट सुरु भएको मानिन्छ (Sharma, २०१४)। काठमाडौँ उपत्यकामा मल्ल राजवंश छँदा भक्तपुरमा सकोता नामको पुस्तकालय थियो (Thapa, २०१६)। नेपाल एकीकरणसँगै पृथ्वीनारायण शाहले त्यहाँ भएका मूल्यवान्

* *उप-सचिव, नेपाल सरकार।*

पाण्डुलिपि र लिखित कागजात सङ्कलन गरेर हनुमानढोका दरबारमा राखे (Adhikari, २०१०) । यसपूर्व पनि पृथ्वीनारायण शाहले नेपाल एकीकरणका बखतमा आफूले जितेका राज्यका महत्त्वपूर्ण दस्तावेज सङ्कलन गरी दरबारमा राखेका थिए । यिनै सङ्ग्रहलाई सुरक्षित राखी उनका नाति गीर्वाणयुद्धविक्रम शाहले लालमोहरमार्फत दस्तावेज संरक्षण गरी पुस्तकालयको रूप दिए । एक सय चारवर्षे राणाकालमा पुस्तकालय शब्द नै गुप्तवास बस्यो । सन् १९१८ मा त्रिचन्द्र कलेज स्थापना भए पनि यसले पुस्तकालयको सोच बनाएन । सन् १९३० मा महाकवि लक्ष्मीप्रसाद देवकोटासहितको युवा समूहले सरस्वती सदनमा स्थापना गर्ने गरी सरस्वती सार्वजनिक पुस्तकालय स्थापनाको अनुमति माग गर्दा उनीहरूले कारबाही भोग्नुपर्‍यो । यस बेला निजीस्तरमा चाहिँ केसर लाइब्रेरी, भारती भवन पुस्तकालयं, सिंह लाइब्रेरी, धवल पुस्तकालयजस्ता पुस्तकालयचाहिँ सञ्चालित भइसकेका थिए ।

पुस्तकालय उद्योग स्थापनाको आधार पनि हो । नेपालमा बागलुङबासीका काकाका रूपमा परिचित समाजसेवी ओमप्रसाद गौचनले विसं १९९७ मा शिक्षाको माध्यमबाट समाजमा सचेतना फैलाउने उद्देश्यले घरेलु उद्योगको स्थापनाबाट औपचारिक अङ्ग्रेजी शिक्षा र घरबुना कपडा बुन्न सिकाउने तानको व्यवस्था गरेको पाइन्छ । यसमा पुस्तक पढेर उद्योग सिक्न पाउने व्यवस्था थियो । उद्योगको रूपमा जन्मेर पुस्तकालयको रूपमा हुर्केको विद्यामन्दिर पुस्तकालयले वि.स. २००३ सालमा मात्र आफ्नो नाम अरुलाई सुनाउन पायो । यस पुस्तकालयले पुस्तकालयसम्म पुगेर अध्ययन गर्न नसक्ने, बेफुर्सदी गृहिणी, बन्दी जीवन बिताइरहेका कैदीलाई हरेक शनिबार घुम्ती पुस्तकालयको सञ्चालन गरी पढ्ने अवसर दियो यसबाट घरघरमा व्यस्त जीवन बिताउन बाध्य नारीले समेत पुस्तकालयका पुस्तक अध्ययन गरी आफ्नो ज्ञानको क्षेत्र विस्तार गर्ने अवसर पाए ।

सन् १९५० मा राणा शासनको पतन भएसँगै पुस्तकालय प्रसव वेदनाबाट ब्युँझियो र विभिन्न स्थानमा पुस्तकालय स्थापना हुन थाले (Gautam, २००५) ।

पुस्तक पढ्न नपाएर मानिसमा छटपटी भइसकेको थियो । एउटा युवा पुस्तामा पुस्तकको नमेटिने भोक जागिसकेको थियो । अलिकति खुला परिवेश मिल्नासाथ विभिन्न स्थानमा पुस्तकालयको स्थापना हुन थाले । सन् १९५० देखि १९६० को बिचमा सार्वजनिक पुस्तकालयका नाममा पुस्तकालयका धेरै सन्तान जन्मे । सन् १९६० मा निरङ्कुश राजतन्त्रको सुरुवातसँगै फेरि तन्नेरी सामुदायिक पुस्तकालय मुर्झाए । सन् १९९० मा निरङ्कुश राजतन्त्रको अन्त्यसँगै ती फेरि ब्युँझिएर हिँड्न थाले । पुस्तकालय विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग प्राप्त भयो । रुम टु रिड, रिड नेपालजस्ता गैरसरकारी संस्था पुस्तकालय विकासमा अघि सरे । बिस्तारै पुस्तकालयका सरकारी, बाल, शैक्षिक, सामुदायिक, वैदेशिक निकायगत प्रजाति विकास भए । शिक्षण संस्था र समुदायमा पुस्तकालय खुल्न थाले । वैदेशिक नियोग र कूटनीतिक नियोगले पनि पुस्तकालय सञ्चालन गरे । अमेरिकी पुस्तकालय, ब्रिटिस काउन्सिल लर्निङ सेन्टर, नेपाल भारत सांस्कृतिक केन्द्रमा पुगेर पनि मानिसले पुस्तकका पानामा पौडिन पाए । अन्धकारमा निस्सासिएको अघिल्लो पुस्ताको पीडा सम्झँदै पछिल्लो पुस्ताले पुस्तकका पानामा हर्षका आँसु चुहाए ।

सन् १९५९ मा त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय नेपालकै ठुलो पुस्तकालयको रूपमा स्थापना भयो (TU Annual Report, २०१०) । करिब १२०० पुस्तकसहित स्थापना भएको त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय नेपालकै ठुलो पुस्तकालयको रूपमा हलक्क सप्रियो । यसले प्राध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थी र पुस्तकमा रुचि राख्ने अन्यलाई आफ्नो परिसरमा तान्यो । युएन, नेपाल कलेक्सन, जेनेरल, आइ.टी., रेफरेन्स सेक्सन बनाउँदै यसले नयाँ पुस्तालाई स्वागत गर्‍यो । मानिसको नयाँ पुस्ताले पुस्तकालयको नयाँ पुस्तासँग साक्षात्कार गर्न पायो ।

### ३. महत्त्व

पुस्तकालय विद्याको सागर, ज्ञानको भण्डार र सिकाइको प्रयोगशाला हो (Rijal, २०१८) । भौतिक तथा भर्चुअल पुस्तक, पत्रपत्रिका, श्रव्यदृश्य सूचनासँग प्रत्यक्षीकरण गर्दै ज्ञान र सिपको विस्तार गर्न सकिन्छ । मानव समाजमा पुस्तैनी ज्ञानको हस्तान्तरण हुन्छ र रैथाने ज्ञान, सिप बचिरहन्छ । पुस्तकालयमा भौतिक तथा अभौतिक र मूर्त वा अमूर्त रूपमा ज्ञानको प्रवाह भइरहन्छ र पुस्तौँ पुस्तासम्म ज्ञान र सिप जीवित रहन्छ (Nepal Library Association, २०७५) । पुस्तकालयलाई नै प्रयोग गरेर खोज अनुसन्धानको विस्तारित मार्ग खडा गरी आफ्नो ज्ञान, धारणा, दृष्टिकोणको परीक्षण र परिमार्जन गर्न सकिन्छ । ज्ञान आर्जनको प्रयोगशालाको रूपमा उपयोग गरेर सिकाइको तृष्णा मेट्न सकिन्छ । शोध र खोजलाई साथी बनाएर नवीन ज्ञानलाई जन्म दिन सकिन्छ ।

पुस्तक तथा पत्रपत्रिकामा लगानी गर्ने आर्थिक स्रोत सीमित भएका पाठकका लागि पुस्तकालय कल्पवृक्ष हो । न्यून खर्चमा आफ्नो रुचि र आवश्यकताअनुसारका पुस्तक, पत्रपत्रिका, लेख रचना अध्ययन गर्न चाहनेका लागि पुस्तकालय सेवक हो । पुस्तकालय आर्थिक व्यय भार घटाएर ज्ञानको अर्थतन्त्रलाई बढाउने कुशल अर्थशास्त्री हो (Bhattarai, २०२२) ।

सिकाइको सिद्धान्त र सामाजिक मूल्य मान्यता सिकाउने आत्मप्रशिक्षक हो । पुस्तकालयमा पुस्तक र पत्रपत्रिकालाई

वैज्ञानिक पद्धतिअनुसार व्यवस्थापन गरिन्छ। पुस्तकालयभित्रको वातावरण सफा र शान्त हुन्छ। पुस्तकालयमा उपलब्ध हुने पुस्तक, इन्टनेट सुविधा र शान्त वातावरणले मनोरञ्जन र विश्रामको अवसर दिन्छ (Shrestha, २०७७)। यो हाम्रो कल्पनाको स्वर्गीय आनन्द हो। पुस्तकालय हरेक पुस्ताका मानिसलाई आनन्द र सन्तुष्टि दिने लौकिक अलौकिक दुवै शक्ति हो। भौतिकवाद र अध्यात्मवादको एकीकरण हो। विश्वव्यापीकरण, स्थानीयकरण र आत्मसात्करणलाई जोड्ने पवित्र त्रिवेणी हो।

पुस्तकालयमा विभिन्न उमेर समूह, समुदाय, धर्मका मानिसको सामूहिक सहभागिता हुन्छ। यसले सामाजिक वातावरणलाई मैत्रीपूर्ण बनाउँछ। विभिन्न जाति, समुदाय र धर्मका मानिसबिचको अन्तरसम्बन्ध दिगो सामाजिक तथा सांस्कृतिक वातावरण निर्माणको आधार बन्छ। पुस्तकमा लेखिएका विषयको अनुभव र अनुभूति दर्शन र योजनाका पाना बन्छन्। पुस्तकले प्रस्तुत गरेको अभिव्यक्ति भावी पुस्ताका लागि विकासको लहर बन्छ। संसार बन्दुकको नालबाट भन्दा पुस्तकका पानाबाट परिवर्तन भएको छ। पुस्तक परिवर्तनको बिउ हो भने पुस्तकालय एक सुन्दर वाटिका हो। हरित वनकुञ्ज सबै उमेर र पुस्ताका मानिसका लागि शीतलता र आनन्द प्राप्तिस्थल हो। यसैले पुस्तकालय सबै पुस्ताको साझा सम्पत्ति हो र पुस्तौँ पुस्ताका लागि आवश्यक छ। पुस्तकालयको कार्य र स्वरूप परिवर्तन हुनसक्ला तर यसको मानसस्वरूप पुस्तौँ पुस्ता परिवर्तन हुन सक्दैन।

पुस्तकालय बालबालिका, युवा, वयस्क र ज्येष्ठ नागरिकका लगि फुर्सदको समय सदुपयोग गर्ने स्थल र माध्यम हो। नयाँ कुरा सिक्न र सिकेका कुरा सिकाउन राम्रो पाठशाला हो। विद्यार्थी, शिक्षक, शोध तथा खोजकर्ताको गतिशील समय हो। कम्प्युटर तथा विद्युतीय सामग्रीको उपलब्धता हुने भएकाले पुस्तकालय विश्वव्यापी बहस र सन्दर्भलाई स्थानीयकरण गरेर आत्मविकास गर्ने उत्तम उपाय हो।

## ४. उपयोग

पुस्तकालयमा उपलब्ध हुने पुस्तक, कम्प्युटर तथा अन्य विद्युतीय स्रोतमार्फत आधुनिक सूचनाप्रविधिको क्षेत्रमा पहुँच बढाई ज्ञान आर्जन गर्न सकिन्छ (ALA, २०२०)।

यस्ता स्रोतले ज्ञान र सिपको परिधि विस्तार गरी आयआर्जन क्षमता बढाउँछन्। पुस्तकालयका ज्ञानस्रोत कला, सिप र क्षमता अभिवृद्धिका प्रभावकारी माध्यम हुन्। यो आफन्त र साथीभाइ भेट्ने र अध्ययन गर्ने उपयुक्त थलो पनि हो। यहाँ विभिन्न समयमा आफूले अध्ययन गरेको पुस्तक, लेख रचना आदिको बारेमा छलफल गरी निष्कर्ष निकाल्न पाइन्छ (Thapa, २०१९)। यो हजुरबा पुस्ताले नाति पुस्तालाई अनुभव प्रदान गर्ने ठाउँ पनि हो। पुस्तकालयमा पुस्तक मात्र बोल्दैनन्, पुस्तकभित्रबाट अघिल्ला पुस्ताका अनुपम अभिव्यक्ति पनि बोलिरहेका हुन्छन्।

ऐतिहासिक पुस्तक, लेखरचना आदिको अभिलेख र संरक्षण हुने भएकाले पुस्तकालयमा आफूलाई चाहिएको सामग्री सजिलै भेट्न र प्रयोग गर्न सकिन्छ। पढाइको परीक्षा होस् या जीवनको परीक्षा, दुवैमा पुस्तकालय उपयोगी हुन्छ। पुस्तकालयलाई खोज, अध्ययन र सिकाइ स्रोतको रूपमा बहुउपयोग गर्न सकिन्छ। आफ्नो समुदाय, विद्यालय र कलेजमा रहेको पुस्तकालय परिवारको सदस्यझैँ हुन्छ जसले सधैँ सद्‌विचार मात्र प्रवाह गरिरहन्छ। पुस्तकालय संस्कृति, दर्शन, कला, भाषा, धर्म, साहित्य, सङ्गीत, राजनीति, इतिहास, भूगोल, स्वास्थ्य विज्ञान, व्यवस्थापनका आदिको सङ्गम हो (न्बगतक, २००५)। यसैले यो कहिल्यै पुरानो हुँदैन, सधैँ नवीनता थपिरहन्छ। हरेक पुस्तामा जीवन्त रहिरहने पुस्तकालय पिपलझैँ दीर्घजीवी छ र ज्ञान, सिप, मूल्य, अभिवृत्ति र तत्परताको दीक्षा दिइरहन्छ।

आजको प्रविधिको युगमा पुस्तकालय विद्या, ज्ञान प्राप्तिको मुख्य माध्यम भएकाले यसले मानिसहरूलाई सत्य सिकाउँछ र सोझो हिँडाउँछ। पुस्तकका अर्थपूर्ण ज्ञानलाई मनन र धारण गर्दा लक्ष्यमा पुगिन्छ पुस्तकालय पढेर नाम कमाउने र प्रयोग गरेर दाम कमाउने माध्यम हो। यो पुस्ता सुधार र सुदृढीकरणको वैज्ञानिक उपकरण हो।

मानिस सभ्य, सुसंस्कृत भएपछि परिवर्तनका लागि अहोरात्र खटिइरहन सक्छ। परिवर्तनकारी मानिसले आनीबानी र व्यवहार परिवर्तनबाट सामाजिक सुधार ल्याउँछ। पुस्तकालय औपचारिक वा अनौपचारिक दुवै किसिमको शिक्षाको मेरुदण्डको हो, जसले मानिसलाई सभ्य बनाउँछ। समाजमा पुस्तकालय स्थापना गरी सबै नागरिकले प्रयोग गर्न र महत्त्व बुझ्न सकेमा ज्ञान हासिल गर्न, मानसिक जागरण ल्याउन, परिश्रम गर्ने बानीको विकास गर्न र देश अगाडि बढाउन तथा समस्याको निवारण गर्न सकिन्छ।

जीवन एउटा सिकाइ हो र सिकाइ निरन्तर चलिरहन्छ सिकाइका लागि पुस्तकालय महत्त्वपूर्ण अङ्ग हो। विश्वका दार्शनिक, राजनीतिक विचारक, चिन्तकले औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा लिएर जीवनलाई बुझ्ने र जीवन परिवर्तनको मार्गदर्शन गर्न र गराउन विभिन्न पुस्तक पढ्ने र लेख्ने गरेका छन्। यी सबै क्रियाकलापका लागि पुस्तकालय अत्यन्त महत्त्वपूर्ण छ। मानिसको जीवन परिवर्तनको आधार पुस्तकालय हो। जीवनलाई सभ्य बनाउन, जीवन र राष्ट्रको बागडोर सहज रूपमा चलाउन पुस्तकले निखारपन ल्याउँछ। यस दृष्टिले वर्तमान समय र नयाँ पुस्तामा पुस्तकालयको भूमिका दिनप्रतिदिन थपिँदै गएको छ। पौराणिक ज्ञान, दर्शन, कला, साहित्य, सङ्गीतलगायतका

महत्त्वपूर्ण अध्ययन अनुसन्धानका लागि पनि पुस्तकालय अभिन्न अङ्ग बनेको छ।

ज्ञान त सबैको साझा हो तर कहिलेकाहीँ ज्ञानको चोरी हुन सक्छ। अभिभावकले र सन्तानले एउटै कुरा जानेका हुन्छन् तर सन्तानले आमाबाट सिकेका कुरा कहिल्यै ढाँट्दैनन् । पुस्तकबाट सिकेका कुरा पनि ढाँट्नु हुँदैन । जसको जुन पुस्तकबाट जे कुरा सिकिएको हो त्यसको स्रोत उल्लेख गरेरै सम्मान गर्नुपर्छ । पुस्तकालयले मानिसलाई यो बौद्धिक सम्मान गर्न पनि सिकाउँछ। बौद्धिक चोरी नगरी सामग्रीको व्यवस्थित प्रयोग गरेर लेख्दा लेखकको दक्षता बढ्छ। यस्ता पुस्तक पढ्दा लेखकीय र पाठकीय क्षमताको सम्मान हुनुका साथै मौलिकपनको विकासमा टेवा पुग्छ । यो व्यवहारले एक पुस्ताबाट अर्को पुस्तामा पुस्तक पढ्ने बानी पनि पुस्तैनी रूपमा सर्दै जान्छ। अरुलाई सम्मान गर्ने मात्र नभई अरूबाट सिक्ने, आफूले काम र कार्यकलाप गर्दै सिक्ने, गल्तीबाट सिक्ने अवसर पनि पुस्तकालयले नै दिन्छ । यसप्रति सबैको समयमै ध्यान पुग्न सके पुस्तकालय जीवनको आधार बन्छ। सिक्ने सिकाउने काममा पुस्तकालयले हामी सबैको सपना साकार पार्दै अघिल्लो पुस्तालाई पनि बाँच्ने र जीवनयापन गर्ने आधार प्रदान गर्छ।

पुरानो पुस्ताले भन्दा नयाँ पुस्ताले नौला र नवप्रवर्तनात्मक ज्ञानको खोजी गर्छ । यसका लागि भइरहेका पुस्तकालयको स्तरवृद्धि आवश्यक छ । हिजो पाना पल्टाउने औँलाले आज किबोर्डका कि थिचेर सिक्न खोज्छन् । अब हामीलाई पनि प्रदेश, पालिका र आफ्नै गाउँमा औँला थिचेर सिक्ने पुस्तकालय चाहिएका छन् । त्यहाँ सबै किसिमका पुस्तक र ऐतिहासिक महत्त्वपूर्ण दस्तावेजको संरक्षण पुऱ्याउने, संरक्षण गर्ने पहुँच बढाउने योजना चाहिएका छन्। ऐतिहासिक क्षेत्र, जातजाति, भाषा, धर्म संस्कृति आदिको पहिचान झल्कने किसिमका अध्ययन अनुसन्धान गरी लेखिएका पुस्तक चाहिएका छन् । हामीले गरेको कामबाट नयाँ पुस्ताले केही सिक्ने ठाउँ भएका, सिक्ने उत्प्रेरण बढाउने र पुस्तक पढ्ने संस्कृति विकास गर्ने खालका पुस्तकालय चाहिएका छन् ।

### ५. मेरो सोच

सदस्य जति भए पनि परिवार हुन्छ, जनसङ्ख्या जति भए पनि अर्को पुस्ता आइ नै हाल्छ र पहिलो पुस्ता अस्ताउँदै जान्छ। पुस्तकालय सानो वा ठुलो जत्रो भए पनि त्यसमा पुस्तक हुन्छन् । शान्तिमय परिवार सुन्दर भएजस्तै उत्तम पुस्तकालय त्यो हो जहाँ पाठकको भिड हुन्छ । असल पुस्तकालय त्यो हो जहाँ सबै उमेर समूहका मानिसका लागि मिल्दा टेबल, कुर्सी, पिरा, गुन्द्री, गजेरा वा कार्पेट राखिएको हुन्छ। मानिसले बसाइ र सिकाइ सहजता पाउँछन्।

पुस्तकालयमा सहजै किन्न र पाउन नसकिने विश्वकोश, शब्दकोश, एटलस आदि हुन्छन् । यी सामग्री सधैँ चाहिँदैन तर यिनको विशेष मूल्य हुन्छ। यस्ता सामग्रीले एउटा पुस्तालाई अर्को पुस्तासँग जोडिरहेका हुन्छन् । आफ्ना कैयौँ पुस्ताअघिका लेखक वा आफ्ना पुर्खाका बारेमा लेखिएका पुस्तक पढ्न पाउँदा सबैलाई आनन्द लाग्छ । प्लेटोका अहिलेका पुस्तालाई प्लाटो रिपब्लिक पढ्दा, गोर्कीको आधुनिक पुस्तालाई आमा पढ्दा वा भानुभक्तका सन्तानलाई उनकै पालामा प्रकाशित रामायण अहिले पढ्दा कति गर्व लाग्दो हो। यो पुस्तकालयले जोडिदिने पुस्ता मिलनको अवसर हो। पुस्तौँ पुस्ताका लागि पुस्तकालय चाहिन्छ भन्ने निष्कर्ष हो।

कसैलाई मानिस, ठाउँ र वस्तुहरूका बारेमा लेखिएका पुस्तक पढ्न मन लाग्छ। कसैलाई कथा, कविता उपन्यास र आख्यान पढ्न मन लाग्छ । कसैलाई पुस्तकालयका धेरैभन्दा धेरै पुस्तक पढेर भाषा राम्रो पार्न, आनन्द लिन र रचनात्मक कल्पना शक्ति बढाउन मन लाग्छ । कसैलाई आफ्नै भाषामा रूपान्तरण भएका विश्वप्रसिद्ध पुस्तक पढ्न मन लाग्छ । पुस्तकालयले यी सबैका रुचि र आवश्यकता एकै ठाउँमा र सधैँ पुरा गरिरहन्छ। पुस्तकालयले पुस्तौँ पुस्तासम्म सबैको इच्छा र आवश्यकता पुरा गरिरहन्छ। पुस्तकालय सबै पुस्ताको इच्छादायिनी शक्ति हो । पुस्तकालयमा विश्व ज्ञानकोश, शब्दकोश, एटलस, म्याप, स्टोरेज डिभाइस, साहित्य, कला, सङ्गीत, नृत्य, हस्तकला तथा संस्कृतिका बारेको जानकारी दिने असङ्ख्य सम्पदा हुन्छ, अजर र अमर ज्ञानराशि हुन्छ। यसैले पुस्तकालय अर्को पुस्तालाई पनि चाहिन्छ भनेर स्थापना गरिन्छ।

समाचारपत्र, नक्सा, फ्लिपचार्ट, पोस्टर, श्रव्यदृश्य सामग्री, विद्यार्थीहरूको मातृभाषामा लेखिएका पुस्तक, पुराना पुस्तक, नयाँ पुस्तक आदि सबैलाई सुव्यवस्थित ढङ्गले राखिएको हुन्छ। पाठकले उमेर, रुचिक्षेत्र, पठन क्षमताका आधारमा पढेर, सुनेर, हेरेर, छोएर ज्ञान लिन सक्छन् । पुस्ताकालय विविधताको सम्बोधन र समावेशिताको उदाहरण हो।

पुस्तकालय ज्ञान, मानवीय मूल्य र मानव सभ्यताको एउटा चित्रसङ्ग्रह हो । पुस्तकालय बौद्धिक निर्माणको आधारशिला, मानसिक शुद्धीकरणको स्वच्छता, सभ्यता र संस्कृतिको अमूल्य सम्पत्ति हो । शिक्षक, विद्यार्थी, प्रशासक, अनुसन्धानकर्ताको पथप्रदर्शक हो । देशको कला संस्कृति, शिक्षा, विकासको पौरख गर्ने आधार पनि पुस्तकालय नै हो। सूचना चाहिने व्यक्तिलाई एक बिरामीसरह र पुस्तकालय अस्पतालसरह हुन्छ भने पुस्तकलाई चाहिँ रोग निको पार्ने औषधीसरह मानिन्छ।

शिक्षा जीवन परिवर्तनको आधार हो । शिक्षामा गुणस्तरीयता र प्रभावकारिता, भौतिक तथा मानवीय स्रोतसाधनको व्यवस्थापन र नीति तथा योजना निर्माणमा कुनै न कुनै रूपमा पुस्तक र पुस्तकालय समावेश हुन्छ। जनशक्ति विकास, शिक्षणसिकाइ, कार्यसम्पादन,

कार्यकलाप कार्यान्वयन, समन्वय, नवप्रवर्तनजस्ता पक्ष पुस्तकमै केन्द्रित हुन्छन्\ । यसर्थ पुस्तको सङ्ग्रह पुस्तकालय असल मानव सिर्जना गर्ने एक शक्तिशाली कारखाना पनि हो । पुस्तक र पुस्तकालय प्रयोगका लागि हुन्छन् । प्रत्येक पाठकको आफ्नो पुस्तक हुन्छ र प्रत्येक पुस्तकको आफ्नो पाठक हुन्छ । पाठकको समय बचाउनु पुस्तकालयको सामर्थ्य हो । यसैले पुस्तकालय सन्तानदरसन्तान बढिरहेजस्तै बढिरहनुपर्छ। यी पुस्तकालयका मुख्य पाँच सिद्धान्तले पुस्तौँ पुस्ता मानिसले पुस्तकालयमा बिताउनुपर्छ र यसलाई देवस्थलजत्तिकै पवित्र मान्नुपर्छ भन्ने सन्देश दिन्छन् ।

## ६. निष्कर्ष

पुस्तकालय मानवको उत्तम गहना, दिव्य चर्मचक्षु वा मानवको शोभा हो । विद्याविहीन पशुभी समानः भन्ने शास्त्रोक्ति पुस्तकालयको निरन्तरतासँग सम्बन्धित छ किनकि पुस्तकालय नै विद्याआर्जनको उत्तम पाठशाला हो (Smith, २०१८)। विद्याआर्जनको क्रम सृष्टिदेखिको निरन्तरता हो र यसको अन्त्य छैन । यो साक्ष्य हेर्ने हो भने मानव अस्तित्व रहुन्जेल पुस्तकालय रहनुपर्छ। शिक्षा मानवलाई जीवनपर्यन्त सही मार्गदर्शन गर्ने साधन हो, पुस्तकालय शिक्षालाई गुणस्तरीय बनाउने साध्य हो (Kumar, २०१६) । पुस्तकालय त औपचारिक, अनौपचारिक र अनियमित शिक्षाको भरपर्दो माध्यम र मानवको सभ्यता विकासको सिँढी हो । पुस्तकालय अनौपचारिक शिक्षाको त मुख्य केन्द्र नै हो। पाठकहरूले पुस्तकालयबाट शैक्षिक एवम् सामुदायिक लाभ दिन सक्छन् । शैक्षिकभन्दा सामुदायिक पुस्तकालयको महिमा र गरिमा बढी हुन्छ । मानवका लागि सामुदायिक पुस्तकालय खुला विश्वविद्यालय हो । पुस्तकालय सबै सबैको लागि मात्र होइन सबै पुस्ताका लागि उपयोगीसिद्ध हुन्छ । पुस्तकालय सबै पुस्ताका लागि उपयोगी हुन्छ र यसले समाज रूपान्तरणमा ठुलो भूमिका खेल्छ (Nepal Library Association, २०७५) .

पुस्तकालयको विकास नयाँ समाजको विकास हो। सूचना ज्ञान र सिपको विकासका लागि पुस्तकालय आवश्यक छ। समृद्ध नेपाल निर्माणमा लागि पुस्तकालय विकास हुनुपर्छ र एयरपोर्टमा लाग्ने भिड पुस्तकालयमा लाग्नुपर्छ । धूम्रपान र मद्यपानको संस्कृतिका सट्टा पुस्तकालय जाऔँ, पढ्ने बानी बसालौँ भन्ने संस्कार विकास गर्नुपर्छ र केक काटेर जन्मदिन मनाउने संस्कारलाई जन्मदिन, बिहे र विशेष कार्यक्रममा पुस्तक उपहार दिने संस्कारमा परिणत गर्नुपर्छ । हामीले एक गाउँ एक पुस्तकालय, एक विद्यालय एक पुस्तकालय भन्ने नारा घन्काएको दशकौँ भयो अब विद्यालय खोल्ने आधारका रूपमा पुस्तकालयको स्थापनालाई लिनुपर्छ । पुस्तकालयको विस्तार, सभ्य समाजको आधार हो । पुस्तकलाई माया गरेर नै पुस्तकालयको विकास गर्न सकिन्छ । जीवनपर्यन्त शिक्षाका लागि त पुस्तकालय मुख्य साधन हो । एक स्थानीय तह एक नमुना पुस्तकालय बनाउन सके पनि जीवनपर्यन्त शिक्षा सार्थक हुँदै जान्छ । समृद्ध पुस्तकालय सुदृढ समाजको जग हो । पुस्तकालयको विकास र विस्तार पठन सस्कृतिको पूर्वाधार पनि हो । समाज रूपान्तरण गर्नु छ भने राजनीतिज्ञका आँखा र योजनाकारका डोबमा पुस्तकालय पर्नुपर्छ ।

**References**


Adhikari, M. (2010). History of Libraries in Nepal. Kathmandu: Nepal Historical Society.

American Library Association (ALA). (2020). Library Trends and Services. Chicago: ALA Publications.

Bhattarai, S. (2022). Role of Libraries in Knowledge Economy. Kathmandu: Educational Publishers.

Gautam, R. (2005). Public Libraries and Social Development. Kathmandu: Social Science Review.

Johnson, L. (2017). Ancient Libraries of the World. New York: History Press.

Kumar, P. (2016). Information Science and Library Management. Delhi: Academic Press.

Nepal Government. (2069). पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका. Kathmandu: Ministry of Education.

Nepal Library Association. (2075). पुस्तकालयको महत्त्व र विकास. Kathmandu: NLA Publications.

Rijal, S. (2018). Libraries as Learning Laboratories. Kathmandu: Knowledge Publishers.

Sharma, K. (2014). Ancient History of Nepalese Libraries. Lalitpur: Cultural Heritage Foundation.

Shrestha, P. (2077). Library Services in Nepal. Kathmandu: National Library.

Smith, J., & Jones, R. (2015). Library History: A Global Perspective. London: Library Press.

Smith, L. (2018). Preserving Knowledge: The Role of Libraries. Boston: Academic Publishers.

Thapa, B. (2016). Cultural History of Nepal. Kathmandu: Heritage Books.

Thapa, R. (2019). Virtual Libraries and Digital Resources. Kathmandu: Tech Publishers.

TU Annual Report. (2010). Tribhuvan University Library Development. Kathmandu: TU Press.

UNESCO. (2018). World Heritage: Ancient Libraries. Paris: UNESCO Publishing.

UNESCO. (2019). Public Libraries and Social Inclusion. Paris: UNESCO Publications.

# शिक्षा मन्त्रालयमा आठ वर्ष



**यादवचन्द्र निरौला***

## १. विषय प्रवेश

संस्थागत रूपमा पुस्तकालय (चित्ताइ तहवील) स्थापना गर्न राजा गीर्वाणयुद्ध विक्रम शाहले जारी गरेको लालमोहर जारी गरेको दिन सम्वत् १८६९ साल भाद्र शुदि ६ (भदौ १५ गते शुक्रबार) का दिन पण्डित केदारनाथ झालाई जिम्मेवारी दिएको दिनलाई नेपालको पुस्तकालय प्रणाली स्थापना गर्नका लागि चालिएको कदमलाई प्रस्थान विन्दू मानिन्छ। यसपछि वि.सं. १९०४ सालमा चित्ताइ तहविलमा रहेका पुस्तक थापाथली दरबारमा सारियो। वि.सं. १९१० मा दरबारस्कूलको स्थापना हुँदा चित्ताइ तहबिलबाट ल्याइएको सोही पुस्तकालयलाई दरबार स्कूलको पुस्तकालयका रूपमा परिणत गरियो। वि.सं. १९१५ मा डिपार्टमेन्ट अफ पब्लिक इन्स्ट्रक्सन (शिक्षा विभाग) को स्थापना भएपछि सम्भवतः त्यही निकायले पुस्तकालय पनि हेरेको हुनुपर्छ। विक्रम सम्वत् २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि शिक्षा, मन्त्रालयको गठन भयो। हालसम्म यसको नाम पटक पटक परिवर्तन भएको (२०१७ सालसम्म शुरुमा शिक्षा, स्वास्थ्य र स्वायत्त शासन विभाग, २०१७ पछि शिक्षा मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा मन्त्रालय र हाल शिक्षा, विज्ञान तथा प्रविधि) पाइन्छ। मन्त्रालयको गठन भएपनि लामो समयसम्म पुस्तकालय हेर्ने बेग्लै शाखा थिएन। पुरातत्व विभागको स्थापना पछि पुस्तकालयहरु हेर्ने काम पनि विभागबाटै भएको पाइन्छ। शिक्षा तथा संस्कृति मन्त्रालय रहँदासम्म नेपाल राष्ट्रिय पुस्तकालय र केसर पुस्तकालय पुरातत्व विभागअन्तर्गत रहेका थिए भने सामुदायिक पुस्तकालय, सार्वजनिक पुस्तकालय र विद्यालय पुस्तकालयको हकमा जिल्ला शिक्षा कार्यालयबाटै हेरिन्थे। उच्च शिक्षाका पुस्तकालयको हकमा मन्त्रालयको उच्च शिक्षा शाखाले नै हेर्दथ्यो। समग्र पुस्तकालयहरु हेर्नका लागि बेग्लै महाशाखा हुनुपर्छ भनेर पटकपटक सरोकारवालाबाट आवाज उठे पनि शिक्षा तथा खेलकुद मन्त्रालयको स्थापनापछि भने सम्वत् २०६२ सालमा पुस्तकालय समन्वय शाखाको स्थापना गरियो।

## २. सरकारी सेवा प्रवेश

मेरो जन्मथलो खाँदवारी नगरपालिकामा रहेका तीनवटा विद्यालयबाट एसएलसीसम्मको अध्ययन पुरा गरैं। खाँदवारीमै रहेको बरूण क्याम्पसमा आइए दोस्रो वर्षमा अध्ययनरत रहँदा प्राथमिक शिक्षकका रूपमा संखुवासभाकै दुर्गम विद्यालय श्री सिद्धार्थ प्रा.वि, इथुम्बुमा नियुक्ति भएर सरकारी सेवामा प्रवेश गर्ने पहिलो अवसर प्राप्त भयो। वि. सं. २०४८ साल चैत ३ गतेदेखि करिब डेढ वर्ष शिक्षकका रूपमा सेवा गरैं। स्थायी परीक्षामा असफल भएपछि आइए दोस्रो वर्षको परीक्षा दिएर २०५० साल कार्तिकमा पहिलो पटक हवाइजहाज चढेर मामा वासुदेव ढकालको साथ लागेर काठमाडौं झरेपछि साइकलको दर्शन गरैं।

२०५४ सालको जेठ महिनामा गोरखापत्र दैनिकमा प्रकाशित सूचना पछ्याउँदै पहिलोपटक त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय पुगेर ३५ दिने पुस्तकालय तथा सूचना विज्ञान तालिममा सहभागी भएँ। पुस्तकालय विज्ञानको तालिमले पुस्तकालय विज्ञानमै थप अध्ययन गर्ने भोक जगाइदियो। यसैविचमा लोकेवाको अन्तर्वार्ताबाट रा.प.अनं. तृतीय श्रेणी नेपाल हुलाक सेवाको मुखिया पदमा सिफारिस भएर नुवाकोट पदस्थापना भएसँगै निजामती सेवाको यात्रा प्रारम्भ भयो। पुस्तकालय विज्ञानमा स्नातक भएपछि त्रिवि केन्द्रीय पुस्तकालयको सहायक लाइब्रेरियन पदमा नियुक्त भएँ। सहायक लाइब्रेरियन पदमा जागिर खाएको केहि समयपछि लोक सेवा आयोगले पुस्तकालय अधिकृत पदको विज्ञापन गर्यो। २ जना चाहिनेमा १ नम्बरमा नाम निकालेर दोस्रो पटक निजामती सेवामा प्रवेश गरैं। नियुक्ति लिँदा वन अनुन्धान केन्द्रमा पदस्थापन हुन्छ भनेको थियो सामान्य प्रशासन मन्त्रालयले तर सेवा समूह सञ्चालन गर्ने शिक्षा मन्त्रालयले शैक्षिक जनशक्ति विकास केन्द्रको पुस्तकालय अधिकृत पदमा पदस्थापना गर्यो। दुईपटक गरेर करिव नौ वर्ष शैक्षिक जनशक्ति विकास केन्द्रमा, एक वर्ष जनस८्या तथा वातावरण मन्त्रालयमा सेवा गरेपछि रा.प.द्वि. श्रेणीको नेपाल राष्ट्रिय पुस्तकालयको प्रमुख पदमा लोक सेवा आयोगको सिफारिस पश्चात वि.सं. २०६८ असार १६ गते नियुक्ति

---

* *प्रमुख, केसर पुस्तकालय तथा डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय।*

लिएँ। नेपाल राष्ट्रिय पुस्तकालयमा कार्यरत रहेकै समयमा २०७२ को विनासकारी भूकम्पको मार थेग्नुपर्‍यो । आफ्नै नेतृत्वमा त्यतिबेलाको अवस्थामा पनि पुस्तक सुरक्षित साथ स्थानान्तरण गर्न सकियो। राष्ट्रिय पुस्तकालयमा करिब साढे पाँचवर्ष सेवा गरेपछि मेरो सरूवा शिक्षा (विज्ञान तथा प्रविधि) मन्त्रालयको पुस्तकालय समन्वय (तथा अभिलेख) शाखामा भयो जहाँ वि.सं. २०७३ मंसिर ९ गतेदेखि २०८१ मंसिर १ गतेसम्म करिब आठ वर्ष सेवा गर्ने अवसर प्राप्त भयो। यो आलेखमा सो अवधिमा सम्पादन गरेका काम र गर्न नसकेका कामको सङ्क्षिप्त चर्चा गरिएको छ।

### ३. पुस्तकालय समन्वय तथा अभिलेख शाखा

माथि नै उल्लेख गरिसकियो पुस्तकालय समन्वय शाखाको स्थापना वि.सं. २०६२ सालमा भयो भनेर। स्थापना हुँदा नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव वा सो सरहका कर्मचारीले शाखा प्रमुखको जिम्मेवारी निर्वाह गरेको पाइन्छ। मन्त्रालयमा सबैभन्दा कम आकर्षणको शाखा भएकाले हुनुपर्छ, शुरुका केही वर्ष यो शाखाको नेतृत्व गर्नेहरु कि त बढुवा हुनै लागेका, कि त शारीरिक तथा पारिवारिक अप्ठेरोका कारण काठमाडौं बस्नै पर्ने, कुनै ठोस काम नगरी दिन कटाउन पाइने शाखा कुन छ भनेर खोजी गर्नेको रोजाइमा मात्र परेको देखिन्छ।

वि.सं. २०६८ तिर पुण्यप्रसाद घिमिरे शाखा प्रमुख भएर आएपछि उहाँको संयोजकत्वमा पुस्तकालय व्यवस्थापन निर्देशिका बन्यो। विद्यालय पुस्तकालयमा कार्यरत शिक्षक तथा पुस्तकालय हेर्ने कर्मचारीहरुका लागि धुलिखेलमा एक हप्ते पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन भयो । केही पुस्तकालयहरुको अनुगमन गरी अनुदान समेत वितरण भयो। यो कामलाई नबराज खतिवडाको समयमा पनि निरन्तरता दिइयो। मुलुकभर सञ्चालनमा रहेका सार्वजनिक तथा सामुदायिक पुस्तकालयको राष्ट्रिय सम्मेलनको आयोजना गर्ने कुरा उठेको थियो तर भएन। विचमा केही समय नेपाल प्रशासन सेवाका राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीले पनि यो शाखाको नेतृत्व गरेको देखिन्छ। निजामती सेवा ऐन, २०४९ को दफा २४घ अनुसार स्वतः बढुवामा नेपाल शिक्षा सेवा पुस्तकालय विज्ञान समूहमा पनि ८ जनाको दरबन्दी सिर्जना भएपछि सोको व्यवस्थापन गर्न वि.सं. २०७० सालदेखि मात्र नेपाल शिक्षा सेवा पुस्तकालय विज्ञान समूहको उपसचिव वा सो सरहको कर्मचारीले यो शाखाको नेतृत्व गर्न थालेको पाइन्छ।

#### क. स्थापनाकालदेखि हालसम्म कार्यरत कर्मचारी विवरण

**उपसचिव**

१. दामोदर गौली (नेपाल शिक्षा सेवा)
२. मायादेवी सिटौला (नेपाल शिक्षा सेवा)
३. सुभद्रा कुमारी के.सी. (शिक्षा सेवा)
४. रामकृष्ण सुवेदी (शिक्षा सेवा)
५. निरा शाक्य (शिक्षा सेवा)
६. योगेन्द्र बहादुर बस्नेत (शिक्षा सेवा)
७. राजन खनाल (प्रशासन सेवा)
८. विष्णुप्रसाद शर्मा (प्रशासन सेवा)
९. पुण्यप्रसाद घिमिरे (शिक्षा सेवा)
१०. नवराज खतिवडा (शिक्षा सेवा)
११. दशरथ मिश्र (शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह)
१२. उपेन्द्रप्रसाद मैनाली (शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह)
१३. यादवचन्द्र निरौला (शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह)
१४. प्रेमराज अधिकारी (शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह)

**शाखा अधिकृत**

१. ओमकुमार श्रेष्ठ (प्रशासन सेवा)
२. बाबुराम काराखेती (शिक्षा सेवा)
३. मुकुन्दप्रसाद भट्टराई (प्रशासन सेवा)
४. तुलसी प्रसाद भट्टराई (शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह, काजमा )
५. अमृता अधिकारी (शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह)

**नायब सुब्बा**

१. मुकुन्द प्रसाद भट्टराई (प्रशासन सेवा)
२. अमुल्य नारायण कण्ठ (शिक्षा सेवा, पुस्तकालय विज्ञान समूह)

विगतमा शाखाकै लागि मात्र भनेर कुनै कार्यालय सहयोगी तोकिएको थिएन। वि.सं. २०७७ सालको कोभिडपछि शाखालाई चौथो तलाबाट साविक युनेस्कोका निमित्त राष्ट्रिय आयोगको सचिवालय सरेपछि सो स्थानमा स्थानान्तरण गरेपछि कार्यालय सहयोगी अनिता कार्की, भवानी दाहाल र हाल हिरा बरामले सेवा दिइरहनु भएको छ। हलुका सवारी चालकमा भने शुरुमा जीवेन्द्र महर्जन, त्यसपछि पुष्प महर्जन र हाल रमेश बोटे कार्यरत रहेको अवस्था छ।

### ५. शाखाको कार्यविवरण

वि.सं २०७४ सालअगाडि शिक्षा मन्त्रालय रहँदा शाखाको नाम पुस्तकालय समन्वय शाखा थियो। मन्त्रालयको नाम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय भएपछि शाखाको पनि नाम परिवर्तन गरी पुस्तकालय समन्वय तथा अभिलेख शाखा राखियो । २०७४ अगाडि यो शाखा योजना महाशाखाअन्तर्गत रहेको थियो भने हाल यो शाखा विद्यालय शिक्षा महाशाखाअन्तर्गत रहेको छ। शाखाले मन्त्रालयअन्तर्गतका पुस्तकालयहरूको विकासका लागि नीति,

नियम बनाई कार्यान्वयन गर्ने गराउने, पुस्तकालय विकाससम्बन्धी योजना, कार्यक्रम, बनाई लागू गर्ने, गराउने तथा पुस्तकालयहरूको सम्पूर्ण कार्यहरू र विकास सम्बन्धमा सरकार र पुस्तकालयबीचको सम्पर्क तथा समन्वयको कार्यहरु लगायतका २४।२५ वटा कार्यसम्पादन गर्नुपर्छ।

## ६. आठ वर्षको अवधिमा सम्पादन गरेका प्रमुख काम

### क. सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको प्रथम राष्ट्रिय सम्मेलन

नेपालमा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको राष्ट्रिय सम्मेलन गर्ने जमर्को धेरै अगाडिदेखि गरिएको भएपनि सम्वत् २०७४ साल कार्तिक १२ र १३ गते पहिलो सम्मेलन काठमाण्डौको इन्द्रेणी ब्याङ्क्वेटमा गरिएको थियो । मुलुकभरका करिब ५५ जिल्लाबाट सहभागी हुनु भएको थियो । सम्मेलनमा सामुदायिक तथा सार्वजनिक पुस्तकालय सम्बन्धी करिब १८ वटा कार्यपत्र र नौओटा सफलताका कथा प्रस्तुत गरिएका थिए। सम्मेलनको अन्त्यमा १९ बुँदे घोषणापत्र जारी गरिएको थियो। यो सम्मेलन नेपालमा सार्वजनिक पुस्तकालय सम्बन्धी कोशेढुङ्गा प्रमाणित भएको थियो।

### ख. पुस्तकालय दिवसको सचिवालय

सम्वत् २०६५ सालदेखि गैरसरकारी तवरमा मनाउन शुरु गरिएको पुस्तकालय दिवसलाई चौथो पुस्तकालय दिवसदेखि नेपाल सरकारको नेतृत्वमा मनाउन थालियो। चौथो पुस्तकालय दिवसदेखि मूल समारोह समितिको अध्यक्षता शिक्षा मन्त्रालयका सचिवज्यूले गर्ने निर्णय भएको थियो । शिक्षा मन्त्रालय केसर महलमा रहेको समयमा चौथो र पाँचौं पुस्तकालय दिवस मूल समारोह समितिको सचिवालयको रुपमा केसर पुस्तकालयले र सदस्य सचिवको भूमिका तत्कालीन पुस्तकालय प्रमुख जानकी कर्माचार्यले निर्वाह गर्नु भएको थियो । छैटौं पुस्तकालय दिवसको सचिवालयको रुपमा नेपाल राष्ट्रिय पुस्तकालय र सदस्य सचिवको रुपमा तत्कालीन पुस्तकालय प्रमुखका रुपमा म आफैंले काम गरेको थिएँ।

सातौं पुस्तकालय दिवसदेखि हरेक पुस्तकालय दिवसको सचिवालयको रुपमा पुस्तकालय समन्वय (हाल पुस्तकालय समन्वय तथा अभिलेख) शाखाले गर्दै आएको छ। सातौं र आठौं पुस्तकालय दिवसको सदस्य सचिव तत्कालीन शाखा प्रमुख दशरथ मिश्रज्यूले, नवौं पुस्तकालय दिवसको सदस्य सचिवको रुपमा उपेन्द्रप्रसाद मैनालीले र दसौं पुस्तकालय दिवसदेखि सत्रौं पुस्तकालय दिवससम्मका सदस्य सचिवको भूमिका निर्वाह गर्ने अवसर पुस्तकालय समन्वय तथा अभिलेख शाखामा बसेर लेखकलाई प्राप्त भयो।

सचिवालयले मुलुकभर विभिन्न कार्यक्रम गरेर पुस्तकालय दिवस मनाउन सबै सरोकारवाला निकायमा पत्राचार गर्ने, विभिन्न उपसमितिको गठन गरेर कार्यादेश सहित जिम्मेवारी तोक्ने, समन्वय र सहजीकरण गर्ने तथा कार्यक्रम सम्पन्न भएपछि कुन निकाय वा पुस्तकालयले के कस्ता कार्यक्रम सञ्चालन गर्यो सोको प्रतिवेदन तयार गर्ने काम पनि सचिवालयमा रहँदा सम्पन्न गरिए।

### ग. सार्क मुलुकहरूका सार्वजनिक पुस्तकालय सम्बन्धी एकदिने वेबिनारको आयोजना

चौधौं पुस्तकालय दिवसका अवसरमा नेपाल पुस्तकालय संघसँग मिलेर दिवसको आदर्श वाक्य सवल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार विषयमा केन्द्रीत रहेर सार्क मुलुकहरुका सार्वजनिक पुस्तकालय सम्बन्धी एकदिने वेबिनारको मिति २०७८ भाद्र २२ गते आयोजना गरिएको थियो । अफगानिस्तान बाहेक सबै सार्क सदस्य राष्ट्रका १४१ भन्दाबढी प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सम्मेलनको उद्घाटन तत्कालीन शिक्षा सचिव श्री रामप्रसाद थपलियाले गर्नु भएको थियो। सबै मुलुकले आआफ्नो सार्वजनिक पुस्तकालय प्रणाली सम्बन्धी प्रस्तुती गरेका थिए।

### ३. नेपाल राष्ट्रिय पुस्तकालयको जग्गा प्राप्ती सम्बन्धी

सम्वत् २०७२ सालको भूकम्पका कारण क्षतीग्रस्त भएको नेपाल राष्ट्रिय पुस्तकालयको भवन निर्माणका लागि जग्गा खोजी गर्ने प्रयोजनका लागि योजना महाशाखाका प्रमुखको संयोजकत्वमा गठन भएको समितिको सदस्य सचिवको रुपमा काम गर्ने अवसर प्राप्त भएको थियो। समितिले विभिन्न विकल्प सहित सिफारिस गरेकोमा नेपाल सरकार मन्त्रिपरिषद्को सम्वत् २०७६ असोज २८ गतेको निर्णयले शिक्षा मन्त्रालयको स्वामित्वमा रहेको त्रिभुवन विश्वविद्यालयले भोगचलन गर्दै आएको जमलस्थित करिब ७ रोपनी १५ आना ३ पैसा ३ दाम जग्गामा नेपाल राष्ट्रिय पुस्तकालयको भवन निर्माण गर्ने निर्णय भएको थियो।

सम्वत् २०७६ कार्तिक २८ गते नेपाल राष्ट्रिय पुस्तकालयका नाममा जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त भएपछि पुस्तकालय भवन निर्माणका लागि आवश्यक पर्ने विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, महानगरपालिकाबाट नक्सा पास गर्ने

प्रक्रिया तथा जमलमा रहेका पुराना संरचना हटाउने लगायतका काम सम्पन्न भई भवन निर्माणका लागि कोटेशन आह्वान गर्न तयार भएको अवस्थामा नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ साउन ५ गतेको निर्णयले भवन निर्माण प्रक्रिया स्थगन भयो। वि.सं. २०७८ असोजमा बसेको मन्त्रिपरिषद्को निर्णयबाट राष्ट्रिय पुस्तकालयको स्थगित भवन निर्माण कार्यलाई अगाडि बढाउने बाटो खुलेको थियो।

### ङ. डिडिसिमा प्रदेशको नम्बर थपसम्बन्धी

नेपाल लगायत संसारका अधिकांश मुलुकले अपनाइरहको वर्गीकरण पद्धति हो Dewey Decimal Classification। यसले संसारका सबै मुलुकलाई निश्चित आधारमा भौगोलिक नम्बर प्रदान गर्ने गर्दछ। संघीयतामा प्रवेश गर्नु अगाडि नेपालको भौगोलिक नम्बर एउटै थियो। मुलुक संघीयतामा प्रवेश गरिसकेपछि कम्तीमा सातओटा प्रदेशका लागि बेग्लाबेग्लै नम्बर प्राप्त गर्न सके पुस्तक लगायतका सवै ज्ञान सामग्रीहरुको व्यवस्थापनमा सहज हुने महशुश गरेर त्रिभुवन विश्वविद्यालयका पुर्व सहलाइब्रेरियन श्रीमती विणा वैद्यले मलेसियाको क्वालालम्पुरमा भएको अन्तर्राष्ट्रिय पुस्तकालय महासंघको बैठकमा प्रस्तुत गर्नु भएको थियो। पछि म्म्ऋ को सम्पादक मण्डलले सम्पर्क गरेर नेपालमा रहेका पुस्तकालय विज्ञ तथा सरोकारवालाहरुको विचमा छलफल गरेर सोको प्रतिवेदन सरकारी तवरबाट पठाउन अनुरोध गरेको थियो। जसअनुसार सरोकारवालाहरुसँग भर्चुअल रुपमा छलफल गरी प्राप्त पृष्ठपोषण सहितको प्रतिवेदन तयार गर्न पुस्तकालय समन्वय तथा अभिलेख शाखा प्रमुखका नाताले सहजीकरण गर्ने अवसर प्राप्त भएको थियो।

### च. ज्ञानकेन्द्रको स्थापना

मन्त्रालयमा पुस्तकालय समन्वय तथा अभिलेख शाखा रहेको लामो समयसम्म पनि ज्ञान केन्द्र (पुस्तकालय) को स्थापना भएको थिएन। सम्वत् २०७७ देखि सूचना तथा सञ्चार प्रविधिले ल्याएका अवसरहरुको समेत उपयोग गरेर मन्त्रालयमा ज्ञानकेन्द्र (पुस्तकालय) को स्थापना गरिएको छ। स्थापनाको पाँचवर्षको अवधिमा करिब ५००० पुस्तक तथा पत्रपत्रिकाको सङ्कलन पुगेको छ। ज्ञानकेन्द्रमा भएका पठनसामग्रीहरुको विब्लियोग्राफिक डाटावेश तयार गर्न कोहा ओपनसोर्स सफ्टवेयरको उपयोग गरिएको छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संस्थागत सम्झनालाई प्रभावकारी बनाउन विद्युतीय पुस्तकालयको समेत स्थापना गरिसकिएको छ।

### छ. सार्वजनिक पुस्तकालय अनुदान निर्देशिका

नेपालभर सञ्चालनमा रहेका सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई सरकारले नियमित रुपमा सहयोग गर्ने परम्परा थिएन। आर्थिक वर्ष २०७४/०७५ मा यस्ता पुस्तकालयलाई आर्थिक सहायता प्रदान गर्नका लागि शाखाबाट सार्वजनिक पुस्तकालय अनुदान निर्देशिका तर्जुमा गरी सोही आधारमा पुस्तकालय वर्गीकरण गरी ९८ वटा सार्वजनिक तथा सामुदायिक पुस्तकालयलाई एकलाखदेखि १० लाखसम्म अनुदान उपलब्ध गराइएको थियो। त्यसपछि यसै निर्देशिकालाई आधार मानेर सातवटै प्रदेशले प्रदेशस्तरीय निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने गरेका छन्।

### ज. सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको तथ्याङ्क सङ्कलन

नेपालमा कति सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरु रहेका छन् भन्ने तथ्याङ्कको अभाव भइरहेको सन्दर्भमा आर्थिक २०७७।०७८ मा तथ्याङ्क सङ्कलन गर्ने कार्यक्रम राखिएकोमा कोभिडका कारण सम्भव भएन। तर आव २०७८।०८९ मा मन्त्रालय, रिड नेपाल र शान्ति भोलेन्टियर एशोसिएशनको सहकार्यमा सार्वजनिक पुस्तकालयहरुको तथ्याङ्क सङ्कलन गरी सोको आधारमा सार्वजनिक तथा सामुदायकि पुस्तकालयको सर्भेक्षण प्रतिवेदन तयार पारी सार्वजनिक तथा सामुदायिक पुस्तकालयको दोस्रो राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरियो। अनुसन्धान गर्ने र प्रतिवेदन तयार पार्ने काम न्यू एराले गरेको थियो। मन्त्रालयले प्रकाशन गर्ने शैक्षिक सूचना, २०७५ पछिदेखि सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको तथ्याङ्क समेत उल्लेख हुन थालेको छ।

### झ. विभिन्न पुस्तकालयहरुको अनुगमन, निरीक्षण तथा पृष्ठपोषण

मुलुकका विभिन्न स्थानमा सञ्चालित पुस्तकालयहरुको अनुगमन, निरीक्षण गर्ने तथा पुस्तकालयका पदाधिकारीहरुसँग अन्तर्क्रिया गर्ने र उपयुक्त पृष्ठपोषण प्रदान गर्ने काम पनि यस शाखामा रहँदा गरियो। विशेषतः पुस्तकालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय तहका निर्वाचित पदाधिकारीहरुसँग पुस्तकालयको समग्र विकासका लागि

सञ्चालन गर्नुपर्ने काम कार्यवाही, अनुदान तथा प्राविधिक सहयोगका वारेमा समेत वकालत गर्ने काम समेत गरियो । यसरी सार्वजनिक पुस्तकालय तथा सामुदायिक पुस्तकालयको विकास र विस्तारमा गरिएको लगानी खेर जाँदैन भन्ने कुरा गर्दा कतिपय स्थानीय तहले मन फुकाएर पुस्तकालयको विकास र विस्तारमा सहयोग गरेको, पुस्तकालयहरुका लागि भवन निर्माण गर्न बजेट विनियोजन गरेको, पुस्तक तथा पत्रपत्रिका खरीद गर्नका लागि बजेट छुट्याइएका उदाहरणहरु छन् । यसबाट पुस्तकालयको व्यवस्थापन गर्नका लागि दरिलो र शसक्त वकालतको आवश्यकता रहेको कुरा बोध भएको छ।

### ज. सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको दोस्रो राष्ट्रिय सम्मेलन

माथि ज. नम्बरमा उल्लेख भएको सार्वजनिक तथा सामुदायिक पुस्तकालयको राष्ट्रिय सर्भेक्षण गरी प्राप्त प्रतिवेदनलाई मिति २०७९ साल असार १५ र १६ गते काठमाडौंमा आयोजना गरिएको सम्मेलनमा प्रस्तुत गरियो । साथै अरू विभिन्न कार्यपत्र पनि प्रस्तुत गरिए । सम्मेलनको प्रतिवेदन १५ औं पुस्तकालय दिवसका अवसरमा प्रकाशित स्मारिकामा संलग्न छ।

### झ. सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको प्रदेस्तरीय सम्मेलन

सार्वजनिक तथा सामुदायिक पुस्तकालयको दोस्रो राष्ट्रिय सम्मेलनबाट हरेक प्रदेशमा प्रदेशस्तरीय सम्मेलनको आयोजना गर्न सके बढी भन्दा बढी पुस्तकालयको सहभागिता रहने माग भएकाले आ.व. २०८०।०८१ को शाखाको कार्यक्रममा ४२ लाख प्रस्ताव गरी पठाएकोमा सो कार्यको लागि जम्मा ८ लाख मात्र विनियोजन भएको थियो । नखाउँ भने दिनभरको शिकार खाउँ भने काछा बाबुको अनुहार भनेजस्तो भयो । ७ वटा प्रदेश सम्मेलन र १ वटा राष्ट्रिय सम्मेलन गर्न ८ लाख स्वीकृत भएर आउनु भनेको कार्यक्रम नचलाउनु भनेको होला भनेर चुपो लागेर बसेको भएपनि हुन्थ्यो तर यसलाई एउटा चुनौतिका रूपमा लिएर सार्वजनिक तथा सामुदायिक पुस्तकालयसँग सम्बन्धित विभिन्न सरोकारवाला निकायसँग पटक पटक छलफल गरियो । सम्मेलन आयोजना गर्ने प्रदेशका पुस्तकालयलाई मन्त्रालयबाट एकमुष्ठ एकलाख रूपैयाँमात्र उपलब्ध गराउने र बाँकी रकमको जोहो सम्बन्धित आयोजक पुस्तकालयबाटै गर्नुपर्ने गरी कार्यक्रम स्वीकृत गरियो ।

नेपाल सामुदायिक पुस्तकालय संघका पदाधिकारीहरू विशेषतः अध्यक्ष सन्तोष रावल, महासचिव राजेन्द्र प्रसाद पाण्डेय, प्रदेश उपाध्यक्षहरुसँग भएको छलफलमा विभिन्न सम्भावना खोजी गर्ने र सम्भव भएसम्म सबै प्रदेशमा सम्मेलनको आयोजना गर्न सहयोग गर्ने प्रतिबद्धता प्राप्त भयो । सो अनुसार प्रदेश सरकार र स्थानीय तहहरूसँगको सहकार्यमा २०८१ बैशाख १४ र १५ गते कोशी प्रदेशस्तरीय सम्मेलन उदयपुरको गाइघाटमा रहेको संगम सामुदायिक पुस्तकालयमा, १६ र १७ गते मधेश प्रदेश स्तरीय सम्मेलन सिर्जना सामुदायिक पुस्तकालय लाहानमा सफलतापुर्वक आयोजना गरियो । यसपछि २०८१ जेठ १२ र १३ गते सुदूर पश्चिम प्रदेशको कैलालीको अत्तरियामा रहेको प्रतिभा सामुदायिक पुस्तकालयमा, १४ र १५ गते नेपालगञ्जको कोहलपुरमा रहेको ज्ञानोदय सामुदायिक पुस्तकालयको आयोजनामा लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशस्तरीय संयुक्त सम्मेलन र जेठको १९ र २० गते कास्कीको पोखरामा गण्डकी स्तरीय प्रदेश सम्मेलनको सफलतापुर्वक आयोजना गरियो । यस काममा नेपाल सामुदायिक पुस्तकालय संघका महासचिव राजेन्द्र प्रसाद पाण्डेयको सहयोग र समन्वयकारी भूमिका अतुलनीय रहेको छ।

सबै प्रदेश पुस्तकालय सम्मेलनबाट आएका प्रस्तावहरूको संश्लेषण सहित २०८१ असार १३ र १४ गते काठमाडौंमा राष्ट्रिय सम्मेलनको आयोजना गरियो । यसरी सीमित बजेट प्राप्त हुँदा पनि विभिन्न सम्मेलनहरूको सफलतापुर्वक आयोजना गर्न सकियो । यसबाट नेपाल सरकारले सार्वजनिक तथा सामुदायिक पुस्तकालयलाई हेरेन, हेर्दैन भन्ने भाष्यलाई चिर्न तथा यस क्षेत्रमा नयाँ तरङ्ग पैदा गर्न केही हदसम्म सफल भएको महशुस भएको छ।

## सम्पन्न हुन नसकेका कामहरु

### क. राष्ट्रिय पुस्तक नीति

नेपालले सन् १९७२ मै पुस्तकसम्बन्धी युनेस्कोको अन्तर र्राष्ट्रिय अभिसन्धिको पक्ष राष्ट्रका रुपमा हस्ताक्षर गरेको थियो । यसमा पुस्तक लेखक वा सर्जकदेखि अन्तिम उपभोक्ता अथवा पाठकको हातमा नपुग्दासम्म सरिक हुने विभिन्न सरोकारवालाको भूमिकाको चर्चा गरिएको छ । नेपालमा पनि पुस्तक लेखकदेखि अन्तिम उपभोक्ता वा पाठकको

हातमा पुग्ने विभिन्न चरणसँग सम्बन्धित सबै सरोकारवाला (लेखक, सम्पादक, प्रकाशक, मुद्रक, वितरक, बिक्रेता, पुस्तकालय तथा पाठक वा अन्तिम उपभोक्ता) को हातमा पुगुन्जेल विभिन्न चरणबाट गुज्रनु पर्ने हुन्छ। विगतमा यसलाई व्यवस्थित गर्न विभिन्न कार्यदलहरु बने । पछिल्लो समयमा सम्वत् २०७२ साल फागुन ३० गतेको माननीय मन्त्रीस्तरीय निर्णयबाट मूल्याङ्कन मासिकका सम्पादक श्री हरिगोविन्द लुइटेलज्यूको संयोजकत्वमा एक समिति गठन गरिएको थियो । समितिको सचिवालयको काम पुस्तकालय समन्वय शाखाले गरेको थियो । सो प्रतिवेदन २०७३ साल मङ्सिर ५ गते एक कार्यक्रमको आयोजना गरेर तत्कालीन शिक्षा मन्त्री डि. आर. पौडेलज्यूलाई हस्तान्तरण गरिएको थियो ।

मन्त्रालयबाट अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग एवम् कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको रायसमेत मिलाएर पटक पटक मन्त्रीपरिषद्मा पेश भए तर पनि हालसम्म स्वीकृत हुन सकेको छैन । लामो समय शाखामा बस्दा उठान गर्ने काममा कमी भएन तर सफलता हात लागेन ।

**ख. पुस्तकालय गुरुयोजना र पुस्तकालय स्वचालीकरण योजना**

सम्वत् २०७२ फागुन ३० गतेकै दिन पुस्तकालय गुरुयोजना र पुस्तकालय स्वचालीकरण योजना कार्यदलको गठन गरिएको थियो । गुरुयोजनाको संयोजन डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयका तत्कालीन अध्यक्ष डा. तुलसीप्रसाद भट्टराई र स्वचालीकरण योजनाको संयोजन त्रिभुवन विश्वविद्यालयका अवकाश प्राप्त पुस्तकालयविद् श्री इन्दिरा दलीले गर्नु भएको थियो । दुबै योजनाको मस्यौदा तत्कालीन शिक्षामन्त्रीज्यू समक्ष २०७३ मङ्सिर ५ गते हस्तान्तरण गरिएको भए पनि सोको कार्यान्वयन हुन सकेको छैन । दुबै योजना राष्ट्रिय पुस्तक नीतिसँग पनि सम्बद्ध भएका र राष्ट्रिय पुस्तक नीति स्वीकृत नहुँदा त्यसको असर पुस्तकालय गुरुयोजना र स्वचालीकरण योजनाको कार्यान्वयनमा समेत परेको छ । शाखामा बसेर यी योजना अगाडि बढाउन नसकेकोमा ग्लानी महशुस हुन्छ ।

**ग. बाल पुस्तक छनोट सम्वन्धी मापदण्ड**

नेपाल बाल साहित्य समाजका पुर्व अध्यक्ष, बाल साहित्यकार तथा डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिका पुर्व अध्यक्ष प्रा.डा.ध्रुवकुमार घिमिरेज्यूको संयोजकत्वमा सरोकारवालाहरू समेत समावेश गरेर तयार पारिएको मस्यौदा कार्यान्वयनको पर्खाइमा छ ।

घ. **विद्यालय पुस्तकालय व्यवस्थापन निर्देशिका:** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट थालनी भएर मन्त्रालयमा आएको उक्त मापदण्ड हालसम्म स्वीकृत हुन बाँकी छ ।

ङ. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति सेवा शर्त नियमावलीको मस्यौदा तयार भएर पनि हालसम्म अगाडि बढ्न सकेको अवस्था छैन ।

**निष्कर्ष**

शिक्षा मन्त्रालयको स्थापना भएको लामो समयपछि पुस्तकालय समन्वय तथा अभिलेख शाखाको स्थापना भएको भए पनि धेरैपछि मात्र शाखाको नेतृत्व पुस्तकालय विज्ञान समूहको कर्मचारीले गर्ने अवसर प्राप्त गरेको छ । मुलुक संघीयतामा प्रवेश गरे पनि प्रदेश र स्थानीय तहमा पुस्तकालयको राम्रो प्रबन्ध भई नसकेको अवस्थामा यस शाखाको महत्व कम भएको छैन । पुस्तकालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने, पुस्तकालय क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु र निजी संस्थाहरु बीच समन्वय एवम् सहकार्य गर्ने काम यस शाखाले गर्दै आएको छ । करिब आठ वर्षसम्म शाखामा रहेर काम गर्दा केहि त गर्न सकियो भन्ने बोध भएको छ । यहाँ बस्दा भूमिका अरुले दिने हैन रहेछ आफैँले खोज्न सक्नु पर्ने रहेछ भन्ने बोध भएको र कम्तिमा यस शाखामा रहँदा पहिचान विहिन भएर बस्नु परेन । पुस्तकालयकर्मी र मुलुकका कुना कन्दरामा रहेका सार्वजनिक तथा सामुदायिक पुस्तकालयले हाम्रो पनि आवाज सुनिदिने ठाउँ छ है भनेर आड लिने ठाउँ पाएका छन् ।

**सन्दर्भ सामग्री**


शर्मा, गोपीनाथ समीक्षा (२०७४) । नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु, काठमाडौः मकालु प्रकाशन गृह ।

शिक्षा मन्त्रालय (२०६९) । पुस्तकालय व्यवस्थापन निर्देशिका, २०६९, काठमाडौः लेखक

शिक्षा मन्त्रालय (२०७५) । शैक्षिक सूचना, काठमाडौः लेखक ।

लामो समयसम्म शुरुमा नायब सुब्बा तथा बढुवा भएर पनि सोही शाखाबाट अनिवार्य अवकाश हुनुभएका शाखा अधिकृत श्री मुकुन्द भट्टराईसँग गरेको अनौपचारिक कुराकानी ।

# एक्काइसौं शताब्दीमा नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयका चुनौती र अवसरहरू



**सूर्यबहादुर क्षेत्री***

**सार**

*यस अध्ययनमा एक्काइसौं शताब्दीमा नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले सामना गरिरहेका बहुआयामिक चुनौती तथा अवसरहरूको विश्लेषण गरिएको छ । अध्ययनले विद्यमान नीतिगत अस्पष्टता, अपर्याप्त आर्थिक स्रोत, दक्ष जनशक्तिको अभाव, कमजोर भौतिक तथा डिजिटल पूर्वाधार र खस्किँदो पठन संस्कृतिलाई प्रमुख चुनौतीका रूपमा पहिचान गरेको छ । यी समस्याका बाबजुद, पुस्तकालयहरूलाई परम्परागत पुस्तक भण्डारको भूमिकाबाट माथि उठाई 'सामुदायिक ज्ञान केन्द्र' का रूपमा रूपान्तरण गर्न सकिने सम्भावना पनि औंल्याइएको छ । अध्ययनले पठन संस्कृतिको विकास, डिजिटल साक्षरताको प्रवर्द्धन, सूचनामा सर्वव्यापी पहुँच र रणनीतिक साझेदारीमार्फत वित्तीय दिगोपना हासिल गर्नेजस्ता अवसरहरूलाई पनि उजागर गरेको छ । पुस्तकालयहरूको संस्थागत विकासका लागि पुस्तकालय ऐनको निर्माण, तीनै तहका सरकारबिच स्पष्ट भूमिका र जिम्मेवारीसहितको बलियो शासकीय समन्वय तथा सहकार्य, दिगो वित्तीय स्रोतको सुनिश्चितता, प्रविधिमैत्री पूर्वाधारको विकास, डिजिटल रूपान्तरण एवम् दक्ष जनशक्तिको व्यवस्थापन अपरिहार्य रहेको यस अध्ययनको निष्कर्ष रहेको छ ।*

***शब्दकुञ्जी:*** *सार्वजनिक पुस्तकालय, सामुदायिक पुस्तकालय, पठन संस्कृति, डिजिटल रूपान्तरण, ई-पुस्तकालय ।*

## १. पृष्ठभूमि

शिक्षा व्यक्ति र समाजको सर्वाङ्गीण विकासको आधारस्तम्भ हो, जसले बौद्धिक, सामाजिक, नैतिक, शारीरिक, आर्थिक एवम् साँस्कृतिकजस्ता बहुआयामिक पक्षहरूको विकासमा योगदान पुऱ्याउँछ। शिक्षाले व्यक्तिलाई समाजको एक आदर्श नागरिकका रूपमा स्थापित गर्दै जीवनका विविध चुनौतीहरूको सामना गर्न सक्षम तुल्याउँछ । यस गहन शैक्षिक प्रक्रियालाई सार्थक र प्रभावकारी बनाउन पुस्तकालयहरू ज्ञान र सूचनाको पहुँच विस्तार गर्ने एक सशक्त माध्यमका रूपमा स्थापित छन् ।

पुस्तकालय केवल पुस्तकहरूको सङ्ग्रहस्थल मात्र नभएर स्व-अध्ययन, जीवनपर्यन्त सिकाइ, अनुसन्धान तथा बौद्धिक-साँस्कृतिक चेतना अभिवृद्धि गर्ने जीवन्त सामाजिक संस्था हुन् । यिनले व्यक्तिगत सन्तुष्टि, अनुसन्धान, आलोचनात्मक चिन्तनको विकास, सामाजिक अन्तरक्रिया र सुरक्षित सिकाइका लागि अनुकूल वातावरण प्रदान गर्दछन् (UNESCO, 1994) । तसर्थ, शिक्षा र पुस्तकालय एकअर्काका परिपूरक हुन् र यिनको पारस्परिक समन्वयबाट मात्रै गुणस्तरीय शिक्षा तथा ज्ञानमा आधारित समाज निर्माण सम्भव हुन्छ ।

यही यथार्थलाई आत्मसात् गर्दै विश्वका विकसित राष्ट्रहरूले सार्वजनिक तथा सामुदायिक पुस्तकालयलाई राष्ट्रिय विकास, सामाजिक सशक्तीकरण र जीवनपर्यन्त शिक्षाको एक अभिन्न अङ्गका रूपमा स्थापित गरेका छन् । त्यहाँ पुस्तकालयहरू सूचना समाजको मेरुदण्डका रूपमा स्थापित भइसकेका छन्, जसले शिक्षा, साक्षरता, सूचनामाथिको पहुँच तथा सामाजिक समावेशीकरणलाई बढावा दिने संयन्त्रका रूपमा काम गरिरहेका छन् (Ifla.org, 2025; Samuel Centre For Social Connectedness, 2020) .

एक्काइसौँ शताब्दी सूचना र प्रविधिको युग हो, जसले ज्ञानको सिर्जना, प्रसार र पहुँचलाई अभूतपूर्व गति दिएको छ। सूचना तथा सञ्चार प्रविधिको द्रुत विकासले पुस्तकालय सेवामा क्रान्तिकारी परिवर्तन ल्याएको छ । आजको सचेत पाठकवर्ग अद्यावधिक, आधिकारिक र अन्तरक्रियात्मक जानकारीको खोजीमा छन्,

* *उप-पुस्तकालयाध्यक्ष, वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस, पोखरा*

जसलाई सम्बोधन गर्न पुस्तकालयहरूले ई-पुस्तक, अनलाइन डाटाबेस र डिजिटल प्लेटफर्मजस्ता प्रविधिहरू अँगाल्नु अनिवार्य बनेको छ। अहिलेका ई-पुस्तकहरू ग्राफिक्स, अडियो, भिडियो, सामाजिक अन्तरक्रिया, वेब अन्तरसम्बन्ध र अन्य धेरै बहुद्देश्यीय कार्यहरूका लागि तीव्र गतिमा विकसित भइरहेका छन् (Morris, 2014), जसले पुस्तकालय सेवालाई पाठक केन्द्रित, प्रविधिमैत्री र डिजिटल साक्षरता प्रवर्द्धन गर्ने दिशामा अग्रसर हुनुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरेको छ। कम्प्युटर, इन्टरनेट र सर्च इन्जिनहरूको सहज पहुँचले सूचनाको सङ्कलन, प्रशोधन, भण्डारण र वितरण प्रक्रियालाई सरल, छरितो र प्रभावकारी बनाएको छ, जसले गर्दा पुस्तकालयको परम्परागत भूमिकालाई पुनःपरिभाषित गर्न आवश्यक भएको छ।

यस प्रकार अबका पुस्तकालयहरू एकातिर नागरिकलाई वैज्ञानिक, प्रामाणिक र विश्वसनीय सूचनाका स्रोतहरू पहिचान गर्न र तिनको प्रभावकारी उपयोग गर्न सिकाउने माध्यम बन्नुपर्ने अवस्था छ भने अर्कातिर नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू आफ्नो अस्तित्व रक्षाका लागि अनेकौं चुनौतीहरूसँग जुधिरहेका छन्।

## २. अध्ययनको उद्देश्य

**यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :**

- नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले सामना गरिरहेका नीतिगत, आर्थिक, भौतिक, प्राविधिक तथा सामाजिक चुनौतीहरूको विश्लेषण गर्नु,
- पुस्तकालयका अवसर र रूपान्तरणका सम्भावनाहरूको विश्लेषण गर्नु,
- पुस्तकालय विकासका अन्तर्राष्ट्रिय सफल अभ्यासहरूको पहिचान गरी नेपालका लागि सान्दर्भिक सिकाइ प्रस्तुत गर्नु,
- पहिचान गरिएका चुनौतीहरूको सम्बोधनका लागि सरोकारवाला निकायहरूलाई नीतिगत सुझावहरू प्रदान गर्नु।

## ३. अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको छ, जसमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। अध्ययनका लागि आवश्यक तथ्य र तथ्याङ्कहरू द्वितीय स्रोतबाट लिइएको छ। यसमा नेपाल सरकारका विभिन्न मन्त्रालयबाट प्रकाशित प्रतिवेदनहरू (Ministry of Education, Science and Technology, 2022), राष्ट्रिय नीति तथा कानुनहरू (नेपालको संविधान, २०७२; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६), संयुक्त राष्ट्र सङ्घका प्रतिवेदन (Un.org, 2024) तथा पुस्तकालय क्षेत्रसँग सम्बन्धित विभिन्न लेखरचना र प्रकाशनहरूको अध्ययन गरिएको छ (क्षेत्री, २०८१)। प्राप्त तथ्यहरू र पुस्तकालय क्षेत्रको आफ्नो अनुभवका आधारमा चुनौती र अवसरहरूको पहिचान र विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## ४. विश्लेषण

### ४.१ पुस्तकालय विकासमा अन्तर्राष्ट्रिय अभ्यास : नेपालको लागि सिकाइ

विकसित देशहरूका सफल पुस्तकालय प्रणालीको मुख्य आधार सङ्घ, प्रदेश र स्थानीय सरकारबिचको सुदृढ समन्वय र सहकार्य हो । अमेरिका, फ्रान्स, क्यानडाजस्ता मुलुकहरूमा सङ्घीय निकायहरूले नीति निर्माण, राष्ट्रिय स्तरका डिजिटल परियोजना सञ्चालन र अनुदान वितरणमा केन्द्रीय भूमिका निर्वाह गर्दछन् भने पुस्तकालय सञ्चालन, कर्मचारी व्यवस्थापन तथा वित्तीय दिगोपनाको मुख्य जिम्मेवारी स्थानीय सरकारले बहन गर्दछ (Morris, 2014) । त्यसैगरी, बेलायत र अष्ट्रेलियामा केन्द्रीय सरकारले राष्ट्रिय नीति र बजेटमार्फत सहयोग गर्दछ भने स्थानीय परिषद्हरूलाई समुदायको आवश्यकता अनुरूप प्रभावकारी सेवा सुनिश्चित गर्ने कानुनी जिम्मेवारी तोकिएको हुन्छ।

यही सुदृढ शासकीय संरचनाको जगमा पुस्तकालयहरू पुस्तकको परम्परागत भण्डारबाट रूपान्तरित हुँदै जीवन्त सामाजिक, साँस्कृतिक तथा डिजिटल केन्द्रका रूपमा विकसित भएका छन् । जर्मनी, नेदरल्याण्ड्स र स्क्यान्डिनेभियन मुलुकहरूमा पुस्तकालयहरूले नगरपालिकाको सक्रिय सहकार्यमा आप्रवासीहरूका लागि भाषा कक्षा, बेरोजगारलाई सिपमूलक तालिम र सबै उमेर समूहका नागरिकहरूका लागि डिजिटल साक्षरता जस्ता कार्यक्रमहरू सञ्चालान गर्दछन् । प्रविधिमैत्री रूपान्तरणको उत्कृष्ट उदाहरण सिङ्गापुर, दक्षिण कोरिया र जापानजस्ता एसियाली राष्ट्रहरूमा देख्न सकिन्छ, जहाँ पुस्तकालयहरू स्मार्ट प्रविधि, रोबोटिक्स र नवीनतम आविष्कारका केन्द्रका रूपमा स्थापित भएका छन् । यी अन्तर्राष्ट्रिय अभ्यासहरूले पुस्तकालयलाई जीवनपर्यन्त सिकाइ र सामुदायिक सशक्तीकरणको प्रमुख थलोका रूपमा पुनःस्थापित गरेका छन्।

सूचना प्रविधिको वर्तमान युगमा ज्ञानको पहुँचलाई भौगोलिक सीमाका पर्खालहरू तोडेर मानिसका हातहातसम्म विस्तार गर्नु

सफल पुस्तकालय प्रणालीको अर्को महत्त्वपूर्ण विशेषता हो । यस सन्दर्भमा, भारतको 'नेशनल मिसन अन लाइब्रेरीज' तथा चीनका बृहत् पुस्तकालय परियोजनाहरूले डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी ग्रामीण तथा सीमान्तकृत समुदायसम्म सूचना र ज्ञानको पहुँच सुनिश्चित गर्न पूर्वाधार निर्माण, जनशक्ति विकास र डिजिटल सामग्री उत्पादनमा बृहत् लगानी गरिरहेका छन् ।

यी अन्तर्राष्ट्रिय परिदृश्य, नेपालमा राज्यपक्षबाट गरिएको चरम वेवास्ता र पुस्तकालयको दुरावस्थाको तुलना गर्दा आँखा अगाडि कहालीलाग्दो चित्र देखापर्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा प्रकाशित 'नेपालमा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू सम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०२२' ले यो सङ्कटको भयावह चित्र प्रस्तुत गरेको छ। प्रतिवेदनअनुसार, देशभर ९२८ पुस्तकालय रहेकोमा केवल २२७ वटा मात्र सञ्चालनमा रहनुले अस्तित्व सङ्कटलाई उजागर गर्दछ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०२२) । सञ्चालनमा रहेका पुस्तकालयहरू पनि अनेकौं समस्याहरूसँग जुध्दै आफ्नो अस्तित्व रक्षाका लागि सङ्घर्षरत छन् ।

यो अस्तित्वको सङ्कटसँगै नेपालका पुस्तकालयहरूका लागि २१ औं शताब्दीको डिजिटल रूपान्तरणको चुनौती पनि थपिएको छ । संयुक्त राष्ट्र सङ्घद्वारा प्रकाशित 'विद्युतीय शासन विकास सूचकाङ्क (EGDI) २०२४' का अनुसार नेपाल विश्वका १९३ देशमध्ये ११९ औं स्थानमा रहनुले देशको कमजोर डिजिटल पूर्वाधारको यथार्थलाई दर्शाउँछ (Un.org, 2024), जसको प्रत्यक्ष असर पुस्तकालयको आधुनिकीकरणमा परेको छ । केही सहरी क्षेत्रका बाहेक अधिकांश पुस्तकालयहरू आज पनि परम्परागत भौतिक पुस्तकको सीमित सङ्ग्रहबाट माथि उठ्न सकेका छैनन् र उनीहरूका लागि कम्प्युटर, इन्टरनेट र डिजिटल सामग्रीको व्यवस्थापन कार्य असम्भवजस्तै देखिएको छ ।

यद्यपि, अन्तर्राष्ट्रिय अभ्यास, सूचना प्रविधिको बढ्दो लोकप्रियता र वर्तमान आवश्यकतालाई दृष्टिगत गर्दा नेपालको लागि सिकाइका साथै दबाब समेत सिर्जना गरेको छ । यसबाट पाठ सिकेर हामीले अहिलेलाई कम्तीमा यी चार कुरामा विशेष ध्यान दिनुपर्ने देखिन्छ । पहिलो, तीनै तहका सरकारबिच स्पष्ट भूमिका र जिम्मेवारीसहितको बलियो शासकीय समन्वय र सहकार्यको सुनिश्चितता हुनुपर्दछ । दोस्रो, पुस्तकालयमाथिको बजेटलाई अनावश्यक खर्चको रूपमा नभई 'मानव पुँजी' र 'सामाजिक विकासमाथिको रणनीतिक लगानी' को रूपमा हेरिनुपर्दछ, जुन लगानीले दीर्घकालीन र दिगो प्रतिफल प्रदान गर्दछ । तेस्रो, पुस्तकालयलाई केवल पुस्तक सङ्ग्रहस्थलको रूपमा मात्र नहेरी, सामुदायिक आवश्यकताअनुसार सिप विकास, डिजिटल साक्षरता र सामाजिक अन्तरक्रियाका केन्द्र बनाउनुपर्दछ । चौथो, डिजिटल प्रविधिमार्फत ज्ञानको पहुँचलाई दुर्गम र सीमान्तकृत समुदायसम्म पुऱ्याउनु पर्दछ । नेपाल सरकारले यी आधारभूत पक्षहरूमा ध्यान केन्द्रित गर्न सके मात्र नेपालमा दिगो र प्रभावकारी पुस्तकालय प्रणालीको विकास सम्भव छ ।

## ४.२ संस्थागत विकास र डिजिटल रूपान्तरणका पहलहरू

नेपालमा पुस्तकालयहरूले सामना गरिरहेका विविध चुनौतीका बाबजुद सरकारी, गैरसरकारी र सामुदायिक स्तरबाट संस्थागत विकास र डिजिटल रूपान्तरणका लागि केही आशालाग्दा पहलहरू भएका छन् । प्रदेश सरकार र स्थानीय तहले कार्यविधिमार्फत कतिपय ठाउँहरूमा न्यून भए पनि आर्थिक सहयोगको सुरुवात गरेका छन् (क्षेत्री, २०८१) । यसका अतिरिक्त, रिड नेपाल, नेपाल लाइब्रेरी फाउण्डेशनजस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, काठमाडौंस्थित अमेरिकी दूतावास र अन्य निकायहरूले पनि सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । स्थानीय स्तरमा क्लब र समुदायको सक्रियतामा पनि पुस्तकालयहरू स्थापना र सञ्चालन भइरहेका छन् । यसबाहेक बेलाबखतमा सहकार्यात्मक अभियानमा अरू संस्थाहरू पनि जोडिएका छन् । ती पुस्तकालयहरूमध्ये विशेषगरी अन्य संस्थाहरूसँगको सहकार्यमा सञ्चालित कतिपय पुस्तकालयहरूले पाठक केन्द्रित अध्ययन सुविधा तथा पठन संस्कृतिको प्रवर्द्धनदेखि समुदायका लागि आयमूलक सिप विकास सम्बन्धी विभिन्न जीवनोपयोगी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् (क्षेत्री, २०८१) । यद्यपि, यी पहलहरू आर्थिक अभावमा दिगो हुन सकेका छैनन् ।

यसैगरी, पछिल्लो समय डिजिटल पुस्तकालयको विकासमा पनि सकारात्मक पहलहरू भएका छन् । विशेष गरी त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयले अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यमा डाटावेश खरिद गर्नुका साथै देशभित्र उत्पादित बहुविधाका विद्युतीय सामग्रीहरू सङ्कलन गरी तिनको व्यवस्थापन र पहुँच विस्तारमा सक्रिय योगदान दिँदै आएको छ । यसबाहेक नेपाल लाइब्रेरी एण्ड इन्फरमेशन कन्सोर्टीयम (नेलिक), ई-पुस्तकालय र नेपाल जर्नल्स अनलाइन (नेपजोल) जस्ता डिजिटल प्लेटफर्महरूले हजारौंको सङ्ख्यामा ई-पुस्तक, जर्नल, श्रव्यदृश्य सामग्री र अनुसन्धानात्मक लेखहरू पाठकहरूको हातहातसम्म पुग्ने वातावरण बनाइदिएका छन् ।

यद्यपि, संस्थागत विकास र डिजिटल सामग्रीको पहुँच विस्तार

सम्बन्धमा विभिन्न क्षेत्रबाट भएका पहलहरू प्रशंसनीय छन् तापनि छरिएर रहेका ती पहलहरूलाई एउटै सञ्जालभित्र एकीकृत गर्न नसक्नु र अधिकांश पुस्तकालयहरूमा कमजोर इन्टरनेट, आर्थिक स्रोत, दक्ष जनशक्ति, प्रविधिमैत्री पूर्वाधार एवम् प्राविधिक ज्ञानको अभावले यसको लाभ सबैसम्म पुग्न सकेको छैन।

## ५. नेपालमा पुस्तकालयहरूले सामना गरिरहेका प्रमुख चुनौतीहरू

### ५.१ नीतिगत जटिलता

नेपालका पुस्तकालयहरूले भोग्नुपरेको सबैभन्दा ठूलो चुनौती कानुनी अभाव हो। पुस्तकालय ऐनको अभावले सङ्घ, प्रदेश र स्थानीय तहबिचको भूमिका अन्यौलमा छ। स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय शिक्षा नीतिमा सामुदायिक तथा सामुदायिक पुस्तकालयहरूको प्रवर्धनबारे उल्लेख गरिए तापनि राजनीतिक र प्रशासनिक नेतृत्वले पुस्तकालयलाई अनुत्पादक क्षेत्र ठानेका कारण ती कागजमै सीमित छन्। यस्ता पुस्तकालयहरूको संस्थागत विकासको पक्षमा पुस्तकालयकर्मीहरूले आफ्ना पेसागत सङ्घसंस्थादेखि विभिन्न प्रकाशन र पुस्तकालय दिवसजस्ता औपचारिक मञ्चहरूमार्फत निरन्तर पैरवी गरे तापनि उनीहरूका बौद्धिक र तार्किक आवाजहरू 'दबाबमुखी राजनीति' माझ निष्प्रभावी बन्दै आएका छन् (क्षेत्री, २०८१), जसले पुस्तकालय विकासको अभियानलाई थप चुनौतीपूर्ण बनाएको छ।

### ५.२ आर्थिक, भौतिक तथा दिगोपनको सङ्कट

अधिकांश पुस्तकालयहरू जीर्ण, साँघुरा र अस्थायी भवनमा सञ्चालित छन्, जहाँ बालबालिका, वृद्ध र शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त पूर्वाधार छैनन्। आर्थिक स्रोतको अभावका कारण पुस्तकालयहरूले दक्ष जनशक्ति, आधुनिक प्रविधि, पठन सामग्रीको उचित व्यवस्थापन र सेवाहरूलाई अद्यावधिक गर्न सकिरहेका छैनन्, जसले गर्दा स्थानीय पहलमा खुलेका कैयौँ पुस्तकालयहरू दिगो बन्न नसकी बन्द भएका छन्। शिक्षा मन्त्रालयको एक सर्वेक्षणले देशभर स्थापना भएका ९२८ मध्ये ७०१ पुस्तकालय बन्द भएको देखाएको छ (Ministry of Education, Science and Technology, 2022), जसले दिगोपनको गम्भीर सङ्कटलाई उजागर गर्दछ। आर्थिक दिगोपन र भौतिक व्यवस्थापनको चुनौती दिन प्रतिदिन चुलिँदो छ।

### ५.३ बदलिँदो परिवेश : खस्किँदो पठन संस्कृति

वर्तमान सन्दर्भमा, विद्यार्थीहरूमाझ पाठ्यक्रम र परीक्षामा मात्र केन्द्रित रहने प्रवृत्तिका कारण अतिरिक्त ज्ञान आर्जन गर्ने बानी हराउँदै गएको छ। युवा पुस्ता डिजिटल प्रविधि र सामाजिक सञ्जालको क्षणिक मनोरञ्जनमा अधिक लिप्त हुँदा उनीहरूको भाषिक कौशल, लेखनकला र सृजनशीलतामा ह्रास आएको छ, जसको प्रत्यक्ष असर समग्र शैक्षिक गुणस्तरमा देखिएको छ।

यस गम्भीर समस्याको समाधान गरी गुणस्तरीय जनशक्ति उत्पादन गर्नका लागि बाल्यकालदेखि नै पठन संस्कृतिको विकास गर्नु एक प्रमुख चुनौती बनेको छ। हाम्रो शिक्षा प्रणाली र समाजले पुस्तकालयको अपरिहार्यतालाई अझै पनि पूर्ण रूपमा आत्मसात् गर्न नसक्नु तथा पुस्तकालयीय संस्कृतिको विकास नहुनु यसको एउटा प्रमुख कारण हो भने अर्कोतर्फ, सीमित सङ्ख्यामा रहेका पुस्तकालयहरूमा पनि पाठकको बदलिँदो रुचि र आवश्यकताअनुसारका अद्यावधिक अध्ययन सामग्री र उपयुक्त वातावरणको अभाव छ। वास्तवमा, औपचारिक शिक्षा र पुस्तकालयबिचको सुमधुर समन्वयबाट मात्र गुणस्तरीय शिक्षा र ज्ञानमा आधारित समाज निर्माण सम्भव हुन्छ भन्ने यथार्थलाई स्वीकार नगरेसम्म यो समस्या समाधान हुन सक्दैन। तसर्थ, बदलिँदो परिवेशमा पुस्तकालयहरूलाई पाठकमैत्री र स्रोत-साधन सम्पन्न बनाउँदै लैजानुपर्ने चुनौती छ।

### ५.४ पुस्तकालयको डिजिटल रूपान्तरण

आजका ई-पुस्तकहरू ग्राफिक्स, अडियो, भिडियो, सामाजिक अन्तरक्रिया, वेब अन्तरसम्बन्ध र अन्य धेरै बहुद्देश्यीय कार्यहरू समावेश गर्न तीव्र गतिमा विकसित भइरहेका छन् (Morris, 2014) तर यसको ठिक विपरीत नेपालका अधिकांश पुस्तकालयहरू परम्परागत प्रणालीमै अलमलिएका छन्। स्वचालित प्रणालीमा आधारित पुस्तकालय व्यवस्थापन, डिजिटल क्याटलग, ई-पुस्तकालय, र अनलाइन डाटाबेसको अभावमा सेवाहरू प्रभावकारी छैनन्। अर्कोतर्फ, ग्रामीण र पिछडिएका समुदायमा डिजिटल साक्षरताको कमी र इन्टरनेटको सीमित पहुँचले ज्ञानको खाडललाई झनै गहिरो बनाएको छ। पुस्तकालय आफैँ प्रविधिमा पछाडि पर्नु र समुदायमा डिजिटल साक्षरताको अभाव हुनुजस्ता दोहोरो चुनौतीको मारमा छन्।

### ५.५ कमजोर व्यवस्थापन र दक्ष जनशक्तिको अभाव

नेपालका धेरैजसो सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले दक्ष जनशक्तिको अभावका कारण पुस्तकालय सम्बन्धी वैज्ञानिक व्यवस्थापन पद्धति अपनाएका छैनन्। सामग्रीहरूको वर्गीकरण, सूचीकरण र अटोमेशनको अभावमा पाठकहरूले चाहेको पुस्तक प्राप्त गर्न कठिन हुने गरेको छ। पुस्तकालय विज्ञानका

दक्ष पेशेवरहरूको अभावमा न्यून पारिश्रमिकमा गैरप्रशिक्षित कर्मचारी वा स्वयंसेवकहरूबाट पुस्तकालय सञ्चालन गर्नुपर्दा पुस्तकालयको समग्र व्यवस्थापन र सेवाको गुणस्तर कमजोर बनेको छ । सँगसँगै एकीकृत पुस्तकालय प्रणाली र स्रोत साझेदारीको अभावले कतिपय पुस्तकालयहरू एक्लो र कमजोर बनेका छन् ।

## ६. अवसरहरू र नवीन दृष्टिकोण

### ६.१ नागरिक सहभागिताको केन्द्र तथा क्षमता अभिवृद्धि

सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले आफूलाई ' बौद्धिक सामुदायिक केन्द्र' को रूपमा स्थापित गर्न, समुदायसँगको सम्बन्धलाई थप प्रगाढ बनाउन, साँस्कृतिक सिकाइ र विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् (Samuel Centre For Social Connectedness, 2020) । सार्वजनिक पुस्तकालयहरू आफ्ना विविध कार्यक्रम र स्रोतहरू परिचालन गरी समुदायका विभिन्न क्षेत्रमा सिप र क्षमता अभिवृद्धि गर्ने एक सशक्त माध्यम हुन् । पुस्तकालयमा मानिसहरूका लागि नियमित रूपमा भेला हुने, सिक्ने, सिप विकास गर्ने र सामाजिक अन्तरक्रिया गर्ने वातावरण हुन्छ । वास्तवमा, सार्वजनिक पुस्तकालयको मूल उद्देश्य नै 'मानव पुँजी' अर्थात् व्यक्तिमा निहित ज्ञान र सिपको विकास गर्नु हो (Asu and Clendening, 2007) । पुस्तकालय सक्षम भएमा यिनले नियमित रूपमा स्थानीय आवश्यकताअनुसार जीवनोपयोगी तालिम, उद्यमशील कार्यशाला, बालबालिकाका लागि सिर्जनात्मक कार्यक्रम र स्थानीय कला-संस्कृतिको प्रवर्द्धनजस्ता गतिविधि सञ्चालन गर्न सक्छन्, जसले समुदायलाई जोड्ने, जीवनस्तर सुधार्ने एक अनुपम अवसर प्रदान गर्दछ ।

### ६.२ पठन संस्कृति र शैक्षिक गुणस्तर अभिवृद्धि

पठन संस्कृतिमा आएको कमीका कारण बालबालिकाको शैक्षिक गुणस्तरका साथै सिर्जनशीलता र  कल्पनाशीलताको विकासमा प्रश्नचिन्ह खडा भएको वर्तमान अवस्थामा पुस्तकालयले उनीहरूलाई पाठ्यसामग्री तथा इन्टरनेटमा उपलब्ध असङ्ख्य सूचनाहरूमध्ये ज्ञानवर्धक, विश्वसनीय एवम् प्रामाणिक स्रोत पहिचान गरी अध्ययन गर्ने बानी बसाल्न उत्प्रेरकको भूमिका खेल्न सक्छ । यद्यपि, शैक्षिक गुणस्तर एउटा पक्ष हो, त्योभन्दा पठन यस्तो संस्कृति हो जुन विकसित नभई मानिस मानिसजस्तो बन्दैन, समाज पूर्णता र उच्चतातर्फ लम्कन सक्दैन (शिक्षक मासिक, २०७३) । पठन संस्कृतिले व्यक्तिमा नयाँ-नयाँ ज्ञान थप्न, ज्ञान अद्यावधिक गर्न र ज्ञानको दायरा बढाउन महत्वपूर्ण भूमिका खेल्दछ (अधिकारी, २०८२) । तसर्थ, पुस्तकालयहरूलाई पठन संस्कृतिमार्फत ज्ञान, बुद्धि, विवेकले पूर्ण, सामाजिक मूल्य बुझ्न सक्ने सत्चरित्रवान नागरिक तयार गर्ने अवसर छ ।

### ६.३ डिजिटल साक्षरता र सूचनामा समान पहुँच

पुस्तकालयले समाजमा विद्यमान डिजिटल असमानतालाई घटाउन सहयोगी भूमिका खेल्दछ । डिजिटल प्रविधि एक गतिशील विषय भएकाले पुस्तकालयहरूको नवीन र उदीयमान भूमिकाहरूलाई प्रभावकारी बनाउन डिजिटल सेवाहरूको विस्तार अनिवार्य बन्दै गएको छ । इन्टरनेट र कम्प्युटरमा पहुँच नभएका समुदायका सदस्यहरूका लागि निःशुल्क पहुँच र डिजिटल साक्षरता तालिम प्रदान गर्नु पुस्तकालयको जिम्मेवारी पनि हो । यस्ता कार्यक्रमहरूले नागरिकहरूलाई नयाँ प्रविधिहरुको प्रयोग गर्न आवश्यक सिपहरू प्रदान गर्नुका साथै अनलाइन स्रोतहरूको सही प्रयोग गर्न, विश्वसनीय सूचना पहिचान गर्न र डिजिटल दुनियासँग प्रभावकारी रूपमा जोडिन मद्दत गर्दछ, जसबाट शारीरिक अपाङ्गता भएका, ग्रामीण तथा सेवाबाट बञ्चित नागरिकहरू सबैलाई सूचनाको पहुँच सुनिश्चित हुन्छ ।

### ६.४ साझेदारी र सहकार्यबाट दिगोपन

आर्थिक चुनौती समाधानका लागि पुस्तकालयहरूले स्थानीय सरकार, विद्यालय, विश्वविद्यालय, गैर-सरकारी संस्था, स्थानीय सामुदायिक संस्था र निजी क्षेत्रसँग साझेदारी गर्नु उचित देखिन्छ (Levien, 2011), जुन सहकार्यले मितव्ययिता, स्रोतहरूको अधिकतम उपयोग, नागरिक सहभागिता, अपनत्व, दोहोरोपन हटाउन र प्रभावकारी कार्यसम्पादनमा मद्दत पुग्छ । हाम्रो देशको सन्दर्भमा संस्थागत साझेदारी र सहकार्यको झन बढी आवश्यकता छ । स्रोत वा सेवाहरूबिच साझेदारीको अभ्यास संस्थागत दिगोपनका लागि उत्तम विकल्प हुन सक्छ ।

### ६.५ सरकारलाई दिगो विकासको लक्ष्य पूरा गर्ने अवसर

नेपाल सरकारले अघि सारेको दिगो विकासका लक्ष्यहरूमध्ये चौथोले सबैका लागि 'गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ' मा जोड दिएको हुँदा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू यो लक्ष्य हासिल गर्ने महत्वपूर्ण माध्यम बन्न सक्छन् (राष्ट्रिय योजना आयोग, २०१७) । पुस्तकालयहरू दिगो विकासका पूर्व सर्त पनि हुन्, जसमा कल्पना गरिएको सक्षम, विवेकशील र ज्ञानले युक्त व्यक्ति र समाज निर्माण गर्ने यो सुनौलो अवसर हो । अर्कोतर्फ सरकारलाई नेपालको वर्तमान सङ्घीय संरचना अनुकूल पुस्तकालयको तहगत संरचना निर्माण गरी कार्यान्वयन गर्नका लागि यो उपयुक्त समय पनि हो ।

## ७. निष्कर्ष

एक्काइसौँ शताब्दीमा नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू एक निर्णायक मोडमा उभिएका छन् । एकातिर यिनीहरू ज्ञानमा आधारित समाज निर्माणका लागि अपार सम्भावना बोकेका संस्थाहरू हुन् भने, अर्कोतिर यिनलाई आफ्नो अस्तित्व रक्षाकै लागि सङ्घर्ष गर्नुपर्ने बाध्यात्मक अवस्था छ। स्पष्ट नीतिगत मार्गदर्शनको अभाव, वित्तीय स्रोतको सङ्कट, कमजोर डिजिटल पूर्वाधार र परम्परागत कार्यशैली यिनीहरूका प्रमुख चुनौती हुन्। तथापि, यी चुनौतीहरू माझ नवीन अवसरहरू पनि लुकेका छन् । पुस्तकालयहरूलाई पुस्तकको परम्परागत भण्डारबाट रूपान्तरण गरी जीवन्त 'सामुदायिक केन्द्र'का रूपमा विकास गर्ने, डिजिटल साक्षरता अभिवृद्धि गर्दै सूचनाको पहुँच विस्तार गर्ने र रणनीतिक साझेदारीमार्फत संस्थागत दिगोपना हासिल गर्ने प्रचुर सम्भावनाहरू पनि छन्।

अतः नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूलाई पुनर्जीवन दिन र संस्थागत विकासका लागि स्पष्ट पुस्तकालय ऐन तथा राष्ट्रिय नीति तर्जुमा गरी सङ्घ, प्रदेश र स्थानीय सरकारको भूमिका र जिम्मेवारी किटान गर्नु अपरिहार्य छ। राज्यले पुस्तकालयमाथिको लगानीलाई 'अनुत्पादक खर्च' का रूपमा होइन, 'सामाजिक पुँजी निर्माणमा गरिएको रणनीतिक लगानी' का रूपमा आत्मसात् गर्न आवश्यक छ। यसका साथै पुस्तकालयहरू स्वयंले पनि आफ्नो परम्परागत स्वरूपबाट माथि उठेर डिजिटल रूपान्तरणलाई अङ्गीकार गर्दै समुदायको वास्तविक आवश्यकताअनुकूल सेवाहरू विस्तार गर्नुपर्दछ। यो रूपान्तरणको यात्रा निश्चय नै चुनौतीपूर्ण छ, तर नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको संस्थागत विकास एवम् स्वतन्त्र रूपमा ज्ञान आर्जन गर्न पाउने नागरिकको मौलिक हकलाई सुनिश्चित गर्ने यो एक मात्र प्रभावकारी विकल्प हो।

## ८. सुझावहरू

- **नीतिगत तथा कानुनी** : यथासम्भव छिटो 'पुस्तकालय ऐन' जारी गरी तीनै तहका सरकार (सङ्घ, प्रदेश र स्थानीय तह) को भूमिका र जिम्मेवारी स्पष्ट गर्नुपर्ने।
- **वित्तीय तथा भौतिक** : सरकारले पुस्तकालयलाई 'मानव पुँजीमाथिको लगानी' स्वीकार गरी नियमित बजेट छुट्याउनुका साथै आधुनिक, प्रविधिमैत्री तथा पहुँचयुक्त पूर्वाधार निर्माण गर्नुपर्ने।
- **डिजिटल रूपान्तरण** : सबै पुस्तकालयलाई राष्ट्रिय सञ्जालमा जोड्ने, डिजिटल साक्षरता केन्द्रका रूपमा विकास गर्ने र राष्ट्रिय डिजिटल प्लेटफर्महरूलाई प्रवर्द्धन गर्नुपर्ने।
- **जनशक्ति विकास र व्यवस्थापन** : पुस्तकालय कर्मचारीको लागि न्यूनतम विषयगत शैक्षिक योग्यता र तालिम अनिवार्य गर्ने तथा वैज्ञानिक व्यवस्थापन पद्धति लागू गर्नुपर्ने।
- **सामुदायिक सहभागिता** : नागरिकहरूको सक्रिय सहभागिताका लागि नियमित रूपमा समुदाय केन्द्रित आउटरिच कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- **सहकार्य एवम् साझेदारी** : दिगो एवम् प्रभावकारी व्यवस्थापनका लागि संस्थागत सहकार्य तथा स्रोत र सेवाहरू साझेदारी गर्नुपर्ने।
- **पुस्तकालयकर्मीको भूमिका** : पुस्तकालयलाई सामाजिक पूर्वाधारको रूपमा स्थापित गर्न पुस्तकालयकर्मीहरूले सशक्त र निर्णायक कदम चाल्नुपर्ने।

## सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद. (२०८२). पठन संस्कृति : अवधारणा, आवश्यकता र प्रयोग, *शिक्षा शैक्षिक पत्रिका, ४१ (५५), पृ. १४३-१५४ ।*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय. (२०७२). नेपालको संविधान २०७२, काठमाडौँ : नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।

क्षेत्री, सूर्यबहादुर. (२०८१).*गण्डकीका सार्वजनिक पुस्तकालय : अवस्था, योगदान र चुनौती,* सत्रौं पुस्तकालय दिवस स्मारिका, पृ. ७४-८७ ।

राष्ट्रिय योजना आयोग. (२०१७).*नेपाल दिगो विकास लक्ष्यहरू : वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३०,* काठमाडौं : नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

*शिक्षक मासिक.* (२०२५). Shikshakmasik.com. https://www.shikshakmasik.com/3166/esewa.com.np#

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७६).*राष्ट्रिय शिक्षा नीति, २०७६,* काठमाडौँ : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४. (२०२४). Mofaga.gov.np. https://mofaga.gov.np/detail/1697

Asu, M. and Clendening, L. (2007). It Takes a Library to Raise a Community. *Partnership: The Canadian Journal of Library and Information Practice and Research*, 2(2).

doi:https://doi.org/10.21083/partnership.v2i2.241.

Ifla.org.org. (2025). Available at: https://repository.ifla.org/rest/api/core/bitstreams/38972f05-5a77-46ce-a67f-aaa7c7e3eb42 [Accessed 26 Jul. 2025].

Levien, R. E. (2011). *Confronting the Future: Strategic Visions for the 21st Century Public Library*. ALA Office for Information Technology Policy.

Ministry of Education, Science and Technology. (2022). *Survey report on public and community libraries in Nepal*, Kathmandu: Government of Nepal, Ministry of Education, Science and Technology.

Morris, A. (2014). *Public libraries - challenges and opportunities for the future*. https://umlib.um.edu.my/images/library%20publication/icolis/2014/Anne%20Morris.pdf

Samuel Centre for Social Connectedness. (2020). *Public Libraries in the 21st Century: A New Home for Community Engagement*. [online] Available at: https://www.socialconnectedness.org/public-libraries-in-the-21st-century-a-new-home-for-community-engagement/.

Un.org. (2024). *EGOVKB | United Nations > Data > Country Information*. [online] Available at: https://publicadministration.un.org/egovkb/en-us/Data/Country-Information/id/120-Nepal/dataYear/2024 [Accessed 1 Aug. 2025].

UNESCO and, A. (1994). *IFLA/UNESCO Public Library Manifesto 1994*. [online] Ifla.org. Available at: https://repository.ifla.org/items/564c75e8-f87a-48b5-9a40-8dad1b9d77d3.

# नेपालमा केन्द्रीय रिपोजिटोरी प्लेटफर्मको आवश्यकता



**मीनकुमारी डल्लाकोटी***

## १. पृष्ठभूमि

"केन्द्रीय रिपोजिटोरी" पुस्तकालय र सूचना विज्ञानको क्षेत्रमा सबैले सुनेको परिचित र प्रचलित शब्दावली हो। केन्द्रीय रिपोजिटोरी एउटा यस्तो केन्द्रीकृत डिजिटल प्रणाली हो जसबाट विभिन्न शैक्षिक, वैज्ञानिक, वा संस्थागत सामग्रीहरू जस्तै थेसिस, अनुसन्धान लेख, प्रबन्धपत्र, डेटा सेट, र नीतिगत दस्तावेजहरूको सुरक्षित रूपमा भण्डारण, व्यवस्थापन र समान तरिकाले वितरण गर्न सकिन्छ। डिजिटल प्रविधिको विकाससँगै केन्द्रीय रिपोजिटोरीले आधुनिक तरिकाबाट काम गर्दै आएको छ।

हरेक वर्ष विश्वविद्यालय, अनुसन्धान संस्थाहरू र स्वतन्त्र अनुसन्धानकर्ताहरूबाट तयार हुने थेसिस, अनुसन्धान लेख, शोध प्रबन्धपत्र तथा नीतिगत दस्तावेजहरू बौद्धिक सम्पत्ति हुन्। यस्ता ज्ञान सम्पदाहरूलाई व्यवस्थित रूपमा सुरक्षित राख्न राष्ट्रियस्तरको केन्द्रीय रिपोजिटोरी नेपालमा आजसम्म स्थापना भएको छैन। जसको कारणले त्यस्ता महत्त्वपूर्ण सामग्रीहरूलाई दीर्घकालीन रूपमा संरक्षण गर्ने र प्रयोग गर्ने अवसर गुम्ने खतरा बढ्दो गएको छ। केन्द्रीय रिपोजिटोरीको अभावले अनुसन्धानकर्ताहरूलाई खोजेको पाठ्यसामाग्रीहरू सजिलोसँग प्राप्त गर्न तथा प्रवर्द्धन गर्न बाधा पुऱ्याएको छ। पूर्ववर्ती अनुसन्धानको जानकारीको अभावमा कतिपय अवस्थामा त्यही काम दोहोरिरहेको छ, अनुत्पादक प्रयासहरूको वृद्धि भइरहेको छ भने कतिपय अवस्थामा अपूर्ण सूचना प्रवाह हुन गई अनुसन्धानकर्तालाई समस्या परेको छ।

नेपालमा राष्ट्रियस्तरको एकीकृत रिपोजिटोरी निर्माण गर्ने अवधारणा केही समयदेखि उठिरहेको भए तापनि अझैसम्म कार्यान्वयनमा आउन सकेको छैन। यद्यपि, अलग अलग रूपमा केही संस्थाहरू: त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय र नेपालका अन्य केही विश्वविद्यालयहरूमा डिजिटल रिपोजिटोरी स्थापनाका प्रारम्भिक प्रयासहरू भने भएका छन्। त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयले आफ्नो डिजिटल पुस्तकालयमार्फत थेसिस तथा अनुसन्धान प्रतिवेदनहरूको आंशिक डिजिटल सङ्ग्रह तथा वितरण कार्य सुरु गरिसकेको छ काठमाडौं विश्वविद्यालयलगायत अन्य केही शैक्षिक संस्थाहरूले पनि आफ्नै आन्तरिक डिजिटल रिपोजिटोरी प्रयोगमा ल्याउन थालेका छन्, तर ती प्रयासहरू आंशिक ओपन एक्सेस भए तापनि पूर्णरूपमा ओपन एक्सेसमा आधारित छैनन्। विश्वविद्यालय अनुदान आयोगले नेपालमा अनुसन्धान र शैक्षिक सूचनाको प्रवाहका लागि प्राविधिक संरचना विकास गर्ने प्रयासस्वरूप नेपाल रिसर्च एण्ड एजुकेशन नेटवर्क (NREN) जस्ता पहललाई प्रोत्साहन गरेको छ। साथै, नेपाल लाइब्रेरी एण्ड इन्फर्मेशन कन्सोर्टियम (NeLIC) ले Electronic Information for Libraries (EIFL), तथा International Network for the Availability of Scientific Publications (INASP) लगायत अन्तर्राष्ट्रिय संस्थाको सहयोगमा Open Access रिपोजिटोरी प्रविधि र बौद्धिक सम्पदा अधिकारबारे चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यी प्रयासहरू आ-आफ्नो तरिकाबाट भएका छन् र एकआपसमा समन्वय र एकीकरण नभएको हुँदा प्रयोगकर्ताहरूले प्रभावकारी सेवा पाउन सकेका छैनन्। सबै प्रयासहरूलाई समन्वय गरी एकीकृत राष्ट्रिय रिपोजिटोरीको विकास गर्नका लागि स्पष्ट नीति, कानुनी संरचना, बजेटको सुनिश्चितता, तथा प्राविधिक दक्षताको विकास अनिवार्य रहेको छ। यी सबै कार्य गर्नको लागि नेपाल सरकारको कुनै आधिकारिक निकायलाई जिम्मेवारी दिनु आवश्यक हुन्छ। केन्द्रीय रिपोजिटोरी प्लेटफर्म बनाइरहँदा बौद्धिक सम्पत्तिको संरक्षण, अनुसन्धानमा सहकार्यको प्रवर्द्धन, सार्वजनिक पहुँचको सुनिश्चितता, नीति निर्माणका लागि प्रमाणमा आधारित स्रोतहरू उपलब्ध गराउने, शैक्षिक तथा नवप्रवर्तनको प्रवर्द्धन रहनेजस्ता उद्देश्य राखी बनाइनुपर्दछ।

## २. विश्वका केही केन्द्रीय रिपोजिटोरीहरू

सन् १९९० भन्दा अघि ज्ञानलाई भौतिक रूपमा अभिलेखालयहरू (Archives) र हस्तलिखित सूचीपत्रहरू (Catalogue) मार्फत भण्डारण गरिन्थ्यो। यी कामहरू मुख्य रूपमा ब्रिटिश लाइब्रेरी र लाइब्रेरी अफ कङ्ग्रेसजस्ता संस्थाहरूले गर्दथे। सन्

* *उपप्रशासक, पोखरा विश्वविद्यालय, केन्द्रीय पुस्तकालय*

१९९० को दशकमा डिजिटल प्रविधिको विकाससँगै शैक्षिक स्रोतहरूलाई डिजिटाइज गर्न थालियो र arXiv तथा DSpace जस्ता खुला पहुँच प्लेटफर्महरूको सुरुवात गरियो। सन् २००० को मध्यकालदेखि विभिन्न देशहरूले Shodhganga (भारत) र BdREN- Bangladesh Research and Education Network (बङ्गलादेश) जस्ता राष्ट्रिय ज्ञान भण्डारण प्रणालीहरू विकास गर्न थाले। सन् २०१० पछि एकीकृत संरचनामा उपलब्ध हुन थाल्यो जुन Findable, Accessible, Interoperable, Reusable (FAIR) सिद्धान्तमा आधारित हुनुपर्ने नियम बनाइयो। युरोपभरी OpenAIRE प्लेटफर्महरू प्रयोग भए जुन विश्वको जुनसुकै देशबाट पनि प्रयोग गर्न सकिने भयो। आज कृत्रिम बुद्धिमता (Artificial Intelligence) को आविष्कारसँगै सबै केन्द्रीय रिपोजिटोरीहरू AI सँगै एकाकार हुने प्रणालीलाई प्राथमिकता दिइएको छ।

**विश्वका केही राष्ट्रिय ज्ञान भण्डारण प्लेटफर्महरू तल उल्लेख गरिएको छ :**

| देश | राष्ट्रिय ज्ञान भण्डारण प्लेटफर्मको नाम | फोकस |
|---|---|---|
| अमेरिका | PubMed Central, NSF-PAR | Biomedical & federally funded research |
| बेलायत | Gateway to Research (GtR) | UKRI-funded research |
| चीन | CNKI | राष्ट्रिय शैक्षिक ज्ञान पूर्वाधार |
| भारत | शोधगङ्गा (Shodhganga), NDLI | विद्यावारिधि (थेसिस) र डिजिटल ज्ञान |
| अष्ट्रेलिया | Trove | सांस्कृतिक तथा अनुसन्धानसम्बन्धी डेटा |
| क्यानडा | OpenGov Portal, Theses Canada | खुला डेटा र शैक्षिक थेसिसहरू |
| जर्मनी | OpenAIRE DE, DNB | ओपन एक्सेस र र विद्यावारिधि अनुसन्धान |
| जापान | JAIRO, NDL | संस्थागत अनुसन्धान रिपोजिटोरीहरू |
| फ्रान्स | HAL | प्रारम्भिक संस्करण (Preprints) र खुला अनुसन्धान |
| ब्राजिल | CAPES, SciELO | स्नातकोत्तर थेसिस, खुला जर्नलहरू |
| बङ्गलादेश | BdREN Repository, DU Institutional Repository | University research outputs, academic theses, digital archives |
| श्रीलङ्का | NASTEC Repository, University of Colombo e-theses | विज्ञान प्रविधि अनुसन्धान, स्नातकोत्तर थेसिस |
| भुटान | RUB e-Library, DSpace at Sherubtse College | शिक्षण सामग्री, संस्थागत ज्ञान |
| पाकिस्तान | Pakistan Research Repository (Higher Education Comission-HEC) | पाकिस्तानी विश्वविद्यालयहरूका विद्यावारिधि थेसिसहरू, राष्ट्रिय अनुसन्धान |

## ३. नेपालमा केन्द्रीय रिपोजिटोरी स्थापनाको आवश्यकता

नेपालमा हालसम्म स्पष्ट राष्ट्रिय डिजिटल रिपोजिटोरी नीतिको अभाव रहेको छ। नेपालका केही विश्वविद्यालयहरूले DSpace मा संस्थागत रिपोजिटोरी निर्माण गरेका छन्, तर तीमध्ये अधिकांश अलग-अलग छन् र तिनीहरूको बिचमा समन्वयको अभाव छ। केन्द्रीयस्तरको प्रविधिक संरचना बनाउनु अत्यावश्यक छ जसले यी सबै संस्थागत प्रयासलाई जोड्न सकोस्।

यद्यपि, शिक्षा तथा प्रविधि मन्त्रालय र विश्वविद्यालय अनुदान आयोग (UGC) ले विभिन्न विश्वविद्यालयहरूलाई संस्थागत रिपोजिटोरीहरू स्थापना गर्न प्रोत्साहन गरेका छन्, तर तिनलाई एकीकृत गर्ने राष्ट्रव्यापी नीति र संरचना अझै बनिसकेको छैन। वर्तमान समयमा अनुसन्धान नतिजा सङ्कलन, वर्गीकरण, स्वामित्व सुरक्षा, र पहुँच व्यवस्थापनसम्बन्धी स्पष्ट नीति निर्माण गर्नु अपरिहार्य भइसकेको छ।

डिजिटल रिपोजिटोरी प्रणालीहरू जस्तै DSpace, EPrints, वा Fedora Commons प्रयोग गरेर अन्तर्राष्ट्रिय मापदण्डअनुसार कोडिङ, मेटाडाटा संरचना (Dublin Core) र OAI–

PMH आधारित सूचनाको आदानप्रदान प्रविधि प्रयोग गर्न सकिन्छ । भारतको Shodhganga, बङ्गलादेशको BdREN र श्रीलङ्काको National e–Repository जस्ता SAARC मुलुकहरूको सफल अभ्यासहरूमा पर्दछन् भने नेपालका लागि यी योजनाहरू प्रेरणादायी छन् । क्षेत्रीयस्तरमा अनुभव आदान-प्रदान, प्राविधिक तालिम र नीति निर्माणमा सहयोग प्राप्त गर्न विभिन्न विश्वविद्यालय, सङ्घसंस्था आदिसँग सहकार्य गर्न सकिन्छ।

केन्द्रीय रिपोजिटोरी स्थापनाका लागि Digital Repository Policy वा Open Access Policy को निर्माण आवश्यक छ। UGC, उच्च शिक्षा विभाग, MoEST, विश्वविद्यालयजस्ता निकायलाई समावेश गरेर कार्यदल गठन गर्नु उपयुक्त हुनेछ । बौद्धिक सम्पत्ति अधिकार (IPR), पहुँचको अधिकार, सामग्रीको प्रकार र गुणस्तर निर्धारण गर्न स्पष्ट मापदण्ड पनि बनाउनुपर्छ।

नेपाल सरकारले स्पष्ट नीति निर्माण गरी UGC, विश्वविद्यालयहरू र प्रविधि विज्ञहरूबिच सहकार्य गर्दै राष्ट्रिय केन्द्रीय रिपोजिटोरीको संरचना स्थापना गर्न सकियो भने, नेपालको अनुसन्धान प्रणालीमा गुणात्मक सुधार आउन सक्छ। यसले बौद्धिक सम्पत्तिको संरक्षण मात्र होइन, अनुसन्धानलाई राष्ट्रिय विकासका प्राथमिकतासँग जोड्न सहयोग गर्नेछ।

**सन्दर्भसूची**


Armbruster, C., & Romary, L. (2010). Comparing repository types: Challenges and barriers for subject-based repositories, research repositories, national repository systems and institutional repositories in serving scholarly communication. *International Journal of Digital Library Systems, 1*(4), 61–73. https://doi.org/10.4018/jdls.2010100105

Aryal, J. (2013). *The central open access repository in Nepal* [Case study]. EIFL. This case study details the establishment of a DSpace–based central OA repository in Nepal and analyzes its support structure and success factors nepjol.info+11

Chan, L., & Costa, S. (2005). Participation in the global knowledge commons: Challenges and opportunities for research dissemination in developing countries. *New Library World, 106*(3/4), 141–163. https://doi.org/10.1108/03074800510587354

Dublin Core Metadata Initiative. (n.d.). *Dublin Core Metadata Element Set, Version 1.1*. https://www.dublincore.org/specifications/dublin-core/dces/

Nyaichyai, L. (2023). Available DSpace repositories in Nepal: Describing their local adoptions. *Contemporary Research: An Interdisciplinary Academic Journal, 6*(1), 94–106. https://doi.org/10.3126/craiaj.v6i1.55388

Shodhganga (INFLIBNET Centre). (2023). *Shodhganga: Indian national repository of theses and dissertations*. INFLIBNET Centre.

# केही संस्मरणः सार्वजनिक पुस्तकालय सम्बन्धमा

इन्द्र रेग्मी*

खै कसरी हो कुन्नि ! पुस्तकहरू पढ्ने मेरो सानैदेखि लत बस्यो। अझ यसो भनौँ अक्षरहरूसँग मेरो मोह अक्षरहरू चिनेदेखि नै हो। बाल्यकाल, त्यतिबेलाको भारतको ठुलो सहर कलकत्तामा बितेकाले र प्राथमिक शिक्षा (कक्षा ५ सम्म) त्यहीँ पढेकाले मलाई अक्षरहरूसँग एक किसिमको प्रेम सम्बन्ध स्थापित भयो। बाटोमा मिल्केका चुरोटका बट्टाहरू र सलाइका खोकाहरूमा लेखिएका एकएक अक्षर मलाई पढ्नै पर्थ्यो। नेपाली, अङ्ग्रेजी, हिन्दी र बङ्गाली भाषाका अक्षरहरू राम्रैसँग पढ्न सक्थेँ म त्यतिबेला। मलाई पढेर मात्र हुँदैनथ्यो। त्यसको अर्थ पनि थाहा पाउने जिज्ञासा हुन्थ्यो। त्यसैले आफूले जे बुझ्दैनथेँ, त्यो उत्तिखेरै आफूले जान्ने ठानेका व्यक्तिहरूसँग सोधिहाल्थेँ। त्यतिबेला 'चारमिनार' नामको चुरोट निस्कन्थ्यो, कलकत्तामा। म त्यसको बट्टामा रहेको चित्र पढ्थेँ र त्यसको अर्थ पनि बुझ्न खोज्थेँ। पछि थाहा भयो, त्यो भारतको हैदराबादमा रहेको चारवटा खम्बाको भवन रहेछ। मुसलमानहरूको धार्मिक स्थल, जुन सन् १५९१ मा बनेको थियो। मैले यहाँ भन्न खोजेको के हो भने - जति पढ्न खोज्यो, त्यति नै ज्ञानको भोक जाग्दो रहेछ र मान्छेले नयाँ कुराहरू थाहा पाउन सक्ने रहेछ।

त्यस्तै कलकत्ता सहरका बाटामा हिँड्दा होस् या यातायातका साधनहरूमा चढेर कतै जाँदा होस्, बाटामा भेटिएका प्रत्येक पठनीय सामग्रीहरू अर्थात् साइनबोर्डदेखि बसमा लेखिएका सामग्रीहरू सबैजसो नै पढ्न र बुझ्न मन लाग्थ्यो। कति तत्कालै बुझ्थेँ, कति नबुझेर कौतूहलता मनमा खेलिरहन्थ्यो। यहाँ भन्न खोजिएका कुरा के हुन् भने बाल्यकालमा बसेको यही पढ्ने बानीले नै पछि पुस्तक र पुस्तकालयको खोजी गर्ने ठाउँमा मलाई ल्याइपुऱ्यायो। कलकत्तामा स्कुलमा पढ्दा मेरा धेरैजसो साथीहरू हिन्दीभाषी नै थिए। एक दिन कताबाट मेरो हातमा नेपाली बालसाहित्यको एउटा सानो किताब हात परेको रहेछ। म अहिले त्यो किताबको नाम सम्झन्नँ। तैपनि त्यो पुस्तकहरूमा रहँदा केही गीत, कविताहरू जोडजोडले कराएर पढ्दा। सबै विद्यार्थीहरू ट्वाल्ल परेर मेरो मुखतिर हेर्थे र अचम्भित बन्थे। मचाहिँ अझै उत्साहित बन्थेँ। के के न बहादुरी गरेँ भनेर उनीहरू जिल्ल पर्थे किनकि उनीहरूलाई भाषाको समस्या थियो। धन्न त्यतिबेला शिक्षकहरू कक्षाकोठामा आएका हुन्थेनन् र म गाली खानबाट बच्थेँ।

सायद यिनै बाल्यकालका बानीहरूले होला मलाई पुस्तकप्रतिको मोह क्रमशः बढ्दै गयो, जुन हालसम्म पनि कायमै छ। २०२६ सालमा एस.एल.सी. दिएर म फुर्सदमा थिएँ। माघ महिनामा दिएको परीक्षाको नतिजा जेठ-असारमा हुन्थ्यो। पुस्तक पढ्ने बानी भए पनि पुस्तकालयका बारेमा चाहिँ म त्यतिबेलासम्म अनभिज्ञ नै थिएँ। भरतपुरको भ्याट कार्यालय अगाडि पाटन निवासी स्व. अमिरबहादुर राजभण्डारीको घर थियो। उनको आँगन ठुलै थियो। कताबाट हो, त्यहाँ एउटा गतिलो घुम्ती पनि थियो। त्यही साँधमै खम्बासिंह कुँवरको घर थियो, जो कम्युनिष्ट पार्टीप्रति आस्था राख्थे र पछि माओवादी पार्टीका केन्द्रीयस्तरका नेता हुँदै उनको केही समयपहिले मात्र मृत्यु भएको छ। उनी, उनका ज्वाइँ टेकबहादुर थापा, विष्णुराज भारो, स्वयम् अमिरबहादुर राजभण्डारी र मसमेत केही अन्य छिमेकी भएर त्यहाँ एउटा पुस्तकालय खोल्यौँ। हामी बेलुका ४-५ बजेतिर त्यहाँ जम्मा हुन्थ्यौँ। पुस्तकहरू थोरै थिए, तैपनि महत्त्वपूर्ण पुस्तकहरू भएको अहिले पनि सम्झना छ र म त्यो पुस्तकालयको व्यवस्थापन पनि हेर्थेँ। यसलाई अहिलेको भाषामा 'सार्वजनिक पुस्तकालय' भनिन्छ। सार्वजनिक पुस्तकालय आफैँले सञ्चालन गरेको यो मेरो पहिलो अनुभव थियो।

चितवनकै नारायणगढ बजारमा उद्योग वाणिज्य सङ्घको भवनमा नारायणी पुस्तकालय थियो र म त्यतिबेला (२०२४ सालमा) स्कुलको शिक्षक भइसकेको थिएँ। स्कुल बिदा भएपछि म प्रत्येक दिन त्यो पुस्तकालयमा पुग्थेँ र त्यहाँको सदस्य भएका नाताले पुस्तकहरू इन्ट्री गरेर घरमैं ल्याउँथे र एउटा पुस्तक पढ्न एक दिनभन्दा बढी लाग्दैनथ्यो। हिन्दी र नेपालीमा मेरो समानस्तरको पहुँच भएकाले म त्यहाँबाट आफ्नो रुचिअनुसारका पुस्तकहरू ल्याएर पढ्थेँ। साँच्चै भन्ने हो भने, मेरो पढ्ने बानीको विकास गर्न 'नारायणी पुस्तकालय'को अतुलनीय योगदान छ। साथीहरू प्रभातकुमार जोशी, किरणगोविन्द अमात्य, भानु जोशी, सुभाषचन्द्र पिया, जीवन पियालगायतका साथीहरू थिए। अझै भन्ने हो भने मेरो नेपाली साहित्यमा कलम चलाउने थोरबहुत ज्ञान

*भरतपुर-११, चितवन*

पनि त्यही पुस्तकालयले दिएको हो। किनकिन निश्चित समयको अन्तरालमा कविगोष्ठी भइरहन्थ्यो। त्यसले *तिर्सना* नामको पत्रिका निकाल्थ्यो। त्यहाँ मैले पनि आफ्ना रचनाहरू छपाउँथे। प्रतियोगितात्मक कविगोष्ठीमा मैले हरेक पटक एउटा न एउटा पुरस्कार जित्थेँ।

वि.सं. २०२७-०२८ तिर मेरो सम्पर्क तत्कालीन जिल्ला पञ्चायतको पुस्तकालयसँग पनि रह्यो। हाल सभागृह बन्दै गरेको कम्पाउण्डमा जिल्ला पञ्चायतको कार्यालय थियो। त्यसै भवनभित्र एउटा काठे घर पनि थियो र त्यो पुस्तकालय थियो। त्यहाँ एक जना कर्मचारीको व्यवस्था गरिएको थियो। म त्यतिबेला स्थानीय एउटा प्राथमिक विद्यालयको प्रधानाध्यापक भएका नाताले कहिलेकाहीँ त्यहाँ पनि पुग्नुपर्ने हुन्थ्यो। पुस्तकालयसम्बन्धी कुराहरूमा अलि पहिलेदेखि नै चाख लाग्न थालेकाले त्यहाँको पुस्तकालयमा म जान्थेँ र पुस्तकहरू लाने-ल्याउने गर्थें। पछि त्यो काठे घर भत्काइयो र हालको गेस्ट हाउस (जहाँ अहिले एउटा प्राइभेट इन्स्टिच्युट सञ्चालित छ) को भवनमा ती पुस्तकहरू सारेर त्यहाँबाट पुस्तकालय सञ्चालन हुन थाल्यो। जिल्ला पञ्चायतबाट सञ्चालित त्यो पुस्तकालयमा हिन्दी र नेपाली साहित्यका अत्यन्त महत्वपूर्ण पुस्तकहरू सङ्कलित थिए र हिन्दी साहित्यका केही महत्त्वपूर्ण पुस्तकहरू मैले त्यहीँबाट अध्ययन गरेको थिएँ। राहुल साङ्कृत्यायन र यशपालका थुप्रै महत्त्वपूर्ण पुस्तकहरू त्यहीँ अध्ययन गरेको थिएँ। पछि यहाँबाट यी पुस्तकहरू परिवार नियोजन चोकमा रहेको जिल्ला पञ्चायत र प्रमुख जिल्ला अधिकारीको कार्यालय रहेको एउटा कोठामा सारियो। २०३६ सालसम्म पनि त्यहाँ केही पुस्तकहरू मैले देखेको हुँ। दुर्भाग्यवश त्यसपछि त्यहाँ पुस्तकालय र पुस्तकको केही नामोनिशान छैन। जसरी जिल्ला पञ्चायतमा रहेको पुस्तकालय विलुप्त भयो, त्यसरी नै नारायणगढमा रहेको नारायणी पुस्तकालय पनि, जसको उल्लेख मैले माथि गरेको छु। त्यो पुस्तकालय पनि नारायणगढमै रहेको 'नेपाल-भारत मैत्री वाचनालय', जो तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य हरिकुमार श्रेष्ठको नारायणगढको मुख्य बजारमै रहेको घरमा सञ्चालित थियो, त्यसैमा नारायणी पुस्तकालय पनि ल्याएर गाभियो। केही समय (सायद २०३१-०३२ सालसम्म हुनुपर्छ) पछि त्यो पुस्तकालय त्यहाँ सञ्चालन भएको हो। त्यसको मुख्य रेखदेखकर्ता नारायणगढ निवासी नेपाली काङ्ग्रेसका नेता स्व. महेश्वरलाल श्रेष्ठबाट हुँदै छ भन्ने थाहा पाएको थिएँ। केही समयपछि त्यो पनि नारायणगढ निवासी श्यामकृष्ण प्रधानको बजारकै घरको पछाडिपट्टि नारायण नदीतिर फर्किएको एउटा कोठामा केही पुस्तक र बाहिर ढोकामाथि पुस्तकालयको बोर्ड देखिन्थ्यो। समयको अन्तरालमा पछि त्यो पनि कता हरायो, अहिले म यकिनका साथ भन्न सक्दिनँ। हालाङ्की नारायणी पुस्तकालयका सुरुवाती सञ्चालक केही अहिले पनि बजारमै हुनुहुन्छ। उहाँहरूलाई सोध्छु, यसबारे खुलेर बोल्न चाहनुहुन्न। मलाई अहिले पनि नारायणी पुस्तकालय विलुप्त भएकोमा अत्यन्तै दुःख लागिरहन्छ, किनकि यो पुस्तकालयले मेरो साहित्य पढ्ने र लेख्ने बानीको जग बसालेको थियो।

भरतपुर-१२ को नौरङ्गे, धनगढा मन्दिरकै आडमा एउटा पुस्तकालय केही पुस्तकहरू र आफ्नो भवनका साथ विद्यमान छ। त्यसको जग बसाल्नमा त्यहीँका स्थानीयबासी भविलाल घिमिरेको मुख्य हात थियो। घरको नजिक भएकाले स्थापनाको सुरुवातीकालमा म पनि यसमा सङ्लग्न थिएँ। देउसी-भैलो खेलेर केही पुस्तकहरू र एउटा सानो दराजसम्म जोडिएको थियो तर त्यसको हेरचाहमा कसैको ध्यान नपुग्नाले त्यो पनि भूत बङ्गलाजस्तो भएर बस्यो। अहिले त्यो पुस्तकालय आफ्नो पक्की भवनमा धनगढा मन्दिरकै आडमा अवस्थित छ। हामीले म बसोबास गरेको वार्ड भरतपुर-११, भोजाडमा २०६०-०६१ सालतिर एउटा पुस्तकालय स्थापना गर्‍यौँ। स्थानीय सबै विचारका मानिसहरूको त्यहाँ सङ्लग्नता थियो। हामीले केही पुस्तकहरू जम्मा गर्‍यौँ। स्थानीय एक जना विद्यार्थीलाई दिनको दुई घण्टा पुस्तकालय खोल्ने भनेर थोरै पारिश्रमिकसहित नियुक्ति पनि गर्‍यौँ। स्थानीय एक महिलाले आफ्नो घरको एउटा सटर दुई वर्षसम्मका लागि पुस्तकालयलाई निःशुल्क रूपमा पनि दिइन्। म आफू पनि पेसागत रूपमा पुस्तकालयकर्मी भएकाले मैले त्यहाँ निःशुल्क रूपमा प्राविधिक सेवा पनि उपलब्ध गराएँ। स्थानीय धनन्जय शर्मा ढकालले अहिलेको मूल्यमा लगभग २५-३० लाख पर्ने छ धुर जग्गा पनि पुस्तकालयलाई रजिष्ट्रेसन पास गरी दिएका हुन्। त्यतिबेला त्यो ठाउँ अलि अपायकजस्तो लागेर अलि पायक पर्ने ठाउँमा रहेको ऐलानी जग्गामा पुस्तकालय भवन बनाउन सुरु गरियो। अहिले पनि त्यहाँ भवनका पिल्लरहरू झरीले रुझेर बसिरहेका छन्। त्यो जग्गामा छिमेकी एक जनासँग अदालतमा मुद्दा पनि पर्‍यो। मुद्दा पुस्तकालयले जित्यो। त्यति हुँदा पनि न त पुस्तकालय बन्यो, न त पुस्तकहरू नै सुरक्षित रहन सके। यसमा सबैभन्दा बढी सक्रियता देखाउने स्थानीय तिलक अधिकारी सुस्ताएको स्वरमा खुइय्ऽऽ काढ्छन् अहिले। त्यो पुस्तकालयको नाम जुरेको थियो - 'पारिजात पुस्तकालय'। नेपाली साहित्यमा पारिजात र फूलमा पारिजात कहिल्यै ओइलाउँदैनन् भनेर राखिएको नाम थियो तर अहिले यो पुस्तकालय पनि ओइलाएर बसेको छ।

हुन त मैले २०३३ वैशाखदेखि २०६७ साल माघसम्म विभिन्न क्याम्पसका पुस्तकालयहरूमा पुस्तकालय प्रमुखको रूपमा काम

गरेको छु। त्यहाँ काम गर्दाका तीतामीठा अनुभवहरू मैले विभिन्न ठाउँमा व्यक्त गरिसकेको छु र आवश्यक पर्दा र प्रसङ्ग मिल्दा पुनः गर्न पनि सकिनेछ तर अहिलेलाई सार्वजनिक पुस्तकालयहरूको सम्बन्धमा मेरा विचारहरू, यसको आवश्यकता, यसबाट हुने फाइदाहरूको बारेमा मेरा केही संस्मरणहरूसहित मिसाएर लेख्ने भएकाले मैले जागिरे जीवनमा बिताएका पुस्तकालयहरूका बारेमा यहाँ खासै उल्लेख गर्नुपर्ने आवश्यकता देखिनँ, तैपनि मैले ३३ वर्ष बिताएका विभिन्न क्याम्पसहरूको नामसम्म यहाँ उल्लेख गर्दा त्यति अनुपयुक्त नलागेकाले यहाँ उल्लेख गर्न लागेको छु। ती हुन् - वीरेन्द्र बहुमुखी क्याम्पस-भरतपुरको पुस्तकालय, चितवन कृषि तथा पशुविज्ञान अध्ययन संस्थान-रामपुरको पुस्तकालय, काठमाडौँमा रहेको शङ्कर देव क्याम्पसको पुस्तकालय, वीरगन्जमा रहेको ठाकुरराम बहुमुखी क्याम्पसको पुस्तकालय र अन्तमा भरतपुरमै रहेको सप्तगण्डकी बहुमुखी क्याम्पसको पुस्तकालयका साथै गोर्खा, लमजुङका पुस्तकालयहरूमा पनि मैले प्राविधिक सेवा दिएको थिएँ।

यति धेरै बेलिविस्तार लगाउनका कारण के हो ? मानिसमा पढ्ने चेतनाको विकास र बानी बसाल्नमा सार्वजनिक पुस्तकालयको अत्यन्त ठुलो भूमिका रहन्छ । मेरो आफ्नै जीवनमा घटका यससम्बन्धी घटनाहरूले पनि यसको पुष्टि गर्न मद्दत गरोस् भनेर यहाँ उल्लेख गर्ने धृष्टता गरैं । पुस्तकालय, अझ सार्वजनिक पुस्तकालयको महत्त्वका बारेमा यति भनिसकेपछि अब यसको स्थिति के छ, अहिले देशमा ? भनेर केही भन्नुपर्ने नै हुन्छ। एकताका देशैभर पुस्तकालय खोल्ने लहर नै चलेको थियो । टोलटोलमा, गाउँगाउँमा पुस्तकालयहरू खुलेका थिए । यसले मानिसको पढ्ने बानीमा धेरथोर विकास गरेकै थियो । पुस्तकालय खोल्ने होडबाजी चलेर थुप्रै सार्वजनिक पुस्तकालयहरू खुले पनि यसको स्थायित्वतिर भने खोल्नेहरूले त्यति धेरै ध्यान दिइएको पाइँदैन। नेपालमै पनि सार्वजनिक र सामुदायिक पुस्तकालयहरू थुप्रै खुलेका छन् तर अहिले खुलेका ती सबै पुस्तकालयहरूको स्थिति के छ भनेर खोज्ने नै हो भने हाम्रो टाउको निहुरिन्छ। खुलेका अधिकांश यस्ता पुस्तकालयहरू कि त बन्द नै भएका छन् कि धिकिर-धिकिर भएर चलिरहेका छन् । पुस्तकालय खोल्नु मात्रै ठुलो कुरा होइन, यसका दीर्घजीवन र सुव्यवस्थित सञ्चालनमा ध्यान पुऱ्याइएन भने पुस्तकालयको सङ्ख्या जति नै भए पनि यो गनौटेमा सीमित रहनेछ । अहिले विद्यालय, क्याम्पसमा पनि पुस्तकालयहरू खुलेका देखिन्छन् तर यसको व्यवस्थापन पक्ष यति कमजोर छ कि यहाँ पनि पुस्तकालय छ र ! भन्नुपर्ने स्थिति देखिन्छ।

हुन त नेपालको राष्ट्रिय पुस्तकालय, जुन समस्त राष्ट्रको गौरव हो । आज त्यसको स्थिति त यति नाजुक छ कि नेपालमा पनि राष्ट्रिय पुस्तकालय छ र ! भन्ने स्थिति पुगेको छ । बल्लतल्ल यसको भवनसम्म बन्ने कुराले गति लिएको छ भन्ने सुनिन्थ्यो । त्यो पनि अहिले थला परेको छ। आशा गरौँ नेपालको सार्वजनिक र आवश्यक पुस्तकालयको स्थापना, व्यवस्थित सञ्चालन र दिगोपनामा सम्बन्धित हामी सबैको ध्यान जाओस्। केही वर्ष यता सार्वजनिक र सामुदायिक पुस्तकालयको स्थापना र व्यवस्थापनमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, रिड नेपाल, शान्ति भोलन्टियर एसोसिएसन जापानजस्ता संस्थाहरू लागेका छन् । खास गरेर ग्रामीण इलाकामा पुस्तकालय सञ्चालनमा यी संस्थाहरूको बढी ध्यान केन्द्रित भएको देखिन्छ । यो एकदमै राम्रो पक्ष हो, तर पनि सम्बन्धित समुदायका व्यक्तिहरू नै यसमा बढी नलाग्ने हो भने यो औपचारिकतामा नै सीमित हुनेछ। म यस लेखमार्फत नेपाल सरकार, शिक्षा मन्त्रालयलाई के अनुरोध गर्न चाहन्छु भने कम्तीमा एक स्थानीय निकाय, एक पुस्तकालयको अवधारणा ल्याए सबै स्थानीय निकायहरूलाई यस सम्बन्धमा उत्प्रेरित गरोस् र गाउँपालिका तथा नगरपालिकाहरूले पनि पुस्तकालय स्थापना र यसको सुव्यवस्थित सञ्चालनमा ध्यान पुऱ्याओस्। यो झारा मात्र टार्ने किसिमले नहोस्।

# समृद्ध नेपाल सुखी नेपाली

**उपप्रा. डा. गोविन्दप्रसाद आचार्य***

समृद्ध नेपाल सुखी नेपाली देख्दा भावात्मक शब्दावलीजस्तो देखिन्छ। आजसम्मका राज्यको स्वरूप हेर्दा भन्नेहरूले कल्पनाको नजिक छ भन्लान्। यसो भन्नु पनि अस्वाभाविक हुन्न। आणविक हतियारको आतङ्कले मानव जातिको बाँच्न पाउने हक खोस्न लागेको देख्दा दिनप्रतिदिन नरसंहारको कारुणिक स्थिति देख्दा कसैको आँखामा पनि निद्रा लागेको छैन। सारा मानव जातिको निन्द्रा थोरै व्यक्तिको महत्त्वाकाङ्क्षाले हठात् खोसिरहेको छ तर संसारमा जन्मिएका मानव जातिले सुखपूर्ण जीवन बिताउन पाउनुपर्छ। यो विश्वव्यापी मान्यता हो। यहाँ चर्चा गर्न खोजिएको समृद्ध नेपाल सुखी नेपाली योजना र लक्ष्यसहितको नारा हो। जसमा श्रमिकहरू समेटिएका हुन्छन्। कसैको श्रम लुटेर खाने अधिकार कसैलाई छैन सबैलाई काम लगाउनुपर्छ। काम गरे विकास हुन्छ भन्ने मान्यता हो। देश र विश्वशान्ति र सन्देशको क्रियाशील अभियान हो। सुखी नेपाली बन्नु कुनै समस्याको विषय होइन। जो कोही पनि गरिखाने वर्गले बसेर खान खोजेको छैन। कामको खोजीमा विदेशको भूमिमा समेत पुगेको छ, हाडछाला घोटेको छ, पसिना बगाएको छ, मरुभूमिलाई हराभरा बनाएको छ, विप्रेषण पठाएको छ। यदि त्यो वर्ग यहाँ रहेर काम गर्दो हो त सुखी नेपाली छिट्टै हुने सम्भावनालाई अस्वीकार गर्न सकिन्न। कुनै पनि योजना निर्माण गर्नभन्दा अघि वस्तुवादी विचारले निर्देशन गर्नुपर्छ। योजनाहरू सुखी नेपाली बनाउने लक्ष्यकेन्द्रित हुनुपर्छ। सिद्धान्त र व्यवहारका बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुनुपर्छ। यस नार ासँग देशको सम्पूर्ण परिवेश जोडिएको छ। यदि यो नारामा केन्द्रित भएर योजनाहरूको तर्जुमा गर्ने हो भने कुनै पनि राम्रो नतिजालाई असम्भव र असफल देख्नु पर्दैन। राम्रो नारासँग राम्रा योजना बन्छन् र राम्रा विचारहरू फुरेका हुन्छन। हिमालदेखि तराईसम्म मेचीदेखि महाकालीसम्म बसोबास गर्ने थरीथरीका फूलहरू अनेक संस्कृतिका कलाहरू सबै यो देशका गहनाहरू हुन्। आजसम्मको स्थितिलाई हेर्दा हुनेखाने र बलियाहरूको मात्र देश भएको छ। समृद्ध नेपाल सुखी नेपालीको नाराले सबैको देश बनाउने, सबैले गरिखाने उद्घोष गरेको छ। जसका लागि केही राम्रा काम पनि भएका छन् र छिट्टै पुरा हुने योजनामा छन्।

यसै अनुरूप धेरै विश्वविद्यालयहरू खुलिरहेका छन् जहाँ नयाँ नयाँ विषयहरूले प्रवेश पाएका छन्। यो कति खुसीलाग्दो कुरा हो। टोलैपिच्छे स्कुलहरू खुलेका छन। सुन्दर भविष्य निर्माणका लागि ससाना बालबालिकाहरू झोला बोकेर हिँडेको मनमोहक दृश्य कसलाई नरमाइलो लाग्ला र ? जहाँ देश, संसार र मानव जातिको कल्याण जोडिएको छ। संसारका नयाँ विषयले क्षितिज उघारेको छ। महिला, जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडा वर्ग, ज्यैष्ठ नागरिकका कुरा सञ्चारका माध्यमबाट र व्यवहारमा पनि बाढी जसरी नै उर्लिएका छन् यो आवश्यकता र स्वाभाविक पनि हो तर अपाङ्गता भएका व्यक्तिहरूको विषयमा त्यस्तै भइदिए कस्तो हुन्थ्यो। सञ्चारका माध्यमले फाट्टफुट्ट रूपमा कुरा नउठाएका हैनन् जति उठाउनुपर्ने हो त्यस रूपमा महत्त्व दिएका छैनन्। तिनीहरूले यो बुझ्नुपर्छ कि अपाङ्गता भएका व्यक्तिहरू सबै तह र वर्गमा छन्। के दलित, के महिला, के जनजाति, के मधेसी, के मुस्लिम सबै जाति र वर्गमा अपाङ्गता भएका व्यक्तिहरू छन्। तिनीहरूले समेत अपाङ्गता भएका व्यक्तिहरूलाई महत्त्व दिएका छैनन्। यसरी हेर्दा अपाङ्गता भएका व्यक्तिहरू अभिभावकविहीन छन् तिनीहरूको आवाज उठाइदिने कसले हो ? अपाङ्गता बन्ने क्रम दिनप्रतिदिनको समस्या हो। जहाँ युद्ध भइरहेको छ त्यहाँ अपाङ्गता भएका व्यक्तिहरूको वृद्धि दिनहुँ भइरहेको छ। यस्तो विकराल समस्या देख्दादेख्दै भविष्य नदेख्ने क्षणिक जीवनलाई महत्त्व दिने र योजना बनाउने परिपाटीले सुन्दर समाज बन्नमा बाधा पुर्‍याउनेछ। प्रविधिको विकास पनि तीव्रत्तर रूपमा भइरहेको छ। यसप्रकारको विकास देख्दा समृद्ध नेपाल सुखी नेपाली कसो नबन्ला त ? योजना, लक्ष्य, विकास विश्वविद्यालय सबैतिर सबैका चर्चा हुन्छन् तर अपाङ्गता भएका व्यक्तिहरू त्यसमा पनि दृष्टिविहीनहरूका विषयमा ठोसरूपमा योजना, लक्ष्य र विकास नभएको देख्दा समृद्ध नेपाल सुखी नेपालीको प्रतिभाशाली सन्तानपछि परेको देख्दा यस नाराले खोजी गर्‍यो भने कतै नपाउँदा वा पछि परेको देख्दा त्यो नाराका नेत्रबाट आँसु नबर्सेलान र ? आजसम्म राज्य सञ्चालक र तिनका कारिन्दाहरूले सोझा सिधाको पक्षबाट चल्न खोजेको कलमलाई समेत बाध्य बनाएर बाङ्गो घुमाइदिएको स्थिति र यथार्थले गर्दा विकास मागेको समय हामीबाट रुँदै बिदा भएको छ। त्यस्तो प्रयत्न गरिनुपर्थ्यो कि सहज रूपमा ज्ञान प्राप्त गरेर राष्ट्र र समाजलाई समेत ज्ञान, क्षमता र विकास प्रदान गर्न सक्ने सामर्थ्य भएका दृष्टिविहीनहरूलाई विकासको मूलधारमा ल्याउने

* *रत्नराज्य लक्ष्मी क्याम्पस प्रदशनीमार्ग, काठमाडौँ।*

प्रयत्न किन गरिएन ? यो हर समयले प्रश्न गरिरहेको छ। आजसम्म बोल्नेको पिठो बिक्यो तर नबोल्नेको चामल पनि बिकेन तर समृद्ध नेपाल सुखी नेपालीको वैचारिक चिन्तनमा आधारित नाराले दृष्टिविहीनहरूलाई पक्कै छुटाउने छैन अब चामल बिक्छन् बोल्नेको मात्र पिठो बिक्ने चलन बन्द हुन्छ। यसैभित्र ती नअटाउने पनि हैनन् । सबै जातको फुलबारीमा सबै फूलहरू फुल्न पाउनुपर्छ यद्यपि कसैको झापस कसैलाई नपरोस् । कसैको मल चुसेर खाने बिरुवा मात्र हुर्किएको स्थिति नहोस् । आजसम्म यस्तै देखियो दृष्टिविहीनहरू झापसमा परे विकास र उन्नति गर्न पाएनन् । यस्ता झापसहरू समृद्ध नेपाल सुखी नेपालीको वैचारिक हतियारले हाँगा फाँडेर सबैलाई उज्यालो दिनेछ। कुनै पनि नारामा दर्शन हुन्छ त्यो उज्यालो पक्ष वा अन्धकारले आजसम्म दृष्टिविहीनलाई देखेन । अन्धकारको पक्ष सशक्त रूपमा उठेकोले दृष्टिविहीनहरूलाई हेर्ने आँखा बन्द गऱ्यो। हेरे पनि टेढा नजरले हेऱ्यो, माग्नेको रूपमा हेऱ्यो, मान्छे हुन् तर अपमान गऱ्यो । शीतको दोहोलो घाम नआउन्जेल झुठको दोहोलो साँच्चो नआउन्जेल । यहाँ भन्न खोजिएको के हो भने यति धेरै विश्वविद्यालयहरूमा दृष्टिविहीनमैत्री पुस्तकालय कहाँ छ ? कसैले उत्तर दिन सक्छ ? यो गल्ती कलम बाङ्गो घुमाएर योजना भित्र धूर्त र प्राणहीन भाषा छिपाउनेहरूको हो भन्दा फरक पर्ला र ? इमान्दार र सत्य निष्ठाले खोजोस दृष्टिविहीनमैत्री पुस्तकालय कहाँ छ ? समृद्ध नेपाल सुखी नेपाली मानवीय नारा हो । जहाँ मानवका आधारभूत आवश्यकतादेखि उच्च प्रकारको इच्छा आवश्यकता जोडिएका छन् । सबैलाई समान वितरण प्रणाली पनि यसबाट टाढा रहन्न । कार्ल मार्क्स, स्टालिन, लेनिन र माओले विश्वव्यापी सोचमा समाजवादी नारा बनाए र आफ्नो देशमा प्रयोगसमेत गरे तर यो नारा विश्वव्यापी भए तापनि समृद्ध नेपाल सुखी नेपाली समाजवाद र साम्यवादको निष्कर्ष स्वरूपको नारा हो। देख्दा भावजस्तो देखिन्छ तर वस्तुसत्यबाट टाढा रहेको छैन यसले समाजका मसिनाभन्दा मसिना समस्याहरू अनुसन्धान गरी समाधान गर्नुपर्ने आवश्यकतालाई समेत ध्यान दिनेछ। जहाँ सबै नेपाली नागरिकहरू अटाएका होऊन् । यद्यपि विकासको प्रक्रियामा बेग्लाबेग्लै आवश्यकताअनुकूलको प्रयोग गर्नुपर्ला । जस्तै पुस्तकालयको सवालबाट हेर्दा दृष्टिविहीनहरूका लागि ब्रेल वा आधुनिक उपकरणहरू प्रयोग गर्नुपर्ला । यसरी हेर्दा जसलाई जेको आवश्यकता पर्छ त्यो राज्यले उपलब्ध गराउनुपर्छ।

वि.सं. २०२१ सालदेखि वैधानिक रूपले दृष्टिविहीन भएका बालबालिकाहरूका लागि पहिलो विद्यालयको स्थापना भएको हो । यसैको परिणामस्वरूप आज धेरै ठाउँमा विद्यालयहरू सञ्चालनमा छन् । ती विद्यालयहरूबाट उत्पादित विद्यार्थीहरू देशका सबैजसो विश्वविद्यालयहरूमा जेनतेन अध्ययन गरिरहेका छन् । शैक्षिक क्षेत्रमा देखा परेका समस्या र चुनौतीहरू समाधान गर्न न राज्य न विश्वविद्यालय कसैले पनि चासो नदिनुका पछाडि के कस्ता कारण र रहस्यहरू छन् त्यसलाई मनोवैज्ञानिकरूपले अध्ययन गर्नुपर्छ। समृद्ध नेपाल सुखी नेपालीले राखेको विकासको चाहना यदि त्यो पाटोलाई छोड्दा कतै घाइते त हुने हैन राज्यले काम लगाउँछ गर्नेले काम गर्दैन वा राज्यका सामु दृष्टिविहीनका समस्या पुऱ्याउँदैनन् । यो मनस्थिति कसका कारणले हुनसक्छ।

आजको विकसित युगलाई फर्काएर फेरी ढुङ्गे युगमा लैजान सकिन्न । ढिलो वा चाँडो विकासले गति लिइरहेको छ भन्नेहरू भनिरहेछन् कि अब कागजी पुस्तकालयको आवश्यकता छैन । विकसित देशहरूले कागजी पुस्तकालयहरू बन्द गरिसके । यी र यस्ता नचाहिँदा भ्रम पालेर कोही बस्छ भने त्यो साँच्चै नै भ्रममा बाँचेको छ। त्यसको ज्ञान पनि छिपछिपे र सतही हो । मस्तिष्क र सिर्जना गर्ने प्रक्रिया हात र कलमका बिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । पुस्तक पढ्दा कसैका आँखा विकिरणले खाएको छैन । मस्तिष्कले हातलाई सक्रिय गराएर जसरी वितरण गर्छ वा ज्ञानको सञ्चार गर्छ त्यस रूपमा आजको प्रविधिले गर्न सक्ला वा नसक्ला यहाँनिर प्रश्नचिह्न खडा छ । तसर्थ पुस्तकालयले प्रविधिको विकसित रूप पाउला तर कागजको पुस्तकालय बन्द हुन सक्दैन। विकसित देशहरूले १५ वर्ष मुनिका बालबालिकाहरूलाई मोबाइल र कम्प्युटर बन्द गर भन्ने अभियान चलाएका छन् तिनीहरूले पुस्तक पढेर गरिएको अभ्यासबराबर अरू हुन नसक्ने कार्य अनुसन्धान गरेरै भनेका होलान् । मोबाइल र कम्प्युटर प्रयोग गर्दा कलिला बालबालिकाहरूका आँखाको दृष्टि गुमेको स्थिति देखेर त्यसप्रकारको चिन्ताले विकसित मुलुकलाई पनि सताएकै होला। प्रत्येक टोलमा सार्वजनिक पुस्तकालय वा वाचनालयको स्थापना हुनुपर्छ । बालबालिकाको वाचन कला प्रस्ट छैन, भाषा शुद्ध छैन जसले आउँदो विकासको गतिलाई कुरूप बनाउनेछ। केबल यन्त्रमानवजस्तो मानव जाति उत्पन्न हुनेछ । सोचाइमा विकास हुनेछैन जे छ इन्टरनेटमा र मोबाइल डिभाइसमा छ भन्ने चिन्तनले विकास गऱ्यो भने आफूले कहिले सोच्ने त ? सानो हिसाब गर्दा पनि क्याल्कुलेटर थिच्नुपर्ने स्थिति किन आयो ? भ्रम सिर्जना गर्ने ज्ञानले जहाँ प्रवेश पाउँछ त्यसले मस्तिष्कलाई गम्भीर रूपमा क्षति पुऱ्याउँछ । विकसित मुलुकहरूमा पुस्तकालयहरू स्थापित हुँदै छन् तर हामीले भएका पुस्तकालयलाई बेवास्ता गरिरहेका छौँ । अध्ययन गर्दा मोबाइल र कम्प्युटरबाट निस्कने विकिरणले बालबालिकाहरूको आँखा र मस्तिष्कलाई गम्भीर रूपमा क्षति पुग्ने देखाएको छ। यसका लागि आँखा अस्पतालहरूमा देखिने बालबालिकाहरूको भिडलाई हेर्दा हुन्छ। विगतका दिनहरूमा अन्य प्रकारका रोगबाट देखिने आँखाको समस्यालाई बैज्ञानिकहरूले

निको पारिरहेका छन तर विकिरण वैज्ञानिहरूका लागि समेत समस्या बनेको छ। तसर्थ हामीले परम्परादेखि चलिआएको पुस्तक पढ्ने बानीलाई विकसित गर्दै जानुपर्छ। दृष्टिविहीनका लागि ब्रेल अति उत्तम हो । हातले छामेर पढ्न पाउनु गौरव हो । जसबाट शुद्ध भाषाको समेत ज्ञान हुन्छ । यसका लागि कम्प्युटरको प्रयोग गरेर ब्रेल डिस्प्लेजस्ता आधुनिक उपकरणहरूको प्रयोग गर्दा राम्रो हुन्छ । बारम्बार सुनेर मात्र पढ्नुपर्दा कान नसुन्ने समस्या पनि देखापर्छ । आँखा र कान दुवैको समस्याले झन् पीडित बनाउन सक्छ तर बाध्यता आज सुनेर पढ्नु पर्ने स्थिति छ अनि श्रव्यमा समेत पुस्तकहरू राज्यले निर्माण गर्न सकिरहेको छैन र निर्माण गर्नका लागि बजेट छुट्याइदिएको पनि छैन यो के गर्न खोजेको हो ? निष्क्रिय तथा प्राणहीन कलम चलाउनेहरूलाई सोध्नुपर्ने स्थिति छ। राज्यलाई यी र यस्ता विषय थाहा नभएको हैन। किन अपाङ्गहरूप्रति उपेक्षा भाव राखिन्छ ? सोच्न सक्ने मानिसलाई सोचनीय विषय बनेको छ । समृद्ध नेपाल सुखी नेपाली सबैको मर्मको चोट मेटाउने नारा वा अभियान हो । यसले कसैलाई पनि पर्गेल्न चाहन्न । यसका लागि सबै नागरिकहरू बराबर छन् तर कलम चलाउनेहरूले धर्म र नैतिकता आम नागरिकहरूलाई र विकासलाई सम्झिदिए हुन्थ्यो ।

नेपाल सरकारले गणतन्त्र आएपश्चात् अपाङ्गता भएका व्यक्तिहरूका लागि तीन तहको सरकार वडादेखि गाउँ हुँदै नगरपालिका, प्रदेश र सङ्घ सबैतिर बजेट छुट्याएको छ, स्वास्थ्य बिमा गरेको छ। शिक्षामा पनि केही लगानी गरेको छ। सम्बन्धित अपाङ्गता भएका वर्गलाई सेवा गर्ने उद्देश्यले बजेटको वितरण गरेको छ तर किन बालुवामा पानी हालेजस्तो भयो ? कहीँ पनि दृष्टिविहीनमैत्री पुस्तकालय आजसम्म स्थापित भएको छैन तर जुन विषय बढी आवश्यकताको हो त्यसलाई महत्त्व नदिनुबाट राष्ट्रलाई समेत गम्भीर क्षति पुगेको छ। पैसाको नदी देश विदेश सबैतिरबाट बग्दा पनि दृष्टिविहीनमैत्री पुस्तकालय स्थापना हुन नसक्नु शैक्षिक क्षेत्रको समेत उपेक्षा भाव हो । चन्द्रशमशेरको पालामा त्रिचन्द्र कलेजको स्थापना भयो। यो उनको रहरले थिएन विदेशीलाई देखाउने उद्देश्यले वा तिनीहरूका सामु आफ्नो लाज छोप्ने उद्देश्यले बाध्यतावश स्थापना गरिएको थियो । आजको समय चन्द्रशमशेरको समय र निरङ्कुशताको युग पनि हैन । समावेशी गणतन्त्रमा समावेशी विचार समावेशी वितरण प्रणालीमा दृष्टिविहीनमैत्री पुस्तकालय कसरी छुट्यो ? यी र यस्ता विषयहरूलाई झिनामसिना नसम्झी नागरिकहरूको आवश्यकता हो भन्ने महसुस गरी सरकार सक्रिय भएमा समृद्ध नेपाल सुखी नेपालीको नारा सत्य र वस्तुनिष्ठ रूपमा सार्थक हुन्छ।

समृद्ध नेपाल सुखी नेपालीको चाहनालाई कसैले उपेक्षा नगरौँ। यो नारा यसको र उसको भन्ने सङ्कीर्ण धारणा नराखौँ। बजेट निर्माण गर्दा देशका सबै नागरिकको आवश्यकता के मा छ त्यसमा ध्यान दिऔँ । मानव जातिले मानव जातिको शोषण गरेको स्थितिको संसार रहेसम्म सुन्दर हुने कल्पना पनि नगरौँ । दृष्टिविहीनहरूका लागि पुस्तकालय हिजोको समयमा नै आवश्यकता थियो तर आजसम्म पुरा नहुनु लज्जाको विषय बनिरहेको छ। नीति निर्माण गर्नेहरूले यस्तो लाज छोप्ने काम छिट्टै गरेमा राम्रो हुन्थ्यो। हामीले यसरी लेख लेख्नुपर्ने आवश्यकता हैन राज्य आफैले बुझ्नुपर्थ्यो तर ढुङ्गा बोल्ला मान्छे बोल्दैन किन यस्तो स्थिति ? समृद्ध नेपाल सुखी नेपालीको नारामा कतै चोट नलागोस् कतै काँढा नबिझीकन हातले छुँदा गुलाबको फूलजस्तो नरम बनोस् । सबैले आफू अटाएको महसुस गरून्। कसैलाई चित्त दुखाएको हिजोको स्थिति अब हुनुहुन्न सबैले आनन्दको महसुस गरून् यही नै समृद्ध नेपाल सुखी नेपालीको चाहना हो । कुनै पनि हालतमा दृष्टिविहीनमैत्री पुस्तकालय स्थापना हुनुपर्छ हामीले पढ्न पाऊँ भन्दा पढ्न नदिने कस्तो देश होला । मलाई एउटा प्रसङ्ग याद आउँछ देवकोटाले राजकुमार प्रभाकर कृतिमा लेखेका छन् : राजकुमार तिमी यहाँका सारा सुन्दरी सुरा जे पनि भोग गर्न सक्छौ तर पुस्तक पढ्न पाउँदैनौ। यही लोककथाले बताएका कुरा दृष्टिविहीनको सन्दर्भमा पनि लागु हुन आएकोले आजको युगले यस्ता विषयवस्तुहरू पचाउन सक्दैन। दृष्टिविहीनहरू सुरा सुन्दरी भोग गर्न चाहन्नन् तर अँध्यारोमा पनि बस्न चाहन्नन् । समृद्ध नेपाल सुखी नेपाली बन्नमा यी र यस्ता सङ्कीर्ण सोचविचार राख्ने पक्ष राम्रो हैन, विगतको राज्यभन्दा अबको राज्य फरक हो। डाक्टरहरूले हड्ताल गर्दा छिनमै पसिना कढाउँछन् तर दृष्टिविहीनहरूले पढ्न पाऊँ भन्दा नीति निर्माणदेखि सबैतिर बेवास्ता गरिन्छ। बहुदल, गणतन्त्र जुनसुकै आन्दोलनमा पनि दृष्टिविहीनहरूको सहभागिता छ। यदि नीति निर्माणको तहमा बुझेका दृष्टिविहीनलाई ठाउँ र अवसर दिने हो भने विगतको रूढिवादी मस्तिष्कका कसरमसर धोइपखाली गरी त्यसमा नयाँ मस्तिष्क भर्दिन सक्छन्। यसो भएको खण्डमा मात्र सुखी नेपाली समृद्ध नेपाल समावेशी गणतन्त्र साँच्चै सुन्दर हुन्छ।

यहाँ कसैलाई घन वा मुङ्ग्रो प्रहार गर्न खोजेको हैन। सबैका लागि चेतना भया ! देखे भोगेका कुरा वा यथार्थलाई मनमा दबाउनु राम्रो हैन । टोलटोलमा पुस्तकालय खोलिनुपर्छ । प्रविधिको कागजी बाघसँग डराउने हैन। अर्काको गुगलमा रमाउनु हुन्न। अब हाम्रो आफ्नै गुगल बनाउनुपर्छ । कति खानु मागेर अर्काको गुगल र पुस्तकालय सँगसँगै हिँड्नुपर्छ भन्ने मान्यता समृद्ध नेपाल सुखी नेपालीको हो।

# रेफसालालाई पुनः जीवन्त कसरी बनाउने ?



**भोलाकुमार श्रेष्ठ***

दक्षिण एशियाली मुलुकहरूको क्षेत्रीय सङ्गठनको आवश्यकता बारे नयाँदिल्लीमा भएको ५८ औं International Federation of Library Associations and Institutions सम्मेलनमा उठेको कुरा नेपाल पुस्तकालय सङ्घका तत्कालीन अध्यक्ष डा. साकेत बी. ठाकुरले बताएका थिए। तर यो कुरा अघि बढ्न सकेन। नेपाल पुस्तकालय सङ्घले युनेस्कोको आर्थिक सहयोगमा सन् २००४ जनवरीमा पहिलो पटक नेपालमा दुईदिने Multipurpose Community Telecenter: Networking and Future Aims विषयक अन्तर्राष्ट्रिय गोष्ठी गरेको थियो। जसमा अन्य देशका साथै बङ्गलादेश, भारत र पाकिस्तानका लाइब्रेरियनहरूको समेत सहभागिता थियो। उक्त गोष्ठीमा दक्षिण एशियाली मुलुकका लाइब्रेरियनहरू बिच पनि क्षेत्रीय सङ्गठनको आवश्यकताबारे छलफल भएको थियो।

लगत्तै सन् २००४ मा एशियाली मुलुकहरूका पुस्तकालय सङ्घहरूलाई दिगो विकाससहितको सशक्त बनाउने भन्ने विषयमा कार्यशाला श्रीलङ्कामा गर्ने भनी इफ्ला/सिडाले आर्थिक सहयोग दिने भन्ने थियो। तर श्रीलङ्कामा विभिन्न कारणले गर्दा हुन सकिरहेको थिएन। यसैबिच नेपालले सफलताकासाथ अन्तर ाष्ट्रिय गोष्ठी गरिसकेको अवस्थामा उक्त गोष्ठी नेपालमा गर्न सकिन्छ कि भनी त्रिवि केन्द्रीय पुस्तकालयका प्रमुख कृष्णमणि भण्डारीमार्फत इफ्ला फेलो प्रो. रसेल बडेनले नेपाल पुस्तकालय सङ्घमा प्रस्ताव गरेका थिए। नौ महिनाअघि मात्रै अन्तर्राष्ट्रिय गोष्ठी गरेर अनुभव बटुलिसकेको नेपाल पुस्तकालय सङ्घले यो प्रस्तावलाई सहर्ष स्वीकाऱ्यो।

नेपाल पुस्तकालय सङ्घ र त्रिवि केन्द्रीय पुस्तकालयको संयुक्त आयोजनामा मिति सन् २००४ अक्टोबर ५ देखि ८ सम्म काठमाडौँको हिमालय होटेलमा Empowering Library Association in Asia विषयक अन्तर्राष्ट्रिय कार्यशाला सम्पन्न भयो। उक्त कार्यशालामा निम्नलिखित देशका पुस्तकालय सङ्घहरूको सहभागिता थियो।

| | |
|---|---|
| इफ्ला फेलो, प्रो. रसेल बोडेन | श्रीलङ्का |
| युनेस्को दिल्लीका क्षेत्रीय सल्लाहकार, सुसान अर्नागर | डेनमार्क |
| इफ्ला/रस्काओका, कल्पनादास गुप्ता | इण्डिया |
| इफ्ला/रस्काओका, रसिदा बेगम | मलेसिया |
| डा एन्थोंन नालाथाम्बी | श्रीलङ्का |
| डा अब्दुल सत्तार, अध्यक्ष | बङ्गलादेश लाइब्रेरी एसोसिएसन, बङ्गलादेश |
| डा. मुत्तैया कोगनारुमाथ, उपाध्यक्ष | इन्डियन लाइब्रेरी एसोसिएसन, भारत |
| यु तिन मौंग लिवं, उपाध्यक्ष | म्यान्मार लाइब्रेरी एसोसिएसन, म्यान्मार |
| उपाली याप्पा, पूर्वअध्यक्ष | श्रीलङ्का लाइब्रेरी एसोसिएसन, श्रीलङ्का |
| मुहम्मद अनवर इजाज़ | पाकिस्तान लाइब्रेरी एसोसिएसन, पाकिस्तान |
| सुवाखों सिरिवोंग्वारावट | थाइल्याण्ड लाइब्रेरी एसोसिएसन, थाइल्यान्ड |
| डाताओ जावियाह बाबा | मलेशिया लाइब्रेरी एसोसिएसन, मलेशिया |

सहभागी देशहरूबिच दक्षिण एशियाली क्षेत्रीय पुस्तकालय सङ्गठनको आवश्यकतालाई विशेष जोड दिइएको थियो। अन्तमा अन्तर्राष्ट्रिय कार्यशालाकै परिणाम स्वरूप इफ्ला फेलो प्रो. रसेल बोडेनकै सक्रियतामा इफ्ला/सिडाले आर्थिक सहयोग गर्ने भएपछि मिति २०६२ साल असोज ४-६ सम्म Establishment of Regional Federation of South Asian Library

** पुस्तकालय विज्ञ।*

Associations (REFSALA) विषयक दक्षिण एशियाली मुलुकहरूको पुस्तकालय सङ्घहरूको बैठक काठमाडौँमा हुने भयो । तीन दिनसम्म चलेको उक्त बैठकबारे विस्तृतरूपमा यहाँ उल्लेख गर्न सान्दर्भिक भएकोले सोको चर्चा गरिएको छ।

दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको क्षेत्रीय सङ्गठन निर्माणका लागि नेपाल पुस्तकालय सङ्घ र त्रिवि केन्द्रीय पुस्तकालयको आयोजनामा नेपालमा गर्न निम्नलिखित व्यक्तिहरू भएको राष्ट्रिय आयोजक समिति गठन गरिएको थियो।

| | |
|---|---|
| अध्यक्ष | डा. नारायण खड्का, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग |
| उपाध्यक्ष | कृष्णमणि भण्डारी, प्रमुख, त्रिवि केन्द्रीय पुस्तकालय |
| सदस्य सचिव | भोलाकुमार श्रेष्ठ, अध्यक्ष, नेपाल पुस्तकालय सङ्घ |
| सदस्य | डा. साकेत बी. ठाकुर, पूर्वअध्यक्ष, नेपाल पुस्तकालय सङ्घ |
| सदस्य | दशरथ थापा, प्रमुख, नेपाल राष्ट्रिय पुस्तकालय |
| सदस्य | निर्मला श्रेष्ठ, प्रमुख, पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभाग |
| सदस्य | विष्णु अर्याल, अध्यक्ष |
| तुलसामाया सिटौला | शिक्षा तथा खेलकुद मन्त्रालय |
| शारदा सिवाकोटी | अध्यक्ष, स्कुल लाइब्रेरी एसोसिएसन |
| प्रतिनिधि | राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक सङ्घ |
| प्रतिनिधि | नेपाल कम्प्युटर एसोसिएसन |

**उद्घाटन सत्र**

आयोजक समितिका अध्यक्ष डा. नारायण खड्काको सभापतित्वमा होटेल हिमालयमा आयोजित उद्घाटन कार्यक्रमको प्रमुख अतिथिमा शिक्षा तथा खेलकुद मन्त्री राधाकृष्ण मैनाली थिए । आयोजक समितिका उपाध्यक्ष कृष्णमणि भण्डारीबाट स्वागत गरिएको उक्त कार्यक्रममा अन्य वक्ताहरूमा डा. सुरेशराज शर्मा, उपकुलपति, काठमाण्डौं विश्वविद्यालय; कल्पनादास गुप्ता, भारत; रशिदा बेगम, मलेसिया; र प्रो. रसेल बोडेनले कि नोट भाषण दिएका थिए । आयोजक समितिका सदस्य सचिव भोलाकुमार श्रेष्ठबाट धन्यवाद ज्ञापनसहित भोलिदेखि दुईदिन नगरकोटको चौतारी होटेलमा दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको क्षेत्रीय सङ्गठन गठन गर्ने विषयमा व्यापक छलफल भई सङ्गठन स्थापना हुने कुरामा आफू विश्वस्त रहेको विश्वास प्रकट गरिएको थियो।

**नगरकोटमा दुई दिन**

उद्घाटन सत्रको भोलिपल्ट बिहानै सबै सहभागीहरू नगरकोटको होटेल चौतारीका लागि प्रस्थान गरे । असोज ५-६, २०६२ मा दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको क्षेत्रीय सङ्गठनको गठन, नाम र विधानबारे व्यापक छलफल भयो । छलफलपछिको निष्कर्षमा "Regional Federation of South Asian Library Associations (REFSALA)" नाम राख्नेमा सबैको सहमति भयो । विधानमा व्यापक छलफल भई नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, मालदिभ्स, भुटान, श्रीलङ्काका सातैओटा मुलुकहरूका पुस्तकालय सङ्घका अध्यक्षहरू र इफ्ला/फेलो रसेल बोडेन र इफ्ला/रास्कोका कल्पनादास गुप्ताको अग्रसरता र उपस्थितिमा हस्ताक्षर भई दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको क्षेत्रीय सङ्गठनको विधान पारित भयो।

तेस्रो दिनको अन्तिम सत्रमा नेपाल पुस्तकालय सङ्घका अध्यक्ष भोलाकुमार श्रेष्ठले गौतम बुद्धको जन्मस्थल, सगरमाथाको देशको नगरकोटबाट आज अक्टोबर ८, २००५ मा दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको क्षेत्रीय महासङ्घ गठन भएको घोषणा गर्न पाउँदा आफू गौरवान्वित भएको र आज समस्त दक्षिण एशियाली लाइब्रेरियनहरूका लागि यो दिन ऐतिहासिक भएको कुरा बताए।

उनले "दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको क्षेत्रीय महासङ्घ गठन हुनु ठुलो कुरा भए तापनि यसको निरन्तरता झन् ठुलो कुरा हो। यसको निरन्तरता र दिगो विकासका लागि हामी सार्क देशका लाइब्रेरी एसोसिएसनका सबै लाइब्रेरियनहरू दत्तचित्त भएर लाग्न सकेमा अवश्य पनि यसले निरन्तरता पाउने छ। आज तपाईँहरू सबैले नेपाल पुस्तकालय सङ्घका अध्यक्षलाई २ वर्षका लागि दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको क्षेत्रीय सङ्गठनको पहिलो अध्यक्षमा चयन गर्नुभएकोमा यहाँहरू सबैलाई नेपाल पुस्तकालय सङ्घ र मेरो तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दै धेरै धन्यवाद दिन चाहान्छु" भन्दै विशेष गरी इफ्लाको आर्थिक सहयोग र इफ्ला फेलो रसेल बोडेनको सहयोगलाई हामीले भुल्न नसक्ने र आज जुन अभिभारा नेपाल पुस्तकालय सङ्घलाई दिइएको छ यो हामी अवश्य सफल बनाउनेछौँ भन्ने कुरामा विश्वास दिलाए।

यसरी सातैवटा सार्क मुलुकहरूको एउटै आवाजबाट दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको क्षेत्रीय महासङ्घको गठन

भयो। रेफसालाको विधानअनुसार जो २ वर्षका लागि अध्यक्ष हुन्छ सोही देशको पुस्तकालय सङ्घका सदस्यसचिव र कोषाध्यक्ष हुने प्रावधान राखिएको छ। अन्य देश नेपालपछि वर्णानुक्रमअनुसार अध्यक्ष हुने प्रावधान विधानमा राखिएको छ।

रेफसाला कार्यक्रमको अन्तिम दिन होटेल द्वारिकामा सांस्कृतिक कार्यक्रमसहितको कक्टेल डिनर दिइएको थियो। रेफसालामा सहभागी दक्षिण एशियाका लाइब्रेरी एसोसिएसन अध्यक्षहरू यसप्रकार रहेका थिए :-

| | |
|---|---|
| १) दीपाली तलागाला | अध्यक्ष, श्रीलङ्का लाइब्रेरी एसोसिएसन, श्रीलङ्का |
| २) डा. एम. डि. अव्दुस | अध्यक्ष, बङ्गलादेश लाइब्रेरी एसोसिएसन, बङ्गलादेश |
| ३) साहिन मोहम्मद मल्लिक | अध्यक्ष, पाकिस्तान लाइब्रेरी एशोसिएसन, पाकिस्तान |
| ४) श्रीमती हवीवा हुसेन हवीव | अध्यक्ष, मालदिभ्स लाइब्रेरी एसोसिएसन, मालदिभ्स |
| ५) डा. मुतैया कोगानुरामाथ | अध्यक्ष, इन्डियन लाइब्रेरी एसोसिएसन, इन्डिया |
| ६) दोर्जे छिरिङ | निर्देशक, भुटान राष्ट्रिय पुस्तकालय, भुटान (भुटानमा लाइब्रेरी एसोसिएसन नभएकोले) |
| ७) भोलाकुमार श्रेष्ठ | अध्यक्ष, नेपाल पुस्तकालय सङ्घ, नेपाल |

**अन्य विदेशी सहभागीहरूमा**

| | |
|---|---|
| १) प्रोफेसर रसेल बोडेन | इफ्ला फेलो, श्रीलङ्का |
| २) एण्टोन डि. नालाथाम्बी | निर्देशक, टि. ए. एफ., श्रीलङ्का |
| ३) कल्पनादास गुप्ता | पूर्वअध्यक्ष, इन्डियन लाइब्रेरी एसोसिएसन, इन्डिया |
| ४) अनावर इजाज | लाइब्रेरियन, हमदर्द युनिभरसिटी, इस्लामावाद, पाकिस्तान |
| ५) श्रीमती रसिदा बेगम | इफ्ला रसको सदस्य, मलेसिया |

यस बैठकमा नेपालसहित ४० जना पुस्तकालयविद्हरूको उपस्थिति थियो।

तर दुखःका साथ भन्नुपर्छ, रेफसाला गठन भएपछि दोस्रो बैठक काठमाडौँमा गर्ने भनी धेरै लागियो। सहयोग जुटाउन धेरै संस्थाहरूमा प्रयास गरियो। सार्कमा पनि प्रस्ताव हालियो, सरकारसँग पनि अनुरोध गरियो। यो सफल नभएपछि रेफसालामा आबद्ध पुस्तकालय सङ्घहरूलाई आफ्नै खर्चमा काठमाडौँमा आउने र बस्ने खाने र बैठकमा लाग्ने खर्च नेपाल पुस्तकालय सङ्घले बेहोर्ने भनी निम्तो पठाउँदा पनि सबैले आफ्नो खर्चले आउन नसक्ने भनेपछि रेफसालाको बैठक काठमाडौँमा हुन सकेन।

यसैबिच श्रीलङ्काले १२-१३ फेब्रअरी २००९ मा Workshop to Train Library Association Leaders and Professionals of REFSALA विषयक एउटा अन्तर्राष्ट्रिय कार्यशाला गर्ने भयो। पुस्तकालय सङ्घको अध्यक्षलाई पनि निम्तो प्राप्त भयो। रेफसालाको बैठक काठमाडौँमा गर्न नसके तापनि श्रीलङ्कामा नै सही यो एउटा ठुलो अवसर हो भनी नेपाल पुस्तकालय सङ्घका अध्यक्षले आयोजक समितिलाई पत्राचार र अनुरोध गरे। आर्थिक व्यवस्था गर्न सकिन्छ भने सार्कका सबै पुस्तकालय सङ्घका अध्यक्षलाई बोलाऔँ, यो सम्भव नभए ३ वटा देशको पुस्तकालय सङ्घका अध्यक्षहरूलाई बोलाऔँ, श्रीलङ्कासहित ४ वटा देश हुन्छ कोरम पुग्छ भनेपछि सोहीअनुसार कुन कुन देशका पुस्तकालय सङ्घका अध्यक्ष बोलाउने नाम पठाउनू भनेपछि नेपाल पुस्तकालय सङ्घका अध्यक्षले नेपाल, भारत र पाकिस्तानको नाम पठाए। सोहीअनुसार श्रीलङ्काले निम्तो पठायो। निर्धारित समयमा नेपाल पुस्तकालय सङ्घका अध्यक्ष श्रीलङ्का पुगे । भारतबाट पनि आइपुगे, तर के कारणले हो पाकिस्तानका अध्यक्ष भने आउन सकेनन् कोरम नपुगेकोले बैठक बस्न सकिएन। तर पनि नेपालका अध्यक्षले जोड गरेको थिए कि अबको अध्यक्षता श्रीलङ्काले ग्रहण गर्नुपर्दछ, तर त्यो हुन सकेन। पछि नेपाल पुस्तकालय सङ्घका अध्यक्ष प्रकाश थापा हुँदा श्रीलङ्कालाई रेफसालाको अध्यक्षता हस्तान्तरण गरेर आएको भनेको सुनियो। तर वास्तविकता थाहा भएन।

यसरी गठन भएको रेफसालालाई जीवन्त बनाउन धेरै कोसिस गरियो सफल हुन सकेन। श्रीलङ्का, भारतले पनि यसमा खासै चासो लिएन। बेला बेलामा रेफसालाबारे कुरा नउठ्ने होइन, तर जिम्मा लिएर अगाडि बढ्न कुनै पनि देशको पुस्तकालय सङ्घको अध्यक्षले चाहेन भन्नुपर्ला। सार्क सचिवालयको लाइब्रेरीमा रेश्मा डंगोल गएपछि सार्कमा यो कुरा उठन त उठ्यो तर अगाडि बढेन।

सन् २०२५ फेब्रुअरी ५-७ सम्म नयाँदिल्लीमा भएको विश्व पुस्तकालय शिखर सम्मेलनमा नेपाल पुस्तकालय सङ्घका अध्यक्ष, पुष्पराज सुवेदीले सन् २००५ मा स्थापना भएको रेफसालालाई पुनर्जीवित गर्नुपर्ने कुरालाई बलियोसँग राखेका थिए भने सार्क सचिवालयका लाइब्रेरियन रेश्मा डंगोलले रेफसालाबारे

कार्यपत्र नै प्रस्तुत गरेका थिए । फलस्वरूप रेफसालालाई पुनर्जीवित गर्न भारत, नेपाल र श्रीलङ्काका पुस्तकालय सङ्घका अध्यक्ष रहने गरी तीनसदस्यीय कार्यदल गठन भएको छ । यसको लगतै सन् २०२५ जुन २६ देखि २७ सम्म श्रीलङ्कामा भएको International Conference on Library and Information Science विषयक सम्मेलनमा नेपाल पुस्तकालय सङ्घका अध्यक्षले रेफसालालाई पुनर्जीवित गर्न कार्यपत्र नै प्रस्तुत गरेका थिए। प्रायः सम्मेलनका सबै सहभागीहरूको यसमा सहमति नै भएको कुरा पुष्पराज सुवेदीले बताउनुभएको छ।

रेफसालालाई पुनर्जीवित गर्न कार्यदलले गर्नुपर्ने रणनीति योजना के के हुनुपर्दछ भन्ने विषयमा मेरो धारणा यहाँ प्रस्तुत छ।

क) ३ सदस्यीय कार्यदल गठन भइसकेकोले उक्त कार्यदलले सदस्य देशहरूका पुस्तकालय सङ्घहरूलाई पत्राचार, अनलाइन बैठक गरी सम्पर्क अगाडि बढाउने।

ख) रेफसालाको अघिल्ला गतिविधि, उपलब्धी, कमजोरीका कारणहरू र यो किन निष्क्रिय भयो भन्नेबारे विस्तृत अध्ययन गर्ने र भविष्यको योजना बनाउने।

ग) पुरानो विधानलाई समय परिस्थितिलाई मध्यनजर राखी परिमार्जित गर्ने।

घ) निम्नलिखित विषय समावेश गरी एउटा कार्ययोजना तयार पार्ने।

१) नियमित बैठक बस्ने, अनलाइन, सामाजिक सञ्जालको व्यापक प्रयोग गर्ने।

२) वेवसाइट, डिजिटल प्लेटफर्म आदिको निर्माण गर्ने

३) दक्षता अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रम चलाउने।

४) आर्थिक स्रोतका लागि सदस्यता शुल्क उठाउने, सदस्य राष्ट्रहरूबाट केही बजेट छुट्याउन लगाउने।

५) अन्तर्राष्ट्रिय संस्थाहरूसित (UNESCO, IFLA, SAARC, ALA) सहयोगका लागि प्रस्ताव तयार गरी पठाउने।

६) अन्य पुस्तकालय सङ्घहरूसित साझेदारी गरी कार्यक्रम गर्ने।

७) रेफसालाको महत्त्व, कार्यक्रमहरूबारे व्यापक प्रचारप्रसार गर्ने।

माथि उल्लिखित कुराहरूलाई सबै सदस्य पुस्तकालय सङ्घहरूले प्रतिबद्धता जनाए रेफसालालाई पुनः जीवन दिन सकिन्छ भन्नेमा विश्वस्त हुन सकिन्छ। जहाँसम्म लाग्छ, अहिलेको नेपाल पुस्तकालय सङ्घको टिमको नेतृत्वले यो कामलाई अगाडि बढाइरहेकै छ। यसमा सबै लाइब्रेरियनहरूको सहयोग रहने नै छ।

# उद्घोषकको मियोबाट नफुत्किएको कार्यक्रम



**मुरारिविनोद पोखरेल***

दर्शक दीर्घामा रहने हामी अगाडि पुगेका थियौं तापनि प्रमुख अतिथि, विषेश अतिथि, अतिथि लगायतका लागि प्रथम हार छोडेर दोश्रो हारको कुनै लहरमा बस्यौं । अर्थात् हाम्रो हैसियत प्रथम हारको होइन भन्ने मानिई आएको मान्यतामा हामी बाँधिएका थियौं । यो २०८२ आषाढ ७ शनिबारको कुरा हो र हामीलाई ' शाकाहार तर्काधार' पुस्तक विमोचन कार्यक्रममा भाग लिने निम्ता थियो । किताबमा उपशीर्षकको रुपमा 'शाकाहार सम्बन्धी बारम्बार सोधिने प्रश्नका उत्तर र यस दिशामा छोडिने व्यङ्ग्यवाण तथा तर्कका काट' भनिएको छ । शाकाहारी हुने वा नहुने कुरा व्यक्तिमा निर्भर हुन्छ, तथापि, गैर शाकाहारी सबैलाई एक पटक यो किताब पढिदिनुहुन मेरो विनम्र आग्रह छ।

लगत्तैको आइतबार प्रात भ्रमणमा रहिरहँदा प्रिय मित्र जुजुभाई डंगोलले एक दिन भनेका कुरा झल्यास्स सम्झनामा आयो। उनले भनेका थिए- लेख्ने विषय बस्तु त हावामा जताजतै तैरिरहेका छन्, बस ! तिनलाई पक्डने अनि लेख्ने हो । सँगसँगै अघिल्लो दिनको कार्यक्रम सम्झाउँदै मनले के हिजोकै कार्यक्रमलाई टप्प टिपे हुँदैन त? भनेर तरङ्गित पारिदियो ।

गज्जब छ! मनले यो गर ऊ गर भन्नासाथ ह्दयले साथ दिन सक्छ र? पुनः शरीर भित्रै तरङ्गहरू तैरिन थाले । यद्यपि, यस मामलामा मनले जितेरै छाड्यो र यो आलेखको लागि मैले मेच र टेबुलको सहारा लिनु पर्‍यो । तथापि, शीर्षक के जुराउने? भन्ने कम्पनले लामो समयनै लियो । यो वा ऊ गर्दागर्दै केही समय नष्टनै भयो । जे भयो त्यो त हुनुनै थियो । आखिर नाम जुराउन सजिलो हुन्थ्यो भने पुरोहितलाई बोलाएर न्वारन नै किन गर्नु पर्थ्यो भनेर यो चित्त बुझाइयो ।

हामी तोकिएको भन्दा केही समय अघि स्थल पुगेका थियौंः कारण छ समयलाई आजसम्म पक्डिँदै आएको बानी। नेपाली समय त हो नि, मैले भन्न छोडेको छु। समय किम्ती बस्तु हो, खेर फल्नु हुँदैन, नेपाली समय भनेर आफैंले आफैंलाई हियाउनु हुँदैन, तपाईं, मैले वा उसले अर्थात् सबै एक एकले समयलाई मानिदियो भने त भै गयोनि, मेरो सल्लाह छ है!

कार्यक्रम स्थलः नेशनल ल कलेज, सानेपा हाइट पुग्दा अत्यन्त रसिलो, फरासिलो एवं आत्मीय व्यक्ति श्री रामकृष्ण तिमल्सेनाले माथि हो भन्दै पाँचौं तलामा हामीलाई डोऱ्याए, उनी त सो कलेजका संस्थापक प्राचार्य तथा कार्यकारी निर्देशक- आफ्नो विधाका एक प्रखर विद्वान रहेछन् । सुरुमै यस्तो व्यक्तिसँग भेट, अब थप भन्नु पर्‍यो र?

कार्यक्रम प्रस्तोताले तोकिएको समयमा आवाज ठुलो पार्ने बिँडो समातेर उपस्थित सबैलाई स्वागत गर्दै पहिलो आधाघण्टा एकआपसमा भलाकुसारी गर्न तथा नव व्यक्तिसँग जान पहिचान एवं कुराकानीमा रम्नका लागि छुट्याइएको छ, तदोपरान्त कार्यक्रम शुरु हुन्छ भन्दा, म शङ्कालु प्राणीले प्रमुख अथिति, विशिष्ठ अतिथि लगायत गन्यमान्य पाहुनाहरूलाई कुर्न झुठो सम्प्रेषण गरियो होला भन्ने मनमा राखें, जुन हाम्रो आम परम्परा नै छ। त्यसै समयमा नेपाल विश्वविद्यालयका उपकुलपति डा. अर्जुन कार्की आउँदा उनी नै प्रमुख अतिथि हुन् कि भनेर लख पनि काटियो, आपसमा गफ्फियो पनि ।

सहजकर्ताले कार्यक्रम शुरु गरे । अत्यन्त अनौठो ढङ्गबाट । न प्रमुख वा कुनै विषेश अतिथि, न सभापति, न त मञ्चासनको ओइरो ! फूलमाला, खादामाला, रुद्राक्षमाला आदि कतै केही थिएन । प्राणीको विलौना पोखिएको कीर्तिकारको कविताको सानो अंश पढे । यो किताब प्रकृति, वातावरण एवं प्राणीजगतको लागि पुराण, बाइबल वा कुरान जे पनि हो भने । अन्तर्राष्ट्रिय स्तरको किताब अङ्ग्रेजीमा पनि आउन सक्थ्यो तर आम नेपालीले बुझ्ने तहमा नेपालीमै आउनु सौभाग्य हो भने। करुणा, दया, माया, सद्भाव एवं प्रेमका प्रतीक पाँच जना युवा महिलाः श्री प्रमदा शाह, श्री मञ्जुश्री स्थापित, श्री इभा डंगोल, श्री शोभा भुजेल तथा डा. आइसा उप्रेतीलाई मञ्चमा डाके र पाँचै जनालाई संयुक्तरुपमा किताब सार्वजनिक गरिदिन अनुरोध गरे। बिचरा लेखकलाई सँगै त उभ्याइयो, तर किताबसम्म पनि दिइएन। ती पाँच महिला युवा सभाको अगाडि उभिए, उद्घोषकको बोलीको पालना गरे, तरर ताली पड्कियो, बस! महत्वपूर्ण कार्यक्रम सकियो !

---

* *संस्थापक अध्यक्ष, नेपाल पुस्तकालय सङ्घ*

कृतिकार अन्तरमुखी छन्, आफैंमा हराउन चाहन्छन्, प्रचार त मनै पराउँदैनन्, म त मुहार पुस्तिकाबाट प्रभावित हुँदै बिस्तारै जोडिएको हुँ, लेखककी बहिनी मुना समेतको पारिवारिक जोडबलले मात्र आज भेला हुन सकियो भन्दै, प्रस्तोताले कार्यक्रमको नेपाली बोलीचालीमा भनिने व्याहुलो अर्थात् किताबका सुत्रधार अनुसन्धाता श्री रघु आदित्यलाई किताबको बारेमा आफ्नो नितान्त भन्नै पर्ने कुराहरू संक्षिप्तमा राख्ने आग्रह गरे। श्री आदित्यले एउटा बालकले कुक्कूरलाई हिर्काउन लागेको देखेर सो रोकी नजिकै केही खानेकुरा किनेर बालककै हातबाट सो कुक्कूरलाई खुवाउन लगाएको अर्थात् प्राणीलाई माया गर्नु पर्छ भन्ने कुरा बालकलाई सिकाएको सम्झना गरे। यसो नगर भन्न सजिलो छ, किन नगर्ने भनेर बैज्ञानिक आधार जुटाउन भगिरथ प्रयत्न गर्नु पर्छ नै। हाम्रो परम्परा रीतिरिवाजले नै छुट दिएको छ भन्ने कुरालाई काटन सजिलो छैन, त्यसैले यो किताब तयार हुन लामो समय लाग्नुको कारण धेरै विषयवस्तुको खोजी गर्नु परेको हो, उनले भने।

तदोपरान्त, प्रकृतिलाई प्रेम गर्ने, वातावरण जोगाउने अभियन्ता एवं जनावर अर्थात् प्राणी प्रेमीहरू मध्येबाट थोरै आदरपूर्वक परिचय सहित बढीमा ५ मिनेटको समय सिमाको कडा पावन्दी राखेर केही व्यक्तिहरूलाई आ-आफ्ना मन्तव्य राख्न उद्घोषकले बोलाउन थालेः

श्री प्रमदा शाहले अङ्ग्रेजी नेपाली मिसाउँदै आफ्ना अभिव्यक्ति राख्दा- रघु आदित्य काम गर्ने तर प्रचार पटक्कै नगर्ने गज्जबका व्यक्ति, गढीमाइको विभत्स काटमार रोक्न एक्लै लड्न जाने अत्यन्त शाहसी अभियन्ता हुन् भनिन्। उनको यो अथक प्रयासरुपी किताबले अब किन नगर्ने, किन नहुने? जस्ता अनगिनत प्रश्नहरूको जवाफ फर्काउन अत्यन्त सजिलो हुने भयो भन्दै श्री शाहले सन् २००९ मा प्राणी अधिकार संस्था खोलेर झेल्दै आएको कठिनाइ, भरखरका यी आदित्य जस्ता युवाको काँधमा सुम्पिन पाउँदा अब ढुक्क हुन सक्ने अवस्था आयो भनिन्।

पशु मुक्तिमा लागिरहेकी अर्की अभियन्ता श्री मञ्जुश्री स्थापितले आफू सानैदेखि कुक्कूरसँग हुर्किएको, ३ कक्षामा पढदै गर्दा मासु खान मन नलागेर छाड्दा परिवार लगायत सबैबाट अत्यन्त घोच पेच हुन्थ्यो भन्दै, सदाचार, स्वास्थ्य, वातावरण आदि सबै पक्षको सकारात्मक सोच एवं व्याख्या यस किताबमा छ भनिन्।

नेपाल शाकाहारी सङ्घका अध्यक्ष, सिद्धहस्त कलाकार श्री कृष्ण गुरुङलाई आफ्ना भनाइ राख्न बोलाइयो। बडा सजिलो तरिकाले श्री गुरुङले अब आदित्यको किताबले सम्पूर्ण शाकाहारी अभियन्ताहरूलाई अत्यन्त सजिलो बनाई दिएको छ भने। पुस्तकको पाण्डुलिपि प्राप्त गर्दा विश्वको आठौँ आश्चर्य झैँ लाग्यो भन्दै, यो पाकेको खाना सरहको छ, सेलाउन नदिऊँ, यसलाई जनमानसमा व्यापकरुपमा लौजाऔँ र यो अभियानलाई बढोत्तरी गरौँ, श्री गुरुङले भने। आज ठुलो सङ्ख्यामा युवा जगत यस अभियानमा लागेका छन्, यो खुशीको कुरा हो भन्दै, यो किताब केवल धार्मिकतामा मात्र विश्वास नगरी तथ्यमा आधाति भएर सोच्न बाध्य पार्ने शसक्त बुटी भएको छ, उनले भने।

कार्यक्रमको बीचमा कारणवश आउन नसकेका दुइ व्यक्तित्वः डा.मिना पौड्याल एवं आङफुटी शेर्पाका सन्देशहरू पनि प्रस्तोताले पढेर सुनाएका थिए।

सेनाका कर्णेल श्री कुलमण्डन सुवेदीले जीवनको मूल लक्ष्य मुक्तिलाई आत्मसात गर्नु रहेछ भने। आफू शाकाहारी हो तापनि, सुरुमा सेनामा अनुशासनको हिसाबले केही समय खाइयो। सेनामा रहँदा, श्री कृष्णले अर्जुनलाई तिमीले लडनै पर्छ भने बमोजिम जस्तै हुन्छ, कर्तव्यको पालना त गर्नै पर्‍यो, श्री सुवेदीले प्रष्ट पारे। तर अब त्यहाँ पनि खान्न भन्दा अनुशासनहीन नहुने व्यवस्था आइसकेको छ, सजिलै रोज्न पाइन्छ र छोडिसकेँ भन्दै, संगत गुनाले पनि हुँदो रहेछ, सानोदेखिको साथी आदित्यसँगको उठबसले यो फल दिएको हो, उनले भने।

चरी विलापको कविताले सभाकक्ष निशब्द बने पश्चात् डा. राजाराम सुवेदीले विगतको समय निष्ठामा कसरी बाँधिएको थियो भन्दै, साथीकहाँ चिया खाने गरिन्थ्यो, एक दिन साथीकी श्रीमतीले आज म चिया खुवाउन सक्दिन, किनकि परसरेकी छु भनिन्, भने। एक दिन साथी गोविन्द टण्डनसँगै रहँदा लामखुट्टे प्याट्ट मारेछु, उनले त किन जीव हिंसा गरेको भनेर प्रतिवाद गरे। यस्तै यस्तै स्थितिमा मुक्तिनाथ जाँदा श्रीमतीले केही छोड्नु पर्छ मासु छोडौँ भन्दा, त्यो सकिन तर चुरोट छोडेँ, भने। पछि घरमा पुराण सकिएको दिन गुरुले मासु छोड्नु राम्रो भनेर सुझाएपछि, सरक्क मनले नै त्याग्यो, सजिलै छोडियो, उनले भने। अब त मासु खाए मासु बढ्छ, रोगी जनावरको मासु पेटमा परेछ भने, रोग पनि सर्छ हगि भनेर विद्यार्थीहरूलाई सम्झाउन सजिलो भएको छ। डा. सुवेदीले भने रघु सानैदेखि पशु प्रेमी हो। यत्रो सभाकक्ष भरिने गरी उसका समर्थक देख्दा अत्यन्त हर्ष महशुस भएको छ, रघुको सामर्थ्य मज्जाले देखियो, उनले थपे।

प्रणामी प्रवर्धक श्री मातृका प्याकुरेलले आफ्ना भाञ्जा अमितको आग्रहबाट रघुसँग जोडिएको प्रसङ्ग राखे। उनले आफ्ना हजुर बुबालाई १९८० को दशकमा शाकाहारी हुँदा समुदायबाट विरोध भई जबरजस्ती मासु कोच्याउने अभियान समुदायले गर्न लागेको थाहा पाई बरु म जन्म थलो फुलबारी छाडेर अन्यत्र जान्छु, म मासु खान्न भनेर उहाँले गाउँ छाडेको शसक्त वर्णन गरे। धेरै समयपछि, आफू सानो छँदा, हजुरबुबाले सो स्थानामा लगेर देखाउनु भएको

थियो, उनले स्मरण गरे। उहाँकै विणो थाम्दै सानैदेखि माछा मासु नखाने म, २०६० देखि शाकाहारी अभियानमा जुटेको छु, अब यो किताबले यस विधामा लाग्न थप बल प्राप्त भएको छ, प्रमाण हातमा छ, सजिलो हुन्छ, श्री प्याकुरेलले भने।

श्री शैल श्रेष्ठले जसले जनावर पालेका छन्, तिनले नै सोको हत्या कसरी गर्छन् होला? भन्ने प्रश्न आम जनमानसमा राखिन्। श्री कल्याण सिलवालले आफू जनावर प्रेमी भएकैले अरुले झंसिखेलमा खोलेर चलाउन नसकेको भेगन रेष्टूराँ किनेर चलाएको प्रसङ्ग बताए। श्री विन्देश दहालले शाकाहार तर्काधार अब आवधिक श्रोत पुस्तिका भएको छ भन्दै खुशी व्यक्त गरे। उनले आदित्य प्रति आभार व्यक्त गरे।

श्री उत्तम पुडासैनीले न सभापति, न प्रमुख अतिथि, यसरी पनि त कार्यक्रम चल्छ नि भन्दै रघु आदित्यलाई कतिपयले पागल भन्थे, ऊ पागलै हो, अन्यथा यत्रो साधना गरेर यो किताब बन्दैनथ्यो, भने। प्रसङ्ग जोड्दै उनले भने- एक पटक आफ्नो गोठमा बाछो बिरामी भएको खबर रघुले पाएछन्, दौडेर आए, आत्तिँदै यो र उ गर्न पर्छ भन्न थाले, उपचार शुरु भएको छ भनेर बल्ल उनलाई फर्काउन सकियो। तेश्रो दिन फेरि उनी आउँदै गरेको देखेर सहयोगीले ती बहुला मानिस फेरि आए भनेकाले बाछोलाई लुकाएर, उपचारको लागि पर लगिएको छ, केही दिनपछि ठिक भएपछि ल्याइन्छ भन्न लगाइयो। ता कि उनलाई त्यो बाछोको बारेमा थप चिन्ता नहोस् भनेर। रघुलाई मानिसको भन्दा पनि पशुको चिन्ता बढी छ, उनले रघुको आ निबानी बारेमा प्रष्ट पारे।

विश्वविद्यालयमा अध्यापन गर्ने गरेका सर्जकको बुबा विद्वत व्यक्ति श्री आनन्द आदित्यले लुसी नामकी विदेशीले रघुको कामको बारेमा विदेशमा प्रचार गरेपछि आफू कारणवश जान्न भनेपछि, रघु एक्लै गढीमाई गएर लडाइमा उत्रेको थाहा पाएपछि यो किताबको पाण्डुलिपि देखाउन ल्याएपछि; बल्ल उसको मेहनतको, लगनशीलताको कुराहरू विस्तारै थाहा भयो, खुशी भइयो, भने। अन्यथा ऊ एक्लै काम गरिरहने हो, के गर्छ अत्तोपत्तो हुँदैनथ्यो, छोराको कामप्रति सन्तुष्टी व्यक्त गर्दै उनले भने।

सर्जककी बहिनीले उपस्थित सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै भेगन खाजाको बारेमा सचित्र वर्णन गरेपछि सभा स्वतः विसर्जन भनिएर कार्यक्रमको बिट मारिएको थियो।

**कार्यक्रमका केही विशिष्ठतम् पक्षहरू**

कार्यक्रममा समयको पालना भयो। विभिन्न तहका प्रमुख, विशेष, असाधारण अतिथि तथा पाहुना भन्दै बीस तीस जनासम्मको झुण्डलाई घण्टौं लगाएर मञ्चमा आसीन गराउने बेफ्वाँकको चलन यो कार्यक्रमले तोड्यो। बोल्न आमन्त्रण गर्दा बोक्नै नसक्ने भारी बोकाए झैँ विभिन्न पगरी गुथाउने गरिएन। बोल्नेहरूले एउटै कुरा दोहऱ्याइ तेहऱ्याइ रहने, पाँचहजार बेतुकका शब्दहरू बोली सकेपछि बक्ताले मेरा दुई शब्द यहीँ अन्त गर्न चाहन्छु भन्ने जस्ता कुरा त्यहाँ भएनन्। प्रमुख अतिथिबिना कार्यक्रम नै चल्दैन भन्ने मानसिकतालाई हटाइयो र प्रमुख अतिथि शब्दको भावार्थको मान मर्दन गरेर जो कोहीलाई अर्थात् उनी भन्दा थुप्रै बरिष्ठ उपस्थित हुँदा सिधै लाज लाग्ने गरी प्रमुख अतिथि बनाइदिने जस्ता वाक्क लाग्ने काम भएन। तीन मिनेट वा पाँच मिनेट जे जति समय उद्घोषकबाट दिइन्थ्यो, सोही समय भित्र, छोटकरीमा थपकुराहरू मात्र बक्ताहरूले सटिक तरिकाले राखेका थिए। उपस्थित समुहमा युवाहरूको बाहुल्यता थियो। बोलाइएका सबै आएकाले त होला सभाकक्ष भरिभराउ थियो। कार्यक्रम पश्चात्को खाजा चिया त झन अचम्मको थियो। भेगन खाजा हो तापनि आँखाले देखेको परिकारमा मनले जे पनि भेट्न सक्थ्यो। कसैले शाकाहारी परिकारलाई अर्को ठान्न पनि सक्थ्यो। जे होस् खाजा विविध परिकारको अत्यन्त स्वादिलो थियो।

सुरुको त्यो आधा घण्टाको सुन्य समयमा अघिल्लो लहरका महानुभावका कुरा सुन्न पाइयो। युवा जगतसँग घुलमिल हुन पाए आफू युवा बनेको सम्झने मेरा लागि दाहिना तर्फ बसेका युवा पत्रकार पवित्रा गुरागांईसँग चिनापर्ची र थोरै आफू सम्बद्ध संस्थाका बारेमा बताउने सौभाग्य मिल्यो। प्रस्तोता, उद्घोषक, सहजकर्ता वा कार्यक्रम सञ्चालक जे जे भने पनि व्यक्ति एकै थिए। उनको बोलाइमा लठ्याउने जादु रहेको छ, अरुलाई आदर गर्न कतै केही चुक्दैनन्, बीच बीचमा तर सटिक कुराहरू टुक्क राखिदिँदा विषयवस्तु थप उजागर हुन्थ्यो। ती व्यक्ति अरु कोही नभएर भेगान आहारवाला, पत्रकार एवं युवा प्रकाश अजात हुन्, जसले नचाहिँदो परम्परावादी बोझिलो बन्दै आएको कार्यक्रमलाई चुस्त, दुरुस्त र अत्यन्त उपयोगी बनाए। एकै छिन त म झण्डै पाँच दशक अघि, मैशुरमा पुस्तकालय विज्ञान पढिरहँदा एक साँझ 'गुरुज नाइट' नामको अढाइ घण्टे एकल सहजकर्ताको कार्यक्रममा सहभागी हुँदाको समयमा हराउन पुगेँ। जहाँ एक निमेश पनि कार्यक्रमलाई कुर्नु परेको थिएन, टक टक टक टक, एक पछि अर्को प्रस्तुती हुन्थ्यो। यस कार्यक्रममा पनि यहि ढाँचा भएकोले पुरानो स्मरणसँग यसलाई दाँजिरहेँ।

अन्तमा, किताब धेरैको हातमा पुगेको छ। विषय विज्ञ तथा उत्कृष्ट हरफकारबाट किताबको सर्वपक्षीय समालोचना आउँछ र पढन पाइन्छ भन्ने अभिलाषा राख्दै समय दिएर किताब पल्टाउँदै जान्छु है भन्न चाहन्छु। अस्तु!

# पुस्तकालमा नेपाली भाषा तथा देवनागरी लिपिमा सङ्कलित पाठ्यसामग्रीहरूको स्तरीय सूचीकरणको लागि नेपाली विषयशीर्षक सूचीको प्रयोग


वीणा वैद्य*

गीता गिरी थापा**


यो नेपाली विषयशीर्षक सूची (List of Nepali Subject Headings) पुस्तकको प्रकाशनपछि विमोचन माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री अशोककुमार राईज्यूले पुस्तकालय दिवस २०८० साल भाद्र १५ गते विमोचन गर्नुभएको थियो। यो पुस्तकभित्र प्रस्तुत गर्नुभएको शुभकामना सन्देशमा यस्तो कुरा भन्नुभएको छ, "यसमा नेपाली विषयशीर्षक सङ्कलनका स्रोतहरू, समावेश भएका विषयहरू, सङ्कलन व्यवस्थापन र प्रयोग विधिलगायत नेपाली विषयशीर्षक निर्माण सन्दर्भमा विगतमा भएका प्रयासहरूलगायतका सामग्रीहरू एकत्रित गरिएको छ। यसले नेपालका विभिन्न पुस्तकालयमा काम गर्ने पुस्तकालयकर्मी तथा पुस्तकालय व्यवस्थानमा संलग्न सबै सरोकारवालाहरूलाई नेपाली भाषा र देवनागरी लिपिमा लेखिएका पुस्तकहरूको सूचीकरणका लागि सहजीकरण गर्ने विश्वास लिएको छु।"







यो पुस्तक निर्माण गर्न झण्डै आठ वर्षसम्मको अनवरत प्रयासपछि नेपाली विषयशीर्षक नियन्त्रित शब्दावली ग्रन्थ पुरा गर्न हामी सफल भयौँ। यो आठ वर्षको अवधिमा नेपालमा २०७२ सालको भूकम्प तथा कोभिड-१९ को महामारीको समेत सामना गर्नुपरेकोले पनि प्रकाशनमा ढिला हुनगएको हो। यी यस्ता साना ठूला कारणहरूले गर्दा पटक पटक स्थगन गर्नुपरे तापनि काम सुरु गरेपछि बिस्तारै अघि बढदै गन्तव्य भेट्ने दृढ निश्चयसहितको अनवरत मिहेनतले पुरा गर्न सक्यौँ।

नेपाली विषयशीर्षकहरूबारे त्रि.वि. पुस्तकालय तथा पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागले २०७८-०३-०६ मा Localization of DDC and Sears List of Subject Headings विषयको एक राष्ट्रिय वेबिनार गरेको थियो जसमा लेखकद्वय प्रस्तुतकर्ता थिए। उक्त अवसरमा स्थानीय नेपाली भाषा, संस्कृति, बाजा, भेषभूषाहरू इत्यादिसम्बन्धी शब्दावली अन्तर्राष्ट्रिय विषयसूचीमा समावेश गर्नुपर्ने आदिबारे सबैलाई जानकारी गराइएको थियो। सोही प्रकारले डी.डी.सी. वर्गीकरण पुस्तक अर्थात् Dewey Decimal Classification Scheme को नयाँ स्किमको नयाँ प्रकाशनमा संलग्न हुनुपर्ने आदिबारे चर्चा भएको थियो।

संयुक्त अधिराज्यको CILIP (The Chartered Institute of Library and Information Professionals / https://www.cilip.org.uk) बाट प्रकाशन हुने जर्नल 'Catalogue and Index' को Issue no. 202, pp. 48-51 March 2021 मा 'Creation of Nepali Subject Headings with International Standard : a Project' शीर्षकको लेख लेखिकाद्वय वीणा वैद्य र गीता थापाको नाममा छापिएको थियो।

CILIP को सोही जर्नलमा वीणा वैद्यद्वारा लिखित अर्को लेख 'The Need to Develop a Collection of Subject Terms on Nepal's Diversity' छापिएको थियो (pp. 19-23, June 2021)।


* *भू.पू. सहलाइब्रेरियन, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय*

** *भू.पू. सहलाइब्रेरियन, त्रिभुवन विश्वविद्यालय, नर्सिङ क्याम्पस, महाराजगञ्ज*

यसै सन्दर्भलाई पृष्ठपोषण गर्दै विणा वैद्य र गीता थापाको नामबाटै १५ औं पुस्तकालय दिवस स्मारिका नेपाल २०७९ मा *'नेपाली विषयशीर्षकहरूको सूची'* भन्ने शीर्षकमा एक लेख प्रकाशित भएको थियो ।

सार्वजनिक तथा सामुदायिक पुस्तकालय दोस्रो सम्मेलन १५-१६ असार २०७९ का अवसरमा लेखिकाद्वयद्वारा सम्बन्धित विषयमा एक कार्यपत्र प्रस्तुत भएको थियो ।

**ग्रन्थको बारेमा छोटकरी जानकारी**

हामीले पुस्तकालय व्यवस्थापनको लागि अत्यन्त आवश्यक प्राविधिक सामग्री नेपाली भाषाको "नेपाली विषयशीर्षक सूची (List of Nepali Subject Headings)" प्रकाशन गरेका छौं । यसग्रन्थभित्रसङ्कलितसबैविषयनेपालकापुस्तकालयहरूमानेपाली भाषा र देवनागरी लिपिमा पुस्तकहरूको सङ्कलन भए तापनि प्राविधिक कार्य सूचीकरण (Cataloguing) मा छनोट तथा प्रयोग गर्नुपर्ने नेपाली भाषाको स्तरीय विषयशीर्षकको अभाव भइरहेको अवस्थामा यस ग्रन्थले पुस्तकालयकर्मी तथा सङ्कल सबैलाई सहयोग गर्नेछ भन्ने हामीले विश्वास गरेका छौं ।

नेपाली विषयशीर्षकहरूको सूची उपलब्ध नभएकोले नेपाली भाषाका विषयशीर्षकहरूको प्रयोगको लागि अङ्ग्रेजी भाषाको विश्वकै ठूला ठूला पुस्तकालयहरू तथा अन्य सम उद्देश्यका संस्थाहरूले प्रचलित उच्चस्तरीय विषयशीर्षकहरूको सङ्कलन विषयशीर्षक ग्रन्थबाट नेपाली भाषामा अनुवाद गरेर अथवा नियन्त्रित शब्द नभइर्कन आफूखुसी विषयशीर्षकहरू प्रयोग गरेको पाइन्छ जुन स्तरीय रहेको हुँदैन । यी अङ्ग्रेजी भाषाका विषयशीर्षक ग्रन्थहरूमा Sears List of Subject Headings, MeSH (Medical Subject Headings), UNESCO Thesaurus इत्यादी ।

यी अङ्ग्रेजी भाषाका विषयशीर्षक भाषा, संस्कृति चाडपर्व, प्रविधि र तत्सम्बन्धी संस्कार आदि विषयसूचीमा समावेश भएको पाइँदैन ।

कुनै कुनै पुस्तकालयले यस अवस्थामा आफूलाई चाहिएको पुस्तकभित्र रहेका विषय दिनु नै पर्ने उपयुक्त विषय उपलब्ध नभएको कारणले Subject Authority File निर्माण गरी विषयशीर्षकहरूको प्रयोग गर्ने गरेको पाइन्छ । तर यस्ता पुस्तकालयभित्र मात्र प्रयोग गरिएको प्रकाशनमा नभएका विषयशीर्षकहरू अरू पुस्तकालयहरूलाई जानकारी पनि नहुने तथा उक्त पुस्तकालयभित्र मात्र सीमित हुने हुँदा तिनको व्यापकता, स्तरीयता र एकरूपता कायम हुन सकिँदैन । फलतः यस पुस्तकले पुस्तकालयमा गरिने सूचीकरण कार्यमा व्यापकता, स्तरीयता तथा एकरूपता अवश्य ल्याउनेछ भन्ने हामीले विश्वास गरेका छौं ।

यस ग्रन्थमा करिब ५ हजारभन्दा बढी नेपाली विषयशीर्षकहरूको सङ्कलन रहेको छ ।

सङ्कलन स्रोतहरू :

यस ग्रन्थमा सङ्कलित नेपाली विषयशीर्षकहरूमध्ये धेरैजसो विषयशीर्षकहरू नेपालका देहायअनुसार विभिन्न प्रकारका (संस्थागत, शैक्षिक, सार्वजनिक, सरकारी आदि) पुस्तकालयहरूमा प्रयोग भएका सूचीपत्रहरूबाट सङ्कलन गरेर तिनलाई स्तरीय रूपले परिष्कार गरी राखिएका हुन् ।

१. आयुर्वेद क्याम्पस, कीर्तिपुर, काठमाडौं
२. केन्द्रीय कानून पुस्तकालय, जमल, काठमाडौं
३. केसर पुस्तकालय, ठमेल, काठमाडौं
४. त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुर
५. डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय, लाजिम्पाट, काठमाडौं
६. नेपाल प्रज्ञा-प्रतिष्ठान पुस्तकालय, कमलादी, काठमाडौं
७. नेपाल भारत पुस्तकालय, न्यूरोड गेट, काठमाडौं
८. नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन, ललितपुर
९. मदन पुरस्कार पुस्तकालय, पाटनढोका, ललितपुर
१०. मार्टिन चौतारी पुस्तकालय, थापाथली, काठमाडौं
११. राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं
१२. वाल्मीकि क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं
१३. सोसियल साइन्स बहाः पुस्तकालय, बत्तीसपुतली, काठमाडौं
१४. हरिभक्त पुस्तकालय, बाँसबारी, काठमाडौं

माथि उल्लिखित पुस्तकालयहरूमा उपलब्ध नभएका अन्य आवश्यक र महत्त्वपूर्ण विषयशीर्षकहरू निम्न स्रोतहरूबाट खोजबिन र परिष्कार गरी यसमा समावेश गरिएका छन् ।

१. प्रज्ञा नेपाली-अङ्ग्रेजी शब्दकोश
२. नेवार नेपाली-अङ्ग्रेजी शब्दकोश
३. Oxford English Basic Words List
४. नेवाः जाति, भाषा, लिपि, संस्कृति, राष्ट्रिय व्यक्तित्वसम्बन्धी लेखहरू तथा मनाइने चाडपर्वहरू
५. अन्य विविध सन्दर्भग्रन्थहरू र वेबसाइटहरू ।

**समावेश भएका विषयहरू**

यस ग्रन्थमा दर्शनशास्त्र, मनोविज्ञान, धर्म र आध्यात्मिकता, चाडपर्व, संस्कृति र संस्कार, समाजशास्त्र, विज्ञानप्रविधि, स्वास्थ्य

र चिकित्सा, कला-संस्कृति, भाषा साहित्य, भूगोल इतिहास आदि विषयका शब्दावलीहरू विषयशीर्षकका रूपमा समावेश गरी पूर्णता दिने प्रयास गरिएको छ।

यसैगरी त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका भूतपूर्व लाइब्रेरियन स्व. पूर्णप्रसाद अमात्य तथा उहाँका सहयोगीहरूबाट सङ्कलित नेपाली विषयशीर्षकहरूको सूची (Nepali Subject Headings, १९९६) बाट पनि हामीले यस ग्रन्थका लागि केही विषयशीर्षकहरू सापटी लिएका छौं।

## सङ्कलन व्यवस्थापन र प्रयोग विधि

यस विषयशीर्षक ग्रन्थमा पाँच हजारभन्दा बढी नेपाली विषयशीर्षकहरूको सङ्कलन समावेश गरिएको छ। यस ग्रन्थमा विषयशीर्षक प्रयोगकर्ता र पुस्तकालयकर्मीहरूको सहजताका लागि प्रत्येक नेपाली विषयशीर्षक शब्दावली सँगसँगै त्यसको पर्यायवाची अङ्ग्रेजी शब्दावली र सो विषयशीर्षकका लागि उपयुक्त डी.डी.सी. वर्गीकरण (Dewey Decimal Classification) क्रमाङ्क अर्थात् विषय प्रतिनिधित्व हुने वर्गाङ्कहरू पनि समावेश गरिएका छन्। यसबाट पुस्तकालयमा कार्य गर्ने जनशक्तिले सजिलैसित नेपाली विषयशीर्षकहरूको छनोट गरी सूचीकरण र कम्प्युटर डाटाबेसमा प्रयोग गर्न ठुलो सहयोग पुग्नेछ। यसमा सबै विषयशीर्षकहरूको अङ्ग्रेजी अनुवादित शब्दावलीहरू दोस्रो खण्डको रूपमा छुट्टै व्यवस्था गरिएको छ ता कि द्विआयामिक रूपले यो ग्रन्थ उपयोगी सिद्ध हुन सकोस्।

यस ग्रन्थमा सबै विषयका शब्दावलीहरू विषयशीर्षकको रूपमा समेट्ने प्रयास गरिएको भए तापनि निरन्तर वृद्धि भइरहने ज्ञानको विशाल महासागरबाट धेरै विषयशीर्षकहरू टिप्न सम्भव छैन। जतिसुकै पूर्ण र परिष्कृत कार्य गर्ने कोसिस भए पनि त्यसमा सुधारका प्रशस्त सम्भावना रहन्छ। यही ध्रुवसत्य कुरालाई हृदयङ्गम गर्दै आउँदा संस्करणहरूमा यस ग्रन्थलाई थप परिष्कृत र परिमार्जन गर्दै लगिनेछ।

कुनै पनि नयाँ कार्यको सिर्जनापछि त्यसबारे विभिन्न प्रतिक्रिया र टिप्पणीहरू आउने गर्छन् र त्यो स्वाभाविक पनि हो। तसर्थ यस ग्रन्थमा भएका कमी कमजोरीहरू र तिनमा सुधारका विविध पक्षबारे पुस्तकालयविद् तथा पुस्तकालयकर्मीहरूको सल्लाह, सुझावहरू स्वागतयोग्य छन्।

यी सङ्कलित विषयशीर्षकहरू वर्णानुक्रम 'अ'देखि 'ज्ञ'सम्म नेपाली शब्दकोशका आधारमा व्यवस्थापन गरिएका छन्। प्रत्येक नेपाली विषयशीर्षकपछि अर्को स्तम्भमा त्यसको अनुदित अङ्ग्रेजी समानार्थी शब्दावली तथा पुनः अर्को स्तम्भमा डी.डी.सी. वर्गीकरण क्रमाङ्क राखेर प्रविष्टिहरूको सहज व्यवस्थापन गरिएको छ। उदाहरणको लागि तलका तालिकाबाट बुझ्न सकिन्छ।

| नेपाली विषयशीर्षकहरू | पर्यायवाची अङ्ग्रेजी शब्दावली | डी.डी.सी. वर्गीकरण क्रमाङ्क |
|---|---|---|
| असमर्थता | Disabilities | 362.1 |
| अखबार | Newspapers | 070 |
| अङ्ग्रेजी नाटक | English drama | 822 |
| उपनिषद् | Upanishads | 294.59218 |
| कर्मचारी | Civil servants | 351.1 |
| कारागार | Prisons | 365.6 |
| खगोलशास्त्र | Astronomy | 520 |

माथिका तिनै नेपाली विषयशीर्षकहरूलाई अङ्ग्रेजीबाट पनि खोज्न सहजताका लागि यस ग्रन्थको खण्ड दुईमा तिनको अङ्ग्रेजीमा अनूदित समानार्थी शब्दावलीहरूसँगै नेपाली विषयशीर्षकहरूसहित सूचीबद्ध गरी डी.डी.सी वर्गीकरण क्रमाङ्क दिएर राखिएको छ। उदाहरणका लागि माथिका नेपाली विषयशीर्षकहरूको सूचीको खण्डलाई अनूदित अङ्ग्रेजी खण्डमा राखिएको नमूना यसप्रकार छ।

| पर्यायवाची अङ्ग्रेजी शब्दावली | नेपाली मूल विषयशीर्षकहरू | डी.डी.सी. वर्गीकरण क्रमाङ्क |
|---|---|---|
| Astronomy | खगोलशास्त्र | 520 |
| Civil servants | कर्मचारी | 351.1 |
| Disabilities | असमर्थता | 362.1 |
| English drama | अङ्ग्रेजी नाटक | 822 |
| Newspapers | अखबार | 070 |
| Prisons | कारागार | 365.6 |
| Upanishads | उपनिषद् | 294.59218 |

कतिपय अङ्ग्रेजी शब्दहरूको नेपालीमा अनूदित शब्दहरू उपलब्ध छैनन्, जस्तैः विज्ञान प्रविधिसँग सम्बन्धित प्राविधिक शब्दहरू, आगन्तुक शब्दहरू, विषयगत विशेष शब्दहरू आदि। त्यस्ता शब्दहरू अङ्ग्रेजीमा जस्तो भेटिन्छन् त्यही उच्चारणमा नेपाली भाषामा राखिएका छन्। जस्तैः

- कम्प्युटर (Computers)
- सफ्टवेयर (Software)
- वेबसाइट (Websites)
- डिजिटाइजेशन (Digitization)

- स्मार्टफोन (Smart phones) आदि।

**अन्य प्राविधिक जानकारी**

**जीवनीसम्बन्धी:** विभिन्न व्यक्तिहरूको जीवनीसम्बन्धी पुस्तक प्रयोग गर्दा धेरै सङ्ख्या रहेको हुँदा यहाँ केही चर्चित व्यक्तिहरूको मात्र जीवनी जनाउने विषयशीर्षक उदाहरणको रूपमा वर्गाङ्कसहित राखिएको छ।

**उप–विभाजनसम्बन्धी:** विषयशीर्षकहरूसँगै कुनै पनि भौगोलिक उप-विभाजन गर्नुपर्ने अवस्था आएमा मुख्य विषयशीर्षक जनाइसकेपछि तेर्सो धर्को (ड्यास) चिन्ह दिएर भौगोलिक उप-विभाजन जनाइएको छ। जस्तैः चाडपर्व - नेपाल, एकीकरण - नेपाल, निर्वाचन - नेपाल आदि।

यसैगरी भिन्न स्वरूपमा प्रस्तुत गरिएका पुस्तकका सन्दर्भमा ती पुस्तकका लागि विषयशीर्षक जनाइसकेपछि तेर्सो धर्को (ड्यास) दिएर त्यसको प्रस्तुतिस्वरूप उल्लेख गर्नुपर्छ, जस्तैः
कानुन - वाङ्मयसूची,
कुलुङ राई - नेपाली शब्दकोश,
गायक - जीवनी,
गोरखा - इतिहास आदि।

- नेपाली साहित्यको लागि डी.डी.सी.अनुसार नयाँ वर्गाङ्क नम्बर ८९१.४९५ राखिएको छ । सोहीअनुसार नेपाली भाषालाई ४९१.४९५ दिइएको छ । यसैगरी नेवारी भाषालगायत अन्य भाषाहरू चेपाङ, सुनवार, लिम्बू, किराँत, मगर आदिलाई पनि नेवारी भाषाकै डी.डी.सी. वर्गाङ्क नम्बर ४९५.४९ नै दिइएको छ। ती भाषाहरूको साहित्यको वर्गाङ्क नम्बर ८९५.४९ राखिएको छ।
- मौलिक भाषाका पुस्तकहरू अर्को जुनसुकै भाषामा अनुवाद गरेर प्रकाशित भएको भए तापनि त्यसको वर्गीकरण नम्बर सोही मौलिक भाषाको साहित्यमा राखिएको छ। जस्तैः 'शिरीषको फूल' भन्ने नेपाली कथाको पुस्तक अङ्ग्रेजी भाषामा अनुवाद गरिएको भए तापनि वर्गीकरण नम्बर ८९१.४९५३ नेपाली कथामा नै राखिएको छ।
- साहित्यकारहरूको बारेमा समालोचना गरिएका पुस्तकहरूको वर्गाङ्क नम्बर प्रयोगमा निज लेखक कुन विधासँग सम्बन्धित हुन् त्यही विधाको वर्गाङ्क दिएर थप '०९' अङ्क राख्ने प्रावधान छ । जस्तैः नाटककार बालकृष्ण समसम्बन्धी समालोचना पुस्तकको लागि वर्गाङ्क ८९१.४९५२०९ दिइएको छ।
- कुनै व्यक्तिको जीवनी वर्गीकरण नम्बर दिँदा एक व्यक्ति धेरै विषयहरूसँग संलग्न भएको अवस्थामा जीवनीको लागि सुरुको नम्बर मात्र राख्न ९२० वर्गीकरण राख्ने प्रावधान रहेको छ।
- नेपालमा धेरै जनजातिहरू छन्, जस्तैः थारू, मगर, राई, लिम्बू, खाम भएकोले यिनीहरूले बोल्ने भाषाहरूको लागि डी.डी.सी. वर्गाङ्कमा उपलब्ध नभएकोले हाललाई Eastern Himalayan languages नेवारी भाषाको डी.डी.सी. वर्गाङ्क नम्बर ४९५.४९ नै राखिएको छ।
- नेपालमा रहेका जनजातिहरूको आ-आफ्ना परम्परागत संस्कृतिहरू रहेका छन्, जुन डी.डी.सी. वर्गाङ्कमा उल्लेख गरिएको छैन । त्यसैले ती सबै जातिहरूको डी.डी.सी. वर्गाङ्क ३०५.८ नै प्रयोग गरिएको छ।
- यी नेपाली विषयशीर्षकमा समावेश भएका डी.डी.सी. वर्गाङ्क सबै डी.डी.सी.को २३औँ संस्करणबाटै प्रयोग गरिएको छ। तर कुनैकुनै विषयहरू डी.डी.सी.को वर्गाङ्क २१औँ र २२औँ संस्करणबाट पनि प्रयोग गरिएको छ। त्यसो गर्नुको कारण २३औँ संस्करणमा 'Assigned in' २१औँ र २२औँ संस्करणबाट नै गरिने भन्ने उल्लेख भएको हुनाले सोहीअनुसार कायम गरिएको छ।
- दुई मुलुकबिचको वैदेशिक सम्बन्ध भएको विषयशीर्षक प्रयोग गर्नुपर्दा डी.डी.सी.को वर्गाङ्कमा दुई देशहरूको बिचमा शून्य '०' राखेर दुवै मुलुकको नामको डी.डी.सी. वर्गाङ्क थपेर पुरा गरिएको छ। तर यो शीर्षकको वर्गीकरण नम्बर एउटै हुन्छ, विषयशीर्षक प्रयोग गर्दा दुईटै मुलुकवाट प्रयोग गर्नुपर्ने हुन्छ। जस्तैः नेपाल भारत वैदेशिक सम्बन्ध भएको पुस्तकमा निम्नप्रकारबाट डी.डी.सी. वर्गाङ्क दिइएको छ।

उदाहरणः

**पुस्तक शीर्षक** : *नेपाल भारत वैदेशिक सम्बन्ध* 327.5496054

**विषयशीर्षक** :

*नेपाल - वैदेशिक सम्बन्ध - भारत* 327.5496054
*Nepal – Foreign relations – India* 327.5496054
*भारत - वैदेशिक सम्बन्ध - नेपाल* 327.5496054
*India – Foreign relations – Nepal* 327.5496054

- दुई भाषा भएका शब्दकोशमा पनि ती दुवै भाषाबाट डी.डी.सी. वर्गाङ्कपछि शब्दकोशको वर्गाङ्क ३ राखेर पूर्ण गरिएको छ। यसप्रकारको शब्दकोशहरूको वर्गीकरण नम्बर

एउटै रहन्छ, तर विषयशीर्षकहरूको प्रयोग गर्दा दुइटै भाषाबाट प्रयोग गर्नुपर्ने हुन्छ। उदाहरणः

**पुस्तक शीर्षक** : *नेपाली अङ्ग्रेजी शब्दकोश* 491.495321

**विषयशीर्षक** :

*नेपाली भाषा - शब्दकोश - अङ्ग्रेजी* 491.495321

*Nepali language - Dictionaries – English* 491.495321

*अंग्रेजी भाषा - शब्दकोश - नेपाली* 491.495321

*English Language – Dictonaries – Nepali* 491.495321

- यो डी.डी.सी. वर्गाङ्क प्रयोगमा नेपाली भाषाको वर्गाङ्क नम्बर ४९१.४९५, बिचमा शब्दकोशको '३' र अङ्ग्रेजी भाषाको २१ दिइएको छ। एउटै भाषा पछाडि प्रयोग गर्दा डी.डी.सी.को टेबल ६ को विधामा उल्लेख भएजस्तै प्रयोग गर्नुपर्ने हुन्छ।
- विभिन्न भाषाको उखानहरूको विषयशीर्षक प्रयोग गर्नुपर्दा पहिले उखानको डी.डी.सी.वर्गाङ्क ३९८, त्यसपछि भाषाको डी.डी.सी.वर्गाङ्कमा दिइएको भाषाबाट नै प्रयोग गर्नुपर्ने हुन्छ। उदाहरणः

| | |
|---|---|
| नेवारी उखान | ३९८.९५४९ |
| नेपाली उखान | ३९८.९१४९५ |

**भविष्यका योजनाहरू**

यो विषयशीर्षक ग्रन्थको प्रकाशनपछि सम्भव भएका सबैजसो पुस्तकालयहरूमा वितरण तथा अनलाइनमा समेत राखिनेछ। यसबाट जोसुकैले जहाँकहीँबाट पनि यी विषयशीर्षकहरू आफ्नो क्याटलग कार्डमा अथवा कम्प्युटरको डाटाबेसमा विषयशीर्षक (Keywords) को रूपमा प्रयोग गर्न सक्नेछन्।

यस ग्रन्थमा समावेश भएका धेरै विषयशीर्षकहरूको प्रविष्टि डी.डी.सी. वर्गीकरण प्रणाली र विश्वव्यापी विषयशीर्षक सूचीहरूमा समेत समावेश नभएका हुनाले यस सम्बन्धमा OCLC तथा Library of Congress आदि सम्बन्धित समउद्देश्य अन्तर्राष्ट्रिय संस्थाहरूलाई अनुरोध गरी पठाउने योजना रहेको छ। समावेश नभएका तर अब हुनुपर्ने अर्थात् सिर्जना/सङ्कलन गरेर यसमा थप्न सकिने विषयशीर्षकहरूका लागि मुख्य विषय हाललाई यसप्रकार हुनसक्छन्।

- नेपाली मौलिक धर्मसंस्कृतिमा आधारित चाडपर्व, मठमन्दिर, गुम्बा विहार आदिसम्बन्धी शब्दावली
- जातीय विविधताभित्रका नेपाली भेषभूषा, कला, बाजागाजा आदि मौलिक विषयहरू।
- भाषिक विविधताभित्रका मौलिक विषयहरू।
- नेपाली हस्तलिखित ग्रन्थहरू र तत्सम्बन्धी विषयहरू आदि।

अन्तमा, पुस्तकालयहरूमा सङ्कलित नेपाली भाषाका पाठ्यसामग्रीहरूको सूचीकरण गर्दा ती सामग्रीहरूको छनोट तथा प्रयोगको लागि यस ग्रन्थमा समावेश गरिएका विषयशीर्षकहरूको प्रयोग गरी यस विषयमा मौलिकता स्तरीयता र एकरूपता ल्याउनहुन अनुरोध गरेका छौँ। माथिका प्रशोधित सामग्रीहरूमा एकरूपता र मानकीकरण ल्याउन हालै प्रकाशित "नेपाली विषयशीर्षक सूची" नामक पुस्तकबाट नेपाली, हिन्दी र संस्कृत भाषाहरूमा लेखिएका पुस्तकालय सामग्रीहरूका लागि विषयशीर्षकहरू तोक्न पुस्तकालयहरूमा काम गर्ने सबै पुस्तकलयकर्मीहरू र अन्यहरूलाई हामी अनुरोध गर्दछौं।

# श्रीलङ्काबाट अनुकरण गर्न सकिने कुराहरू

पुष्पराज सुवेदी*



संयोगले जुराएर नेपालबाट हामी ४ जना पुस्तकालय विज्ञानका विद्यार्थीहरू (पुष्पराज सुवेदी, सञ्जीवकुमार चौधरी, मीनकुमारी डल्लाकोटी र अनिता भण्डारी) श्रीलङ्काको क्यान्डीस्थित पेरादेमिया विश्वविद्यालय र श्रीलङ्का पुस्तकालय सङ्घद्वारा गत जुन २६ देखि २७ सम्म आयोजित "पुस्तकालय तथा सूचना विज्ञानसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन" (ICLIS 2025) मा सहभागी भइयो । हाम्रो समूहबाट, २।२ जनाको जम्मा २ वटा प्रस्तुतीकरण पनि थियो : दक्षिण एसियाका पुस्तकालय सङ्घहरूको महासङ्घ बनाउने र गण्डकी प्रदेशका सामुदायिक पुस्तकालयमा सर्वसाधारणको पहुँच सहज बनाउनेसम्बन्धी । विश्वविद्यालयको सुव्यवस्थित कार्यक्रमस्थलमा अरूसँगै हामीले पनि आफ्ना प्रस्तुतिहरू सबैलाइ सुनायौँ । भारत, मालदिभ्स, बङ्गलादेश, साउदी अरबलगायत श्रीलङ्काभरबाट आएका पुस्तकालयविद्, पेसाकर्मी, नीति निर्माता, शिक्षाविद् एवम् विद्यार्थीहरू सहभागी श्रोतागणबाट आगामी पत्रको लागि राम्रै खुराक मिल्यो । हामी धन्य भयौँ । उताबाट प्राप्त ज्ञान र सूचना यता नेपालतिर पनि केही काम लाग्छ कि, भनेर देखेका र अनुभूत गरिएका पुस्तकालय क्षेत्रमा भएको बृहत्तर अभ्यासहरू जसमा, भौतिक र प्रविधियुक्त विद्युतीय पुस्तकालयमा भएको रूपान्तरण, क्षेत्रीय सहकार्य, पुस्तकालयले समाजमा पारेको सकारात्मक प्रभावजस्ता कुराहरू छोटकरी पस्कने जमर्को गरेको छु ।

## पुस्तकालय व्यवस्थापन र विकासमा एकीकृत प्रयास

सम्मेलनको दौरानमा सहभागी भएका शैक्षिक, सामूदायिक र विशेष पुस्तकालयहरूबिचको सहकार्य अनुकरणीय थियो । जुन, हाम्रो देशमा सन २०२७ मा आयोजना गर्न लागिएको पुस्तकालयसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको लागि नमुनाको रूपमा लिन सकिन्छ । कार्यक्रम सञ्चालन, व्यवस्थापन, साजसज्जा, खानेबस्ने व्यवस्था, पर्यटकीय क्षेत्रको भ्रमण, यातायात, सूचना तथा सञ्चार साथै, प्रारम्भिक कार्यहरू, सामाजिक सञ्जालमार्फत सहभागी जुटाउने प्रयास, सबैतिरबाट लेख रचना र प्रस्तुतिहरू सङ्कलन, सम्पादन र समयको पालना अनि सरल ढङ्गगमा गरिएको गुणस्तरीय कार्यसम्पादन मननयोग्य थिए । शैक्षिक, सार्वजनिक, विशेष एवम् सबैखाले सरकारी र गैरसरकारी पुस्तकालयलाई अन्तर्राष्ट्रिय पुस्तकालय महासङ्घ (इफ्ला) को निर्देशिका, मापदण्ड र श्रीलङ्का पुस्तकालय सङ्घले बनाएको नीति नियमअनुसार सबै सङ्घसंस्थाहरू एउटै छातामुनि रहेर एकताबद्ध भई नागरिकलाई पुस्तकालय सेवा प्रदान गर्न लागि परेका देखिन्थे । कार्यगत एकता, गुणस्तरीय सेवासुविधा र प्रविधिको सरल व्यवस्थापनमा हेलचेक्र्याइँ देखिएन । विशेषगरी डि.एस. देशानायके मेमोरियल सामुदायिक पुस्तकालय, केन्डी, सामुदायिक पुस्तकालय तथा पर्यटक सूचना केन्द्र, नुवारा इलिया, कोलम्बो सार्वजनिक पुस्तकालय, केन्द्रीय सङ्ग्रहालय र पेराडेमिया विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा सबैखाले ज्ञानका सामाग्रीलाइ सुव्यवस्थित तरिकाले, पाठकको सरल पहुँच पुग्नेगरी राखेको पाइयो । पुस्तक सामग्री राख्ने ठाउँ, पाठक अध्ययन कक्ष, सूचना प्रविधि कक्ष, उमेर र शारीरिक अवस्थाअनुसारका नागरिकलाइ सहज पहुँच बनाएका पुस्तकालयका पुस्तकालयकर्मीहरू पेसामा दक्ष र सिपालु देखिए । यी संस्थाहरू श्रीलङ्काले जनतासमक्ष गरेको ज्ञान र सूचनामा नागरिकको सरल र सहज पहुँचको प्रतिबद्धता साथै जीवनभरको शिक्षाका लागि ज्ञानको भण्डार र सांस्कृतिक सम्पदाको संरक्षण प्रशंसनीय पाइए ।

## पुस्तकालय ज्ञान केन्द्रको रूपमा

बलियो पारिस्थितिक पद्धतिले ज्ञानकेन्द्रहरू सामान्य पुस्तक भण्डारको स्वरूपभन्दा धेरै विकसित छन् । पुस्तकालयमा पर्याप्त अध्ययन कक्षहरूका साथमा अध्ययन अनुसन्धान, परम्परा र संस्कृति जोगाइराख्ने खालका संरचना, स्थानीय पहिचानको सम्मान, नवीनतम प्रविधिको सरल र सहज प्रयोग, सूचीकरण, विद्युतीय पुस्तकालय, छोटो अवधिका सिपमूलक तालिमहरू, ज्ञान प्राप्ति, सम्प्रेषण र प्रसारणका लागि सबैको पहुँचयोग्य कार्यक्रमस्थलहरू देख्दा, लाग्छ, पुस्तकालयमा सम्पूर्ण समाज पाइन्छ । यो वास्तवमै ज्ञानको महासागर हो । सबैको सेवक हो र राष्ट्रको अमूल्य धरोहर हो, यसकारण खुलैरै श्रीलङ्काको प्रशंसा गर्न मन लाग्छ ।

* अध्यक्ष, नेपाल पुस्तकालय सङ्घ

सरकारी अभिलेखालय, चिकित्सा, अभियान्त्रिकी, समाचार संस्थाहरू, संस्थान र उद्योगसँग सम्बन्धित पुस्तकालयहरू प्रकार र पेसागत मर्यादाअनुसारका प्रयोगकर्ताहरूलाई स्वागतद्वारहरू २४ सै घन्टा खुल्ला राखेको देख्दा श्रीलङ्का वास्तवमै शिक्षित देश बन्नुको राज जान्न पाइयो।

केन्डी शहरस्थित, युनेस्को विश्व सम्पदा सूचीमा रहेको श्री दलिदा मलिगवा (बुद्धको पवित्र दाँत अवशेषको मन्दिर), दक्षिण एसिया एवम् विश्व समुदायबाट प्राप्त कोसेलीहरूलगायत सांस्कृतिक सम्पदाहरूलाई सुन्दर र मनोरम तरिकाले सजाएर राख्दा जो कोही घुमन्ते र फिरन्तेहरू अति नै मोहित र मन्त्रमुग्ध भएका देखिन्थे। यससँगै पर्यटक सूचना केन्द्र, बुद्धका उपदेश र जीवनसँग सम्बन्धित सबै घटनाक्रम एकै ठाउँबाट जान्न पाइने सुअवसरले त्यताको घुमाइले जीवनमा सजीवन छर्ने काम गरेको छ। राष्ट्रिय सङ्ग्रहालय र राष्ट्रिय पुस्तकालयको एकअर्कामा समन्वयकारी भूमिका र सहकार्यले राष्ट्रको सम्पदा संरक्षणमा उदाहरणीय काम गरेको छ।

## नागरिक साक्षरता केन्द्रित सामाजिक उत्तरदायित्व

पुस्तकालयहरू, साँच्चै नै, जनताका जीवनसँग जोडिएका हुन्छन् र यिनको संरक्षण, संवर्धन र विकास गऱ्यो भने मात्रै, नागरिकप्रति सरकारको दायित्व पुरा हुन्छ र जनताले खुसीका साथ आफ्नो मत प्रकट गर्छन् साथै सामाजिक न्याय, समानता र नागरिक सशक्तीकरण प्राप्त हुन्छ, भन्ने बुझाइ यहाँका स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारका प्रतिनिधिमा रहेको देखिन्छ। जसको फलस्वरूप सरकार र सबै सङ्घसंस्थाहरूले पुस्तकालयलाई आवश्यक पर्ने खर्च खुसीका साथ उपलब्ध गराउने गरेको पाइयो। यहाँ पुस्तकालयलाई आवश्यक बजेट छुट्याएर मात्र अन्य शीर्षकमा बजेट विनियोजन गर्ने अभ्यास रहेछ, जुन कुरा हाम्रो देशमा रहेको पतनमुखी, अलमल र हेलचेक्र्याइँ सच्याउन राम्रै उदाहरण बन्न सक्छ। यसैकारण विश्व बैङ्कले यसैवर्ष सन् २०२५ मा गरेको विश्व साक्षरता दरसम्बन्धी अध्ययनमा श्रीलङ्काको ९२ प्रतिशत नागरिक शिक्षित भएको देखाउँछ। यससँगै नागरिकमा रहेको अध्ययनशीलता र शिक्षाको महत्त्व यहाँका जनतामा स्थापित छ। नेपालमा अधकल्चो पढ्ने र अध्ययन अनुसन्धानलाई मतलब नगर्ने एमव् शैक्षिक संस्थाहरूलाई राजनीति गर्ने थलोको रूपमा प्रयोग गर्न मन पराउने हाम्रो प्रजातान्त्रिक अभ्यास सच्चिनुपर्ने देखिन्छ। साथै, युनेस्को प्रतिवेदन २००६ अनुसार संसारभर निःशुल्क अध्ययन गर्न पाउने समान अवसरका साथमा सबैखाले नागरिकको उन्नति प्रगतिको लागि पुस्तकालयले स्रोतसाधनमा सरल एवम् सहज पहुँच दिनुपर्छ भनी प्रतिवेदनमा समेटेको छ। एउटा भनाइ, विकसित देशले पुस्तकालयमा लगानी गर्छन् तर सङ्कुचित राज्यव्यवस्था भएका देशले कारागार बनाउनमा खर्च गर्छन् भन्ने कुराले यदाकदा हामीलाई दुःखी बनाउँछ। सायद, हामी र हाम्रो देश कता छ ? भनेर अन्तरआत्माले सोच्नुपर्ने भएको छ।

श्रीलङ्काका नागरिकहरूमा, सबैलाई सम्मान गर्ने शैली, विशेषगरी जेब्राक्रसमा सडकयात्रीलाई सुरक्षित यात्रा गर्न दिने व्यवहार, व्यक्तिगत र सामुदायिक सरसफाइ, हरित देशको नमुना, गहन अध्ययनशीलता, अर्काको विचारलाई सम्मान गर्ने अभ्यस्त जीवन के हामीलाई चाहिएको छैन र ? यी सबै कुराहरू बटुवाबाटै सहज रूपमा सुन्न सकिन्छ कि उनीहरू पुस्तकालयलाई कति सम्मानका साथ प्रयोग गर्छन् भनेर।

## नीति व्यवस्था

यहाँ सरकारले आवश्यक नीति बनाई श्रीलङ्का पुस्तकालय सङ्घलाई बलियो बनाएको छ। यसले सबैलाई आवश्यक पर्ने मापदण्ड र कार्यविधि बनाएको छ। सबै किसिमका पुस्तकालयसम्बन्धी सङ्घसंस्था र पेसाकर्मीहरू यसमा आबद्ध भएका छन्। यहाँ पनि छोटो अवधिको पुस्तकालय सहायक तालिम चलाइन्छ। साधारणदेखि उच्च तहसम्मको शैक्षिक योग्यताका लागि शिक्षण संस्थाहरूमा अध्ययन अध्यापन गराइन्छ। पुस्तकालयकर्मीहरूलाई Certified Librarian को रूपमा पुस्तकालय सङ्घले क्रमाङ्कसहित सूचीकृत गर्छ। सेवा, सुविधा सम्बन्धित संस्थाका सबै समूहसरह सम्मानित छ। सबै क्षेत्रमा उत्तिकै अवसर पुस्तकालयकर्मीले पाउँछन्। कोही उचो र निचो नजरले हेरिँदैन, आ-आफ्नो काम, कर्तव्य र अधिकारको क्षेत्रअनुसार कर्तव्यपरायण भई खटिएका हुन्छन्। अब हामीहरूचाहिँ नेपालमा यो छैन र त्यो छैन भनेर बस्ने कि सबै कुरा मिलाएर अघि बढ्ने हो ? हामी आफैँले आफूलाई सोध्न र काम गर्न धेरै ढिला भइसकेको देखिन्छ। विकास र समृद्धि हाम्रै पालामा, गर्ने प्रयास गरौँ, न कि अर्काको मुख ताकेर झर्ला र खाउँला भन्ने भावनाबाट मुक्त बनौँ।

## क्षेत्रीय एकतामा ऐक्यबद्धता

यो सम्मलेनको अर्को पाटो यस क्षेत्रका पुस्तकालय सङ्घहरूको महासङ्घ बनाउनेतर्फ केन्द्रित भयो। विगतमा सन् २००५ मा नेपाल पुस्तकालय सङ्घ र त्रि.वि. केन्द्रीय पुस्तकालयको पहलमा पूर्वअध्यक्ष श्री भोलाकुमार श्रेष्ठको अध्यक्षतामा गठन भएको क्षेत्रीय महासङ्घ, दोस्रो कार्यकाल श्रीलङ्काले लिएदेखि अघि बढ्न नसकेको अवस्थामा, हाम्रो प्रतिनिधिमण्डलको प्रयासमा श्रीलङ्का पुस्तकालय सङ्घको काउन्सिलबाट अनुमोदन भई, आगामी दिनमा जीवन्तता पाउनेतर्फ अगाडि बढेको छ। यसको

सफल पुनर्स्थापना भएमा हामीहरू सबैलाई क्षेत्रीय ज्ञान भण्डारमा सहज र सरल पहुँच पाउन र पेसागत ज्ञान, सिप अभिवृद्धि गर्न राम्रो अवसर पाउने कुरामा आशा गर्न सकिन्छ।

**अन्तमा,**

हामी नेपालका पुस्तकालयकर्मीहरूको ज्ञान, सिप, धारणा र क्षमता अभिवृद्धिको लागि यस्ता खालका सभा, सम्मेलन, गोष्ठी, कार्यशाला आदि देशभित्र र अन्य देशमा नियमित आयोजना गर्नुका साथै, दोहोरो रूपमा सच्चा मित्र र असल छिमेकीको व्यवहार प्रदर्शित गर्नु जरुरी देखिन्छ। पक्कै पनि विश्वमा भइरहेको सूचना र प्रविधिको विकाससँगै, हामी पनि जुनसुकै क्षेत्रसँग प्रतिस्पर्धामा खरो उत्रन सक्छौं। र सम्पूर्ण नेपाली नागरिकलाई गुणस्तरीय शिक्षा प्रदान गर्न हाम्रा ज्ञान केन्द्रहरू स्रोत साधनले सम्पन्न, सबैको पहुँच सहज हुने र खोजेको ज्ञान, सूचना र जानकारी तत्काल दिन सक्ने दक्ष पेसाकर्मी बन्न पछि पर्ने छैनौं भन्ने प्रतिबद्धता गरौं। श्रीलङ्काबाट हामीले यस्तै यस्तै थुप्रै कुरा सिक्ने अवसर पाएका छौं। नेपालमा प्रत्येक वर्षको भदौ १५ गतेका दिन पुस्तकालय दिवस मनाइन्छ, यो दिवसले नेपालमा पुस्तकालय क्षेत्रको विकासमा सबै पेसाकर्मी र सम्पूर्ण नेपाली नागरिकमा अध्ययनशीलता र ज्ञान, विज्ञानप्रति जागरुक बन्न प्रेरित गरोस्। १८औं पुस्तकालय दिवसको सबैलाई हार्दिक शुभकामना। धन्यवाद।

**सन्दर्भसूची**


Subedi, P. (2025, June 26). *Forming the Regional Federation of South Asian Library Associations (REFSALA): A collaborative framework for advancing library and information science*. University of Peradeniya. https://ir.lib.pdn.ac.lk/

Sri Dalada Maligawa. (n.d.). *Sri Dalada Maligawa history*. Retrieved *August 7, 2025*, from https://sridaladamaligawa.lk/sri-dalada-maligawa-history/

Kandy Municipal Council. (n.d.). *Library department*. Retrieved *August 7, 2025*, from https://kandy.mc.gov.lk/LibraryDep.php

University of Peradeniya. (n.d.). *Library Network*. Retrieved *August 7, 2025*, from http://www.lib.pdn.ac.lk/

World Bank. (n.d.). *Literacy rate, youth total (92 % of people ages 15–24) – Sri Lanka*. Retrieved August 7, 2025, from https://data.worldbank.org/indicator/SE.ADT.1524.LT.ZS?locations=LK

*Tourism information centre established at Nuwara Eliya Public Library.* (2025, January 4). *Daily FT*. Retrieved from https://www.ft.lk/harmony_page/Tourism-Information-Centre-established-at-Nuwara-Eliya-Public-Library/10523-771375

National Library and Documentation Services Board. (n.d.). *National Library of Sri Lanka*. Retrieved August 7, 2025, from https://www.natlib.lk/index.php

Sri Lanka Library Association. (n.d.). *Vision & Mission*. Retrieved August 7, 2025, from https://slla.lk/vision-mission/

Department of National Museums, Sri Lanka. (n.d.). *Home*. Retrieved August 7, 2025, from https://museum.gov.lk/

International Federation of Library Associations and Institutions. (n.d.). *Guidelines*. Retrieved August 7, 2025, from https://www.ifla.org/g/mlas/guidelines/

# पुस्तकालय पदचाप : पुर्खाको नासोदेखि विश्वको धुरीसम्म



**राजेन्द्र प्रसाद पाण्डेय***

अघिल्लो वर्ष कैलालीको अत्तरियामा सुदूरपश्चिम सम्मेलनको एक साँझ हामी खाना खाइसकेपछि विश्रामको तयारीमा थियौँ। त्यही बेला शिक्षा मन्त्रालयका उपसचिव, पुस्तकालय समन्वय शाखाका प्रमुख यादवचन्द्र निरौलाले मलाई गम्भीर भएर सोध्नुभयो– 'राजेन्द्र सर, तपाईँ प्रधानन्यायाधीश मन्त्रिपरिषद्को अध्यक्ष रहेको इतिहासकै शक्तिशाली र सफल सरकारको नेतृत्व गर्ने खिलराज रेग्मीको सचिवालयमा काम गर्नुभएको व्यक्तित्व गाउँको सानो संस्थामा यति मरिमेटेर लाग्नु भएको कारण के हो ? यो प्रश्न धेरै अघिदेखि सोध्न खोजेको आज संयोग मिल्यो।' यो जिज्ञासा मेरा सहपाठी, शुभचिन्तकहरूले बाक्लै झेल्दै आएको थिएँ । पुस्तकालयसँगको अमिट साइनोको पोको फुकाउनुपर्ने भयो त्यो साँझ। मैले सुनाउँदै गएँ, यादव सर भावुक भएर सुन्दै जानुभयो । म जन्मिएको धरामा रहेको मातृभूमि पुस्तकालय नामको त्यो थलो पितृ प्रसाद थियो। त्यो विरासतसँग नजोडिनु भनेको मेरो जीवन अपुरो भए बराबर हुन्थ्यो । बाल्यकालको चेतनासँगै पुस्तकालय हाम्रो दोस्रो घर थियो। बा पुस्ताहरूको तन, मन, धनको अंश थियो।

## विर्घामा टोनीले गाडेको टेको

मेरो पुस्तकालयसँगको पहिलो साइनो जन्मभूमि विर्घाको मातृभूमि पुस्तकालयबाट जोडियो। जुन प्रजातन्त्र पुनर्स्थापनापछि स्थापना भयो। त्यो ठाउँ जहाँ मेरो प्रारम्भिक शिक्षा सुरु भयो। जनता प्राथमिक विद्यालय, जहाँ म कक्षा तीनमा पढ्ने गर्थें। त्यो दिनको याद अझै ताजै छ, र सम्झँदा मनमा एउटा अपूर्व आनन्द बग्छ । मातृभूमि पुस्तकालयको विकास र समृद्धिको लागि अमेरिकी नागरिक एन्टोनियो न्यूवर 'टोनी' र उनको टिम हाम्रो गाउँमा आएका थिए। हामी विद्यार्थीहरू स्वागतका लागि तयार थियौँ– फूलमालाले जम्ल्याहा हात जोडेर । कुनै चिनजान नभएका विदेशी नागरिकले हामी जस्ता साना गाउँलेहरूको लागि देखाएको त्यो महान् सपना थियो-मेरो गाउँलाई उज्यालो बनाउने, शिक्षा र ज्ञानको केन्द्र बनाउने।

समय यति छिटो बित्यो कि ती दिनहरू हिजो मात्रै जस्तो लाग्छ। टोनीलाई माला लगाइदिएको क्षण, उनको हातमा फूलको गुच्छा दिनु, अनि त्यो सेवा भावले मेरो मनमा अटुट छाप छोड्यो। तर आज टोनी हामी बीच जीवित छैनन्। म पनि बाल्यकालको त्यो आनन्दमय समयबाट धेरै टाढा छु । तर छ त टोनीको नासो मातृभूमि पुस्तकालय अनि त्यो बाल मानसपटलमा जरा गाडेको अमूल्य स्मृति। त्यहि स्मृतिले मलाई सधैं शिक्षा र पुस्तकालयप्रति समर्पित हुने ढाड्स दिन्छ।

टोनी हरेक वर्ष नेपाल आउने गर्थिन्। सन् १९९१ मा सोलुखुम्बुको सुनसान गाउँ जुनवेसी पुगेकी थिइन् उनी। त्यहाँ उनलाई गाइडको रूपमा दोमी शेर्पाले निरन्तर साथ र सहयोग गरे। टोनीले दोमीलाई भनिन्, "तपाईँले मलाई यति धेरै सहयोग गर्नुभयो, अब म पनि तपाईँलाई केही सहयोग गर्न चाहन्छु।" दोमीले सहजै जवाफ दिए– "हाम्रो गाउँमा पढ्ने संस्कार कमजोर छ। एउटा सानो घर बनाएर किताब राख्न सके राम्रो हुन्थ्यो, जसले गर्दा गाउँलेहरू पढ्न पाउन सकून्।"

टोनीलाई यो सुझावले छोयो। उनले यो विचारलाई अघि बढाउँदै सन् १९९१ मा ग्रामीण शिक्षा तथा विकास नामक अन्तर्राष्ट्रिय संस्था स्थापना गरेर सामुदायिक पुस्तकालय खोल्ने अभियान सुरुवात गरिन् । उही वर्ष जुनबेंसीमा पहिलो सामुदायिक पुस्तकालय स्थापना भयो । यो नेपालमा सामुदायिक पुस्तकालयहरूको प्रारम्भिक चरण थियो।

दोस्रो पुस्तकालयको रूपमा मातृभूमि पुस्तकालय स्थापना गरियो। गाउँका गोपाल दाइले पुस्तकालय खोल्ने ठुलो सपना देख्नुभयो र अभियानमा निरन्तर साथ दिनुभयो गाउँका शैक्षिक र राजनीतिक अगुवाहरूले। तर साँच्चिकै सफल र सशक्त यो अभियान टोनीको अटुट उपस्थितिले नै भयो । उनले गाउँमा शिक्षा र ज्ञानको उज्यालो फैलाउन महत्त्वपूर्ण योगदान पुऱ्याइन्।

गाउँघरमा नयाँ खुल्ने पुस्तकालयले हाम्रो दैनिकी नै बदलिदियो। नयाँ नयाँ पुस्तकहरू रोजी रोजी पढ्न पाइने त्यो ठाउँ बच्चादेखि

* *महासचिव, नेपाल सामुदायिक पुस्तकालय संघ*

बुढापाकासम्म सबैका लागि जीवनको अभिन्न हिस्सा बन्यो। स्कुलको एक बजेको घण्टी कति छिटो बज्ला, हाफ छुट्टीमा छिट्टै मातृभूमि पुस्तकालय जान पाइएला कि पाइएन भनेर हामी सधैं उत्साहित थियौँ। भोक, प्यासको के कुरा पुस्तकालय पुग्न सके भैगो भन्ने अवस्था थियो। यो प्रेम र लगाव एसएलसी दिउन्जेल निरन्तर चलिरह्यो। घर, विद्यालय र पुस्तकालय नै मेरो समय बिताउने मुख्य स्थान बन्यो। त्यो गाउँको संस्कार र पुस्तकप्रतिको लगावले सायद मलाई काठमाडौँ आएपछि पनि छोडेन। यहाँ आएपछि पनि ब्रिटिस काउन्सिल जानु, पढ्नु रुचिको विषयमा पर्दथ्यो।

## मातृभूमि पुस्तकालयले फेरेको काँचुली

पुस्तकालयमा जानु र पढ्नु मेरो सामान्य रुचि थियो तर कहिल्यै सोचेको थिइनँ कि म पुस्तकालयको नेतृत्व गर्नेछु। यो अभियानमा यसरी एकलव्य भएर लाग्नेछु। कहिलेकाहीँ नसोचेको जिम्मेवारीले जीवनका बाटो नै परिवर्तन गर्छ भन्ने कुरा मैले अनुभूत गरेको छु। मेरो बा जनता माध्यमिक विद्यालयका हेडसर, श्रोत व्यक्ति र पछि निवृत्त जीवन बिताउँदै मातृभूमि पुस्तकालयका अध्यक्ष हुनुहुन्थ्यो। उहाँले एक मुठी सास रहुन्जेल सम्म पनि सधैँ मेरो कानमा यो कुरा दोहोऱ्याउनु भयो-"मातृभूमि जोगाउनु, बनाउनू।"

२०७२ सालको वैशाख १२ को भूकम्पले मातृभूमि पुस्तकालय तहसनहस बनाइदियो। त्यो पुनर्निर्माणको जिम्मेवारी बाले आफ्नो नेतृत्वमा लिएर यो अभियानलाई मुख्य प्राथमिकता बनाउनुभयो। अचम्मको संयोग भूकम्प गएको दिनदेखि ठिक तीन वर्षपछि, १२ वैशाखकै दिन बाले पनि यस धर्तीबाट बिदा लिनुभयो। गाउँका सबै अग्रजको अनुरोधमा मातृभूमिको जिम्मेवारी मेरो काँधमा आयो। भित्रदेखि मैले बाको अन्तिम बचन पूरा गर्ने चाहना राखेँ र त्यो अभिलाषाले मलाई यो जिम्मेवारी स्वीकार गर्न प्रेरित गऱ्यो। पुस्तकालयलाई सुविधा सम्पन्न भवनमा परिणत गर्नु त थियो नै, अझ यसको निरन्तरताको सुनिश्चितता झनै चुनौतीपूर्ण। आज मातृभूमि नयाँ भवन र स्वरूपमा उभिएको छ। यो सम्भव त्यति बेला भयो, जति बेला जापान सरकारको सहयोग, शान्ति भोलेन्टियर एसोसिएसनको आर्थिक साथ र रिड नेपालको प्राविधिक सहयोगले। अहिले मातृभूमि पुस्तकालय केवल भवन मात्र होइन, त्यो समुदायको ज्ञान र आशाको केन्द्र बनेको छ। जसले हाम्रो गाउँ र भविष्यलाई उज्यालो बनाइरहेको छ।

## मातृभूमि बीउ, राष्ट्रिय अभियान वृक्ष

मातृभूमि पुस्तकालयको नेतृत्व पाउँदा पुस्तकालयप्रतिको स्नेह झन् गहिरिएको थियो। मेरो जीवनको सुरुवात भनेको सञ्चार माध्यम थियो, जहाँ पढाइ पनि त्यही थियो र काम पनि। तर जब जिम्मेवारी काँधमा आएपछि थाहा भयो– पुस्तकालयलाई अझ माथिल्लो स्तरमा लैजानुपर्नेछ। सुरुवाती दिनहरूमा कहिलेकाहीँ आफैँलाई सोध्थेँ-विश्वका प्रतिष्ठित पुस्तकालयहरूमा मेरा सहपाठी समय बिताइरहेका छन्, म किन गाउँको पुस्तकालयमै रमाइरहेको छु? के यो सही बाटो हो र? यी प्रश्नहरूले कहिलेकाहीँ अलमलमा पार्थे। तर मेरो अन्तर्मनले स्पष्ट गऱ्यो ९ यो केवल बाबाको सपना मात्र होइन, मातृभूमि मात्र बचाउने कुरा होइन, देशभरिका सामुदायिक पुस्तकालयहरूलाई बचाउने अभियान हो।

नेपालभरि फैलिएका मातृभूमि जस्ता पुस्तकालयहरूलाई एकत्रित गर्ने नेतृत्वमा आउन मलाई धैरै समय लागेन। २०७९ साल भाद्रमा चितवनमा सम्पन्न नेपाल सामुदायिक पुस्तकालय संघको अधिवेशनबाट मैले महासचिवको जिम्मेवारी पाएँ। देशभरिका पुस्तकालयहरूको अवस्था बुझ्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सहकार्य गर्दै संघको आयोजनामा सातै प्रदेशमा सम्मेलन आयोजना गरियो। मैले ती सबै सम्मेलनहरूमा सक्रिय भूमिका निभाएँ, जसले मलाई सबै प्रदेशका पुस्तकालयहरूको अवस्था, आवश्यकता र चुनौतीहरू नजिकबाट बुझ्न अवसर दियो। यी सम्मेलनहरूबाट प्रत्येक प्रदेशमा समिति गठन भयो र आवश्यकताका आधारमा घोषणापत्र जारी गरियो। यो अभियानले सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको विकासमा निश्चित प्रभाव पारेको म अनुभव गर्छु। यसरी मातृभूमिबाट सुरु भएको मेरो यात्रा अहिले राष्ट्रिय हुँदै अन्तर्राष्ट्रिय पुस्तकालय आन्दोलनको रूपमा परिणत भइसकेको छ– ज्ञान र समृद्धिका लागि निरन्तर सेवा गर्ने प्रतिबद्धता सहित।

## लाइब्रेरी अफ काँग्रेस र न्यूयोर्क पब्लिक लाइब्रेरीको अद्भुत अनुभव

स्कुल पढ्दाताका हाजिरी जवाफमा शिक्षकले सोध्नुहुन्थ्यो "संसारको सबैभन्दा ठुलो पुस्तकालयको नाम के हो?" म तुरुन्तै कुर्सीबाट उफ्रेर गर्वका साथ भन्थेँ– "लाइब्रेरी अफ काँग्रेस, अमेरिका" शिक्षकले 'सही' भन्नासाथ मलाई लाग्थ्यो, मानौँ संसार जितेँ। त्यति बेला काठमाडौँ नै मेरो दृष्टिमा अमेरिका सरह थियो। वास्तविक अमेरिका, त्यस भित्रको संसारकै सबैभन्दा ठुलो पुस्तकालय, त्यो त सपनाभन्दा परको कुरा थियो। अझ अमेरिकी नागरिक टोनीले प्रज्ञा र चेतनाको जग खोलिदिएका कारण अमेरिकाको भूगोल सानैदेखि मानसपटलमा खेलिरहन्थ्यो

। तर जीवनमा साधना र प्रतिबद्धता भए असम्भव पनि सम्भव हुने रहेछ । सामुदायिक पुस्तकालय संघसँगको आबद्धताले मलाई पुस्तकालय र पठन संस्कृतिका क्षेत्रमा गहिरो रूपमा जोड्यो। पुस्तकालयलाई दृश्य र प्रभावकारी बनाउने अभियानको क्रममा राष्ट्रिय पुस्तकालय दिवस भव्य रूपमा मनाउने हाम्रो प्रयास सफल रह्यो। १७ औँ पुस्तकालय दिवस मैझारो हुँदा नहुँदै अमेरिका भ्रमण तय भयो। यो मेरो दोस्रो अमेरिका यात्रा थियो। पहिलो पटक डेढ महिनाको बसाइमा धैरै सहर र चिनजानका मानिस भेटिसकेको हुँदा, यस पटकको एजेण्डा फरक थियो- "पुस्तकालयहरूलाई नजिकबाट देख्ने, बुझ्ने र महसुस गर्ने।"

त्यसैले अमेरिका पुगेपछि पनि मैले ज्ञानको भोक मर्न दिइनँ। संयोगले मलाई दुई ऐतिहासिक र विश्वविख्यात पुस्तकालय- न्यूयोर्क पब्लिक लाइब्रेरी (New York Public Library) र लाइब्रेरी अफ काँग्रेस (Library of Congress) भ्रमण गर्ने मात्र होइन, पुस्तकालय सम्बन्धी राष्ट्रसंघको महत्त्वपूर्ण सम्मेलनमा नेपालको प्रतिनिधि र अतिथि वक्ता बन्ने अवसर पनि प्राप्त भयो।यो यात्रा केवल पर्यटकको दृष्टिले हेर्ने रमाइलो थिएन। यो त पुस्तकालयको शक्ति, प्रभाव र मानव सभ्यतामा यसको योगदानबारे गहिरो आत्म चिन्तन गर्ने मौका थियो । यो अमेरिकाको यात्राले त्यो विश्वासलाई अझ मजबुत बनायो। यो अनुभव केवल पर्यटकको दृष्टिले रमाइलो मात्र नभई, पुस्तकालयको शक्ति र भूमिकाबारे गहिरो आत्म चिन्तनको अवसर पनि बन्यो।

## न्यूयोर्क पब्लिक लाइब्रेरी : सहरको आत्मा

अमेरिका पुग्ने बित्तिकै पहिलो दिन नै मेरो भ्रमणको पहिलो गन्तव्य न्यूयोर्कको मध्य सहरमा अवस्थित, सहरको आत्मा मानिने न्यूयोर्क पब्लिक लाइब्रेरी बन्यो । व्यस्त र चटपटे न्यूयोर्कको हृदयमा उभिएको यो पुस्तकालय आधुनिकता र परम्परागत ज्ञान संस्कृतिको अनुपम संगम मानिन्छ। पहिले पनि म अमेरिका आउँदा यो पुस्तकालयमा गएको थिएँ तर त्यो बेला म केवल पर्यटक भएर भित्रको माहौल बुझ्न र अनुभव गर्न चाह थिएन। केही तस्बिर लिएर फर्किएको मात्र याद छ। तर यस पटक जब पुस्तकालयको भव्य परिसरमा प्रवेश गरेँ, मेरो मन नयाँ तरिकाले छुन पुग्यो । न्यूयोर्कको न्यूरोड क्षेत्र मान्छेको भीडले भरिएको छ । त्यो भिड चिर्दै मैले पुस्तकालयको मुख्य प्रवेशद्वारतर्फ पुगेँ हाँ दुई सिंहका मूर्तिहरू-'Patience' र 'Fortitude'- धैर्यता र साहसका प्रतीकका रूपमा स्वागत गर्दै थिए। लाग्थ्यो यी मूर्तिहरूले नै पुस्तकालयको मूल सन्देश सम्प्रेषण गरिरहेका छन् । भित्र प्रवेश गर्दा 'Rose Main Reading Room' को विशालता र सौन्दर्यले म अचम्मित भएँ। उच्च छतमा बनेका सुन्दर चित्रहरू, लामो काठका टेबलहरूमा अनुशासनपूर्वक अध्ययन गरिरहेका मानिसहरू खुला पहुँच प्रणालीले यो ठाउँलाई ज्ञान प्रेमीहरूको लागि ज्ञानगंगा बनाएको महसुस हुन्थ्यो। सबैभन्दा रमाइलो कुरा के भने यो पुस्तकालय केवल किताबको भण्डार मात्र होइन, यहाँको सांस्कृतिक र सामुदायिक कार्यक्रमहरूले यसलाई साँच्चिकै समुदायको केन्द्र बनाएको छ। प्रदर्शनीहरू बालबालिकाका लागि पठन कार्यक्रम, डिजिटल आर्काइभ, प्रविधि तालिमदेखि भाषा कक्षा सम्म यहाँ नियमित रूपमा सञ्चालन हुने कुरा यस पुस्तकालयकि सिनियर अफिसर Zena ले अवलोकनका क्रममा जानकारी दिइन मलाई। करिब करिब आधा दिन बितेको पत्तै भएन। ज्ञान र संस्कृतिको यो गहिरो संसारले मलाई पूर्ण रूपमा मन्त्रमुग्ध बनायो।

## लाइब्रेरी अफ काँग्रेस : ज्ञानको महासागर

अमेरिकाको राजधानी वाशिङटन डिसीमा रहेको लाइब्रेरी अफ काँग्रेस भ्रमणका लागि म न्यूयोर्कबाट ३ दिनको समय छुट्टाएर यात्रा तय गरेँ। संसारकै सबैभन्दा ठुलो पुस्तकालयको नाम सुन्दा बाल्यकालदेखि मनमा बनाएको कल्पना अब यथार्थमा परिणत हुने कुराले म दङ्ग थिएँ। अमेरिकी संसद् भवन (Capitol Hill) नजिकै रहेको त्यो विशाल भवनमा बिहान १० बजे नै म त्यहाँ पुग्दा मानिसको भीड बाक्लो देखिन्थ्यो । जेफरसन भवन (Jefferson Building) नजिकिँदै जाँदा लाग्थ्यो-मानौँ म कुनै जीवित इतिहास सङ्ग्रहालयमा प्रवेश गर्दैछु। सेतो सङ्गमरमरको भव्य सिँढी, मानव उपलब्धिको प्रतीक मूर्तिहरू, सुनौलो पातको चमकले झल्किएको गुम्बज र भित्ताभरि सजिएका सभ्यताको कथा सुनाउने चित्रकलाहरू-सबै कुरा आँखै अघिल्तिर चमत्कारझैँ देखिन्थे। वातावरणले जस्तोसुकै आगन्तुकलाई पनि यस्तो सन्देश दिन्थ्यो-"ज्ञान शक्ति हो।" तर मेरो मनले निष्कर्ष निकाल्यो-यो ज्ञान केवल शक्ति मात्र होइन, सौन्दर्य पनि हो। प्रत्येक स्तम्भ र रङ्गिन भित्ता चित्रहरू मन र मस्तिष्क दुवैलाई उत्तिकै प्रेरणा दिने खालका थिए। यो पुस्तकालयमा १७ करोड बढी पुस्तक, दस्तावेज, नक्सा, पाण्डुलिपि र ध्वनि–दृश्य सामग्री सुरक्षित रहेको छ। यहाँ पुराना अमेरिकी कानुनी अभिलेखदेखि नेपोलियन बोनापार्टका निजी पत्रसम्म, सेक्सपियरका दुर्लभ कृतिदेखि विश्वका हरेक कुनाबाट आएको ज्ञान यहाँको शेल्फमा सुस्ताइरहेको पाइन्छ। सबैभन्दा भावुक क्षण थियो-विश्वभरका अनुसन्धानकर्ताले 'ज्ञानको पवित्र स्थान' भनेर सम्मान गर्ने Main Reading Room भित्र बस्ने अवसर। गोलाकार हलको बिचमा बसेर वरिपरि उभिएका पुस्तकका ठुला आलमारीहरू, काँचबाट पस्ने मन्द सुनौलो प्रकाश, र गहिरो मौनतामा तल्लीन



पाठकहरूको अनुहार-यी सबैले आत्मामा पवित्र साधनाको अनुभूति जगाइरहेका थिए। भित्रको मौनतामा बस्दा लाग्थ्यो-यहाँ समय बिस्तारै बगिरहेको छ। वरिपरि टाउको झुकाएर अध्ययनमा तल्लीन विद्वानहरू, माथिबाट छर्ने सुनौलो किरण, र पुरानो कागज–स्याहीको सुवास-यी सबैले तपाईँलाई शताब्दीयौँ पुरानो बौद्धिक यात्रामा सहभागी गराइदिन्छन्।

त्यहाँको शान्त वातावरण, अध्ययनमा डुबेका मानिसहरूको एकाग्रता कागज–मस्याको सुवासले मलाई गहिरो प्रेरणा दियो– "नेपालमा पनि एक दिन यस्तै वातावरण भएको पुस्तकालय निर्माण गर्न पाए हुने" लाइब्रेरी अफ काँग्रेसको यात्रा मेरो लागि केवल भव्य भवन हेर्ने वा अनमोल सङ्ग्रह अवलोकन गर्ने अवसर मात्र थिएन। यो त ज्ञानको शक्ति, समयको निरन्तरता र संस्कृतिको अखण्ड प्रवाहसँगको प्रत्यक्ष साक्षात्कार थियो।

करिब ६ घण्टासम्म John र RON लगायतका कर्मचारीको साथमा म पुस्तकालयका विभिन्न कक्षहरूमा डुलिरहेँ र प्रत्येक पाइला नयाँ ऊर्जा र उत्साहले भरिएको अनुभव थियो। भित्र आफ्नै संसारमा हराएका पाठकहरू गहिरो तल्लीनतासाथ अध्ययनमा मग्न थिए, न त कसैले कसैलाई बाधा पुऱ्याउँथ्यो, न त वातावरणको शान्तिमा कुनै खलल पर्थ्यो। तर यहाँको वास्तविक जादु त भौतिक उपस्थितिमा थियो-पुस्तौँको स्पर्शले उज्यालो बनेका पित्तलका रेलिङ समाउँदा र विशाल गुम्बजमुनि उभिँदा महसुस हुने त्यो अद्वितीय अनुभव जीवनदायी स्पर्श लाग्दथ्यो। बाहिर निस्कँदा अन्तस्करणले भन्यो– पुस्तकालय भनेको केवल किताब राख्ने स्थान मात्र होइनस् यो त सभ्यताको संरक्षक, विचारको जागरण स्थल र उज्ज्वल भविष्य निर्माण गर्ने आधारशिला हो।

### प्रज्ञा र चेतनाको त्यो धामबाट पाएको प्रेरणा

यो भ्रमणले मलाई गहिरो अनुभूति र अमूल्य शिक्षा दियो। मैले बुझेँ कि पुस्तकालय केवल किताबको भण्डार मात्र होइन, यो त समुदाय, संस्कृति र सभ्यताको जीवित संस्थान हो। खुला पहुँच, आधुनिक प्रविधिको प्रयोग र विविध सांस्कृतिक गतिविधिको संयोजनले पुस्तकालयलाई जीवन्त र आकर्षक बनाउँछ। भव्य वास्तुकला र भौतिक संरचना मात्र पर्याप्त हुँदैन, त्यहाँको वातावरण, सेवा–भावना र आगन्तुकसँगको आत्मीय व्यवहारले नै पुस्तकालयलाई वास्तवमै महान् बनाउँछ।

लाइब्रेरी अफ काँग्रेस र न्यूयोर्क पब्लिक लाइब्रेरीको अनुभवले मलाई नेपालका पुस्तकालयहरूलाई नयाँ दृष्टिकोणबाट हेर्ने ऊर्जा र आत्मविश्वास दियो। हाम्रो देशसँग पनि समुदाय र इतिहासको गहिरो जरो छतर संरचना, पहुँच र प्रविधिको प्रयोगमा अझै अपार सम्भावना बाँकी छ। म विश्वस्त छु यदि हामी पुस्तकालयलाई केवल 'पढ्ने ठाउँ'को सीमामा राख्ने होइन, बरु शिक्षा, सशक्तीकरण र सामाजिक रूपान्तरणको केन्द्रका रूपमा विकास गर्न सक्यौँ भने, नेपालका सामुदायिक र सार्वजनिक पुस्तकालयहरू पनि एक दिन विश्वका लागि अनुकरणीय उदाहरण बन्न सक्छन्।

### पुस्तकालयले दिलाएको त्यो गरिमामय मञ्च

पुस्तकालयसँगको मेरो साइनो नयाँ हो भन्नु अतिशयोक्ति हुने छैन। न म पुस्तकालय विज्ञानको विद्यार्थी, न त यस क्षेत्रमा दशकौँको अनुभव भएको विज्ञ। मैले बुझेको यति हो कि दृढ इच्छाशक्ति र मेहनत छ भने अनुभवको कमी बाधा हुँदैन। अमेरिका यात्रा सुरु गर्दा मेरो स्पष्ट उद्देश्य थियो, विश्वविख्यात पुस्तकालयहरूको भ्रमण र यस क्षेत्रमा आफ्नो जीवन समर्पण गरेका व्यक्तिहरूसँग भेटघाट। यसका लागि **अमेरिकन लाइब्रेरी एसोसिएसन आवद्ध** साथीहरूसँग भेट्ने समय पहिले नै तय भइसकेको थियो।



त्यसै क्रममा IFLA (International Federation of Library Associations) सँग सम्बन्धित अन्तर्राष्ट्रिय पुस्तकालय अभियन्ता लोइडियासँग भेटेँ। हाम्रो पहिलो भेटमै मैले उनलाई सोधेँ- "तपाईं किन यो क्षेत्रमा लाग्नुभयो?" उनको उत्तर सुन्दा म अचम्मित भएँ। उनको र मेरो कथा लगभग उस्तै रहेछ। उनी पनि आफ्नी आमाको सपना पूरा गर्न यो बाटोमा लागेकी थिइन्, म बाको । त्यस क्षणमा, हाम्रो पेसागत भेट एक भावनात्मक सम्बन्धमा रूपान्तरित भयो । उनले नेपालको पुस्तकालयको अवस्था विशेष गरी सामुदायिक र सार्वजनिक पुस्तकालयबारे गहिरो चासो देखाइन्। विस्तृत जानकारी पाएपछि उनले मलाई प्रस्ताव गरिन्। संयुक्त राष्ट्रसंघको ७९औँ महासभाको क्रममा **अमेरिकन लाइब्रेरी एसोसिएसन**को आयोजनामा सम्पन्न "Libraries Powering the United Nations Global Digital Compact" प्यानल डिस्कसनमा अतिथि वक्ता बन्ने।

२१ सेप्टेम्बर २०२४-यो मितिले मेरो जीवनमा एउटा विशेष अध्याय थप्यो । संयुक्त राष्ट्रसंघसँग सहकार्यमा आयोजित सेमिनारमाम आयरल्यान्डका स्थायी नियोगका प्रतिनिधि कार्ल रेडमण्डसँगै अतिथि वक्ताको थिएँ । छलफलमा विश्वका पुस्तकालयहरूले प्रविधिको प्रभावकारिताका लागि संयुक्त राष्ट्रसंघको अभियानमा कसरी योगदान पुऱ्याउन सक्छन् भन्ने विषयमा पुस्तकालय विज्ञहरूको गहिरो विचार आदान–प्रदान भयो।

सम्बोधन क्रममा मैले नेपालको पुस्तकालयको इतिहासदेखि वर्तमान अवस्थासम्मको यात्रा सुनाएँ। डिजिटल युगमा डिजिटल पुस्तकालयको अपरिहार्य र यसको समावेशी स्वरूपबारे जोड दिएँ । विशेष गरी भिन्न क्षमता भएका व्यक्तिहरूलाई समेत उपयोगी हुने संरचना बनाउनुपर्ने आवश्यकतामा जोड दिएँ। मैले उल्लेख गरेँ, “नेपालमा यो सुरुवात भइसकेको छ, तर यो यात्रा अझै लामो छ।” सुनिरहेका अनुहारहरूले गहिरो चासो देखाए। कार्यक्रमपछि धेरैले नेपालको सामुदायिक र सार्वजनिक पुस्तकालयबारे थप जानकारी मागे पनि। त्यो मञ्चमा उभिँदै गर्दा सात समुद्रपारको हलभित्र मेरो मन भने घर फर्किएको थियो। मैले बा सम्झेँ जसको अनुशासन र आशीर्वाद मेरो जीवनको मेरुदण्ड हो। टोनी सम्झेँ जसको साथ र प्रेरणाले मलाई यहाँसम्म ल्यायो। मातृभूमि सम्झेँ जसको माटोको सुगन्ध मेरो श्वासभित्र बाँचिरहेको छ।

केही क्षणका लागि मेरो स्वर रुन्चे भयो। त्यो खुसीको समाचार सुनाउन न बा हुनुन्थ्यो, न त उनकै आगनीमा टेक्दा पनि टोनी। न्यूयोर्कको व्यस्त सडकहरूमा सबै मानिसहरू आफ्ना गन्तव्यमा दौडिरहेका थिए तर म भने त्यो शुभ समाचार सुनाउन चाहेका ती दिवङ्गत अभिभावकको अनुहार मात्र सम्झँदै थिएँ । आफैँ सम्हालिए र आफैँले आफ्नो अन्तरात्मालाई सुनाएँ यो अनुभव मेरो लागि मात्र एउटा पेसागत सफलता थिएन यो सपना, स्मृति र कृतज्ञताको संगम थियो।



*संयुक्त राष्ट्रसंघको ७९औँ महासभाको अवसरमा अमेरिकन लाइब्रेरी एसोसिएसनद्वारा आयोजित Libraries Powering the United Nations Global Digital Compact प्यानलमा Permanent Mission of Ireland to the United Nations का प्रतिनिधि Karl Redmond, IFLA Management of Library Associations Section की अध्यक्ष Loida Garcia-Febo तथा अमेरिकाका प्रतिष्ठित पुस्तकालय प्रतिनिधि वक्ताहरूसँग।*

# नेपालको राष्ट्रिय पुस्तकालयः विश्व परिवेशमा एक अन्तरदृष्टि



**संजीव कुमार चौधरी***

**सारांश**

*नेपाल राष्ट्रिय पुस्तकालय राष्ट्रको बौद्धिक, साँस्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षकका रूपमा स्थापित एक केन्द्रीय संस्था हो । यसको मूल दायित्वमा राष्ट्रिय स्मृति संरक्षण गर्नु, अनुसन्धानका लागि आधारभूत र प्रामाणिक स्रोतहरू उपलब्ध गराउनु र जनसाधारणलाई व्यापक तथा सहज पहुँच सुनिश्चित गर्नु रहेका छन्।वि.सं. २०१३ सालमा स्थापना भएदेखि पुस्तकालयले समयानुकूल सेवा विस्तार गर्दै देशको ज्ञान भण्डारको रूपमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। आजको डिजिटल युगमा पुस्तकालयको भूमिकामा भौतिक सङ्ग्रहको संरक्षण मात्र नभई डिजिटल सामग्रीको व्यवस्थापन र पहुँच विस्तारको चुनौती पनि थपिएको छ। नेपाल राष्ट्रिय पुस्तकालयले देशका ऐतिहासिक दस्तावेज, दुर्लभ पुस्तकहरू, पत्रपत्रिका, पाण्डुलिपि र अन्य महत्वपूर्ण स्रोतहरूको संरक्षण गर्दै तिनको वैज्ञानिक सूचीकरण र अभिलेखीकरणमार्फत अनुसन्धानकर्ता, विद्यार्थी, नीति निर्माता र साधारण पाठकहरूका लागि ज्ञानको ढोका खुला गरेको छ। यस लेखमा पुस्तकालयको ऐतिहासिक विकासक्रम, संस्थागत संरचना, सेवाहरूको प्रकार र हालका चुनौतीको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ। साथै, अन्तर्राष्ट्रिय स्तरमा सफल भएका पुस्तकालयहरूको अभ्यास, प्रविधि प्रयोग तथा नीतिगत दृष्टिकोणबाट सिक्न सकिने पाठहरूलाई पनि समेटिएको छ। विश्वका अग्रणी राष्ट्रिय पुस्तकालयहरूले अपनाएका डिजिटाइजेसन रणनीति, सङ्ग्रह संरक्षण प्रविधि र प्रयोगकर्ता-मुखी सेवा मोडेलहरूले नेपाल राष्ट्रिय पुस्तकालयको उन्नतिमा मार्गदर्शन प्रदान गर्न सक्छन् । नेपाल राष्ट्रिय पुस्तकालयको दीर्घकालीन सफलताका लागि संस्थागत सुदृढीकरण, प्राविधिक क्षमता विकास, डिजिटल पूर्वाधारको विस्तार र अन्तर्राष्ट्रिय सहकार्य अपरिहार्य छन् । यस लेखमार्फत पुस्तकालयको वर्तमान अवस्थालाई स्पष्ट पार्दै भविष्यतर्फ उन्मुख कार्ययोजना निर्माणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।*

***मुख्य शब्दहरू:*** *राष्ट्रिय पुस्तकालय, डिजिटल साक्षरता, डिजिटल पुस्तकालय, प्रविधि, पुस्तकालय, सूचना प्रविधि ।*

## परिचय

राष्ट्रिय पुस्तकालय कुनै पनि राष्ट्रको ज्ञान र साँस्कृतिक पहिचानका केन्द्रबिन्दु हुन्। नेपाल जस्तो बहुभाषिक तथा बहुसाँस्कृतिक राष्ट्रका लागि राष्ट्रिय पुस्तकालयले शैक्षिक स्रोतसँगै ऐतिहासिक दस्तावेज र दुर्लभ सङ्ग्रहको संरक्षण गर्ने विशेष दायित्व वहन गर्छ। पछिल्ला वर्षहरूमा नेपाली विद्यार्थी र अनुसन्धानकर्ताको पुस्तकालयप्रतिको आकर्षण बढ्दै गएको देखिन्छ, जुन पहुँच, शान्त अध्ययन वातावरण र डिजिटल सुविधाको संयोजनबाट सम्भव भएको छ ।

* *महासचिव, नेपाल पुस्तकालय संघ, sanjibeng@gmail.com*

## पृष्ठभूमि

नेपालमा आमनागरिक वा सर्वसाधारणका लागि पहुँचयोग्य ठूला पुस्तकालयमध्ये सबैभन्दा ठूलो र व्यापक सुविधा सम्पन्न पुस्तकालय नेपाल राष्ट्रिय पुस्तकालय हो।



नेपाल सरकारले पूर्व नायब बडागुरु हेमराज शर्मा पाण्डेको निजी सङ्कलन रहेको भारती भवन पुस्तकालयमा भएका करिब ३०,००० पुस्तकहरू खरिद गर्यो। यससँगै सिंहदरबारस्थित केन्द्रीय सचिवालय पुस्तकालयका करिब ८,००० पुस्तकहरू समेत मिसाएर नेपाल सरकारले वि.सं. २०१३ साल पुस १९ (सन् १९५७ जनवरी २) मा तत्कालीन सिंहदरबारको सिक्रीढोकामा नेपाल राष्ट्रिय पुस्तकालयको औपचारिक स्थापना गर्यो।

यो पुस्तकालय राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा देशभरिका पुस्तकालयहरूको प्रतिनिधित्व गर्ने एक मात्र प्रमुख ज्ञान भण्डार हो। यसले ऐतिहासिक, राष्ट्रिय महत्वका दस्तावेजहरू र अन्यत्र उपलब्ध नभएका दुर्लभ पाण्डुलिपिहरूको संरक्षण गर्दै आएको छ।

नेपाल राष्ट्रिय पुस्तकालयलाई केवल एक पुस्तकालयका रूपमा मात्र नभई राष्ट्रको बौद्धिक र साँस्कृतिक विरासतको साझा भण्डारका रूपमा बुझिन्छ र चिनिन्छ। यसले ज्ञानको तिर्खा बुझ्ने सबैलाई तृप्त पार्ने एक विशाल सागरको रूपमा काम गरिरहेको छ।

देशको बौद्धिक सम्पदाको जगेर्ना गर्दै सभ्य र समृद्ध राष्ट्र निर्माणको आराधना स्थलको रूपमा यसको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ।

हाल यस पुस्तकालयमा करिब १५०,००० पुस्तक तथा पत्रपत्रिकाहरूको समृद्ध सङ्कलन सुरक्षित गरिएको छ, जसले अनुसन्धानकर्ता, विद्यार्थी र सर्वसाधारणलाई व्यापक स्रोत सामग्री उपलब्ध गराउँछ। साथै, पुस्तकालयले देशभरका पत्रिका र जर्नलहरूको लागि ISSN (International Standard Serial Number) सेवा प्रदान गरी प्रकाशनहरूको दर्ता र पहिचानलाई व्यवस्थित बनाउँदै आएको छ, जसले नेपालका प्रकाशनहरूको अन्तर्राष्ट्रिय स्तरमा मान्यता र पहुँच बढाउन मद्दत गर्दछ।

## सार्वजनिक पहुँच

समकालीन राष्ट्रिय पुस्तकालयहरू विशेषगरी जापानको National Diet Library र भारतको National Library ले



विशाल डिजिटल सङ्ग्रह र अनलाइन पहुँच प्रणालीमार्फत भौतिक सीमाहरू तोडेका छन्। नेपाल राष्ट्रिय पुस्तकालयले अनलाईन, अफलाईन दुवै माध्यमवाट डिजिटल लाइब्रेरी/डिजिटल रिपोजेटरी सफ्टवेयर DSpace र ResourceSpace मार्फत ई-पुस्तक, थेसिस, लेख र अनुसन्धान सामग्री उपलब्ध गराउनुका साथै भौतिक रुपमा रहेका पुस्तकहरुलाई पुस्तकालय व्यवस्थापन सफ्टवेयर "कोहा" प्रयोग गरेको छ, जसले विद्यमान स्रोतहरूसँग पहुँच विस्तार गर्ने प्रयासलाई सङ्केत गर्दछ।

## पुस्तकालय प्रयोगकर्ता

नेपाल राष्ट्रिय पुस्तकालय हाल विद्यार्थीहरूको प्रिय अध्ययनस्थलको रूपमा स्थापित हुँदै गएको छ। हालैको पुनरुत्थानले पुस्तकालयको भौतिक प्रयोगमा उल्लेखनीय वृद्धि गर्नुका साथै यसलाई सामाजिक सान्दर्भिकता सहितको ज्ञानकेन्द्रका रूपमा पुनः परिचित गराएको छ। यसले पुस्तकालयको पहुँच विस्तार, स्रोतको उपयोगिता वृद्धि र ज्ञानमूलक गतिविधिहरूको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## अन्तर्राष्ट्रिय अभ्यास

विश्वका राष्ट्रिय पुस्तकालयहरूले अपनाएका केही प्रमुख अभ्यासहरू:

१. **डिजिटल सङ्ग्रह र प्रदर्शनी:** जापानको National Diet Library लगायतका ठूला पुस्तकालयहरूले दुर्लभ सामग्रीलाई डिजिटल कलेक्शनमार्फत सर्वसाधारणका लागि उपलब्ध गराएका छन्। यस प्रकारका प्रदर्शनीहरूले सामग्रीको संरक्षण मात्र होइन, जनसाधारणको पहुँचलाई समेत सुदृढ बनाउँछन्।

२. **राष्ट्रिय भण्डार र कानुनी निक्षेपको कार्यकुशलता:** भारतजस्ता देशहरूले कानुनी निक्षेप (Legal Deposit) प्रक्रियालाई सुव्यवस्थित गरेर प्रकाशित सामग्रीको समग्रता र दीर्घकालीन संरक्षण सुनिश्चित गरेका छन्।

३. **समुदाय केन्द्रित कार्यक्रम र साझेदारी:** फिलिपिन्स, मौरिशस र श्रीलङ्काका राष्ट्रिय पुस्तकालयहरूले समुदायमा पहुँच विस्तार र साक्षरता प्रबर्द्धनमा विशेष जोड दिएका छन्। मोबाइल पुस्तकालय, विद्यालय भ्रमण तथा सार्वजनिक कार्यक्रममार्फत प्रयोगकर्ताको सहभागिता उल्लेखनीय रूपमा बढाइएको छ। नेपालले यस्ता कार्यक्रमहरूलाई स्थानीय भाषामा र समुदायको

आवश्यकता अनुसार परिमार्जन गरेर अझ प्रभावकारी बनाउन सक्नेछ।

४. **उच्चतम प्रविधिको प्रयोग**: यस क्षेत्रमा प्रचलित Learning Management System, Mobile App, RFID जस्ता उच्चतम प्रविधिको प्रयोग गरी प्रयोगकर्तालाई समयसापेक्ष सुविधा प्रदान गर्न सकिन्छ ।

५. **देशभर सेवा विस्तार**: विश्वका अन्य राष्ट्रिय पुस्तकालयले आफ्नो उपस्थिति प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा देशभर पुऱ्याई सबै जनतालाई सेवा दिइरहेका छन् । नेपालले पनि राष्ट्रिय पुस्तकालयको सेवा प्रदेश, जिल्ला, स्थानीय तह र वडा तहमा समेत क्रमशः विस्तार गर्नुपर्ने देखिन्छ ।

### मुख्य चुनौतीहरू

नेपाल राष्ट्रिय पुस्तकालयले विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ: आर्थिक स्रोतको सीमितता, संरक्षित भण्डारण र संरक्षणका लागि आवश्यक पूर्वाधार, मेटाडेटा, वर्गीकरण, सूचीकरणमा एकरूपता कायम गर्नु र डिजिटल सामग्रीहरूको दीर्घकालीन ब्याकअप र पहुँचमा बृद्धि गर्नु।

यी चुनौतीहरूको योजनाबद्ध रूपमा सम्बोधन नहुँदा सङ्ग्रहको उपयोगिता र दीर्घायु संरक्षण जोखिममा पर्न सक्छ।

### व्यावहारिक पक्षहरू

(१) प्राथमिक विद्युतीकरण योजना तयार गरी दुर्लभ र स्थानीय भाषाका कृतिहरूलाई प्राथमिकता दिनु।

(२) कानुनी निक्षेप प्रक्रिया अनलाइन गर्दै प्रकाशकसँग सहकारी मोडेल विकास गर्नु।

(३) मेटाडेटा मापदण्ड र क्याटलगिङ तालिम विस्तार गरी मानवस्रोत क्षमता विकास गर्नु।

(४) विद्यालय तथा शैक्षिक संस्थासँग साझेदारी गरेर पुस्तकालयलाई अध्ययन केन्द्रको रूपमा प्रवर्द्धन गर्नु।

(५) अन्तर्राष्ट्रिय सहयोग र विनिमयमार्फत प्रविधि र तालिम लिनु ।

(६) अन्य पुस्तकालयले गर्ने जस्तै डिजिटल परियोजनाहरूमा विशेषज्ञ साझेदारी गर्नु।

### निष्कर्ष

नेपाल राष्ट्रिय पुस्तकालयले आजको डिजिटल र समावेशी युगमा रुपान्तरण गरी नयाँ प्रविधिहरू अपनाएर राष्ट्रिय ज्ञान ढाँचालाई अझ पहुँचयोग्य र दिगो बनाउने अवसर पाएको छ। अन्तर्राष्ट्रिय उदाहरणहरूबाट सिकेर स्थानीय सन्दर्भमा तर्कसङ्गत योजनाले पुस्तकालयलाई विद्यार्थी, शोधकर्ता र आम नागरिकको अभिन्न संरचना बनाउन सक्छ। पुस्तकालय दिवस र सार्वजनिक चेतना कार्यक्रमहरूको उपयोग गरी नीति निर्माता, प्रकाशक र नागरिकबीच साझा प्रतिबद्धता जगाउन आवश्यक छ ।

### References:


National Library of India. (n.d.). *About us*. Government of India. Retrieved August 12, 2025

National Library of Mauritius. (n.d.). *Home*. Retrieved August 12, 2025

National Library of the Philippines. (n.d.). *About the library*. Retrieved August 12, 2025

National Library and Documentation Services Board of Sri Lanka. (n.d.). *About us*. Retrieved August 12, 2025

National Diet Library. (n.d.). *Digital collections*. Government of Japan. Retrieved August 12, 2025

Nepal National Library. (n.d.). *About us*. Government of Nepal. Retrieved August 12, 2025

Nepal National Library. (n.d.). *Digital archive (DSpace)*. Retrieved August 12, 2025

OnlineKhabar. (2025, August 6). *पुनर्जीवित राष्ट्रिय पुस्तकालय: बन्दैछ विद्यार्थीको प्रिय गन्तव्य*. OnlineKhabar. Retrieved August 12, 2025

# टेक्सासको फ्रिस्को पब्लिक लाइब्रेरीः केही अनुकरणीय कामहरू



**जुजुभाई डंगोल***

**१) भूमिका**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अधिकृत (शिक्षा) अमृता अधिकारीले २०८२ असार ३ को पत्रअनुसार पुस्तकालय दिवस स्मारिकाका लागि लेखरचनाको लागि अनुरोध गरी पठाएको इमेल प्राप्त भयो । नियमितजस्तै पुस्तकालय दिवसको अवसरमा प्रकाशित स्मारिकामा पुस्तकालयसम्बन्धी विशेष गरी सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूबारेमा लेखहरू लेख्दै आइरहेको छु । गत सन् २००९ देखि अमेरिकाका विभिन्न शहरहरूमा छोटो समयको लागि आउने जाने गरिरहेको र हाल टेक्सास राज्यको सभाना शहरमा बस्दै आइरहेको र गत २०८१ फागुन महिनामा काठमाडौँ फर्केर भृकुटीमण्डपस्थित काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालयमा कार्यरत छु । अमेरिकामा हुँदा सभानावरिपरिका सार्वजनिक पुस्तकालयहरूमा अध्ययनको लागि जाने र त्यहा‘ भइरहने कार्यक्रमहरूमा सरिक हुने भएकोले, त्यहीकै फ्रिस्को पब्लिक लाइब्रेरीबारे केही लेख्ने जमर्को गरेको छु ।

**२) लेखको उद्देश्य**

पुस्तकालय क्षेत्रमा काम गरिरहेका हामी पुस्तकालयसेवी र पुस्तकालयप्रेमीहरूलाई थाहा छ कि समुदायको थलो र सांस्कृतिक केन्द्रको रूपमा पुस्तकालयहरूको भूमिकालाई कम मूल्याङ्कन गरिएको छ र समय समयमा हमला पनि गर्ने गरिन्छ । सङ्कुचित बजेट र सीमित प्रविधिबाट हामीले सांस्कृतिक र सामुदायिक सेवाहरू दिनुपर्ने चुनौती हाम्रासामु छन् ।

सामुदायिक अथवा सार्वजनिक पुस्तकालयहरूमा नागरिकहरू अन्वेषण गर्न, अन्तरक्रिया गर्न र कल्पनामा भुल्न (पुस्तक पत्रिकाहरू पढ्दै गर्दा) भेला हुन्छन् । सामान्यतया पुस्तकालय सेवालाई (क) समुदायको निर्माणकर्ता, (ख) सामुदायिक केन्द, (ग) जनताको विश्वविद्यालय, (घ) कला र सांस्कृतिक केन्द्र रूपमा र (ङ) युवाहरूको भेटघाटको थलोको रूपमा लिने गरिन्छ र त्यस प्रकारको सेवा दिन प्रयासहरू गरेका हुन्छन् ।

विकसित देशहरूको सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूबाट गरिआएका गतिविधिहरू हेर्दा माथि उल्लेख गरिएका सेवाहरू दिनेतर्फ प्रयास भइरहेको देखिन्छ । यही कुरालाई उदाहरणको रूपमा हेर्नको लागि यस लेखमा टेक्सासको फ्रिस्को शहरमा रहेको फ्रिस्को पब्लिक लाइब्रेरीका गतिविधिहरू प्रस्तुत गर्दै छु ।

**३) फ्रिस्को सार्वजनिक पुस्तकालय**

टेक्सास राज्यको डालास र फोर्थवर्ड मेट्रो क्षेत्रको कोलिन र डेन्टन काउन्टीहरूको बिच भागमा यो फ्रिस्को शहर रहेको छ । शहरी विकासका लागि हुनुपर्ने सुविधाहरू जस्तै (क) थोक तथा खुद्रा व्यापारिक सेवाहरू, (ख) विभिन्न प्रकारका खेलकुदका कार्यक्रमहरू, (ग) ठुलठुला कार्यालयहरू, (घ) शैक्षिक संस्थाहरू, सङ्ग्रहालयहरू, पुस्तकालयहरू, (ङ) रोजगारको सुलभता, (च) सुरक्षित बस्ती, आदि भएको हुनाले यो शहर धेरै व्यक्तिहरूको निमित्त आकर्षणको केन्द्र भइरहेको छ ।

सन् २०२० को तथ्याङ्कअनुसार फ्रिस्को शहरमा २,००,५०० जनसङ्ख्या थियो र टेक्सासको १४औँ ठुलो शहर थियो । फेब्रुअरी २०२४ को तथ्याङ्कअनुसार, यहा‘ जनसङ्ख्या २,३२,१०० पुगेको छ । टेक्सास राज्यभित्र मात्र करिब एक हजार सार्वजनिक र सामुदायिक पुस्तकालयहरू छन् । ती पुस्तकालयहरूमध्ये म करिब १५/१६ वर्षको अवधिमा टेक्सासमा पटक पटक बसेको हुनाले केही पुस्तकालयहरूमा घुम्ने र अध्ययन गर्ने मौका पाएको छु । उदाहरणको लागि, टेक्सास राज्यका अब्रे सामुदायिक पुस्तकालय, ब्रोन्सभिले पब्लिक लाइब्रेरी, डालास पब्लिक लाइब्रेरी, जर्ज डब्लु बुस प्रेसिडेन्सियल पुस्तकालय, डालास, लिटल इल्म पब्लिक लाइब्रेरी, प्लेनो पब्लिक लाइब्रेरी र फ्रिस्को पब्लिक लाइब्रेरी हुन् ।

**३.१ पुस्तकालयको स्थापना र सुरुका गतिविधि**

सन् १९९१ मा मैन स्ट्रिटको एउटा सानो भवन जसको भाडा फ्रिस्को काउन्टी (स्थानीय निकाय) बाट वार्षिक एक डलर तिर्ने

** पुस्तकालय विज्ञ ।*

गरी स्थापना गरेको फ्रिस्को पब्लिक लाइब्रेरीले उपहारबाट प्राप्त भएका र सङ्कलन गरेका केही पुस्तकहरूबाट सेवा सुरु गरेको थियो । केही स्वयम्सेवीहरूबाट सुरु गरेको यस पुस्तकालयले सुरुका दिनमा पुस्तकहरू लैजाने सुविधा, र बच्चाहरूको लागि गर्मी बिदामा अध्ययन कार्यक्रम सुरु गरेको थियो ।

सन् १९९२ मा सिटी अफ फ्रिस्को (फ्रिस्को स्थानीय निकाय) ले एउटा भवन र एक जना पार्टटाइम काम गर्ने लाइब्रेरियनको व्यवस्था गरिदियो । स्थानीय निकायबाट प्राप्त बजेटले पुस्तकालयमा भएका पुस्तकहरूको सूचीकरण गर्ने, नयाँ पुस्तकहरू थप्ने र एउटा अभिनव (इनोभेटिभ) केन्द्रको रूपमा उपस्थित हुन प्रयास गरियो । सन् २००६ मा आइपुग्दा, यो पुस्तकालयलाई त्यहाँको म्युनिसिपल केन्द्रको एउटा भवनमा सारियो र त्यहाँ करिब १६ वर्ष बिताइयो । सन् २०२३ मा, यो पुस्तकालय डालास पार्क क्षेत्रको नयाँ भवनमा सऱ्यो जस्को क्षेत्रफल १,५८,००० वर्गफिट रहेको छ । (friscolibrary.com)



*फ्रिस्को पब्लिक लाइब्रेरीका लाइब्रेरियनलाई नेपाल पुस्तकालय सङ्घबाट प्रकाशित जर्नल प्रदान गरेको ।*

## ३.२ पुस्तकालयको मिसन तथा सेवाहरू

यस पुस्तकालयको मिसन पुस्तकालयमा आउने प्रत्येक आगन्तुक जसले पुस्तकालयकर्मीहरूलाई व्यक्तिगत रूपमा अथवा अनलाइनमार्फत अन्तरक्रिया गर्छन् तिनीहरूलाई प्रेरणा दिने, तिनीहरूको बौद्धिक विकासमा सहयोग गर्ने, तिनीहरूको जिज्ञासाहरू पुरा गर्न कोसिस गर्ने र तिनीहरूको कल्पनाशीलतामा सघाउने रहेको छ । यस पुस्तकालयले निम्नप्रकारका सेवाहरू प्रदान गर्दै आएको छ :

- पुस्तकहरू तथा श्रव्यदृश्य सामग्रीहरू घरमा लैजाने सुविधा
- विभिन्न कक्षाहरू तथा सामयिक कार्यक्रमहरूमा सहभागिता
- मेकरस्पेस (MakerSpace) मा विशेष प्रकारका सामग्रीहरूको सिर्जना गर्ने सुविधा
  - उच्च प्रविधिसहितको स्थान जहाँ बालबालिकाहरूले भेटघाट गर्छन्, काम गर्छन्, सिक्छन्, सहकार्य गर्छन् र सिर्जना गर्छन् ।
- सार्वजनिक रूपमा राखिएका कम्प्युटरहरूको प्रयोगको सुविधा तथा वाइफाइमा पहुँच ।
- अध्ययन कक्षहरूको सुविधा
- स्रोत डाटाहरू र अनलाइन लर्निङ कोर्सहरूमा पहुँचको सुविधा
- पासपोर्टको लागि आवश्यक कागजी प्रक्रिया गर्ने सुविधा
- फ्रिस्को लाइब्रेरी एप (Frisco Library App)
  - आइफोन, आइप्याड, आइपडबाट पुस्तकालयको क्याटलगमा पहुँच, पुस्तक नवीकरण गर्ने र पुस्तकहरू रिजर्भ गर्ने सुविधा
- अन्तरपुस्तकालय पुस्तक सापटी सुविधा
- बच्चाहरूका लागि विशेष सुविधा (Tot's Town and Kid's Class)
  - पाँच वर्षमुनिका बच्चाहरूको सिकाइका लागि विशेष स्थान
- छपाइको सुविधा
  - प्रत्येक व्यक्तिको आफ्नै कथा हुन्छ । त्यस्ता कथालाई निःशुल्क रूपमा छाप्न प्रेसको सुविधा रहेको ।
- माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई अनलाइन पढाइको सुविधा
  - आठ कक्षा पुरा गरेका र २१ वर्षभन्दा माथिका फ्रिस्कोका बासिन्दाहरूले यस अनलाइन कोर्सबाट हाइस्कुल डिप्लोमा र करिअर सर्टिफिकेट प्रोग्राममा भाग लिन सक्ने ।



*नातिनी क्लोइ डंगोलसँग पुस्तकालयमा ।*

## ३.३ पुस्तकालयद्वारा प्रदान गरिएका कार्यक्रमको वर्गीकरण

फ्रिस्को सार्वजनिक पुस्तकालयले प्रदान गर्दै आएका कार्यक्रमहरूलाई सरसर्ती हेर्दा निम्नप्रकारले वर्गीकरण गर्न सकिन्छ :

- लक्षित वर्गअनुसार
    - पाँच वर्षमुनिका बच्चाहरू
    - ६ देखि १२ वर्षका बच्चाहरू
    - १३ देखि १९ वर्षका बच्चाहरू
    - प्रौढहरू
- कार्यक्रमका विषयहरू
    - कला तथा संस्कृति
    - पुस्तक क्लब र अध्ययन
    - वृत्ति विकास
    - कलेजको लागि तयारी
- कम्प्युटर र प्रविधि
    - अङ्ग्रेजीलाई दोस्रो भाषाको रूपमा सिकाउने (English as Second Language)
    - वंशावली
    - भेटघाट र अभिनन्दन
    - विज्ञान, प्रविधि, अङ्ग्रेजी र गणित (STEM)
    - कथावाचन
    - लेखन कक्षाहरू
- डिजिटल पुस्तकालय : फर्म्याट
    - ओभर ड्राइभ (Over Drive) बाट पुस्तकालय
    - ओभर ड्राइभ हेल्प (Over Drive Help) बाट पुस्तकालय
    - ई-पुस्तकहरू
    - ई-श्रव्य पुस्तकहरू
    - डिजिटल म्यागाजिनहरू
    - डिजिटल न्युजपेपरहरू
    - A to Z अनलाइन स्रोतहरू
- विषयगत सामग्रीहरू
    - व्यवसाय र मुद्रा
    - वृत्ति विकास र पेसागत कामहरू
    - वंशावली
    - सन्दर्भसामग्रीहरू
    - स्वास्थ्य
    - इतिहास र सामाजिक विज्ञान
    - रुचिगत विषयहरू
    - गृहकार्य सहयोग
    - भाषा सिकाइ
    - साहित्य

### ३.४ सदस्यता, खुला हुने समय र व्यवस्थापन

फ्रिस्को शहरसँग जोडिएका आलेन, माक्किनी, प्लेनो र कोलोनी शहरका बासिन्दाहरूले निःशुल्क रूपमा पुस्तकालयको सदस्यता प्राप्त गर्न सक्दछन् । त्यसभन्दा बाहिरका टेक्सासका बासिन्दाहरूले वार्षिक ५० डलर तिरेर सदस्यता लिन सक्दछन् । (हामी सभाना, डेन्टनमा बस्ने भएकाले वार्षिक ५० डलर तिरेर मैले पुस्तकालयको सदस्यता लिएको छु )

यो पुस्तकालय सातै दिन खुल्ला हुन्छ । सोमबारदेखि बिहीबार बिहान ९ बजेदेखि राति ९ बजेसम्म तथा शुक्रबारदेखि आइतबार बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म खुल्ला रहन्छ ।

फिस्को सार्वजनिक पुस्तकालयको सञ्चालनको प्रमुख जिम्मेवारी लाइब्रेरी डाइरेक्टरको हो । लाइब्रेरी डाइरेक्टरलाई सहयोग गर्न असिस्टेन्ट डाइरेक्टर (पब्लिक सर्भिस), असिस्टेन्ट डाइरेक्टर (अपरेशन), एडल्ट सर्भिस मैनेजर, सर्कुलेशन मैनेजर, मेटिरियल सर्भिस मैनेजर, डिजिटल सर्भिस मैनेजरलगायत सहयोगी कर्मचारीहरूको व्यवस्था गरिएको छ ।

### ३.५ फ्रिस्को पुस्तकालयका सहयोगीहरू

फ्रिस्को पब्लिक लाइब्रेरीले क्रियाशील उच्चस्तरको उत्प्रेरणा भएका विभिन्न थरीका पाठकहरूलाई सेवा दिन इच्छुक स्वयम्सेवीहरूलाई तिनीहरूको क्षमता प्रयोग गर्न आह्वान गर्छ । साथै, यस पुस्तकालयलाई आर्थिक तथा स्वयम्सेवीको रूपमा सहयोग गर्न एउटा समूह गठन भएको छ : Friends of Frisco Public । त्यस समूहमार्फत आर्थिक सङ्कलनको लागि विभिन्न गतिविधिहरू सञ्चालन गरेका छन् । पुस्तकालय भवनको भुइँतलामा पुस्तक बिक्रीको लागि एउटा पसल पनि रहेको छ ।

पुस्तकालय विकास प्रणालीमा सहयोग गर्ने त्यहा' अर्को एउटा संस्था पनि छ : Frisco Public Library Foundation । यसले पुस्तकालय प्रणाली विकास गरेर फ्रिस्कोका समुदायहरूको आवश्यकता पुरा गर्न कोष वृद्धि गर्ने, पैरवी गर्ने र नागरिकहरूको तर्फबाट आवाज उठाउने काम गर्छ । साथै, कोष वृद्धिको प्रयासबाट जीवनपर्यन्त सिक्ने र सिकाउने काममा प्रोत्साहित गर्ने र भावी पुस्तकालयको लागि उपयुक्त वातावरण सिर्जना गर्ने रहेको छ ।

### ४) फ्रिस्को पब्लिक लाइब्रेरीबाट सिक्नुपर्ने पाठ

सन् १९९१ मा एउटा भाडामा लिएको घरबाट सुरु गरेको फ्रिस्को पब्लिक लाइब्रेरीले ३० वर्षको दौरानमा १,५८,००० वर्ग फिट क्षेत्रमा दुईतले विशाल भवन बनाएर आधुनिक पुस्तकालय सेवा दिन सफल भएको छ । यो सफलताको पछाडि जागरुक नागरिकहरूको सक्रियता, स्थानीय सरकारको आर्थिक सहयोग, पुस्तकालयकर्मीहरूको व्यावसायिक प्रतिबद्धता, सूचना प्रविधिको भरपूर प्रयोग, समुदायको आवश्यकताका सेवाहरू नै हुन् ।

### ५) अब हामीले के गर्ने ?

सामान्यतया जनताको करबाट उठेको रकमको केही हिस्सा

स्थानीय सरकारबाट विनियोजित गरी सञ्चालनमा ल्याइएको पुस्तकालयलाई सार्वजनिक पुस्तकालय र स्थानीय समुदायबाट सञ्चालन गरिएको पुस्तकालयलाई सामुदायिक पुस्तकालय भनिन्छ । नेपालमा हामीले सार्वजनिक र सामुदायिक पुस्तकालयहरूलाई एउटै वर्गमा राखेर हेर्ने गरेका छौँ । नेपालमा पुस्तकालयको लामो इतिहास भए तापनि पुस्तकालय विकास प्रणाली नभएको र भएको पुस्तकालय नीतिको पनि कार्यान्वयन भएको छैन । त्यसैले, नेपालका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको संस्थागत विकासमा धेरै अवरोधहरू छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाहरूलाई सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको सञ्चालनको जिम्मेवारी तोकिएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ को नीति तथा कार्यनीतिअन्तर्गत अनौपचारिक, जीवनपर्यन्त, परम्परागत र खुला शिक्षा शीर्षकमा, राष्ट्रिय पुस्तकालयहरूको क्षमता अभिवृद्धि गर्दै सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रसँग जोडेर सुदृढ सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरी आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाउने उल्लेख छ । यो नीति लागु गर्नको लागि कार्यनीतिका रूपमा निम्न कुराहरू पनि उल्लेख गरिएका छन् : (क) देशभरी सञ्चालित सामुदायिक तथा सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूलाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी तिनीहरूको संरक्षण, सुदृढीकरण एवं विकास र पुस्तकालय तथा वाचनालयको पहुँच नपुगेका स्थानमा योजनाबद्ध रूपमा विस्तार गर्दै लगिनेछ । (ख) सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको तथ्याङ्क अद्यावधिक गरी स्पष्ट मापदण्डका आधारमा तिनीहरूको वर्गीकरण गर्ने तथा स्थानीय, प्रदेश र सङ्घीय सरकारको व्यवस्थापन, लगानी र रेखदेखमा सञ्चालनको व्यवस्था मिलाइनेछ । (ग) प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सार्वजनिक पुस्तकालयको स्थापना गरी आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त बनाइनेछ । (घ) पुस्तकालयहरूलाई जनोपयोगी, सेवामुखी र आत्मनिर्भर बनाउँदै लैजाने एवं यस्ता पुस्तकालयबाट स्थानीय तहका सबै वडाहरूमा स्याटलाइट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ । (ङ) आधारभूत तहदेखि उच्च शिक्षासम्म सबै शैक्षिक संस्थाहरूमा पुस्तकालय विकास, व्यवस्थापन तथा सञ्चालनको मापदण्ड तयार गरी पर्याप्त सन्दर्भसामग्रीसहितका पुस्तकालयहरू स्थापना गरिनेछ । र (च) आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकताअनुसार विस्तार तथा सुदृढीकरण गरिनेछ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सहयोगमा प्रकाशित पुस्तकालयको सर्भे (२०२१) मा उल्लेख भएका करिब ६३० सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको अवस्था धेरै नाजुक रहेका छन् : धेरैजसो पुस्तकालयहरूको स्थायी आर्थिक स्रोत छैन, पुस्तकालयको आफ्नै भवन छैन, स्थानको अभावले चाहेको जति शैक्षिक सामग्रीहरू सङ्कलन गर्न सकेको छैन, स्थायी रूपमा पुस्तकालयकर्मीहरूको नियुक्ति छैन, धेरैजसो स्वयम्सेवीहरूबाट पुस्तकालय सञ्चालन भइरहेका छन्, पुस्तकालयहरू पुरा समयमा (अन्य कार्यालयजस्तो) सञ्चालनमा छैन, आधुनिक प्रविधि (कम्प्युटर, इन्टरनेट, अनलाइन स्रोतहरमा पहुँच) को प्रयोग सीमित छ, पुस्तकालयहरूले आफ्नो सङ्कलनमा भएका पुस्तकहरूको डिजिटाइजेशन गर्न सकेको छैन, आदि आदि । यति हुँदाहुँदै पनि पनि केही सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले समुदायको निमित्त भरपर्दो सेवा दिइआएका छन् ।

तसर्थ, हामीले पनि हाम्रा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको उन्नतिको लागि केही न्यूनतम कामहरू गर्नु आवश्यक देखिन्छन् :

- समुदायको आवश्यकता हेरेर पुस्तकालय खोल्नुपर्ने
- स्थानीयस्तरमा नयाँ पुस्तकालय खोल्नुअघि सञ्चालनमा भएको पुस्तकालयलाई सघाउने प्रयास गर्नुपर्ने
- पुस्तकालय सञ्चालक समिति अथवा व्यवस्थापन समितिका सदस्यहरू पुस्तकालयप्रति प्रतिबद्ध हुनुपर्ने (समितिका सदस्य मात्र नभएर पुस्तकालयको पाठक पनि हुनुपर्ने)
- पुस्तकालयकर्मीहरूमा व्यावसायिकता धर्म हुनुपर्ने
- पुस्तकालयमा प्राप्त पुस्तकहरूको तथ्याङ्कको अद्यावधिक गर्नुपर्ने (सङ्ख्याको लोभले पुस्तकहरूको सङ्कलन नगरी पाठकहरूको मागअनुसार हुनुपर्ने, प्रयोगमा नआएका सामग्रीहरू हटाउने)
- डाटाबेस तयार गर्ने (सूचना प्रविधिको प्रयोगमा जोड दिनुपर्ने)
- इ-लाइब्रेरीमार्फत विश्वबजारसँग सम्बन्ध राख्नुपर्ने
- बालबालिकाहरूका लागि विशेष कार्यक्रमहरू नियमित रूपमा हुनुपर्ने
- युवालक्षित कार्यक्रमहरू सञ्चालन गर्ने (जस्तै, कम्प्युटर शिक्षा, लोक सेवा तयारी, भाषा प्रशिक्षण, उच्च शिक्षाका् लागि विषय छनोट परामर्श सेवा)
- समुदायको आवश्यकताअनुसार समसामयिक विषयहरूमा छलफल, गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

अन्तमा, अठारौँ पुस्तकालय दिवसको सफलताको कामना गर्दै सकल पुस्तकालयसेवीहरू, पुस्तकालयप्रेमीहरू र पुस्तकालयको विकासमा सहयोग गर्ने सङ्घ संस्थाहरूका प्रतिनिधिहरूमा शुभकामना व्यक्त गर्दै समग्र पुस्तकालय क्षेत्रको विकासको लागि साथ सहयोग पाउने आशा गर्दछु ।

# नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको पुस्तकालयसम्मको पहुँच विस्तार गर्नु आजको आवश्यकता

**रमेशबाबु तिवारी***

**१.अपाङ्गताको परिचय र वर्गीकरण**

**१.१. परिचय**

अपाङ्गतालाई समाजले जसरी हेर्दछ, अपाङ्गताको अर्थ र परिभाषा पनि त्यस्तै प्रकारको हुन्छ। अपाङ्गतालाई हेर्ने परम्परागत रूढिवादी, चिकित्साशास्त्रीय, समाजशास्त्रीय र अधिकारवादी गरी मुख्यतः चारवटा दृष्टिकोण रहेका छन्। नेपालमा अपाङ्गतालाई युगौँसम्म परम्परागत रूढिवादी दृष्टिकोणले हेरियो । यस दृष्टिकोणमा अपाङ्गतालाई पूर्वजन्मको पापको परिणामका रूपमा लिइन्थ्यो र अपाङ्गता भएका व्यक्तिलाई भाग्यहीन र दयाका पात्र हुन् भन्ने ठानिन्थ्यो । बिसौं शताब्दीको अन्त्यतिर अपाङ्गतालाई हेर्ने समाजशास्त्रीय र अधिकारवादी दृष्टिकोण आए। यसले अपाङ्गतालाई मानव विविधता, समता, सकारात्मक विभेद, समावेशिताका दृष्टिले हेर्ने गरेको छ। यसले अपाङ्गतालाई पूर्वजन्मको फल नभएर मानवीय विविधता र भिन्नताका रूपमा लिन्छ र अधिकार र अवसरबाट अपाङ्गता भएका व्यक्ति पनि आर्जन गर्न र आत्मनिर्भर जीवन जिउन सक्छन् भन्दछ।

**१.२. अपाङ्गताको परिभाषा**

नेपालमा धेरै पछिसम्म अपाङ्गतालाई परम्परावादी रूढ़िवादी दृष्टिले हेरे पनि हाल नेपालको अपाङ्गताप्रतिको आधिकारिक दृष्टिकोण समाजशास्त्रीय र अधिकारवादी देखिन्छ। नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ पारित गरेको छ। यस ऐनअनुसार "अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यरत सीमितता (Functional impairment) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ" भनिएको छ। यस परिभाषाले अपाङ्गता भनेको निम्नलिखित कुरालाई बुझाउँछ :

(क) अपाङ्गता रोग होइन। यो त्यस्तो अवस्था हो जसमा शारीरिक वा मानसिक वा बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता वा सीमितता हुन्छ। अपाङ्गता निको हुँदैन र यसको असर जीवनपर्यन्त रहन्छ।

(ख) अपाङ्गता भएका व्यक्तिमा कार्यगत सीमितता हुन्छन्। यसको कारण उनीहरूले दैनिक कार्य केही फरक तरिकाले गर्नुपर्ने हुन्छ।

(ग) प्रतिकूल सामाजिक तथा भौतिक वातावरणका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह सामाजिक जीवनमा सहभागी हुन र अवसरको उपभोग गर्न बाधा हुन्छ। यस्तो बाधा हुनु नै वास्तविक अपाङ्गता हो भन्ने बुझिन्छ।

**१.३. अपाङ्गताको वर्गीकरण**

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले शारीरिक तथा मानसिक अवस्थाको आधारमा अपाङ्गतालाई निम्नलिखित अनुसार दश प्रकारका छन्।

१. शारीरिक अपाङ्गता
२. दृष्टिसम्बन्धी अपाङ्गता
३. सुनाइसम्बन्धी अपाङ्गता
४. श्रवणदृष्टिविहीनता
५. स्वर तथा बोलाइसम्बन्धी अपाङ्गता
६. मानसिक वा मनोसामाजिक अपाङ्गता
७. बौद्धिक अपाङ्गता
८. अनुवंशीय रक्तस्राव (हेमोफिलिया)सम्बन्धी अपाङ्गता
९. अटिजमसम्बन्धी अपाङ्गता
१०. बहुअपाङ्गता

**१.४ अपाङ्गताको अवस्था वा तह**

नेपालमा अपाङ्गताबाट भएको असर वा प्रभावका आधारमा अपाङ्गताको वर्गीकरण चार तहमा गरिएको छ।

**(क) पूर्ण अशक्त अपाङ्गता (Profound disability)** : दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थालाई पूर्ण अशक्त

** अध्यक्ष, श्रव्य पुस्तकालय तथा स्रोत केन्द्र नेपाल।*

अपाङ्गता मानिएको छ।

(ख) **अति अशक्त अपाङ्गता (Severe disability)** : वैयक्तिक क्रियाकलापहरू सम्पादन तथा सामाजिक क्रियाकलापमा सलग्न हुन निरन्तर अरूको सहयोग लिनुपर्ने स्थितिलाई अति अशक्त अपाङ्गता मानिएको छ।

(ग) **मध्यम अपाङ्गता (Moderate disability)** : भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम भएमा अरूको सहयोग लिएर वा नलिईकन निरन्तर दिनचर्या र सामाजिक क्रियाकलापहरूमा सहभागी हुन सक्ने अवस्थालाई मध्यम अपाङ्गता भनिन्छ।

(घ) **सामान्य अपाङ्गता (Mild disability)** : सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफै नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुनसक्ने अवस्थालाई सामान्य अपाङ्गता मानिने छ।

## २.नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्कीय अवस्था

राष्ट्रिय जनगणना २०७८ को प्राप्त नतिजाअनुसार देशभित्र अक्सर बसोबास गर्ने सबै व्यक्तिहरूको अपाङ्गतासम्बन्धी विवरण सङ्कलनका लागि १२ प्रकारका अपाङ्गतासहितको प्रश्न सोधिएको थियो। राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार नेपालको कुल जनसङ्ख्या २,९१,६४,५७८ रहेको छ। उक्त कुल जनसङ्ख्यामध्ये जम्मा ६,४७,७४४ जना अर्थात् २.२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। कुल पुरुष जनसङ्ख्याको २.५ प्रतिशत पुरुष र कुल महिला जनसङ्ख्याको २.० प्रतिशत महिलामा अपाङ्गता रहेको छ। अपाङ्गता भएका व्यक्तिमध्ये पुरुष ५४.२ प्रतिशत र महिला ४५.८ प्रतिशत रहेका छन्।

### २.१ अपाङ्गताको प्रकार र लिङ्गअनुसार जनसङ्ख्या वितरण

राष्ट्रिय जनगणना २०७८ को प्राप्त नतिजाअनुसार अपाङ्गता भएका व्यक्तिमध्ये सबैभन्दा धेरैमा शारीरिक अपाङ्गता भएका ३७.१ प्रतिशत रहेको छ। यसैगरी १७.१ प्रतिशतमा न्यून दृष्टियुक्त अपाङ्गता, ८.९ प्रतिशतमा बहुअपाङ्गता, ८.० प्रतिशतमा सुस्तश्रवण, ७.९ प्रतिशतमा बहिरा, ६.४ प्रतिशतमा स्वर र बोलाइसम्बन्धी अपाङ्गता , ५.४ प्रतिशतमा पूर्ण दृष्टिविहीन, ४.३ प्रतिशतमा मानसिक वा मनोसामाजिक अपाङ्गता, १.८ प्रतिशतमा बौद्धिक अपाङ्गता, १.६ प्रतिशतमा श्रवण दृष्टिविहीन, ०.८ प्रतिशतमा अनुवंशीय रक्तश्राव (हेमोफेलिया) र ०.८ प्रतिशतमा अटिजमसम्बन्धी अपाङ्गता रहेको छ।

### अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता स्थिति

राष्ट्रिय जनगणना २०७८ को प्राप्त नतिजाअनुसार ५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका अपाङ्गता भएका व्यक्तिहरू कुल ६,२१,४२३ जनामध्ये ३, ११,६३० जना पढ्न र लेख्न दुवै जाने देखिएको छ। यसअनुसार अपाङ्गता भएका व्यक्तिहरूको समग्र साक्षरतादर ५०.१ प्रतिशत मात्र रहेको छ। जसमा पुरूषको साक्षरतादर ६०.० प्रतिशत र महिलाको साक्षरतादर ३८.५ प्रतिशत रहेको छ।

### साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तहसम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ को प्राप्त नतिजाअनुसार कुल साक्षर अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्याको सबैभन्दा बढी ३४.३ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) मात्र उत्तीर्ण गरेका छन्। कुल साक्षर अपाङ्गता भएका व्यक्तिहरूमा निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) मात्र उत्तीर्ण गरेका व्यक्तिहर १९.५ प्रतिशत रहेका छन्। एस.एल.सी. वा सोसरह मात्र उत्तीर्ण गर्ने अपाङ्गता भएका व्यक्तिहरू ८.२ प्रतिशत देखिन्छन्। एस.एल.सी.भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १३.७ प्रतिशत रहेका छन् भने ४.४ प्रतिशत व्यक्तिहरूले अनौपचारिक शिक्षा अध्ययन गरेको देखिएको छ।

### अपाङ्गता भएका ५ देखि २५ वर्षका व्यक्तिहरूको स्कुल कलेज गएको विवरण

राष्ट्रिय जनगणना २०७८ को प्राप्त नतिजाअनुसार ५ वर्ष र सोभन्दा माथिल्लो उमेरका अपाङ्गता भएका व्यक्तिहरूमा ५५.३ प्रतिशत हाल स्कुल कलेज गइरहेका, २१.६ प्रतिशत विगतमा स्कुल कलेज गएका, २३ प्रतिशत कहिल्यै स्कुल कलेज नगएको देखिएको छ।

### अपाङ्गता भएका व्यक्तिहरूले अध्ययन गरेको क्षेत्र

दश जोड° २ वा सोसरह वा सोभन्दा माथिल्लो तह उत्तीर्ण गरेका अपाङ्गता भएका व्यक्तिहरूको अध्ययनको क्षेत्र हेर्दा अपाङ्गता भएका व्यक्तिहरूमध्ये सबैभन्दा धेरै व्यक्तिहरू अर्थात् ३५.२ प्रतिशतले शिक्षाशास्त्र अध्ययन गरेको देखिएको छ। व्यवस्थापन क्षेत्रमा अध्ययन गरेका व्यक्तिहरू २९.२ प्रतिशत, मानविकी तथा सामाजिक शास्त्र अध्ययन गरेका व्यक्तिहरू १३.६ प्रतिशत, विज्ञान ६.३ प्रतिशत, स्वास्थ्य/चिकित्साशास्त्र ३.६ प्रतिशत, इन्जिनियरिङ २.४ प्रतिशत, कम्प्युटर/सूचना प्रविधि १ प्रतिशत, कानुन १ प्रतिशत, कृषि ०.७ प्रतिशत, वन ०.४ प्रतिशत र पशुविज्ञान/पशुचिकित्सा/ मत्स्यपालन ०.३ प्रतिशत अध्ययन गर्ने व्यक्तिहरू रहेका छन्।

माथि दिइएको परिभाषा प्रकार, वर्गीकरण र तथ्याङ्कहरू हेर्दा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था दयनीय रहेको स्थिति छ। अपाङ्गता भएका कारण घरपरिवारबाट समेत विभेदको शिकार हुनुका साथै सामाजिक दुर्व्यवहार, घरेलु हिंसा, यौन दुर्व्यवहारमा परेको विभिन्न प्रतिवेदनबाट प्रस्ट हुन्छ। राज्यबाट प्रदान गरिएका सेवा, सुविधा, न्यायिक पहुँचबाट समेत वञ्चित हुनुपरेको छ। पहुँचयुक्त संरचना, सरकारी कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह अपाङ्गतामैत्री नहुँदा कठिनाइ भोग्नुपरेको छ। भौतिक संरचनाहरू पहुँचयुक्त नभएको, सूचना तथा सञ्चारको क्षेत्रमा पहुँचयुक्तता झनै बिरलै उपलब्ध हुने हुँदा अपाङ्गता भएका व्यक्तिहरूको कठिनाइ तथा दुर्व्यवहारहरूलाई स्थानीय तह तथा ग्रामीण क्षेत्रका वड°ा तहसम्ममा सम्बोधन हुन नसकेका विषयहरू रहेका छन्। सुचना प्राप्त गर्न पाउनु हरेक नागरिकको अधिकार हो। मानव विविधताअनुसार व्यक्तिले आफ्नो आवश्यकताको आधारमा उपयुक्त अनुकूलताअनुसार सुनेर, देखेर, हेरेर, स्पर्श गरेर आदि माध्यमबाट सूचना प्राप्त गर्दछन्।

अपाङ्गता भएका व्यक्तिहरूमध्ये पनि अति अशक्त वर्गमा पर्ने, दोस्रो व्यक्तिको सहयोगको आवश्यक पर्ने, दृष्टिविहीन तथा छापा अक्षर पढ्न बाधा भएका व्यक्तिहरूको विद्यालयदेखि विश्वविद्यालयसम्मका पाठ्यपुस्तकहरू र शिक्षक सेवा, लोक सेवा, विश्वविद्यालय सेवा र अन्य संस्थानमा प्रतिस्पर्धा गर्नका लागि आवश्यक पर्ने पुस्तकहरू ब्रेल लिपि, श्रव्य Digital Accessible Information System (DAISY), Text to Speech (TTS), Electronic Publication (EPUB), Easy to Read Version लगायत अन्य आधुनिक आविष्कार भएका वा हुँदै गरेका प्रविधि सस्तो र सुलभ रूपमा राज्यले खरिद गरेर शीघ्रातिशीघ्र उनीहरूको पहुँचमा पुऱ्याउनु पर्छ भन्ने अवधारणाका साथ श्रव्य पुस्तकालय तथा स्रोत केन्द्र नेपालले अपाङ्गतामैत्री पुस्तकालयको सुरुवात गर्दै आएको छ।

यस पुस्तकालय एक अविच्छिन्न सङ्गठित, स्वशासित, र मुनाफारहित गैरसरकारी सामाजिक संस्था हो। स्वयं अपाङ्गता भएका व्यक्तिहरूद्वारा विधिवत् रूपमा दर्ता भई विगत ६ वर्षदेखि अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार स्थापित गर्ने कार्यमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको र यसको कार्यालय कीर्तिपुरमा छ। समाजमा पिछडिएका, विभेदमा परेका, शिक्षा, स्वास्थ्य, रोजगारी आदिबाट वञ्चित भएका अपाङ्गता भएका व्यक्तिहरूको सवालमा आवाज उठाउँदै आएको छ र विशेषगरी देशभरीका दृष्टिविहीन भएका व्यक्तिहरूलाई पहुँचयुक्त पुस्तक निर्माण तथा वितरणसमेत गर्दै आएको छ। दिन प्रतिदिन दृष्टिविहीनहरूको ठुलो सङ्ख्या अध्ययनको क्षेत्रमा प्रवेश गरिरहेकोले उक्त वर्गलाई लक्षित गरी उनीहरूमैत्री पुस्तकालयको व्यवस्थालाई ध्यान दिई पुस्तकालयको निर्माण गरिएको हो। जसबाट देशभरका अत्यधिक दृष्टिविहीनहरू लाभान्वित हुँदै आएका छन। संविधानमा ब्रेल लिपिलाई महत्त्व दिइए तापनि पाठ्यपुस्तकहरू ब्रेल लिपिमा निर्माण नहुनुले उनीहरूलाई सहज रूपमा अध्ययन गर्न कठिनाइ भएकाले श्रव्य पुस्तकालय अपरिहार्य रहन गएको छ। नेपाल सरकारले विद्यालयस्तरका पाठ्यपुस्तकहरू ब्रेल लिपिमा प्रकाशित गर्न बजेट छुट्याउने गरेको छ तर सरकारले तोकेका पुस्तकहरूबाहेक स्कुलहरूले आफूअनुकूल लागु गरेका पुस्तकहरू ब्रेल लिपिमा वा अन्य प्रविधिमा निर्माण भएका छैनन्। त्यस्ता पुस्तकहरू श्रव्यमा निर्माण गरी यस पुस्तकालयले केही हदसम्म समस्या समाधान गर्दै आएको छ। देशभरीका विश्वविद्यालय र तिनका आङ्गिक क्याम्पसहरूमा दृष्टिविहीनहरू अध्ययन गर्छन्, अध्ययनको समस्या पुस्तकको अभावमा सवै विश्वविद्यालयमा एकै प्रकारको छ। पाठ्यपुस्तकहरू एकै प्रकृतिका छैनन्, सबै विश्वविद्यालयहरूमा उनीहरूमैत्री पुस्तकालय छैन, विश्वविद्यालयहरूले उनीहरूमैत्री पुस्तकको व्यवस्था गर्दैनन्, गर्न खोजे पनि स्रोत, साधन र दक्ष जनशक्तिको अभाव छ। उच्च शिक्षाका लागि नेपाल सरकारले लगानी गरेको छैन। सम्बन्धित मन्त्रालयको पनि यस विषयमा चासो देखाएको छैन। हामीले बजेटका लागि सम्बन्धित मन्त्रालयलाई बारम्बार अनुरोध गऱ्यौँ, त्यसप्रति वास्ता गरिएन। तमाम दृष्टिविहीनहरूले पुस्तकालय भएको नाताले हामीसँग पुस्तक माग्नु स्वाभाविकै हो। साथै दिन प्रतिदिन नवीनतम प्रविधिहरूको विकास भइरहेको छ र ती प्रविधिहरूका बारेमा उनीहरूलाई जानकारी गराउनु नितान्त आवश्यक छ। विकसित प्रविधिहरूमा ज्यादै महँगा सफ्टवेयरहरू जुन नेपाली बजारमा समेत प्राप्त गर्न सकिँदैन, यस्ता विषयमा सम्बन्धित निकायले बेवास्ता गरेका कारण हामीले कहाँबाट उपलब्ध गराउने आजको मुख्य चुनौती बनेको छ। सरकारले गर्नुपर्ने काम हामीले गर्दै आएका छौँ। सरकारले वा दातृ निकायले यस विषयमा उपेक्षा गर्ने हो भने तिनीहरू कहाँ माग्न जाने हो भन्ने विषय सोचनीय छ। सम्बन्धित मन्त्रालयले दृष्टिविहीन भएका व्यक्तिहरूले उच्च शिक्षा अध्ययन गर्ने अनुसन्धान गर्ने कार्य, लोक सेवा, शिक्षक सेवा, पाठ्यपुस्तकका सान्दर्भिक पुस्तकहरू निर्माण गर्नका लागि सहयोग गरेमा हजारौँ अपाङ्गता भएका व्यक्तिहरू शिक्षा प्राप्त गर्न सफल हुनेछन् र रोजगारीका क्षेत्रमा संलग्न हुनेछन्। त्यसैले नेपाल सरकारबाट दृष्टिविहीन तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँचयुक्त पुस्तक निर्माण, वितरण तथा अपाङ्गतामैत्री पुस्तकालय सञ्चालनका लागि योजना निर्माण र बजेट विनियोजन गरिनु नितान्त आवश्यक छ।

# स्थानीय तहमा पुस्तकालय विकासको सम्भावना र चुनौती



**अमृता अधिकारी***


**सारांश**

*नेपालको संविधान २०७२ अनुसार सङ्घीय शासन प्रणालीले स्थानीय तहलाई शिक्षा, सूचना र सांस्कृतिक संरक्षणमा विशेष जिम्मेवारी दिएको छ । यस सन्दर्भमा, स्थानीयस्तरमा पुस्तकालय विकास एक महत्त्वपूर्ण विषयका रूपमा लिइएको छ । पुस्तकालय ज्ञान, अध्ययन र सूचनाको केन्द्र हो, जसले पठन संस्कृति, समसामयिक गतिविधिमा अपडेट, आलोचनात्मक सोच र समावेशी चेतना विस्तारमा योगदान पुर्‍याउँछ । संविधानले स्थानीय पुस्तकालयलाई स्थानीय सरकारको एकल अधिकारको रूपमा मान्यता दिएकाले स्थानीय तहले पुस्तकालय स्थापना, व्यवस्थापन, सञ्चालन र संरक्षण गर्न सक्छ । पुस्तकालय मार्फत शिक्षा सुधार, डिजिटल पहुँच, सामुदायिक समावेशिता, जीवन उपयोगी सिप विकास, र स्थानीय पहिचानको प्रवर्द्धन सम्भव देखिन्छ । तर यस्ता सम्भावनाबिच बजेट अभाव, दक्ष जनशक्ति, प्रविधिको कमी, नीति तथा समवन्य, सहअस्तित्व र सहकार्यको अभावजस्ता बहुआयामिक चुनौतीहरू विद्यमान छन् । दीर्घकालीन योजना, सहकार्य, प्रविधिमा लगानी, र जनचेतनाको विस्तारबाट मात्र स्थानीय पुस्तकालयहरू सशक्त र प्रभावकारी बन्न सक्छन् । स्थानीय पुस्तकालयहरू सशक्त बनाउनु नै सूचनामा पहुँच सुनिश्चित गर्ने, लोकतान्त्रिक अभ्यास मजबुत बनाउने र ज्ञानमा आधारित समाज निर्माणतर्फको सार्थक पाइला हुनेछ ।*


**मुख्य शब्दहरू:** *सङ्घीयता, स्थानीय सरकार, पुस्तकालय विकास, सूचना साक्षरता, डिजिटल पहुँच, सामुदायिक पुस्तकालय, शिक्षा सुधार, जीवन उपयोगी सीप, पढ्ने संस्कार, ज्ञानमा आधारित समाज, बजेट अभाव, नीति निर्माण, सूचना प्रवाह, समावेशी सेवा, संरचनात्मक चुनौती ।*

## परिचय

सार्वभौमसत्ताको दुई वा दुईभन्दा बढी तहबाट प्रयोग हुने व्यवस्थासहितको राज्यको स्वरूपलाई सङ्घीयता भनिन्छ । नेपालको संविधान, २०७२, ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्दै सङ्घ, प्रदेश स्थानीय तह गरी तीन तहको सरकार रहने गरी सङ्घीय प्रणाली अवलम्बन गरिएको छ। शक्ति विकेन्द्रीकरण, समानुपातिक समावेशिता, भाषा, संस्कृति, स्थानीय स्वशासनलाई संरक्षण गर्ने व्यवस्था सङ्घीयताका मूल पक्ष हुन ।

पुस्तकालय ज्ञानको मन्दिर हो जहाँ विचारहरू बोल्दछन्, इतिहासहरू बाँच्दछन् र भविष्यहरू निर्माण हुन्छन् । यो केवल पुस्तकहरूको थुप्रो होइन, बरु चेतनाको सङ्ग्रहालय हो, जहाँ हरेक पाना एक नयाँ ज्ञानको संसारको ढोका हो। पुस्तकालय त्यो शान्त स्थान हो, जहाँ जिज्ञासाले विश्राम पाउँछ र ज्ञानले यात्रा सुरु गर्छ। यहाँ अक्षरहरू मात्र होइन, अनुभव, अनुभूति र अनन्त सम्भावनाहरू सङ्ग्रहित हुन्छन् ।

पुस्तकालय सधैँ ज्ञान, अध्ययन र सांस्कृतिक संरक्षणको केन्द्रको रूपमा चिनिँदै आएका छन् । विचारको मौन केन्द्र पुस्तकालय केवल किताब राख्ने स्थान होइन, यो गहिरो अध्ययन, अनुसन्धान, सिर्जनशीलता र चिन्तनको मौन थलो हो। पुस्कालयले पुस्तकहरू, पत्रपत्रिका, अनुसन्धान कागजातहरू, ऐतिहासिक अभिलेखहरू आदिको माध्यमबाट यसले शिक्षा, अनुसन्धान, र समाजिक चेतनाको विकासमा योगदान पुर्‍याउँदै आएका छन् ।

स्थानीय तहहरूमा पुस्तकालय विकास एउटा महत्त्वपूर्ण र बहुआयामिक प्रक्रिया हो, जसले शिक्षा, सूचना र समावेशी

* *शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय*

पहुँचलाई प्रवर्द्धन गर्न मद्दत गर्दछ। स्थानीय सरकारसँग पुस्तकालय सञ्चालन, व्यवस्थापन र वित्तीय जिम्मेवारी सुनिश्चित गर्ने संविधान र ऐन-पहुँच सँगसँगै आएको छ। २०७२ को संविधानमा पुस्तकालयसम्बन्धी कुरा प्रत्यक्ष रूपमा पनि र सङ्घीय अधिकारको रूपमा पनि उल्लेख गरिएको छ। साझा अधिकार (अनुसूची ७) शिक्षा, स्वास्थ्य, पुस्तकालय, सङ्ग्रहालय, पुरातत्त्व सङ्घ र प्रदेशबिचको साझा विषय हो। यसको अर्थः सङ्घ र प्रदेश दुवैले पुस्तकालय नीति, संरचना, बजेटमा भूमिका खेल्न सक्छन् । स्थानीय सरकारको एकल अधिकार (अनुसूची ८) धारा ८ (१०) अनुसारः "स्थानीय पुस्तकालय र सङ्ग्रहालय" स्थानीय तहको एकल अधिकारअन्तर्गत पर्छ। तसर्थ गाउँपालिका, नगरपालिका आफैँले पुस्तकालय स्थापना, संरक्षण र सञ्चालन गर्न सक्दछन्। सङ्घीय संरचनाअनुसार नेपालमा स्थानीय सरकारहरूलाई शिक्षा, स्वास्थ्य, संस्कृति र सूचना प्रवाहमा महत्त्वपूर्ण जिम्मेवारी दिइएको छ । यसै सन्दर्भमा, पुस्तकालय विकासको विषय पनि स्थानीय तहको कार्यक्षेत्रमा पर्दछ। पुस्तकालय ज्ञानको भण्डार हो, जसले नागरिकमा सूचना, साक्षरता, पढ्ने बानी, र आलोचनात्मक सोच विकास गर्न मद्दत गर्दछ । धेरै स्थानीय तहहरूमा सामुदायिक प्रयासबाट सामुदायिक पुस्तकालयहरू स्थापना भएका छन् । यी पुस्तकालयहरू स्थानीयबासीको अध्ययन केन्द्र बनेका छन् । कतिपय पालिकाले आफ्ना सामुदायिक विद्यालयहरूमा पुस्तकालय स्थापना गरेका छन् तथापि पुस्तकहरूको गुणस्तर, पुस्तकालय व्यवस्थापन तथा समयावधि सीमित भएको पाइन्छ। केही नगरपालिकाहरू (जस्तै ललितपुर महानगरपालिका, धुलिखेल नगरपालिका आदि)ले डिजिटल पुस्तकालय सञ्चालनमा ल्याएका छन्। साथै संविधानको भाग ४ को धारा ५१ उपधारा ज (४) मा नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने भनेर स्पष्ट उल्लेख गरेको छ।

## स्थानीय तहमा पुस्तकालय विकासका सम्भावनाहरू

भौगोलिक विविधता हुँदाहुँदै पनि स्थानीय तहहरूमा पुस्तकालय विकासका धेरै सम्भावनाहरू देखिन्छन् । संविधानले प्रत्याभूत गरेको शिक्षा र सूचना प्राप्तिको मौलिक अधिकार पुस्तकालयमार्फत प्रवर्द्धन गर्न सकिन्छ। स्थानीय तहसँग आर्थिक अधिकारका साथै अन्य स्रोतहरूको पनि माध्यम खोज्न सकिने भएकोले प्राथमिकताका आधारमा पुस्तकालय निर्माण र सञ्चालन गर्न सकिन्छ । स्थानीय सामग्रीको सङ्ग्रह, संरक्षण र प्रसारमा पुस्तकालयले मूल केन्द्रको रूपमा स्थापना गर्न सकिन्छ। सही योजना र लगानी भएमा पुस्तकालयहरूले शिक्षा शिक्षा गुणस्तर सुधारमा योगदान, सूचना प्रवाह र समावेशी समाज निर्माणमा पढ्ने बानीको विकास आइसीटी प्रयोग गरी दूरदराजमा पनि सेवा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । स्थानीय तहमा पुस्तकालय विकासका मुख्य सम्भावनाहरू निम्नानुसार छन्।

१. शिक्षाको गुणस्तरमा वृद्धि गर्न - पुस्तकालयहरूले पाठ्यक्रम बाहिरको अध्ययनमा सहयोग गरी विषयगत ज्ञान वृद्धि गराउँछन् । विद्यार्थी र शिक्षक दुवैका लागि अनुसन्धान र अध्ययनको स्रोत बन्न सक्छ।

२. पढ्ने संस्कृतिको प्रवर्द्धन गर्न - समुदायमा पढ्ने बानीको विकास गर्न पुस्तकालय प्रभावकारी माध्यम हो । बालबालिकादेखि वृद्धसम्मलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

३. डिजिटल पहुँचको माध्यम डिजिटल पुस्तकालयमार्फत ई-पुस्तक, ई-जर्नल, अडियोबुक, भिडियो सामग्री उपलब्ध गराउन सकिन्छ। ग्रामीण क्षेत्रमा पनि इन्टरनेटमार्फत सूचना पहुँचको समान अवसर।

४. सामुदायिक विकासको केन्द्र पुस्तकालयलाई स्थानीय ज्ञान, संस्कृति र इतिहासको संरक्षण केन्द्र बनाउन सकिन्छ। महिलाहरू, अपाङ्गता भएका व्यक्तिहरू, वृद्धजनका लागि समावेशी सूचना सेवा दिन सकिन्छ।

५. जीवन उपयोगी सिप सिकाउने स्थल पुस्तकालयहरूमा जीविकामूलक तालिम (जस्तै कम्प्युटर, सिलाइ-कताइ, कृषिसम्बन्धी तालिम) सञ्चालन गर्न सकिन्छ । युवाहरूलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउनेछ।

६. स्थानीय तहको पहिचान निर्माण विशिष्ट पुस्तकालय (बाल पुस्तकालय, महिला पुस्तकालय, आदिवासी/जनजाति पुस्तकालय) स्थापना गरी स्थानीय तहको पहिचान बनाउने संम्भावना।

७. साझेदारी विकास गैरसरकारी संस्था, विद्यालय, युवा क्लब, अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा पुस्तकालय विकास गर्न सकिन्छ। सार्वजनिक-निजी साझेदारी (PPP Model) बाट स्रोतसाधन जुटाउन सकिन्छ।

८. सूचना समाज निर्माणको आधार पुस्तकालयले सूचनाको समान पहुँच सुनिश्चित गरी लोकतान्त्रिक समाज विकासमा टेवा पुऱ्याउनेछ । नागरिक सचेतना, पारदर्शिता, सहभागिताजस्ता मान्यताहरूको प्रवर्द्धनमा भूमिका खेल्न सक्छ।

## चुनौतीहरू

यद्यपि यी सम्भावनाबिच केहि यथार्थपरक चुनौतीहरू छन् :

१. बजेट अभाव - अधिकांश स्थानीय तहले पुस्तकालयलाई प्राथमिकतामा नराखी न्यून बजेट छुट्याउने गर्छन् । पुस्तक खरिद, सूचना प्रविधि, पुस्तकालय भवन मर्मत आदि कार्यमा पर्याप्त लगानी नहुँदा विकास अवरुद्ध हुन्छ । धेरै संस्थागत प्रयासपछि पनि सञ्चालन र बजेटको अभावले पुस्तकालय थलिइरहेका छन्; कतिपय उद्घाटनपछि सञ्चालन हुन नसकेको अवस्थामा छन् ।

२. दक्ष जनशक्तिको अभाव - देशभर पुस्तकालय विज्ञान समूहका कर्मचारी र पुस्तकालयसम्बन्धी तालिमप्राप्त कर्मचारीको अभाव छ । पुस्तकालयहरूले स्वयमूसेवक वा शिक्षकमार्फत सेवा दिइरहेका छन् ।

३. मानवस्रोत र संसाधन अभावः तालिमप्राप्त कर्मचारी र व्यवस्थापन नहुँदा सेवा गुणस्तर गिरिरहेका छन् । पुस्तकालयहरूमा नयाँ र गुणस्तरीय पुस्तकहरूको कमी छ । ई-पुस्तक, पत्रपत्रिका, शैक्षिक सामग्री तथा ICT उपकरणको अभाव छ ।

४. सुविधासम्पन्न संरचनाको कमी - धेरैजसो पुस्तकालय भवन पुराना, साँघुरा वा अस्थायी संरचनामा सञ्चालनमा छन् । अपाङ्गमैत्री संरचना, बालमैत्री कक्ष, महिला तथा वृद्धजनलाई लक्षित स्थानहरूको कमी ।

५. प्रविधिमा पहुँचको असमानता - डिजिटल पुस्तकालय सञ्चालनका लागि इन्टरनेट, कम्प्युटर, सफ्टवेयरको अभाव छ । ग्रामीण र दुर्गम क्षेत्रका पाठकहरू सूचना प्रविधिबाट वञ्चित हुने खतरा ।

६. जनचासोको अभाव - पुस्तकालयप्रति समुदायमा जागरूकता कम । पुस्तकालय जाने संस्कृति र पढ्ने बानी अझै पनि न्यून ।

७. नीति र योजनाको अभाव - स्थानीय तहका नीति तथा योजना निर्माणमा पुस्तकालय विषय समावेश नगर्ने प्रवृत्ति । दीर्घकालीन योजना, मापदण्ड, अनुगमन प्रणालीको अभाव ।

८. संस्थागत सहकार्यको कमी - सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबिच सहकार्यको कमी । गैरसरकारी संस्था र निजी क्षेत्रसँग साझेदारीको कमजोरी ।

१०. पठन संस्कृतिको कमजोरी ग्रामीण क्षेत्रमा पढ्ने संस्कृतिको अभाव र पुस्तकमैत्री वातावरणको न्यूनता ।

११. पुस्तकालयलाई केवल एक संरचनाको रूपमा बुझ्ने प्रवृत्ति, सेवाको गुणस्तरप्रति कम ध्यान ।

१२. संरचनात्मकदेखि व्यवहारसम्म कानुनी खाँचोः सार्वजनिक तथा सामुदायिक पुस्तकालय सञ्चालनसम्बन्धी ऐन अभाव र राष्ट्रिय पुस्तक नीति अझै टुङ्गोमा पुग्न सकेको छैन ।

## निष्कर्ष

नेपालका स्थानीय तहहरूले स्थानीय तहमा पुस्तकालयको विकास आवश्यक मात्र नभई अनिवार्य बनिसकेको छ । साक्षरता, सूचनामा पहुँच र लोकतान्त्रिक अभ्यास प्रवर्द्धन गर्न पुस्तकालयहरू अपरिहार्य आधारशिला हुन् । स्थानीय सरकार, समुदाय, सङ्घ-संस्था र सरकारबिच सहकार्य हुन सकेमा पुस्तकालयको विकासले नेपाललाई ज्ञानमा आधारित समाज बनाउने दिशामा टेवा पुऱ्याउनेछ । संविधान २०७२ ले नेपालमा सामाजिक परिवर्तनको आधारका रूपमा बुझी दीर्घकालीन योजना बनाउनु आवश्यक छ । पुस्तकालय केवल किताब राख्ने ठाउँ मात्र होइन, यो समुदाय केन्द्र, सिकाइको थलो र सूचना अधिकारको संवाहक हो । नीति, जनशक्ति, बजेट, र प्रविधिमा लगानी गरेमा स्थानीय पुस्तकालयले आम नागरिकमा ज्ञान, साक्षरता र समावेशी सोचको विकासमा ठूलो योगदान पुऱ्याउन सक्छ ।

## सन्दर्भ सामग्री


बस्नेत, कञ्चन र अधिकारी विमला (२०८२), *प्रशासन र व्यवस्थापन*

कानुन किताब व्यवस्था समिति (२०७२), *नेपालको संविधान २०७२*

त्रिताल, शारदाप्रसाद (२०७६), *नेपालमा शिक्षा चुनौती र सम्भावना*

त्रिताल, शारदाप्रसाद (२०७५), *सङ्घीयता कार्यान्वयनका विविध पक्ष*

# पुस्तकालय दिवस समाज सशक्तीकरणको उत्सव



**विजय शर्मा***

**थालनीः**

पुस्तकालय पुस्तकहरूको भण्डार मात्र होइन यो ज्ञान, सूचना र संस्कृति आदान-प्रदान हुने केन्द्र हो । पुस्तकालयले व्यक्तिलाई शिक्षित र सचेत बनाउँदै सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । शिक्षित नागरिकबाट मात्र सुसंस्कृत समाजको परिकल्पना गर्न सकिन्छ जहाँ नागरिक स्वतन्त्रता तथा समावेशिताले स्थान पाउँछ । यसैबाट सूचनासङ्कलन, ज्ञानको विस्तार र समाजको सशक्तीकरणको आधारस्तम्भका तयार हुन्छ। मानव सभ्यताको विकाससँगै पुस्तकालयलाई समाज रूपान्तरणको एउटा महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिइन्छ। समाज रूपान्तरणमा पुस्तकालयको योगदानबारे अहिलेका पुस्तामा सकारात्मक सन्देश प्रवाह गर्न तथा पुस्तकालयको महत्त्वप्रति जनचेतना अभिवृद्धि गर्न विभिन्न मुलुकहरूले हरेक वर्ष पुस्तकालय दिवस, पुस्तकालय सप्ताह वा सूचना साक्षरता महिना आदि कार्यक्रमहरू आयोजना गरेका छन् ।

विभिन्न देशमा पुस्तकालय दिवस कसरी मनाइन्छ भन्ने सन्दर्भमा अनलाइनमा उपलब्ध सामग्रीहरूको आधारमा केही देशका उदाहरणहरू यस आलेखमा समेट्ने प्रयास गरिएको छ । ती उदाहरणहरूबाट कुन देशमा कहिले पुस्तकालय दिवस मनाइयो, केकस्ता कार्यक्रमहरू सञ्चालन गरिन्छ र ती कार्यक्रमहरूले समाजमा कस्तो सन्देश प्रवाह गरेका छन् भन्ने जानकारी प्राप्त हुन्छ । यस लेखको मुख्य उद्देश्य विभिन्न देशमा पुस्तकालय दिवसका अवसरमा गरिने कार्यक्रम तथा गतिविधिका बारेमा जानकारी गराउनु रहेको छ।

## अमेरिकामा पुस्तकालय दिवस

अमेरिकालाई पुस्तकालय संस्कृतिको दृष्टिले पनि अग्रणी राष्ट्र मानिन्छ । जहाँ पुस्तकालय सेवा मात्र होइन, यसको सामाजिक र सांस्कृतिक भूमिकालाई समेत संस्थागत रूपमा स्वीकार गरिएको छ । यसकै उदाहरणस्वरूप सङ्कलन, सेवा सुविधा तथा व्यवस्थापनको दृष्टिले विश्वकै सबैभन्दा ठूलो पुस्तकालय लाइब्रेरी अफ कङ्ग्रेस अमेरिकामै अवस्थित छ। त्यस्तै विश्वकै सबैभन्दा ठूलो सार्वजनिक पुस्तकालय न्यूयोर्क पब्लिक लाइब्रेरीले अमेरिकी नागरिकहरूलाई निरन्तर सेवा प्रदान गर्दै आएको छ।

अमेरिकामा पुस्तकालयको योगदानलाई उजागर गर्न राष्ट्रिय पुस्तकालय सप्ताह (National Library Week) को रूपमा हरेक वर्ष विविध कार्यक्रम, सम्मान तथा सचेतनामूलक गतिविधिहरूको आयोजना गरिन्छ। अमेरिकन पुस्तकालय संघ (ALA) को नेतृत्वमा सन् १९५८ देखि यो सप्ताह मनाउन थालिएको हो । प्रत्येक वर्षको अप्रिल महिनाको दोस्रो साता पुस्तकालय तथा सूचना सेवामा सङ्लग्न संस्थाहरू, कर्मचारीहरू, पाठकहरू र समुदायका अन्य सदस्यहरू मिलेर यसलाई उत्सवका रूपमा मनाउने गरिन्छ।

यो सप्ताह मनाउने मूल उद्देश्य पुस्तकालयको महत्त्व, पुस्तकालय कर्मचारीहरूको योगदान र सूचना पहुँचमा पुस्तकालयको भूमिकालाई उजागर गर्नु हो । सन् १९५० को दशकमा रेडियो, टेलिभिजनजस्ता मनोरञ्जनका माध्यमहरूको बढ्दो आकर्षणका कारण पुस्तक पढ्ने रुचि घट्दै गएको भन्ने अध्ययनहरूमा देखा परेपछि घट्दो पठन संस्कृतिलाई पुनर्जीवित गर्न प्रेरणा दिन सन् १९५८ मा अमेरिकन पुस्तकालय संघ, अमेरिकन बुक पब्लिशर्स काउन्सिल र विज्ञापन संस्था (बट्टेन, बार्टन, डर्स्टिन एण्ड ओसबोर्न) को सहकार्यमा पहिलोपटक राष्ट्रिय पुस्तकालय सप्ताह मनाउन थालिएको हो।

यो सप्ताहको सुरुवात अप्रिल महिनाको दोस्रो सोमवारबाट गरिन्छ। सो दिन अमेरिकन पुस्तकालय संघद्वारा हरेक वर्षको नारा (आदर्श वाक्य) सार्वजनिक हुन्छ। यो वर्ष सन् २०२५ मा *पुस्तकालयमा आकर्षित छौं (Drawn to the Library)* नारा अप्रिल ६ गते सार्वजनिक गरी विशेष प्रवचन, सार्वजनिक सेवा सन्देश तथा समुदायमा आधारित कार्यक्रमहरू सञ्चालन गरी अप्रिल ६ देखि

* *पुस्तकालय अधिकृत, त्रि.वि.केन्द्रीय पुस्तकालय, कीर्तिपुर*

१२ सम्म पुस्तकालय सप्ताह मनाइएको थियो।

सोमबार वर्षको नारा सार्वजनिक गरिन्छ भने मंगलवार पुस्तकालयका कर्मचारीहरूलाई सम्मान गर्ने दिनका रूपमा नेशनल लाइब्रेरी वर्कर्स डे (National Library Workers' Day) मनाइन्छ। उत्कृष्ट कर्मचारीहरूको प्रोफाइल ALA को वेबसाइटमा प्रकाशन गरिन्छ। सम्मान पत्र, उपहार तथा धन्यवाद दिने कार्यक्रमहरू आयोजना गरिन्छ। त्यसैगरी बुधवार नेशनल लाइब्रेरी आउटरीच डे (National Library Outreach Day) का रूपमा मनाइन्छ। जसलाई पहिले नेशनल बुकमोबाइल डे भनिन्थ्यो। यस दिन समुदायसम्म सेवा पुऱ्याउने पुस्तकालयहरूको योगदानको सम्मान गरिन्छ। बिहीवार टेक एक्सन फर लाइब्रेरीज् डे (Take Action for Libraries Day) का रूपमा नागरिक सहभागिता प्रोत्साहन गरिन्छ। सार्वजनिक नीतिमा पुस्तकालयको पक्षमा समर्थन जुटाउन सांसद, स्थानीय सरकार र शिक्षा अधिकारीलाई ज्ञापनपत्र तथा अपिलहरू पत्र दिइन्छ। हप्ताका अन्य दिनहरूमा पुस्तकालय प्रदर्शनी, लेखक भेटघाट, पाठक सम्मेलन, डिजिटल साक्षरता कार्यशाला, बुक ड्राइभ, बालबालिकाका लागि कथा वाचन आदि कार्यक्रमहरू सञ्चालन गरिन्छ।

पुस्तकालय सप्ताहको अवसरमा विद्यालय, विश्वविद्यालय तथा विभिन्न संघसंस्थाहरू मिलेर कार्यक्रमहरू सञ्चालन गर्छन्। बालबालिकाका लागि चित्रकला र कथा वाचन, युवा तथा जेष्ठ नागरिकहरूका लागि डिजिटल साक्षरता प्रशिक्षण, नागरिकका लागि सरकारी सेवा जानकारी सम्बन्धी विविध कार्यक्रमहरूको आयोजना गरिन्छ। सामाजिक सञ्जालहरूमार्फत प्रचारप्रसार गरिन्छ, प्रसिद्ध लेखक र सार्वजनिक व्यक्तित्वहरूबाट पुस्तकालयको पक्षमा सन्देश दिइन्छ। उत्कृष्ट कर्मचारी, पुस्तकालय तथा आउटरीच कार्यकर्ताहरूलाई सम्मानपत्र र पुरस्कार दिइन्छ। विद्यार्थी तथा नवपाठकहरूलाई रिडिङ हिरो (Reading Hero) घोषणा गरी विविध कार्यक्रमहरू गरिन्छ। पुस्तकालय सप्ताहबाट समाजमा पुस्तकालय केवल अध्ययनको स्थल मात्र होइन यो एक समावेशी समाज निर्माण गर्ने माध्यम हो भन्ने सन्देश दिइन्छ।

## अष्ट्रेलियामा पुस्तकालय दिवस

अष्ट्रेलियामा पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा क्रियाशील पेशाकर्मीहरूको योगदानको सम्मान स्वरूप अष्ट्रेलियन पुस्तकालय तथा सूचना संघ (Australian Library and Information Association) को आयोजनामा प्रत्येक वर्ष विशेषगरी जुलाई महिनाको अन्तिम सोमबारदेखि पुस्तकालय तथा सूचना सप्ताह (Library and Information Week) मनाइन्छ।

यस सप्ताहको अवसरमा अष्ट्रेलियाभरिका शैक्षिक, सार्वजनिक तथा सामुदायिक पुस्तकालयका साथै विभिन्न विशिष्ट प्रकृतिका पुस्तकालय तथा सूचना केन्द्रहरूले विविध कार्यक्रम तथा गतिविधिहरूको माध्यमबाट पुस्तकालयको महत्त्वबारे जनचेतना फैलाउने कार्य गर्दछन्। अष्ट्रेलियामा पुस्तकालय सप्ताह पहिलो पटक सन् १९६८ मा अष्ट्रेलियन पुस्तकालय प्रवर्द्धन परिषद् (Australian Library Promotion Council) को आयोजनामा अष्ट्रेलियन पुस्तकालय सप्ताह (Australian Library Week) का रूपमा मनाउन थालिएको हो। सन् १९८० को दशकको उत्तरार्धतिर परिषद् निष्क्रिय भएपछि यसको जिम्मेवारी अष्ट्रेलियन पुस्तकालय तथा सूचना संघले लिएको हो।

सन् २००० मा सप्ताहको नाम परिवर्तन गरी पुस्तकालय तथा सूचना सप्ताह राखिएको हो, जसले पुस्तकालय तथा सूचना सेवा क्षेत्रको व्यापकता झल्काउँछ। यसले अष्ट्रेलियाभरिका सबै प्रकारका पुस्तकालय तथा सूचना सेवाहरूको प्रवर्द्धन गर्नुका साथै पाठकसँग सम्बन्ध सुदृढ बनाउने, सूचना प्रवाहलाई पारदर्शी बनाउने र समाजमा ज्ञानमूलक पहुँच विस्तार गर्ने उद्देश्य राखेको छ।

समाजमा पुस्तकालयको महत्त्व उजागर गर्न यो सप्ताहले उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको पाइन्छ। हरेक वर्ष सप्ताहलाई सार्थक बनाउने उद्देश्यले विशेष नारा तय गरिन्छ। सन् २०२५ को लागि नाराको रूपमा *पढ्ने कि नपढ्नेः साक्षरता महत्त्वपूर्ण छ (To Read or Not to Read: Literacy Matters)* चयन गरिएको थियो। यस नाराले पढ्न अवसर सबैलाई उपलब्ध गराइ अध्ययन संस्कृतिको प्रवर्द्धन गर्नु पर्ने सन्देश प्रवाह गर्न खोजेको देखिन्छ।

## जर्मनीमा पुस्तकालय दिवस

पुस्तकालयको महत्त्वबारे सचेतना जगाउने, पुस्तकालयलाई समाजमा ज्ञान र सूचनाको केन्द्रका रूपमा स्थापित गर्ने तथा डिजिटल युगमा पुस्तकालयको भूमिकालाई सुदृढ गर्ने उद्देश्यसहित हरेक वर्ष अक्टोबर २४ तारिखका दिन जर्मनीभर पुस्तकालय दिवस भव्य रूपमा मनाइन्छ। यो दिवसको परिकल्पना सन् १९९५ मा तत्कालीन जर्मनका राष्ट्रपति रिचार्ड भोन भाइत्सेकर (Richard von Weizsacker) द्वारा गरिएको हो।

जर्मनीमा पुस्तकालय दिवस मनाउने क्रममा देशभरिका पुस्तकालयहरूमा विशेष प्रदर्शनी, कार्यशाला, साहित्यिक कार्यक्रम र पुस्तक लोकार्पण गरिन्छ। बालबालिका र युवाहरूका लागि पढाइ कार्यक्रम, कथा वाचन तथा पुस्तक परिचय गराइन्छ। डिजिटल पुस्तकालय तथा ई-स्रोतहरूको प्रयोगबारे विविध कार्यक्रम गरिन्छ। यो दिवसले जर्मनीमा पठन संस्कृतिको संरक्षण, ज्ञानको आदान-प्रदान र सामाजिक एकताको सन्देश प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। यस अवसरमा पुस्तकालयलाई आधुनिक युगको सांस्कृतिक, शैक्षिक र प्राविधिक केन्द्रका रूपमा स्थापित गर्न विशेष पहल गरिन्छ।

जर्मन पुस्तकालय संघको नेतृत्वमा देशव्यापी रूपमा सार्वजनिक, शैक्षिक तथा विशेष पुस्तकालयको सक्रिय सहभागितामा पुस्तकालय दिवस मनाउँदै आएको पाइन्छ। पुस्तकालय दिवसको अवसरमा, जर्मन पुस्तकालय संघले टेलिकोम फाउन्डेशन (Telekom Foundation) को सहकार्यमा वर्ष पुस्तकालय पुरस्कार (Library of the Year prize) प्रदान गरिन्छ। साथै सन् २०२० देखि सानो नगरपालिका तथा क्षेत्रलाई वर्षको पुस्तकालय (Library of the Year in Small Municipalities and Regions) पुरस्कार पनि प्रदान गर्न सुरु गरिएको छ।

### दक्षिण कोरियामा पुस्तकालय दिवस

दक्षिण कोरियमा पनि पुस्तकालय दिवस साप्ताहिक रूपमा हरेक वर्ष अप्रिल १२ देखि १८ तारिखसम्म मनाइन्छ। कोरियन पुस्तकालय संघको अगुवाइमा अप्रिल १२ तारिखको दिनलाई पुस्तकालय दिवसका रूपमा छनोट गरी सन् १९६४ देखि साप्ताहव्यापी रूपमा पुस्तकालय दिवस मनाउन लागिएको हो। पढ्ने संस्कृतिको प्रवर्द्धन, पुस्तकालयको महत्त्वबारे जनचेतना र जीवनभरको शिक्षामा पुस्तकालयको योगदानलाई उजागर गराउन पुस्तकालय दिवसले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

पुस्तकालय दिवसलाई व्यापकता दिने क्रममा दक्षिण कोरियन पुस्तकालय संघको नेतृत्वमा राष्ट्रिय, सार्वजनिक, शैक्षिक, व्यावसायिक तथा विशेष पुस्तकालयहरू लगायत सम्पूर्ण पुस्तकालयहरूको सक्रिय सहभागिता हुने गर्दछ। यस अवसरमा पुस्तक प्रदर्शनी, पठन प्रतियोगिता, कथा वाचन कार्यक्रमका साथै उत्कृष्ट पुस्तकालय र पुस्तकालयकर्मीलाई सम्मान तथा पुरस्कार प्रदान गरिन्छ। स्थानीय समुदायसँग सहकार्य गर्दै सांस्कृतिक र शैक्षिक कार्यक्रम, सेमिनार गोष्ठी लगायतका विविध गतिविधिहरू गरी पुस्तकालय दिवस भव्य रूपमा मनाउन प्रचलन रहेको छ।

### क्यानाडामा पुस्तकालय दिवस

क्यानाडामा हरेक वर्ष अक्टोबर महिनालाई पुस्तकालय महिना (Library Month) का रूपमा मनाइन्छ। यस महिनाभर देशभरका पुस्तकालय तथा सूचना केन्द्रहरूले आफ्नो योगदान, सेवा र महत्त्वलाई जनसमक्ष उजागर गर्न विविध कार्यक्रमहरू आयोजना गर्छन्। यसले पुस्तकालयलाई केवल किताब राख्ने स्थान मात्र नभई शिक्षा, सूचना, संस्कृति र सामुदायिक जीवनको केन्द्रका रूपमा प्रचार-प्रसार गर्छ।

सुरुमा क्यानाडामा पुस्तकालय तथा पुस्तकालय पेशाप्रतिको जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले संयुक्त राज्य अमेरिका र क्यानाडामा १९५८ मार्च १६ देखि २२ सम्म राष्ट्रिय पुस्तकालय सप्ताह साप्ताहिक रूपमा मनाइएको थियो। पहिलो पुस्तकालय सप्ताहमा *"उठ र पढ" (Wake up and read)* भन्ने नारा तय गरिएको थियो। सन् २००६ भन्दा पहिला विभिन्न प्रान्तहरूमा छुट्टाछुट्टै पुस्तकालय सप्ताह मनाउने गरे तापनि त्यसपछि यसलाई राष्ट्रिय स्तरको अभियानका रूपमा विस्तार गर्दै एकीकृत रूपमा अक्टोबर महिनालाई पुस्तकालय महिनाका रूपमा मनाउन थालिएको हो।

क्यानाडामा पुस्तकालय उत्सवको आयोजना तथा नेतृत्वमा क्यानेडियन पुस्तकालय संघ र विभिन्न प्रान्तीय पुस्तकालय संघहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरेका छन्। पुस्तकालय महिना मनाउने क्रममा लेखक भेटघाट, पुस्तक विमोचन, अध्ययन प्रतियोगिता जस्ता सार्वजनिक कार्यक्रमहरू आयोजना गरिन्छ। साथै शैक्षिक कार्यशाला, प्रदर्शनी तथा सामाजिक सञ्जालमार्फत विविध कार्यक्रम पनि सञ्चालन गर्ने गरिन्छ। क्यानडामा विभिन्न संघसंस्थाको सक्रियतामा क्यानाडियन पुस्तकालय कर्मचारी दिवस, क्यानाडियन विद्यालय पुस्तकालय दिवस, पहिलो राष्ट्रिय सार्वजनिक पुस्तकालय दिवस लगायत पुस्तकालयसँग सम्बन्धित विविध दिवस / सप्ताह मनाउने गरेको पाइन्छ।

पुस्तकालयको आवश्यकता र महत्त्व उजागर गर्न प्रत्येक वर्ष नयाँ आदर्श वाक्य चयन गरिन्छ। सन् २०२४ का लागि *"जीवनका लागि पुस्तकालय" (Libraries for Life)* भन्ने आदर्श वाक्य चयन गरिएको थियो। क्यानाडामा पुस्तकालयलाई शिक्षा, संस्कृतिको संरक्षण, सामाजिक समावेशिता र डिजिटल पहुँचको माध्यमका रूपमा सुदृढ गर्नका लागि महिना दिनसम्म मनाइने यो उत्सवले निश्चय नै सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास गर्न सकिन्छ।

## भारतमा पुस्तकालय दिवस

भारतमा पुस्तकालय तथा सूचना विज्ञान क्षेत्रमा अतुलनीय योगदान पुर्‍याउने महान् व्यक्ति एस. आर. रंगनाथनको जन्मदिनको सम्झनामा हरेक वर्ष अगस्ट १२ तारिखका दिन पुस्तकालय दिवस मनाइन्छ। रंगनाथनलाई भारतमा "पुस्तकालय विज्ञानका पिता" भनेर सम्मान पनि गरिन्छ। उनको योगदानलाई स्मरण गर्दै भारतमा पुस्तकालय सेवाको महत्त्वलाई उजागर गर्नका लागि पुस्तकालय दिवस मनाउने परम्परा स्थापित भएको पाइन्छ।

भारतमा पुस्तकालय दिवस मनाउनुको मुख्य उद्देश्य पुस्तकालयहरूलाई आधुनिक शिक्षण र अनुसन्धान केन्द्रका रूपमा स्थापित गर्दै यस क्षेत्रको सुधार र विकासलाई प्रोत्साहन गर्नु, सूचनाको पहुँच र ज्ञान विस्तारको माध्यमको रूपमा पुस्तकालयको भूमिकालाई प्रवर्द्धन गर्नु रहेको छ। यस अवसरमा पुस्तकालयको विकास र विस्तारका लागि विभिन्न निकायहरूले पुस्तक प्रदर्शनी, पठन प्रतियोगिता, बौद्धिक बहस तथा छलफल, सूचना प्रविधि र डिजिटल पुस्तकालयसम्बन्धी तालिम सेमिनार लगायत विविध कार्यक्रम गरी पुस्तकालय दिवस मनाउने गर्दछन्।

## नेपालमा पुस्तकालय दिवस

नेपालमा पुस्तकालयको क्षेत्रमा आवद्ध संस्थाहरूको सक्रियतामा वि.सं. २०६५ देखि पुस्तकालय दिवस मनाउन सुरु गरिएको हो। दिवस मनाउने विषयको सुरुवात त्रि.वि.मा पुस्तकालय तथा सूचना विज्ञान विषय अध्ययनरत विद्यार्थीहरूको सक्रियतामा भएको थियो । विषय उठान भइसकेपछि इतिहासविद् तथा अन्य विज्ञहरूको सल्लाह सुझावअनुसार गीर्वाणयुद्ध विक्रम शाहले पुस्तकालयलाई कानुनी मान्यता दिँदै लालमोहर जारी गरेको दिनको स्मरणमा पुस्तकालय दिवस मनाउन उचित हुने राय आएकाले सोही आधारमा हरेक वर्ष भाद्र १५ गते साप्ताहिक रूपमा पुस्तकालय दिवस मनाउन लागिएको हो।

पहिलो पटक "*सबैका लागि पुस्तकालय*" नारासहित विभिन्न शैक्षिक, सांस्कृतिक र सामाजिक गतिविधिहरू गर्दै सुरु गरिएको यो दिवस छैठौ वर्षपछि नेपाल सरकारको मातहतमा रही मनाउन लागिएको हो । यस दिवसले नेपालमा पुस्तकालयको क्षेत्रका कस्तो प्रभाव पर्न सकेको छ र सरकारको छत्रछायाँबाट यस क्षेत्रको उत्थानका लागि विषय प्रभावकारी रूपमा उठाउन सक्छ सक्दैन त्यो समिक्षाको पाटो नै होला। तथापि नेपालमा पुस्तकालय दिवसले निरन्तरता पाएको तथ्यलाई नकार्न सकिँदैन । हाल केन्द्रदेखि ७५३ स्थानीय निकायका साथै विश्वविद्यालयदेखि क्याम्पस तथा विद्यालय तहसम्म मनाउन लागिएको छ।

यस अवसरमा हरेक वर्ष नयाँ नारा तय गरिन्छ भने बालमस्तिष्कमा नै अध्ययन गर्ने संस्कृतिको विकास गर्नका लागि विद्यालय स्तरमा निबन्ध प्रतियोगता, कवितावाचन, वक्तृत्वकला, हाजिरजवाफ, चित्रकला आदि कार्यक्रमहरू गर्ने गरिएको छ। पुस्तकालयकर्मीहरूले अध्ययन अध्यापनको सेवा मात्र दिने होइन अपितु समाजमा सामाजिक चेतना जगाउने खालका कार्यक्रममा पनि सक्रिय छन् भन्ने सन्देश दिनका लागि रक्तदान, सरसफाई, वृक्षरोपण, स्वास्थ्य सेवा जस्ता सामाजिक सेवाका कार्यक्रमहरू पनि गर्ने गरिएको छ। त्यसका साथै घुम्ती पुस्तकालय सेवा, पुस्तक प्रदर्शनी, अन्तर्क्रिया कार्यक्रम, छलफल तथा स्मारिका प्रकाशन जस्ता रचनात्मक क्रियाकलाप पनि पुस्तकालय दिवसको अर्को प्रभावकारी र रचनात्मक आकर्षण बनेको छ । यी गतिविधिले विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता र आमनागरिकमा पुस्तकालयको आवश्यकता र महत्त्वबारे जनचेतना अभिवृद्धि गर्ने काम गरेको छ।

## सशक्तीकरणको उत्सव

पुस्तकालय दिवसको सन्दर्भमा विभिन्न देशको तथ्यहरूलाई अध्ययन गर्दा सबै देशले पुस्तकालय दिवसलाई एक उत्सवका रूपमा मनाउँदै आइरहेको देखिन्छ। पुस्तकालय दिवस एक दिन, सप्ताह वा मासिक जुनसुकै रूपमा मनाउने गरे तापनि यसको मुख्य उद्देश्य समाजमा पुस्तकालय सम्बन्धी जनचेतना जगाउने, अध्ययन संस्कृतिको विकास गर्ने तथा पुस्तकालयलाई निष्पक्ष, खुला, समावेशी र सशक्त समाज निर्माणका लागि आधार बनाउनु रहेको छ। पुस्तकालय दिवस मनाउनु केवल एक परम्परा मात्र नभई एक सामाजिक अभियानका रूपमा यसलाई सबैले स्वीकार गरेका छन् । समाजमा साक्षरता प्रवर्द्धन र समुदायको सशक्तीकरणमा पुस्तकालयको महत्त्वपूर्ण भूमिका हुनेमा सबै दृढ रहेको पाइन्छ। पुस्तकालय दिवस अधिकाशं देशमा पुस्तकालय संघको सक्रियतामा मनाउने गरेको देखिन्छ । यस अवसरमा पुस्तकालयकर्मी तथा पुस्तकालयप्रेमीहरूको सक्रिय अग्रसरता र उत्साहपूर्ण सहभागिताले पुस्तकालयका विषयमा गहिरो चिन्तन तथा पेशागत सुधारका विषयहरू उठान गर्ने गरेको देखिन्छ।

पुस्तकालय दिवसको प्रभावले मानव सभ्यतासँगै सुरू भएको पुस्तकालयको इतिहासलाई आत्मसात् गर्दै सूचना प्रविधिको युगमा पुस्तकालयलाई कसरी रूपान्तरित गर्ने बहसको विषय भएको छ । डिजिटल प्रविधिको माध्यमबाट पुस्तकालयले सामाजिक, आर्थिक तथा भौगोलिक सीमाहरू तोड्दै सबैका लागि सूचना सर्वसुलभ र समावेशी रूपमा पँहुचयोग्य बनाउन निरन्तर प्रयास भइरहेको छ । शिक्षा प्रणालीको अभिन्न

अङ्गका रूपमा पुस्तकालयहरूले शिक्षक, विद्यार्थी, शोधकर्ता तथा आम पाठकलाई ज्ञानको सागरमा सहज रूपमा घुलित बनाउन सफल भएका छन् । पाठ्यपुस्तक मात्र होइन, सन्दर्भ सामग्री, अनुसन्धानात्मक तथा साहित्य प्रकाशनको सङ्कलनबाट व्यक्तिको चिन्तन र विश्लेषण क्षमतालाई अझ सुदृढ र प्रतिस्पर्धी बनाउने बलियो आधारशिला निर्माण गरेको छ । पुस्तकालयले महिलाहरू, बालबालिका, युवा, अल्पसंख्यक, ग्रामीण क्षेत्रका बासिन्दाहरू लगायत सबैलाई आत्मनिर्भर बन्न सीप विकास, सूचना साक्षरता, व्यावसायिक तालिम, स्वास्थ्य तथा कानुनी चेतनाजस्ता कार्यक्रमहरू सञ्चालन गर्न थालेका छन् । डिजिटल प्रविधिको प्रयोगले आफ्नो सेवा विस्तार गर्दै सेवाको स्वरूपमा नै परिवर्तन गर्न सफल भएको सन्देश समाजमा संप्रेषित भएको छ ।

विश्वभर पुस्तकालय दिवसले समाजमा पुस्तकालय तथा सूचना क्षेत्रको सुदृढीकरण र विस्तारका लागि राष्ट्रिय जिम्मेवारी बोधको भावना जागृत गराउँदै आएको छ । हाम्रा पुस्तकालयहरू केवल पुस्तक राख्ने ठाउँ होइनन् ती भविष्य निर्माणका आधार हुन् भन्ने सन्देश समाजमा फैलाउन सफल भएको छ । सरोकारवाला निकायहरूको सक्रिय सहभागिता र दूरदर्शी नीति निर्माण गर्न बहुआयामिक प्रयास लागि पुस्तकालय दिवस कोशेढुङ्गाको रूपमा स्थापित भएको छ । पुस्तकालय दिवसले पुस्तकालय सेवाको प्रचार, जनचेतना अभिवृद्धि, अध्ययन संस्कृतिको विकास र सूचना साक्षरता प्रवर्द्धनको सन्देश समाजमा सशक्त रूपमा प्रवाह गराउदै आएको छ । त्यसैले पुस्तकालय दिवसलाई सूचना, ज्ञान र सशक्तिकरणको उत्सवका रूपमा विश्वव्यापी रूपमा मनाउँदै आइराखिएको छ ।

**निष्कर्ष :**

पुस्तकालय दिवस केवल एक वार्षिक उत्सव मात्र नभई शिक्षा, सूचना र ज्ञानको लोकतान्त्रिक पहुँचलाई मजबुत पार्ने महत्त्वपूर्ण अवसर हो । यसले पुस्तकालयको बहुआयामिक भूमिकालाई उजागर गर्दै समाजमा अध्ययन संस्कृति, अनुसन्धान र सिर्जनशीलतालाई प्रोत्साहन गर्छ । विभिन्न देशमा मनाइने पुस्तकालय दिवसका विविध कार्यक्रमहरूले जनचेतना अभिवृद्धि गर्ने मात्र होइन, पुस्तकालय र पाठकबीचको सम्बन्धलाई अझ घनिष्ठ बनाउनुका साथै जीवन प्रयन्त सिकाइको प्रवर्द्धनलाई बलियो बनाउने कार्य गरेका छन् ।

नेपालमा पुस्तकालय दिवसलाई निरन्तर र प्रभावकारी रूपमा मनाउँदै जाँदा शिक्षा, अनुसन्धान, डिजिटल पहुँच, सांस्कृतिक सम्पदाको संरक्षण तथा विकासमा दीर्घकालीन योगदान पुग्नेछ । यस अवसरमा समाजमा स्थापित पुस्तकालयहरूलाई सुदृढ बनाउँदै ग्रामीण क्षेत्रमा पुस्तकालय सेवा विस्तार गर्ने र पाठकको आवश्यकता अनुसार नयाँ प्रविधि तथा सामग्री उपलब्ध गराउने पहल गर्न सरोकारवाला निकायको ध्यानाकर्षण गर्न सकिन्छ ।

यस वर्ष नेपालमा "*हाम्रो पुस्तकालय, हाम्रो भविष्य*" भन्ने आदर्श वाक्यका साथ भाद्र १५ गते अठारौँ पुस्तकालय दिवस मनाउने उद्घोष भइसकेको छ । पुस्तकालयलाई हाम्रो उज्ज्वल भविष्य निर्माणको केन्द्रको रूपमा स्थापित गर्ने सरोकारवाला निकायको साझा सङ्कल्प आउन सकेमा मात्र यो नाराले सार्थकता पाउने छ । पुस्तकालयलाई केवल पुस्तकको भण्डार रूपमा बुझ्ने नेतृत्वको सोचमा परिवर्तन गरी समावेशी समाज निर्माणको मूल आधारका रूपमा पुस्तकालयलाई स्वीकार गर्ने संस्कारको विकास गर्नु आवश्यक छ । जय पुस्तकालय दिवस !

**सन्दर्भ सामग्रीः**

American Library Association. (n.d.). *National Library Week*. ALA. https:// www.ala.org/ conferencesevents/celebrationweeks/natlibraryweek

Australia Reads. (2025, August 5). *Library and Information Week 2025*. Australia Reads. https://australiareads.org.au/news/liw-2025/

Australian Library and Information Association. (2025). *Library and Information Week 2025*. https://www.alia.org.au/Web/Web/Events/Library-and-Information-Week/ LIW-2025.aspx

Deutscher Bibliotheksverband e.V. (n.d.). *Tag der Bibliotheken*. https://www.bibliotheksverband.de/tag-der-bibliotheken

Indian Library Association**.** (2024, September). *ILA Newsletter* (September 2024). https://ilaindia.co.in//media/com_nswnewsletter/newsletter/1728627675_ILASeptember2024.pdf

Korean Library Association. (n.d.). *Library Week*. https://www.kla.kr/menus/195/contents?menuIds=191,190,195#i32_b32

Librarianship.ca. (n.d.). *Canadian Library Month*. Retrieved from https://librarianship.ca/features/canadian-library-month/

Naple Sister Libraries. (n.d.). *International library days*. Retrieved August 9, 2025, from https://www.naplesisterlibraries.org/what-we-do/international-library-days/

# नेपालमा पुस्तकालय र पठन संस्कृति



**जय प्रकाश बस्नेत***

मानवमा मानवोचित ज्ञानको विकास गर्न पठन सँस्कृतिको योगदान महत्वपूर्ण छ। प्राचीन समयमा मानव समाजमा भाषाको विकास नभएको अवस्थामा समेत सामग्रीहरु जस्तै माटो , ढुङ्गा, पात, जनावरको छाला आदिमा सङ्केत मार्फत सूचना हस्तान्तरणको सुरुवात भएको पाइन्छ। कागजको आविष्कार हुनु पूर्वको समयमा ताम्रपत्र, भोजपत्र, शिलालेख आदिमा लेखेर पढ्ने तथा सङ्ग्रह गरी ज्ञान हस्तान्तरण भएको पाइन्छ। कागजको आविष्कार तथा प्रेसको आविष्कार भए पश्चात् सूचना, सङ्कलन, भण्डारण तथा प्रचार र फैलावटमा तीव्रतर विकास भएको पाइन्छ। समयको गतिसँगै पठन सामग्रीहरुको सहजतामा वृद्धि भएको तथा नेपालमा पनि वनारसतिर छापिएका पुस्तकहरुको पहुँच बढ्दै गएको इतिहास पाइन्छ। जङ्गबहादुरले गिद्दे प्रेस नेपाल ल्याएपछि नेपालमा नै छपाइको काम शुरु भएको देखिन्छ। नेपालमा पत्रपत्रिकाको प्रकाशन तथा वितरण शुरु भएपश्चात् पठन संस्कृतिको विकास र विस्तार भएको पाइन्छ। नेपालको वर्तमान संविधानले राज्यको नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्रहरु तथा पुस्तकालयहरु निर्माण र प्रवर्द्धन गर्ने नीति अख्तियार गरेको छ।

नेपालको राजनीतिक घटनाक्रमहरु हेर्दा राणाहरुको शासनकालमा पुस्तकालय निर्माण र अध्ययनलाई अपराधको रुपमा लिने गरिन्थ्यो। पछिल्लो समयमा विद्यालयहरु खोल्न तथा अध्ययन गर्न गराउन खुला भए पनि पुस्तकालयहरु स्थापना प्रतिबन्धित जस्तै रहेको पाईन्छ। तर पुस्तकालयहरु स्थापना भए पनि तिनको पहुँच राणाहरुका परिवार तथा राजपरिवारमा सीमित रहेका थियो। राणा शासनकै दौरान पुस्तकालय स्थापनाको मतियारको रुपमा विभिन्न व्यक्तिहरुलाई दण्डित गरिएको तथा पुस्तक लेखे बापत पनि विभिन्न व्यक्तिहरुलाई सजाय तथा देश निकाला समेतका घटनाहरु इतिहासमा पढ्न पाइन्छ। नेपालमा पुस्तकालयको इतिहास हेर्दा पृथ्वीनारायण शाहले विभिन्न स्थानहरुबाट प्राप्त हस्तलिखित पाण्डुलिपिहरु सङ्कलन गरी हनुमानढोका सङ्ग्रहालयमा राख्ने व्यवस्था गरेको पाइन्छ भने गिर्वाणयुद्ध विक्रम शाहको पालामा विक्रम सम्बत १८६९ भाद्र १५ गते "पुस्तक चिताई तहबिल" नामक पुस्तकालय औपचारिक रुपमा स्थापना भएको पाइन्छ (निरौला: पौडेल, २०७७ बाट)।

समयसँगै विकास भएका प्रविधिहरुले ज्ञानको निर्माणका लागि पुस्तकालयमा गएर पुस्तक पल्टाउने झण्झटबाट केहि हदसम्म मुक्त गराएका छन्। पुराना स्रोतहरुको संरक्षण र डिजिटाइजेसन गरी तिनलाई समेत डिजिटल रुपमा अध्ययनको स्रोतको रुपमा उपलब्ध गराउनु आवश्यक छ। समयाभावमा मानिसहरु सूचना, ज्ञानको प्राप्तिबाट बञ्चित हुने अवस्था निर्माण भइरहेको सन्दर्भमा डिजिटल पुस्तकालयले ठूला मोटा किताबको सट्टामा विद्युतीय पुस्तकहरु मार्फत पढ्ने तर्फ आकर्षित गरिरहेको देखिन्छ। भौतिक रुपमा पुस्तकालयमा गएर उपलब्ध पुस्तकबाट होस् या डिजिटल स्रोतहरुबाट होस् पढ्ने बानीको विकास जरुरी छ। व्यक्तिमा ज्ञान, सीप, अवधारणा विकास गर्न र राष्ट्र निर्माणका लागि आवश्यक जनशक्ति उत्पादन गर्न पठन संस्कृतिको विकास आवश्यक छ। पाठकहरुमा पुस्तकालय मार्फत ज्ञान निर्माण र सूचना प्राप्ति, ज्ञान र धारणा निर्माणमा सहयोग भइरहेको छ।

नेपालका विभिन्न भागमा समुदायमा आधारित पुस्तकालय तथा वाचनालयहरु स्थापना गरी पुस्तक तथा पत्रपत्रिकाहरु सङ्ग्रह गरी अध्ययन अध्यापनमा सहयोग भइरहेको पाइन्छ। व्यक्तिगत रुपमा रहेका पुस्तकहरुको सङ्कलन जस्तै मदन पुरस्कार पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय लगायतका सङ्कलन र सङ्ग्रहहरु समेत हाल सामुदायिक उपयोगमा आएका छन्। नेपालमा पुस्तकालयको

** शाखा अधिकृत, नेपाल सरकार*

स्थापना र तिनीहरूको गुणस्तर वृद्धिमा सरकारी क्षेत्रको साथसाथै गैरसरकारी क्षेत्रका रिड नेपाल, रूम टु रिड, लाइब्रेरी फाउण्डेशन जस्ता गैरसरकारी संघसंस्थाका पुस्तकालयहरुको योगदान समेत उल्लेखनीय छ। नेपालस्थित वैदेशिक नियोगका पुस्तकालयहरु जस्तै अमेरिकन लाइब्रेरी, ब्रिटिस लाईब्रेरी, नेपाल भारत सांस्कृतिक पुस्तकालय, नेपाल सोभियत मैत्री पुस्तकालय लगायतले देशका सहरीदेखि ग्रामीण क्षेत्रमा शैक्षिक, सामुदायिक तथा सार्वजनिक स्तरका पुस्तकालयहरू स्थापना तथा सञ्चालन गरी देशमा साक्षरता अभिवृद्धि, समसामयिक सूचना सम्प्रेषणलगायत स्थानीय व्यक्तिहरुको पठन संस्कृतिको विकासमा अहम् भूमिका खेल्दै आएका छन् (शर्मा २०७७)।

हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत नेपाल राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय लगायतका पुस्तकालयहरु सञ्चालित छन । त्यस्तै त्रिभुवन विश्वविद्यालय लगायतका विभिन्न विश्वविद्यालयहरुले ठूलो संख्यामा पुस्तकहरु सङ्ग्रह गरी अध्ययनको वातावरण तयार गरेका छन्। नेपालमा प्रकाशित पुस्तकहरुमा अन्तर्राष्ट्रिय पुस्तक स्ट्याण्डर्ड नम्बर (ISBN) जारी गर्ने कार्य समेत त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालयले गर्दछ । केन्द्रिय स्तरका सबै मन्त्रालय तथा विभागस्तरका कार्यालयहरुले समेत पुस्तकालय निर्माण गरी केहि संख्यामा पुस्तक तथा पत्रपत्रिका सङ्ग्रह गरी कर्मचारी तथा सेवाग्राहीलाई अध्ययनको वातावरण तयार गरेका छन् । सानो सङ्ख्यामा पुस्तक तथा पत्रपत्रिका रहे पनि सरकारी सङ्घसंस्थामा रहेका पुस्तकालयहरु स्वध्ययन तथा ज्ञानको क्षितिज विस्तार गर्न चाहने व्यक्तिहरुका लागि महत्वपूर्ण रहेका छन्।

निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती सेवाको नेपाल शिक्षा सेवा अन्तर्गत लाइब्रेरी साइन्स समूह गठन गरी पुस्तकालय व्यवस्थापन र सञ्चालन भइरहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नेपाल शिक्षा सेवाका विभिन्न समूह उपसमूहका कमर्चारीहरुको सेवा सञ्चालन गर्ने केन्द्रिय निकायका रुपमा कार्य गर्दछ । सानो संख्यामा रहेका कर्मचारीहरुको नियमित सरुवा बढुवा नहुँदा पुस्तकालय विज्ञान समूहका कर्मचारीहरुमा उत्प्रेरणाको स्तर त्यति उच्च रहेको देखिँदैन । लामो समयसम्म एउटै कार्यालयमा काम गर्नु तथा सरकारी संरचनाका पुस्तकालयहरुमा नियमित पाठकहरुको संख्या न्यून हुने तथा पुस्तकजन्य स्रोतको समेत न्यूनतामा काम गर्नुले पनि कर्मचारीमा उत्प्रेरणा नबढ्नुमा योगदान गरेको देखिन्छ । यस समूहका कर्मचारीहरुको लागि वृत्ति विकासका अवसरहरु पनि समय सापेक्ष आकर्षक देखिएका छैनन्।

अहिलेको युगमा प्रविधिको विकाससँगै पुस्तकका पानाहरु पल्टाउनु भन्दा सुन्ने एवं हेर्ने, चाहिएको शब्दकुञ्जी राखेर खोजे, भनेजति सामग्री पाइने अवस्था सिर्जना भइसकेको छ । पुराना ग्रन्थमा रहेका ज्ञानगुनका कुराहरुको समेत डिजिटाइजेसन गरी संरक्षण र इन्टरनेट मार्फत उपलब्ध गराउने कार्य शुरु भएको छ । कतिपय ग्रन्थ, सन्धी सम्झौता तथा पुरातात्विक महत्वका वस्तुहरुलाई भने त्यसो गर्न अनुपयुक्त हुने तथा गोप्यता कायम गर्नु पर्ने हुँदा पुस्तकालयका भौतिक सङ्ग्रहको उपयोग अनिवार्य छ। प्राचीन धर्मग्रन्थहरु इतिहासका ग्रन्थहरु तथा परम्परागत रुपमा उपलब्ध रहेका विभिन्न ग्रन्थहरु भने तिनको समय सापेक्ष उल्था अनुवाद गर्न नसकेर पनि भौतिक रुपमा रहेका त्यस्ता स्रोतको पुस्तकालयमा नै पुगेर अध्ययन गर्नु पर्ने बाध्यता छ । नयाँ पुस्ताका बढ्दो व्यस्तता, पढेर समयमा नतिजा निकाल्न सक्ने जाँगर र धैर्यता नहुने अवस्थामा, हाल कम आयतनका इकपी वा इबुक एवं अडियो बुक समेत उपलब्ध हुँदा सार्वजनिक पुस्तकालयमा धाउनु पर्ने बाध्यता भने घट्दो छ । साहित्यका पुस्तकहरुका ठेलीका आयतन बाक्लिए पनि पाठकको सङ्ख्या घटेको जस्तो देखिए पनि फुर्सद नहुने पाठकहरुले पुस्तकालय तथा निजी सङ्कलन बाहेकका सफ्टकपी वा विद्युतीयप्रतिमार्फत समेत अध्ययन गर्न सक्ने देखिँदा यथार्थ भने फरक हुन सक्छ।

कविता तथा गजलका सङ्ग्रह परम्परागत रुपमा पढिने विधमा भई पुस्तकालयका सङ्कलनका रुपमा रहने गरेका थिए जुन अचेल सुनिने तथा हेरिने विधाका रुपमा विकसित भइरहेको अवस्था छ। शान्त वातावरण, पर्याप्त सङ्कलन तथा अध्ययनको लागि स्थान र पठनयोग्य वातावरण पुस्तकालयको पहिचान हो। ठूला शहरको व्यस्त समय हुनेहरुका लागि समयाभाव, कार्यालय तथा अन्यत्रै पनि पर्याप्त पत्रपत्रिकाको उपलब्धता, छिटो र विश्वासिलो इन्टरनेट तथा अधिकांश सामग्रीहरुको पहुँचले गर्दा भौतिक रुपमा पुस्तकालयको उपस्थिति असहज र अनुपयुक्त भए पनि, त्यस्तो पहुँचमा नहुने सामग्रीहरुका लागि भने पुस्तकालयहरु नै उचित स्थान हुन सक्छन् । पुस्तक एवं पत्रपत्रिका र छापा माध्यम वा काजगी प्रकाशनका रुपमा उपलब्ध हुने सामग्रीहरुको अध्ययनले मानवलाई सूचना मात्र उपलब्ध गराउने नभई मनोरञ्जन, सोच तथा धारणा विकास, ज्ञानको बढोत्तरी तथा तर्क

क्षमता विकासमा समेत योगदान गर्दछ । प्राचीन समयमा मानिसको अर्थोपार्जनको अवस्था, बजारमा पर्याप्त पुस्तकजन्य स्रोतको अभाव तथा पठन संस्कृतिको राम्रो विकास र पढ्ने लेख्ने ज्ञानीहरुको सामाजिक प्रतिष्ठाले पनि पुस्तकालय जानेहरुको जमात ठूलो देखिन्थ्यो । पठन संस्कृतिलाई महत्व दिँदै ज्ञानको दायरा विस्तार गर्न प्रोत्साहन स्वरुप विद्वान थोरोले भनेका थिए: "पुरानो कोट लगाउ नयाँ पुस्तक किन" । नेपाली समाजमा समेत महाकवि लक्ष्मी प्रसाद देवकोटाले "के छ ठूलो जगतमा पसिना, विवेक" भनेका छन् । विवेक निर्माणमा ग्रन्थआर्जित ज्ञानको महत्व हुने कुरामा दुइमत छैन् । विद्वानहरुले पुस्तकालयमा अध्ययन गर्ने मानिसमा स्वध्ययन मार्फत ज्ञान, सीप र अभिवृतिको विकास गर्ने जसले मानवमा मानवोचित व्यवहार विकास हुने तथा सभ्य समाजको निर्माण हुने तर्क गरेको पाइन्छ ।

सरकारी तवरमा समेत विद्यालयहरुलाई पुस्तकालय निर्माण गरी बालबालिकाको सर्वाङ्गिण विकासका लागि विभिन्न पठन सामग्रीहरु उपलब्ध गराउन प्रोत्साहन गरिएको छ । सरकारका पछिल्ला आर्थिक वर्षहरुका बजेटमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुको भौतिक पूर्वधार निर्माणका साथसाथै पुस्तकालय तथा प्रयोगशाला निर्माणमा संघीय सरकार मार्फत अनुदान हस्तान्तरण भइरहेको छ । विभिन्न प्रकाशनहरु तथा गैरसरकारी संघसंस्थाहरुले समेत विद्यालयहरुलाई पुस्तक खरिदका लागि आर्थिक सहयोग गरिरहेका समाचारहरु प्रशस्तै पाइन्छन् । सामुदायिक विद्यालयहरुमा विभिन्न बालबालिकाको मनोविज्ञान तथा कथा कविताका साथसाथै अन्य पुस्तक एवं पत्रपत्रिका सहितका पुस्तकालयहरु व्यवस्थापन गरी पठन संस्कृतिलाई प्रोत्साहन गरिएको छ । विद्यालयमा कोर्षका अध्ययन सामग्री, सन्दर्भ सामग्रीहरु तथा अन्य विद्यार्थीका रुचिका विषयको अध्ययन गर्ने स्रोत पुस्तकालयले भोलिका कर्णधार विद्यार्थीको सुन्दर भविष्य निर्माणमा योगदान गर्न सक्दछ। पुस्तकालयमा सङ्ग्रहित विभिन्न प्रकारका पुस्तकहरुले व्यक्तिलाई कल्पनाशिल एवं सिर्जनशिल बन्न मद्दत गर्दछन् । धार्मिक आध्यात्मिक पुस्तकहरु अध्ययनले समाजमा खट्किरहेको नैतिकता र इमानदारिताको प्रवर्द्धन गर्न मद्दत गर्दछन् । पुस्तकालयले पठनमा चाख जगाई आफ्नो भविष्य निर्माणमा समेत योगदान गर्न सक्ने देखिन्छ ।

धरानको बिमल स्मृति पुस्तकालय लगायत केहि पुस्तकालयहरुले साहित्यिक कार्यक्रम (प्रतियोगिता) हरु सञ्चालन गर्ने तथा साहित्यिक कृतिको प्रकाशन गर्ने जस्ता कार्यहरु गरी भाषा साहित्यको श्रीवृद्धिमा समेत योगदान गरिरहेका छन् । विभिन्न दानवीर व्यक्तिहरुले पुस्तकालय स्थापना र संरक्षणमा आफ्नो दान मार्फत योगदान गर्न गरेको पाइन्छ । विभिन्न निजी क्षेत्रका संघसंस्थाहरु समेत व्यावसायिक सामाजिक उत्तरदायित्वका रुपमा पुस्तकालय स्थापना गर्ने तथा पुस्तकालयहरुलाई केहि पुस्तकहरु उपहारका रुपमा उपलब्ध गराउने प्रचलन बढ्दो छ । अचेल कतिपय व्यक्तिहरुले जन्मदिन, वर्षगाँठ, वार्षिकी जस्ता अवसरमा समेत विद्यालय तथा अन्य संस्थाका पुस्तकालयहरुलाई पुस्तक उपहार दिने चलन शुरु भएको छ जसले स्रोत अभावमा पुस्तक थप्न नसक्ने पुस्तकालयहरुमा सङ्ग्रहित पुस्तकको सङ्ख्या वृद्धि हुन थालेको छ । यस्ता पुस्तक दान तथा उपहार दिने प्रचलनले स्रोत अभावमा पुस्तक किनेर अध्ययन गर्न नसक्ने व्यक्तिहरु लाभान्वित हुने तथा सामाजिक सचेतना प्रवर्द्धन हुन थालेको पाइन्छ । पुस्तकालयमा बसेर प्राप्त ज्ञानले मानिसमा धारणा विकास गर्न तथा कल्पना शक्तिको विकासमा सहयोग गर्दछ ।

गैर आवासीय नेपालीहरुले समेत आफूले अध्ययन गरेको विद्यालय, महाविद्यालय तथा गाउँवस्तीमा पुस्तकालय निर्माण तथा पुस्तकहरु उपहार दिने चलन चल्नुले पुस्तकालयको निर्माण तथा विकासका अवसरहरु सिर्जना भएका छन् । आफू जन्मेको गाउँघर तथा शिक्षण संस्थाहरुमा पुस्तकालय निर्माणमा योगदान गर्दा तिनको आफ्नो मातृभूमिप्रतिको स्नेहभाव झल्किने मात्र नभै ग्रामीण समुदायका विद्यार्थी तथा पाठकहरुका लागि समेत ज्ञान आर्जनमा सहयोगी सिद्द हुने देखिन्छ । टाढा गएर अध्ययन गर्न नसक्ने तथा पुस्तक खरिद गर्न आर्थिक अभावमा गुज्रने समाजका मेहनती विद्यार्थीहरु तथा पाठकहरु यसबाट लाभान्वित हुने मात्र नभै ज्ञानमा आधारित समाज निर्माणको राज्यको लक्ष्य प्राप्तिमा समेत सहायता पुग्दछ । सूचना प्रविधिको बढ्दो प्रभावबाट समाज टाढा रहन सक्दैन, ग्रामीण समाजमा समेत डिजिटल पुस्तकालयको पहुँच विस्तारमा गैरआवासीय नेपालीहरुको सहयोग महत्वपूर्ण हुन सक्छ । राज्यको सूचना प्रविधि सम्बन्धी लक्ष्य ज्ञानमा आधारित समाज निर्माणलाई लिएको पाइन्छ । डिजिटल नेपाल फ्रेमवर्क मार्फत डिजिटल नेपाल निर्माणको वर्तमान अवस्थामा भौतिक पुस्तकहरुको सङ्कलन तथा सङ्ग्रह गरिएका पुस्तकालय तथा तिनमै डिजिटल तथा विद्युतीय पुस्तक लगायतका सामग्री अध्ययनको वातावरण निर्माण गरी प्रविधि र युवापुस्ता ज्ञानमा जोड्न प्रयत्न हुनु आवश्यक भइसकेको छ । व्यक्तिलाई पुस्तक, सीप, ज्ञान, उत्पादन र बजारसँग आयआर्जनमा

समेत जोडी आत्मनिर्भर अर्थतन्त्र निर्माणको लक्ष्य प्राप्तिमा समेत पुस्तकालयको योगदान अतुलनीय रहन्छ । कृषि प्रधान मुलुक मानिने नेपालमा कृषिका सामग्री, बीउविजन, बाली संरक्षणका तरिका आदिबारे ज्ञान, सीप प्रवर्द्धन गर्न समेत पुस्तकालयको भूमिका अग्रणी रहन्छ ।

ग्रामीण क्षेत्रमा रहेका पुस्तकालयहरु विभिन्न स्रोत मार्फत चलिरहेका भए पनि पुस्तक लगायतका अध्ययन ग्रन्थ थप गर्न स्रोतभावले अप्ठ्यारोमा परेका छन् । भवनको अवस्थाले पुस्तकको संरक्षण गर्न तथा थप ग्रन्थ व्यवस्थापनमा समेत समस्या पर्ने गरेको छ । विभिन्न तहका सरकारहरुले सामुदायिक सिकाइ केन्द्रका रुपमा पुस्तकालयहरु निर्माण गरी सञ्चालन गरिरहेका छन् । राष्ट्रिय रुपमा रहेको जनसाङ्ख्यिक परिवर्तनले पुस्तकालय सञ्चालन संरक्षण विकासमा समेत प्रत्यक्ष असर पारेको छ । ग्रामीण तथा पहाडी क्षेत्रमा रहेका सामुदायिक विद्यालय तथा कलेजका पुस्तकालय सामुदायिक प्रयोगमा ल्याउन सकिएको छैन भने घट्दो जनसङ्ख्याका कारण पाठक अभाव स्रोत अभाव र संरक्षणको अभाव समेत रहेको छ । उक्त क्षेत्रमा पुस्तकालयको सञ्चालन र संरक्षणमा युवा तथा बालबालिकाको जनसङ्ख्या घट्नुले नकारात्मक प्रभाव पारेको छ । सामाजिक सञ्जालहरुबाट पाइने संक्षिप्त र सरल सूचना र जानकारीले युवा (जेनेरेसन जेड तथा अल्फा) लाई पुस्तकालयले आकर्षण गर्न सकेको छैन । यस्तो पुस्तालाई समेत भरपर्दो दीर्घकालीन ज्ञानका लागि सार्वजनिक वा निजी पुस्तकको सङ्ग्रहमा रहेका पुस्तक अध्ययन गर्ने बानीको विकास आवश्यक छ ।

पुस्तकालयमा भौतिक रुपमा उपस्थित भएर आर्जन हुने ज्ञानले भोलिको पुस्ता र राज्यको दिशा निर्देश गर्दछ । हुन त इपुस्तकालयको बढ्दो लोकप्रियता तथा सहजता हुने हुँदा सोबाट समेत सोही ज्ञान र सीप प्राप्त गर्न सकिन्छ । तसर्थ पुस्तकालयहरुमा भौतिक तथा भर्चुअल जुन माध्यमका भए पनि अध्ययन सामग्रीहरु उपलब्ध गराई तिनको अध्ययन गर्ने संस्कृति विकास गर्नु आवश्यक छ । बढ्दो बसाइसराई तथा गाउँघर छोड्ने चलनबाट गाउँघर जोगाउन तथा तिनमा रहेका विद्यार्थीमा ज्ञान, सीप र अभिवृत्ति विकास गर्न पुस्तकालयको विकास गर्नु आवश्यक छ । शहर तथा तराईका वस्तीहरुमा पुस्तकालय तथा सिकाई केन्द्रहरु स्थापना गरी तथा सञ्चालनमा रहेका पुस्तकालयहरुको क्षमता विकास र विस्तार गरी युवा वर्गलाई समेत आकर्षित गर्नु र पठन संस्कारको विकास गर्नु आवश्यक छ । शिक्षा प्राप्ति, पुस्तक लगायतका अध्ययन सामग्रीको सहज पहुँच, रोजगारीका अवसर, यातायात लगायतका पूर्वाधारको अभावजस्ता घचेट्ने तत्वहरुले मानिसलाई पहाड तथा गाउँघरबाट शहरबजारतिर बसाइ सर्न बाध्य बनाइरहेको अवस्थामा पहाड तथा गाउँघरमा सुविधासम्पन्न विद्यालय तथा पुस्तकालयहरु निर्माण गर्न सके पनि केहि हदसम्म जनसाङ्ख्यिक असन्तुलन हटाउन सहयोगी सिद्द हुने देखिन्छ । मानिसहरु सदैव ज्ञानको भोको रहे पनि पुस्तक अध्ययन गरी तिनको सहि परख गर्ने बानी बसाउन पुस्तकालय जाने बानी लगाउन आवश्यक छ । पठन संस्कृतिले मात्र मानिसमा पुस्तकमा रहेको ज्ञानलाई उपयोग हुने बनाउँछ । भनिन्छ धनसारमा भएको धन, र ग्रन्थमा रहेको ज्ञान तिनलाई उपयोग नगरेसम्म कसैलाई काम नदिने हुन्छ । तसर्थ विभिन्न ग्रन्थहरुमा रहेको ज्ञानको उपयोगका लागि पढ्ने बानीको विकास गराउन सामाजिक सक्रियता र पुस्तकालयको योगदान महत्वपूर्ण छ । सहि, सत्य र तथ्यमा आधारित ज्ञान, सूचना र जानकारीयुक्त युवा उत्पादन गर्नु आजको आवश्यकता हो । सरकारका साथसाथै निजी तथा गैरसरकारी संघसंस्थाका प्रयासहरुबाट पुस्तकालयका क्षेत्रमा भएका प्रयासहरु सकारात्मक रहे पनि तिनमा पाठकलाई आकर्षण गरी तथ्य तथा तर्कमा आधारित ज्ञानयुक्त समाज निर्माणमा सबैको साझा प्रयास अपरिहार्य छ ।

### सन्दर्भ सामग्रीहरु

पौडेल, किशोर, २०७७ "नेपालमा पुस्तकालयः इतिहास र वर्तमान" अनलाईन खबर २०७७ भदौ १६।

निजामती सेवा ऐन, २०४९, कानून किताब व्यवस्था समिति ।

नेपालको संविधान, २०७२, कानून किताब व्यवस्था समिति ।

शर्मा, विजय, २०७७ "नेपालमा पुस्तकालयको विकासक्रम", पुस्तकालय आवाज ।

# अपाङ्गतामैत्री पुस्तकालय



**रमेश निरौला***

## परिचय

पुस्तकालय कुनै पनि समाजका अभिन्न अङ्ग हुन् । समाजको शैक्षिक र बौद्धिक विकासको लागि पुस्तकालयले प्रेरणा प्रदान गर्छन् । तिनीहरूलाई ज्ञानको भण्डार मानिन्छ । पुस्तकालयले कुनै पनि आधारमा भेदभाव नगरी सबैलाई जानकारी प्रदान गर्नुपर्छ । पुस्तकालयहरूलाई लामो समयदेखि ज्ञानको भण्डारको रूपमा चिनिन्छ र यसले जनस्तरमा जानकारी फैलाउने महत्त्वपूर्ण भूमिका प्राप्त गर्दछ । अपाङ्गता भएका विद्यार्थी पुस्तकालय सेवा लिँदा भेदभाव र प्रतिबन्धहरूको सामना गर्ने जोखिमपूर्ण समूहका रूपमा रहेका छन् । यस्तो विभेद विद्यमान व्यवस्थाका कारण, प्रविधिका कारण र कर्मचारीको क्षमताका कारण हुनसक्छ । पुस्तकालय स्थापना वा सञ्चालनका दौरान उपलब्ध हुने स्थानले गर्दा कतिपय अपाङ्गता भएका विद्यार्थी सामग्रीमाथि पहुँच राख्न अयोग्य हुने जोखिम रहन्छ । विभेद विभिन्न प्रकारका हुन्छन् । विभेद सामाजिक मनोरोग हो । भेदभाव विभिन्न रूपमा प्रकट हुन सक्छ । सामान्यतया प्रत्यक्ष भेदभाव, अप्रत्यक्ष भेदभाव, उत्पीडन, र पीडितकरण समावेश हुन्छ । विभेद उमेर, अपाङ्गता, जाति, धर्म, लिङ्ग, यौन झुकावजस्ता संरक्षित विशेषताहरूका आधारमा हुनसक्छ । प्रत्यक्ष र अप्रत्यक्ष भेदभावमा व्यक्तिलाई निश्चित विशेषताका कारणले अनुचित व्यवहार हुनसक्छ । प्रत्यक्ष भेदभावमा संरक्षित विशेषताको कारणले कसैलाई कम अनुकूल व्यवहार हुने गर्छ । अप्रत्यक्ष भेदभाव तब हुन्छ जब सबैमा लागु हुने नीति वा अभ्यासले विशिष्ट संरक्षित विशेषता भएका व्यक्तिहरूमा असमान रूपमा नकारात्मक प्रभाव पार्छ । अप्रत्यक्ष भेदभाव जटिल र खण्डित हुन्छ । यसलाई घटाउन उस्तै किसिमका साधन र प्रतिकार्य जरुरी हुन्छन् । संयुक्त राष्ट्रसङ्घद्वारा प्रक्षेपित दिगो विकास लक्ष्य २०३० ले समावेशीकरण संलग्न गर्न जोड दिन्छ । दिगो विकास लक्ष्य २०३० एजेन्डाको उद्देश्य कसैलाई पनि पछाडि नछाड्नु हो । अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने विशिष्ट आवश्यकता र चुनौतीलाई सम्बोधन गर्न आवश्यक छ ।

अपाङ्गताले व्यक्तिको शारीरिक, संवेदी, संज्ञानात्मक, बौद्धिक वा मानसिक स्वास्थ्यलाई असर गर्न सक्ने अवस्थाहरूको विस्तृत दायरालाई समेट्छ । अपाङ्गताले दैनिक जीवनमा कार्य गर्ने क्षमतामा असर गर्छ । सामान्यतया अपाङ्गतालाई शारीरिक, संवेदी, विकासात्मक, व्यावहारिक र भावनात्मक प्रकारमा वर्गीकृत गर्न सकिन्छ । यद्यपि, यी वर्गहरूभित्र धेरै विशिष्ट प्रकारका अपाङ्गताहरू पनि रहन्छन् । यस लेखमा अपाङ्गता भएका व्यक्तिलाई पुस्तकालय पहुँचमा जानाजान वा उपलब्ध क्षमताका आधारमा हुने परिस्थितिजन्य विभेदको चर्चा गरिनेछ ।

धेरै कुरा अनलाइन उपलब्ध भएको युगमा पनि पुस्तकालयले अझ महत्त्वपूर्ण स्थान ओगटेका छन् । पुस्तकालय शैक्षिक समृद्धिको महत्त्वपूर्ण सूचक हुन् । पुस्तकालय विद्यमान प्रतिलिपि अधिकारका कारण पनि लामो समयसम्म सेवा गर्नुपर्ने स्थानमा छन् । सबै कुरा अनलाइन उपलब्ध हुनेछैन र अनलाइन उपलब्ध भएका सामग्रीको पनि शिष्ट प्रयोग गर्ने दायित्व आम पाठकको हुनेछ । शिष्ट प्रयोगको वातावरण निर्माणका लागि पुस्तकालय डन्डारहित प्रहरीका रूपमा समाजमा सङ्घर्षरत छन् । विश्वविद्यालयहरूमा अनुसन्धानलाई अगाडि बढाउने प्रक्रियामा पुस्तकालयलाई महत्त्वपूर्ण घटकको रूपमा मानिएको छ । पुस्तकालयले ज्ञानको उत्पादन र वितरणमा त्यस्तो स्थान ओगटेका हुन्छन् जुन सामाजिक र सांस्कृतिक रूपमा पुस्तकालय सम्बन्धित संस्थाद्वारा निर्धारण गरिन्छ ।[१] पुस्तकालयलाई अध्ययन अध्यापन गराउने सन्दर्भमा कुनै प्रतिलिपि अधिकारको बन्देज हुँदैन । सामग्रीको बिक्रीवितरण पुस्तकालयको क्षेत्रभित्र पर्दैन तर उपलब्ध सामग्री बिनाभेदभाव सबैलाई अध्ययनका लागि उपलब्ध गराउन पुस्तकालयहरू स्वतन्त्र छन् ।

* *पुस्तकालय अधिकृत, त्रि.वि. ।*

1 Plum, T. (1994). Academic Libraries and the Rituals of Knowledge. RQ, 33(4), 496–508. http://www.jstor.org/stable/20862529

शिक्षाविद्, विद्यार्थी र विद्वान्हरूले आफ्नो ज्ञानको क्षितिज फराकिलो बनाउने उद्देश्यले पुस्तकालय प्रयोग गरिरहेका छन् । तीमध्ये विद्यार्थीको एक वर्ग अपाङ्गता भएका विद्यार्थीहरू हुन् जसले पुस्तकालय सेवाहरू पहुँच गरेर समान रूपमा लाभ उठाउन सक्छन् । तर लोकप्रिय धारणाको विपरीत अपाङ्गता भएका विद्यार्थीले पुस्तकालयका सेवाबाट पूर्ण रूपमा लाभ उठाउन सक्षम छैनन् । अपाङ्गता भएका विद्यार्थीमा शारीरिक असक्तता, दृष्टि कमजोर, सुनाइ वा सिकाइ असक्तता भएका विद्यार्थीहरू समावेश हुन सक्छन् । अपाङ्गता भएका व्यक्तिहरू सीमान्तकृत समूहको रूपमा रहेका हुनसक्छन् । अल्पविकसित देश र विविध सांस्कृतिक परिवेशमा उनीहरूका समस्या धेरै गुणा बढ्छन् । अपाङ्गता एक घटना हो जुन भेदभावसँग जोडिएको हुन्छ (Goodley, 2017)।

विश्व स्वास्थ्य सङ्गठनले अपाङ्गता भएका व्यक्तिहरूलाई लामो समयसम्म शारीरिक, मानसिक, बौद्धिक वा संवेदी कमजोरी भएका व्यक्तिहरू विभिन्न अवरोधहरूसँग अन्तरक्रियामा अरूसँग समान आधारमा समाजमा पूर्ण र प्रभावकारी सहभागितामा बाधा पुऱ्याउन सक्छ भनी परिभाषित गरेको छ । यो मानव अवस्थाको एक भाग हो । लगभग सबैजना आफ्नो जीवनको कुनै न कुनै बिन्दुमा अस्थायी वा स्थायी रूपमा कमजोर हुनेछन् र वृद्धावस्थासम्म बाँच्ने मानिसहरूले काम गर्न बढ्दो कठिनाइको अनुभव गर्नेछन् (WHO, 2011) । उनीहरूले भेदभाव र सीमान्तीकरणको सामना गर्छन् । सेवाहरूमा प्रतिबन्धित पहुँच र दमनकारी सामाजिक मनोवृत्तिका कारण चुनौतीहरूको सामना गर्न सक्छन् । अपाङ्गता भएका विद्यार्थीहरूले उच्च शिक्षाको लागि सेवा पहुँच गर्दा धेरै समस्याहरूको सामना गर्छन् । समानताको सिद्धान्तले अपाङ्गता भएका विद्यार्थीहरूको शिक्षामा समान पहुँच हुनुपर्ने वकालत गर्छ । संयुक्त राष्ट्रसङ्घले अघि सारेको दिगो विकास लक्ष्य २०३० को बुँदा नम्बर ४ मा सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने कुराको वकालत गरेको छ । जुन संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्र सम्मिलित सेप्टेम्बर २०१५ को ऐतिहासिक राष्ट्रसङ्घीय साधारणसभाको शिखर सम्मेलनले पारित गरेर जनवरी १, २०१६ देखि लागु गरेको छ । नेपाल यस सन्धिको पक्ष राष्ट्र हो । पक्ष राष्ट्र भएका कारण नेपालले पनि समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु बाध्यकारी रहन्छ । पुस्तकालयको माध्यमबाट समतामूलक शिक्षा सुनिश्चित गर्न आवश्यक पूर्वाधार र वातावरण तयार गर्नु नेपालका लागि बाध्यकारी छ ।

नीति निर्माता, पुस्तकालय योजनाकार र सफ्टवेयर विकासकर्ताहरूद्वारा बारम्बार बहिष्कृत गरिएका दृश्य र अपाङ्गता भएका प्रयोगकर्ताहरूले सामना गर्ने पहुँचयोग्यता चुनौतीहरू जटिल छन् । अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक योजना निर्माण गरिएका छैनन् वा निर्माण गरिएका योजनामा पनि अपाङ्गतालाई आवश्यक ध्यान दिइएको पाइँदैन । यस कार्यले पहुँच योग्यताका मुद्दा र अपाङ्गता भएका व्यक्तिको जीवनका विभिन्न आयामहरू जस्तै रोजगारी, पहुँच आदिमा अवरोध सिर्जना गरेको देखिन्छ । पुस्तकालयमा सहज पहुँच नहुनु तिनीहरूको दीर्घकालीन जीवन विकासमा प्रभाव पर्नसक्ने विषय हो । यो दिगो विकास लक्ष्यमा एक कदम पछाडि हट्ने दुष्प्रयास हो ।

पुस्तकालयको पहुँचलाई अपाङ्गता भएका प्रयोगकर्ता वा आर्किटेक्टले राम्रो भनी मूल्याङ्कन गर्न सक्नुपर्छ । अपाङ्गता भएका प्रयोगकर्ताले पुस्तकालय सेवामा पहुँच गर्न कठिनाइ निम्त्याउने पार्किङ स्पेस, भऱ्याङ, र्याम्प र विशेष ठाउँहरूको उपलब्धताजस्ता सम्बन्धित मुद्दाहरूलाई पनि विचार गर्नुपर्छ । पुस्तकालयको भित्री लेआउट र सार्वजनिक ठाउँलाई पनि कम चुनौतीपूर्ण मान्न सकिँदैन । अपाङ्गता भएका विद्यार्थी पुस्तकालय सेवाहरूसँग सन्तुष्ट हुन पुस्तकालय सामग्रीको आफूले पहुँचयोग्य ढाँचाहरूमा ट्रान्सक्राइब गरिएको हुनुपर्छ । पहुँचयोग्य ढाँचामा ट्रान्सक्राइब पुस्तकालय सामग्री कसरी प्रयोग गर्ने भन्नेबारे पर्याप्त प्रशिक्षण, पुस्तकालय खुल्ने समय र पहुँचयोग्य ढाँचा प्रयोगको अभिमुखीकरण जरुरी हुन्छ ।

पुस्तकालय सञ्चालकले अपाङ्गता भएका विद्यार्थीको आवश्यकता पूरा गर्न ध्यानकेन्द्रित गर्नुपर्छ । ग्रन्थसूची निर्देशन, वेब पृष्ठहरू र कर्मचारी प्रशिक्षणको रूपमा तिनलाई लागु गर्नुपर्छ । अपाङ्गता भएका विद्यार्थीलाई परिष्कृत सेवा प्रदान गर्ने सम्भावनाको आवधिक जाँच गर्नुपर्ने आवश्यकता देखिन्छ । प्रविधिमा भएको परिवर्तन र नयाँ प्रविधिको आत्मसात्ले आगामी सेवालाई निर्देशित गर्दछन् । विभिन्न दृश्य, श्रवण र स्पर्श प्रविधि प्रयोग गर्ने बहुसंवेदी शिक्षण शैलीलाई अनुकूलन गर्ने सम्भावनाले हरेक प्रकारका सिकारुको आवश्यकता पुरा गर्दछन् । यस्ता प्रविधि पुस्तकालयले प्रयोगमा ल्याउन पहल गर्नुपर्छ (Ekwelem, 2013) ।

**पुस्तकालय सेवामा पहुँच गर्न सम्भावित बाधाहरू** : शैक्षिक पुस्तकालयले राम्रो नतिजा दिने र व्यापक प्रयोग र स्वीकृति हुने

कार्यहरू गर्नुपर्छ । शिक्षाविद्को अपेक्षा पूरा गर्ने, परिवर्तनशील वातावरण सामना गर्ने, विश्वव्यापीस्तरमा मापदण्ड पुरा गर्ने, नवप्रवर्तन सिर्जना तथा लागु गर्नेजस्ता महत्त्वपूर्ण जिम्मेवारी पुस्तकालयको हुन्छ । सेवामा कन्जुस्याइँ नगर्नु पुस्तकालयको आम चरित्र हो ।

पहुँचयोग्य इलेक्ट्रोनिक स्रोतहरूको अभाव, पहुँचयोग्य ढाँचामा ट्रान्सक्राइब नगरिएका पठन सामग्री, लिफ्ट, शौचालय, सर्कुलेशन डेस्कजस्ता दुर्गम ठाउँहरू, छुट्टै पार्किङ स्थल, गाइड चिह्न, ऱ्याम्पको अभाव, असंवेदनशील कर्मचारी, तोकिएका कर्मचारीमा अपाङ्गतासम्बन्धी चेतना र तालिमको अभाव, लैङ्गिक र अपाङ्गतामैत्री पुस्तकालय सञ्चालनका बाधक हुन् । २

पहुँच मानवअधिकारको रूपमा मान्यताप्राप्त छ । विश्वका कतिपय संस्थाहरूले यसलाई मान्यता दिएका छैनन्, जुन मानवअधिकारको हनन हो । UNCRPD २००६ ले अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानहरू पहुँचयोग्य बनाउने महत्त्वमा जोड दिएको देखिन्छ । राज्य पक्षहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसँग समान आधारमा भौतिक वातावरण, यातायात, सूचना तथा सञ्चार, सूचना तथा Farooq, Tania and Manzoor, Shazia, "Library Services for Students with Disabilities: Barriers and Way Forward." (2021). Library Philosophy and Practice (e-journal). 6720. https://digitalcommons.unl.edu/libphilprac/6720 सञ्चार प्रविधि र प्रणाली, शहरी र ग्रामीण दुवै क्षेत्रमा जनताको लागि खुला वा प्रदान गरिएका सेवाहरूमा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अपनाउनेछन् भनी स्पष्ट पारेको छ (Article 9, UNCRPD) ।

कलेज र विश्वविद्यालयमा पढ्ने अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या बढ्दै जाँदा पहुँचका मुद्दाहरू पुस्तकालय सेवाहरूको अग्रभागमा हुनुपर्छ । शैक्षिक संस्थाहरू समावेशी नभएमा पहुँचको मुद्दाले अपाङ्गता भएका विद्यार्थीलाई अगाडि बढ्न र आफ्नो रोजाइको करियर बनाउन निरुत्साहित गर्छ । ब्रेल, वैकल्पिक लिपि, सञ्चार र अभिमुखीकरणका माध्यम तथा ढाँचाद्वारा गतिशीलता सिप सिक्ने, साथीहरूको सहयोग एवं परामर्शलाई सहजीकरण गर्न पुस्तकालय सक्षम हुनुपर्ने समावेशीकरणको धारणा हो । साङ्केतिक भाषा सिक्ने सुविधा र बहिरा समुदायको भाषिक पहिचानको प्रवर्धन गर्ने कार्य राज्यले सुनिश्चित गर्नुपर्छ । दृष्टिविहीन, बहिरोपन वा अपाङ्गता भएका बालबालिकाको शिक्षा, व्यक्तिको लागि आवश्यक उपयुक्त भाषा र सञ्चारका माध्यमबाट सामाजिक विकासलाई अधिकतम बनाउने वातावरण प्रदान गर्न पुस्तकालयले सहजीकरण गर्नेछन् । यसका लागि राज्यले आवश्यक कानुन, बजेट र पूर्वाधारको ग्यारेन्टी पुस्तकालयलाई दिनुपर्छ ।

पुस्तकालय कुनै पनि समाजको केन्द्रीय भाग वा मेरुदण्ड हुन् । विद्यार्थी, शिक्षाविद् र विद्वानलाई उनीहरूको बौद्धिकता अन्वेषण गर्न र उनीहरूको क्षमताको परीक्षण गर्न पुस्तकालयले स्थान उपलब्ध गराउँछ । कुनै पनि विश्वविद्यालय वा कुनै पनि शैक्षिक संस्थाले शैक्षिक पुस्तकालयबिना काम गर्न सक्दैन । विद्यालय, क्याम्पस र विश्वविद्यालयमा पुस्तकालय अनिवार्य नभएमा यस्ता शैक्षिक संस्थाले प्रभावकारी रूपमा काम गर्न सक्दैनन् । सार्वजनिक पुस्तकालय निरन्तर सिकाइको स्थल मानिन्छ । विद्यालय वा विश्वविद्यालय बाहिर रहने ठुलो समुदायलाई सार्वजनिक पुस्तकालयले सेवा दिने महत्त्वाकाङ्क्षा राखेका हुन्छन् । समुदायलाई ज्ञानको भरथेग गर्ने यस्ता पुस्तकालयलाई स्थानीय सरकार र मनकारी दाताको भरथेग हुनुपर्छ । पुस्तकालयले कुनै पनि आधारमा भेदभाव नगरी सबैलाई सेवा प्रदान गर्नुपर्छ भन्ने तथ्यमा विश्व सहमत छ । यस्तै पुस्तकालयलाई बिनासर्त अध्ययनको वातावरण निर्माण गर्न नीति निर्माता, राजनीतिक दल, समुदाय र सरकारहरूले सहयोग जारी राख्नुपर्छ ।

जसरी सबल नागरिकलाई ज्ञानमा सहज पहुँचको अधिकार छ, त्यसरी नै अपाङ्गता भएका विद्यार्थीलाई कुनै पनि आधारमा भेदभावको सामना नगरी पुस्तकालय सेवाहरूमा पहुँच गर्ने समान अधिकार छ । अपाङ्गता भएका विद्यार्थी पुस्तकालय जाने क्रम त्यस बखत बढ्नेछ, जुन बखत अपाङ्गता भएका विद्यार्थीको समावेशीकरणलाई प्राथमिकतामा राखिन्छ । पुस्तकालयलाई पहुँचयोग्य बनाउने कुरालाई प्राथमिकताको रूपमा राख्नुपर्छ । पुस्तकालयमा रहेका वास्तुकलाका अवरोध व्यवस्थापन गरी प्रविधिलाई पहुँचयोग्य बनाउनुपर्छ । पुस्तकालय समावेशी बनाउनको लागि अलग कोष छुट्ट्याउने विषय समावेश हुन सक्छ ।

2. Farooq, Tania and Manzoor, Shazia, "Library Services for Students with Disabilities: Barriers and Way Forward." (2021). Library Philosophy and Practice (e-journal). 6720. https://digitalcommons.unl.edu/libphilprac/6720

## REFERENCES


Ekwelem, V. O. (2013). "Library Services To Disabled Students In The Digital Era: Challenges For Outcome Assessment" *Library Philosophy and Practice* (e-journal). 970. https://digitalcommons.unl.edu/libphilprac/970

Farooq, Tania and Manzoor, Shazia, "Library Services for Students with Disabilities: Barriers and Way Forward." (2021). Library Philosophy and Practice (e-journal). 6720. https://digitalcommons.unl.edu/ libphilprac/6720

Goodley, D. (2017). *Disability studies: An interdisciplinary introduction* (2nd. ed). Los Angeles, Calif: Sage Publications.

Plum, T. (1994). Academic Libraries and the Rituals of Knowledge. RQ, 33(4), 496–508. http://www.jstor.org/stable/20862529

United Nations Convention of the Rights of the Persons with Disabilities (2006). Article 9- Accessibility. Retrieved from https://www.un.org/ disabilities/documents/ convention/convoptprot-e.pdf

World Health Organization & World Bank. (2011). *World Report on Disability.* Geneva, Switzerland: World Health Organization.

# एआई युगमा पुस्तकालयको आवश्यकता



**अर्जुन थापा***

## परिचय

कृत्रिम बौद्धिकतालाई अंग्रेजीमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) भनिन्छ। एआई विश्वमा नविनतम प्रविधिमा विकसित भएको सबैभन्दा पछिल्लो प्रविधि हो। अहिले विश्वमा यसको चर्चा र प्रयोग बढ्न थालेको छ। पुस्तकालय व्यवस्थापन कार्यमा एआई प्रविधिको महत्वपूर्ण भूमिका हुनसक्छ। पुस्तकालयले धैरै अगाडि देखि ज्ञानको संरक्षण तथा बौद्धिक विकासको प्रबर्धन गर्दै आइरहेको छ। आजको यस एआईको युगमा समेत पुस्तकालयको महत्वपूर्ण भूमिका रहन्छ भन्ने कुरामा हामी स्पष्ट हुनु जरुरी छ। पुस्तकालयको लक्ष्य भनेको सही समयमा पाठकले चाहेको सही सूचना प्रदान गर्नु हो। आज यस एआई प्रविधिको समयमा आउन पनि शिक्षाले गर्दा नै सम्भव भएको हो। यसको सहजीकरण पनि पुस्तकालयबाटै भएको मान्न सकिन्छ। अर्को पाटोबाट सोच्दा कृत्रिम बौद्धिकता भनेको पनि ज्ञान दिने प्लेटफर्म नै हो। जेहोस एआई र पुस्तकालय उद्देश्य र लक्ष्य भनेको ज्ञान प्रदान गर्नका लागि र समाज चेतनशील बनाउनका लागि नै हो। एआईले पुस्तकालयको सेवालाई पनि थप गुणस्तरीय तथा सहज बनाउने कार्य गर्न सक्दछ।

## पुस्तकालयको आवश्यकता

एआई तथा प्रविधिले पुस्तकालयको आवश्यकता अझ बढेको पाईन्छ किनकी अध्ययन, अन्वेषण तथा आधिकारिक ज्ञानका लागि पुस्तकालय जरुरी भएको छ। एआईले पुस्तकालयमा आईपर्ने विभिन्न समस्या समाधान गर्न सूचनाहरुको विश्लेषण गर्न सक्दछ। यसको प्रयोगले स्रोतसामग्रीको सङ्कलन, व्यवस्थापन, सम्प्रेषण तथा संरक्षण कार्यमा महत्वपूर्ण भूमिका निभाउँदछ। आफूले सिकेको ज्ञान कायम राख्न र ज्ञान अद्यावधिक गराइराख्नका लागि समेत पुस्तकालय प्रभावकारी हुन्छ। पुस्तकालय सानो वा ठूलो जत्रो पनि हुनसक्छ। किताब धैरै वा थोरै जति पनि हुनसक्छन्। तर सबैभन्दा उत्तम पुस्तकालय त्यो हो जहाँ पाठकहरु आउन मन पराउँछन् र आफूले चाहेको पुस्तक पढ्न पाउँछन्।

नेपाल सरकारले पनि पुस्तकालयको आवश्यकता महत्व बुझेर नेपालको संविधानमा (धारा ५७ को उपधारा (१) र १०९ सँग सम्बन्धित) संघको अधिकारको सूचीमा अनुसूची – ५ को क्र.सं १५ मा केन्द्रीय पुस्तकालयको व्यवस्था गरेको छ भने अनुसूची – ६ को क्र.सं ८ मा प्रदेशको अधिकार सूचीमा पनि पुस्तकालय भनेर राखिएको छ। नेपालको संविधानमा शिक्षा पाउने हक मौलिक हकका रुपमा रहेको छ। शिक्षाले गर्दा मानिस चेतनशिल हुन सकेको छ। जब मानिसको जन्म हुन्छ त्यसबेला देखि नै शिक्षा लिने क्रम सुरु हुन्छ। जीवन रहेसम्म यो प्रक्रिया जारी रहन्छ। शिक्षाले नै ज्ञान दिने गर्दछ। शिक्षाका विभिन्न माध्यम हुन सक्छन्। औपचारिक अनौपचारिक। त्यसका लागि पुस्तकालय आवश्यक पर्दछ जसले ज्ञान बढाउन तथा व्यवहारमा ल्याउनका लागि सहजीकरण गर्दछ। पठन संस्कृति बढाउन पनि पुस्तकालय महत्वपूर्ण हुन्छ। आजको यस भौतिक तथा प्रविधिले धैरै नै फड्को मारिरहेको समयमा पनि मानिस एक्लो महसुस गरिरहेका छ। परिवारका सदस्यहरु एकै ठाउँमा नभएर संसारको विभिन्न कुनामा पुगेका छन्। यो आजको आवश्यकता पनि होला तर यसलाई सम्बोधन गर्न गाउँदेखि शहरसम्म पुस्तकालय स्थापना गर्नुपर्दछ। जसबाट समुदायमा रहेका वालकदेखि जेष्ठ नागरिकसम्म सबैले पुस्तकालयबाट निरन्तर ज्ञान लिन सक्छन् भने समुदायमा रहेको एक्लोपन लगायत सामाजिक समस्याहरु निराकरण गर्न बलियो माध्यम बनाउनुपर्दछ।

## एआईको युगमा पुस्तकालयको भूमिका

एआईको युगमा पनि पुस्तकालयको भूमिका प्रमुख रहन्छ किनभने पुस्तकालयले नै आधिकारिक ज्ञान प्राप्त गर्नको लागि सहजीकरण गर्दछ। त्यस्तै अनुसन्धानकर्तालाई आफ्नो विषयको अन्वेषण गर्न गतिलो ठाउँ पनि पुस्तकालय नै हो। आजको यस डिजिटल समयमा पनि पुस्तकालयले दिने सेवा अझ बृहत भएको छ। हामीले पुस्तकालयलाई पुस्तक गोदाम घरको रुपमा

** अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान, कार्यसमिति सदस्य नेपाल पुस्तकालय संघ।*

मात्र लिनु हुँदैन किनभने पुस्तकालयले भौतिक रुपमा मात्र पुस्तकालयको सेवा प्रदान गरिरहेका छैनन्। प्रविधिको प्रयोग गरी पुस्तकालयका सेवा विस्तार गरेर पाठकलाई सेवा दिइरहेको अवस्था रहेको छ। पुस्तकालयलाई वेभबेस गराएका छन् भने पुस्तक खोज्न पहिले जस्तो क्याटलग कार्डको मात्र भरपर्नु पर्दैन। त्यस्तै सदस्यता बनाउन, पुस्तक वितरण गर्दा छिटोछरितोका लागि बारकोड तथा क्युआरकोडको प्रयोग भइरहेका छन् भने स्टक भेरिफिकेसनलगायत अन्य कार्यका लागि रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन (RFID) प्रयोग हुन थालेको छ। पुस्तकालय भौतिक पूर्वाधारले सुसज्जित हुने कार्य जारी छन् भने पुस्तक सुरक्षाका लागि क्लोज सरकिट क्यामेरा समेत प्रयोग भइरहेका छन्। पुस्तकालयमा उचित तापक्रम सन्तुलनका लागि एसी प्रयोग गरिएको छ। पुस्तकालयको काम कारबाही हेर्न सबै स्वचालित रुपमा धेरै जसो पुस्तकालयले कार्य गरिरहेका छन्। पुस्तकालयको सेवा चुस्त दुरुस्त पार्न प्रविधिले धेरै सहज भएको छ जसबाट पाठकले सही समयमा सही सूचना पाउन सकेका छन्। पाठकलाई सधै जिज्ञासु बनाईराख्न तथा पठन सँस्कृतिको विकास गर्नका लागि पनि पुस्तकालय अनिवार्य हुन्छ। पुस्तकालयले मात्रै बौद्धिक सम्पत्तिको संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्दछ जसले गर्दा भावी पिँढीका लागि पनि ज्ञानको जगेर्ना हुन्छ। अध्ययन अनुसन्धान अन्वेषणको लागि पुस्तकालय भरपर्दो माध्यम अहिले पनि बनिरहेको छ। पुस्तकालयको मुख्यतः यी कारणले पनि अझ आवश्यकता रहन्छः

- ज्ञानको मन्दिर पुस्तकालय,
- आधिकारिक सूचनाका लागि पुस्तकालय,
- पुस्तकालयहरू समाजका अत्यावश्यक स्तम्भहरू हुन्,
- मानव ज्ञानको संरक्षण,
- ज्ञानमा समान पहुँच,
- मातृसंस्था तथा शैक्षिक संस्थाको उद्देश्य तथा लक्ष्य प्रप्तिमा सहयोग,
- समुदाय र सांस्कृतिक केन्द्रहरू,

## निष्कर्ष

पुस्तकालय बिना पाठकहरु सही ज्ञान सूचना पाउन बञ्चित हुन सक्छन् साथै शैक्षिक संस्थाहरुले पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सम्भब हुँदैन। पाठकहरुलाई पुस्तकालयको सेवा सम्प्रेषणमा थप चुस्तदुरुस्त बनाउन एआईको प्रयोग गर्नुपर्दछ। पुस्तकालयले अनलाइनमा पाउने सूचना भन्दा भरपर्दो सूचना दिई यसको औचित्य देखाउनु पर्दछ भने पुस्तकालयले मात्रै औपचारिक अनौपचारिक शिक्षाका लागि निरन्तर काम गर्नसक्छन्। पुस्तकालयलाई पुस्तक राख्ने वा लैजाने ठाउँका रूपमा मात्र लिनुहुँदैन। यसलाई अध्ययन केन्द्र र सबै खालका सूचना पाइने मञ्चका रूपमा विकास गरिनुपर्छ। आजको आवश्यकता भनेको गाउँदेखि शहरसम्म पुस्तकालय स्थापना गरी पाठकलाई ज्ञान सूचना तथा प्रविधिहरुको जानकारी दिनुपर्दछ। त्यसका लागि अत्याधुनिक भवन सहितको राष्ट्रिय पुस्तकालय आवश्यक छ। नेपाल सरकारले पुस्तकालयललाई उचित बजेट निकासा तथा निरन्तर आवश्यक सहयोग गर्नुपर्दछ। पुस्तकालय ऐन जारी गरी पुस्तकालय सेवा बिस्तार मार्फत जनताको गुणस्तरीय शिक्षा पाउने हक अधिकार सुनिश्चित गर्नु जरुरी छ। पुस्तकालयले मात्रै बौद्धिक सम्पत्तिको संरक्षण गर्न र आधिकारिक सूचना पाठकलाई दिनुका साथै प्रविधिको पहुँच नभएका ठाउँमा समेत सेवा दिन सक्दछन्। बालकदेखि जेष्ठ नागरिकसम्म उनीहरुको चाहना र माग अनुसार समान रुपमा ज्ञान प्रदान गरी गुणस्तरीय शिक्षाका लागि प्रमुख माध्यम भएकोले एआई युगमा पनि पुस्तकालयको आवश्यकता रहन्छ।

# पुस्तकालयकर्मीको कार्यसम्पादन मूल्याङ्कन र मापन बिचको अन्तरसम्बन्ध



**सरोज गैरे***

### विषय प्रवेश

पुस्तकालय सूचना तथा ज्ञान सामग्रीहरुको केन्द्र हो। ज्ञान र सूचनाहरुको सङ्कलन, व्यवस्थापन, सम्प्रेषण र संरक्षण गर्ने मुख्य उद्देश्यले सूचना केन्द्र (पुस्तकालय) को स्थापना तथा सञ्चालन गरिन्छ। सूचना केन्द्रलाई व्यवस्थित, सक्रिय र प्रभावकारी रूपमा सञ्चालन गर्ने जिम्मेवारी पुस्तकालय कर्मचारीहरूमा हुन्छ। पुस्तकालय सेवाको गुणस्तर कायम राख्ने, स्रोतहरूको उचित व्यवस्थापन गर्ने, प्रयोगकर्तालाई समयमै सूचना उपलब्ध गराउने र पाठक सन्तुष्टि सुनिश्चित गर्ने कार्य पुस्तकालयकर्मी कै कर्तव्यभित्र पर्छ। त्यसैले, पुस्तकालयको सेवा प्रणाली कति प्रभावकारी छ भन्ने मूल्याङ्कन गर्दा पुस्तकालयकर्मीहरूको कार्यसम्पादनको मापन अनिवार्य हुन्छ।

कार्यसम्पादन मूल्याङ्कनको अर्थ, कुनै संस्था वा संगठनले निर्धारित उद्देश्य, लक्ष्य र सेवाहरू कति प्रभावकारी रूपमा प्रदान गरिरहेको छ भन्ने मूल्याङ्कन गर्नु हो। पुस्तकालयको सन्दर्भमा यो मापनले पुस्तकालयको गुणस्तर, सेवा, स्रोत उपयोग, प्रयोगकर्ताको सन्तुष्टि आदि पक्षलाई मूल्याङ्कन गर्न सहयोग गर्छ।

सूचना प्रविधिको तीव्र विकासले पुस्तकालयहरूको संरचना, सेवा, र व्यवस्थापन प्रणालीलाई पूर्णतः प्रभावित पारेको छ। यस्तो परिवर्तित वातावरणमा पुस्तकालय कर्मचारीहरूको भूमिकामा गुणात्मक परिवर्तन आएको छ। यी कर्मचारीहरूको कार्यसम्पादन (performance) र त्यसको मापन (measurement) गर्न सक्ने उपयुक्त प्रणालीको विकास अपरिहार्य भइसकेको छ। कार्यसम्पादन मूल्याङ्कन र मापन (Performance Appraisal and Measurement) को अन्तरसम्बन्ध बुझ्नाले संस्थाको समग्र विकासमा योगदान पुऱ्याउने गर्दछ।

सूचनाको युगमा प्रवेश गरेसँगै ज्ञानको खोजी र सूचना व्यवस्थापन प्रणालीमा आमूल परिवर्तन आएको छ। यस परिवर्तनको केन्द्रमा रहेका पुस्तकालयहरू आज केवल पुस्तक सङ्कलन र वितरण गर्ने संस्था मात्र नभई ज्ञान सिर्जना, संरक्षण र प्रयोगको महत्त्वपूर्ण आधारशिला बनेका छन्। यस्ता संस्थामा कार्यरत पुस्तकालय कर्मचारीहरूको भूमिकामा गुणात्मक विस्तार भएको छ। यस्तो परिवर्तित परिवेशमा कर्मचारीहरूको **कार्यसम्पादन मूल्याङ्कन** (Performance Appraisal) र **कार्यसम्पादन मापन** (Performance Measurement) एक अनिवार्य व्यवस्थापन उपकरणका रूपमा स्थापित हुँदै गएका छन्।

यद्यपि यी दुई अवधारणाहरू परस्पर सम्बन्धित भएतापनि भिन्न छन्। कार्यसम्पादन मूल्याङ्कन भनेको कर्मचारीको विगतका कार्यको गुणात्मक तथा मात्रात्मक मूल्याङ्कन हो, भने कार्यसम्पादन मापन भनेको संस्थागत रणनीति अनुरूप कर्मचारीको योगदानलाई नियोजित सूचकहरूद्वारा निरन्तर ट्र्याक गर्ने प्रक्रिया हो।

### कार्यसम्पादन मूल्याङ्कन

कुनै पनि कर्मचारीले आफ्नो जिम्मेवारी, कर्तव्य र तोकिएको लक्ष्य अनुसार कार्य कत्तिको दक्ष, प्रभावकारी र उत्तरदायी ढङ्गले सम्पन्न गरेको छ भन्ने कुरा मूल्याङ्कन गर्ने प्रक्रिया नै कार्य सम्पादन मूल्याङ्कन हो। यो मूल्याङ्कन व्यवस्थापनको एउटा महत्त्वपूर्ण उपकरण हो, जसले कर्मचारीको कामको स्तर, क्षमताको प्रयोग, सुधार आवश्यक क्षेत्र, र भविष्यमा विकास सम्भावनालाई पहिचान गर्न सहयोग गर्छ। कार्य सम्पादन मूल्याङ्कन भनेको कुनै निश्चित अवधिभित्र कर्मचारीले सम्पन्न गरेका कार्यको औपचारिक र व्यवस्थित मूल्याङ्कन प्रक्रिया हो। यसको उद्देश्य केवल कर्मचारीको कार्यको परीक्षण मात्र होइन, भविष्यमा सुधार र संस्थागत वृद्धि सुनिश्चित गर्नु हो।

पुस्तकालयको सन्दर्भमा पुस्तकालय कर्मचारीहरूले सेवा सञ्चालन, स्रोत व्यवस्थापन, सूचना उपलब्धता, प्रयोगकर्ता

---

* *पुस्तकालय अधिकृत, निर्वाचन आयोग।*

सहायता आदि कर्तव्यहरू कत्तिको प्रभावकारी रूपमा निर्वाह गरेका छन् भन्ने कुराको मूल्याङ्कन हो।

**उद्देश्यहरू:**

- कर्मचारीको कार्यदक्षता मूल्याङ्कन
- पदोन्नति, पुरस्कार वा दण्ड सम्बन्धी निर्णयमा सहयोग
- तालिम आवश्यकताको पहिचान
- कर्मचारीको करियर विकास योजना
- संस्थाको उद्देश्य प्राप्तिमा योगदान

**कार्यसम्पादन मापन**

कार्यसम्पादन मापन भन्नाले कुनै संगठन, विभाग वा व्यक्तिले निर्धारित उद्देश्य वा लक्ष्यहरू प्राप्त गर्न कत्तिको प्रभावकारी, दक्ष र परिणाममुखी रूपमा काम गरिरहेको छ भन्ने कुरालाई पूर्वनिर्धारित सूचकहरू (indicators) वा मापदण्डहरू (standards) का आधारमा नियमित र व्यवस्थित रूपमा मापन गर्ने प्रक्रिया हो। यसमा कर्मचारी वा संगठनको काम, सेवा, वा उत्पादनको गुणस्तर (quality), परिमाण (quantity), समय (timeliness) र लागत (cost) आदिका पक्षहरू विश्लेषण गरिन्छ। कार्यसम्पादन मापनले मात्र मूल्याङ्कन गर्दैन, सुधारका अवसरहरू पहिचान गर्न सहयोग गर्छ। यो प्रमाणमा आधारित निर्णय लिनको आधार हो।

कार्यसम्पादन मापन भनेको कार्य सम्पादनका सूचकहरूको आधारमा मूल्याङ्कन गर्ने प्रणाली हो। यसमा कार्यको प्रभावकारिता, कार्यसम्पादनको परिणाम, प्रयोगकर्ता सन्तुष्टि, तथा संस्थागत उद्देश्यहरूसँग कार्यको मिलान जस्ता पक्षहरू विश्लेषण गरिन्छ।

**विशेषताहरू:**

- मात्रात्मक सूचकहरूको प्रयोग
- निरन्तर प्रक्रिया
- रणनीति केन्द्रित
- तुलनात्मक विश्लेषण सम्भव

**कार्यसम्पादन मूल्याङ्कन र मापनबीचको भिन्नता**

| पक्षहरू | र्कायसम्पादन मूल्याङ्कन | र्कायसम्पादन मापन |
|---|---|---|
| उद्देश्य | विगतको समीक्षा | वर्तमान र भविष्य केन्द्रित मूल्याङ्कन |
| स्वरूप | गुणात्मक र व्यक्तिपरक | मात्रात्मक, सूचकाङ्कमा आधारित |
| अवधि | निश्चित अवधिपछि | निरन्तर प्रक्रिया |
| प्रयोगको उद्देश्य | पदोन्नति, सुधार, निगरानी | रणनीतिक योजना, सेवा सुधार |

**पुस्तकालयकर्मीको कार्यसम्पादन मूल्याङ्कन/मापन आधार**

पुस्तकालय कर्मचारीको कार्यको मूल्याङ्कन तथा मापन गर्दा उनीहरूको निम्न पक्षहरू समेट्नुपर्ने हुन्छ:

- सूचना व्यवस्थापन क्षमता
- सूचना अनुरोधको समयमै सेवा दिने दक्षता
- प्रयोगकर्ता सन्तुष्टिस्तर
- प्रविधिको प्रयोग दक्षता
- संवेदनशीलता, जवाफदेहिता र पेशागत आचरण

यस्ता मूल्याङ्कन र मापनहरू आधारमा कर्मचारीहरूको कार्य सम्पादनको स्तर पहिचान गर्न सकिन्छ। परिणामस्वरूप पुस्तकालयको समग्र सेवा प्रणालीमा गुणात्मक सुधार सम्भव हुन्छ।

**मूल्याङ्कनका विधिहरू**

पुस्तकालय व्यवस्थापनमा विभिन्न मूल्याङ्कन प्रविधिहरू लागू गर्न सकिन्छ, जसमध्ये केही निम्नानुसार छन्:

**९० डिग्री मूल्याङ्कन**

यो मूल्याङ्कन प्रत्यक्ष सुपरिवेक्षक (जस्तै: पुस्तकालय प्रमुख) बाट मात्र गरिन्छ। धेरैजसो परम्परागत प्रणालीमा प्रयोग हुन्छ, यो मूल्याङ्कन एकपक्षीय हुन्छ। **विशेषता:** मूल्याङ्कनकर्ता: वरिष्ठ/सुपरिवेक्षक, सामान्यतया वार्षिक रूपमा गरिन्छ, सरकारी निकायमा प्रचलित **फाइदा:** सरल र सस्तो, प्राविधिक रूपमा सजिलो **कमजोरी:** पूर्वाग्रह हुने सम्भावना, कर्मचारीको समग्र व्यवहार नदेखिने

**१८० डिग्री मूल्याङ्कन**

सुपरिवेक्षकको साथ साथै स्व-मूल्याङ्कन (Self-Appraisal) पनि गरिन्छ। कर्मचारी आफैंले आफ्नो कार्यको मूल्याङ्कन गर्दछ। विशेषत: दुई स्रोत वरिष्ठ र स्वयं कर्मचारी, आत्मपरीक्षण र सुधारको अवसर, फाइदाः कर्मचारी बढी संलग्न हुन्छ, पारदर्शिता बढ्छ। कमजोरी: आत्ममूल्याङ्कन पक्षपातयुक्त हुन सक्छ, असहमति उत्पन्न हुन सक्छ।

### ३६० डिग्री मूल्याङ्कन

कर्मचारीको मूल्याङ्कन चार पक्षबाट गरिन्छ: सुपरभाइजर, सहकर्मी, सेवा प्रयोगकर्ता तथा आत्म मूल्याङ्कन सबै समावेश हुन्छ । विशेषता: बहुपक्षीय मूल्याङ्कन, संस्थागत संस्कृति विकासमा उपयोगी फाइदा: समग्र दृष्टिकोण प्राप्त हुन्छ, सहकार्य र व्यवहार बुझ्न उपयोगी, निष्पक्ष मूल्याङ्कन कमजोरी: लागत बढी, डेटा विश्लेषण जटिल, गोपनीयता समस्या

### ५४० डिग्री मूल्याङ्कन

यस मूल्याङ्कन विधिमा ३६० डिग्रीका सबै मूल्याङ्कनकर्तामा थप समावेश गरिन्छ। जस्तै समुदाय वा बाह्य पर्यवेक्षकहरु थप मूल्याङ्कनमा सहभागी हुने गर्दछन् । विशेषता: आन्तरिक + बाह्य दृष्टिकोण, विशेष गरी सेवा क्षेत्रमा उपयोगी फाइदा: सार्वजनिक छवि बुझ्न सहयोगी, बाह्य दृष्टिकोणले विविधता ल्याउँछ कमजोरी: समय र स्रोत धेरै लाग्ने, बाह्य व्यक्तिको मूल्याङ्कन विषयगत हुन सक्छ ।

### ७२० डिग्री मूल्याङ्कन

यसमा संगठन, सेवाग्राही, बाह्य साझेदार, नीति निर्माताहरू, र स्वयं मूल्याङ्कन समेटिन्छ — अत्यन्त व्यापक मूल्याङ्कन प्रणाली। यो २ चरणीय ३६० डिग्री मूल्याङ्कन हो। पहिलो चरणमा मूल्याङ्कन गरिन्छ → सुधार योजना बनाइन्छ → दोस्रो चरणमा पुनः मूल्याङ्कन गरिन्छ । **विशेषता:** सम्पूर्ण मूल्याङ्कन चक्र २ पटक दोहोरिन्छ, लगातार सुधार र मूल्याङ्कन प्रक्रिया, नेतृत्व विकासका लागि उपयुक्त **फाइदा:** कार्यसम्पादनमा निरन्तर सुधार, रणनीतिक विकासमा उपयोगी, दीर्घकालीन क्षमताविकासमा सहयोग **कमजोरी:** समय खपत बढी, व्यवस्थापन कठिन, सबै संस्थामा लागू गर्न जटिल

| मूल्याङ्कन विधि | कोणहरू | स्रोतहरू | उपयुक्तता |
|---|---|---|---|
| ९० डिग्री | १ | वरिष्ठ | साधारण मूल्याङ्कन |
| १८० डिग्री | २ | वरिष्ठ + स्वयं | आत्मसमीक्षा सहित |
| ३६० डिग्री | ४–५ | वरिष्ठ, सहकर्मी, स्वयं, ग्राहक | संगठनात्मक मूल्याङ्कन |
| ५४० डिग्री | ५+ | ३६० + बाह्य ग्राहक | सेवामूलक संस्थामा |
| ७२० डिग्री | २ चक्र | ३६० × २ | नेतृत्व/दिगो मूल्याङ्कन |

### कार्यसम्पादन मापनका सूचकहरू

कार्यसम्पादन मापन (Performance measurement) पुस्तकालयकर्मीले आफ्नो काममा देखाएको दक्षता, समयपालन, उत्तरदायित्व, नवप्रवर्तन, सेवा प्रभाव, र प्रयोगकर्ता सन्तुष्टिलाई मापन गर्ने प्रक्रिया हो। पुस्तकालय कर्मचारीको कार्य मापन गर्दा निम्न सूचकहरू प्रयोग गर्न सकिन्छ:

| सूचक | व्याख्या |
|---|---|
| अनुरोधको प्रतिक्रियाको समय | प्रयोगकर्ताले मागेको सेवाको प्रतिक्रिया दिन लागेको समय |
| दैनिक कामको मात्रात्मक समीक्षा | संसाधन व्यवस्थापन, क्याटलगिङ, डाटा इन्ट्रीको सङ्ख्या आदि |
| प्रयोगकर्ता सन्तुष्टि | सेवाको गुणस्तर र प्रयोगकर्ताको अनुभूति सम्बन्धी सर्वेक्षण नतिजा |
| प्रविधिको उपयोग | डिजिटल प्रणाली, स्वचालित प्रणालीको उपयोग र दक्षता |
| नवप्रवर्तन | सेवामा नयाँ प्रविधिको प्रयोग, नयाँ सेवा सुविधा विकास |

### कार्यसम्पादन मूल्याङ्कन र मापनको अन्तरसम्बन्धको विश्लेषण

**परस्पर निर्भरता:** कार्य सम्पादन मूल्याङ्कनले कार्यमापनको डाटालाई आधार बनाउँछ भने कार्यमापनले मूल्याङ्कन प्रणालीलाई नियमित रूपमा सुधार्न सहयोग पुऱ्याउँछ।

रणनीतिक निर्णयमा सहयोग: कार्यमापनका तथ्याङ्कहरूले मूल्याङ्कन प्रणालीलाई प्रमाणमा आधारित बनाउँछ, जसले संगठनका दीर्घकालीन निर्णयहरूलाई सशक्त बनाउँछ।

**क्षमता विकास:** दुवै प्रक्रिया संयोजनमा ल्याउँदा कर्मचारीको कमजोरी पहिचान र सुधार कार्यक्रमको विकास सहज हुन्छ।

### नेपालको वर्तमान अवस्था

नेपालका अधिकांश सार्वजनिक, शैक्षिक तथा विशेष पुस्तकालयहरू अझै पारम्परिक संरचनामा आधारित छन् । संस्थागत रूपमा स्पष्ट कार्यसम्पादन मापन प्रणालीहरूको अभाव छ। अधिकांश मूल्याङ्कनहरू अनौपचारिक, व्यक्तिपरक वा रूढिगत रूपमा गरिन्छन्।

**मापन सूचक (Performance Indicators) को अभाव:** पुस्तकालय कर्मचारीको कार्य मापन गर्न उपयुक्त, व्यवस्थित र व्यवहारमा आधारित सूचकहरूको अभाव छ। यस्तो सूचक प्रणालीबिना मूल्याङ्कन औपचारिकतामै सीमित हुन्छ।

**प्रविधिको सीमित प्रयोग:** केही ठूला संस्थागत पुस्तकालय (जस्तैः विश्वविद्यालय पुस्तकालय, राष्ट्रिय पुस्तकालय) मा स्वचालित प्रणाली (जस्तैः Koha, PMB) प्रयोग भए पनि अधिकांश स्थानीय/विद्यालयस्तरीय पुस्तकालयहरू अझै कागजी प्रणालीमै सीमित छन्, जसले नियमित कार्यसम्पादन डेटा सङ्कलन असम्भव बनाउँछ।

**तालिम र दक्षता अभाव:** पुस्तकालय व्यवस्थापक वा प्राविधिकहरूलाई कार्यसम्पादन मापन सम्बन्धी पर्याप्त तालिम वा दिशानिर्देशन दिइएको पाइँदैन। नतिजा स्वरूप मूल्याङ्कन व्यक्तिगत अनुभव वा व्यवहारमा आधारित हुने गर्दछ।

**नीति तथा रणनीतिक अभाव:** नेपालको पुस्तकालय व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति तथा नियमावलीहरूमा कार्यसम्पादन मापनलाई अनिवार्य रूपमा समेटिएको पाइँदैन। जसकारण यो विषय प्राथमिकतामा पर्दैन।

**प्रयोगकर्ता प्रतिक्रिया प्रणाली कमजोर:** प्रयोगकर्ताको सन्तुष्टि वा सेवा गुणस्तर मापन गर्ने फिडब्याक प्रणाली संस्थागत रूपमा प्रायः नरहेको वा सक्रिय नरहेको अवस्था छ।

**सकारात्मक सङ्केतहरू (Opportunity)**

**प्राविधिक सम्भावना:** हालका वर्षहरूमा केही विश्वविद्यालय र शहरी पुस्तकालयहरूमा Koha, DSpace जस्ता सफ्टवेयरको प्रयोगले डिजिटल डाटा र प्रतिवेदन प्रणाली विकास गर्ने आधार तयार भएको छ।

सुशासन प्रवृत्तिको बढ्दो प्रभाव: निरन्तर सुधार, जवाफदेहिता, र पारदर्शिता प्रवर्द्धन गर्ने सुशासन नीतिहरूले कार्यसम्पादन मापनको आवश्यकता थप बलियो बनाइरहेका छन्।

**शिक्षित जनशक्ति प्रवेश:** नयाँ पुस्ताका पुस्तकालय विज्ञान स्नातक/स्नातकोत्तर विद्यार्थीहरू यो अवधारणासँग परिचित छन्। भविष्यमा उनीहरूको सक्रियताले प्रणालीगत सुधार ल्याउन सक्नेछ।

नेपालमा पुस्तकालय कर्मचारीको कार्यसम्पादन मापन प्रणाली अझै प्रारम्भिक चरणमै छ। यद्यपि प्रविधिको पहुँच, जनशक्ति विकास, र संस्थागत इच्छाशक्तिको समुचित प्रयोग भयो भने निकट भविष्यमा मापन प्रणाली प्रभावकारी रूपमा लागू गर्न सकिने सम्भावना छ। नेपालमा अधिकांश पुस्तकालयहरू अझै पारम्परिक रूपमै सञ्चालनमा छन्। मूल्याङ्कन प्रणालीहरू अनौपचारिक छन्, र मापन प्रणालीको विकास नगरेका उदाहरण प्रशस्त छन्।

**सुधारका उपायहरू**

राष्ट्रियस्तरमा पुस्तकालयको सेवाका मूल्याङ्कन र मापनका मापदण्डहरू निर्धारण गर्नुपर्छ। डिजिटल मापन उपकरणको प्रयोग गरी निरन्तर डेटा सङ्कलन र विश्लेषण गर्न सकिन्छ। तालिम, गोष्ठी, कार्यशाला जस्ता माध्यमबाट मूल्याङ्कन प्रणालीबारे जागरुकता र दक्षता बढाउन सकिन्छ। मूल्याङ्कन प्रक्रियामा सेवाग्राहीको मत र अनुभव समावेश गर्नु आवश्यक छ।

**निष्कर्ष**

पुस्तकालय सेवा सुधार, संस्थागत उत्तरदायित्व, र जनमैत्री सेवा विकासको लागि पुस्तकालय कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन र कार्यसम्पादन मापन अपरिहार्य छन्। यी दुवै प्रणालीको प्रभावकारी संयोजनबाट मात्र पुस्तकालय कर्मचारीको क्षमता बृद्धिमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ। नेपाली सन्दर्भमा अझै पनि औपचारिक प्रणालीको विकासको खाँचो छ, तर विश्व अनुभवलाई आत्मसात गर्दै प्राविधिक सहयोग, कर्मचारी तालिम, र प्रयोगकर्ता सहभागितामूलक प्रणाली विकास गर्न सकिने सम्भावना प्रशस्त छ।

# श्रव्य पुस्तक र यसको सान्दर्भिकता

**बालकृष्ण उप्रेती***

मानिसको सबै भन्दा संवेदनशिल अंग आँखा हो । आँखा नहुने हो भने यो सन्सारमा भएका कुनै पनि बस्तु देख्न वा हेर्न सकिदैन । त्यसैले भगवानले हेर्नका लागि सबै प्राणीहरूका लागि दुई ओटा आँखा दिएका छन् । यिनै आँखाको सहायताले हामी सबैचिज देख्न र लेख पढ गर्न पनि सक्छौं तर यो सन्सार हामीले सोचे जस्तो कहाँ छ र ? सबैले पाएका ती संवेदनशिल आँखाहरू केही मानिसहरूलाई भगवानले दिन विर्सीएका छन् अर्थात यो सन्सारमा केही मानिसहरू आँखाले देख्न सक्तैनन । हामी उनीहरूलाई दृष्टिबिहीन वा नेत्रहीन भन्छौं ।

मानव चेतनशिल प्राणी भएकोले उसले खोज र अनुसन्धानलाई जारी राख्दै आजको एक्काइसौँ सताब्दीको विकसित युगसम्म आई पुगेको हो । उसले आफ्नो ज्ञानको भन्डारलाई पुस्तान्तरण गर्नका लागि लिपीको आविस्कार गऱ्यो र पछि कागज कलम र मसीको पनि आविस्कार गर्दै छापाखानाको विकास गरेको हो । पछि तीनै ज्ञानको भन्डारलाई सुरक्षित गर्नका लागि पुस्तकको निमार्ण पनि भयो । सुरुसुरुमा धार्मिक विषयलाई समेटेर पुस्तकहरू लेखिए । ती पुस्तकहरू लेख पढ गर्न जान्ने धनीवर्गका घरमा राखिन्थ्यो ।

त्यसपछि विस्तारै विकासले फड्को मार्दै जाने क्रममा ति पुस्तकहरूमा सर्वसाधारणको पहुँच पुग्न थाल्यो र समाजमा आएको नयाँ जागरणले सबैले पढ्न पाउनु पर्छ भन्ने अवधारणाको विकास भयो र त्यस्ता पुस्तकहरू क्रमस सबैका घरघरमा पुग्न थाले । त्यसपछि विस्तारै ज्ञानका अन्य क्षेत्र बिज्ञान दर्सन अर्थसास्त्र साहित्य मनोबिज्ञान गणित भूगोल आदी विषयमा पनि पुस्तकहरू लेखिन थाले । यस्तै शैक्षिक विकासका लागि पनि विद्यालय र विश्वविद्यालयहरू खोलिन थाले ।

यसरी ज्ञानको पुस्तान्तरण र अभिवृद्धी गर्ने दुबै कोणबाट पुस्तकको महत्व समाजमा झन बढ्न थाल्यो र पुस्तकको सहजरुपमा प्राप्तिका लागि पछि पुस्तकालयको विकास भयो । वर्तमान अवस्थासम्म आई पुग्दा पुस्तकालयहरू टोल टोलमा स्थापना भएका छन् भन्दा त्यती फरक नपर्ला । अहिले त झन् इन्टरनेटको ब्यापक विस्तार र जनताको यसमा सहज पहुँच पुग्न थालेपछि हाल आएर संसार इ पुस्तकालयको अवधारणामा जान थालेको छ ।

यती हुँदाहुँदै पनि एउटा बर्ग जो अझै पनि पढ्न मन लागेको पुस्तक सहजरुपमा पढ्न पाई राखेको छैनन् । देख्ने मानिसहरू आफुले पढ्न चाहेको पुस्तक सहजरुपमा पढ्न सक्छन् तर दृष्टिबिहीन अपाङ्गता भएका व्यक्तीहरूले आजसम्म पनि पढ्न चाहेको पुस्तक सहजरुपमा पढ्न पाई रहेका छैनन् । किनभने विद्यालयका पाठ्य पुस्तकहरू बाहेक अन्य कुनै पनि पुस्तकहरू ब्रेल लिपीमा प्रकाशित हुँदैनन् र ब्रेल लिपीमा पुस्तक निर्माण गर्नु पर्ने सम्वैधानिक व्यवस्था हुँदाहुँदै केवल विद्यालय स्तरका मात्र सिमित पुस्तकहरु मात्र प्रकाशित गरिने हुँदा लक्षित वर्गले पढ्न चाहेको पुस्तक पढ्न पाएका छैनन् ।

।त्यसकारण अहिले अडियो पुस्तकहरू बनाएर दृष्टिबिहीनहरूको किताव पढ्ने चाहानालाई केही हदसम्म पुरा गर्ने उदेश्यले नेपालका केही संघ संस्थाहरूले यसको थालनी गरेका छन् तरपनि यस्ता पुस्तकहरूको निर्माण गर्न त्यती सहज भने छैन ।

यसका लागि अझै पनि कानुनी झन्झटहरू छन् तर मसीमा छापिएका पुस्तकहरू भने पुस्तकालयमा निर्विवाद राख्न र पढ्न पाइन्छ ।तिनै पुस्तक दृष्टिबिहीन अपाङ्गता भएका व्यक्तीहरूका लागि श्रव्य संस्करण बनाउदा भने कपी राइटको कानुन लाग्ने र प्रकाशक संग अनुमति लिन खोज्दा अनुमति नदिने जस्ता समस्याहरू झेल्नु पर्छ ।

हुन त संयुक्त राष्ट्र संघले पारित गरेको कपी राइट सम्बन्धी महासन्धीमा दृष्टिबिहीनहरूका लागि श्रव्य पुस्तक बनाउदा कपी राइट नलाग्ने भनेर उल्लेख गरेको छ तर अहिलेसम्म नेपालले यो महासन्धीको पक्ष राष्ट्रकोरुपमा आफुलाई उभ्याएको छैन । अर्थात नेपालले अहिलेसम्म यस महासन्धीलाई अनुमोदन गरेको छैन । जसका कारण नेपालका दृटिबिहीन अपाङ्गता भएका व्यक्तीहरूले बैधानिक रुपमा श्रव्य पुस्तक पढ्न पाएका छैनन् ।

त्यस कारण अव यि र यस्ता सबै प्रकारका कानुनी जटिलतालाई फुकाएर हाल बढ्दै गएको श्रव्य पुस्तकको सान्दर्भिकतालाई

** त्रिवि केन्द्रिय पुस्तकालय कीर्तिपुर ।*

बैधानिक बनाउन र यसको सान्दर्भिकतालाई पुष्टी गर्न ढिलाई गर्नु हुँदैन। यदी यसो गरिएन भने देशको जनसंख्याको करिव चार लाख दृष्टिबिहीन अपाङ्गता भएका व्यक्तीहरूलाई शिक्षाको मुलधारमा ल्याउनन नसकिने मात्र होइन यो बर्ग राज्यले दिएको सबै नागरिकले शिक्षा प्राप्त गर्न पाउने अधिकारबाट समेत बन्चित हुने नीस्चतप्राय छ।

राज्यले एकातिर सबैका लागि शिक्षा भन्ने नारा दियी रहेको छ भने अर्कोतिर दृष्टिबिहीन अपाङ्गता भएका व्यक्तीहरूले शिक्षित हुन पाउने अधिकारलाई माथि उल्लेखित कानुनी जटिलताको अन्त्य गर्न ढिलाई गरेर शैक्षिक अधिकारबाट दृष्टिबिहीन हरूलाई बन्चित गरी रहेको छ। मैले यहाँ राज्य माथि कुनै आक्षेप थोर्पन वा लान्छना लगाउन खोजेको होइन। बरु राज्यले आजको बिद्युतीय कम्प्युटरको युगमा प्रवेश गरेको शिक्षाको नबिनतम प्रविधीबाट दृष्टिबिहीन अपाङ्गता भएका व्यक्तीहरूलाई छुटाउनु वा अलग राख्नु हुँदैन भन्ने उदेश्यले सचेत गर्न मात्र खोजेको हुँ।

ब्रेल लिपी दृष्टिबिहीन अपाङ्गता भएका व्यक्तीहरूको एक उत्तम बिकल्प हुँदाहुँदै पनि किन अडियो बुकको आवश्यकता पऱ्यो ? भन्ने प्रश्न उठ्न सक्छ। अडियो पुस्तकको सान्दर्भिकता कसरी पुष्टि हुन सक्छ ?भन्ने प्रश्न उब्जिन सक्छ। तसर्थ श्रव्य वा अडियो पुस्तकको सान्दर्भिकतालाई पुष्टि गर्ने केही आधारहरू यहाँ प्रष्ट पार्ने कोसिस गरिएको छ।

मानिस जन्मदै वा जन्मी सकेपछि पनि सबलाङ्ग रही रहन सक्छ भन्ने कुनै निस्चितता हुँदैन। उ कुनै पनि वेला कुनै रोग लागेर वा दुर्घटनामा परेर अपाङ्ग हुन सक्छ। तिनै अपाङ्गहरू मध्ये कोही दृष्टिबिहीन पनि हुन्छन् ।दृष्टिबिहीन भै सकेपछि उनीहरूले देख्न सक्तैनन् तर देख्न सक्तैनन् भन्दैमा शिक्षा प्राप्त गर्न पाउने हकबाट कसैलाई बन्चित गर्ने काम कुनै पनि राज्यले गर्दैन र गर्नु पनि हुँदैन।

यसरी शिक्षा प्राप्त गर्नका लागि सहज वातावरण मिलाई दिने दायित्व राज्यको हुन आउँछ। हुन त दृष्टिबिहीनहरूका लागि ब्रेल लिपी पनि उपलब्ध छ तर हाम्रो देशमा माथि नै उल्लेख भए बमोजिम माध्यमिक विद्यालय तहसम्मका पाठ्य पुस्तकहरू मात्र ब्रेल लिपीमा उपलब्ध छन। फेरी ब्रेल लिपीका पुस्तकहरू बनाउने सोच राखियो भने त्यो उत्तम हो तर पनि यस्ता पुस्तकहरूको निर्माण गर्दा धेरै खर्चिलो र एक ठाउँबाट अर्को ठाउँ लैजान पनि असहज हुने हुन्छ।

अनी अर्को कुरा मानिस उमेरले बुढो हुँदै गएपछि उसको दृष्टि कम्जोर हुँदै जान्छ तर उसको पढ्ने चाहानामाआँखाको दृष्टि तगारो बनी दिन्छ। फेरी उसले बुढेसकालमा आएर ब्रेल लिपी सिक्न पनि प्राय असम्भव जस्तै हुन आउँछ। त्यसकारण उसले सकेसम्म श्रवणशक्ती नगुमाएसम्म ओछ्यान मै बसेर भए पनि केही जान्न र सिक्न वा सुन्न खोज्छ। यसकारण अहिलेको डिजीटल युगमा यो सम्भव पनि छ र यो नै एक उत्तम बिकल्प पनि हुन सक्छ।

यसकारण अव राज्यले सम्पूर्ण कानुनी अवरोध हटाएर सुन्ने पुस्तक अर्थात अडियो बुकलाई कानुनी मान्यता दिन अवीलम्ब कदम चाल्ने बेला भएको छ। ठिक छ यसका लागि लेखक प्रकाशकलाई पनि असर नपर्ने गरी निती निमार्ण भने अवश्य पनि गर्नु पर्छ। यसबाट कलम जीबीहरूको पेटमा लात हान्ने काम पनि गरिनु हुन्न र दृष्टिबिहीन अपाङ्गता भएका व्यक्तीहरूले पनि सहजरुपमा चाहेको पुस्तक पढ्न पाउने वातावरणको सिर्जना गर्नु पर्छ।

बिदेशतिर छापिएका पुस्तकको साथमा अडियो संस्करण पनि निकाल्ने चलन चली सकेको छ। नेपालमा पनि यसरी पुस्तक प्रकासन गर्न सकियो भने सबै प्रकारका पाठकहरूले आफुले चाहेका पुस्तकहरू सहजै किनेर पढ्न सक्ने थिए तर यसका लागि सबैले आ आफ्नो क्षेत्रबाट पहल कदमी लिदै छाति फराकिलो पार्न सक्नु पर्छ।

हाल यस्ता कार्यका लागि केही संघ संस्थाहरूले अनौपचारिक रुपमा थालनी पनि गरी सकेका छन। जुन काम राज्यले गर्नु पर्ने थियो। हुन त जसले गरे पनि एउटा राम्रो कामको सुरुवात भएकोमा त्यसको उचित मुल्याङ्कन हुने नै छ होला भन्ने यस पङतीकारको ठम्याई रहेको छ तर केही संघ संस्थहरूले मात्र गरेर यस्ता कार्यले मुर्तरुप पाउला या नपाउला तर सबैले यसका लागि हातेमालो गरेर एउटा अभियानको रुपमा अगाडि बढाउने हो भने लक्ष्य भेट्न त्यती कठिन अवश्य नपर्ला।

नेपालको इतिहासमा हेर्ने हो भने त्रि वि केन्द्रीय पुस्तकालयले २०५०-५१ सालदेखि यो कार्यको सुरुवात गरेको तथ्य यस पङ्तीकारले फेला पारेको छ। त्यतीवेला त्रि वि केन्द्रीय पुस्तकालयका प्रमुख श्री कृष्णमणी भन्डारीको पहल कदमिमा आफ्ना दृष्टिबिहीन पाठकहरूलाई लक्षित गरी स्नातकोत्तर तहका केही पाठ्य पुस्तकहरू एनालक प्रविधिमा अडियो क्यासेट गरीएको पाइन्छ। ती सामाग्रीहरूमा २०७२ सालको बिनासकारी भूकम्पले आम्सिक क्षेती पुऱ्याए पनि अधिकांस सामाग्रीहरू अहिले पनि सुरक्षित नै छन तर अहिलेको नविनतम प्रविधि एनालकबाट डिजीटल प्रविधिमा फड्को मारी सकेको छ। तसर्थ अव ती पुराना सामाग्रीलाई डिजीटलाइज गर्दै थप पुस्तकहरू

ओसिआर प्रविधिबाट उत्पादन गरी, एन्ड्रोइड मोबाइलबाट पढ्न मिल्ने बनाउदै उत्पादन गर्न सकियो भने रेकर्डिङ गरी रहन पनि पर्दैन।

यसका लागि ओ सी आर प्रविधिबाट स्क्यान गरी सामान्य सम्पादन गरेर युनीकोडमा रुपान्तरण गर्न सकिन्छ र टेक्स्ट भर्सनमा भएपनि अटो टिटि एसको सहायताले पढ्न सकिन्छ। हाल गोरखापत्र लगायतका केही सन्चार माध्यमहरूले ओ सी आर स्क्यान गरी आफ्ना सामाग्रीहरू अनलाइनमा उपलब्ध गराउन थालेका छन भन्ने सुनेको छु। यी र यस्तै प्रविधि हाम्रा विद्यालय र विश्वविद्यालयका पुस्तकालयहरूले प्रयोग गर्ने हो भने दृष्टीबिहीन अपाङ्गता भएका पाठकहरूले आफुले पढ्न चाहेका पुस्तकहरू सहजरुपमा पढ्न पाउने थिए। तसर्थ यसमा राज्यको शिक्षा हेर्ने निकाय,सबै विश्वविद्यालयका पदाधिकारी र सरोकारवाला सबैको ध्यान जान आवश्यक छ।

हाल केही गैर सरकारी संघ संस्थाहरूले दृष्टिबिहीन अपाङ्गाता भएका व्यक्तीहरूका लागि ओ सी आर प्रविधिबाट पुस्तकहरू स्क्यान गरी अक्षरमा रुपान्तरण गरी टिटिएसबाट सुन्न मिल्ने गरी पाठ्य पुस्तकहरू बनाई रहेका छन्। जसले गर्दा पढ्न पाइएन पढेर सुनाई दिने मानिस पनि कोही छैनन् भनेर आफ्ना पिडा पोख्न आउने दृष्टिबिहीन भाइ बहिनीहरूलाई ती गैर सरकारी संघ संस्थाहरूले उनीहरूको पिडालाई शान्त पार्न थोरै भए पनि प्रयत्न गरी रहेका छन्। जसले गर्दा उनीहरूको पढ्ने इच्छालाई केही हद सम्म टेवा मिलेको छ। जसमा कीर्तिपुरमा रहेको श्रव्य पुस्तकालय तथा श्रोत केन्द्र नेपालले महत्वपूर्ण भूमिका खेली रहेको छ। यसैगरी चितवन नेत्रहीन संघ जस्ता संस्थाहरूले महत्वपूर्ण योगदान पुर्‍याई रहेका छन।

श्रव्य पुस्तकालय तथा श्रोत केन्द्र नेपालले पर्याप्त जनसक्ती र आवश्यक आर्थिक श्रोतको अभावमा पनि बिभिन्न पुस्तकहरू जस्तै शिक्षक सेवा आयोग ,लोक सेवा आयोग लगायतका र कक्षा ८ देखि स्नातकोत्तर तहसम्मका पाठ्य पुस्तकहरूलाई दृष्टिबिहीन मैत्री बनाई उत्पादन गर्न थाले पछि उनीहरूले हाल आएर शिक्षक सेवा आयोगमा सैयौँले र लोक सेवा आयोगमा दर्जनौको सङ्ख्याले नाम निकाल्न सफल हुने गरेका छन् तर पनि खोलो तर्‍यो लौरो बिर्सीयो भने झैँ गरी आफुले जागिर खाई सकेपछि संस्थालाई बिर्सीने गरेको कुरा संस्थाका पदाधिकारीहरूले गुनासो गरेको सुन्न पाइन्छ। यसबाट के स्पष्ट हुन्छ भने स्वयं सरोकारवालाहरूले पनि आफ्ने भोलिको भविश्य प्रति उती चासो दिन नसकेको पाइन्छ।

सबैका लागि शिक्षा भन्ने अवधारणा विकास भएको वर्तमान अवस्थामा विद्यालय सरकारी कार्यालय र पुस्तकालय जस्ता सबै सार्वजनिक स्थानहरू अपाङ्गता भएका व्यक्तीहरू मैत्री बन्न थालेका छन। यस अवस्थामा पढ्ने सामाग्रीहरू अपाङ्गता मैत्री हुनु पर्छ। अन्य अपाङ्गता भएका व्यक्तीहरूको हकमा त छापा पुस्तकहरू नै प्रयोगमा आउन सक्छन् केवल भौतिक संरचना अपाङ्गता मैत्री मात्र भयो भने पनि केहि सहज हुन्छ। तर दृष्टिबिहीन अपाङ्गता भएका व्यक्तीहरूको लागि भने श्रव्य पुस्तकहरू नै आवश्यकता पर्दछ।

निश्कर्षमा भन्नु पर्दा राज्यले सबै नागरिकहरूका लागि कहिँ न कहिँ केहि न केहि रुपमा सम्बोधन गरेको छ र सेवाहरू पनि थपेको छ दृष्टिबिहीनहरुको क्षेत्रमा पूर्ण रुपले आखा चिम्लिएको छ भन्नु सत्य होला। जति चासो दिनु पर्ने हो त्यस रुपमा नभएको स्थितिको संकेत लेखका कयौ अंसले पुस्ठी गरेको छ। संघ संस्थाहरूको भर पर्नु भन्दा जहा लगानी गरेको छ ति संघ संस्थाहरुलाई निर्देशन गर्नु छानबिन गर्नु उदेस्य मुखी परिणाम हेर्नु राज्य को कर्तब्य हो। यसका लागि नियमित अनुगमन पनि गरी रहनु पर्छ।

# पुस्तकालय व्यवस्थापनमा लिमिसेकको भूमिका



चन्द्र किरण श्रेष्ठ*

## विषय प्रवेश

जुनसुकै पुस्तकालयमा भएका ज्ञान सामग्री तथा सूचना सेवाग्राहीले खोजेको बखत उपलब्ध गराउन सक्नु नै पुस्तकालयकर्मीहरुका लागि चुनौति र अवसर हो । पुस्तकालयकर्मीहरुले पाठकवर्गलाई समयसापेक्ष सेवा पुर्‍याउन पुस्तकालयमा रहेका पाठ्यसामाग्रीहरुको उचित व्यवस्थापन गर्नुपर्दछ । सङ्कलन भएका पाठ्यसामाग्रीहरु दर्ता, सूचीकरण तथा वर्गीकरण गरेर कम्प्युटरमा प्रचलित सफ्टवेयर अनुसार पुस्तकहरु डाटावेसमा राखेर पुस्तकालयलाई पुर्ण रुपमा स्वचालित (अटोमेसन) गर्नु पर्दछ । कुनै पनि संस्था चुस्त दुरुस्त हुनु भनेको त्यहाँको राम्रो व्यवस्थापन हो भन्ने बुझिन्छ ।

पुस्तकालय सञ्चालन गर्न र यसरी व्यवस्थित तरिकाले पुस्तकहरु प्राविधिक हिसाबले मिलाएर राख्न यस बारे ज्ञान आर्जन गरेको हुनु पर्छ । व्यवस्थापन राम्रो हुन विभिन्न स्रोतले अहम भूमिका खेलेको हुन्छ जस्तै भौतिक, आर्थिक, मानव आदि । उपरोक्त कार्य व्यवस्थित रुपमा गर्नका लागि प्राविधिक जनशक्तिको नितान्त आवश्यक पर्दछ ।

पुस्तकालय एउटा विज्ञान हो । यसको छुट्टै आफ्नो सिद्धान्त र प्रयोगविधि हुन्छ र यो सिद्धान्त विश्वव्यापी हुन्छ । पुस्तकालय कुशलतापुर्वक सञ्चालन गर्न त्यहाँ कार्यरत सम्पुर्ण कर्मचारीहरुको उत्तिकै दायित्व हुन्छ । त्यस्तै काउन्टरमा बस्ने बुकचेकर देखि लिएर प्राविधिक कार्य गर्ने अर्धदक्ष, दक्ष र विज्ञ जस्ता विभिन्न तहका सबै कर्मचारीहरुको अहम् भूमिका रहेको हुन्छ । त्यसैले पुस्तकालयका सबै तहका कर्मचारीको सामुहिक प्रयत्नले मात्र सेवाग्राहीलाई आवश्यकता अनुसारको भरपर्दो सेवा उपलब्ध गराउन सकिन्छ । भनिन्छ, एउटा पुस्तक २५ पटक छोएपछि मात्र पाठकको हातमा पुग्न सक्छ ।

यसबाट के स्पष्ट हुन्छ भने पुस्तकालयमा विज्ञहरुका साथै दक्ष तथा अर्धदक्ष कर्मचारीहरुको पनि उत्तिकै आवश्यकता पर्दछ । तर त्यस किसिमको जनशक्ति अहिले सरकारले वा अन्य कुनै पनि शैक्षिक संस्थाले उत्पादन गरेको देखिँदैन । यही तथ्यलाई हृदयंगम गरेर पुस्तकालय व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यले त्रि.वि. केन्द्रीय पुस्तकालयमा कार्यरत तत्कालीन कर्मचारी साथीहरुले संस्था दर्ता ऐन २०३४ बमोजिम संस्था दर्ता गरेका छन् । पुस्तकालय विकासमा समर्पित उक्त संस्थाको नाम पुस्तकालय विज्ञान तथा सुचना सेवा केन्द्र (Library Management and Information Service Center, LIMISEC) हो । यो एउटा गैह्र नाफामूलक, गैह्र राजनीतिक तथा गैह्र सरकारी सामाजिक संस्था हो । यसको स्थापना वि.सं.२०५५ सालमा भएको हो र यसले २७ वर्षको कार्यकाल पूरा गरिसकेको छ । यो पुस्तकालय व्यवस्थापन सम्वन्धी तालिम संचालन गर्ने CTEVT बाट मान्यता प्राप्त पहिलो गैह्र सरकारी संस्था पनि हो ।

## उद्देश्य

१. पुस्तकालय सम्बन्धी प्राविधिक जनशक्ति उत्पादन गर्ने,
२. पुस्तकालयलाई कुशलतापुर्वक व्यवस्थापन गर्ने,
३. अध्ययन, अनुसन्धान तथा प्रकाशन गर्ने,
४. पुस्तकालय सम्वन्धी वकालत गर्ने,
५. पुस्तकालय सम्वन्धी सूचनाको संप्रेषण गर्ने

यस संस्थाले पुस्तकालय व्यवस्थापन सम्वन्धी शुरुमा ३५ दिने र वि. सं. २०७० सालदेखि तीन महिने CTEVT को पाठ्यक्रम अनुसारको हालसम्म २५ वटा तालिम सञ्चालन गरि ६०० जना जति अर्धदक्ष जनशक्ति उत्पादन गरिसकेको छ । हाल मिति २०८२/ ३/२१ देखि २६औं समुहको तालिम सञ्चालन भइरहेको छ । लिमिसेकबाट तालिमप्राप्त करीब २० जना प्रशिथार्थीहरुले तालिमपछि पुस्तकालय तथा सुचना विज्ञान केन्द्रीय विभागबाट पुस्तकालय विज्ञान विषयमा स्नातकोत्तर पनि गरिसकेका छन् हाल स्नातकोत्तर गरिराखेका छन्।

*कार्यवाहक कार्यकारी निर्देशक, प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र एवम्, सदस्य, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय ।

यस संस्थाको आफ्नो छुट्टै भवन नभएकाले तालिममा व्यवहारिक तथा प्रयोगात्मक प्रशिक्षण गराउन विभिन्न विद्यालय, क्याम्पस वा पुस्तकालय भएका संस्थामा त्यही पुस्तकालयको पाठ्यसामाग्री प्रयोग गरि उक्त पुस्तकालयलाई व्यवस्थित गर्दै प्रशिक्षण गराउने गरिएको रहेछ । प्रशिक्षणको क्रममा विभिन्न पुस्तकालयमा अवलोकन भ्रमण गराउने, पुस्तकालयमा प्रयोग गरिने विभिन्न सफ्टवेयर सम्वन्धी जानकारी गराउने तथा बढी प्रयोगमा आउने एउटा कुनै सफ्टवेयर प्रशिक्षण गराइ पुस्तकहरु डाटावेसमा समावेश गराइ पुस्तकालयलाई अटोमेसन गर्ने विधि सिकाइने गरेको देखिन्छ।

यसबाहेक पुस्तकहरूलाई वर्गीकरण गर्ने विभिन्न पद्धतिको जानकारी गराउनुका साथै विश्वका १३५ भन्दा बढी देशहरुमा प्रयोग भइरहेको Dewey Decimal Classification (DDC) पद्धति अनुसार पुस्तकहरुको class no राख्न सिकाइनुका साथै पाठ्यक्रममा समावेश नभएका तर विभिन्न पुस्तकालयको कुशल व्यवस्थापन गर्न अनिवार्य जान्नुपर्ने Medical library Management आदि जस्ता विषय पनि समावेश गरेर प्रशिक्षण गर्ने गरेको देखिन्छ । प्रशिक्षणको क्रममा दक्ष, अनुभवी, जेष्ठ तथा सम्वन्धीत विषय विशेषज्ञ प्रशिक्षकद्वारा कक्षा संचालन गर्ने गरेको देखिन्छ भने यसरी प्रशिक्षण गर्ने प्रशिक्षकहरु लिमिसेक संस्थाको ८ जना र बाहिरको स्रोत व्यक्ति वा विज्ञहरु करीब ३२/३३ जना रहेछन् ।

## लिमिसेकको कार्यहरु/रणनीति

- पुस्तकालय व्यवस्थापन सम्वन्धी तालिम उपलब्ध गराउने
- पुस्तकालयहरुको व्यवस्थापन निःशुल्क गर्ने
- पुस्तकहरु तथा अन्य सामग्रीको प्रकाशन गर्ने
- पुस्तकालय सम्वन्धी अध्ययन, अनुसन्धान गर्ने
- विभिन्न कार्यक्रम : अन्तरक्रिया, पुस्तक लोकार्पण गर्ने
- सूचनाको संप्रेषण गर्ने
- वकालत तथा सचेतन कार्यक्रम गर्ने

## प्रकाशन

लिमिसेकले हालसम्म पुस्तकालय सम्वन्धी विभिन्न सालमा निम्न पुस्तकहरु प्रकाशन गरेको देखिन्छ :

१) इन्द्रप्रसाद अधिकारीको पुस्तकालय तथा सूचना सेवा स्रोत केन्द्र, व्यवस्थापन तथा सञ्चालनको पहिलो 2065, तेश्रो २०७३ र चौथो संस्करण २०७८ ।

२) इन्द्रप्रसाद अधिकारीकै पुस्तकालय तथा सूचना विज्ञान पारिभाषिक शब्दावली एवम् जीवनी कोष, २०७३।

३) नारायणप्रसाद मिश्र तथा शान्ति मिश्रको त्रि. वि. केन्द्रीय पुस्तकालयको गौरवशाली कहानी र हाम्रो सेवा, सम्पादन तथा वितरण, २०७५।

## पुस्तकालय व्यवस्थित गर्न सहयोग गरिएको

यसका अतिरिक्त यस संस्थाले व्यवस्थित नभएका निम्न पुस्तकालयहरुलाई पूर्ण रुपमा निःशुल्क रुपमा पुरा व्यवस्थित गरेर सहयोग पुर्‍याएको रहेछ :

१) नइ प्रकाशन पुस्तकालय, घट्टेकुलो, काठमाडौ।

२) कृष्णभक्त श्रेष्ठ पुस्तकालय, बाँसबारी, काठमाडौ।

३) कृष्णसेन इच्छुक प्रतिष्ठान, सेतोपुल, काठमाडौ।

४) सुश्री भद्रकुमारी घले पुस्तकालय, डिल्लीबजार, काठमाडौ।

यी बाहेक अन्य थुप्रै संस्थाहरुमा प्रशिथार्थीहरुलाई प्रयोगात्मक (ईन्तरशिप) गराउंदा त्यस संस्थाको पुस्तकालय ब्यबस्थित गराएको देखिन्छ जस्तै बाल्मिक क्याम्पस, नारी चेतना केन्द्र आदि |

## क्रियाकलाप

लिमिसेकले तालिम संचालन गर्ने मात्र नभई संस्थाको उद्देश्य पुरा गर्न अन्य कार्यहरु पनि गरिएका रहेछन् :

- निःशुल्क पुस्तकालयहरुको व्यवस्थापन गरिएको
- पुस्तकहरुको प्रकाशन तथा लोकार्पण गरिएको
- पुस्तकालय सम्वन्धी अध्ययन तथा अनुसन्धान गर्न बिभिन्न अबलोकन गरि रिपोर्ट
- बिभिन्न संघसंस्थाहरुलाई निशुल्क पुस्तक वितरण
- विभिन्न कार्यक्रम : संवाद तथा अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको
- विभिन्न पुस्तकालय तथा संस्थाहरुको सूचनाको संप्रेषण गरिएको
- वकालत तथा सचेतन कार्यक्रम संचालन गरिएको
- सामाजिक तथा जनहितको लागि कार्यहरु जस्तै रक्तदान, वृक्षारोपण

## हालका पदाधिकारीहरु

| | |
|---|---|
| अध्यक्ष | सरोजा श्रेष्ठ |
| उपाध्यक्ष | पार्वती नेपाल |
| महासचिव | दिलिपमान स्थापित |
| कोषाध्यक्ष | कृष्णकुमारी मानन्धर |
| सदस्य | बेलमाया ताम्राकार |

सदस्य		कमलबहादुर कायस्थ
सदस्य		नीना श्रेष्ठ

यस संस्थाको शुरुदेखि सल्लाहकारको रुपमा त्रि.वि.वि केन्द्रीय पुस्तकालयका पुर्व प्रमुख कृष्णमणि भण्डारी, पूर्व बरिस्ठ प्रशासक खग प्रसाद नेपाल, कानुनी सल्लाहकारको रूपमा शशिचन्द्र मिश्र रहनुभएको रहेछ। त्रि.वि. केन्द्रीय पुस्तकालयका पुर्व प्रथम प्रमुख श्रीमती शान्ति मिश्र संरक्षकका रुपमा हुनुहुन्थ्यो तर दुःखको कुरा उहाँ अब यस धर्तीमा हुनुहुन्न।

### अन्त्यमा

पुस्तकालय व्यवस्थापन गर्ने अर्धदक्ष जनशक्ति उत्पादन गर्ने लिमिसेकको भूमिका पुस्तकालय जगतमा सहाहनीय रहेको छ। अहिले सम्मको तथ्यांक हेर्दा यस संस्था बाट CTEVT को पाठ्यक्रम अनुसार प्राविधिक तेस्रो तहको तालिमप्राप्त प्रशिक्षार्थीहरु योग्यता अनुसारको जुनसुकै परिक्षामा सफल भएको देखिएकाले उनीहरु बेरोजगार रहनुपर्ने अवस्था न्यून रहेको देखिन्छ। यसका लागि लिमिसेक प्रशंसनीय र उदाहरणीय संस्था बन्न सफल भएको छ। यसरी लिमिसेकले खालि तालिम दिनको लागि तालिम संचालन मात्र नगरिकन त्यहाँ बाट तालिम लिएका प्रशिक्षार्थीहरुले साँच्चै पुस्तकालय व्यवस्थापन गर्न सकुन् भन्ने संस्था संस्थापकहरुको सकारात्मक भावना देखिन्छ । त्यो किनभने प्रशिक्षार्थीहरुको तालिम शुल्कबाट नपुगेको पैसा पदाधिकारीहरुले आआफ्नो खल्तीबाट झिकेर पनि तालिम कार्यक्रम सफलतापुर्वक सम्पन्न गर्ने गरेको देखिएको छ। यो नाफा नकमाउने गैहसरकारी संस्थाभएकाले अहिलेसम्म कतैबाट पनि आर्थिक सहयोग नपाएको हुनाले यसको आर्थिक पक्ष र भौतिक संरचना यसलाई जोगाइराख्न चुनौतीपूर्ण छ । यस्ता चुनौतीका वाबजुद पनि यो संस्था अगाडि बढिरहेको छ। यसरी पुस्तकालय व्यवस्थापनमा लागिपरेको संस्थालाई हाम्रो धेरै शुभकामना छ।

# मेरो पुस्तकालय यात्रा: आत्मा, अध्ययन र अन्तर्राष्ट्रिय अनुभव



**अनिता भण्डारी***

पढाइको क्रममा अनौठो रूपमा ठोक्किएको पुस्तकालयप्रतिको मेरो यात्रा सुरु भएदेखि आजसम्म म नयाँ–नयाँ अनुभवहरूको बाटोमा हिँडिरहेकी छु। कहिले म अघि त कहिले मेरो पुस्तकालय पेशा। पुस्तकालय विज्ञानका पिता एस. आर. रंगनाथनको पाँचौँ नियम "Library is a Growing Organism" ले पुस्तकालय आफैँमा निरन्तर विकसित भइरहने जीवित संस्था हो भन्ने कुरा स्पष्ट गर्छ । यसको अर्थ, पुस्तकालयमा समयअनुसार नयाँ परिवर्तनहरू आइरहन्छन्, जसलाई हामी पुस्तकालयकर्मीहरूले आत्मसात् गर्दै सेवा र व्यवस्थापनलाई सन्दर्भानुकूल बनाउँदै लैजानुपर्छ । शायद यही परिवर्तनलाई अँगाल्ने इच्छाशक्तिका कारण मैले सन् २०२५ मा दुई अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागिता जनाउने अवसर पाएँ । फेब्रुअरीमा भारतको नयाँ दिल्ली र जुन महिनामा श्रीलङ्काको क्यान्डीमा, जहाँ दुवै सम्मेलनमा कार्यपत्र प्रस्तुतकर्ताको रूपमा उपस्थित भएँ। यस्तो यात्रा केवल भौगोलिक गन्तव्यमा पुग्नु मात्र होइन, आत्मा, अनुभूति र विचारको पनि यात्रा हो । जब पुस्तकालय पेशामा समर्पित एक व्यक्ति अन्तर्राष्ट्रिय मञ्चमा सहभागी हुन्छ, त्यो यात्रा व्यक्तिगत आत्मविकास र पेशागत सशक्तीकरणको संगम बन्छ। यस अन्तर्राष्ट्रिय यात्राले मलाई ज्ञान, संस्कृति, पुस्तकालय व्यवस्थापन र अन्तरसंवादका अनेक आयामहरू अनुभूत गरायो।

## श्रीलङ्का यात्रा: अध्ययन, संस्कृति र सम्बन्धको संगम

**जुन २५,२०२५** मा Sri Lanka Library Association (SLLA) द्वारा आयोजित International Conference on Library and Information Science, ICLIS 2025 मा सहभागी हुन हामी श्रीलङ्कातर्फ प्रस्थान गर्यौं । सम्मेलनको सम्पूर्ण आयोजना तथा व्यवस्थापन पेरेडेनिया विश्वविद्यालयले गरिरहेको थियो।

नेपाल पुस्तकालय संघको नेतृत्व अध्यक्ष श्री पुष्पराज सुबेदी सरले गर्नुभएको थियो। सो टोलीमा म (अनिता भण्डारी), मिन कुमारी डल्लाकोटी, र सञ्जीव चौधरी सहित चार जना थियौं। हामी जुन २५ मा श्रीलङ्कन एयरलाइन्समार्फत काठमाडौँदेखि कोलम्बोको यात्रामा निस्कियौं।

म र मीनाजीका लागि यो दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन अनुभव थियो। सन्जिबजी, मिनाजी र म एउटै लाइनमा थियौँ भने पुष्प सर भने भाग्यबश अगाडि VIP सिटमा पर्नु भएको थियो। हामी जति जति हावामा उडिरहेका थियौँ उति नै संजिब सर, मिना र म एक अर्कालाई उडाएर हाँसी मजाक गरिरहेका थियौँ । तीन घन्टाको यात्रा क्रममा जहाजभित्र धेरै नेपाली युवाहरू देखिन्थे, मन थाम्न सकिन, उत्रिने बेलामा सोध्न मन लाग्यो, यत्ति धेरै हाम्रा दाजुभाइहरु कता? उनीहरूले यसरी भने "देशले हामीलाई खान दिएन दिदी, त्यसैले खाडी मुलुकमा पसिना बगाउन जान लागेको।" उनीहरूका ती शब्दहरुले मनमा नराम्रो छाप पार्‍यो। अधिकांश नेपाली युवाहरुको पीडा नै यहि हो , तितो यथार्थ सुन्नुपर्दा मन भारी बन्यो। भावनाले भरिएको त्यो क्षणमा मनमा चार लाइन फुर्यो :

*श्रमको पसिनाले बनाउँछ अरूको सहर*
*गाउँटोल सुनसान, उस्तै अँध्यारो घर*
*बन्छ सुनौलो भवन, सजिन्छ परदेश*
*आफ्नै माटो भाको छ चिसो र बेरङ्ग देश*

विमानस्थलमा अवतरण गरेपछि सबैभन्दा पहिले सिम कार्ड लिने र रुपैयाँ साट्ने काम गर्यौं। पेरेडेनिया विश्वविद्यालयका सरहरूले एयरपोर्टमा हार्दिक स्वागत गर्नुभयो । विमानस्थल वरपरको हरियाली, नदी किनारको मौनता र स्वच्छ वातावरणले थकाइसँगै मनलाई पनि शीतलता प्रदान गर्‍यो। विमानस्थल अगाडि खाजा खाएर केही समय हरियाली गार्डेनमा बस्यौं । कोलम्बोदेखि क्यान्डीको दूरी करिब तीन घण्टा गाडीमा लाग्ने रहेछ। तर चिफ लाइब्रेरियन महेश्वरम सरको फ्लाइट ढिलो भएकाले हामी राति १० बजेसम्म कुरिरह्यौं। भारत र श्रीलङ्काका सरहरूसँग रमाइलो संवाद भयो। भारतका PhD छात्र रितेश कुमार हामीसँग यति घुलमिल हुनुभयो कि आफ्नै जस्तो लाग्न थाल्नुभयो। राति १० बजे महेश्वरम सर आइपुग्नुभयो र शान्त रूपमा क्यान्डीतर्फको यात्रा सुरु भयो। हामी भोकाएका थियौं र राति १ बजेसम्म मात्र

** पुस्तकालय प्रमुख, युलेन्स स्कूल, खुमलटार, ललितपुर*

खाना पाइने अनुमान गर्दै थियौं। तर, गाडी ११ बजेतिर एक ठूलो रेष्टुरेन्टमा रोकियो। भित्र पुगेपछि खचाखच मानिस, ठूला पङ्खा र चहलपहल देखेर हामी दंग पर्यौं। नेपालीहरूको लागि त्यो दृश्य एकदमै अनौठो र चाखलाग्दो लाग्यो। हामीलाई खाना अर्डर गर्न भनियो तर भाषा र परिकार नौला थिए। महेश्वरम सरले सबैका लागि अर्डर गरेर सहज बनाइदिनुभयो। करी पत्ताको सुवास झनै प्रस्ट भयो। त्यो स्वादिलो खाना अझै पनि स्मृतिमा ताजा छ।

राति हरियाली जंगलको बाटो हुँदै गफसहितको यात्रामा हामी रातको २ बजे श्रीलंकाको सबैभन्दा लामो नदी महावेली नदी किनारको गेस्ट हाउसमा पुग्यौं। नदीको आवाज र अँध्यारोले हल्का डर लाग्यो, तर कसैलाई पनि भनिनँ। बिहान उठेर हेर्दा भने त्यहाँको हरियाली, स्वच्छ हावा र चिरबिर गर्ने चराहरूले मनै लोभ्यायो, प्रकृतिले स्वागत गरेजस्तो लाग्यो।

**जुन २६, २०२५** सम्मेलनको पहिलो दिन, पेरेडेनिया विश्वविद्यालयमा आयोजित ICLIS 2025 सम्मेलनको उद्घाटन भव्य र प्रेरणादायी रह्यो। श्रीलङ्कन सांस्कृतिक नृत्यबाट कार्यक्रम सुरु भयो। उपकुलपति सरको नेतृत्वमा विभिन्न देशका विशिष्ट अतिथि, प्राध्यापक, पुस्तकालयकर्मी र बुद्धिजीवीहरूको उपस्थिति उल्लेखनीय थियो। अतिथिहरूले पुस्तकालय क्षेत्रमा गरेका योगदान र भविष्यका सम्भावनाहरूबारे विचार साझा गरे। त्यसपछि स्वादिष्ट लन्चको व्यवस्था गरिएको थियो। लन्चपछि सम्मेलनको दोस्रो सत्र सुरु भयो, जहाँ विभिन्न देशका सहभागीहरूले आ–आफ्ना अनुसन्धानपत्र फरक कक्षहरूमा प्रस्तुत गरे। मिना र मैले COMMUNITY ENGAGEMENT THROUGH PUBLIC LIBRARIES IN NEPAL: A CASE OF GANDAKI PROVINCE शीर्षकमा संयुक्त रूपमा प्रस्तुति गर्यौं, जसलाई सहभागीहरूले रुचिपूर्वक सुने। हाम्रो सत्र Geology Hall मा भयो भने पुष्प सर र सञ्जीवजीको प्रस्तुति अर्को कक्षमा थियो, त्यसैले प्रत्यक्ष हेर्न पाएनौं। तर पछि उहाँहरूको प्रस्तुति पनि प्रशंसनीय भएको थाहा पाइयो। सत्रको अन्त्य चियापानसँगै सम्पन्न भयो।

त्यसै साँझ पेरेडेनिया विश्वविद्यालयले आयोजना गरेको रात्रिभोजमा हामी सहभागी भयौं। प्रत्यक्ष गीत–संगीतले माहोल झनै रमाइलो बनायो। श्रीलङ्कन भाषाको गीतको धुनमा रमाउँदै म र मीना नाच्न गयौं। सुरुमा हिच्किचाए पनि सबैले नाच्न थालेपछि वातावरण आत्मीय बन्यो। हिन्दी गीतहरू बज्दा झन् रमाइलो भयो। श्रीलंकन गीत र नेपाली नृत्यले सांस्कृतिक मिलनको उत्सव बनायो। विभिन्न देशका प्रतिनिधिहरूसँगको घुलमिलले त्यो साँझ स्मरणीय बन्यो।

**जुन २७, २०२५** मा सम्मेलनको कार्यक्रम Valedictory Session औपचारिक रूपमा समापन भयो। चियापानपछि पेरेडेनिया विश्वविद्यालयले सबै सहभागी पाहुनाहरुका लागि श्रीलङ्काका विभिन्न स्थान अवलोकन गर्ने कार्यक्रम राखेको थियो। सर्वप्रथम हामीले विश्वविद्यालयको पुस्तकालय भ्रमण गर्ने मौका पायौं। त्यहाँको संरचना, सेवा, प्रविधि र वातावरण निकै आकर्षित थियो।

श्रीलङ्काको प्रतिष्ठित पेरेडेनिया विश्वविद्यालयको पुस्तकालय प्रणाली अत्यन्त समृद्ध र व्यवस्थित देखियो। हरियालीले भरिएको क्याम्पसको मुटुमा रहेको केन्द्रीय पुस्तकालयमा अध्ययन कक्ष, सन्दर्भ केन्द्र र अन्तर्राष्ट्रिय स्तरका अनुसन्धान सामग्रीहरू उपलब्ध थिए। Agriculture, Medicine, Engineering, Arts, Science जस्ता संकायका लागि छुट्टाछुट्टै शाखा पुस्तकालयहरू स्थापना गरिएका रहेछन्, जहाँ विषयगत स्रोत, ई–डाटाबेस, जर्नल र डिजिटल अभिलेख सजिलै पहुँचमा थिए। केन्द्रीय पुस्तकालयमा अत्याधुनिक कम्प्युटर प्रयोगशाला, Wi-Fi, पुस्तक स्क्यान सेवा, अनुसन्धान सहायता कक्ष र अपांगता भएका पाठकका लागि Inclusive Services उपलब्ध थिए। पुस्तकालयले LMS (Library Management System, KOHA) मार्फत पूर्ण स्वचालित सेवा दिँदै आएको रहेछ।

पुस्तकालय अवलोकनपछि त्यो दिन हामीलाई क्यान्डी सिटी घुमाउने कार्यक्रम थियो। विश्वविद्यालयकै बसबाट शहरका विभिन्न ठाउँहरू घुमाइयो। सबैभन्दा पहिला हामीलाई देवीको मन्दिरमा दर्शन गराइयो।। त्यसपछि हामी Temple of the Tooth Relic (बुद्धको दाँतको मन्दिर) र त्यस्तै रहेको बुद्ध संग्राहलय गयौं। दाँतको मन्दिरमा पुगेपछि अनुभव गरिएको अध्यात्मिक ऊर्जा शब्दमा व्यक्त गर्न गाह्रो थियो। सेतो पहिरनमा सजिएका श्रद्धालुहरूको अनुहारमा झल्किएको भक्तिले मेरो मनमा गहिरो प्रभाव पार्‍यो। सिंहली परम्परागत संगीत, नाच, शालीनता र संस्कृतिले वातावरणलाई विशेष बनाएको थियो।

त्यसपछि हामी डी.एस. सेनानायके मेमोरियल पब्लिक लाइब्रेरी (D.S. Senanayake Memorial Public Library) पुग्यौं। श्रीलङ्काको दोस्रो ठूलो सार्वजनिक पुस्तकालय, क्यान्डी सहरको शान्त र हरियाली क्षेत्रमा अवस्थित रहेछ। श्रीलङ्काका प्रथम प्रधानमन्त्री डन स्टीफन सेनानायकेको सम्झनामा १९६२ मा स्थापना गरिएको यो पुस्तकालय शैक्षिक, साहित्यिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण रहेछ। भवनमा आधुनिक र परम्परागत वास्तुकलाको संयोजन समिश्रणमा निर्मित भवन निकै महत्वपूर्ण रहेछ।पुस्तकालयका विभागहरूमा बाल कोठा, वाचनालय, सन्दर्भ कक्ष, पत्रपत्रिका खण्ड, कम्प्युटर कक्ष र

डिजिटल सेवा (OPAC), सार्वजनिक सदस्यता सजिलै उपलब्ध रहेछ । यहाँ बाल साहित्य कार्यक्रम, पढाइ प्रवर्द्धन, पुस्तक प्रदर्शनी र सांस्कृतिक गतिविधि नियमित रूपमा सञ्चालन हुन्छन् । विद्यार्थी, अनुसन्धानकर्ता र स्थानीय बासिन्दाहरूका लागि यो प्रेरणादायी अध्ययन केन्द्र बनेको रहेछ ।त्यही दिन हाम्रो लञ्चको व्यवस्था पनि पुस्तकालयकै परिसरमा गरिएको थियो, जुन सौहार्दपूर्ण र आत्मीय अनुभूति बोकेको थियो । हामीले मनमा ज्ञान, संस्कृति र अनुभवको गहिरो छाप लिएर फ़र्कियौ ।

पुस्तकालय अवलोकनपछि हामी चार जना आफ्नै पाराले क्यान्डी सहर घुम्यौं । जता हेर्‌यो आफ्नै देशजस्तो लाग्ने परिवेश थियो । मान्छेहरू पनि आफ्नैजस्ता देखिन्थे सरल र सहयोगी । त्यहाँबाट हामीले केही किनमेल नगरी नै University को बसबाट आफ्नो बासस्थान फर्कियौं ।

**जुन २८, २०२५** का दिन बिहान ६ बजे नै Nuwara Eliya घुम्ने कार्यक्रम रहेकोले University कै बसबाट त्यसतर्फ लागियो । बाटोमा पर्ने हनुमान मन्दिर जुन १८ फिट अग्लो मूर्ति, गायत्री शक्तिपीठ जुन शान्तिकुञ्ज, हरिद्वार अन्तर्गत सञ्चालित यी पीठहरू ध्यान, मन्त्र जाप, यज्ञ र संस्कारमार्फत चारित्रिक र नैतिक विकासको संदेश, १०८ शिवलिङ्ग मन्दिर शैव परम्परामा आधारित एक विशेष हिन्दू तीर्थस्थल अशोक वाटिका जुन रामायणअनुसार, यहीँ रावणले माता सीतालाई राखेका थिए, र अहिले यो स्थान Seetha Eliya तथा Seetha Amman Temple को रूपमा प्रसिद्ध रहेछ । यी सबै मन्दिर र शक्तिपीठहरुले धार्मिक विविधता र सांस्कृतिक सहिष्णुताको सन्देश दिएको थियो ।

धार्मिक स्थलहरूको शान्त अनुभूतिपछि हाम्रो यात्रा Nuwara Eliya Public Library मा पुगेर रोकियो । हरियालीले घेरिएको, अंग्रेज शैलीको शान्त भवन साँच्चिकै "Little England" भित्रको ज्ञानको फूलबारी जस्तो लाग्यो ।पुस्तकालयमा अंग्रेजी र सिंहली भाषाका पुस्तकहरूको राम्रो संग्रह थियो । बालबालिका, युवा र अनुसन्धानकर्ताका लागि छुट्टाछुट्टै खण्ड, साथै नियमित साहित्यिक कार्यक्रमहरूले यसलाई समुदायमैत्री पुस्तकालय बनाएको रहेछ ।

अन्त्यमा, पुस्तकालयमै लन्च गरेर हामी चिया बगान हुँदै चिया फ्याक्ट्री गयौं । हामीले भ्रमण गरेको Labookellie Tea Estate हाम्रो टोलीका लागि अविस्मरणीय बन्यो । कांदापोला क्षेत्रमा रहेको यो चिया बगानको हरियाली, शान्त परिवेश र अनुशासित व्यवस्थापन निकै प्रभावशाली लाग्यो ।यहाँको हरियो चिया, कालो चिया र स्वादयुक्त चियाहरू ताजा, शुद्ध र मौलिक थिए । चियाको सुवास, हरियाली र त्यो पलले हाम्रो श्रीलङ्का यात्रा अविस्मरणीय बनाइदियो ।

## क्यान्डीबाट कोलम्बो

**जुन २९, २०२५** मा हामी क्यान्डीबाट कोलम्बो फर्किनुपर्ने थियो । पेरेडेनिया विश्वबिद्यालय परिवार र सहभागी पाउनाहरुसँग छुट्टिनुपर्दा हामी सबैलाई एक किसिमको नरमाइलो लाग्यो, क्यान्डीबाट कोलम्बोको लागि हामीले रेलमार्ग रोज्यौं, रेलयात्रा साथी मीनाका लागि पहिलो अनुभव थियो । कोलम्बो पुगेपछि एअरपोर्ट नजिकैको होटलमा बुकिङ गरेर केही समय विश्राम गरी खाना खायौं । त्यसपछि ट्याक्सी भाडामा लिएर कोलम्बो शहर घुम्न निस्कियौं ।मनमोहक दृश्य, सलल बगेका बाटा, सामुन्द्रिक लहरहरूको दृश्यले शहरलाई अझै आकर्षक बनाएको थियो । राजधानी कोलम्बोमा आधुनिक भवन, परम्परागत संरचना र बहुसांस्कृतिक उपस्थिति एकसाथ देखिन्थ्यो ।

हामी घुम्दाघुम्दै, कोलम्बो सार्वजनिक पुस्तकालय पनि (Colombo Public Library) अवलोकन गर्ने मौका मिल्यो । पुस्तकालयले डिजिटल पहुँच, सदस्यता प्रणाली र निःशुल्क इन्टरनेट सेवा पनि उपलब्ध गराउँदो रहेछ । वातावरण शान्त, अध्ययनमैत्री र समुदायमुखी थियो ।

## अन्तमा,

**जुन ३०, २०२५** मा हामी श्रीलङ्काबाट शान्ति, ऊर्जा र ज्ञानको संगालो लिएर स्वदेश फर्कियौं । यो यात्रा केवल ठाउँ घुम्ने मात्र होइन, भावना, संस्कृति र दृष्टिकोण आत्मसात् गर्ने अवसर बन्यो । भारत र श्रीलङ्काले देखाएका अभ्यासहरूले नेपालका पुस्तकालय र शिक्षा प्रणालीमा रूपान्तरण गर्न सकिन्छ भन्ने गहिरो सन्देश दिए ।

अन्त्यमा, श्रीलङ्काका आयोजक संस्थाहरूलाई यस्तो अमूल्य अवसर प्रदान गरेकोमा हार्दिक आभार व्यक्त गर्दछु । साथै, यो यात्रामा सहभागी हुन प्रेरणा, समर्थन र मार्गदर्शन प्रदान गर्ने नेपाल पुस्तकालय संघ तथा मेरो कार्यथलो युलेन्स स्कूल परिवारप्रति विशेष धन्यवाद प्रकट गर्न चाहन्छु ।यी अनुभवले मेरो मात्र होइन, हामी सम्पूर्ण पुस्तकालयकर्मीको सोच, पहिचान र यात्रालाई अझ स्पष्ट बनाएका छन् । सिक्ने र सिको बाँड्ने यो यात्रा अब अझ प्रेरित र गहिरो भएर अघि बढ्नेछ ।

# पुस्तकालय स्थापना तथा विकास



हेमसागर पोखरेल*

पुस्तकालय स्थापनाको कार्य शैक्षिक स्तरोन्नतिसँग जोडिएको हुन्छ । शैक्षिक विकाससँग समाजका बहु विषयहरु गाँसिएका हुन्छन्। पुस्तकालय स्थापनाको कार्यले शैक्षिक निकाय, समाज, राष्ट्रियताको जगेर्ना गरी सबै किसिमका विकासका आयाममा अग्रसरता गरिरहेको हुन्छ । शैक्षिक र सामाजिक विकासले विविध पक्षमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पारिरहेको पाइन्छ। जुन कार्य पुस्तकालयसँग जोडिएको हुन्छ । पुस्तकालय स्थापना, व्यवस्थापन र संरक्षणका सन्दर्भलाई आपसी चक्रिय सिलासिलाका रुपमा लिन सकिन्छ । यी मध्येमा पुस्तकालय स्थापना नै पहिलो निर्विकल्प र आधारभूत पक्ष हो। यी त्रिपक्षीय सन्दर्भहरु परस्परमा संवेदनशील महत्वपूर्ण पक्ष मानिएको छ।

पुस्तकालय स्थापना गर्नु अन्य भौतिक संशाधनको विकास वा भवन वा अन्य कुनै दृष्यात्मक नजरका निर्माण कार्य गर्नु जस्तो सजिलो र प्रत्यक्षीकरणमा आधारित मात्र हुँदैन । पुस्तकालय स्थापना, निर्माण, संचालन, प्रयोजनमा भौतिक विषयवस्तुहरुको प्रभाव रहेर पनि यसका अन्य सामान्य किसिमका परिधिमा मात्र सीमित हुँदैन । बरु भौतिक पक्षसँगै बौद्दिक प्रभाव, दूरगामी र प्रयोजन महत्वपूर्ण हुन जान्छ। तथापि भौतिक स्रोत साधनहरुको प्रयोगसँगै मानवीय क्षमता र सदुपयोगमा अन्तरघुलन भइरहेको हुन्छ। पुस्तकालयको स्थापना, व्यवस्थापन, संचालन, संरक्षण प्रयोजनमा भौतिक संशाधनका स्रोतहरु सँगसँगै मानवीय संशाधनको सन्तुलन भने अवश्य हुन्छ । पुस्तकालयको प्रत्यक्षीकरण सामान्य विषयदेखि लिएर पनि परोक्षमा दूरगामी प्रभावहरुका विशिष्टिकृत प्रभावहरु गाँसिन्छन्।

पुस्तकालय स्थापना र निर्माणको कार्य झनै शैक्षिक भरोसा र समाज विकासको मेरुदण्ड हो । पुस्तकालयको स्थापनालाई बहुपक्षीय विकासको सूचकका रुपमा लिन सकिन्छ। पुस्तकालय स्थापना र व्यवस्थापन, विकास शिक्षासँगै अन्तरघुलन भइरहने बहुपक्षीय विषय हो। यही पुस्तकालयको सन्तुलित विकासले देश विकास र नागरिक सक्षमतालाई सबलीकरण गरिरहेको हुन्छ । पुस्तकालय स्थापनाको चरण र विकासको क्रमलाई अध्ययन गर्दा प्राचीनतम लिखित स्रोत साधनको संरक्षणदेखि आधुनिक समयसम्मका विषयबस्तुहरु पनि अन्तर प्रभावित भइरहेका हुन्छन्। जुन कार्यको प्रभावले मानवसभ्यताको विकास र परम्परालाई उद्घोष गरिएको कुरा प्रमाणित आधार हुनुका साथै पठनीय माध्यम मानिन्छ।

पुस्तकालय स्थापनाको नालीबेली हेर्दा विश्व पुस्तकालय इतिहासमा “निनेभ पुस्तकालय” लाई नै (इराक छेउ) पहिलो पुस्तकालय मानिन्छ। त्यसपछि पुस्तकालय स्थापना र विकास क्रमशः अन्यत्र देश, विदेशमा सर्दै मौलाएर झाङ्गिएको पाइन्छ। नेपालमा लेख्य इतिहास पुरानो र गर्वलायक मानिन्छ। अभिलेख श्रोत, ग्रन्थ लेखन, ग्रन्थ तयारी, पाण्डुलिपि तथा सबै खालका ( शीला, ताम्र, काष्ठ र वनस्पतिजन्य) अभिलेखहरु पुराना दस्तावेज पाइए तापनि संरक्षणको कार्य व्यवस्थित पुस्तकालय इतिहासको प्रामाणिक आधार भने पुरानो आधिकारिक संस्थागत प्रमाण पाइएको छैन। लेखन श्रोत उपलब्धि कालभन्दा धेरै पछि मल्ल शासन कालमा अर्थात मध्यकालमा आइपुग्दा बल्ल पुस्तकालय स्थापना र विकासको शुभारम्भ मध्यकालमा हुन पुगेको थियो। तत्कालीन समयको भक्तपुर जिल्लाको “सफिकोठा” पुस्तकालय सगौरभ उपलब्धि नेपालको पुस्तकालयको विशेष चिनारी भन्दा अतिशयोक्ति नहोला । जुन पुस्तकालय भक्तपुरका तत्कालीन राजा भूपतिन्द्र मल्लका पालामा स्थापना भएको मानिन्छ। उनी साहित्य, शिक्षा र कलालाई उच्च सम्मान र कदर गर्थे। भूपतिन्द्र मल्लले धेरै खालका पुस्तकको खोजी र संरक्षणका कार्य गरेका थिए। नेवार भाषा (नेपाल भाषा)को शब्द सफीकोठाको अर्थ सफि पुस्तक र कोठा पुस्तक राखिने स्थल बुझिन्थ्यो। सफिकोठा केवल एउटा पुस्तकालय मात्र नभई भक्तपुरमा अन्य पुस्तकालयहरु पनि रहेका कुरा इतिहासमा भेटिन्छ । नेपाल एकीकरणसँगै सफीकोठा नामक पुस्कालय क्षतविक्षत् भएको कुरा उल्लेख गरेको पाइन्छ । तत्कालीन समयमा भक्तपुरलाई नेपालको

वाराणशी भनी विदेशी विद्वानले तुलना गरेका थिए । त्यस्तै कास्की जिल्लाको पोखरामा सार्वजानिक पुस्तकालयको प्रारुपको स्वरुपमा ‘‘पण्डित पुस्तकालय’’ वि.सं. १८०० तिर नै स्थापना भई संचालन भएको तर पहिलादेखि नै हालसम्म अस्तित्वमा नरहेको कुरा उल्लेख भएको पाइन्छ ।

नेपाल एकीकरण अभियानसँगै वीरगाथाका साहित्य सृजनाका स्रोतहरु, ग्रन्थ,पाण्डुलिपी लेखिने कार्यहरु भएका थिए । यही शाहकालमा नेपालमा पुस्तकालय विकासको सुखद शुभारम्भ हुन पुगेको पाइन्छ । तत्कालीन राजा (सम्राट) गीर्वाणयुद्ध शाहको पालामा वि.सं. १८६९/५/१५ मा ‘‘पुस्तक चिताई तहविल’’ (पुस्तक ढिकुटी) आदेश जारी गर्दै लालमोहर लागि पुस्तकालय स्थापना हुनु नै पहिलो आधिकारिक पुस्तकालय स्थापनाको श्री गणेश मानिन्छ । शाहकालमा यो पुस्तकालय बाहेक पुस्तकालय स्थापनाका अन्य उल्लेख्य प्रयासहरु भने भएको पाइएन । तथापि पछि पुस्तक चिताई तहविलको स्थापनासँगै पुस्तकालय विकास गतिशिलता आधुनिक चरणमा प्रवेश हुन्छ ।

राणाकालको उदय वि.सं. १९०३ मा भएको हो । त्यसपछि उही पुस्तक चिताइ तहविलमा रहेका ग्रन्थ, पाण्डुलिपी, निर्णय, आदेश समेतका विविध लिखत स्रोतहरु जङ्गबहादुर राणाले थापाथली दरबारको जैसी कोठामा राखेर व्यवस्थापन गराएका थिए । यीनै स्रोत सामग्रीहरु वीर शमशेरका पालामा घण्टाघर लाइब्रेरीमा स्थानान्तरण भएका थिए । चन्द्र शमशेरका पालामा घण्टाघर लाइब्रेरीलाई वीर पुस्तकालय नामाकरण गरिएको थियो । भिम शमशेरका पालामा काठमाण्डौमा दक्ष र चेतनशील युवा तथा साहित्यकारहरु समेतको मिलेमतोमा बि.सं. १९८७ मा सरस्वती पुस्तकालय गुठी नामक पुस्तकालय खोल्ने जमर्को भएको थियो । सो कुराको विषयलाई राणा प्रधानमन्त्रीहरुको गाथगादी ताकेको आरोप लगाई उल्टै पुस्तकालय खोल्ने अभियानकर्ताहरु एक वर्ष कैद र लक्ष्मीप्रसाद देवकोटा लगायतलाई रु.१०० । - जरिवाना लिई त्यस्तो काम नगर्न सचेत गराइएको थियो । यसरी पुस्तकालय स्थापना र प्रयोजनका कार्यमा सशङ्कित दुर्घटना हुनु पुस्तकालय स्थापना र विकासका लागि हुर्मत र अस्मिताको रुपमा लिइन्छ । तर चन्द्र शमशेरको पालामा त्रिचन्द्र कलेज खोली सोही हाताभित्र नेपालको इतिहासमा ‘‘त्रिचन्द्र पुस्तकालय’’ पहिलो शैक्षिक पुस्तकालय स्थापना भएको थियो । जुद्द शमशेरका पालामा ‘‘प्रकृति नामक’’ ग्रन्थ लेख्नका लागि गोर्खापत्रमा सूचना आव्हान गरिएको थियो । पद्म शमशेर र मोहन शमशेरका पालामा आएपछि पुस्तकालय स्थापनामा केही खुकुलोपन आएको थियो । निजी क्षेत्रमा केसर पुस्तकालयको स्थापना वि.सं.१९६८ बाट सुरु भएको थियो । त्यसैगरी सार्वजनिक/सामुदायिक पुस्तकालय पनि स्थापना भएका थिए । वि.सं. २००३ सालमा नेपालमा तराईका जिल्लाहरुमा पुस्तकालयहरु प्रसस्तै स्थापना हुन पुगेका थिए ।

पुस्तकालय स्थापनाको ऐतिहासिक नालीबेली नियाल्दा पुस्तकालयको आधिकारिक प्रामाणिकतालाई मुख्य आधार मानिएको छ । वि.सं. १८६९ । ०५ । १५ गतेका दिन पुस्तकालय स्थापना र विकासको सनद जारी गरी तत्कालीन राजा गीर्वाण युद्द विक्रम शाहबाट लालमोहर लागेको थियो । सोही शुभ दिनलाई स्मरण गर्दै वि.सं. २०65 देखि नेपाल पुस्तकालय संघको आव्हानमा पुस्कालय संघका अध्यक्ष श्री भोलाकुमार श्रेष्ठको संयोजकत्वमा पुस्तकालय दिवस समारोह समिति गठन गरिएको थियो । प्रत्येक साल पुस्तकालय दिवस मनाउँदा पुस्तक र पुस्तकालयलाई आत्मसाथ गरी ‘‘आदर्श वाक्य’’ सहित बनाउने निर्णय भयो । 2065 सालमा भने आदर्श वाक्य ‘‘सबैका लागि पुस्तकालय’’ रहेको थियो । सोही कार्यको निरन्तरताको क्रममा वि.सं. २070 साल भाद्र १५ गतेदेखि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पुस्तकालय सम्बन्धी ‘‘आदर्श वाक्य’’ तय गरेर विविध कार्यक्रमको आयोजना गरि पुस्तकालय दिवस मनाउने गरिएको छ । गत वर्ष वि.सं.२०८१ सालको आदर्श वाक्य ‘‘निरन्तर शिक्षाका लागि पुस्तकालय’’ रहेको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पुस्तकालय दिवसको अवसरमा स्मारिका प्रकाशन गर्नुका साथै देशभर सो कार्यक्रम आयोजनाको संयोजन समेतको कार्य गर्दै आएको छ । यसका साथै विभिन्न संघ संस्थाहरूले समेत आआफ्नै तवरबाट विभिन्न कार्यक्रमको आयोजना गर्ने गरेका छन् ।

वि.सं. २००७ सालमा प्रजातन्त्र प्राप्तिपछि शिक्षा विकासको मिर्मिरेमा केहि पुस्तकालयहरु उत्साहजनक रुपमा स्थापना र विकास हुन पुगे । संसद सचिवालयको पुस्तकालय वि सं 2009, पुरातत्व विभागको गठन सम्वत् (२००९), नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना सम्वत् २०१३, मदन पुरस्कार पुस्तकालय गुठीको स्थापना वि सं २०१३, त्रि वि. केन्द्रीय पुस्तकालय वि सं २०१६, घण्टाघर लाइब्रेरीका पुराना पुस्तकादि श्रोतका ढिकुटीलाई राष्ट्रिय अभिलेखालयमा रुपान्तरण वि सं २०२४ लगायतका सरकारी र शैक्षिक पुस्कालयहरु स्थापना भएका थिए । यसै अवधिमा देशभरी अन्य सार्वजनिक पुस्तकालयहरु स्थापना भएका थिए । यस समयमा देशका कुना कन्दरा, दुर्गम

सुगम सबैतिर सार्वजनिक, शैक्षिक, राष्ट्रिय पुस्तकालयहरु र निजी पुस्तकालय स्थापनाको कार्यले गुणात्मक र सङ्ख्यात्मक रूपमा व्यापकता हुन गएको पाइन्छ । पहिलाको समयको तुलनामा यो समयलाई पुस्तकालय स्थापना र विकासको "**स्वर्णीम चरण**" पनि भन्न सकिन्छ। विशेषत: पुस्तकालयहरु स्थापना, व्यवस्थापन र विकास भएको सुनौलो चरणमा प्रवेश गरेको पाइन्छ । वि.सं. २००७ साल र २०४६ साल पछिको परिवर्तित अवधिमा सवै किसिमका पुस्तकालय स्थापना र विकासप्रति आमचासो बढेर शैक्षिक स्तरमा सुधार आएका कुरा बुझ्न सकिन्छ। तर ती प्रयासहरु दीगो र सार्थक हुन सकेका छैनन । तथापि केही न केही प्रयास हुँदैछन् । निजी पुस्तकालयहरु सरकारी र सार्वजनिक पुस्तकालयमा परिंणत हुन पुगेका छन्। यसरी पुस्तकालय स्थापना र विकासको गति थपिँदै गयो।

वि.स.२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुर्नस्थापना भयो । आम जनमानसमा आएको चेतनारुपी परिवर्तन, खुल्ला र स्वतन्त्र समाजको विकाससँगै शैक्षिक, सार्वजनिक, सामुदायिक, विशेष र निजी पुस्तकालयहरुको पनि स्थापना र विकासमा सामान्य सुधार हुन पुगेको पाइन्छ । यस चरणमा प्रविधिमैत्री पुस्तकालय, पाठकीय स्तरका माग, चाहना, आवश्यकतालाई सम्बोधन गर्दै नेपाल राष्ट्रिय पुस्तकालयले काठमाडौं र कास्कीमा घुम्ती पुस्तकालय सेवा लगायतका सुविधा थपिएका छन् । पुस्तकालयको स्थापना र विकासमा नयाँ प्रयोजनगत विभिन्नता र प्राविधिक नवप्रवर्तन डिजिटल प्रविधिहरुको प्रयोगमा कदर गरिँदै आएको पाइन्छ । सार्वजनिक तथा सामुदायिक पुस्कालयहरुले पनि स्थापनाकालदेखि नै सेवा सुविधा सन्तुलन मैत्रीका प्रयास स्वरुप पठन संस्कृतिलाई *आधुनिकीकरण* गर्दै जानु सामयिकी सुधारका प्रयास हुँदै गरेको पाईन्छ । संगम सामुदायिक पुस्तकालय, गाईघाट(उदयपुर) ले वि.सं. 2064 सालमा रिड नेपालको सहयोगमा 'व्यक्तिमा ज्ञान, घर-घरमा पुस्तक अभियान' अन्तर्गत पाठक केन्द्रित सेवा प्रदान गरेको थियो । यही संगम पुस्तकालयले पुस्तक अभियानलाई पठन संस्कृतिसँग जोड्दै पुस्तकालय स्वयं सेवकहरुले पाठकबाट रु.20। - सेवा शुल्क लिई घर-घरमा पुस्तक उपलब्ध गराई फिर्ता लिने सेवा एक वर्षसम्म सञ्चालन गरेको थियो। यस्ता सुनौला अभ्यास र प्रयासले अन्य सार्वजनिक/सामुदायिक लगायतका पुस्तकालय विकासमा अवश्य सुधार हुने छ। तर समस्यालाई समाधानका नजरले पर्गेल्दै ठोस पहल र जिम्मेवारी बोध गर्न आवश्यक छ।

पुस्तकालय स्थापना गर्नु पूर्व नै पुस्तकालय विकास र कार्य योजनामा आधारित कार्य प्रणालीलाई स्वीकार गरी आवश्यकीय तत्वहरुका बारेमा विचार, अध्ययन र चिन्तन मनन पनि गर्न थालिएको छ। पुस्तकालय सम्बन्धी वृहत्तर अध्ययन प्रभावकारी कार्ययोजनाद्वारा पुस्तकालय स्थापना व्यवस्थापन र संचालन गर्नु पर्ने हुन्छ। यी तिनै चक्रिय प्रणालीलाई व्यवस्थित बनाउनका लागि पुस्तकालय सम्बन्धी वजेट, लक्ष्य / उद्देश्य, कार्य दिशा, कार्य क्षेत्र, सेवा, सेवादायी कार्य प्रणाली, मानवीय र भौतिक संशाधन प्रविधिको पहुँच र संरक्षण जस्ता तत्वहरु नभई हुँदैनन्। पुस्तकालय स्थापना गर्नु पर्दा हरेक किसिमका समस्या र वाधा, व्यावधानहरुको चौघेरामा सही दिशाको मार्ग निर्देशनमा पुग्नु पर्ने हुन्छ। तब मात्र पुस्तकालय विकास हुन सक्छ।

**पुस्तकालय स्थापना, सञ्चालन र विकासका समस्याहरु:-**

१. पुस्तकालय स्थापनाको कार्य योजनाको अध्ययन प्रभावकारितालाई वेवास्ता गर्नु।
२. पुस्तकालय स्थापना गर्दा सबैखाले समस्याहरुको यकिन समाधान ननिकाली पुस्तकालय स्थापना गर्नु।
३. पुस्तकालय स्थापना, व्यवस्थापन र सञ्चालनका लागि आवश्यक बजेट नहुनु।
४. पुस्तकालयलाई आधुनिक नवप्रवर्तन र प्रविधि मैत्री नबनाइनु।
५. पुस्तकालयको विकासको विषयलाई प्राथमिकीकरण नगर्नु।
६. आवश्यक ऐन, नियम, नीति, संहिता र नियामक निकायको अभाव हुनु।
७. पुस्तकालयलाई राजनितीकरणको प्रभावबाट मुक्त नराख्नु।
८. पुस्तकालयलाई नियमन गर्ने आधिकारिक केन्द्रीय संरचनाको अभाव हुनु।
९. पुस्तकालय स्थापना, व्यवस्थापन, सेवा-प्रवाह र अनुगमन विकासको लागि सर्वपक्षीय चासो र महत्वमा कमी।

पुस्तकालय स्थापना गर्दा प्रत्यक्ष र अप्रत्यक्ष विविध समस्याहरु जोडिन्छन् । शैक्षिक स्तरोन्नतिका लागि जोडिने तमाम विषय वस्तुहरुलाई अध्ययन मनन गरी सही सुधारात्मक प्रयासहरु गर्नु पर्छ । नेपालमा शिक्षा विकाससँग जोडिएर पुस्तकालय विकास हुन नसकेको कुरा खुलाएको पाइन्छ । तर पुस्तक प्रकाशनमा अगुवा छिमेकी मुलुक चीन र नेपालभन्दा करिव ४/५ वर्षको समय अन्तरालमा छिमेकी राष्ट्र भारत स्वतन्त्र भई शिक्षा र

पुस्तकालय विकासमा छलाङ मारिसकेका छन् । यी दुवै राष्ट्रमा पुस्तकालय स्थापना, व्यवस्थापन पुस्तकालय विकासको क्रम तीव्र गतिमा अगाडि बढिरहेको छ । फलतः शिक्षा विकासमा उल्लेख्य गुणात्मक परिवर्तन हुन देशले अग्रगामी प्रगतिमा तल्लिन छन् । आम मानिसको जीवनस्तर उकासिँदो क्रममा रहेको छ । मानव सभ्यता विकासको सूचकाङ्क नै उच्चस्तरको रहेको छ । पुस्तकालय स्थापना र विकासका यी विषयमा तुलना गर्दा हाम्रो देश नेपालमा भने अपेक्षाकृत पुस्तकालय स्थापना र बिकास नहुनु नेपाल राष्ट्रले आफूलाई मूल्याङ्कन नगर्नु सरह नै हो । पुस्तकालय स्थापना र विकासका लागि सरकारी जिम्मेवारी गर्दै दायित्व बोधमा नपर्नु, पुस्तकालयको अलग्गै नियामक केन्द्रिय निकाय नहुनु, व्यवस्थित ऐन-नियमको अभावले यो क्षेत्र नै सिधै लज्जाबोधको भुमरीमा रुमलिएको कुरा अवगत हुन्छ । समष्टिमा, शैक्षिक आर्थिक, सामाजिक र राजनैतिक विकासका लागि कैयौं समस्याका चाङ्बाट फुत्किन सर्वपक्षीय समाधानका सुधारात्मक उपायहरु अवलम्वन गर्नु पर्ने हुन्छ । जुन कार्यका लागि देहाय वमोजिम उपाय उल्लेख गर्न सकिन्छः

**पुस्तकालय स्थापना, सञ्चालन र विकासका निम्ति समाधानका उपायहरुः-**

१. पुस्तकालयलाई शैक्षिक अभियानको कार्य र समाज सुधारको विषय बनाउनु पर्ने ।
२. पुस्तकालय स्थापना गर्दा अत्यावश्यक बजेटको व्यवस्था र परिचालन गर्नु पर्ने ।
३. पुस्तकालय स्थापना, व्यवस्थापन लागि अत्यावश्यक मानवीय तथा भौतिक संशाधनको व्यवस्थापन गर्नु पर्ने ।
४. पुस्तकालयलाई नवप्रवर्तन र प्रविधि मैत्री बनाउनु पर्ने ।
५. पुस्तकालय स्थापनाको कार्य व्यवस्थापन र विकासका कार्य र सञ्चालनमा सरोकारवाला लगायत सर्वपक्षीय चासो हुनु पर्ने ।
६. पुस्तकालयको लागी आवश्यक ऐन, नियम, संहिताको प्रबन्ध हुनु पर्ने ।
७. पुस्तकालयलाई राजनीतिक दवाब, प्रभाव र दुरुपयोगबाट स्वतन्त्र राख्दै पुस्तकालयलाई शैक्षिक, प्राज्ञिक र सूचना तथा स्रोतकेन्द्रको रुपमा स्थापित गर्नु पर्ने ।
८. पुस्तकालयको सेवाप्रवाह, व्यवस्थापन, सञ्चालनको निरीक्षण अनुगमन गर्नु पर्ने ।
९. पुस्तकालयलाई पुस्तकालयको स्वअस्तित्वमा विकास गर्नु पर्ने ।

माथि उल्लेखित पुस्तकालय स्थापनाका र समसामयिकी स्तरमा विकास गर्न पेचिला समस्याहरु रहेका छन् । नेपालका सन्दर्भमा निक्कै कठिन र मननीय तघारा सरह बनेका छन् । समग्रमा मुलुकका सबै किसिमका पुस्तकालयहरु व्यवस्थित र विकसित हुन सकेका छैनन् । एकातिर पुस्तकालय स्थापना हुन नसक्ने र स्थापना भएका पुस्तकालयहरु स्थापित भई सेवारत हुन नसक्नु र विकासका चरणमा अर्को दुर्भाग्यपूर्ण दृष्टान्त हो । पुस्तकालयहरुको स्थापनाको महत्व सामान्य जस्तो देखिए तापनि यसको प्रत्यक्ष र परोक्ष दूरगामी प्रभावहरु विशिष्ट रुपमा सर्वपक्षीय भई गाँसिएका हुन्छन् । त्यसैले पुस्तकालय स्थापनासँगै पुस्तकालयको चुस्त दुरुस्त व्यवस्थापन, जीवन्त सेवा र पुस्तकालय संरक्षण गर्दै आधुनिकीकरणको विकासमा दरिन आवश्यक पर्छ । प्रभावकारी पुस्तकालय स्थापना र व्यवस्थित विकासको स्पर्शले शिक्षामा चम्किलो ज्योती, समाजमा सकारात्मक परिवर्तन, नागरिक विकासमा गतिशिल सामर्थ्य र देश विकासमा भरपर्दो टेवा प्रदान गर्न सक्छ । पुस्तकालयलाई राष्ट्रियताको अभिन्न अङ्गका रुपमा जोडेर चौतर्फी क्षेत्रमा आवश्यक तत्वका रुपमा विकसित र स्थापित गर्न सक्नु पर्छ ।

**सन्दर्भ सूचीः-**


१. पुस्तकालय र नेपाल 2038, मुरारीविनोद पोखरेल ।
२. पुस्तकालय तथा स्रोत केन्द्र ब्यवस्थापन एवं सञ्चालन 2065, आई. पि. अधिकारी ।
३. पुस्तकालय व्यवस्थापन 2076, अरुण कुमार राई ।
४. पुस्तकालय तथा सूचना विज्ञान-संयुक्त संग्रह, दिपेन्द्र सुब्बा र डुकहरी निरौला ।
५. पुस्तकालय सँगैको जीवनयात्रा 2079, भोलाकुमार श्रेष्ठ ।
६. पुस्तकालय आवाज स्मारिकाः- रमेश भुषाल
७. पुस्तकालय स्मारिकाः-शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्य अनलाईन स्रोत सामग्रीहरु ।

# कोशी प्रदेशमा सामुदायिक पुस्तकालयहरूको सक्रियता



उद्धव बिष्ट "चुम्लुङे"*

### विषय प्रवेश:

अनलाइन शिक्षा पत्रिका ९, असार २०७९ अनुसार देशभरका ९२८ पुस्तकालय मध्ये राम्रोसँग सञ्चालन भइरहेका पुस्तकालयको सङ्ख्या २२७ मात्र रहेको र ६८१ पुस्तकालय बन्द नै भइसकेको भन्ने पाइन्छ। कोशी प्रदेशमा एक अध्ययनले १५२ वटा सार्वजनिक, सामुदायिक पुस्तकालय रहेको बताए पनि जसोतसो तीन दर्जन बढी पुस्तकालयहरु नियमित सञ्चालनमा रहेको अवस्था छ। सबै पुस्तकालयहरुलाई आमन्त्रण गरी संगम सामुदायिक पुस्तकालय गाईघाट उदयपुरमा २०८१ वैशाख १४ र १५ गते आयोजना गरिएको कोशी प्रदेशको दोस्रो पुस्तकालय महासंघको सम्मेलनमा करीव दुई दर्जन पुस्तकालयहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा कोशी प्रदेश प्रमुख माननीय परशुराम खापुङको प्रमुख आतिथ्य, विशिष्ट अतिथिहरु त्रियुगा नगरपालिकाका कार्यबाहक प्रमुख श्री महेश्वरी राई, कटारी नगरपालिकाका कार्यबाहक प्रमुख श्री गीता खड्का, उदयपुर जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मीप्रसाद रेग्मी, सामुदायिक पुस्तकालय संघका केन्द्रीय सचिव श्री राजेन्द्र प्रसाद पाण्डे, सामाजिक विकास मन्त्रालयका निमित्त सचिव श्री फडिन्द्र खत्री, नेपाली सेनाका कर्णेल श्री शिवप्रसाद वाग्ले (बोक्सेका प्रमुख), जिल्ला प्रहरी प्रमुख, प्रहरी उपरीक्षक श्री रमेश थापा, सशस्त्र प्रहरी उपरीक्षक श्री सरोज सिंह बस्नेत, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव श्री यादवचन्द्र निरौला, सामाजिक विकास मन्त्रालय कोशी प्रदेशका उपसचिव श्री भेषराज न्यौपाने, महासंघ उपाध्यक्ष श्री प्रेमप्रकाशश फलाहारी, कोशी प्रदेश पुस्तकालय महासंघ सल्लाहकार अध्यक्ष श्री उध्दव बिष्ट, रिड नेपालका कार्यक्रम अधिकृत श्री साजन थापा, नेपाल निजामती कर्मचारी युनियनका अध्यक्ष, नेपाल शिक्षक युनियन, संगम सामुदायिक पुस्तकालयका संस्थापक अध्यक्ष, बाल सञ्जाल अध्यक्ष लगायतका अतिथि तथा सहभागीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको प्रारम्भमा उषा गुरूङले कविता वाचन गर्नु भएको थियो।



दुई दिवसीय सम्मेलनले पदाधिकारीहरु चयन गर्दै १८ बुँदे घोषणा पत्र पारित गरेको थियो।

### नव निर्वाचित पदाधिकारीहरु

- अध्यक्षः भरत खड्का, संगम सामुदायिक पुस्तकालय गाईघाट उदयपुर। ९८४२८४७५७०।
- उपाध्यक्षः प्रेम प्रकाश फलाहारी, त्रिफला राष्ट्रिय पुस्तकालय, धुलाबारी, झापा। ९८५२६६५०५३।
- कोषाध्यक्षः रामप्रसाद दाहाल, त्रिफला राष्ट्रिय पुस्तकालय, धुलाबारी, झापा ९८४२७०४३८३
- महासचिवः विनोद खतिवडा, संगम सामुदायिक पुस्तकालय, गाईघाट, उदयपुर
- सचिवः उषा परियार, सुनौलो पुस्तकालय, धरान, सुनसरी ९८२७३११३२७
- सदस्यः शिवप्रसाद बास्तोला, चेतना विस्तार सार्वजनिक पुस्तकालय, नेचा सल्यान, सोलुखुम्बु ९८२५७५२१९२
- सदस्यः चिन्तामणि पौडेल, जन जागरण सामुदायिक पुस्तकालय, इटहरी, सुनसरी ९८५२०५९०५७
- सदस्यः राजन भण्डारी, बाल सामुदायिक पुस्तकालय, बिराटनगर, मोरङ ९८४२०८९५७६
- सदस्यः भीम लिङ्खा, धर्मादेवी सामुदायिक पुस्तकालय, संखुवासभा ९८४२१०७९५९
- सदस्यः उषा गुरूङ, लेखनाथ पुस्तकालय, चन्द्रगढी, झापा ९८७१८९६४२८

---

* बिराटनगर, मोरङ

- सदस्यः बाबुराम श्रेष्ठ, कञ्चनजङ्घा सामुदायिक पुस्तकालय, ताप्लेजुङ ९८४२०३९६९४
- सदस्यः इन्द्र थापा, हतुवागढी सामुदायिक पुस्तकालय, भोजपुर ९८५२०६२१४८
- सदस्यः घनश्याम बराल, गर्ग विश्वभाषा सामुदायिक पुस्तकालय, धनकुटा ९८५२०५०७४७
- सदस्यः सुदेश वस्ती, शान्ति सामुदायिक पुस्तकालय, लेटाङ, मोरङ ९८४९१५२४४४
- सदस्यः अन्जना बस्नेत, संगम सामुदायिक पुस्तकालय, गाईघाट, उदयपुर ९८६२८६९६७३
- सदस्यः जीवनहरि शर्मा, शहीद स्मृति सामुदायिक पुस्तकालय, ईलाम
- सदस्यः दिल राई, जालपा जनसेवा सामुदायिक पुस्तकालय, खोटाङ ।

**सल्लाहकार समिति**

- संयोजकः उद्धव बिष्ट, शिक्षाकर्मी, पठन संस्कृति अभियन्ता, मोरङ, , ९८४२०२९१४२
- सदस्यः नीलकण्ठ तिवारी, समाजसेवी, झापा ९८५२६२२५२२
- सदस्यः टंक प्रसाद गुरागाँई, संगम सामुदायिक पुस्तकालय, गाईघाट, उदयपुर ९८५२८३१०२२
- सदस्यः महेन्द्र राई, संगम सामुदायिक पुस्तकालय, गाईघाट, उदयपुर ९८४२८२५७५०
- सदस्यः भैरवप्रसाद सापकोटा, जनजागरण सामुदायिक पुस्तकालय, इटहरी, सुनसरी ९८४२०३४८९४ ।

**पुस्तकालयहरुको गतिविधि**

१८ बुँदे घोषणापत्र जारी गरेर सम्मेलन समापन भएपछि सबै सहभागीहरु आआफ्नो कार्यथलोमा लागेर हालसम्म सक्रिय क्रियाशीलता जनाइरहेको पाइएको छ । सम्मेलन पश्चात सहभागीहरुको सल्लाहमा गुगलमिट बैठकबाट एक आपसमा बधाई तथा शुभकामनाको आदानप्रदान साटासाट गरिएको थियो ।

२०८१ जेष्ठ ५ गते त्रिफला राष्ट्रिय पुस्तकालयले वरिष्ठ लेखक चूडामणि गौतमको पृष्ठ संख्या ९६०+८ हार्ड कभर भएको गौतम नेपाली विद्यालय शब्दकोश नामक पुस्तक लेखकको ११०औं कृति विमोचन कार्यक्रममा सहभागिता रह्यो । भारतको सिलगढीबाट आमन्त्रित ज्ञान बहादुर छेत्रीको प्रमुख आतिथ्यतामा आसाम, दार्जीलिङ, मिरिक, खर्साङ, सिक्किम लगायत स्थानबाट श्रृषि राई, एन.पी.एस. निरौला, अनिता अणुलगायतको उपस्थिति र अन्य आधा दर्जन पुस्तकहरुको विमोचन सहित सभ्यरुपमा कार्यक्रम सम्पन्न भएको थियो ।

२०८१ जेष्ठ १७ गतेका दिन कञ्चनजंघा सामुदायिक पुस्तकालयका संस्थापक तथा कोशी प्रदेश पुस्तकालय महासंघ सदस्य बाबुराम श्रेष्ठ 'वर्षा' को व्यक्तित्व र कृतित्वको विषयमा विभिन्न लेखकहरुबाट लेखेर तयार पारिएको पुस्तक वर्षा दर्पणमाला विमोचन कार्यक्रममा पुस्तकको पूर्ण समीक्षा गर्ने अवसर प्राप्त भएको थियो । कार्यक्रममा सिक्किम गान्तोक नेपाली साहित्य परिषद अध्यक्ष श्री रुद्र पौडेल प्रमुख अतिथि रहनु भएको थियो भने भारतबाट पद्मश्री मुक्ति बराल, दार्जीलिङबाट डा. आशा मुखिया लामा, त्रिफला राष्ट्रिय पुस्तकालयका भारत संयोजक श्री टीका ढुङ्गेल 'रटन' लगायत विभिन्न साहित्यकार हरुको उपस्थिति रहेको थियो ।

२०८१ असार १५ गते त्रिफला राष्ट्रिय पुस्तकालयमा पुस्तकालयका अध्यक्ष एवं पुस्तकालय महासंघ कोशी प्रदेश उपाध्यक्ष श्री प्रेम प्रकाश 'फलाहारी'ले आफ्नै जीवन संगिनीको वियोगको पीडाले रचना गर्नु भएको 'मेरी उनी' पुस्तक विमोचन कार्यक्रममा पुस्तक उपलब्ध गराएर अग्रिमरुपमा पुस्तक समीक्षकको भूमिकामा आमन्त्रण भएकोले भब्य समारोका बीच सो जिम्मेवारी निर्वाह गरियो ।

२०८१ असार २९ गते भानु जयन्तीको अवसरमा गुगलमिट बैठकको आयोजना गरिएको थियो जसमा सहभागिता जनाउनेहरु प्रेम प्रकाश पोखरेल फलाहारी पुस्तकालय महासंघ उपाध्यक्ष, राम प्रसाद दाहाल महासंघ कोषाध्यक्ष झापा, उषा गुरुङ, महासंघ सदस्य झापा, चिन्ता मणि पौडेल, महासंघ सदस्य सुनसरी, घनश्याम बराल महासंघ सदस्य धनकुटा, शिवप्रसाद बास्तोला महासंघ सदस्य सोलुखुम्बु, राजन भण्डारी महासंघ सदस्य मोरङ, जीवनहरी शर्मा महासंघ सदस्य इलाम, बाबुराम श्रेष्ठ वर्षा महासंघ सदस्य ताप्लेजुङ रहनु भएको थियो । महासंघ अध्यक्ष भरत खड्का, सल्लाहकार एन.के. तिवारी र पूर्व क्षेत्रीय प्रशासक श्री टीकाराम अर्याल भने म्यासेन्जर समूहबाट जोडिनु भएको थियो । तोयानाथ फुँयल त्रिफला राष्ट्रिय पुस्तकालय काठमाण्डौं सम्पर्क मञ्चका सचिव पनि सहभागी रहनु भएको थियो । डेढ घण्टा सञ्चालन भएको बैठकले विभिन्न विषयमा छलफल गर्दै आगामी सत्रौं राष्ट्रिय पुस्तकालय दिवस आआफ्ना पुस्तकालयहरुमा सम्बद्ध सबै पक्षलाई आमन्त्रण गरेर विभिन्न कार्यक्रमकासाथ भब्य रुपले मनाउने तयारीमा जुट्न सहमति गरिएको थियो ।

२०८१ श्रावण १५ गते महासंघ अध्यक्षज्यूसँगको कुराकानीबाट स्मारिका प्रकाशनमा जोडतोडले सामग्री सङ्कलन गर्ने र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आयोजना गर्ने सत्रौं राष्ट्रिय

पुस्तकालय दिवसको कार्यक्रममा कोशी प्रदेशको प्रतिनिधित्व गर्दै सल्लाहकार समितिका संयोजकले सहभागिता जनाउने सल्लाह भयो।

२०८१ भाद्र १५ गते विहानै रसियन कल्चरल भवन कमल पोखरी पुग्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पुस्तकालय अभिलेख तथा समन्वय शाखाका उपसचिव श्री यादवचन्द्र निरौलाज्यू लगायत कार्यक्रम तयारी गरिरहनु भएकोले भेट भयो। शिक्षा मन्त्री विद्या भट्टराईको प्रमुख आतिथ्यता रहेको कार्यक्रमको अध्यक्षता शिक्षा, विज्ञान तथा प्रविधि सचिव श्री विश्वबाबु पुडासैनीले गर्नु भएको थियो। पूर्व मन्त्री गणेश शाह, रसियन कल्चरका डाइरेक्टर मिस्टर एन्टन मास्लो विशिष्ट अतिथि रहनु भएको थियो। अतिथिहरुमा डा. बद्रीराज पाण्डे, सागर सुवेदी, सन्तोष रावल, पुष्पराज सुवेदी, राजेन्द्र प्रसाद पाण्डे लगायत धेरै पदाधिकारीज्यूहरु रहनु भएको थियो। मन्त्रालयका सहसचिव श्री केशवप्रसाद दाहालले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रममा वि.सं. २०१६ सालमा स्थापित पर्वत फलेबासको मोती सामुदायिक पुस्तकालयलाई श्री रत्न पुस्तकालय, बानेश्वरबाट प्राप्त नगद रु. पचास हजार सहित पुरस्कृत गरिएको थियो। पुस्तकालय अभियन्ता गीता गिरी थापा, वर्षका उत्कृष्ट पुस्तकालयकर्मी मीन कुमारी डल्लाकोटी लगायत मन्त्रालय र अन्तरगतका धेरै कर्मचारीहरु पुरस्कृत, सम्मानित हुनु भएको थियो। यस कार्यक्रममा SOUVENIR 17th LIBRARY DAY 2024 विमोचन गरिएको थियो।

भर्चुअल बैठकबाट सत्रौं पुस्तकालय दिवस २०८१ भाद्र १५ गते मनाउने सन्दर्भमा सामूहिक छलफल गर्दै आआफ्ना पुस्तकालयमा त्यस दिन महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था आआफैंले मिलाउने सल्लाह भएर सबैले आकर्षक कार्यक्रमहरु सञ्चालन गरेको अभिलेख जम्मा गरिएको थियो। यसै सन्दर्भमा चेतना विस्तार सार्वजनिक पुस्तकालय नेचा सल्यान ४, सोलुखुम्बुले मौलिक संगिनी गीत प्रतियोगिता तथा खुल्ला वक्तृत्वकला प्रतियोगिता आयोजना गरेर भब्यरुपमा सम्पन्न गर्न सफल भएको छ।




जनजागरण पुस्तकालय इटहरीले बृहत कवि गोष्ठी कार्यक्रम सञ्चालन गरेको जानकारी पाइएको थियो। यस पुस्तकालयले मासिक गोष्ठी गर्दै आइरहेको छ।

त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारी झापाले आफ्नै भवन परिसरमा रहेको युवाकवि मोतीराम भट्टको पूर्ण कदको सालिकमा माल्यार्पण गरेर छिमेकी देश भारतका दार्जीलिङ, मिरिक, खर्साङ, सिलगढी, गौहाटी, असम, सिक्किमका नाम्ची, गान्टोकका साहित्यकारहरु आमन्त्रण गरेर सभ्य र भव्य कार्यक्रम सञ्चालन गरेको थियो।

१७ औ राष्ट्रिय पुस्तकालय दिवसको दिन संगम पुस्तकालयको २१ औं साधारणसभा सम्पन्न गरिएको थियो। यस कार्यक्रममा प्रा.डा युवराज सङ्गौलाज्यू प्रमुख अतिथिका रुपमा उपस्थित भई पुस्तकालयको विकास र विस्तारका लागि सहकार्य गर्ने, आजीवन सदस्यता लिने, स्मार्ट बोर्ड उपलब्ध गराउने र नियमित पाठक र पुस्तकालयको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने १ जनालाई वार्षिक रुपमा पुरस्कृत गर्ने कार्यमा काठमाडौं स्कुल अफ लबाट सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाउनु भएको साथै २० हजार बराबरको आफैंले लेखेको/प्रकाशन गरेको किताब पुस्तकालयलाई सहयोग गर्नु भएको थियो। पुस्तकालयको तर्फबाट स्वागत, सम्मान सहित धन्यवाद ज्ञापन गरिएको थियो।

२०८१ कार्तिक ३० गते लेखनाथ पुस्तकालय चन्द्रगढी झापाद्वारा ३९ औं साधारण सभा तथा पुस्तकालय महासंघ कार्यसमिति सदस्य श्री उषा गुरुङद्वारा लिखित विचारको बिस्कुन कविता संग्रह विमोचन कार्यक्रम आयोजना गरिएको थियो। लेखनाथ पुस्तकालयका अध्यक्ष खगेन्द्रा खुसीको अध्यक्षता रहेको कार्यक्रममा पुस्तकालय महासंघ कोशी प्रदेश उपाध्यक्ष प्रेमप्रकाश पोखरेल 'फलाहारी' प्रमुख अतिथि रहनु भएको थियो। कार्यक्रममा विशिष्ट अतिथिहरु प्रा.डा. गंगाप्रसाद अधिकारी, शिक्षाकर्मी उद्धव बिष्ट रहनुभएको थियो। साहित्यकार द्वय चूडामणि वाशिष्ट र आरती पोखरेलले विमोचित पुस्तकको समीक्षा गर्नुभएको कार्यक्रममा सहप्राध्यापक होम सुवेदी, ठाकुर पोखरेललगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन पुस्तकालय सचिव श्री गोविन्द कोइरालाबाट गरिएको थियो।

२०८१ मङ्सिर १२ गते त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारी झापाले पुस्तक विमोचन र समीक्षा कार्यक्रम आयोजना गरेको थियो। पुस्तकालयका अध्यक्ष एवं पुस्तकालय महासंघ कोशी प्रदेश उपाध्यक्ष श्री प्रेम प्रकाश फलाहारीले अध्यक्षता गरेको कार्यक्रममा पूर्व नायव बडागुरुज्यू प्रा.डा. माधवप्रसाद भट्टराईको प्रमुख आतिथ्यता रहेको थियो। कविराज हिरण्यप्रसाद भट्टराईको

व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न साहित्यकार, लेखक, समीक्षकहरुबाट लेख, रचना तयार गरिएको पुस्तकको समीक्षा शिक्षाकर्मी तथा पुस्तकालय महासंघ कोशी प्रदेश सल्लाहकार समिति संयोजक श्री उद्धव बिष्टले गर्नु भएको थियो ।

२०८१ पौष २६ गते लेखनाथ पुस्तकालय चन्द्रगढी झापाको आयोजनामा पुस्तकालय अध्यक्ष श्री खगेन्द्रा खुसीको अध्यक्षता, मदन पुरस्कार विजेता साहित्यकार कृष्णधराबासीको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा विशिष्ट अतिथिहरु प्रा.डा. गंगा प्रसाद अधिकारी, अग्रज पत्रकार तथा कञ्चनजंघा एफ.एमका प्रबन्ध निर्देशक श्री चन्द्र भण्डारी, सहप्रध्यापक होम सुवेदी, तारा विविध, त्रिफला राष्ट्रिय पुस्तकालय अध्यक्ष श्री प्रेम प्रकाश फलाहारी, भारतीय नेपाली साहित्यकार अनिता अनु, साहित्यकारहरु कृष्ण सुवेदी निराकार, किशोर आचार्य लगायतको उपस्थिति रहेको थियो ।

२०८१ माघ ४ गते शुक्रबारबाट त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारीले मदन पुरस्कार विजेता साहित्यकार कृष्ण धराबासीको प्रमुख आतिथ्यतामा 'साहित्य परिचय तथा विद्यार्थी उत्प्रेरणा कार्यक्रम' उद्घाटन गरेर थालनी गरेको छ । पुस्तकालयबाट दुई किलोमिटर भित्रको दूरीमा रहेका दर्जन बढी सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुलाई साहित्यप्रति अभिरुची जगाएर पठन संस्कृतिको विकास गराउनु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । प्रत्येक विद्यालयबाट एक जना शिक्षक प्रतिनिधिको नेतृत्वमा दिनको १.०० बजे विद्यार्थी लिएर आउने र पुस्तकालयको अवलोकन गरेर विभिन्न जानकारी सहित पठन संस्कृति बारेमा उत्प्रेरणा जगाउन प्रत्येक पटक एक जना विशेषज्ञ, विज्ञलाई सहजकर्ताको रुपमा आमन्त्रण गर्ने गरिएको छ । यो कार्यक्रम प्रभावकारी बन्दै गएको र हार्डकपी पुस्तक अध्ययनमा विद्यार्थीहरुको रुची बढेर आएको शिक्षक तथा अभिभावकहरुले प्रतिक्रिया व्यक्त गरेको पाइएको छ ।

२०८१ माघ २१ गते त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारीमा साहित्यकार गंगा ओडारीज्यूको जीवन यात्रा पुस्तकको विमोचन भयो । पुस्तकालय अध्यक्ष प्रेम प्रकाश फलाहारीज्यूको अध्यक्षता रहेको कार्यक्रममा छिमेकी देश भारतको दार्जीलिङमा बसोबास गर्नुहुने साहित्यकार डा. गीता छेत्री कार्यक्रमको प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा दार्जीलिङबाट डा. आशा मुखिया लामा, सिलिगढीबाट साहित्यकार मुक्ति बराल, सिक्किमबाट टीका ढुङ्गेल 'रटन' एन.पी.एस. निरौला, अमिता अनु, नवीन पौडेल लगायतको उपस्थिति रहेको थियो भने स्वदेशका झापा र इलामका साहित्यकारहरुको समेत उपस्थिति रहेको थियो । हाल सक्रिय रहेका अन्य पुस्तकालयहरुबाट गर्गचार्य विश्वभाषा पुस्तकालय धनकुटाका श्री घनश्याम बराल, लेखनाथ सामुदायिक पुस्तकालय मधुमल्ला मोरङका श्री गोविन्द बस्नेत, राष्ट्रिय पुस्तकालय केराबारी मोरङका श्री महाप्रसाद लुइटेल, बाल सामुदायिक पुस्तकालय बिराटनगर मोरङका श्री राजन भण्डारी, धर्मादेवी सामुदायिक पुस्तकालय संखुवासभाका श्री भीम लिङखाको उपस्थिति रहेको थियो । शान्ति सामुदायिक पुस्तकालय लेटाङ मोरङका श्री सुदेश वस्ती, हतुवागढी सामुदायिक पुस्तकालय भोजपुरका श्री इन्द्र थापा, सुनौलो सामुदायिक पुस्तकालय धरान सुनसरीका श्री डम्बर बहादुर चौहान तथा श्री उषा परियारको समेत सो कार्यक्रममा उपस्थिति रहेको थियो । उल्लिखित पुस्तकालयहरुले विभिन्न समयमा केही न केही कार्यक्रम गर्ने, नियमित पुस्तकालय खोल्ने र सामाजिक जानकारीमा रहने गरेको पाइएको छ ।

*uddhavbista8@gmail.com*

# ज्ञानको मन्दिरमा स्वयंसेवकको अनुभव र अनुभूति

अंशु झा, सिरहा*

पुस्तकालय मानवजीवनका लागि ज्ञान आर्जन गर्ने स्थान हो, जसको सत्सङ्गले मानवको स्वभाव नै परिष्कृत हुन्छ । पुस्तकालयको लगावले व्यक्ति एक जिम्मेवार र विवेकशील नागरिक बन्ने बाटोमा अग्रसर हुन्छ । पुस्तकालयको स्वरूप जस्तोसुकै भए तापनि सबै पुस्तकालयको उद्देश्य समाजलाई सुशिक्षित, सचेत र नैतिकवान बनाउनु हो । तसर्थ पुस्तकालय समाजको बौद्धिक उन्नतिको केन्द्र हो । यो केवल पुस्तक राख्ने ठाउँ मात्र नभई यसले ज्ञान प्राप्ति, सूचना आदान-प्रदान र वैचारिक अभिव्यक्तिको समृद्धिमा जोड दिन्छ । स्वयंसेवकको दृष्टिकोणबाट हेर्दा पुस्तकालय सेवा, सिकाइ र सामाजिक उत्तरदायित्व एकैसाथ निर्वाह गर्ने स्थान हो ।

स्वयंसेवकहरूका लागि पुस्तकालय सेवा दिने अवसर अत्यन्तै महत्त्वपूर्ण तथा अर्थपूर्ण हुन्छ । यस माध्यमबाट उनीहरूले विद्यार्थी, अनुसन्धानकर्ता र ज्ञानप्रेमीहरूलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने अवसर प्राप्त गर्दछन् । आफ्नो समय, सिप र प्रयासले भविष्यमा सकारात्मक प्रभाव पार्न सकिन्छ भन्ने अनुभूति स्वयंसेवकले यहीँ प्राप्त गर्छन् । पुस्तकालयमा स्वयंसेवकका रूपमा विविध व्यावहारिक र व्यावसायिक सिपहरू सिकिन्छ र त्यसबाट अनुभव निखारिएर आउँछ । स्वयंसेवकमा पुस्तक व्यवस्थापन, सूचनाप्रवाहको ज्ञान, अभिलेख राख्ने प्रविधि, डिजिटल डेटाबेसको प्रयोग र प्रयोगकर्तासँगको सम्पर्क कौशल आदि सिपहरूको विकास हुन्छ । पुस्तकालयको शान्त र अनुशासित वातावरणले स्वयंसेवकलाई पनि अनुशासित र जिम्मेवार बन्न प्रेरित गर्छ । पुस्तकालयमा विविध शैक्षिक, सांस्कृतिक र सामाजिक कार्यक्रमहरूमा सक्रिय सहभागी हुने मौकासमेत मिल्ने भएकाले उनीहरूको सामाजिक र बौद्धिक विकासमा उल्लेखनीय टेवा पुग्छ । पुस्तकालय र स्वयंसेवकबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्दा अतियुक्ति नहोला । स्वयंसेवकहरू पुस्तकालयप्रति समर्पित र सेवाग्राहीका लागि सदैव तत्पर रहन्छन् ।

स्वयंसेवक भन्नाले त्यो व्यक्तिलाई जनाउँछ जसले कुनै संस्थामा स्वेच्छाले पारिश्रमिकबिना समाज तथा मानवताका लागि आफ्नो समय, सिप, ज्ञान वा ऊर्जा प्रयोग गरेर योगदान पुऱ्याउँछ । त्यसैले स्वयंसेवक समाजका लागि एक अविभाज्य अङ्ग हो । उनले सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक वा कुनै सार्वजनिक हितका कार्यहरूमा स्वतः इच्छाले समय, क्षमता वा श्रम दिन्छ । यसबाट स्पष्ट हुन्छ उनीहरू समाजमा अत्यन्तै महत्त्वपूर्ण हुन्छन् र यी समाजका अभिन्न अङ्ग पनि हुन् । उनीहरूले समाजलाई सशक्त, सहयोगी र सहिष्णु बनाउन अतुलनीय योगदान दिन्छन् । स्वयंसेवकले बाढी, भूकम्पजस्ता विपद्मा राहत कार्यमा सहयोग गर्छन्, रक्तदान कार्यक्रमहरूमा सहयोग गर्छन्, विद्यालय, अस्पताल वा सामाजिक संस्थाहरूमा सहयोग गर्छन् र विशेषगरी पुस्तकालयजस्ता क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउँछन् । तर यहाँ पुस्तकालयमा स्वयंसेवकको योगदान तथा उनीहरूको पुस्तकालयमा काम गर्दाको आफ्नो अनुभवलाई लिपिबद्ध गर्ने प्रयास गरेकी छु ।

अब प्रश्न उठ्न सक्छ पुस्तकालय के हो त ? त्यहाँ स्वयंसेवकको आवश्यकता किन हुन्छ ? पुस्तकालय भनेको विभिन्न प्रकारका पुस्तकहरू, पत्रपत्रिकाहरू, अनुसन्धान प्रतिवेदन, नक्सा, अडियो भिजुअल सामग्रीहरू सङ्कलनको संरक्षण गर्ने र पाठकहरूलाई सेवा दिने उद्देश्यले व्यवस्थित रूपमा राखिने ज्ञानको भण्डारण हो । जसले पाठक, विद्यार्थी, शिक्षक, अनुसन्धानकर्तालगायत सबैलाई अध्ययनका लागि शान्त तथा सुविधायुक्त वातावरण उपलब्ध गराउँछ । आजको युगमा पुस्तकालय डिजिटल प्रविधिबाट सुसज्जित भई अनलाइनका माध्यमबाट पुस्तकलगायत अन्य सामग्रीहरू पढ्न सकिने सुविधा दिन सक्षम भएको छ ।

प्रविधिको प्रयोगले पुस्तकालयको स्वरूप नै परिवर्तन भए तापनि समाजमा पुस्तकालयको महत्त्व प्राचीनकालदेखि नै बोध भएको पाइन्छ । पुस्तकालयको महत्त्व आजभन्दा २६०० वर्षअगाडि असिरिया भन्ने प्राचीन देशका राजा असुरबानीपाललाई पनि राम्ररी थाहा थियो । उनले लाइब्रेरीको महत्त्व बुझेर नै राजधानी निनेभमा पुस्तकालयको स्थापना गरेका थिए । यस्तै इजिप्टका राजा टोलमी, अरिस्टोटल, प्लेटो इत्यादि महान् दार्शनिकहरूले पनि पुस्तकालय खोलेका थिए । उनीहरूलाई पनि पुस्तकालयको अवधारणा राम्ररी थाहा थियो । "मेरो पुस्तकालयमा आएर छानी-छानी पुस्तक पढ अनि आफ्नो दुःख भुल" यो कथन शेक्सपियरको हो अर्थात्

** सदस्य, नेपाल पुस्तकालय संघ*

पुस्तकालयमा गएर व्यक्ति आफ्नो दुःख पनि भुल्छ। चित्त शान्त हुन्छ। ठुला-ठुला मान्छेको चरित्र पढेर मानव आफ्नो स्वभावमा पनि परिवर्तन गर्न सक्छ। नकारात्मक सोचभन्दा माथि उठ्छ। हाम्रो देशमा पनि औपचारिक रूपमा पुस्तकालयको इतिहास धेरै पुरानो छैन। पृथ्वीनारायण शाहका पनाति राजा गीर्वाणयुद्धविक्रम शाहद्वारा वि.सं. १८६९ भदौ १५ गते पुस्तकहरूको चिताई तहबिलसम्बन्धी अधिनियम लालमोहर जारी गरियो। नेपालमा पुस्तकालयले पहिलो पटक कानुनी मान्यता पाएको त्यही नै हो र पछि १५ भदौलाई नै पुस्तकालय दिवसको रूपमा मनाउन थालियो। यसपालि हाम्रो पुस्तकालय, हाम्रो भविष्य भन्ने नाराका साथ १८ औँ पुस्तकालय दिवस मनाउन लागिएको हो।

पुस्तकालयमा सामान्यता ज्ञान सामग्रीहरूको सङ्कलन, व्यवस्थापन, सम्प्रेषण र संरक्षण गर्ने काम हुन्छ। प्रत्येक पुस्तकालयले आफ्नो उद्देश्य, सेवाको किसिम, पाठकहरूको विधिततालाई ध्यानमा राखेर पुस्तक वा अन्य ज्ञान सामग्री सङ्कलन गर्दछ। पुस्तक सङ्कलन भइसकेपछि त्यसको व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण कार्य हो नत्र पुस्तक सङ्कलनको केही औचित्य रहँदैन। सङ्कलित पुस्तकादि र ज्ञान सामग्रीहरूलाई उचित व्यवस्थापन गर्नुपर्दछ ताकि चाहेको पुस्तक चाहने व्यक्तिले समयमै सजिलै प्राप्त गर्न सकोस्। त्यसपछि सम्प्रेषण सेवा पनि चुस्त र दुरुस्त हुनुपर्छ। पुस्तकहरूको प्राप्ति र व्यवस्थापन भइसकेपछि ती पुस्तकहरूको वितरण सरल र सहज ढङ्गले हुनुपर्दछ नत्र ती सामग्रीहरूको समुचित प्रयोग हुँदैन। जुन पुस्तकको जति पाठक हुन्छ त्यो पुस्तकको त्यति नै महत्त्व हुन्छ। जुन पुस्तकालयमा आदान-प्रदान व्यवस्था राम्रो छ भने त्यो पुस्तकालय युग युगान्तरसम्म निरन्तर चलायमान रहिरहन्छ। अब कुरा आयो संरक्षणको, सङ्कलन, व्यवस्थापन र सम्प्रेषण मात्रै गरेर पुस्तकालयलाई हामी जोगाउन सक्दैनौँ। त्यसलाई संरक्षणको पनि त्यति नै आवश्यकता छ।

अब जहाँ यति धेरै कार्य हुन्छ त्यहाँ त जनशक्ति पनि त्यति नै चाहिन्छ। पुस्तकालयको प्रकृतिअनुसार सम्बन्धित विषयको दक्ष जनशक्तिको आवश्यकता हुन्छ। अहिले हाम्रो देशको अवस्था अत्यन्तै दयनीय छ। शिक्षाको क्षेत्र त झनै निराशाजनक छ। हरेक क्षेत्र राजनीतीकरणको प्रभाव बढीरहेकाले देशको भविष्य कस्तो हुने हो सोचनीय छ। ठुला-ठुला विश्वविद्यालयहरूमा समयमा कर्मचारीको विज्ञापन गरिँदैन त्यसकारण विश्वविद्यालयहरूका विभिन्न विभागहरूमा कर्मचारीहरूको अभाव देखिएको हुन्छ। कर्मचारी अभाव भएपछि सेवाग्राहीहरूलाई नियमित सेवा दिन चुनौतीपूर्ण हुन्छ। कर्मचारीको अभावमा संस्थाहरूले स्वयंसेवकको माग गर्छ र त्यसमार्फत आफ्नो संस्थालाई सहज र सरल ढङ्गले सेवाप्रदायक बनाउँछ। स्वयंसेवक त सबै ठाउँमा दक्ष नै हुनुपर्यो तर पुस्तकालयको स्वयंसेवकको दक्षता अलि भिन्न खालको हुन्छ। पुस्तकालयमा काम गर्ने स्वयंसेवकले पुस्तकालयसम्बन्धी कम्तीमा तीन महिने तालिम लिएको हुनुपर्‍यो अथवा पुस्तकालय तथा सूचना विज्ञानमा शिक्षित हुनुपर्‍यो। पुस्तकालयमा स्वयंसेवकको रूपमा काम गर्नका लागि विभिन्न योग्यता अनिवार्य रूपमा चाहिन्छ : सेवा गर्ने भावना, पढ्ने र सिक्ने रुचि, सञ्चार र व्यवहारकौशल, समय व्यवस्थापन, प्राविधिक सिप, तथा टिमवर्क गर्ने क्षमता। तसर्थ एउटा पुस्तकालयकर्मी वा पुस्तकालयमा काम गर्ने स्वयंसेवकमा यति गुण हुनु नितान्त आवश्यक छ।

नेपालको सबैभन्दा ठुलो पुस्तकालयको रूपमा परिचित त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय पनि जनशक्ति अभावका कारण विगत पाँच-छ वर्षदेखि स्वयंसेवकको सहयोगमा सञ्चालन भएको पाइन्छ। त्यसका मुख्य कारण समयमा कर्मचारी विज्ञापन नहुनु, भएको पनि विवादित हुनु, कार्यालयबाट कर्मचारीहरूको समयावधि समाप्त भएपछि कार्यालयमा कर्मचारीको अभाव हुनु इत्यादि। साँच्चिकै यो त्रि.वि केन्द्रीय पुस्तकालयका लागि चिन्तनीय विषय हो। पुस्तकालय केन्द्रसँग समन्वय गरेर स्वयंसेवकलाई न्यूनतम दैनिक ज्यालादारी दिएर जसो-तसो पुस्तकालयलाई नियमित सञ्चालन गरिरहेको छ। त्रि.वि. केन्द्रीय पुस्तकालयमा म पनि एउटा स्वयंसेवकको रूपमा वि.सं. २०७६ सालदेखि काम गरिरहेकी छु। वास्तवमा त्यहाँ काम गरेको मेरो अनुभव निकै जिज्ञासापूर्ण छ। म एउटा सानो गाउँको मान्छे यत्रो ठुलो पुस्तकालयमा आएर काम गर्छु विश्वास थिएन। तापनि विगत ६ वर्षदेखि निरन्तर यहाँ काम गर्दै आइरहेकी छु। अब कति दिन अझै यहाँ काम गर्छु त्योचाहिँ थाहा छैन। मलाई सबभन्दा पहिला यताको रमणीय वातावरणले आकर्षित गर्यो त्यसपछि पुस्तकालयको प्राङ्गणमा अवस्थित बुद्ध भगवान्‌को प्रतिमाले। भित्र छिर्दा त निकै जिज्ञासालाग्दा शाखाहरू रहेछन्, पुस्तकादि सामग्रीहरूको भण्डार देखेर अत्यन्तै हर्षित भएँ किनकि किताब पढ्न सानैदेखि मलाई धेरै मनपर्छ। अब मेरो भेट त्यहाँको प्रशासन प्रमुखसँग भयो र उहाँले मलाई जेनरल शाखामा बुक सेल्भिङ गर्ने काम लगाउनुभयो। मलाई लाइब्रेरीको तालिम दिँदा किताब र्‍याकमा कसरी राख्नुपर्छ त्यो सिकाउनु भएको थियो र मैले त्यहीअनुसार किताबको स्पाइन हेर्दै कल नम्बरअनुसार किताब मिलाउन थालेँ।

पुस्तकसँग खेल्दै गइरहँदा मलाई पुस्तकालयसँगको मोह थप प्रगाढ हुँदै गएको थियो। केही दिनपछि किताबमा स्पाइन, बारकोड र ड्यु

डेट टाँस्ने काम गर्न थालेँ। त्यसपछि किताब सङ्कलन गर्ने शाखा अर्थात् जहाँ किताबहरू उपहारबाट वा खरिद गरेर आएको हुन्छ त्यसलाई परिग्रहण ढड्डा खातामा दर्ता गरिन्छ, त्यहाँ पनि काम गर्ने अवसर पाएँ। त्यतिबेला मजस्तै बीस जना साथी थियौँ हामी। हाम्रा साथीहरूसँगको सद्भाव र प्रेम अत्यन्तै मार्मिक थियो। हामी एक अर्कासँग सौहार्दपूर्ण वातावरणमा काम गर्न थाल्यौँ। कामकै क्रममा बिस्तारै आइटी शाखामा पुगेँ, त्यहाँको काम पनि सिकेँ। त्यहाँ एम.ए., एम.फिल., मिनी रिसर्च र पिएचडीका थेसिसहरू दर्तादेखि डिस्पेस सफ्टवेयरमा थेसिस अपलोडसम्मको काम हुन्छ। यस्तो काममा पनि मलाई एकदम रुचि लाग्छ। नयाँ-नयाँ अनुसन्धानकर्ताहरूका नयाँ-नयाँ अनुसन्धानहरूलाई आंशिक रूपमा अध्ययन गर्नु, शब्दकुञ्जिका खोज्नु र त्यसलाई डिस्पेसमा राख्नु संवेदनशील काम हुन्छ तर रमाइलो हुन्छ।

केन्द्रीय पुस्तकालयमा अहिले पनि हामी १२ जना साथीहरू स्वयम्सेवकका रूपमा सेवारत छौँ। टेक्निकल शाखा, बाइन्डिग शाखा, आइटी शाखा, अर्काइभ इत्यादि शाखाहरूमा हामी साथीहरू मिलेर काम गर्न एकदमै रुचाउँछौँ। जहाँ अलि बढी काम हुन्छ त्यहाँ हामी एउटा अभियानको तहत सबै जना हातेमालो गरेर काम गर्छौँ। पुस्तकालयको प्रमुखसहित सबै सर म्यामहरूले हामीलाई उतिकै सहयोग गर्नुहुन्छ। हामीलाई पनि पुस्तकालय परिवारकै सदस्य मान्नुहुन्छ। हामीलाई पुस्तकालयको हरेक सामग्री तथा किताबहरूसँग अटुट प्रेम छ। मलाई सबभन्दा रमाइलो विभिन्न कलेज वा स्कूलहरूका विद्यार्थीहरूलाई भिजिट गराउन लाग्छ। उनीहरूका लाइब्रेरीसम्बन्धी जिज्ञासा र प्रश्नको जवाफ दिन मलाई निकै राम्रो लाग्छ। लाइब्रेरी आउने सेवाग्राहीहरूलाई मार्गदर्शन गर्दा पनि उत्तिकै खुशी लाग्छ।

एस.आर. रङ्गनाथनका पुस्तकालयका पाँच नियममध्ये अन्तिम नियम "पुस्तकालय एक जीवित, बढ्दो संस्था हो"। हो, यसैअनुसार पुस्तकालयका काम दिन प्रतिदिन बढ्दै गर्छ र त्यहाँ जिन्सी सामग्रीका साथै जनशक्ति पनि त्यति नै आवश्यक हुन्छ। अहिले त्रि.वि. केन्द्रीय पुस्तकालयको नयाँ भवन पनि सञ्चालनमा आइसकेको छ। विद्यार्थीहरू पनि बढेका छन्। कहिलेकाहीँ त यति विद्यार्थीहरू हुन्छन् कि बस्ने ठाउँको पनि अभाव हुन्छ तर दुःखको कुरा यो हो कि यहाँ पढ्ने विद्यार्थीहरू प्रायसः लोकसेवाका तयारीका लागि आउँदछन्। किनकि हाम्रो देशका विश्वविद्यालयहरूमा विद्यार्थीको संख्या घट्दो क्रममा छ। प्रायसः विद्यार्थीहरू १२ पास गरेर विदेशतिर जान रुचाउँछन्। नेपालमा भविष्य छैन रे भन्ने मानसिकता विकास भएको पाइन्छ। समयमै सरकारको यसप्रति ध्यानाकर्षण हुनु अत्यन्त आवश्यक छ। किन छैन त हाम्रो देशमा भविष्य ? किन युवाहरू विदेश पलायन हुँदै छन् ? विश्वविद्यालयमा विद्यार्थी अभाव हुनुको जिम्मेवारी कसले लिनेछ ? हो, यस्तै विभिन्न समस्याले ग्रसित छ हाम्रा विश्वविद्यालय र पुस्तकालयहरू। यसप्रति प्रशासन र सरोकारवालालाई ध्यान दिएर आफ्नो देशमा पढाइपछिको रोजगारीको प्रतिबद्धता जनाउनुपर्छ अनि मात्र पुस्तकालयमा आफ्नो विश्वविद्यालयका विद्यार्थीहरूको जमघट हुन्छ। शैक्षिक संस्थाहरूबाट राजनीतिक भागबन्डाको अन्त्य हुनुपर्छ।

# धार्मिक पुस्तकालय : आवश्यकता




**सरिता हुमागाईं***



**लेखसार**

*परापूर्वकालमा अमेरिका तथा यूरोपमा धार्मिक पुस्तकालय (Religious Libraries) लाई आध्यात्मिक पुस्तकालय (Theological Libraries) को रूपमा व्याख्या गरिन्थ्यो । यो अनुसन्धानात्मक लेख तयार पार्न अनलाइन, प्रयोग गरी स्रोत सङ्कलन गरेर सुक्ष्म अध्ययन गरिएको छ । विशेष गरेर नेपालको सन्दर्भमा आधारित भएर तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्दा काठमाण्डौ केन्द्रित केहि ठूला पुस्तकालय तथा तिनीहरुको मात्र धेरै अध्ययन भएको पाइयो । यी सबै ठूला पुस्तकालयहरु धार्मिक सङ्कलन नभई साधारण पुस्तकालयहरु भएको पाइयो । नेपाल वहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक राष्ट्र भएकोले यीसँग सम्बन्धित पठन सामग्री तथा ग्रन्थहरु संरक्षण गर्न एक धार्मिक पुस्तकालय आवश्यकता भएको निष्कर्षमा पुगियो ।*



*मुख्य शब्दावलीः धार्मिक पुस्तकालय, आध्यात्मिक पुस्तकालय, ग्रन्थहरु, नेपाल,*


## अध्ययनको परिचय

धार्मिक तथा साधारण पुस्तकालयको इतिहास लामो रहेको छ । तथापि पुस्तकालयहरुलाई व्यवस्थित रुपमा सञ्चालन उन्नाइसौं शताब्दीको अन्त्यतिर तथा बिसौं शताब्दीको सुरुतिरबाट मात्र सुरु भएको पाइन्छ। यो सन्दर्भमा, जिउन्स र उल्फडाहम (१९९८) को व्याख्या सान्दर्भिक छ। उनीहरुको व्याख्या अनुसार, पुस्तकालयको अवधारणा इ.पु.३००० तिर भएको पाइन्छ। त्यतिखेर पुस्तकालय पादरी तथा राजाहरुको पहुँचमा हुने गर्दथे । पादरी तथा राजाहरूले आफ्नो दैनिक कार्य सम्पन गर्दा चाहिने ग्रन्थहरु तथा डकुमेन्ट सङ्कलन तथा संरक्षण गर्ने गर्दथे। यसैगरी आध्यात्मिक पुस्तकालयहरुमा पनि राजा तथा पादरीहरुले नै धार्मिक ग्रन्थहरु व्यक्तिगत रुपमा सङ्कलन गरेको पाइन्छ। त्यतिखेर धार्मिक मात्र नभई अन्य डकुमेन्टहरु पनि आजको साधारण पुस्तकालयहरुमा जस्तै एकै ठाउँमा सङ्कलन गर्ने गरेको पाइन्छ।

यसरी अध्ययन गर्दै जाँदा त्यो समयमा धार्मिक पुस्तकालय (Religious Libraries) नभनी Theological Libraries आध्यात्मिक पुस्तकालयको नाम दिइएको पाइन्छ । अमेरिकन पुस्तकालय संघ American Library Association लाई पहिलो प्रयासको रुपमा लिइएको छ। जसले सन् १९८४ मा स्थापित भई धार्मिक ग्रन्थहरु सङ्कलन गर्ने गर्दथे। (जिउन्स उल्फ . डाहम , १९९८ ) विस्तारै समयको वेगसँगै आध्यात्मिक तथा धार्मिक पुस्तकालयहरु अमेरिका तथा जर्मनीमा केन्द्रित नभई विश्वका अन्य देश तथा स्थानहरुमा पनि स्थापना हुन थाले। परिणाम स्वरुप सन १९५४ मा युनेस्कोको जेनेभा सम्मेलनपछि आध्यात्मिक पुस्तकालयको अन्तर्राष्ट्रिय संघ (International Association of Theological Libraries) को स्थापना भएको हो । यसरी, धार्मिक पुस्तकालय (Religious Libraries) को नाममा भन्दा पहिले आध्यात्मिक पुस्तकालय (Theological Libraries) को नाममा विश्वका विभिन्न देश तथा स्थानहरुमा पुस्तकालय तथा संघसंस्थाहरु स्थापना भई धार्मिक पुस्तक, ग्रन्थ, डकुमेन्टहरु, तथा अन्य सामाग्रीहरु उत्पादन र संरक्षण गर्ने गरेको पाइन्छ।

## समस्याको कथन

विज्ञानले चमत्कारिक आविष्कार गरे तापनि, धर्मप्रति मानिसहको बुझाइ र विश्वास घटेको पाईंदैन। यो सन्दर्भमा, शिमन (२०११) उल्लेख गर्दछन्, धेरै अमेरिकनहरुको दैनिक जीवनमा धार्मिक क्रियाकलापहरुको महत्वपूर्ण स्थान पाइन्छ । त्यसैगरी नेपाली


* *शिक्षिका नन्दिरात्री मा.वि., नक्साल ।*

समाजका मानिसहरुमा पनि धार्मिक क्रियाकलापहरु दैनिक जीवनको भागको रुपमा देख्न र महसुस गर्न सकिन्छ। तर धार्मिक पुस्तकालयहरु विशिष्ठकृत रुपमा स्थापना भएको पाइँदैन।

पुस्तकालयहरु नेपालमा नभएका होइनन् तर धार्मिक स्रोतहरु उत्पादन तथा संरक्षणको उद्देश्यले स्थापित भएका कमै मात्र पाइन्छन्। संवैधानिक रूपमा नेपाल धर्म निरपेक्ष राष्ट्र हो, यसको अर्थले पनि स्पष्ट पारेको छ , यहाँ धेरै धर्मका मानिसहरु बस्दै आएका छन । हिन्दू राष्ट्रबाट धर्म निरपेक्ष राष्ट्र राष्ट्र बन्नुमा यहाँ धार्मिक विविधता बढ्दै गएको छ भन्ने स्पष्ट हुन्छ। यस परिवेशमा धार्मिक पुस्तकालयको पनि आवश्यकता महसुस गर्न सकिन्छ। जसले विभिन्न धर्म सम्बन्धी स्रोत सामग्रीहरु सङ्कलन तथा संरक्षण गरेर जनताहरुमा धार्मिक सचेतना जगाउँदै, धार्मिक सहिष्णुताको बाटोमा लैजानु पर्ने देखिन्छ। यसैगरी यो लेखले नेपालमा भएका पुस्तकालयहरुको अध्ययन गरी सरकार तथा सचेत नागरिकमा धार्मिक पुस्तकालय स्थापनाको औचित्य पुष्टि होस् भन्ने चाहना राख्दछ।

## उद्देश्यहरु

यो लेखको मुख्य उद्देश्य भनेको धार्मिक पुस्तकालयहरु सम्बन्धी परिचय दिँदै, सम्बन्धित पूर्व कार्यहरुको गहिरो अध्ययन तथा पूर्णः अवलोकन गरी, नेपालको सन्र्दभमा धार्मिक पुस्तकालय खोल्नको लागि सचेतना मूलक सन्देश प्रवाह गर्नु हो।

## अनुसन्धानका प्रश्नहरु

यो लेख तयार पार्न खोज अनुसन्धान गर्ने क्रममा तलका मुख्य प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ।

क) धार्मिक पुस्तकालय के हो ?

ख) धार्मिक पुस्तकालयको, आध्यात्मिक पुस्ताकालयसँग कस्तो सम्बन्ध छ ?

ग) नेपालको सन्दर्भमा धार्मिक पुस्तकालय स्थापना के कसरी अपरिहार्य रहेको छ ?

## अनुसन्धान विधि

यो अनुसन्धान डकुमेन्ट अध्ययन विधिमा आधारित रहेको छ। नेपालमा धार्मिक पुस्तकालयहरुको बारेमा लेखिएका लेखहरु, अनुसन्धानहरु खोजी गरी तिनीहरुको विश्लेषणबाट यो लेख तयार पारिएको हो। जसका लागि अनलाइन गुगल इन्जिन, गुगल स्कलर, तथा टि.यु.सि.एल प्रोक्वेष्ट (Tribhuvan University Central Library Proqest), र नेपजोल (NepJol) लाई आधारित बनाइएको छ । जसका लागि मुख्य शब्दावलीहरु धार्मिक पुस्तकालय (Religious Library), आध्यात्मिक पुस्तकालय (Theological library) विविध भाषा प्रयोग गरी स्रोत सामग्री खोज गरिएको हो।

यसरी अनलाइन खोजी गर्दा विभिन्न वेबसाइट तथा इन्जिन मार्फत ५५ वटा लेख रचनाहरु फेला पारियो। यी सबै पढ्दै जाँदा धेरैजसो श्रोतहरु सामान्य पुस्तकालयसँग सम्बन्धित भएको र जम्मा १२ वटा धार्मिक पुस्तकालयसँग सम्बन्धित भएको पाइयो। अतः तीनै १२ वटा स्रोत सामाग्रीहरु तथा ३ वटा वेबलिङ्कको गहन अध्ययनपछि नेपालमा केही प्रयासहरु भए पनि धार्मिक पुस्तकालय स्थापनामा सचेतनाको कमी भएको पाइयो।

## अनुसन्धानको परिणाम तथा छलफल

यो लेख तयार पार्न विभिन्न पूर्व कार्यहरुको अध्ययन तथा समीक्षा गर्ने क्रममा पुस्तकालय खोल्न तथा अनुसन्धान गर्न धेरै प्रयास भएको पाइयो, तर धार्मिक, पुस्तकालय खोल्न तथा अनुसन्धान गर्न त्यति धेरै प्रयासहरु भएको पाइएन । त्यसमा पनि धेरैजसो सरकारी र केही मात्र व्यक्तिगत प्रयास भएको पाइयो। वास्तवमा पुस्तकालय भनेको सार्वजनिक सम्पति हुनु र सूचनाको श्रोत हुनु आवश्यक छ । नेपालको सन्दर्भमा केही ठुला पुस्तकालयहरु काठमाडौं केन्द्रीत भएको पाइयो। तलको विवरणले सो कुराको पुष्टि गर्दछ।

## काठमाडौं केन्द्रित केही ठूला पुस्तकालयहरु

नेपालको सबैभन्दा ठूलो तथा राजधानी शहर भएर होला धेरै ठूला पुस्तकालयहरु काठमाडौं केन्द्रीत भई सेवा दिइएको पाइन्छ। तथापि यिनीहरु विशेष खालका धार्मिक पुस्तकालयहरु नभई साधारण पुस्तकालयहरु भएको पाइयो । जस्तैः त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय सन् १९५९ मा स्थापना भई एक ठूलो पुस्तकालयको रुपमा रहेको छ। यसको उद्देश्य पनि सबै खालका पठनीय सामग्रीहरुको सङ्कलन, संरक्षण रहेको छ। यसमा विशेष खालको धार्मिक पुस्तकालय रहेको छैन। त्यसै गरेर नेपाल राष्ट्रिय पुस्तकालय (Nepal National Library) जुन सन् १९५७ मा स्थापना भएको र अहिले पनि काठमाण्डौ केन्द्रित छ। यसमा पनि सबै खालका पठन सामग्रीहरु सङ्कलित तथा संरक्षित छन् तर यो पनि धार्मिक पुस्तकालय होइन। यसैगरी केशर पुस्तकालय (Kaiser Library) पनि एउटा पुरानो र ठूलो पुस्तकालय हो जुन काठमाडौंमा अवस्थित छ। यो सन् १९०७ मा स्थापना भएको थियो र निरन्तर पाठ्यसाम्रगी संरक्षणमा कटिबद्ध छ। यसमा धार्मिक पुस्तकहरु -बौद्ध धर्म, तन्त्र, मन्त्रसँग सम्बन्धित पुस्तकहरु रहेको पाइन्छ । तथापि यो पनि धार्मिक पुस्तकालयको

नाममा छैन । यसैगरी, भर्खर सन् २००५ मा स्थापित काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय ( Kathmandu Valley Public Library ) ले पनि विभिन्न भाषाका ग्रन्थहरु संरक्षण गरे पनि धार्मिक पुस्तकालय भने होइन ।

काठमाडौं उपत्यकामा नै विदेशी नियोगका पुस्तकालयहरु पनि रहेका पाइन्छन् । ती मध्ये नेपाल भारत पुस्तकालय (Nepal Bharat Library) जो सन् १९९६ मा स्थापना भएको हो । जसलाई भारतीय दूतावासले सञ्चालनमा ल्याएको छ र त्यो पनि धार्मिक पुस्तकालय भने होइन । यस्तै अर्को छ, अमेरीकन पुस्तकालय जुन सन् १९५२ मा स्थापना भई निरन्तर सञ्चालनमा रहे पनि धार्मिक पुस्तकालय चाहिँ होइन ।

यसरी विभिन्न पुस्तकालयहरुसँग सम्बन्धित सामग्री अध्ययन गर्दा के भेटिन्छ भने तिनीहरु सबै खालका पाठ्य सामग्रीहरु सङ्कलन तथा संरक्षण गर्ने उद्देश्यले स्थापना भई निरन्तर सञ्चालनमा भए तापनि धार्मिक पुस्तकालय भने होइनन् । यसैले धार्मिक पुस्तकालयको महत्वको विषयमा छलफल गर्न आवश्यक छ ।

## धार्मिक पुस्तकालयको महत्वको छलफल

यो लेख तयार पार्न पनि सङ्कलित विभिन्न स्रोत सामग्रीहरुको अध्ययन गर्दा धार्मिक पुस्तकालयहरु कमै मात्र स्थापित भएको पाइए पनि यिनीहरुको धेरै महत्वपूर्ण भूमिका रहेको पाइन्छ। विशेष गरेर धार्मिक पुस्तकहरूले आध्यात्मिक र वैद्धिक सञ्चार निर्माण तथा प्रचारमा ठूलो भूमिका खेलेको उल्लेख भएको पाइयो ।

यी धार्मिक पुस्तक, ग्रन्थ तथा पुस्तकालयहरुले धार्मिक अध्ययन, ज्ञान, तथा सीप सम्बन्धी स्रोत भण्डारको रुपमा रहेको पाइन्छ । यसैलाई व्याख्या गर्दै केक, (२०१८) ले उल्लेख गरेका छन् कि आध्यात्मिक पुस्तकालय तथा बौद्धिक प्रकाशनहरूले समाजमा सकारात्मक प्रभाव पारेका छन् । उदाहरणको लागी, आर्थिक बजारीकरण, विश्वसनीय समाज, आध्यात्मिक ज्ञान, वैदिकता आदि क्षेत्रमा सकारात्मकता ल्याएको छ ।

वास्तवमा, धार्मिक डकुमेन्ट तथा श्रोत ग्रन्थहरु विशेष र आध्यात्मिक सूचनाका श्रोतहरु हुन् । आध्यात्मिक पुस्तकालयहरुले आत्मज्ञानको विकास गर्दछन् । यिनीहरुमा भगवान् प्रति मोह (Love of God), भक्तको आत्मज्ञान ( Insights for prayer), र प्रार्थना (Worship) को विकास गर्ने स्रोत सामग्रीहरु रहेका हुन्छन् । वास्तवमै यी पुस्तकालयले आत्मज्ञान र आत्मानुभूति गराउँदछन् । यसै सन्दर्भमा, ग्रेनर्ट (२०२०) ले विद्यार्थी तथा भक्तहरूमा एक विशिष्ट खालको सम्भावित आत्मज्ञान बढाउन तथा जागरण गराउन आध्यामिक (Theological) भूमिका रहेको व्याख्या गरेका छन् । यसैगरी ओ अवकक, (१९८७) उल्लेख गर्दछन्, आध्यात्मिक पुस्तकालयले धार्मिक पुस्तकहरुको सङ्ग्रह गरी विशेष खालको ज्ञानको जागरण गर्न सहयोग पुऱ्याउँछन् । बेली-हेनर (२०१४) को भनाइमा आध्यात्मिक पुस्तकालयहरु, धार्मिक अध्ययन तथा सचेतनाका स्रोतहरु हुन् ।

यसैगरी धार्मिक पुस्तकालयहरुले धार्मिक ज्ञानका साथै मानसिक स्वास्थ्य पनि सुधार गर्ने भूमिका खेलेको व्याख्या पाइन्छ । यसैलाई व्याख्या गर्दै ह्यारिस र अन्य (२००६) भन्छन् धार्मिक पुस्तकालयहरूले धार्मिक ज्ञानको साथै मानसिक स्वास्थ्य तथा स्वच्छ दिमाग निर्माणमा सहयोग गर्दछन् । यसमा जोड दिँदै उल्लेख गरेका छन् कि नीति निर्माताहरुले समेत सोच्नुपर्ने छ कि कसरी मानसिक स्वास्थ्य धार्मिक पुस्तकालयसँग जोडेर प्राप्त गर्न सकिन्छ। उनीहरु नीति निर्माताहरुलाई पूर्ण संरचनात्मक सोच तथा नीति निर्माण गर्न निर्देश पनि गर्दछन् ।

आजको विश्वव्यापीकरण सबै क्षेत्रमा लागु भएको छ । ज्ञान प्राप्ति, ज्ञानको प्रचारसँगै, धार्मिक प्रचार समेत विश्वव्यापीकरण भएको छ। यसको उदाहरण नेपाल धर्म निरपेक्ष संवैधानिक राष्ट्र हुनु हो । यो विश्वका सबै ठाउँ तथा देशहरूमा चलिरहेको छ कि बहुधर्म अहिले सामान्य जस्तै छ। अतः ह्यारिस र कोफोर्ड, (२००२) ले उल्लेख गरे जस्तै विश्वव्यापीकरणले संसारलाई प्रविधियुक्त बनाउँदै आएको छ र धार्मिक विविधताका कारण पनि धार्मिक पाठहरु (religions texts) महत्वपूर्ण छन् जो धार्मिक पुस्तकालयबाट सम्भव छ।

धार्मिक पुस्तकालयहरुको महत्व दर्शाउँदै स्टेफन्स, (२०१६) उल्लेख गर्छन्, राम्रो सामन्जस्य, अर्थपूर्ण तथा शान्त भविष्य निर्माणको लागि धार्मिक पुस्तकालयहरु व्यापक रुपमा स्थापना गर्न आवश्यक छ । जसले राम्रो बानीको निर्माण गरी सहयोग गर्दछ र उचित बानीको निर्माणले सुन्दर भविष्य बनाउँछ । अरु प्रतिको माया, दया, तथा उचित बुझाइको ज्ञान प्राप्त गर्न धार्मिक पुस्तकहरुको आवश्यकता पर्दछ जुन धार्मिक पुस्तकालयबाट सम्भव छ । यो सन्दर्भमा म्याकक्लाफ र वर्थिङ्कन (१९९९) भन्छन् , दया, माया, तथा क्षमायाचना मानवका लागि अत्यावश्यक हुन् जो विकास गर्न धार्मिक ज्ञानको आवश्यकता पर्दछ, र धार्मिक ज्ञान धार्मिक पाठबाट सम्भव छ । जुन सङ्कलन तथा संरक्षण लागि धार्मिक पुस्तकालय जरुरी छ । यहि कुरालाई जोड दिँदै लागु र जुलाइका (२०१७) ले आफ्नो सन्दर्भमा, आफ्नो धर्म अनुसारका सामग्री सङ्कलन तथा संरक्षणका लागि धार्मिक पुस्तकालय आवश्यक रहेको प्रस्तुती गरेका छन् । धर्म र जीवनमा नजिकको सम्बन्ध स्थापना गर्न जोड दिएका छन् ।

## नेपालको सन्दर्भमा धार्मिक पुस्तकालय स्थापनाका केही प्रयास

अनलाइन तथ्याङ्क सङ्कलन विधिबाट यो लेख तयार पारिएकोले, क्षेत्र अध्ययन विधि प्रयोग नहुनु यसको सीमा हो। अत : अनलाइन तथ्याङ्क सङ्कलन गर्दा नेपालको सन्दर्भमा धार्मिक पुस्तकालय स्थापना गर्ने धेरै प्रयासहरु भएको पाइएन। तर एक महत्वपूर्ण तथा तत्कालको प्रयास यहाँ उल्लेख गरिन्छ। सन् २०२३ मा श्यामप्रसाद श्रेष्ठ तथा उहाँको परिवारको प्रयास तथा लगानीमा वागलुङ् नगरपालिका-३ मा रहेको राधाकृष्ण मन्दिरमा केही धार्मिक पुस्तकहरु प्रदान गरी धार्मिक पुस्तकालय स्थापना गरेको भटिन्छ। यो पुस्तकालय स्थापनाको मुख्य उद्देश्य भनेको सनातन वैदिक धर्म तथा संस्कृतिसँग सम्बन्धित ग्रन्थहरु सङ्कलन तथा सङ्ग्रह गरी उक्त धर्मलाई प्रवर्धन गर्नु रहेको पाइन्छ। दाताले नेपाली रुपैयाँ ४,००,००० (चार लाख) बराबरका धार्मिक पुस्तकहरु उक्त पुस्तकालयमा प्रदान गरेको तथा उक्त पुस्तकालय सञ्चालनमा अनुरोध गरेको तथ्य पाइन्छ। वैदिक सनातन धर्मका साथै संस्कृति र पूर्वीय दर्शन तथा सभ्यता विकासमा भूमिका खेल्नु यस पुस्तकालयको ध्येय रहेको छ।

नेपालमा रहेका विभिन्न पुस्तकालयहरुको अध्ययन गर्ने क्रममा वैद्य (२०१७) ले चार मुख्य पुस्तकालयहरु : त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, आशा पुस्तकालय, राष्ट्रिय पुस्तकालय तथा केशर पुस्तकालयको विस्तृत अनुसन्धान गरेका छन्। यी पुस्तकालयको अध्ययनपछि उनको निष्कर्षमा यी सबै पुस्तकालयहरुले पौराणिकदेखि अहिलेसम्मका डकुमेन्टहरु सङ्कलन तथा संरक्षण त गरेकै छन् तर यी विशिष्टिकृत भएनन् त्यसैले नेपाल एक बहुधार्मिक मुलुकमा धार्मिक विशिष्टिकृत पुस्तकालयको औचित्य रहेको पुष्टि गर्दछन्।

## निष्कर्ष

अनलाइन तथ्याङ्क सङ्कलन विधि (database) अध्ययन भएकोले, धार्मिक पुस्तकालयहरुको पूर्व कार्यहरुको समीक्षा गर्दै गरिएको यो अध्ययन हो। अध्ययनको सिलिसिलामा धार्मिक पुस्तकालयको अवधारणा आध्यात्मिक पुस्तकालय (Theological Libraries) सँग रहेको पाइयो। अन्य विषयहरु जस्तै धार्मिक पुस्तकालयको अवधारणा पनि इसा पूर्व ३००० तिरै अमेरिका र जर्मनीबाट सुरुवात् भई विश्वभर फैलिएको पाइयो। संस्थागत विकास चाहिँ १९ औं शताब्दीको अन्त्य र २० औं शताब्दीको सुरुवातमा भएको पाइयो। नेपालको सन्दर्भमा केही प्रयासहरु भए पनि धार्मिक पुस्तकालयको स्थापनाको विशेष आवश्यकता रहेको देखिन्छ।

## References


Awcock, F. H. (1987). Technology and theological libraries. *ANZTLA EJournal*, (3), 4-16.

Bailey-Hainer, B. (2014). Infinite possibilities: The future of theological librarianship. *ANZTLA EJournal*, (13), 6-18.

Geuns, A. J., & Wolf-Dahm, B. (1998). Theological libraries: An overview on history and present activities of the international council of associations of theological libraries. *Inspel*, *32*(3), 139-158.

Grenert, B. (2020). Out of the cloister: Theological libraries as spaces for spiritual formation. *Theological Librarianship*, *13*(2), 29-35.

Harris, M., & Crawford, G. A. (2002). The ownership of religious texts by academic libraries. *College & Research Libraries*, *63*(5), 450-458.

Harris, K. M., Edlund, M. J., & Larson, S. L. (2006). Religious involvement and the use of mental health care. *Health Services Research*, *41*(2), 395-410.

Keck, A. J. (2018). Theological libraries and scholarly publishing in religion and theology. *Theological Librarianship*,*11*(2), 27-37.

Laugu, N., & Zulaikha, S. (2017, May). The religious role of library Amongst Syuhada mosque library users in Kota Baru Yogyakarta. 5th International Conference of Asian Special Libraries (ICoASL 2017).

McCullough, M. E., & Worthington, Jr, E. L. (1999). Religion and the forgiving personality. *Journal of Personality*, *67*(6), 1141-1164.

Schieman, S. (2011). Education and the importance of religion in decision making: Do other dimensions of religiousness matter?. *Journal for the Scientific Study of Religion*, *50*(3), 570-587.

Stephens, M. K. (2016). The future of the small theological library. *Theological Librarianship*, *9*(1), 28-32.

Vaidya, B. (2017). Case studies of four libraries in Nepal, 1-6. IFLAWLIC2018, KUALALUMPUR

# हाम्रो पुस्तकालयः हाम्रो भविष्य (पुस्तकालय दिवस विशेष)

खिम लामिछाने काजी*



पुस्तकालय कुनै नयाँ आविष्कार होइन, तर हरेक पुस्तालाई नयाँ बनाउने अद्भुत स्रोत हो। यो त्यस्तो स्थान हो, जहाँ ज्ञान साँचिन्छ, विचारहरूको आदानप्रदान हुन्छ, र चेतनाको उज्यालो फैलिन्छ। नेपाल पुस्तकालय सङ्घद्वारा हरेक वर्ष २०६५ सालदेखि निरन्तर रूपमा पुस्तकालय दिवस भाद्र १५ गते मनाउने गरिन्छ। साथै हरेक पुस्तकालय दिवसमा एउटा नारा सिर्जना गरिन्छ, जसलाई हामी आदर्श वाक्य भन्दछौँ। यसपालिको आदर्श वाक्य "हाम्रो पुस्तकालयः हाम्रो भविष्य" भन्ने रहेको छ। यो केवल एउटा नारा वा आदर्श वाक्य मात्र होइन, हाम्रो सामाजिक, शैक्षिक र नैतिक विकासको बाटो सुधार्ने वाणी पनि हो।

## "हाम्रो पुस्तकालयः हाम्रो भविष्य" १८औँ पुस्तकालय दिवसको आदर्श वाक्य

पुस्तकालय कुनै केवल किताब राख्ने ठाउँ मात्र होइन, यो त ज्ञानको खानी, सोचको स्रोत, र सभ्य समाज निर्माण गर्ने आधार हो; जहाँ अक्षरहरू मौन हुन्छन् तर बोल्छन्, जहाँ शब्दहरू केवल पढिँदैनन्, जीवनलाई दिशा दिन्छन्, र जहाँ बच्चादेखि वृद्धसम्म सबैले सिक्ने अवसर पाउँछन्। यही कारणले "हाम्रो पुस्तकालयः हाम्रो भविष्य" भन्ने नारा केवल प्रचारको शब्द होइन, यो त पुस्तान्तरणको बाटो हो, जसले हाम्रा बालबालिकामा जिज्ञासा, युवामा क्षमता र समग्र समाजमा चेतना रोप्छ, र हामीलाई किताबप्रेमी, विचारशील र समुन्नत राष्ट्रतर्फ अघि बढाउँछ।

आजको युग सूचनाको युग हो, जुन हामी सबैलाई थाहा भएकै कुरा हो। तर सूचना र ज्ञानमा ठूलो अन्तर हुन्छ। सूचना त इन्टरनेटले दिन सक्छ, तर गहिरो अध्ययन, विश्लेषण र जीवनमा परिवर्तन ल्याउने शक्ति चाहिने ज्ञान भने पुस्तकालयले दिन्छ। पुस्तकालयहरू सच्चा अर्थमा विचारका गोदाम हुन। जहाँ केवल किताबहरू राखिँदैनन्, भविष्यका सपना पनि साँचिन्छन्।

## पुस्तकालयः भविष्यको लागि लगानी

"हाम्रो पुस्तकालयः हाम्रो भविष्य" नाराले एक गहिरो सन्देश दिन्छ–यदि हामीले पुस्तकालयलाई संरक्षण, प्रवर्द्धन र विस्तार गर्‍यौँ भने हाम्रो भविष्यको जग बलियो हुन्छ। आज एउटा किताबको मूल्य कम लाग्न सक्छ, तर त्यो किताबबाट उत्पन्न हुने विचारको मूल्य अपार हुन्छ। पुस्तकालयहरूमा गरिएको लगानी भनेको केवल भवन निर्माण होइन, त्यो त मानव चेतनामा गरिएको लगानी हो।

आजका बालबालिकालाई यदि पुस्तकालयमा आकर्षित गर्न सक्यौँ भने, भोलि उनीहरू विचारशील नागरिक बन्नेछन्। तिनीहरूले लोकतन्त्र बुझ्नेछन्, वातावरणको रक्षा गर्नेछन्, विज्ञानलाई सम्मान गर्नेछन्, र समाजप्रति उत्तरदायी रहनेछन्। यो परिवर्तन केवल स्कुल वा विश्वविद्यालयबाट सम्भव छैन, त्यसमा पुस्तकालयको पनि उत्तिकै भूमिका हुन्छ।

## पुस्तकालयको ऐतिहासिक र सामाजिक महत्त्व

पुस्तकालयको इतिहास निकै पुरानो छ। ग्रीक, रोमन, भारतीय र इस्लामिक सभ्यताहरूमा पुस्तकालयले महत्त्वपूर्ण भूमिका खेलेका छन्। नेपालमा पनि हाम्रो परम्परागत शिक्षा प्रणाली गुरुकुल, गुम्बा, विहार वा पाटी-पौवामा मौखिक र लिखित ज्ञान सञ्चित गर्ने कार्य पुस्तकालयकै प्रारूप थियो। आधुनिक पुस्तकालयको स्वरूप भने अहिलेको शिक्षा प्रणालीसँगै विकसित भएको हो।

पुस्तकालयहरू कुनै पनि समाजको बौद्धिक स्वास्थ्यको सूचक हुन्। जहाँ पुस्तकालयहरू जीवित छन्, त्यहाँ विचारहरू मुक्त छन्, बहसहरू खुला छन्, र नागरिक सचेत छन्। पुस्तकालय एक यस्तो स्थान हो, जहाँ सबै वर्ग, जात, धर्म, लिङ्ग र उमेरका मानिसहरूलाई समान अवसर प्राप्त हुन्छ। यो समावेशिता नै पुस्तकालयको सच्चा सौन्दर्य हो।

## विद्यार्थी, युवा र पुस्तान्तरणमा पुस्तकालयको भूमिका

वर्तमान पुस्ता, विशेषगरी बालबालिका र युवा, डिजिटल युगमा हुर्किरहेका छन्। इन्टरनेट, मोबाइल एप्स, युट्युब,

* *असिस्टेन्ट मेनेजर- लाइब्रेरी, मणिपाल कलेज अफ मेडिकल साइन्सेज*

च्याटजीपीटीजस्ता उपकरणहरूले सिकाइलाई सहज बनाएका छन्, तर ती सबैले पुस्तकालयको ठाउँ लिन सक्दैनन् । पुस्तकालयमा केवल सामग्री पढिँदैन; त्यहाँ अनुशासन, गम्भीरता, मौनता र सोच्ने वातावरण प्राप्त हुन्छ।

एक विद्यार्थीका लागि पुस्तकालय त्यस्तो आँगन हो, जहाँ उसले पाठ्यपुस्तकबाहेक अरू विश्व पनि चिन्छ। ऊ साहित्य पढ्छ, इतिहास बुझ्छ, विज्ञानमा खोज गर्छ, र समाजशास्त्रमा प्रश्न उठाउँछ । पुस्तकालयले उसको आत्मबल, अभिव्यक्ति र विश्लेषण क्षमतालाई विस्तार गर्छ। यदि आज हामी बालक, युवा, सबै तह तप्काका व्यक्तिहरूलाई पुस्तकालयप्रति प्रेम पैदा गर्न सक्यौं भने सबै क्षेत्रमा नेतृत्व लिनेहरू विवेकी, जिम्मेवार र दूरदर्शी बन्न सक्छन्।

## पुस्तकालय र प्रविधिको सहयात्रा

आजको युग सूचना प्रविधिको युग हो । पुस्तकालय पनि यो परिवर्तनसँग कदम मिलाउँदै अघि बढिरहेको अवस्था छ। डिजिटल पुस्तकालय, ई-बुक्स, अडियो पुस्तक, अनलाइन जर्नलहरू, र डेटाबेसहरू पुस्तकालय सेवाको नयाँ आयाम हुन्। नेपालमा पनि केही पुस्तकालयहरूले धेरै पहिलेदेखि अनलाइन सेवा सुरु गरिरहेका छन्, तर यो यात्रा अझ धेरै टाढा जानु आवश्यक छ। डिजिटल पुस्तकालयले सहुलियत दिन सक्छ, तर भौतिक पुस्तकालयमा जुन अनुभूति पाइन्छ, अध्ययनको आत्मीय वातावरण हुन्छ, त्यो स्तरको अनुभव र अनुभूति डिजिटल पुस्तकालयले दिन भने सक्दैन। यद्यपि डिजिटल पुस्तकालयले समयको माग हो। जति छिटो समयमा डिजिटल पुस्तकालयले सूचना उपलब्ध गराउन सक्छ, त्यही रफ्तार भौतिक पुस्तकालयले भने दिन सक्दैन। त्यसैले दुवैको सहअस्तित्व आवश्यक छ। प्रविधि र परम्पराको सन्तुलित संयोजन।

## समुदाय र नागरिक शिक्षामा पुस्तकालय

पुस्तकालय केवल शैक्षिक संस्था होइन । यो सामुदायिक जागरणको केन्द्र हो । यहाँ वाचन कार्यक्रम, छलफल, कार्यशाला, बाल विकास कार्यक्रम, महिला सशक्तीकरण, वृद्ध नागरिक शिक्षाजस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यस्ता क्रियाकलापले पुस्तकालयलाई समुदायको जीवन्त केन्द्र बनाउँछ।

त्यस्तै, ग्रामीण क्षेत्रका पुस्तकालयहरूले अझै पनि पाठ्यपुस्तकको पहुँच नपाएका विद्यार्थीलाई उज्यालो प्रदान गर्न सक्छन् । गाउँमा किताब पुग्दा सोच बदलिन्छ, अभिभावकको दृष्टिकोण बदलिन्छ। साना पुस्तकालयहरू गाउँका बुद्धिजीवी उत्पादन केन्द्र बन्न सक्छन्, यदि नीतिनिर्माताले त्यसलाई प्राथमिकता दिएको खण्डमा। तर हाम्रो देशको नीतिनिर्माताहरूले पुस्तकालयलाई कहिल्यै प्रथामिकतामा राखेको पाइँदैन। यद्यपि हरेक पार्टीको चुनावी घोषणापत्रमा भने पुस्तकालय निर्माण भन्ने शब्द भने छुटेको हुँदैन।

वर्तमान अवस्था हालका पुस्तकालयहरूलाई सिर्फ पुस्तक राख्ने भण्डारण केन्द्रको रूपमा परिणत भएको महसुस हुँदै छ। पुस्तकालयहरू पुस्तक पढ्ने पाठकसमक्ष पुस्तक आदान-प्रदान गर्ने मात्र होइन समाजकेन्द्रित लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्ने ठाउँको रूपमा विकास गरिँदै लगिनुपर्दछ। समयअनुसार पुस्तकालयको ढाँचा, स्वरूप र कार्यप्रणालीमा परिवर्तन आउन जरुरी देखिन्छ।

उदाहरणको लागि, २००७ सालभन्दा अगाडि खोलिएका वाचनालय वा पुस्तकालयहरू प्रजातन्त्र ल्याउनको लागि जनचेतना जगाउने कार्यमा बढी उपयोगी हुन्थे । अहिले अस्तित्वमा रहेका सबै पुस्तकालयहरू धेरैजसो उपन्यास पढ्न, पत्रपत्रिका पढ्नको लागि प्रयोगमा आइरहेका छन। त्यसो त खोज तथा अनुसन्धानमा पनि पुस्तकालयको प्रयोग भइरहेको छ तर नगण्य रूपमा। यदि पुस्तकालयले समाजसँग सम्बन्धित विभिन्न कार्यहरू जस्तैः सम्भव गतिविधिहरू (हरेक महिनामा गर्न सकिने) पठन प्रतियोगिता, कथाकविता वाचन, बाल चित्रकला/लेखन, ज्ञानमूलक चलचित्र प्रदर्शन, डिजिटल लिटरेसी वर्कशप, एआइ, आइसीटी परिचय कार्यक्रम, स्थानीय लेखक भेला, नयाँ पुस्तक प्रदर्शन, पुस्तक दान कार्यक्रम, स्वस्थ्य, वातावरण वा अधिकार विषयक छलफल आदि जस्ता कार्यक्रमहरू गर्दै गएमा पुस्तकालयमा पाठकहरूलाई आज बढी आकर्षित गर्न सकिन्छ। पोखरामा रहेको पोखरा सार्वजनिक पुस्तकालयले बर्सेनि यस्ता थुप्रै कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ।

## ग्रामीण क्षेत्रमा परिवर्तनको संवाहक

विशेषगरी ग्रामीण क्षेत्रमा पुस्तकालले डिजिटल पहुँच ल्याउन सक्छ, महिला र समुदाय सशक्त बनाउन सक्छ, स्वास्थ्य, शिक्षा र आत्मनिर्भरता बढ°ाउन योगदान पुर्‍याउँछ । पुस्तकालयको माध्यमबाट ग्रामीण क्षेत्रहरूमा एआई प्रविधिको विस्तार र उपयोग गरी त्यहाँका जनताको शिक्षा, कृषि, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउन मद्दत मिल्दछ । एउटा पुस्तकालले पुरै गाउको विकासमा योगदान दिन सक्दछ।

उदाहरणको लागि २०५९ सालमा उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा सङ्गम सामुदायिक पुस्तकालय स्थापना भएको

थियो । २०१० तिर यसको अवस्था झन् बिग्रियो र बन्द हुन लागेको थियो, तर नेपाल लाइब्रेरी फाउन्डेशन (एनएलएफ) र स्थानीय नेतृत्वको प्रयासले २०१७ मा यसलाई पुनर्जीवित गरायो । त्यसपछि पारम्परिक पुस्तकालय सेवासँगै महिला कम्प्युटर साक्षरता कक्षा, इ-पुस्तकालय, डिजिटल पुस्तकालय, इन्टरनेट सेवाजस्ता सुविधाहरू थपियो। बिस्तारै समुदायसँग सहकार्य गर्दै स्थानीय आर्थिक सहकारी संस्था, सामाजिक सुधार केन्द्र पनि सञ्चालनमा ल्याइएको छ जसले समुदायसँग पुस्तकालयको सम्बन्ध अझ प्रगाढ बन्दै गएको छ। हाल यस पुस्तकालयले ५०,००० भन्दा बढी स्थानीय बासिन्दालाई सेवा पुऱ्याएको छ भने यो समग्र समुदायको स्रोत केन्द्र बन्न पुगेको छ। महिला सशक्तीकरण कार्यक्रम, कम्प्युटर तालिम, डिजिटल पहुँच र सामाजिक एकता पहलले स्थानीय जीवनस्तरमा सकारात्मक प्रभाव पुऱ्याएको छ।

त्यसैगरी रिड नेपालले स्थापना गरेको जुवानी कम्युनिटी पुस्तकालय, चितवनमा रहेको पुस्तकालयले स्थानीय महिलाहरूलाई सशक्त बनाउन, प्रशिक्षण, र सुरक्षित मातृत्व सेवा सन्देश प्रवाह गर्न प्रभावशाली कार्यक्रम सञ्चालन गरेको छ। यसैले पुस्तकालय केवल किताबको कोठा होइन, यो परिवर्तन ल्याउने एक सामाजिक शक्ति हो।

पुस्तकालय दिवस विशेष दिन हो। यसले हामीलाई पुस्तकालयको महत्त्व सम्झाउँछ। तर ज्ञान, अध्ययन, र चेतनाको विकास भने वर्षमा एक दिनमा मात्र सीमित हुन सक्दैन। ज्ञान त दैनिक अभ्यास हो, त्यसैले पुस्तकालयसँगको सम्बन्ध पनि निरन्तर र जीवन्त हुनुपर्छ। "पुस्तकालय दिवस" एक प्रेरणा हो, तर यदि हामीले हाम्रो जीवनलाई पुस्तकालयमैत्री बनायौँ भने त्यो प्रेरणा सिर्जनामा रूपान्तरण हुन्छ। पुस्तकालय जीवन्त हुँदा समाज बौद्धिक रूपमा सशक्त बन्छ।

जय पुस्तकालय !

# नेताले किन पढ्ने ?



**गौरव पाण्डे***

राजनीतिशास्त्री तथा पठन संस्कृतिका अभियान्ता हरि शर्माले १२ औँ संस्करणको नेपाल लिटरेचर फेस्टिभलमा 'नेताले किन पढ्नुपर्छ ?' शीर्षकको सत्रमा नेपाली नेताहरूले कम पढ्ने गरेको धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "राजनीतिज्ञहरूले कम पढ्छन् भन्नलाई मलाई कुनै सङ्कुचन छैन । किनभने जनताको आकाङ्क्षा, उर्लंदो इच्छालाई पढ्न सकिरहेका छैनन्…" । शर्माले पढ्ने कुरा किताब मात्रै नभए तापनि राजनीतिज्ञका निम्ति पठन संस्कृति महत्त्वपूर्ण रहेको धारणा प्रस्तुत गर्नुभयो । राजनीतिज्ञ समाजका अगुवा हुन् । नेतृत्वकर्ताको रूपमा नीतिगत र व्यावहारिक हरेक किसिमले समाजलाई दिशानिर्देश गर्ने कर्तव्य नेतासँग हुने भएकाले, उनीहरूसँग बहुविधा क्षेत्रको ज्ञान हुनु अनिवार्य छ ।

## इतिहासको विरासत

नेता इतिहासका निर्माता हुन् र त्यसको विरासत पनि । राजनैतिक दलको जन्म समयको एउटा विशिष्ट कालखण्डमा भएको हुन्छ । जस्तो कि नेपालको पहिलो राजनीतिक दल 'प्रजापरिषद्' प्रजातन्त्र स्थापनार्थ गठन भयो । दलको उपादेयता भने उसले निर्धारण गर्ने लक्ष्य, त्यसको प्राप्ति, प्राप्तिपछिको सान्दर्भिकता र समयसापेक्षता, अवलम्बन गर्ने नीति तथा कार्यक्रम, नवीन लक्ष्य र सो प्राप्तिको मार्गले निर्धारण गर्दछ । भन्ने गरिन्छ, "अर्काको सफलताबाट प्रेरणा लिनू र असफलताबाट पाठ सिक्नू ।" नेतृत्वकर्ताले गर्ने एउटै मात्र निर्णयले पनि, समाजको दीर्घकालसम्म महत्त्वपूर्ण असर पारेको हुन्छ किनकि आजको निर्णयले भोलिको बाटो निर्दिष्ट गरेको हुन्छ । यसै सन्दर्भमा कूटनीतिज्ञ हेनरी किसिन्जरले आफ्नो पुस्तक ' डिप्लोमेसी'मा नेताहरूलाई एउटै निर्णयले इतिहासमा अभिलिखित गराउने भएकाले उनीहरूको बुझाइ र गराइ सार्थक हुनुपर्ने भाव व्यक्त गरेका छन् । यसर्थ, नेताका निम्ति पढाइ अपरिहार्य छ । जर्मनीमा जन्मिएका कार्ल मार्क्स, रसियाका लेनिन, अमेरिकाका अब्राहम लिङ्कन, दक्षिण अफ्रिकाका नेल्सन मन्डेलालाई नेपाली नेताहरूले किताबमै भेटेका हुन् । वर्तमान विश्व राजनीति यिनै नेताहरूको विचार र पथबाट आजसम्म पनि निर्देशित छ । अर्थात् नेता इतिहासको विरासत हुन् । पठन संस्कृतिमा हुर्किएका भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले भारतले स्वतन्त्रता प्राप्त गरिसकेपछिको वेगलाई अर्थपूर्ण दिशा दिए । जसले मन्त्री, सांसद, नेताहरूलाई पढ्न, खोज्न, प्रश्न गर्न अभिप्रेरित गर्‍यो । त्यसैको जगमा भारतले औद्योगिक क्रान्ति गर्‍यो । थुप्रै खोज तथा अनुसन्धानात्मक संस्थाहरू खुले । नेपाली राजनीतिको लामो समय सङ्घर्षमा खर्च भयो । तद्अनुसार देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्‍यो । देशले वि.सं २०७२ सालमा संविधान पनि प्राप्त गर्‍यो । यधपि त्यसपछि कुनै पनि राजनैतिक दलले ठोस रूपम आफ्नो लक्ष्य स्पष्ट गर्न सकेनन् । स्वतन्त्रता प्राप्तिपछिको वेगलाई जसरी नेहरूले औद्योगिक क्रान्तिको दिशा दिए, नेपाली नेताले पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य प्राप्त गरेपछि, त्यस्तै कुनै विकासको मोडेल वा लक्ष्य बोकेको भए, सायद हाम्रा नेताहरूलाई पनि पढ्न, खोज्नपर्ने आवश्यकता महसुस हुन्थ्यो ।

लेखक सुजित मैनालीले कान्तिपुरमा प्रकाशित गरेको 'पढे पो नेता' शीर्षकको लेखमा राजनीतिशास्त्री कौटिल्यले विद्याश्रमको समाप्तिपछि पनि शासकले अध्ययनलाई निरन्तरता दिनुपर्ने बताएकोबारे चर्चा गर्दै कौटिल्यको शासकको अध्ययनको ढाँचाबारे उल्लेख गर्नुभएको छ । इतिहास भविष्यको आधार हो, जसले इतिहास बिर्सन्छ, उसले वर्तमानमा सही निर्णय गर्न सक्दैन । भूत, वर्तमान र भविष्य, तीनवटै काललाई नेताले न्याय गर्नुपर्छ । जसको तात्पर्य रहन्छ नेताले पढेर आफूलाई, आफ्ना विचार र निर्णयलाई कसी लगाउनुपर्छ ।

## सञ्चारका निम्ति अध्ययन

मान्छे सर्वश्रेष्ठ प्राणीको रूपमा कहलिनुको पछाडिको एउटा कारण भाषाका माध्यमबाट उसको विचार विनिमय गर्न सक्ने सामर्थ्य हो । नेताको महत्त्वपूर्ण साधन सञ्चार हो जसको माध्यमबाट उनीहरू आम जनताबिच आफ्ना नीति कार्यक्रमहरू सम्प्रेषण गरी राज्यसत्तामा स्थापित हुने प्रयत्न गर्छन् । राज्य सञ्चालनको दौरान पनि जनताको अपेक्षा र चाहनालाई सम्बोधन गर्न निरन्तर

* *कालीगण्डकी-०७, स्याङ्जा, इमेल ठेगानाः pandeygaurav55555@gmail.com*

जनसंवादको आवश्यकता रहन्छ । कूटनीति र आन्तरिक तथा बाह्य सम्बन्धहरू पनि संवादमै निर्भर हुने तथ्यले पनि सञ्चार र संवादको महत्त्व झल्काउँछ। यस्तोमा सञ्चार कलालाई सबल र सार्थक बनाउन, त्यसलाई तिखार्न र वैचारिक दिशा दिन, नीति-कानून निर्माण गर्न वा त्यसमाथि विचारविमर्श र पैरवी गर्नका लागि किताब उपयुक्त साधन हुनसक्छन्।

संसारमा धेरै कुरा छन् तर एउटा मान्छेले उपभोग गर्न सक्ने कुरा ज्यादै थोरै छन्। मान्छेका सीमितता छन्। यस्तोमा किताब त्यस्तो माध्यम हो जहाँ अन्य धेरैका अनुभव पढ्ने, बुझ्ने र त्यसबाट सिक्ने लाभ प्राप्त हुन्छ। यस्तो लाभको सदुपयोग गर्दै नेताहरूले समाजलाई अग्रपथमा डोऱ्याउन सक्नुपर्दछ।

## बदलिँदो पठन माध्यम

पन्ध्रौं शताब्दीमा छापाको विकास भएसँगै ज्ञानको सङ्कलन गर्ने कार्यले ठुलो फड्को माऱ्यो। बिस्तारै विज्ञान तथा प्रविधिको विकासक्रमले छापालाई समेत विस्थापित गर्दै ज्ञानको सङ्कलन डिजिटाइज हुँदै आएको छ। सङ्घर्षको दौरानमा र भूमिगतकालमा विशेष गरेर २००७ सालदेखि ४७ सालसम्मको समयमा जनताको विश्वास जित्न, पार्टीका दस्तावेज निर्माण गर्न, प्रशिक्षण र कार्यक्रमका निम्ति नेताहरूले पढ्ने गरेको पाइन्छ। तर बिस्तारै समयको परिवर्तन र पढ्ने माध्यमहरूको विकल्प विकसित हुँदै गएकाले पनि होला, नेताहरूको पढ्ने बानी हटेर गएको भान हुन्छ। यसको प्रमाण हो, नेताहरू विरलै मात्र पार्टी कार्यालयहरूमा किताबबारे विमर्श गर्छन्, पुस्तक मेला र पठन महोत्सव आयोजना गर्छन् । तर सामाजिक सञ्जालहरूलाई उपयोग गर्दै नेताहरूले त्यसलाई जनतासँग जोडिने माध्यम र विचारविमर्शको प्ल्याटफर्मको रूपमा प्रयोग गरेमा, आफूले पढेका विषयवस्तुबारे जानकारी गराएमा, पठनसामग्री उपलब्ध गराएमा, त्यसले कार्यकर्ता र आमसर्वसाधारणलाई समेत पढ्न प्रेरित गर्न सक्छ।

प्रायः हामीले नेपाली राजनीतिमा दुई प्रवृत्तिका नेताहरू देखेका छौं। एउटा, जो सैद्धान्तिक रूपमा जानकार छन् तर साङ्गठनिक रूपमा कमजोर छन्। अर्को, जो साङ्गठनिक रूपमा सबल छन् तर सैद्धान्तिकरूपमा सतही चेतना मात्र राख्दछन् । हामीलाई साँचो ढङ्गमा आवश्यकचाहिँ दुवैरूपमा सबल नेताको छ । शिक्षाविद् पाउलो फ्रेइरेले आफ्नो पुस्तक 'Pedagogy of the Oppressed' मा 'Praxis' को कुरा गरेका छन्। जसको अर्थ हुन्छ वैचारिक जानकारीसँगै सोको व्यावहारिक अभ्यास । वैचारिक रूपमा जानकार रहन किताब र व्यावहारिक रूपमा सबल बन्न नेताले जनता पढ्नुपर्छ । त्यही 'Praxis' नेताको खोजीमा छ यतिबेला नेपाल।

## सन्दर्भ सामग्री


Freire, A. (2017). *Pedagogy of the oppressed*. Penguin Classics.

Kissinger, H. (1994). *Diplomacy*. Simon & Schuster. https://www.scribd.com/document/443781366/Henry-Kissinger-Diplomacy-pdf

मैनाली, सुजित (२०७९, असर १०). पढे पो नेता. कान्तिपुर। https://ekantipur.com/author/author-SujitMainali-mS56g

Nepal Literature Festival. (2025 March 1). *नेताले किन पढ्नुपर्छ ?* [Video] https://www.youtube.com/watch?v=pHHfyTPblHk

# मान्छेले उत्तर खोजेसम्म बन्द हुनेछैन पुस्तकालयको दैलो

अस्मिता विष्ट*

शब्दको जन्मसँगै सभ्यता जन्मियो, वाणीको ध्वनीसँगै विचार । र, मानवले पायो–ज्ञानको सुवास । त्यही सुवासको पवित्र थलो हो– पुस्तकालय ।

पुस्तकालय मौन छ, तर त्यहाँ अक्षरहरू सास फेर्छन् । पुस्तकालय थलोमा समय, इतिहास र भविष्य एकै टेबुलमा कफी पिउँछन् ।

मानिसले पहिलो पटक माटोको ट्याब्लेटमा आफ्नो कथा खोप्यो र त्यसलाई मन्दिरको पर्खालमा सजायो । र, शायद त्यही दिन पुस्तकालयको गर्भधारण भयो ।

मानव सभ्यताको यात्रा शब्द, विचार र ज्ञानको तीर्थयात्रा हो । हजारौँ वर्षदेखि पठन संस्कृति मानव सभ्यताको मेरुदण्डको रूपमा उभिएको छ । समाज सभ्य, सुसंस्कृत र प्रगतिशील छ कि छैन ? त्यो थाहा पाउने एक विशिष्ट आधार हो– त्यस समाजको पठन संस्कृति । र, यो संस्कृतिको खास मेरुदण्ड हो–पुस्तकालय ।

पुस्तकालय मानव सभ्यताले निर्माण गरेको त्यस्तो अमूल्य संस्था हो, जसले सम्पूर्ण मानवजातिलाई विगतको ऐना देखाउँछ, वर्तमानसँग परिचित गराउँछ र भविष्यका बाटाघाटासम्म पुग्ने नक्शा कोर्छ । मानिसले बोल्न सिक्दासँगै अनुभव, ज्ञान र चिन्तनलाई प्रसारित गर्ने स्वाभाविक इच्छा जाग्यो । त्यसै इच्छाले सृजना गरायो–ज्ञानको संरक्षण र प्रसारको थलो, पुस्तकालय ।

०००

खासमा पुस्तकालय हो– शब्द सभ्यताको सगरमाथा । वेदको पृष्ठहरू भन्छन्– शब्द ब्रह्म हो र वाणी नै सृष्टिको प्रारम्भ । शब्द विचारको जन्मदाता हो । अनि विचार नै त्यो तत्व हो, जसले संस्कार, नीति, नियम र ज्ञानको संरचना निर्माण गर्छ, समाजलाई सभ्यताको मार्गमा अग्रसर बनाउँछ । त्यसैले पढ्ने संस्कार हो– ब्रह्मको आराधना ।

जब चेतना शब्द बन्छन्, तिनले समय र भूगोलको सीमाना तोडेर संसार–यात्रा गर्ने शक्ति प्राप्त गर्छन् । सर्जकको मस्तिष्कमा जन्मिएको विचार अन्ततः पुस्तकको रूप धारण गरि पुस्तकालयमा बस्छ । यसरी पुस्तकालय शब्द ब्रह्मको मन्दिर बन्छ– जहाँ इतिहास, वर्तमान र भविष्य एकैसाथ आसनस्थ हुन्छन् ।

मानव सभ्यताको पहिलो दस्तावेजीकरणको अभ्यास प्राचीन मेसोपोटामियामा (ई.पू. २५००-२०००) देखिन्छ । त्यतिबेला महत्वपूर्ण सूचनाहरू माटोका ट्याब्लेटमा अंकित गरिन्थे र 'रिकर्ड रूम' भनिने कोठामा सुरक्षित राखिन्थे । यही अभ्यास क्रमशः विकसित हुँदै व्यवस्थित पुस्तकालयको अवधारणामा रूपान्तरित भयो ।

यो विश्वभर लाखौं संख्यामा रहेका पुस्तकालयहरुको उपस्थितिले मानव सभ्यताको मुहार गर्वले प्रदिप्त भएको बेला हो । हिजोआज इन्टेरियर डिजाइनरद्वारा सजिएका बैठक कोठामा बार राख्ने कि पुस्तकालय भन्ने बहसले सहरको तापक्रम बढाएको बेला हो । एकातिर मानिस आफू सभ्य, सुसंस्कृति भएको दाबा गर्छन् अर्कोतर्फ आफ्नो सन्तानलाई कोर्सबुक बाहेक अन्य पुस्तक पढ्नु भनेको समयको बर्बादी हो । पढाइ बिगार्नु हो भन्ने ठान्छन् । यस्तो द्विविधमा पनि पुस्तकालयमा सुसंस्कृत समाजको भविष्य अडिएको छ भन्ने धारणा धरमराउन पाएको छैन । खुलिरहेकै छन् पुस्तकालय प्रत्येक जसो टोलमा ।

गिनिज वर्ल्ड रेकर्ड (२०२३) अनुसार, विश्वकै पहिलो व्यवस्थित पुस्तकालय ई.पू. ७ औँ शताब्दीमा अस्सुरियन राजा **अश्शुरबनिपालले निनेभे** ले (आधुनिक इराक) मा स्थापना गरेका थिए । करिब ३०,००० माटाका ट्याब्लेटहरूको यो भण्डारमा धर्म, विज्ञान, साहित्य, इतिहास, जादूटोना र औषधि विज्ञानसम्बन्धी विविध ज्ञान संग्रहित थियो । वर्ल्ड हिस्ट्री इन्साइक्लोपेडिया ले यसलाई 'ज्ञान र संस्कृति संरक्षणको अद्वितीय स्मारक' भनेको छ ।

प्रकाश सिलवालका अनुसारः नेपालमा पुस्तकालयको प्रारम्भिक बीज मल्लकालमै रोपिएको थियो । इतिहास भन्छ– राजा भूपतिन्द्र मल्लकै पालामा भक्तपुरमा 'सफु कोठा' (साकोठा) अर्थात् पुस्तक राख्ने कोठाको चलन सुरु भयो । विसं ८२९-८३७ बीच उनले १,१९० पुस्तक संग्रह गरी व्यवस्थित रूपमा तिनलाई सुरक्षित राखेका थिए ।

दिपेन्द्र सुब्बा र डुकहरी निरौलाका अनुसार, १८६९ सालमा राजा गीर्वाणयुद्ध वीरविक्रम शाहका पालामा युद्धमा जितेर ल्याइएका सामग्रीलाई सूचीबद्ध गर्न पण्डित केदारनाथ झा नियुक्त गरिए । यसै दिनलाई स्मरण गर्दै २०६५ सालदेखि नेपालमा राष्ट्रिय पुस्तकालय दिवस मनाउन थालियो ।

पुस्तकालय के हो ? यो किताबको थाक मात्र होइन– चेतनाको

घर हो, जीवनकै मौन गुरु हो, जसको कक्षामा प्रवेश गर्नेहरू समय, इतिहास र भविष्यसँग संवादरत रहन्छन् ।

धरानका साहित्यप्रेमी मानबहादुर गुरुङले आफ्ना दिवंगत छोरा विमल गुरुङको स्मृतिमा पुस्तकालय स्थापना गरेर ज्ञानको दीपक जलाए । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका विद्यार्थीहरूले स्थापना गरेको 'परिक्रमा' पुस्तकालयले युवा पुस्तामा पठन संस्कृति बढाउन बृहत्त भूमिका निर्वाह गरेको छ।

जर्ज लुइस बोर्जेसले पुस्तकालयलाई 'प्रत्येक पाठककोलागि सुरक्षित आश्रय' भनेका छन्, जहाँ पाठक मृत लेखकहरूको सान्निध्यमा रमाउन सक्छन् । रे ब्राडबरीले औपचारिक शिक्षा नपाए पनि पुस्तकालयमार्फत आफू 'स्नातक' भएको दाबी गरेका थिए । अमेरिकी लेखक रिचर्ड राइटले 'दी लाइब्रेरी कार्ड' मा जातीय विभाजनको समयमा पुस्तकालय प्रवेशका लागि गरेको संघर्षमाथि वर्णन गरेका छन् । उनले पुस्तकालयलाई 'आँखा खोल्ने चाबी' का रूपमा चित्रण गरेका थिए।

अभिभावकले आफ्ना बालबालिकामा कमिक, बालकथा वा लोककथा पढ्ने बानी बसालेर नै भविष्यको पठन संस्कृतिको जग हाल्न सक्छन्। पुस्तकालयसम्मको यात्राले तिनीहरूलाई ज्ञान मात्र होइन, धैर्य, सहिष्णुता र आत्मबोधको पाठ पनि सिकाउँछ।

पुस्तकालयले मानव इतिहासको विभिन्न कालखण्डमा ज्ञानको अटुट सारथीको भूमिका निर्वाह गरेको पाइन्छ। पुस्तकालयलाई सभ्यताको सूचक र वैभवको प्रतिक मान्ने समाज अझै विद्यमान छ। अभिजात्य वर्गको घरमा पुस्तकालयको उपस्थिति अनिवार्य जस्तै मानिन्थ्यो र अझै मानिन्छ, जसरी नव धनाढ्यको बैठक कोठामा वार हुनु उनीहरुको वैभवको प्रतिक मानिन्छ। पुस्तकालय भएको स्कुल क्याम्पसलाई अभिभवाक माझ र सरोकारवाला माझमा विशेष प्रतिष्ठा कमाएको हुन्छ। पठन संस्कृतिलाई अघि बढाउने जिम्मेवारी पुस्तकालयले आफ्नो काँधमा बोकेर कायम राखेको हुन्छ।

कतिपय स्कुल कलेजले स्कुल रुटिनमै लाइब्रेरी पिरियड भनेर छुट्याएको पनि पाइन्छ । यस्ता स्कूलले विद्यार्थीमा पढ्ने बानी बसाल्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छन् । सानो कक्षा देखि नै पुस्तकको तिलस्मी संसारमा विचरण गर्न बानी परेका विद्यार्थीको ज्ञानको दायरा फराकिलो भएको हुन्छ। यही पुस्तक संसारको विचरणले तिनको सोच्ने क्षमता पनि फरालिको हुन जान्छ जब ती वयस्क हुन्छन्।

पुस्तकालयको नियमित यात्राले मानिसलाई आफ्नो अन्तरमनको पनि यात्रा गर्ने अवसर प्रदान गर्दछ जसले हाम्रो ग्यानको मात्र नभइ धीरताको दायरा समेत फराकिलो पार्छ। पुस्तकालय केवल किताबको चाङ होइन बरु यो चेतनाको घर हो । पुस्तक पढ्न मन भएर पनि अर्थको अभावमा किनेर पढ्न नसक्नेहरुको निम्ति पुस्तकालय भक्तजनको निम्ति मन्दिर जत्तिकै हो । पुस्तकालयमा बजारमा किन्न नपाइने पुस्तक समेत जोहो गरेर राखिएको हुन्छ । कतिपय पुस्तकको बारेमा पाठकले पुस्तकालय गएर त्यहाँको पुस्तकका थाक चाहारेपछि मात्र जानकारी पाउने समेत हुन्छ। यस्तो अनुभव कुनै रोमाञ्चकारी यात्रा गरे भन्दा कम रोचक हुँदैन । हार मिलाएर राखिएको पुस्तकमा कुद्‌दै गरेको नयनले पाठकको मुटुको ढुकढुकी तीव्र गतिमा बढाउछ। पुस्तक प्रेमीको जीवनको उच्चतम सुखद क्षण हुन्छ त्यो । केही समयको निम्ति भएपनि पुस्तक आफ्नो पार्न पाउँदाको खुशी पुस्तकालयका पारखीले अनुभूत गर्ने परमानन्द हुन् ।

हाम्रा नानीहरुलाई पनि हामीले पुस्तकालयबाट प्राप्त हुन यस्तै अलौकिक आनन्दको महसुस गराउनुपर्नेछ । तिनलाई पुस्तक पढ्ने बानी बसाल्यौ भने आफू उदास भएको बेला, खुशी भएको बेला, जीवनमा उर्जा चाहिएको अनुभूति भएको बेला, तिनले खुशी प्राप्त गर्ने स्थान पुस्तकालय होस् । तिनीहरु त्यहाँ आफ्नो जीवनको उदासी भुलुन र किताबबाट हृदय भरी खुशी सारेर ल्याउन। थाहा पाउन तिनले सखुदुःख जीवन प्रवाहमा आउँछन् जान्छन् । तिनले इतिहासको पुस्तकमा जुधेका तरवारको तोड सुनुन् र बगेका रगतको साक्षी बनुन् । संसारको विभिन्न स्थानको भ्रमणमा निस्किउन । आज, डिजिटल तरंगहरूले पुस्तकको पानालाई चुनौती दिइरहेछन् । तर, सुखद पक्ष के छ भने क्याफे, घर र कार्यस्थलमा सानोतिनो भए पनि पुस्तकालय राख्ने चलन बढ्दो छ। सम्भवतः भविष्य पुस्तकालयकै हुनेछ। किनकि जबसम्म मान्छेले उत्तर खोजिरहन्छ र उसको आत्मा शब्दको स्पर्श चाहिरहन्छ, पुस्तकालयको ढोका कहिल्यै बन्द हुने छैन । तर, किताबको भविष्य सुनिश्चित गर्न, हामी सबैले पुस्तकालयसँग आफ्नो व्यक्तिगत सम्बन्धलाई अझ प्रगाढ बनाउनुपर्नेछ।

**सन्दर्भ सामग्री**

*दिपेन्द्र सुब्बा र डुकहरी निरौला, "पुस्तकालय तथा सुचना विज्ञान", आर आर पब्लिशर एण्ड डिष्ट्रिब्युटर प्रा लि*

*प्रकाश सिलवाल। पुस्तकालय दिवसः सजिलो छैन ''पुस्तौंपुस्ताका लागि पुस्तकालय' अभियान'', शिलापत्र, भदौ १६, २०८० ।*

*जोसुहा जे मार्क, "लाइब्रेरी अफ अश्वुबनिपाल" वर्ल्ड हिस्ट्रि इन्साइक्लोपेडिया*

*रे ब्राडबरी, 'आइ ग्र्याजुएटेड फ्रम द लाइब्रेरी' , ब्रेन्डन डाउलिङ द्वारा लिइएको अन्तर्वार्ता*

*रिचार्ड राइट, "द लाइब्रेरी कार्ड", फ्ल्याक्स गोल्षेन टेल्स, सम्पादनः मोती निसानि, श्रिधर लोहनि*

# नेपमेड (NEPMED): नेपालको जैव-चिकित्सकीय अनुसन्धान पहुँचमा नयाँ आयाम



**चन्द्र भूषण यादव***

## परिचय

नेपमेड (NepMed – Nepal MEDLINE) नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (NHRC) द्वारा स्थापना र सञ्चालन गरिएको निःशुल्क, पूर्णपाठ (Full–text) जैव-चिकित्सकीय तथा जीवन विज्ञान साहित्यको भण्डार हो । यसको मुख्यालय काठमाडौँको रामशाहपथमा रहेको छ। पबमेड (PubMed) बाट प्रेरित, नेपमेड नेपालकै आवश्यकताअनुसार तयार गरिएको प्रणाली हो । यसले नेपालका चिकित्सा, नर्सिङ, फार्मेसी, दन्त चिकित्सा, पशु चिकित्सा तथा स्वास्थ्यसम्बन्धी अन्य विषयका पत्रिकाहरूको अनुक्रमण (indexing) र अभिलेखीकरण (archiving) गर्दछ। यसले राष्ट्रिय वैज्ञानिक प्रकाशनको गुणस्तर सुधार तथा अन्तर ाष्ट्रिय मापदण्डअनुसारको प्रकाशन अभ्यासलाई प्रोत्साहन गर्दछ।

## नेपमेड (Nepal Medline) अवधारणाको विकास

नेपालमा स्वास्थ्यसम्बन्धी अनुसन्धान र साहित्यमा सहज पहुँच सुनिश्चित गर्न नेपमेड (Nepal Medline) अवधारणा सन् २००८ मा प्रारम्भ भएको हो। प्रारम्भिक चरणमा, मैले व्यक्तिगत कम्प्युटरमा WINISIS प्रणाली प्रयोग गरी स्वास्थ्य जर्नलहरूको बिब्लियोग्राफिक डेटाबेस विकास गरेको थिएँ। यसमा विभिन्न स्वास्थ्य जर्नलहरूमा प्रकाशित लेखहरूको बिब्लियोग्राफिक विवरणहरू समावेश थिए। यद्यपि यो अनौपचारिक रूपमा तयार गरिएको भए पनि, यसले स्वास्थ्यसम्बन्धी जानकारीको संरचित सङ्कलनको आधार तयार गऱ्यो । यस अवधिमा मैले विभिन्न जर्नल लेखहरूको सङ्ग्रहसहितका CD–ROM संस्करणहरू पनि निर्माण गरेको थिएँ।

नेपालमा पहिलो आधिकारिक बिब्लियोग्राफिक स्वास्थ्य डेटाबेस Annotated Health Science Bibliography of Nepal हो, जसलाई HealthNet Nepal ले विश्व स्वास्थ्य सङ्गठन (WHO) नेपाल कार्यालयको सहयोगमा विकास गरेको थियो। यसमा सन् १९५० देखि प्रकाशित स्वास्थ्यसम्बन्धी साहित्यको विस्तृत विवरण समावेश थियो, जुन पछि अनलाइन खोज गर्न सकिने प्रणालीमा उपलब्ध गराइयो। यससँगै HealthNet Nepal ले अन्य स्थानीय रूपमा तयार गरिएका स्वास्थ्य सूचना स्रोतहरू तथा विभिन्न अनलाइन डाटाबेसबाट सङ्कलित सामग्रीहरूमा पनि पहुँच उपलब्ध गराएको थियो।

उक्त बिब्लियोग्राफी स्वास्थ्य व्यवसायी, अनुसन्धानकर्ता तथा शैक्षिक समुदायका लागि अत्यन्तै उपयोगी स्रोत थियो। यसले नेपालमा प्रकाशित स्वास्थ्यसम्बन्धी साहित्यमा एकीकृत पहुँच प्रदान गरेको थियो, जसमा प्रकाशनको शीर्षक, सारांश र उपलब्धतासम्बन्धी विवरणहरू समावेश थिए। तर, परियोजना कोष समाप्त भएपछि यो डेटाबेस अद्यावधिक हुन बन्द भयो र अन्ततः सञ्चालनबाट बाहिरियो।

सन् २०२२ मा, मैले नेपालका अनुसन्धानकर्ता र शैक्षिक समुदायलाई स्वास्थ्यसम्बन्धी लेखहरूको पूर्णपाठ पहुँच (full–text access) उपलब्ध गराउने उद्देश्यले नयाँ परियोजना प्रारम्भ गरेँ। पहिलोपटक यो अवधारणा मैले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अध्यक्ष डा. गेहनाथ बराल तथा नोबेल मेडिकल कलेज, विराटनगरका सङ्काय सदस्यहरूलाई प्रस्तुत गरेँ, जसमा डा. बरालले यस पहलको उच्च प्रशंसा गर्नुभयो। त्यसपछि, मैले IT विशेषज्ञहरूसँग बैठक गरी नयाँ पुस्ताको स्वास्थ्य साहित्य डेटाबेसको संरचना र प्रविधिगत विकास कार्य आरम्भ गरेँ।

सुरुमा हामीले ३२ वटा स्वास्थ्य जर्नलहरूको मेटाडाटा प्रविष्टि सुरु गर्यौं । हाल यस डेटाबेसमा ३,००० भन्दा बढी स्वास्थ्य अनुसन्धान लेखहरूको बिब्लियोग्राफिक विवरणसहित पूर्णपाठ पहुँच उपलब्ध छ, जसले नेपालको स्वास्थ्य साहित्यमा सहज र व्यवस्थित पहुँचलाई उल्लेखनीय रूपमा सुदृढ गरेको छ।

NEPMED को आधिकारिक वेबसाइट : https://nepmed.nhrc.gov.np

* Library & Information Officer, Nepal Health Research Council (NHRC), Government of Nepal, Email: bhushanyadav@gmail.com, ybhushanlibrary.nhrc.gov.np, Advocate & Master Trainer of Research4Life, Member of Hinari user Representative from Nepal 2017 to 2019, Former Digital Access to Research (DAR) - Nepal Country Focal Point, Ex-Secretary of Tribhuvan University Library Association Students' Association (TULSSA)

## सुरुवात र समयरेखा

- सन् २०२२ : नेपमेडको अवधारणा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्भित्र विकास भयो।
- सन् २०२४ : नेपमेड पूर्ण रूपमा सञ्चालनमा ल्याइयो र सर्वसाधारणको पहुँचमा उपलब्ध गराइयो।

नेपमेड (NepMed) को उद्देश्य नेपालको जैव-चिकित्सकीय पत्रिकाहरूलाई एकीकृत अभिलेख प्लेटफर्ममा ल्याउने, सम्पादकीय गुणस्तर सुधार्ने, र राष्ट्रिय अनुसन्धानलाई विश्वसामु प्रस्तुत गर्ने हो।

## मुख्य विकासकर्ता र व्यवस्थापक

नेपमेड (NepMed) को सफल कार्यान्वयनका मूल व्यक्तित्व श्री चन्द्रभूषण यादव हुनुहुन्छ, जो नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का पुस्तकालय तथा सूचना अधिकृत हुनुहुन्छ। उहाँ नेपमेडका सदस्यसचिव तथा साइट म्यानेजर दुवैको भूमिकामा रहनुहुन्छ। चन्द्रभूषण यादव नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (NHRC)का पुस्तकालय तथा सूचना अधिकारी हुन्। उहाँको मुख्य दायित्व स्वास्थ्य अनुसन्धानसम्बन्धी सूचना स्रोतहरूको व्यवस्थापन, संरक्षण र पहुँच प्रवर्द्धन गर्नु हो। उहाँले स्वास्थ्य अनुसन्धानकर्ताहरू, विद्यार्थीहरू, नीति निर्माता तथा स्वास्थ्यकर्मीहरूलाई गुणस्तरीय र अद्यावधिक वैज्ञानिक जानकारी उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको छ।

उहाँको कार्यक्षेत्रमा डिजिटल लाइब्रेरी व्यवस्थापन, अनलाइन डाटाबेस पहुँचको समन्वय, Research4Life कार्यक्रममार्फत अन्तर्राष्ट्रिय जर्नल तथा इ-स्रोतमा पहुँच सुनिश्चित गर्ने, साथै स्वास्थ्यसम्बन्धी स्थानीय प्रकाशनहरूको सङ्ग्रह र सूचीकरण (indexing) समावेश छन्।

चन्द्रभूषण यादवलाई विशेष रूपमा Research4Life मास्टर ट्रेनरको रूपमा पनि चिनिन्छ। उहाँले नेपालका विभिन्न विश्वविद्यालय, स्वास्थ्य विज्ञान सङ्काय, अस्पताल, अनुसन्धान संस्था तथा मेडिकल कलेजहरूमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएका छन्। यी तालिमहरूले विद्यार्थी तथा अनुसन्धानकर्ताहरूलाई PubMed, Hinari, Scopus लगायतका अन्तर्राष्ट्रिय डाटाबेस प्रभावकारी रूपमा प्रयोग गर्न सिप प्रदान गरेका छन्।

## उद्देश्य र महत्त्व

नेपमेडले (NepMed) निम्न उद्देश्यहरू पुरा गर्ने लक्ष्य राखेको छः

१. केन्द्रित अनुक्रमण र अभिलेखीकरण : नेपालका जैव-चिकित्सकीय प्रकाशनहरूलाई एकै प्लेटफर्ममा राख्ने।

२. गुणस्तर नियन्त्रण : अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रकाशन प्रक्रियामा सुधार ल्याउने।

३. अनुसन्धान प्रवर्द्धन : राष्ट्रिय अनुसन्धानलाई विश्वव्यापी पहुँचमा पुऱ्याउने।

४. क्षमता अभिवृद्धि : सम्पादक र संस्थाहरूलाई गुणस्तरीय प्रकाशनमा प्रोत्साहन गर्ने।

## संस्थागत संरचना

नेपमेड (NEPMED) लाई नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले व्यवस्थापन गर्दछ, जुन १९९१ मा सरकारी ऐनद्वारा स्थापना भएको हो (मूल रूपमा १९८२ मा गठन)। परिषद्ले त्रैमासिक खुला पहुँचमा प्रकाशित हुने Journal of Nepal Health Research Council समेत प्रकाशन गर्दछ, जुन MEDLINE र Scopus जस्ता प्रतिष्ठित डेटाबेसमा अनुक्रमित छ।

## प्रभाव र भविष्यको दिशा

- दृश्यता वृद्धि : नेपाली अनुसन्धानलाई अन्तर्राष्ट्रियस्तरमा सजिलै उपलब्ध गराउने।
- मानकीकरण : सम्पादकीय तथा समीक्षात्मक प्रक्रियामा सुधार ल्याउने।
- सहकार्य : अन्तर्राष्ट्रिय अभिलेख प्रणालीहरूसँग सहकार्य गर्ने सम्भावना।
- विस्तार : थप पत्रिकाहरूको अनुक्रमण गरी भण्डारलाई समृद्ध बनाउने योजना।

## जर्नलहरूको सूची (Indexing by the Following Categories)

- NepMed जर्नलहरू
- लेखकहरू
- जर्नल अङ्कहरू
- जर्नल खण्डहरू
- जर्नलहरू
- संस्थाहरू
- परियोजनाहरू
- प्रकाशनहरू

## नेपमेड (NEPMED) अनुक्रमित जर्नलहरू २०८२-०४-२६ सम्म

1. **Nepal Journal of Dermatology, Venereology & Leprology**
   ISSN 2091-0231 eISSN 2091-167X

2. **Journal of Perinatal Society of Nepal**
ISSN 2976-1042(Print), ISSN 2976-1050 (Online)
3. **Journal of Nobel Medical College**
ISSN 2091-2331 eISSN 2091-234X
4. **Nepalese Journal of Ophthalmology**
ISSN 2072-6805 eISSN 2091-0320
5. **Medical Journal of Eastern Nepal**
ISSN 2822-2032 eISSN 2822-2040
6. **Nepalese Journal of Radiology**
ISSN 2091-136X eISSN 2091-1378
7. **Nepal Journal Of Medical Sciences**
ISSN 2091-1424 (Print) 2091-1459 (Online)
8. **Journal of Health and Allied Sciences**
ISSN Print 2091-2579, Online 2091-2587
9. **Journal of Patan Academy of Health Sciences (JPAHS)**
ISSN 2091-2749 (Print), ISSN 2091-2757 (Online)
10. **BP Koirala Institute of Health Sciences (JBPKIHS)**
ISSN 2616-0323 eISSN 2616-0390
11. **Journal of Gandaki Medical College-Nepal (JGMC-N)**
ISSN 2070-4240 eISSN 2070-4259
12. **Nepal Medical Journal (NMJ)**
ISSN : 2645-842X (Print), ISSN: 2645-8438 (Online)
13. **Journal of Universal College of Medical Sciences**
ISSN 2091-2846 eISSN 2350-8582
14. **Nepal Mediciti Medical Journal**
ISSN 2773-7810
15. **Medical Journal of Pokhara Academy of Health Sciences (MJPAHS)**
ISSN 2631-2018(Print), ISSN 2031-2026 (Online)
16. **Nepal Journal of Public Health**
ISSN(P): 3059-9458

**Nepal Public Health Association**
ISSN(P): 2392-408X, ISSN (E): 2392-4098

17. **Asian Journal of Medical Sciences**
ISSN 2467-9100 eISSN 2091-0576
18. **International Journal of Occupational Safety and Health**
ISSN 2738-9707 eISSN 2091-0878
19. **Journal of Institute of Medicine Nepal**
ISSN (Print): 1993-2979 | ISSN (Online) : 1993-2987
20. **One Health Journal of Nepal**
Print ISSN: 2822-1761; Online ISSN: 2822-177X
21. **Nepalese Medical Journal**
ISSN 2631-2093 eISSN 2645-8586
22. **Nepal Journal of Obstetrics and Gynaecology (NJOG)**
ISSN: 1999-9623(Print), 1999-8546 (Online)
23. **Journal of Pathology of Nepal**
ISSN 2091-0797 eISSN 2091-0908
24. **Nepal Journal of Epidemiology**
eISSN 2091-0800
25. **Nepal Journal of Health Sciences (NJHS)**
ISSN 2795-1618 eISSN 2795-1812
26. **Purbanchal University Health Journal**
ISSN 2961-1636 eISSN 2961-1644
27. **Journal of Nepal Paediatric Society**
ISSN 1990-7974 eISSN 1990-7982
28. **Journal of Nepal Medical Association (JNMA)**
JNMA Print ISSN: 0028-2715; Online ISSN: 1815-672X
29. **Nepal Medical College Journal**
Online ISSN: 2676-1424; Print ISSN: 2676-1319
30. **Kathmandu University Medical Journal (KUMJ)**
1812-2027
31. **Journal of Nepal Health Research Council**
1999-6217

## निष्कर्ष

नेपमेड (NEPMED) नेपालको जैव-चिकित्सकीय अनुसन्धान क्षेत्रमा एउटा महत्त्वपूर्ण उपलब्धि हो। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्‌अन्तर्गत श्री चन्द्रभूषण यादवको पहल र नेतृत्वमा विकसित यो प्रणालीले अनुसन्धान पहुँच, अनुक्रमण र गुणस्तर व्यवस्थापनमा नयाँ युगको सुरुवात गरेको छ।आगामी दिनमा, नेपमेडले नेपालको अनुसन्धानलाई अझ विश्वसनीय, पहुँचयोग्य र अन्तर्राष्ट्रियस्तरको बनाउने आधार तयार गर्नेछ।

## सन्दर्भहरू (References)

NepMed को बारेमा: स्थापना, कार्यक्षेत्र, NHRC को निरीक्षण
NHRC website
NHRC को संरचना र यसको जर्नल प्रकाशन

# पुस्तकालय व्यवस्थापनको भूमिका

**प्रशंसा पोखरेल***

## परिचय

सूचना र प्रविधिको तीव्र विकाससँगै आजको युगलाई ज्ञानमा आधारित समाजको रूपमा परिभाषित गरिन्छ । यस्तो समाजमा पुस्तकालय पुस्तक सङ्कलन गर्ने स्थानको रूपमा मात्र नभई ज्ञान, अनुसन्धान र नवप्रवर्तनको प्रमुख केन्द्रको रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । पुस्तकालय शिक्षा, अनुसन्धान, रचनात्मकता तथा सामाजिक चेतना प्रवर्द्धन गर्ने मेरुदण्ड हो । यसले प्रयोगकर्तालाई आवश्यक स्रोत र सूचनामा पहुँच दिलाएर व्यक्तिगत तथा सामाजिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउँछ।

पुस्तकालयको प्रभावकारिता यसको संग्रहको मात्रामा मात्र होइन, व्यवस्थापनको गुणस्तरमा पनि निहित हुन्छ । यदि व्यवस्थापन सबल छैन भने ठूलो सङ्ख्यामा सामग्री भए पनि प्रयोगकर्ताले आवश्यक जानकारी सहज रूपमा प्राप्त गर्न सक्दैनन् । तर यदि व्यवस्थापन दक्ष छ भने सीमित स्रोतमै पनि गुणस्तरीय सेवा प्रवाह गर्न सकिन्छ । यसरी पुस्तकालय व्यवस्थापन पुस्तकालयको आत्मा हो, जसले स्रोत र सेवाबीच सन्तुलन कायम गर्दै प्रयोगकर्तालाई प्रभावकारी सेवा उपलब्ध गराउँछ।

पुस्तकालय व्यवस्थापन भन्नाले पुस्तकालयका स्रोत, सेवा, कर्मचारी र प्रविधिको योजनाबद्ध सञ्चालनलाई जनाउँछ। यसमा पुस्तकालयको नीति, उद्देश्य र रणनीति निर्धारण, योजना बनाउने, संगठन निर्माण गर्ने, कर्मचारी परिचालन गर्ने, निर्देशन दिने, अनुगमन तथा नियमन गर्ने कार्यहरू पर्दछन् । यसको प्रमुख उद्देश्य भनेको पुस्तकालयलाई प्रयोगकर्तामैत्री, दक्ष, प्रभावकारी र समान पहुँचयुक्त बनाउनु हो । यसले मात्र पुस्तकालयलाई शिक्षा र अनुसन्धानको सहायक नभई सामाजिक रूपान्तरणको केन्द्रको रूपमा स्थापित गर्न सक्छ।

समयसँगै पुस्तकालयको स्वरूप पनि परिवर्तन हुँदै गएको छ । विगतमा पुस्तकालयलाई केवल भौतिक पुस्तकहरूको भण्डारका रूपमा बुझिन्थ्यो । तर आज पुस्तकालयलाई “ज्ञान केन्द्र” वा “सूचना सेवा केन्द्र” का रूपमा व्याख्या गरिन्छ। डिजिटल युगले यसलाई भौतिक पहुँचमा सीमित नराखी अनलाइन डाटाबेस, ई-लाइब्रेरी, ई-जर्नल, र क्लाउड-आधारित सेवाहरूसम्म विस्तार गरिदिएको छ। यसले व्यवस्थापनलाई अझ जटिल तर अनिवार्य बनाएको छ।

यसका साथै प्रविधिको प्रयोगले पुस्तकालय व्यवस्थापनमा नयाँ आयाम थपेको छ। कोहा, डिस्पेश जस्ता पुस्तकालय स्वचालित प्रणाली, इलेक्ट्रोनिक स्रोतहरूको व्यवस्थापन, डिजिटल अभिलेख र डाटामा आधारित निर्णय प्रणालीले पुस्तकालयलाई प्रयोगकर्ताको आवश्यकता अनुसार समयमै सेवा प्रदान गर्न सक्षम बनाएको छ। यसका लागि पुस्तकालय व्यवस्थापकले केवल प्रशासनिक कार्यमा दक्ष हुनु मात्र पर्याप्त छैन, बरु प्रविधिमा पनि पारंगत हुनु अपरिहार्य बनेको छ।

यसरी, पुस्तकालय व्यवस्थापनलाई केवल प्रशासनिक प्रक्रिया भनेर सीमित गर्न सकिँदैन । यो नेतृत्व, नवप्रवर्तन, समर्पण र भविष्यदृष्टिको संयोजन हो । राम्रो व्यवस्थापनले मात्र पुस्तकालयलाई ज्ञान पहुँचको केन्द्र, अनुसन्धान र नवप्रवर्तनको आधार र सामाजिक रूपान्तरणको माध्यमका रूपमा स्थापित गर्न सक्छ।

## पुस्तकालय व्यवस्थापनका मुख्य कार्यहरू

पुस्तकालय व्यवस्थापनका विभिन्न कार्यहरू पुस्तकालयलाई प्रभावकारी बनाउनका लागि अपरिहार्य हुन्छन् । यी कार्यहरूलाई तल विस्तृत रूपमा व्याख्या गर्न सकिन्छ।

१. **सङ्ग्रह विकास**
पाठक तथा प्रयोगकर्ताको आवश्यकता अनुसार पुस्तक, पत्रिका, रिपोर्ट तथा डिजिटल सामग्रीहरू छनोट गर्ने, प्राप्त गर्ने, संरक्षण गर्ने तथा अभिलेख राख्ने कार्य सङ्ग्रह विकास अन्तर्गत पर्दछ । गुणस्तरीय सङ्ग्रहले मात्र प्रयोगकर्तालाई उपयोगी जानकारी उपलब्ध गराउन सक्छ।

२. **वर्गीकरण र सूचीकरण**
सूचना छिटो र सजिलै प्राप्त गर्नका लागि पुस्तकहरू उचित ढाँचामा वर्गीकरण र सूचीकरण गर्नुपर्छ । यसका लागि डीडीसी दशमलव प्रणाली वा लाइब्रेरी अफ कङ्ग्रेस वर्गीकरण प्रणाली जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूको प्रयोग गरिन्छ। यसले पुस्तक खोज्ने प्रक्रिया सजिलो र वैज्ञानिक बनाउँछ।

३. **सेवा प्रवाह**

पुस्तकालय व्यवस्थापनको केन्द्र प्रयोगकर्ता हो । प्रयोगकर्तालाई सन्दर्भ सेवा, परामर्श सेवा, सदस्यता सुविधा, अन्तरपुस्तकालय सेवा र पुस्तक लेनदेन व्यवस्थापन उपलब्ध गराइन्छ । यी सेवाहरू पुस्तकालयको प्रयोगकर्तामैत्रीपनको मापदण्ड पनि हुन् ।

४. **कर्मचारी व्यवस्थापन**

पुस्तकालयको सञ्चालनका लागि योग्य, दक्ष र उत्तरदायी कर्मचारी आवश्यक हुन्छन् । तिनको छनोट, तालिम, कार्य विभाजन, प्रेरणा र मूल्याङ्कन व्यवस्थापकको जिम्मेवारी हुन्छ। योग्य कर्मचारी बिना पुस्तकालय सेवा प्रभावकारी हुन सक्दैन।

५. **बजेट व्यवस्थापन**

पुस्तकालयले प्रायः सीमित स्रोतमा काम गर्नुपर्छ । त्यसैले स्रोतहरूको समुचित उपयोग, प्राथमिकता निर्धारण, पारदर्शी खर्च र दीर्घकालीन बजेट योजना व्यवस्थापनका महत्वपूर्ण कार्य हुन् ।

## प्रविधि र पुस्तकालय स्वचालिकरण

आजको पुस्तकालय व्यवस्थापनमा प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण छ। कोहा जस्ता पुस्तकालय स्वचालिकरण प्रणालीले सम्पूर्ण कार्यप्रणालीलाई सहज, छरितो र प्रयोगकर्तामैत्री बनाएका छन् । त्यस्तै डिस्पेश जस्ता सफ्टवेयरको सहयोगले ई-लाइब्रेरी, डिजिटल अभिलेख, अनलाइन डाटाबेस प्रणालीहरूले पुस्तकालयलाई परम्परागत सीमाबाट बाहिर निकालेर नयाँ क्षितिजमा पुऱ्याएका छन् ।

## पुस्तकालय व्यवस्थापनका चुनौतीहरू

पुस्तकालय व्यवस्थापनमा सामना गर्नु परेका मुख्य चुनौतीहरू यसप्रकार रहेका छन् ।

- स्रोतको अभावः बजेटको कमीले आवश्यक सामग्री खरिद वा सेवा विस्तारमा अवरोध हुन्छ।
- डिजिटल पहुँचको असमानताः सबै प्रयोगकर्तासँग इन्टरनेट वा डिजिटल स्रोतमा पहुँच नहुन सक्छ।
- सूचना जामः बढ्दो सूचनामध्येबाट उपयोगी जानकारी छनोट गर्नु कठिन हुन्छ।
- सीप अभावः प्रविधिमा दक्ष कर्मचारीको कमीले व्यवस्थापनमा चुनौती थप्दछ।

## पुस्तकालय व्यवस्थापनको भविष्य

भविष्यमा पुस्तकालय केवल किताब राख्ने स्थान नभई, सिकाइ, अनुसन्धान र रचनात्मकता प्रवर्द्धन गर्ने केन्द्र बन्नेछ। व्यवस्थापन प्रयोगकर्तामैत्री, डाटामा आधारित र डिजिटल रूपान्तरणमुखी बन्न अपरिहार्य छ। ग्रामीण डिजिटल पुस्तकालय, सामुदायिक सूचना केन्द्र, हरित पुस्तकालय, पहुँचमा समानता र सामाजिक समावेशिताका अवधारणाहरूले पुस्तकालय व्यवस्थापनलाई नयाँ दिशा दिनेछन्।

## निष्कर्ष

पुस्तकालय व्यवस्थापन केवल प्रशासनिक काम होइन यो नेतृत्व, नवप्रवर्तन र समर्पणको प्रक्रिया हो । यसको गुणस्तरमा नै पुस्तकालयको प्रभावकारिता निहित हुन्छ। प्रभावकारी व्यवस्थापनले स्रोतलाई प्रयोगकर्तासम्म सहज रूपमा पुऱ्याउने मात्र होइन ज्ञानको पहुँचलाई सबल बनाउने, शिक्षामा सहयोग गर्ने र समाजलाई ज्ञानमूलक बनाउने काम गर्दछ। डिजिटल युगमा पुस्तकालय व्यवस्थापनको भूमिका झन् आवश्यक र महत्त्वपूर्ण बनेको छ । जसले पुस्तकालयलाई भविष्यमा अझ सशक्त र समाज परिवर्तनकारी संस्था बनाउन मद्दत पुऱ्याउनेछ।

# इन्टरनेटको युगमा पुस्तकालयको भविष्य



मुना अधिकारी*

## पुस्तकालय

लेखी, छापी, कोरी वा यस्तै अरू विभिन्न माध्यमद्वारा तयार पारिएको पुस्तक, पुस्तिका, अखवार, पत्रिका, नक्सा, चार्ट, फिल्म आदि ज्ञान सामग्री सु-व्यवस्थित रूपमा उपलब्ध गराई नियमित शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्र हो पुस्तकालय । यो संस्कृत भाषाको पुस्तक र आलय दुई शब्द मिलेर बनेको हो । यसको अर्थ पुस्तकहरू राखिएको घर भन्ने हुन्छ । प्रयोगकर्ता र त्यहाँ सङ्कलित पाठ्यसामग्रीको आधारमा पुस्तकालयको वर्गीकरण गर्न सकिन्छ ।विश्वमा पुस्तकको इतिहाससँगै पुस्तकालयको इतिहास पनि शुरु भएको पाईन्छ । इ. पू. ५५०० देखि नै पुस्तकालयको प्रारम्भ भएको मानिन्छ । यस समयमा सुमेरियन र मेसोपोटामियनहरूले गिला माटाले बनेका खबटाहरूमा आफ्ना विचारहरू चित्रात्मक लिपिमा लेखी घाममा सुकाएर राख्ने गर्थे ।पछि उनीहरूले क्युनिफर्म लिपि विकास गरेर त्यही लिपिमा माटाका खबटाहरूमा लेखेर सङ्ग्रह गर्न थाले । खवटे पुस्तकका तिनै संग्रहहरू नै आजका आधुनिक पुस्तकालयका प्राचीन रुप हुन् ।

## इन्टरनेट

संसार भरि छरिएर रहेका करोडौं कम्प्युटरहरूबिचको सञ्जाललाई इन्टरनेट भनिन्छ । यी कम्प्युटरहरू एक आपसमा विभिन्न माध्यम जस्तैः धातुका तार, फाइबर, अप्टिक तार, तारविहिन (वायरलेस) प्रविधिबाट जोडिएका हुन्छन् । यी कम्प्युटरबिच सुचना आदान प्रदान गर्न विभिन्न प्रोटोकलहरू प्रयोग भएका हुन्छन् । प्रोटोकल त्यो नियम हो जसले भिन्न प्रकारका हार्डवेयरलाई एकै प्रकारको सेवा सञ्चालन गर्न निर्देश गर्छ । नेटवर्क सञ्जालहरू विभिन्न प्रकारका हुन्छन् । जस्तै लोकल एरिया नेटवर्क (LAN), वाइड एरिया नेटवर्क (WAN), मेट्रोपोलिटन एरिया नेटवर्क (MAN), स्टोरेज एरिया नेटवर्क (SAN) इत्यादि । यस्ता लाखौँ सञ्जालहरूबिचको सञ्जाल इन्टरनेट नै संसारकै सबै भन्दा ठुलो सञ्जाल हो ।

सन् २००० को दशक यता सूचना प्रविधिको क्षेत्रमा विश्वव्यापी रुपमा विकसित भएको क्रान्तिकारी परिवर्तनको पछाडि प्रमुख कारक तत्व इन्टरनेट नै हो । शुरुका दिनहरूमा इन्टरनेट सेवा पुरानो टेलिफोन र भू-उपग्रह प्रविधि मार्फत उपलब्ध थियो । यो एक विशेष तर सानो आकारबाट सुरु भएर हाल सञ्चार, मनोरञ्जन, शिक्षा, स्वास्थ्य, पुस्तकालय आदि क्षेत्रहरूमा अभिन्न अङ्गको रूपमा प्रयोग हुँदै आएको छ । कतिपय देशमा इन्टरनेट सेवालाई मानव अधिकाकार कै रूपमा लिइएको पनि पाइन्छ ।

## पुस्तकालयको परम्परागत भूमिका

परम्परागत रूपमा पुस्तकालयलाई शैक्षिक तथा अनुसन्धान कार्यको मेरुदण्ड मानिन्थ्यो । विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता तथा पुस्तकप्रेमीहरूका लागि पुस्तकालय शान्त र गहिरो अध्ययन गर्ने प्रमुख स्थल थियो । यहाँ शारीरिक रूपमा उपस्थित भई पुस्तक पढ्ने, समाचारपत्र हेर्ने, र अनुसन्धान सामग्री खोज्ने गरिन्थ्यो । कतिपय पुस्तकालयहरूले दुर्लभ कृतिहरू, ऐतिहासिक दस्तावेजहरू, तथा सांस्कृतिक अभिलेखहरू पनि सङ्कलन तथा संरक्षण गर्दै आएका थिए । यस्ता कार्यहरू आज पनि पुस्तकालयहरूको विशिष्ट पहिचानका रूपमा रहिरहेकै छन् । आजका आधुनिक पुस्तकालयका पहिचान नै हिजोका परम्परागत पुस्तकालयलाई लिन सकिन्छ ।

## इन्टरनेटको युगमा पुस्तकालयको भविष्य

इन्टरनेट र डिजिटल प्रविधिको विकासले मानव जीवनका हरेक पक्षमा आमूल परिवर्तन ल्याएको छ । सूचना र प्रविधिको युगमा मानिसहरू पुस्तक तथा दस्तावेजहरू खोज्न पुस्तकालय जानु पर्ने आवश्यकता महसुस गर्दैनन् भन्ने सोच बढ्दो छ । आजका पाठकहरू केही सेकेन्ड मै गुगलमार्फत कुनै पनि विषयको

** हाल जिल्ला सरकारी वकील कार्यालय, चितवन*

जानकारी प्राप्त गर्न सक्छन् । यस्तो अवस्थामा 'पुस्तकालयको अस्तित्व के रहनेछ?' भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्न सक्छ । तर सत्य यो हो कि इन्टरनेटले पुस्तकालयको अन्त्य होइन, नयाँ युगको सुरुवात गराएको छ । पुस्तकालयहरू अब केवल पुस्तक भण्डारण गर्ने स्थान होइनन्; तिनीहरू ज्ञानको पहुँच, सूचना साक्षरताको प्रवर्धक र सामाजिक सहभागिताको केन्द्र बन्दै गइरहेका छन् ।

## इन्टरनेटको आगमन र प्रभाव

इन्टरनेटको आगमनपछि मानिसहरूको अध्ययन शैलीमा आमूल परिवर्तन आयो । गुगल, युट्युब, विकिपिडिया, अनलाइन जर्नलहरू तथा इ-बुकको सहज उपलब्धताले मानिसहरूमा डिजिटल माध्यममा अध्ययन गर्ने प्रवृत्ति बढाएको छ । अब किताब खोज्न घण्टौं पुस्तकालयमा समय बिताउनु पर्दैन; केवल केही क्लिकमा इन्टरनेटले आवश्यक जानकारी उपलब्ध गराइदिन्छ । यसरी इन्टरनेटले पुस्तकालयको परम्परागत भूमिकालाई चुनौती दिएजस्तो देखिन्छ । विशेषगरी युवा पुस्तामा पुस्तकालय जानुको आकर्षण घट्दो देखिन्छ ।तर यथार्थमा इन्टरनेटले पुस्तकालयहरूलाई विस्थापित गर्ने होइन, उनीहरूलाई प्रविधिमा आधारित नयाँ स्वरूप दिन प्रेरित गरेको छ । आजको पुस्तकालयले केवल भौतिक किताबहरू राख्ने मात्रै होइन, अनलाइन स्रोतहरू, डिजिटल अभिलेख, तथा इ-बुक सेवा पनि प्रदान गरिरहेको छ ।

## डिजिटल युगमा पुस्तकालयको रूपान्तरण

आज पुस्तकालयहरू डिजिटल लाइब्रेरीमा रूपान्तरण भइरहेका छन् । विश्वका धेरै विश्वविद्यालय तथा संस्थाहरूले आफ्ना पुस्तकालयहरूमा इ-पुस्तक, अडियोबुक, अनलाइन डेटाबेस र रिमोट एक्सेस सिस्टमहरू समावेश गरिसकेका छन् । यस्ता पुस्तकालयहरूमा घरमै बसेर पनि प्रयोगकर्ताले लाखौं पुस्तक र शैक्षिक सामग्रीमा पहुँच पाउन सक्छन् । नेपाल जस्ता विकासोन्मुख मुलुकहरूमा पनि केही पुस्तकालयहरूले आंशिक रूपमा डिजिटल सेवा सुरु गरेका छन्, यद्यपि प्रविधि तथा स्रोतको अभावका कारण ती सेवा सीमित छन् ।यसका अतिरिक्त, आजका पुस्तकालयहरूले पाठक र समाजसँग अन्तरक्रिया बढाउन विभिन्न कार्यक्रमहरू पनि सञ्चालन गरिरहेका छन्- जस्तै पुस्तक समीक्षा, लेखकसँग साक्षात्कार, भाषा कक्षा, सूचना साक्षरता तालिम, कोडिङ कक्षा, बालपाठक क्लब, लाइब्रेरी ओरन्टेसन आदि । यसले पुस्तकालयलाई केवल पुस्तक पढ्ने स्थानभन्दा बढी सामुदायिक केन्द्रको रूपमा स्थापित गर्न पनि सहयोग पुर्‍याएको छ ।

## पुस्तकालयको नयाँ भूमिका

इन्टरनेटको युगमा पुस्तकालयको भूमिकामा आमुल परिवर्तन आए पनि यसको आवश्यकता अझै पनि उत्तिकै महत्त्वपूर्ण छ । इन्टरनेटले सूचनाको मात्रा त बढाएको छ, तर त्यहाँ रहेको जानकारी सधैँ भरपर्दो हुँदैन । पुस्तकालय भनेको प्रामाणिक स्रोतहरूको सङ्ग्रह हो, जहाँ हरेक सामग्री परीक्षण र मूल्याङ्कनपछि मात्र समावेश गरिन्छ । यसैले अनुसन्धान कार्य, शैक्षिक अध्ययन, नीति निर्माण, तथा ऐतिहासिक अध्ययनका लागि पुस्तकालय अझै विश्वसनीय श्रोत बनेका छन् ।

त्यस्तै, पुस्तकालयले डिजिटल खाडल (Digital Divide) घटाउन पनि महत्वपूर्ण भूमिका खेल्न सक्छ । सबै मानिससँग इन्टरनेट, ल्यापटप वा स्मार्टफोन हुँदैन । ग्रामीण तथा पिछडिएका क्षेत्रका मानिसहरू अझै पनि भौतिक पुस्तकालय र तिनका स्रोतमा निर्भर छन् । यदि पुस्तकालयले कम्प्युटर, इन्टरनेट, र डिजिटल स्रोतहरू प्रदान गर्न सक्ने अवस्था बन्यो भने यसले सामाजिक समावेशिता र पहुँचमा योगदान पुर्‍याउँछ ।

## सम्भावना र चुनौतीहरू

पुस्तकालयको भविष्य उज्ज्वल बनाउने केही सम्भावनाहरू

१. **स्मार्ट पुस्तकालय प्रणाली:** कृत्रिम बुद्धिमत्ता (AI), भर्चुअल रियालिटी (VR) जस्ता प्रविधिहरूको समावेशले पुस्तकालयलाई अझ सशक्त र क्रियाशिल बनाउन सक्छ ।
२. ओपन एक्सेस: सबैलाई निःशुल्क र सहज रूपमा शैक्षिक तथा अनुसन्धान सामग्री उपलब्ध गराउने अवधारणा झनै लोकप्रिय हुँदै गइरहेको छ । पुस्तकालयहरूले ओपन एक्सेस पोर्टलहरूको प्रवर्द्धन गर्न सक्छन् ।
३. दूरदराज क्षेत्रसम्म पहुँच: मोबाइल पुस्तकालय तथा अनलाइन सेवा मार्फत दूरदराजका मानिससम्म सेवा पु-याउन सकिन्छ ।

पुस्तकालयको भविष्य उज्वल बनाउन केही चुनौतीहरू पनि छन्-

- प्रविधिमा लगानी अभाव ।
- पुस्तकालयको महत्वलाई ओझेलमा पार्नु ।
- पुस्तकालय सम्बन्धी ऐन नियम नबनाउनु ।
- कुशल जनशक्तिको कमी ।
- भएको जनशक्ति पुस्तकालयभन्दा अन्य क्षेत्रमा काम गर्न उत्साहित हुनु ।

- पुरानो संरचना र सोचमा जकडिएको व्यवस्थापन ।
- पाठकको चासो घट्नु ।

यी चुनौतीलाई पार गर्न पुस्तकालयहरूलाई सरकार, शैक्षिक संस्था, प्राविधिक क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायसँग सहकार्य र हातेमालो गर्दै अगाडि बढ्न आवश्यक छ।

## निष्कर्ष

इन्टरनेटको युगले पुस्तकालयलाई निरर्थक बनाएको छैन; बरु तिनलाई नयाँ रूप र उद्देश्य दिएको छ। पुस्तकालय अब केवल किताबको सङ्ग्रह होइन, डिजिटल युगमा प्रामाणिक सूचना, अनुसन्धान सहयोग र समुदाय विकासको केन्द्र हो। प्रविधिलाई आत्मसात गर्दै, पहुँच, साक्षरता र नवीनताको संयोजनमार्फत पुस्तकालयहरूको भविष्य अझ उज्ज्वल बनाउन सकिन्छ। आज पुस्तकालयलाई प्रविधिसँग सन्तुलित रूपमा जोड्ने, त्यसको पहुँच सबैमा पुऱ्याउने र नयाँ पुस्तामा पुस्तकालयप्रति चासो जगाउने बारे नितान्त आवश्यक छ । किनकि इन्टरनेट जति भरपर्दो लागे पनि, पुस्तकालयको गहिराई, सत्यता, र सामाजिक उत्तरदायित्व सधैँ अतुलनीय रहनेछ।

# राष्ट्रिय पुस्तकालयको महत्त्व



**गङ्गा खड्का***

संस्कृत भाषाको पुस्तक+आलयको संयोजनबाट 'पुस्तकालय'को संरचना भएको पाइन्छ जसको अर्थ पुस्तकहरूको घर भन्ने हुन्छ भने अङ्ग्रेजी भाषाको Library ल्याटिन भाषाको Liber बाट आएको र जसको अर्थ पनि पुस्तक हुन्छ। पुस्तकालयको काम र प्रकृतिअनुसार फरक फरक नाम हुनसक्छ। कुनै राष्ट्रको विकास र संवर्धनमा टेवा दिन राष्ट्रको चाहना र आवश्यकता बमोजिम राष्ट्रव्यापी रूपमा पुस्तकालय सेवा दिन, अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पुस्तकालयको प्रतिनिधित्व गर्न, विशेषत राष्ट्रमा प्रकाशित, राष्ट्रभाषा र राष्ट्रका अन्य भाषाहरू संसारमा प्रकाशित ज्ञान सामाग्रीहरूको छनोट, सङ्कलन, सुव्यवस्था साथै सुरक्षा गरी पुस्तकालय सेवा उपलब्ध गराउने लक्ष्य राखी स्थापना भएको पुस्तकालयलाई राष्ट्रिय पुस्तकालय भनिन्छ। सबै देशमा माथिल्लो तहमा एउटा राष्ट्रिय पुस्तकालय हुने गर्दछ। यसको उद्देश्य राष्ट्रको बौद्धिक सम्पत्तिको जगेर्ना तथा संरक्षण गर्नु हो । कुनै पनि देश विकासका लागि अत्याधुनिक राष्ट्रिय पुस्तकालय हुनुपर्दछ। मुलुकलाई चिनाउने विभिन्न माध्यममध्ये राष्ट्रिय पुस्तकालय पनि एक हो। राष्ट्रिय पुस्तकालय भनेको सरकारको प्रमुख पुस्तकालय हो । विदेशी राष्ट्रका प्रमुखहरू आउँदा कम्तीमा पनि एकपटक राष्ट्रिय पुस्तकालय भ्रमण गराउने वातावरण मिलाउनुपर्छ। राष्ट्रिय पुस्तकालयमा मुलुकसँग सम्बन्धित सबै प्रकारका प्रकाशन संरक्षण र संवर्धन गरी राखिएको हुन्छ। राष्ट्रिय पुस्तकालयका प्रमुख महत्त्वहरू निम्नबमोजिम हुनसक्छन्।

पुस्तकालय विकासका तथा संवर्धनका लागि कार्ययोजना बनाउन,

- International Standard Book Number (ISBN) र International Standard Serial Number (ISSN) प्रदानको लागि राष्ट्रिय एजेन्सीको रूपमा काम गर्न,
- Depositary Library को रूपमा काम गर्न,
- राष्ट्रको विकास र उत्थानका लागि शैक्षिक गतिविधि गर्न,
- राष्ट्रको चाहना र आवश्यकताबमोजिम राष्ट्रव्यापी रूपमा पुस्तकालय सेवा उपलब्ध गराउन,
- पुस्तकालय विकाससम्बन्धी योजना, कार्यक्रम, बनाई लागु गर्न,
- पुस्तकालयहरूको सेवा, कार्यक्रम र नीतिमा समन्वय कायम गर्ने, गराउने कार्यहरू गर्न,
- स्थापित पुस्तकालयहरूको सुदृढीकरण र सेवा पुऱ्याउने योजना तथा कार्यक्रम बनाई पेस गर्ने, गराउनेसम्बन्धी कार्यहरू गर्न,
- पुस्तकालयहरूको सम्पूर्ण कार्यहरू र विकास सम्बन्धमा सरकार र पुस्तकालयबिचको सम्पर्क तथा समन्वयको कार्यहरू गर्न,
- अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पुस्तकालयको प्रतिनिधित्व गर्न।

नेपालमा वि.सं. २००७ सालको प्रजातन्त्रको उदयपश्चात् विभिन्न विद्वान्‌वर्ग तथा व्यक्तित्वहरूबाट एक सुविधासम्पन्न राष्ट्रिय पुस्तकालय स्थापना गर्न भगीरथ प्रयास गरिएको थियो। विभिन्न उतार-चढावको बाबजुद वि.सं. २०१३ असोज महिनामा तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्य चीन भ्रमण जाँदा कोलकातामा रोकिनु भई भारतको राष्ट्रिय पुस्तकालय अवलोकन गर्ने क्रममा आगन्तुक पुस्तिकामा नेपालमा एक राष्ट्रिय पुस्तकालय स्थापना गर्ने लक्ष्य रहेको उल्लेख गरिएको थियो।

त्यसको केही समयको अन्तरालपछि स्व. नायव बडागुरुज्यू हेमराज पाण्डेद्वारा सङ्कलित नेपाली, संस्कृत, अङ्ग्रेजी, हिन्दी, बङ्गाली, मराठी भाषाका पुस्तक, पुस्तिका, पत्र-पत्रिकासहित तत्कालीन सरकारबाट खरिद भएको र नेपालको केन्द्रीय सचिवालय विघटनपश्चात् सङ्कलन हेमराज पाण्डेको र गाभेकोसमेत कुल ४३००० थान पुस्तकसहित वि.सं. २०१३ पौष १९ गते सिंहदरबारको सिक्रीढोकामा नेपाल राष्ट्रिय पुस्तकालयको विधिवत् स्थापना भएको हो। वि.सं. २०१७ सालसम्म रेफरेन्स पुस्तकालयको रूपमा सञ्चालित यस पुस्तकालय वि.सं. २०१८ सालदेखि सर्वसाधारणका लागि पुस्तक आदान-प्रदान सेवा सुरुवात भएको थियो । वि.सं. २०१८ सालमा शङ्करशम्शेर राणाद्वारा निर्मित हरिहरभवनको दक्षिण-पूर्वी मोहडाका कोठाहरूमा नेपाल राष्ट्रिय पुस्तकालय स्थानान्तरणपश्चात् वि.सं. २०२३ देखि सेवा सञ्चालन गरेको पाइन्छ। वि.सं. २०७२ सालको विनाशकारी भूकम्पले हरिहरभवनमा ठुलो क्षति भएकोले अस्थायी टहराबाट

** पुस्तकालय सहायक, केसर पुस्तकालय*

केही समय सीमित सेवाहरू प्रदान गरिएको थियो । अहिले राष्ट्रिय पुस्तकालयले सानोठिमी भक्तपुरबाट सम्पूर्ण सेवाहरू प्रदान गरिरहेको छ ।

राष्ट्रिय पुस्तकालय राष्ट्रको साहित्य तथा संस्कृतिको दस्तावेज पनि हो । यसले भावी पुस्ताका लागि इतिहास जगेर्ना गर्दछ । राष्ट्रिय पुस्तकालयले राष्ट्रबाट प्रकाशन हुने सम्पूर्ण पुस्तकहरू तथा जर्नलहरू डिपोजिटरीको रूपमा राख्ने गर्दछ । आफनो राष्ट्रबाट प्रकाशित हुने पुस्तक तथा जर्नलहरूको लागि आवश्यक पर्ने ISBN र ISSN प्रदान गर्ने गर्दछन् । राष्ट्रिय वाङ्मयसूची, विषयसूची प्रकाशन गर्ने गरेको पाइन्छ । विश्वमा नाम चलेका राष्ट्रिय पुस्तकालयमा अमेरिकाको लाइब्रेरी अफ कङ्ग्रेस, बेलायतको The British Museum Library, जापानको National Diet Library, भारतको The National Library of India, बङ्गलादेशको National Library of Bangladesh, तथा श्रीलङ्काको National Library of Sri Lanka रहेका छन् । विश्वका अन्य देशका राष्ट्रिय पुस्तकालयहरू गर्व गर्ने खालका पाइन्छ । यसबाट के प्रस्ट हुन्छ भने त्यहाँ बौद्धिक सम्पत्ति, संस्कृति र शिक्षाको महत्त्व दिइएको छ । जसका लागि ज्ञान प्रवर्द्धन गर्नका लागि पुस्तकालयलाई सहजकर्ताको रूपमा लिएको पाइन्छ । विदेशका केही राष्ट्रप्रमुखहरूले आफ्नो राष्ट्रिय पुस्तकालयमा समय समयमा गएर पुस्तकालयमा आउने बालबालिकालाई कथा वाचन गरेर सुनाउनेसम्म गरेको पाइन्छ । जसबाट बालबालिकामा पठन संस्कृति विकास हुन मद्दत गर्दछ । नेपालको संविधानको धारा ५१ (ज) (४) मा ' नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापना र प्रवर्द्धन गर्ने' भनी नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति राज्यले अवलम्बन गरेको पाइन्छ । संविधानको अनूसुची ५ र ६ मा सङ्घ र प्रदेशको अधिकारको सूचीमा केन्द्रीय पुस्तकालय र प्रदेश पुस्तकालयसम्बन्धी विषयहरू समावेश छन् ।

नेपाल राष्ट्रिय पुस्तकालयले गतवर्ष ६८औँ वार्षिकोत्सव भव्य रूपमा मनाएको थियो । उमेरले परिपक्व हुँदै गर्दा नेपाल राष्ट्रिय पुस्तकालयका धेरै कामहरू अधुरा रहेका छन् तथापि यसले एउटा समुदायिक पुस्तकालयले गर्ने कार्य जति नै सेवा दिँदै आइरहेको छ । नेपाल राष्ट्रिय पुस्तकालयको लागि चर्चा परिचर्चा छलफल भव्य रूपमा भएको थियो । राष्ट्रिय पुस्तकालयको लागि सरकार जुन रूपमा लाग्नुपर्ने थियो त्यो रूपमा हुन सकिरहेको छैन । वि.सं. २०७२ सालको भूकम्पपछि पुस्तकालयसम्बन्धी धेरै कुराहरूको मन्थन भए पनि कार्यान्वयन भने हुन सकेन । हाम्रो देशको राष्ट्रिय पुस्तकालयले सानोठिमी, भक्तपुरबाट सेवा प्रदान गर्दै आइरहेको छ तर राष्ट्रिय पुस्तकालयको गरिमा दिनसक्ने खालको बन्न सकेको छैन । वि.सं. २०७२ सालको महाभूकम्पछि क्षतिग्रस्त केसरमहल एउटा उदाहरणीय काम केसर पुस्तकालयको भवन सबलीकरणपश्चात् पुरानै भवनबाट पुस्तकालयका सेवाहरू प्रदान गर्न थालेकोमा सरकारलाई धन्यवाद दिनैपर्छ । केसर पुस्तकालयजस्तै सम्पूर्ण पुस्तकालयको भवन निर्माण भएमा मात्र हामी पुस्तकालयकर्मी सन्तोष मानेर बस्न सकिएला । नेपालमा औपचारिक रूपमा १८६९ भदौ १५ गते पुस्तकालय सेवा प्रारम्भ भएको दिनलाई ऐतिहासिक उपलब्धिको रूपमा स्मरण गर्दै पुस्तकालय दिवस मनाइन्छ । नेपालमा संस्थागत रूपमा पुस्तकालय स्थापना भएको २०० वर्षभन्दा लामो इतिहास पुरा भएको छ । पुस्तकालयका क्षेत्रमा भएका गतिविधि एवं पुस्तकालयको आवश्यकताबारे जानकारी गराउने उद्देश्यका साथ नेपालमा २०६५ भदौ १५ गतेदेखि औपचारिक रूपमा दिवस मनाउन थालिएको हो । प्रत्येक वर्ष भदौ १५ गते पुस्तकालय दिवस मनाइँदै आएको छ । भव्य कार्यक्रमसहित पुस्तकालय दिवस मनाइरहँदा नेपाल राष्ट्रिय पुस्तकालयले भने कतै हामीलाई गिज्याइरहेको त छैन भन्ने कुरा विचारणीय छ । प्रत्येक वर्ष पुस्तकालय दिवसको आदर्शवाक्य रहने गर्दछ । त्यसको वास्तविक सम्मान नेपाल राष्ट्रिय पुस्तकालयको नेपाली कला, संस्कृति झल्कनेगरी पुस्तकालय भवन निर्माण भएमा मात्र त्यसले सार्थकता प्राप्त गर्दछ । त्यसका लागि समाजका सबै वर्ग विशेषगरी नीति निर्माता, बुद्धिजीवी, राजनीतिकर्मी, नागरिक समाजका अगुवा, सामाजिक कार्यकर्ता, पुस्तकालय सूचनाकर्मी तथा पत्रकार सबैले राष्ट्रिय पुस्तकालयको महत्त्व बुझी अत्याधुनिक पुस्तकालय भवन बनाउन पहल गर्नु आवश्यक छ ।

**सन्दर्भसामग्रीहरूः**


पोखरेल, मुरारीविनोद (२०७५) *स्मारिकाः एघारौँ पुस्तकालय दिवस*

अधिकारी, इन्द्रप्रसाद (२०६५) *पुस्तकालय तथा स्रोत केन्द्रः व्यवस्थापन एवं सञ्चालन*

.... (२०६८ चैत १५). राष्ट्रिय पुस्तकालयको महत्त्व. *नागरिकन्युज.* https://nagariknews.nagariknetwork.com/opinion/23804-1332895869.html

.... (२०७८ भदौ १५). आज राष्ट्रिय पुस्तकालय दिवस मनाइँदै. *थाहाखबर.* https://www.thahakhabar.com/news/134365

https://nnl.gov.np/pages/the–history–of–the–nepal–national–library

परियार, प्रदीप र पोखेल, रन्जीता. (२०७७ भदौ १५). यसकारण आवश्यक छ पुस्तकालय ऐन. *सेतोपाटी.* https://www.setopati.com/blog/215544

# पुस्तकालयकर्मीको अवकास समय



नुतन ढुंगाना (गौतम)*

पाँच वर्ष देखि बिहानै आँखा मिच्दै उठेर घरको घाँस, पात, चुलोको काम सिध्याई, खाना पनि राम्ररी चपाउन नभ्याई , (३-५ ) किलोको पुस्तक र कापीको झोला भए झोलामा, झोला नभए हातमै भए पनि बोकेर , (३-५) कि.मी. टाढाको स्कुलमा १० बजे पुगेर पढ्न सुरु गरी स्कुल तहको शिक्षा सिध्याइन्थ्यो र सिध्याईन्छ पनि। यस पछि उच्च शिक्षाको लागि कलेज भर्ना भै कुनै विषयमा स्नातक तह उत्तीर्ण गरी, फेरि ज्ञानलाई नै व्यवस्थापन गर्ने विषय पुस्तकालय विज्ञानमा भर्ना भै, उच्च शिक्षाको तह पूरा गरी, नोकरी नपाउने बेला सम्म पढेर ,बल्ल तल्ल जागिर खान थालेर २०, २५ वा ३० बर्ष सम्म जागिर खाएर, ३० औ वर्षको अनुभव लिएर। जागिर छोडे पछि के गर्ने ? कसरी दिन बिताउने ? कसरी जिन्दगी बिताउने ? जस्ता प्रश्नै प्रश्नहरु मनमा उठाएर। दोश्रो व्यक्तिसित पनि एक आपसमा कुरा ( गुन गुनावट ) हुने गरेको पाइन्थ्यो र पाइन्छ पनि। यति मात्र कहाँ हो र ? अबको समयमा ब्यक्तिहरु डिप्रेसनमा जाने , आत्महत्या गर्ने जस्ता अमानवीय कार्य गरेका वा भैरहेका घटनाहरु पनि हाम्रो समाजमा नभएको होइनन्। मानव उच्च श्रेणीको प्राणी भएतापनि किन यस्ता नकारात्मक सोच आएको होला ? हामी आफैले बुझ्नु पनि पर्यो समाजमा अरुलाई पनि बुझाउनु पर्यो । मानव जिवनमा सिक्ने कुराहरु अनगिन्ती छन। जिन्दगी भनेको निरन्तर सिक्ने र सिकाउने अवस्था हो। जिन्दगीमा सिकाईका पनि विभिन्न चरणहरु छन । जस्तै: बच्चाहरुको सिकाई घर परिवारबाट शुरु हुन्छ त्यसैले घरलाई पहिलो पाठशाला भनिन्छ । विद्यार्थी अवस्थामा सिकाई बिद्यालयमा गुरुबाट लिइन्छ । बच्चादिनको सिकाई र सिकाउने काम प्राय प्रयोगात्मक हुन्छ । कलेज तहको सिकाई छलफल वा सैद्धान्तिक हुन्छ । अवकास समय पछिको सिकाई एक आपसमा जिन्दगीभरको अनुभव आदानप्रदान गरि आनन्द फुर्सदिलो समयमा बसेर नयाँ नयाँ कार्यक्रम बनाई दिन बिताउन पर्ने बेलामा किन नकारात्मक सोच बनाउने ? अवकास अवधिमा समाजमा गर्न सकिने प्रशस्त कामहरु छन्। जस्तै : पुस्तकालयकर्मीबाट शुरु गरौ। एउटा पुस्तकालयकर्मी जसले २० देखि ३० बर्षसम्म विभिन्न समुदायबाट आएका विभिन्न पुस्तकालय उपभोक्ताहरु जस्तै : साधारण जनता, स्कुलका विद्यार्थी र शिक्षक, कलेजका विद्यार्थी र शिक्षक, अनुसन्धान केन्द्रका अनुसन्धानविद्, प्रतिनिधि सभाका सांसद, मन्त्रालयका मन्त्रीहरू आदिलाई यिनीहरुको आवश्यकता अनुसार विभिन्न विधाका सूचनाहरु सम्प्रेषण गरि निरन्तर उपलब्ध गराईरहेका हुन्छन । यति धैरै पुस्तकालय उपभोक्ताहरुसित ज्ञान आदान प्रदान गरि २०औं-३०औं वर्ष बिताएका पुस्तकालयकर्मीले किन अवकास पछि हात बाधेर बस्ने ? त्यसैले हामी पुस्तकालयकर्मीहरुले आ- आफ्नो अवकास अवधिमा जे सकिन्छ , त्यहीँ काम गरि आफू र समाजलाई सक्रिय बनाउ। पुस्तकालयकर्मीले अवकास पछि समाजमा गर्न सकिने कामहरु जस्तै :

१. आफूले जिन्दगी भर गरेका कामको अनुभव प्रयोग गरि, आ- आफ्नो टोलमा शुरु गरिएका पुस्तकालय हरुलाई अझै बढी राम्रो बनाउन पहल गर्ने।
२. स्थानीय जनसमुदायको राय सल्लाह लिएर पुस्तकालय नखोलिएका र खोल्न सम्भव भएका ठाउँमा खोल्न सल्लाह दिने। आफूले सक्दो सहयोग गर्ने।
३. आफुले आफ्नो कार्यकालमा गरेका, सिकेका सिपहरु अरुलाई सिकाई दिने।
४. सकिन्छ भने निश्चित समयको लागि तालिमको व्यवस्था गर्ने।
५. स्थानीय सरकार र स्थानीय जनतासित सहकार्य गरि सम्भावित ठाउँमा पुस्तकालय खोल्न अनुरोध गर्ने।
६. पुस्तकालयमा पठन पाठनको अतिरिक्त, पुस्तकालय परिसरमा अन्य क्रियाकलाप गर्न सकिने वातावरण बनाउन पहल गर्ने
   ६.१ बच्चाहरु खेल्नका लागि बाल उद्द्यान खोल्ने।
   ६.२ जेष्ठ नागरिकका लागि भजन, कृतन, संगित(

* *पूर्व पुस्तकालय प्रमुख, वि.पि. कोईराला मेमोरियल क्यान्सर अस्पताल , भरतपुर, चितवन।*

गितार, होर्मोनियम, मादल) आदि बजाउन सिकाउने यसो गर्नाले जेष्ठ नागरिकहरुलाई लगातार अध्ययन गर्दा अलि असहज अनुभव हुदैन। उहाँहरुले वरिपरि भजन, योगा लगायत अन्य अतिरिक्त कार्यक्रम गरि आफुलाई खुशी राख्न सक्नु हुन्छ। यसका लागि पुस्तकालयकर्मीले स्थानीय सरकारलाई अनुरोध गर्नु पर्ने हुन्छ।

६.३ सम्भव भएमा पुस्तकालय परिसरमा नै युवाहरुको लागि खेल मैदान बनाउन राय सल्लाह दिने। यसले गर्दा युवा वर्गमा पनि पठन पाठनमा ध्यान आकर्षण हुन्छ।

६.४ प्रदेश सरकारले स्थानीय तहका पुस्तकालयहरुलाई केही रकम छुट्टयाएको हुन्छ। स्थानीय तहको सिफारिसमा त्यो रकम निकासा गराई आफ्नो क्षेत्रका पुस्तकालयमा नयाँ पुस्तक तथा अन्य सेवाहरु बढाउन सकिन्छ।

६.५ आ-आफ्नो गाउँ टोलमा संस्कृतिको विकासको लागि रचनात्मक,शिक्षामुलक तथा सूचनामुलक कार्यक्रमहरु आयोजना गरी जनचेतना गराउने।

६.६ समाजमा सबै खालका उपभोक्ताहरुलाई पुस्तकालयको महत्व बुझाई प्रयोग गर्न प्रेरणा जगाउने।

६.७ समाजमा सबै तहका उपभोक्ताहरू लाई विद्युतिय पुस्तकालयको महत्त्व बुझाई यसको प्रयोग गरि देश बिदेशबाट पनि विभिन्न ज्ञानमूलक सुचना तथा अन्य जानकारी लिन सिकाउने।

६.८ उत्कृष्ट पुस्तकालय उपभोक्तनलाई पुरस्कारको व्यवस्था गर्ने। यस्ता क्रियाकलापहरु गरी आफू र समाजलाई सदैव सक्रिय बनाउ।

अन्त्यमा, हामी पुस्तकालयकर्मीहरु हाम्रो अवकास समयमा बाँचुन्जेल र सकुन्जेल हामी आफै पनि समय परिस्थित अनुसार अध्यावधिक होउ र आ- आफ्नो घर परिवार र समाजलाई पनि अध्यावधिक गराउ। हाम्रो पेशाको सम्मान गरौ ।

# ज्ञानको उदय : पुस्तकालय

**रितेश नेवा***

हामी मानिसहरु यस्ता प्राणी हुन जो ज्ञान प्राप्त गर्ने, जोगाउने र अरुसँग बाँड्ने क्षमता बोकेको हुन्छ । यहि चाहनाबाट कहिल्यै नसकिने ज्ञानको यात्रा सुरु भएको मान्न सकिन्छ । हजारौ वर्ष पहिले, जब मानिसले पहिलो पटक माटाका चक्कीहरुमा अक्षर कोर्न थाले, त्यहि बेलादेखि ज्ञानको सङ्कलन कार्य सुरु भयो र त्यही क्रमबाट नै पुस्तकालयको उदय भयो । पहिले पुस्तकालय केवल राजदरवारमा मात्र सीमित थियो, जहाँ ज्ञान एक विशेष वर्गका लागि मात्र हुने गरथ्यो । तर समयको युगसँगै पुस्तकालय सबैका लागि खुला हुँदै गए । समयको युग संगै बदल्दै हाम्रा पूर्वजहरूले माटाका ट्याब्लेटमा लेखेर सुरु गरेको ज्ञानको यात्रा आज डिजिटल युगमा पुगिसकेको छ । पुस्तकालय केवल किताब राख्ने ठाउँ मात्र होइनन्, ती हाम्रा सभ्यताका साक्षी हुन। पुस्तकालय वास्तवमै हाम्रो बौद्धिक जीवनको अभिन्न हिस्सा हुन् । समयको युग संगै त्यसको व्यवस्थापन पनि बदलिएको छ। पहिले भावि पुस्तासम्म पुर्याउने चाहनाले किताबको हेरचाह गर्ने गरिन्थ्यो, तर अब त सूचना प्रवाह डिजिटल सेवा, पाठकको आवश्यकताको मूल्याङ्कन र प्रविधिसँगको तालमेल पनि सम्हाल्नुपर्ने भइसकेको छ । जसरी हामी समयसँगै अघि बढिरहेका छौ, पुस्तकालय पनि बदलिंदै छन् मात्र एउटा कुरा चाहिं सधैं स्थिर रहिरहने छ जुन "मानव जातिको ज्ञानप्रतिको प्रेम र त्यसलाई भावी पुस्तासम्म पुराउने चाहना" ।

एक छिन सोचौ त हामी, पहिले जुन बेला पुस्तक नै नदेखेको जमाना कस्तो होला? त्यो बेलाका मानिसहरु कस्ता थिए होला? तर त्यही वेलाका मानिसले नै माटाका चक्कीहरूका लेख्न थाले र त्यहि बाट लेखनको, ज्ञानको अनि पुस्तकालयको थालनी भयो । पहिले मेसोपोटामियाना मानिसहरुले लेख्नको लागि माटाका पाता प्रयोग गरे र ती पाताहरु सुकाएपछि संगालेर राखिन्थ्यो जसलाई आज हामी ती नै साना पुस्तकालय भनेर भन्न सकिन्छ की ? पछि बिस्तारै छालामा, कागज जस्ता पातलो पदार्थमा लेखन को सुरुवात भयो र त्यसलाई बिशेष ठाउँमा सुरक्षित राख्न थाले जस्तै मठमन्दिर, राजदरबारहरुमा र यहि क्रमबाट संकलित संग्रहहरु कहाँ राख्ने ? कसरी व्यवस्थित गर्ने ? भनेर सोचको जागरण सँगै पुस्तकालय व्यवस्थापनको सुरुवात भयो । त्यस बेला न कुनै सिस्टम थियो न त डिजिटल सफ्टवेयर तर पनि मानवको सोच, मेहेनत र ज्ञान प्रतिको सम्मानले भावी पुस्ताहरुलाई आफ्नो ज्ञान सुरक्षित साथ हस्तान्तर गर्दै आए ।

नेपालमा पश्चिमाका जस्ता ठूला, भव्य र प्रसिद्ध पुराना पुस्तकालय छैन , तर यहाँको ज्ञान भने मठमन्दिरका भित्ताहरूमा, धर्मगुरुका शिष्यलाई दिइने शिक्षा र पुराना घरका आलमारीभित्र लुकेको हुन्थ्यो। त्यतिबेला ज्ञान ताडपत्रमा कोरिन्थ्यो, हातले बनाएको नेपाली कागजमा लेखिन्थ्यो, र पुस्तौंपुस्ता सम्म माया गरेर जोगाइन्थ्यो । कुनै विधिवत् व्यवस्थापन नियम थिएन तर एउटा मौन अनुशासन चाहिँ थियो । किताबहरू बुबाबाट छोरामा, गुरुदेखि चेलामा, पीढी दर पीढी सर्दै जान्थ्यो। ती किताबहरू संग्रहालयका प्रदर्शनी होइन , ती त मठमन्दिर , घरको पूजा कोठा मठका चुलो छेउमा , कहिलेकाहीँ पुरानो बाकसमा तर ति पुस्तक मौन थिए, तर जीवित पनि थिए । राजा पृथ्वीनारायण शाहले बसन्तपुर दरबारको पूजा कोठामा युद्धको बेला संकलित गरेका ज्ञानका सामाग्रीहरु सुरक्षित साथ राखिन थालियो र त्यहि बाट बिस्तारै 'चिताइ तहविल देखि वीर पुस्तकालय सम्म पुगियो । वीर पुस्तकालय सुरुमा निजी थियो, तर समयसँगै यो सार्वजनिक बन्यो, अनि पछि राष्ट्रिय अभिलेखालयसँग जोडियो। वि. सं. १८६९ भाद्र १५ का दिन गिवार्णयुद्ध विक्रम शाहले केदारनाथ झालाई चिताइ तहलिदार कामको जिम्मा दिएका थिए र सोहि दिनको सम्झनालाई नेपालमा वि. सं. २०६५ साल देखि भाद्र १५ गते हरेक वर्ष पुस्तकालय दिवस मनाउदै आइरहेका छौँ।

साँचो अर्थमा सर्वसाधारणका लागि खुला पुस्तकालयको यात्रा भने २०औँ शताब्दीको मध्यतिर मात्रै सुरु भयो । त्यो बेला समाजमा शिक्षा र साक्षरताप्रति चेतना बढ्दै गइरहेको थियो। अनि पुस्तकालयहरू विस्तारै पाठशालाबाट बाहिर निस्केर समुदायतिर आउन थाले। आज पनि नेपालका धेरै पुस्तकालयहरूले चुनौतीहरू भोगिरहेका छन् । अभाव, संरचनाको कमजोरी, अनि सयौं वर्ष पुराना पाण्डुलिपिको संरक्षणको चिन्ता । तर चुनौतीसँगै सम्भावनाको उज्यालो पनि

** काठमाडौँ उपत्यका सार्बजनिक पुस्तकालय*

छ। डिजिटल युगले ज्ञानलाई स्क्रिनसम्म ल्याइदिएको छ। अब पुस्तकहरू केवल र्याकमा मात्र थन्किने होइनन्, कम्प्युटर, मोबाइल र इन्टरनेटको सहायताबाट हेर्न पनि पाइन्छन्। यो खुसी को कुरा हो तर के हाम्रो पुवर्जहरुले जसरी संरक्षण गरि भावी पुस्तासम्म हस्तान्तरण गरिएको भौतिक किताब कतै त्यो डिजिटल युगसँगै लोप हुने त होइन? नेपालको पुस्तकालय इतिहास मौन छ तर त्यो मौनता कमजोरी होइन, गहिरो समर्पणको चिनो हो। आज जब नयाँ पुस्ता उठ्दै छ, त्यो मौनताले अब बोली फेर्न लागेको छ किताबहरू पढेर, बाँडेर, अनि ज्ञानलाई सम्पदा बनाएर।

पुस्तकालयहरूको यात्रा भन्नु हाम्रो आफ्नै जीवनको कथा जस्तै हो। समयसँगै बदलिंदै, सिक्दै र आकार लिंदै आएको कथा। कहिलेकाहीँ माटाको चक्कीमा कुँदिएका अक्षरहरू, कहिलेकाहीँ हातैले कोरिएका पाण्डुलिपि, अनि आज आएर स्क्रिनमा झल्किने डिजिटल किताबहरू रूप जेसुकै होस्, उद्देश्य एउटै रहिरहनेछ : ज्ञानलाई संकलन गर्ने, जोगाउने, अनि सबैसँग बाँड्ने।

पुस्तकालय कुनै सादा भवन होइन।
यो त हाम्रा सामूहिक सम्झनाहरूको थलो हो,
हाम्रो जिज्ञासाको घर हो,
र ज्ञानप्रतिको प्रेमले बनेको एउटा अमूल्य दर्पण हो।

# रत्न राज्यलक्ष्मी क्याम्पस पुस्तकालयमा विद्यार्थी जीवनको अनुभव



**करिष्मा टण्डन***

त्रिभुवन विश्वविद्यालय अन्तर्गत आङ्गिक क्याम्पसको रुपमा सञ्चालित काठमाडौंको मुटुमा रहेको रत्न राज्यलक्ष्मी क्याम्पसको स्थापना वि सं २०१२ मा भएको हो। रत्न राज्यलक्ष्मी क्याम्पस त्रिभुवन विश्वविद्यालय अन्तर्गतको एक प्रतिष्ठित शिक्षण संस्था हो जसले नेपाली समाजमा शैक्षिक चेतना फैलाउने कार्यमा योगदान गरेको छ। काठमाडौं कै केन्द्रमा रहँदै आएको यो पुस्तकालयले शैक्षिक तथा बौद्धिक विकासमा महत्वपुर्ण भूमिका निर्वाह गर्दै आएको छ। रत्न राज्यलक्ष्मी क्याम्पसले नेपाली साहित्य, मानविकी समाजशास्त्र राजनीति विज्ञान, मनोविज्ञान, जनसंख्या अध्ययन, इतिहास, पत्रकारिता, सामाजिक कार्य, भूगोल आदि विषयमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। त्यस्ता विविध विषयहरुमा अध्ययन गर्न विद्यार्थीहरुलाई आवश्यक पर्ने शैक्षिक स्रोतहरुको अभाव नहोस भन्ने उद्देश्यले यो क्याम्पसको पुस्तकालय स्थापना गरिएको हो।

यो पुस्तकालयमा आरम्भमा केही सङ्ख्यामा मात्र पुस्तकहरु थिए तर समयसँगै सङ्ग्रह विस्तार हुँदै अहिले करिब १८,००० पाठ्यपुस्तक तथा २,००० भन्दा बढी सन्दर्भ पुस्तकहरु र करिब १७२० वटा अनुसन्धान प्रतिवेदन समेटिएको पुस्तकालयमा उत्कृष्ट शैक्षिक सामग्रीहरु उपलब्ध छन्। प्राय शैक्षिक संस्थाहरुमा पुस्तकालयलाई शाखाको रुपमा हेर्ने गरिन्छ। पुस्तकालयले शैक्षिक संस्थाको प्राज्ञिक गतिविधिलाई सहयोग गर्दै विद्यार्थी शिक्षक र कार्यरत सबैमा पठन संस्कृतिको विकास पठनपाठन गतिविधिमा सहयोग र सहि सूचनाका स्रोतबाट उचित तवरले सूचना प्राप्त गर्ने कलाको रुपमा विकास गर्नुपर्दछ। २१औं शताब्दीको सूचना प्रविधिको अवसरलाई पुस्तकालय विज्ञानसँग जोडेर प्रत्यक शैक्षिक संस्थाको पुस्तकालयले एउटा सक्षम सूचना साक्षर नागरिक उत्पादनमा सहयोगी भूमिका खेल्नुपर्छ।

देशको आर्थिक, सामाजिक, साँस्कृतिक र मावन विकासका लागि शिक्षा नै पहिलो प्राथमिकतामा पर्दछ। सूचना र पुस्तकालय सेवा दिने हाम्रा शैक्षिक संस्थाका पुस्तकालयहरुले आफ्ना पाठकहरुलाई समय सुहाउँदो सहि सूचना उचित समय र शैलीमा प्रदान गर्नु नै आजको आवश्यकता भएको छ। पुस्तकालय भनेको ज्ञानको भण्डार हो जसले हरेक मानिसलाई अगाडि बढ्न प्रेरणा दिन्छ। त्यसमध्ये रत्न राज्यलक्ष्मी क्याम्पस पनि एक हो जहाँ मैले आफ्नो जीवनका चार वर्ष अध्ययन गर्ने अवसर प्राप्त गरेँ।

रत्न राज्यलक्ष्मी क्याम्पसको पुस्तकालयमा विभिन्न शैक्षिकसामग्री रहेका छन्। विभिन्न विषयका पुस्तकहरु, अनुसन्धानपत्रहरू, जर्नलहरु तथा सन्दर्भ सामग्रीहरु उचित मात्रामा उपलब्ध छन्। नेपाली र अंग्रेजी दुवै भाषामा पुस्तकहरु पाइने भएकोले यो बहुभाषिक तथा बहुविषयगत अध्ययनका लागि उपयुक्त छ। हाल पुस्तकालयले डिजिटल सुविधा पनि विस्तार गरिरहेको छ जसअनुसार विद्यार्थीहरुले इ-बुक, अनलाईन जर्नल तथा डाटाबेसहरुमा पहुँच पाउन थालेका छन्। पुस्तकालयमा शान्त र अनुशासित वातावरण रहेको छ। पुस्तकालयमा पत्रपत्रिका अध्ययन कक्ष पनि रहेको छ। पुस्तकालयका कर्मचारीहरु सहयोगी हुनुहुन्छ जसबाट पुस्तकालय प्रयोग गर्न सहजीकरण हुने गर्दछ।

आजको युगमा विद्यार्थीहरु पनि प्रविधिमैत्री भइसकेका छन्। विद्यार्थीहरुको सेवा सुविधा पनि प्रविधिमैत्री नै हुनुपर्दछ। त्यसको ज्वलन्त उदाहरण अहिलेको फेसबुक युट्युब लगायतका सामाजिक सञ्जालको प्रयोग हो। यस्ता सामाजिक सञ्जालमा प्रयोगकर्ताहरु दिनमा २ गुणा रातमा ४ गुणाले बढ्नुको मुख्य कारण आजका प्रयोगकर्तालाई आवश्यक तथा रूचीअनुसारको भएकोले हो। आफ्ना सेवासुविधा छोडेर यतातिर लाग्नुपर्छ भनेको होइन तर विद्यार्थीहरुलाई उनीहरुको आवश्यकता अनुसार उचित माध्यमबाट सेवा प्रदान गर्नुपर्छ भन्ने हो। पुस्तकालयले

** सदस्य, नेपाल पुस्तकालय संघ*

आफ्नो सेवालाई विद्युतीय पुस्तकालय मार्फत विद्यार्थीहरुको माग र आवश्यकता अनुसार सेवा दिनु शैक्षिक संस्थाको प्रमुख दायित्व हो। आगामी दिनमा पुस्तकालयको डिजिटल पहुँचलाई थप विस्तार गर्न सक्नुपर्दछ। नयाँ तथा सम्बन्धित विषयका बढी भन्दा बढी पाठ्यसामग्रीहरु राखेर सुविधा प्रदान गरी विद्यार्थीहरुलाई विश्वबजारमा प्रतिस्पर्धा गर्ने बनाउनु पर्दछ।

रत्न राज्यलक्ष्मी क्याम्पसको पुस्तकालयमा मैले प्राप्त गरेको अनुभव अत्यन्तै सकारात्मक, प्रेरणादायी र उपयोगी रह्यो । मेरो विद्यार्थी जीवनमा म यो पुस्तकालयको नियमित प्रयोगकर्ता भएको नाताले मलाई मेरो अध्ययनमा थप निखार ल्याउन सहयोग गर्यो। प्रथम वर्षदेखि अन्तिम वर्षसम्म आउँदा झन्डै एक चौथाई विद्यार्थी पढाइ छोडी विदेश गएका थिए । यी कुरामा क्याम्पसका सरोकार राख्नेले विचार गर्नुपर्ने देखिन्छ। रत्न राज्यलक्ष्मी क्याम्पसको पुस्तकालय शैक्षिक दृष्टिकोणले निकै उपयोगी र प्रभावकारी छ । अझ राम्रो बनाउनका लागि विद्यार्थीको दृष्टिकोणबाट मैले अनुभव गरेका सुधारका विषय देहाय अनुसार रहेका छन्

- पाठ्यसामग्रीहरुको थप व्यवस्था गर्नुपर्ने,
- डिजिटल पुस्तकालयको व्यवस्था,
- अध्ययन कक्ष थप हुनुपर्ने,
- पुस्तक लेनदेनमा सुधार,
- इन्टरनेटको सुविधा,
- साप्ताहिक रुपमा सेमिनार
- थप कर्मचारीको व्यवस्था र
- बिद्यार्थीलाई अभिमुखीकरणको आवश्यकता।

मेरा लागि रत्न राज्यलक्ष्मी क्याम्पसको पुस्तकालय केवल अध्ययन गर्ने ठाउँमात्र नभएर ज्ञान प्राप्ति, आत्म अनुशासन र आत्मविकासको पाठशाला पनि हो। यो अनुभवले मेरो जीवनमा गहिरो प्रभाव पारेको छ। जुन म सधैँ सम्झिरहनेछु। यस पुस्तकालयले हजारौं विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्ताहरुको अध्ययनलाई जीवन्त बनाइरहेको छ। विद्यार्थी शिक्षक तथा व्यवस्थापन पक्षको सहकार्यबाट पुस्तकालयलाई समयमैत्री बनाउन अति आवश्यक छ। यस पुस्तकालयमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि पुस्तकालय महासागर हो । पुस्तकालयलाई प्रविधिमैत्री तथा सबैमा पहुँचयोग्य बनाउन सकिएमा नेपालको शिक्षाको जगलाई अझ सुदृढ पार्न सकिनेछ।

# त्रिभुवन विश्वविद्यालय पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वीनारायण क्याम्पस पोखराको परिचय, सेवा / भावी योजना



**किशोर सुवेदी***

## परिचय

सामान्यतया पुस्तकालयलाई विभिन्न प्रकारका सूचना तथा ज्ञानवर्धक सामग्रीहरूको सङ्ग्रहालयको रूपमा lng सकिन्छ । जहाँ अध्ययन-अध्यापन, पठनपाठन, अनुसन्धान तथा परामर्श आदिका लागि लिखित वा अलिखित हार्ड तथा सफ्ट फर्ममा संरक्षित पाठ्यसामाग्रीहरू संकलित हुने गर्दछन् । साथै यसमा विभिन्न विद्वान, साहित्यकार, लेखक, दार्शनिक, अनुसन्धानकर्ता आदिका सोच, विचार, कृति, निचोड आदिको सङ्कलन, संरक्षण, व्यवस्थापन तथा वितरण आदि गर्ने गरिन्छ । जसलाई पुस्तकालयको सङ्कलन, प्रयोगकर्ता तथा व्यवस्थापनको त्रिवेणी पनि मान्न सकिन्छ ।

पुस्तकालयले विगतको अनुभव तथा उपलब्धिलाई सङ्कलन, संरक्षण र व्यवस्थापन गरी वर्तमानको माग वा आवश्यकता अनुसार उक्त सामग्रीहरूको बिना भेदभाव प्रयोगका लागि उपलब्ध गराउने गर्दछ । यसले समाजमा रहेका शिक्षा, सूचना, सिर्जनशीलता तथा संस्कृतिको संरक्षण र संबोधन गरी आम पाठक सामु अध्ययनको वातावरण सिर्जना गर्दछ । जसले व्यक्तिमा पढ्ने बानीको विकास गरी सिर्जनशील बनाउँछ साथै उनीहरूको शैक्षिक स्तर, चेतना वा साक्षरताको स्तर बृद्धि गरी व्यक्ति, घर, परिवार, समाज हुँदै सिङ्गो राष्ट्रको शैक्षिक स्तर बृद्धिमा टेवा पुऱ्याई देश विकासको मुख्य आधार बन्ने गर्दछ ।

प्राचीन समयमा पु:तकालयलाई केवल पुस्तकहरूको वा पाठ्यसामाग्रीहरूको सङ्ग्रहालयको रूपमा मात्र लिइन्थ्यो । यसको उद्देश्य केवल दुर्लभ पाठ्यपुस्तक वा पाठ्यसामग्रीहरूको सङ्कलन र संरक्षण गर्ने रहेको पाइन्छ भने वर्तमान समयमा यसको उद्देश्य भनेको पाठकहरूको माग अनुसारको सेवा प्रदान गर्नु र उनीहरूलाई ज्ञानको खुराक उपलब्ध गराउनु भन्ने रहेको पाइन्छ ।अथवा हाल सङ्कलनलाई मात्र भन्दा पनि यसको प्रयोगमा बढी जोड दिइको पाइन्छ । यस कारण उद्देश्यहरू पनि परिमार्जन भइरहेका र पाठकमैत्री बन्दै गएको पाइन्छ ।

कुनै पनि राष्ट्र वा समाजमा फरक-फरक विचारधारा र सोच भएका व्यक्तिहरू रहेका हुन्छन् । तसर्थ उनीहरूको माग वा आवश्यकता पनि फरकफरक रहन सक्दछ । यही कुरालाई मध्यनजर गर्दै सबै प्रकारका पाठकका रुचि, माग र आवश्यकता आदिलाई सम्बोधन गर्न फरकफरक विशेषता भएका वा प्रकृतिका पुस्तकालयहरू फरक-फरक उद्देश्यका साथ स्थापना भएको पाइन्छ । जस्तो कि आफ्नो देशको बारेमा स्वदेश तथा विदेशबाट प्रकाशित सामाग्रीहरूको सङ्कलन र संरक्षण गरी उक्त सामाग्री पाठकमाझ पुऱ्याउने हेतुले स्थापना भएको राष्ट्रिय पुस्तकालय, कुनै विषय विशेषका पाठकहरूलाई मात्र सम्बोधन गर्ने उद्देश्यले स्थापित भएको विशेष पुस्तकालय, कुनै व्यक्ति विशेषले स्थापन गरेको नीजि पुस्तकालय, सिङ्गो समाजका विभिन्न उमेर समूह वा विविध प्रकारका पाठकहरूको dfगलाई सम्बोधन गर्न स्थापित सार्वजनिक पुस्तकालय, शैक्षिक संस्थाको उद्देश्य प्राप्त गर्न सजहताको लागि उक्त संस्थाले औपचारिक शिक्षाको लागि स्थापना गरेका शैक्षिक पुस्तकालय आदि रहेका छन् । शैक्षिक पुस्तकालयलाई पनि विभिन्न तहगत आधारमा स्कुल पुस्तकालय, कलेज पुस्तकालय आदि तरिकाबाट पनि स्थापना गरेको पाइन्छ ।

त्रि.वि. पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पनि शैक्षिक पुस्तकालय अन्तर्गत पर्ने क्याम्पस पुस्तकालय हो । वि.सं. २०१७ सालको भदौ १७ गते देखि श्री ५ रत्नराज्यलक्ष्मी कन्या स्कुल नदीपुरमा १३ जना विद्यार्थी र २ जना शिक्षकबाट उक्त स्कुलको एउटा कोठामार्फत विधिगत रूपमा अध्ययन-अध्यापनको सुरुवात गरेको (क्षेत्री, २०६७) पृथ्वीनारायण क्याम्पसको इतिहासमा उल्लेख पाइन्छ । पछि वि.सं. २०१८ सालमा पराजुली परिवार मार्फत अनुदानमा पृथ्वीनारायण क्याम्पसको लागि भीमकालीपाटनमा जग्गा प्राप्त भयो । पछि यही जग्गामा बाँस र

* *पुस्तकालय प्रमुख, पृथ्वीनारायण क्याम्पस, पोखरा*

खरका झुप्रो कटेरा निर्माण गरी वि.सं. २०१९ वैशाख ३ गतेदेखि नदीपुरबाट भीमकालीपाटन पोखरामा सरेर आफ्नै झुप्रो मार्फत अध्ययन-अध्यापन कार्य अगाडि बढाउँदै आइरहेको छ। २०१९ जेठ महिनामा पुस्तकहरूको सङ्कलन गरी कार्यालय कोठाको एउटा साधारण दराजबाट यस पुस्तकालयको स्थापन भएको पाइन्छ। (क्षेत्री, २०५७)

वि.सं. २०१२ सालमा कला भवनको निर्माण पश्चात् एउटा कोठा पुस्तकालयलाई छुट्याइएको, २०२३ सालमा क्याम्पस परिसरमा एक सङ्ग्रहालयको स्थापना भएको र पछि कला भवनमा रहेको पुस्तकालय सोही सङ्ग्रहालयको हाताभित्र स्थानान्तरण गरिएको (सुवेदी, २०६९) वि.सं. २०२३ सालमा पृथ्वीनारायण क्याम्पस त्रि.वि. को आङ्गिक क्याम्पसको रूपमा आवद्ध भए पश्चात वि.सं. २०३३ सालमा त्रि.वि. को क्षेत्रीय पुस्तकालयको अवधारणा अन्तर्गत यस क्याम्पसको पुस्तकालयलाई पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयमा रुपान्तरण गरियो । जसका कारण यस पुस्तकालयको सङ्कलन, सेवा र प्रयोगमा विस्तार भयो। फलत: उक्त सङ्ग्रहालयमा रहेको पुस्तकालयलाई पर्याप्त मात्रामा स्थान अभावको महसुस भयो र २०४० सालमा पुस्तकालयको छुट्टै भवन निर्माण कार्य सुरु भई २०४१ सालमा हाल रहेको दुई तले पुस्तकालय भवनमा स्थानान्तरण भयो हालसम्म सोही आफ्नै भवनबाट यसको सेवा प्रदान गर्दै आइरहेको छ (सुवेदी, २०६९)।

यसरी विभिन्न आरोह-अवरोह पश्चात स्थापित पुस्तकालयमा हाल करिब १,२०,००० पाठ्यपुस्तक/करिब ६००० सोधपत्रका साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय पत्रपत्रिका जर्नलहरू अनुसन्धानमूलक लेख र रचनाहरू सङ्कलन गरी १५ जना कर्मचारीहरू मार्फत आफ्नो सेवा सुविधा प्रदान गर्दै आइरहेको छ।

**यसका सेवाहरू**

१. **पुस्तक लेनदेन सेवा**

यस पुस्तकालयले आफ्ना सदस्यहरूका लागि पुस्तक घरमा लगेर पढ्न सक्ने व्यवस्था मिलाएको छ । यसका सदस्यहरूमा पृथ्वीनारायण क्याम्पसका प्राध्यापक, विद्यार्थी र कर्मचारीहरू रहने प्रावधान छ। पुस्तकालयको नियमानुसार यसका सदस्यले यस सेवाको भरपुर प्रयोग गर्न सक्नेछन्। पुस्तकालयको मूल गेटको सीधा अगाडि रहेको सर्कुलेशन शाखामार्फत यस सेवा प्रवाह हुने गर्दछ।

२. **फोटोकपी सेवा**

मूल गेटबाट भित्रछिर्दा देब्रेपट्टि रहेको यस शाखाले फोटोकपी, प्रिन्ट र त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयमार्फत विभिन्न तह र विषयका टान्सक्रिप्टहरू निर्धारित दस्तुर लिएर उपलब्ध गराई सेवा प्रदान गर्दै आइरहेको छ।

३. **राष्ट्रिय श्रव्य पुस्तकालय**

आँखा नदेख्ने वा कम देख्ने साथै पुस्तक पढ्न नसक्ने (Visually Impaired) पाठकहरूका लागि यस पुस्तकालयले अडियो फरम्याटमा पुस्तक रेकर्ड र इडिट गरी पाठकलाई सुनेर पढ्न मिल्ने खालको MP3/MP4 लगायत अन्य उपयोगी फरम्याटमा पाठ्यसामाग्रीको उत्पादन गरी देशैभरी आवश्यक परेमा ढुवानीको निर्धारित शुल्क लिई उपलब्ध गराउने गर्दछ। यसमा ब्रेल लिपिका पुस्तकहरू पनि उपलब्ध रहेको छन्, जहाँ १-१ जना रेकर्डर र इडिटर कर्मचारी कार्यरत छन्।

वि.सं. २०६१ साल जेठ २२ गते तत्कालीन क्याम्पस प्रमुख प्रा.डा. दिलबहादुर क्षेत्रीको पहल र कास्की नेत्रहीन सङ्घको व्यवस्थापनमा यस पुस्तकालयको स्थापना भएको पाइन्छ।

४. **पत्रपत्रिका अध्ययन कक्ष**

पुस्तकालयको तल्लो तलामा रहेको यस कक्षमा विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरू अध्ययन गर्न सकिन्छ।

५. **अध्ययन कक्ष**

पाठकले आफ्नो पुस्तक पुस्तकालयमा लगेर पढ्न मिल्ने व्यवस्था पनि यस पुस्तकालयले मिलाएको छ। यसका लागि फोटोकपी शाखाभन्दा अगाडिको स्थान निर्धारण गरिएको छ, भने आफ्नै नोट तथा पत्रपत्रिका अध्ययन, छलफल गरी पढ्नको लागि पत्रपत्रिका अध्ययन कक्षासँगै जोडिएको भाग निर्धारण गरिएको छ।

६. **सन्दर्भ शाखा**

पुस्तकालयको माथिल्लो तलामा रहेको यस शाखामा जो कोही वा सबैजना आफ्नो आधिकारिक परिचय पत्रको आधारमा यस सेवाको उपयोग गर्न सक्दछन् । यस शाखामा Nepali Section, Thesis Section,

Textbook Section, Reference Section आदि रहेका छन् र पाठकले यी सबैको प्रयोग निर्वाध रूपमा गर्न पाउँछन् ।

### ७. ई-रिसोर्सेस सेवा

यस पुस्तकालयले खरिद गरेका तथा नि:शुल्क रूपमा उपलब्ध हुने र शैक्षिक क्रियाकलपको लागि उपयोगी हुने **ई-रिसोर्सेस**हरू नि:शुल्क रूपमा प्रयोग गर्न सकिने व्यवस्था मिलाएको छ ।

### ८. नि:शुल्क इन्टरनेट

पाठकहरूको अध्ययनअध्यापनको लागि टेवा पुगोस् भन्ने हेतुले पुस्तकालयले आफ्नो परिसरभरी इन्टरनेट सेवा नि:शुल्क उपलब्ध गरेको छ । जसको माध्यमबाट यस पुस्तकालयका ई-रिसोर्सेस पनि प्रयोग गर्न सकिन्छ ।

### ९. कम्प्युटर ल्याव

आफ्नो ल्यापटप वा अन्य डिभाइस नहुने पाठकहरूको लागि पुस्तकालय भवनको माथिल्लो तलामा एक कम्प्युटर ल्यावको व्यवस्था गरिएको छ । जहाँबाट पाठकले इन्टरनेटका माध्यमबाट ई-रिसोर्सेसको प्रयोग गर्न सक्नेछन् ।

### १०. अनलाइन क्याटलग

यस पुस्तकालयमा केकस्ता पुस्तकहरू तथा सोधपत्रहरू रहेका छन् भनी हेर्नको लागि  अनलाइन क्याटलगको व्यवस्था मिलाइएको छ । यसका लागि http://pncampus.elibrary.edu.np आवश्यक किवोर्ड टाइप गरी सर्च गर्न सकिने छ । यसमा केही पुस्तकहरू र शोधपत्रहरु सबैको रेकर्ड पाउन सकिन्छ ।

### ११. ISBN/ISSN को लागि सहजीकरण

त्रि.वि. केन्द्रीय पुस्तकालयबाट प्रदान गरिने ISBN (International Standard Book Number) र नेपाल राष्ट्रिय पुस्तकालयले प्रदान गर्ने ISSN (International Standard Serial Number) प्राप्तिको लागि आवश्यक सहजीकरण गर्ने गरिन्छ ।

### १२. ई-रिसोर्सेस प्रयोगको अभिमुखीकरण

यस पुस्तकालय स्वयम् आफैले तथा केन्द्रीय पुस्तकालयले खरिद गरेका ई-रिसोर्सेसहरू कसरी प्रयोग गर्न सकिन्छ भनेर आवश्यक अभिमुखीकरण पनि दिने गरिन्छ ।

### १३. प्राविधिक सहयोग

यस क्याम्पसमा स्थापित विभिन्न विभागीय पुस्तकालय तथा पोखरा र यस क्षेत्र वरपरका पुस्तकालयहरूको लागि आवश्यक परेमा र सोको माग भएमा आपसी समझदारीमा यस्तो सेवा उपलब्ध गराउने गरिन्छ ।

## भावी योजना

भावी योजना अनुसार निकट भविष्यमा नै यस पुस्तकालयमा उपलब्ध शोधपत्र हरूको अनलाइनमार्फत सफ्टकपी डाउनलोड गर्न मिल्ने र नेपाल सरकाले निर्धारण गरेको प्रतिलिपि नलाग्ने गरी प्रयोग गर्न सकिने गरी यसको व्यवस्थापन गर्न लागिएको छ । यसका अतिरिक्त अडियो पुस्तक, क्लास नोट विभिन्न तह र विषयका पाठ्यक्रम र उपलब्ध पुस्तकहरू पिडिएफ ढाँचाका पनि क्रमैसँग उपलब्ध गराउँदै जाने र डिजिटल पाठ्यसामाग्रीहरूको अनलाइनमार्फत प्रयोग गर्न मिल्ने गरी डिस्पेस सफ्टवेयरमार्फत डिजिटल पुस्तकालय बनाई पुस्तकालय सेवालाई सातै दिन चौवीसै घण्टा (७/२४) मा विस्तार गरी भविष्यको आवश्यकता अनुसारका पाठ्यसामग्री यसमा राख्दै क्याम्पसको योजना अनुसार यस पुस्तकालयलाई यस क्षेत्रकै अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने रहेको छ । यसका साथै पुस्तकालयमा Power Backup को व्यवस्था मिलाउने, पुस्तकालयको भुईतल्ला र पहिलो तल्लामा पाठकहरुलाई आधुनिक तरिकाको थप सेवा सुविधायुक्त अध्ययन कक्ष निर्माण गर्ने, पाठकहरूबीच पुस्तक परिचर्चा कार्यक्रम सञ्चालन र सो को लागि उपयुक्त स्थान (Space) को व्यवस्था मिलाउने र लोक सेवा तयारी गर्ने पाठकहरुको लागि छुट्टै अध्ययन कक्षको व्यवस्था मिलाउने, आदि ।

## निष्कर्ष

अहिलेको युग सूचनाको युग हो । आवश्यक सूचनाविना मानव जीवन अर्थहीन रहने कुरामा कुनै शङ्का नहोला । पुस्तकालयले विभिन्न डाटा तथा सूचनाहरूको सङ्कलन, व्यवस्थापन र आवश्यकता अनुसार सम्प्रेषण (Collection, Management and Dissemination of Data and Information) गर्ने कार्य गर्दछ । तसर्थ यसलाई हाल आएर सूचना केन्द्र वा डाटा वैंक पनि भन्ने गरिन्छ । देश विकास मापनको एउटा तत्त्वको रूपमा उक्त देशले गर्न सक्ने सूचनाको पहुँच र त्यसको प्रयोगलाई पनि वर्तमान समयमा मान्ने गरिन्छ । तसर्थ पुस्तकालयको महत्त्व दिन

प्रतिदिन बढ्दै गएको पाइन्छ । यस पुस्तकालयले पनि यही मर्मअनुसार आफूलाई परिवर्तन गर्दै आफ्ना सेवाहरू विस्तार गर्दै एक सूचना केन्द्र वा हवको रूपमा विकास गर्ने योजना मुताविक आफूलाई क्रमशः अगाडि सार्दै आइरहेको छ।

अन्त्यमा, जसरी कुनै जीवित शरीर वा प्राणीमा रक्त सञ्चारको महत्त्व रहन्छ, त्यसैगरी व्यक्ति, समाज, राष्ट्रको उन्नति, प्रगति, समृद्धि र विकासका लागि पुस्तकालयको महत्त्व रहन्छ भनी बुझ्न सकिन्छ । यही कुराको मर्म बुझेर नै नेपाल सरकारले पनि 'नेपालको संविधान, २०७२' मा प्रत्येक स्थानीय स्तरमा एक सार्वजनिक पुस्तकालयको स्थापना अनिवार्य रूपमा स्थापना गर्ने व्यवस्था राखेको पाइन्छ।

**सन्दर्भ सामाग्रीः**

सुवेदी, किशोर (२०६९), पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयको वर्तमान अवस्था, *स्मारिका*, कर्मचारीसंघ, पृथ्वीनारायण क्याम्पस पोखरा।

क्षेत्री, सूर्य (२०५७), पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय: एक चिनारी, *माछापुच्छ्रे*, पृ.ना.क्या., पोखरा।

क्षेत्री, सूर्य (२०६७), पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय: विगतदेखि वर्तमानसम्म, *स्वर्णजयन्ती स्मारिका*, पृ.ना.क्या., पोखरा।

*रजत जयन्ती स्मारिका* (२०४२): पृथ्वीनारायण क्याम्पस, पोखरा।

अधिकारी, इन्द्रप्रसाद (२०६५), *पुस्तकालय तथा स्रोत केन्द्र*, LIMISEC काठमाडौँ।

नेपालको संविधान (२०७२), नेपाल सरकार।

# गोरक्ष रत्ननाथ पुस्तकालय : एक चिनारी



इन्दिरा दली*

## भूमिका

गत साल २०८१ मङ्सिर ७-८ गते दुइ दिन नेपाल बालसाहित्य समाजले दाङ्गको घोराहीमा त्यहाँका विभिन्न सङ्घसंस्थाहरूसँग मिलेर २९ सौं राष्ट्रिय बाल साहित्य सम्मेलन भव्यताका साथ आयोजना गरेको थियो । त्यस सम्मेलनमा दाङ्ग बाहिरकाको पनि धेरैजसो सहभागिता रहेको थियो । काठमाडौंबाट हामी एउटा ठुलै बसमा गएका थियौं । सम्मेलनमा के कस्तो भयो भन्ने विषय एउटा छुट्टै पाटोको विषय हो । त्यस अवसरमा आयोजकहरूले दाङ्गका विभिन्न पर्यटकीय, धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्थान, मठमन्दिर, स्मारक, पुस्तकालय, दह आदिको अवलोकन भ्रमणको व्यवस्था मिलाउनु भएको थियो । तीमध्ये हामी गएका स्थान र मठमन्दिर, पुस्तकालय आदि निम्न छन् :

१. अम्बिकेश्वरी मन्दिर (माइको थान : एक शक्तिपीठ), घोराही
२. रत्ननाथ (गोरखनाथ) मन्दिर, घोराही
३. गोरक्ष रत्ननाथ पुस्तकालय, घोराही
४. विश्वको सबभन्दा अग्लो त्रिशूल, घोराही
५. धर्मपानी मन्दिर, घोराही
६. बाह्रकुने दह (बाराहक्षेत्र), घोराही
७. नेपाल संस्कृत विश्वविद्यालय, तुलसीपुर आदि ।

सूचना / ज्ञान, मनोरञ्जन, अध्ययन र अनुसन्धानको दृष्टिले माथि उल्लेखित सबै एक से एक छन्, सबैको आआफ्नो विशेषता, महत्त्व र प्रभाव छ । तर म एक पुस्तकालयसेवी भएकीले मेरो ध्यान बढी गोरक्ष रत्ननाथ पुस्तकालयमा केन्द्रित रहन गयो । त्यसैले म उक्त पुस्तकालयका बारेमा हामी सहभागीहरूलाई पुस्तकालयाध्यक्षले वर्णन गर्नुभएका, आफुले सुनेका, देखेका र पढेका जानकारीका आधारमा यहाँ केही चर्चा गर्ने प्रयास गर्दैछु ।

## पुस्तकालयको परिचय

गोरक्ष रत्ननाथ पुस्तकालय वि.सं. २०२३ सालको वैशाख महिनामा नेपालका महान् इतिहासकार, लेखक तथा गोरखनाथको नाथ परम्पराका अनुयायी एवम् राष्ट्रगुरू नरहरिनाथको अगुवाइमा घोराही उपमहानगरपालिका वडा नं. १८ रत्नपुर चौघेरा दाङ्गस्थित गोरक्ष पात्र देवता सिद्ध रत्ननाथ मठभित्र स्थापना भएको थियो । पुस्तकालय स्थापना गर्नुको मुख्य उद्देश्य योगी नरहरिनाथले विभिन्न विषय, जस्तै : इतिहास, पुरातत्त्व, योग, आयुर्वेद, भाषा, साहित्य आदिमा विभिन्न स्थानबाट विभिन्न समयमा प्राप्त गर्नुभएको ज्ञानलाई अभिलेखीकरण गरेर व्यापक रूपमा सम्प्रेषण गर्नु थियो । ज्ञान भन्ने कुरा केवल थुपारेर राख्नुको खासमा कुनै औचित्य रहँदैन । यसलाई त जति सक्यो त्यति प्रचारप्रसार गरेर प्रयोग गर्नु, गराउनुपर्छ । अनि मात्र नयाँ नयाँ ज्ञानविज्ञानको वृद्धि र विकास हुँदै जान्छ र समाजको पनि विकासमा सहयोग मिल्छ । यही कुरालाई मनन गर्दै योगी नरहरिनाथले यस्तै पुस्तकालय सिद्धाचल गोरक्षपीठ मृगस्थली काठमाडौं गोरक्षनाथ मन्दिरमा पनि स्थापना गर्नुभएको छ । उहाँको सहयोगी चित्रकार योगी प्रभातनाथ योगीले यो पुस्तकालय र नरहरिनाथले सम्पादन गर्नुभएका ग्रन्थहरूमा आवश्यक चित्रहरू बनाएर ठुलो योगदान दिनुभएको छ ।

यस गोरक्ष रत्ननाथ पुस्तकालयका लाइब्रेरियन शङ्कर योगीका अनुसार योगी नरहरिनाथ जीवित रहुन्जेलसम्म त यो पुस्तकालय राम्ररी नै सञ्चालन भइआएको थियो । तर उहाँको देहावसानपछि भने विभिन्न कारणवश पुस्तकालय अस्तव्यस्त भई जीर्ण अवस्थामा पुगिसकेको थियो । सौभाग्यवश गोरक्ष पात्र देवता सिद्ध रत्ननाथको आशीर्वाद पाएर यो पुस्तकालय वि.सं. २०७६ देखि पुनः सञ्चालनमा आउन सफल भएको छ । यो जीर्ण अवस्थामा पुगेको पुस्तकालयको मर्मत सम्भार गर्नका लागि गोरक्ष देवता रत्ननाथ मठले रू. दसलाख भन्दा बढी लगानी गरेको पाइन्छ ।

## भौतिक पूर्वाधार

यो पुस्तकालय गोरक्ष पात्र देवता सिद्ध रत्ननाथ मठको पहिलो तलामा अवस्थित छ । बाहिरबाट भऱ्याङ चढेर जाने बित्तिकै एउटा सानो बरन्डामा यस पुस्तकालयको बोर्ड राखिएको छ ।

त्यहाँबाट भित्र छिरेपछि २ वटा ससाना कोठाहरूमा पुस्तकालय छ । कोठाको चारैतिर बुक ऱ्याकहरू / दराजहरू छन् । त्यहाँ पुस्तक तथा अन्य ज्ञानसामग्रीहरू चाङ्का चाङ् पारेर राखिएको

देखिन्छ। बसेर पढ्नका लागि ससाना कपडाका कुसनहरू छेउ छेउमा ओछ्याइएको छ। त्यसैगरी ससाना होचा टेबुलहरू किताब राखेर पढेनका लागि कुसनसँगसँगै राखिएको छ। उज्यालाका लागि एकातिर मात्र एउटा सानो झ्याल छ।

### सङ्कलन

जहाँसम्म यस पुस्तकालयको कुल संकलनको कुरा छ अरूको त के कुरा यहाँको हेरचाह गर्ने शङ्कर योगीले समेत विविध कारणवश यकिनका साथ यति नै थान पुस्तक/ज्ञान सामग्रीहरू छन् भन्न सक्नु हुन्न। हचुवाको भरमा भन्नुपर्दा हरेकको आआफ्नै अनुमान हुन सक्छ। तैपनि २ वटा कोठाहरूमा रहेका पुस्तकहरू झट्ट हेर्दा करिब २५०० देखि ३००० थानसम्मका पुस्तकहरू छन् कि भनेर अन्दाज गर्न सकिन्छ।

यहाँको सङ्कलन भित्र क-कसले लेखेका के कति विषयका पुस्तकहरू छन् भन्दा शङ्कर योगीका अनुसार विभिन्न व्यक्तिहरूले खासगरी योगी नरहरिनाथले नै लेखेका विभिन्न विषयका पुस्तकहरू धेरै छन्।

यहाँ नेपालको भूगोल, राजनीति, धर्म आदि विषयको इतिहास बारेका ग्रन्थहरू धेरै छन्। विशेष गरी गोरक्षनाथ परम्पराका मूल ग्रन्थहरू यहाँ पाइन्छ। नेपालको अन्य भागमा र भारतमा पनि पाउन नसकिने नाथ, योग आदिका ग्रन्थहरू यहाँ उपलब्ध छन्। योगी नरहरिनाथले विभिन्न विषयहरू जस्तै : दर्शन, धर्म, हिन्दुधर्म, वेद, इतिहास, वंशावली, पुरातत्त्व, योग आदि बारे ५७२ वटा पुस्तकहरू (जसमध्ये १७६ वटा उपनिषद्हरू, जुन अप्रकाशित छन् र ११४ वटा अन्य पुस्तकहरू गोरक्ष ग्रन्थमालामा प्रकाशित भएका छन्) मध्ये धेरै पुस्तकहरू यहाँ उपलब्ध छन्।

शंकर योगीका अनुसार गोरक्षनाथ परम्पराका ग्रन्थहरू उपयोगी र महत्त्वपूर्ण भए पनि नेपालमा यी ग्रन्थहरूको अध्ययन र अध्यापनको परिपाटी नै बसेको छैन। धेरैलाई गोरक्षनाथ तथा नेपालमा यसको देन बारे जानकारी नै छैन। त्यसैले यसबारे योगी नरहरिनाथद्वारा लेखिएका सिद्ध सिद्धान्त पद्धति, गोरक्ष पद्धति नाथ पद्धति, योग विज, योग सारावली, हुठयोग, प्रदीपिका, गोरक्ष संहिता, स्वात्म योग प्रदीप, नाथ सिद्धान्त डिण्डिम, शिव योग दर्पण, गोरक्ष योग मञ्जरी, गोरक्ष उपनिषद्, सूक्ष्म वेद, गोरक्ष वाणी जस्ता ग्रन्थको अध्ययन गरी गुरु पद्धति अनुसार व्यवहार उतार्न सकिए हामी सबैको अध्यात्म र भौतिक मार्ग अत्यन्तै फराकिलो बन्नेछ भनी शंकर योगीले जोड दिनुहुन्छ। गोरक्षनाथको अमृतमय योग दर्शनलाई सबैले सही रूपमा अनुसरण गर्न सकेमा आगम र निगम दुवै मार्गको सत्यता उद्‌घाटित हुन सक्छ।

यस पुस्तकालयको सङ्कलनमा खासगरी वैदिक सनातन पद्धतिको ज्ञान, उपासना, कर्मकाण्ड र प्रयोगात्मक पक्षको विषयमा बढी प्रकाश पार्ने पुराना ग्रन्थहरू छन्। साथै हाम्रो राष्ट्र र राष्ट्रियतासँग सरोकार राख्ने ग्रन्थहरू पनि उपलब्ध छन्। यहाँ अहिले इतिहास प्रकाश भाग १, २, ३, सिद्ध सिद्धान्त पद्धति, गोरक्ष योग मञ्जरी, योग सारावली, स्वात्म योग प्रदीप, नवनाथ चौरासी सिद्धनाथ महिमा, श्रीनाथ नित्यकर्म, चर्पटशतकम्, सिद्ध चरित्र, हिमाली लोक साहित्य, लक्ष्मी लोकोक्ति सङ्ग्रह, कर्मवीर परिचय, दिव्य आदेश, कोटी होम स्मारिका एक दार्शनिक चिन्तन जस्ता तीन सय सैंतीस(३३७) प्रकारका ग्रन्थहरू छन्।

योगी नरहरिनाथले लेख्नुभएका कतिपय पुस्तकहरू हस्तलिखित रूपमै छन् र कतिपय प्रकाशित गर्न बाँकी पनि छन्। माथि उल्लेखित पुस्तक/ग्रन्थहरू विभिन्न भाषा जस्तैः नेपाली संस्कृत, हिन्दी, अङ्ग्रेजी, बङ्गाली आदिमा लेखिएका छन्।

पुस्तकहरू बाहेक योगी नरहरिनाथले लेख्ने गरेको नेपाली कागजको बिटो पनि एउटा कुनामा राखिएको छ। अनि छाप्ने सामग्री चाहिँ एउटा बाकसभित्र थन्क्याएर राखेको छ।

### सङ्कलनको व्यवस्थापन

यहाँ सङ्कलित त्यतिका अमूल्य पुस्तक/ग्रन्थहरू पुस्तकालय सञ्चालकहरूले सकभर मिलाएर राखेको छ भनी दावा गर्छन्। तर त्यो एउटा आधुनिक पुस्तकालयले गर्ने व्यवस्थापनसित मेल खादैन। किनभने वैज्ञानिक ढङ्गमा व्यवस्थापन गर्नको लागि गर्नुपर्ने आवश्यक प्राविधिक कार्यहरू जस्तैः दर्ता, सूचीकरण, वर्गीकरण, विषय सूचीकरण, डाटावेश सिर्जना, लेवलिङ्ग, जस्ता कार्यहरू गरिराखेको देखिएन। तैपनि थोरै सङ्कलन भएकोले झट्ट हेर्दा र्‍याकहरूमा के कस्ता पुस्तकहरू छन् भनेर हेर्न र देख्न सकिन्छ।

### सम्प्रेषण सेवाहरू

यो पुस्तकालय बिहान १० बजेदेखि साँझ ४/५ बजेसम्म खुल्ने गरेको छ। पुस्तक पढ्न मन लाग्नेहरूले सिधै गएर पढ्न सक्छन्।

यहाँ पढ्न आउने तथा हेर्न वा अवलोकन गर्न आउने सबैको नाम, ठेगाना र सम्पर्क नं. समेत एउटा रजिष्टर कपीमा लेखेर राख्ने गरिन्छ। यस्तो रेकर्डले यस पुस्तकालयमा कुन कुन मितिमा कहाँबाट कतिजना आएका छन् भनेर स्पष्ट जानकारी दिन्छ। यहाँ अहिले साधारण पढ्ने सेवा र केही सन्दर्भ सेवा मात्र दिइने गरेको छ। अन्य उच्चस्तरका पुस्तकालय/डकुमेन्टेसन सेवाहरू दिएको देखिँदैन।

### संरक्षण

जहाँसम्म सङ्कलनको संरक्षणको कुरा छ पुस्तकालय सञ्चालकहरूले राम्ररी नै व्यवस्था मिलाइराखेको देखिन्छ । नरहरिनाथले जहाँ बस्यो त्यही लेख्ने गर्नु हुन्थ्यो रे । उहाँले पहाडी कागजमा लेखेको कुरालाई अक्षर जोडेर पुस्तक नै तयार हुन्थ्यो रे । योगी नरहरिनाथले प्रयोग गरेका सामग्री र बचेका कागजहरू अहिलेसम्म पनि पुस्तकालयमा सुरक्षितसँग राखिएको पाइन्छ ।

तर बिचमा नरहरिनाथको मृत्युपछि विविध कारणवश पुस्तकालय अस्तव्यस्त हुँदा केही ग्रन्थहरू तथा कागजहरू पनि धमिराले खाएर कामै नलाग्ने गरी बिगारिदिएको भएर ती बिग्रेका पुस्तक तथा कागजहरू फालिदिएको रहेछ । पढ्न मिल्ने र बचेका अन्य पुस्तक तथा कागजहरू सबै अझसम्म पनि संरक्षण गरी राखिएको रहेछ । सा-सानो २ वटा मात्र कोठाहरू भएको भएर अझै पनि बिक्री गर्न मिल्ने कति छन्, संरक्षण गर्नुपर्ने कति छन्, प्रकाशन गर्नुपर्ने कति छन् भनेर छुट्याउन गाह्रो परिरहेको छ ।

### पाठकहरू

यस पुस्तकालयमा विभिन्न तहका मानिसहरू : बुद्धिजीवीहरू, धार्मिक व्यक्तिहरू, शिक्षक एवम् विद्यार्थीहहरू, पत्रकारहरू आदि विभिन्न उद्देश्यका साथ आउने गरेका छन् । कोही यहाँका विभिन्न ज्ञानसामग्रीहरू गम्भीर रूपमा पढ्न आउने गरेका छन् भने कोही मात्र अवलोकन गर्न आउने गरेका छन् । नेपालबाट मात्र नभई भारतबाट पनि विभिन्न ठाउँबाट यहाँ हेर्न/पढ्न मानिसहरू आउँदा रहेछन् । कतिपय मान्छेहरू यहाँको विशेष सङ्कलन, खासगरी योगी नरहरिनाथले लेखेका विविध विषयका पुस्तकहरू जस्तै इतिहास, धर्म, अध्यात्मवाद, गोरक्ष नाथका विविध पक्ष, शिखरिणी यात्रा, आदिका पुस्तकहरू अध्ययन गर्न आउँछन् । त्यसको अलावा योगी नरहरिनाथले लेख्ने कागज, यहाडी कागज, छाप्ने सामग्री आदिका बारेमा जानकारी लिन पनि कतिपय व्यक्तिहरू आउने गर्छन् ।

### कर्मचारी

झट्ट हेर्दा पुस्तकालय राम्रैसँग व्यवस्था गरिराखेको जस्तो देखिन्छ । तर त्यहाँ एउटा आधुनिक पुस्तकालय व्यवस्थापन र सञ्चालन गर्नका लागि आवश्यक पुस्तकालय तथा सूचना विज्ञानमा शिक्षा प्राप्त/तालिम प्राप्त दक्ष कर्मचारीको व्यवस्था छ कि छैन मेरो जानकारीमा आएन । शायद त्यस्तो दक्ष कर्मचारी नभएरै हो कि उपलब्ध संकलनको आवश्यक प्राविधिक कार्यहरू गरिराखेको पाइँदैन । तैपनि हाल पुस्तकालय सञ्चालनको जिम्मेवारी लिनेहरू विषय विशेषज्ञ भएर हो कि झट्ट हेर्दा राम्रै व्यवस्था भएको जस्तो देखिन्छ ।

### भावी योजनाहरू

हाल पुस्तकालयले राम्रो व्यवस्थापन र सञ्चालनको लागि भोगिराखेको विभिन्न बाधा र समस्याहरूको गम्भीरपूर्वक महसुस गर्दै पुस्तकालय अधिकारीहरूले भविष्यमा यो पुस्तकालयलाई राम्रोसँग चलाउनको लागि विभिन्न योजनाहरू बनाइराखेको वा सोचिराखेको पाइयो । ती हुन्:

- यस पुस्तकालयलाई नाथ विद्या अनुसन्धान केन्द्रको रूपमा स्थापना गर्ने
- सो केन्द्रको लागि आवश्यक नाथ योग परम्पराका सम्पूर्ण ग्रन्थहरू संकलन गरी पाठकहरूलाई उपलब्ध गराउने
- आजको युगमा उपलब्ध आधुनिक स्रोत र साधनको प्रयोग गरी यहाँ उपलब्ध ज्ञानलाई संसारभर फैलाउने
- नाथ योग परम्पराका ग्रन्थ बाहिर बजारमा त्यति नपाइने हुनाले बाहिर बजारसम्म यसको सहजीकरण गराउने कार्यलाई अगाडि बढाउने
- पुस्तकालयको भौतिक पूर्वाधार खासगरी ठुलो, फराकिलो कोठाहरूको व्यवस्था गर्ने जसले गर्दा पुस्तकहरू राम्ररी मिलाउन सकियोस् र धेरै पाठकहरू एकैचोटी बसेर पढ्न सजिलो होस्
- पुस्तकालयको अमूल्य स्रोत र साधनको पनि सुरक्षा गर्ने वातावरण मिलाउने ।

### केही सुझावहरू

यो पुस्तकालयको उमेर झण्डै ६० वर्ष पार गरिसकेको भएर अनुभवले खारिएर पाको देखिने र यहाँको सङ्कलनमा भएका अमूल्य ज्ञानसामग्री हेर्दा साह्रै धनी लाग्ने तर व्यवस्थापन हेर्दा व्यावहारिक रूपमा साह्रै कलिलो र काँचो लाग्यो मेरो व्यक्तिगत दृष्टिकोणमा । यहाँ मैले अनावश्यक वा नकारात्मक आलोचना गर्न खोजेको पटक्कै होइन । बरु सम्बन्धित सबैलाई (पुस्तकालय अधिकारी तथा पाठकहरू) यस्तो महत्त्वपूर्ण पुस्तकालयको समयमै विकास र विस्तार गर्नलाई सचेत र सतर्क गराउन खोजेको मात्र हुँ । नेपालमा अन्य कैयौं पुस्तकालयहरू छन् जुन सुरुमा अत्यन्त जोस र जाँगरले खोलिएका हुन्छन् तर पछि गएर तिनको स्थिति विविध कारणवश : नेपालमा आजसम्म पनि आवश्यक नियम कानुन नहुँदा, आवश्यक आर्थिक स्रोत नुहँदा र खासगरी आजको डिजिटल युगमा आइसकेर पनि यहाँका मानिसहरूले अझ सम्बन्धित निकाय/अधिकारीहरूले अझै पनि पुस्तकालयको आवश्यकता, महत्त्व र भूमिकाका बारेमा जानेर वा नजानेर मात्र नभई कोहीले त नकारात्मक धारणा र दृष्टिकोण समेत फैलाइदिने हुनाले योभन्दा दर्दनाक र भयावह पनि छ । यस्तो परिप्रेक्ष्यमा यस

